# लुम्बिनी प्रदेश ऐन सङ्ग्रह

२०७९



प्रदेश सरकार

लुम्बिनी प्रदेश

## आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय

मुकामः बुटवल, नेपाल

# लुम्बिनी प्रदेश ऐन सङ्ग्रह

२०७९

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल

प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आन्तरिक मामिला, कानून तथा संचार मन्त्रालय

मुकामः बुटवल, नेपाल



पत्र संख्याः ०७९/८०

चलानी नं.:

## शुभकामना

प्रदेश सरकारले प्रदेशको स्थापना देखी हालसम्म प्रदेश सभाबाट पारित भएका ऐनहरुलाई एकिकृत ऐन संग्रहको रुपमा प्रकाशन गरी प्रदेशमा निर्मित कानूनहरुको बारेमा विभिन्न सरोकारवालाहरुलाई सुसूचित  गराउने प्रयोजनार्थ उक्त ऐन संग्रह प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ।

नेपालको संविधानले दिएको प्रदेश सरकारको अधिकारक्षेत्र अन्तर्गतका कानूनहरु निर्माण गरी प्रदेश सरकारको कार्यसंचालनलाई सरल, छिटो, गुणस्तरीय, जनमैत्री एवं प्रभावकारी र पारदर्शी वनाउदै सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गर्ने दिशामा प्रदेश सरकारविगत पाँच वर्ष देखि निरन्तर लागि परेकै छ।

कानून निर्माण हुनु भन्दापनि निर्मित कानूनले कस्तो प्रभाव पार्यो, कानूनको व्यवहारिक कार्यान्वयन र यसको औचित्य वा वास्तविक आवश्यकताको सम्बोधन भयो  कि भएन भन्ने महत्वपूर्ण पाटो हो। कानून सबैले जान्नू र मान्नु पर्दछ भन्ने यथार्थलाई मध्यनजर गर्दै उक्त कानूनको एकिकृत संग्रह सम्पादन र प्रकाशन गरी सबैलाई जानाकारी गराउने प्रदेश सरकारको वार्षिक कार्यक्रम अन्तर्गतको सो कार्य जिम्वेवारी प्रदेशको आन्तरिक मामिला कानून तथा सञ्चार मन्त्रालयको रहेकोले कानूनलाई खोजेको बेला सजिलै पाउन सक्नैं गरी एकिकृत रुपमा प्रकाशन गरे पश्चात सरोकारित पक्षहरुको कानूनमा सहज पहुँच हुनुको साथै प्रदेश सरकार प्रति सबैमा अझै बढी विश्वास अभिवृद्धि गर्दै जिम्वेवार निकायहरुलाई आफ्नो कार्यसम्पादन विधि सम्मत ढंगले गर्नको लागि आधार प्रदान गर्नेछ। साथै विधिमा आधारित न्यायपूर्ण शासन प्रणाली मार्फत लोकतन्त्रको थप सुदृढिकरण गर्दै समृद्ध लुम्बिनी प्रदेश निर्माणमा महन्वपूर्ण सहयोग पुग्नेछ भन्ने अपेक्षा गर्दछु।

मा. तिलकराम शर्मा

मन्त्री

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय

लुम्बिनी प्रदेश

# प्राक्कथन



मलुक संघीय संरचनामा गएको छ। राज्यका सबै अवयवहरु यसको कार्यन्वयनमा लागेका छन्। संघीय लोकतान्त्रिक व्यवस्थामा सरकार सञ्चालन गर्ने दायित्व जनप्रतिनिधिहरुमा रहेको हुन्छ। संघीय शासन व्यवस्थामा संवैधानिक सर्वोच्चता कायम रहेको अवस्था र संविधानले नै तिनै तहका सरकारको अधिकारक्षेत्रको सुनिश्चिता गरेको अवस्थामा सरकार सुसञ्चालनका लागि आवश्यक पर्ने कानूनहरु आफै निर्माण गरी कार्यान्वयन गर्ने अधिकारको प्रयोग गर्दै यस लुम्बिनी प्रदेशले पनि आवश्यकताका आधारमा शासन सञ्चालन गर्न विभिन्न ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिको तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। कानूनका विभिन्न स्वरुपहरु मध्ये ऐन महत्वपूर्ण मानिन्छ। व्यवस्थापिकावाट मात्र ऐन पारित गरी सो अन्तर्गत अन्य कानूनहरु निर्माण गर्नुपर्ने भएकोले ऐन निर्माणको स्थान अग्रपंक्तिमा रहेको छ।

यस लुम्बिनी प्रदेश सरकारले प्रदेश स्थापनाको पाँच वर्ष भित्रमा हाल सम्म ४९ वटा ऐनहरु, आवश्यक पर्ने अन्य कानूनी दस्तावेजहरु निर्माण भई कार्यान्वयनको अवस्थामा रहेका छन्। हालसम्म यस लुम्बिनी प्रदेश सभावाट पारित भई कार्यान्वयनको अवस्थामा रहेका विभिन्न विषय एवं क्षेत्र सँग सम्बन्धित कानूनहरुलाई एउटै संग्रह भित्र राख्ने आवश्यकता भएकोले यो प्रकाशन गर्ने जमर्को गरिएको छ। यस कार्यले यस प्रदेशमा निर्माण भई कार्यान्वयनमा रहेका कानूनहरुको जानकारी हुने र सम्बन्धित सबैलाई यसको प्रयोगमा सहजता हुनेछ।

कानूनी शासन पद्दति नै सर्वमान्य शासन पद्धति हो। प्रदेश सरकारबाट बनाइएका सबै ऐनहरु एउटै पुस्तकारमा समाविष्ट भएमा प्रयोगमा सहजता हुन्थ्यो भन्ने सरोकारवालाहरुको सुझावको आधारमा सबै पक्षलाई आवश्यक पर्ने कानूनहरु एकै ठाउँमा प्राप्त गर्न सकिने उद्देश्यका साथ यो लुम्बिनी प्रदेश ऐन संग्रह तयार गरिएको हो। यस संग्रहमा विभिन्न विषय तथा क्षेत्रसँग सम्बन्धित रहेका ऐनहरुलाई एकैठाउँमा मिलाई प्रकाशन गरिएको छ। यो प्रकाशनका लागि सुझाव र नेतृत्व प्रदान गर्नु पर्ने माननीय मन्त्री तिलकराम शर्माज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु रयस कार्यमा खटिई कार्य गर्ने ऐन संग्रह सम्पादन तथा प्रकाशन समितिका संयोजक  तथा यस मन्त्रालयका उप-सचिव खिमानन्द ज्ञवाली लगाएत सो समितिको पदाधिकारीमा रही कार्य गर्नुहुने पदाधिकारीहरु उप-सचिव यमबहादुर कुवर, कानून अधिकृतहरु प्रेम प्रसाद पन्थी र यमुना भट्टराई न्यौपाने तथा कम्प्यूटर अधिकृत माधव मिश्रलाई हार्दिक धन्यवाद दिन चाहन्छु। लुम्बिनी प्रदेश ऐन संग्रहको प्रकाशनले यस प्रदेशमा कानूनको अभिलेखिकरणमा ठोस टेवा पुग्ने छ भन्ने कुरामा मैले विश्वास लिएको छु।

कोमल प्रसाद धमला
सचिव
आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश

# विषयसूची


| | | |
|---|---|---|
| १. | गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ | १-१० |
| २. | प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५ | ११-२२ |
| ३. | मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ | २३-३० |
| ४. | प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ | ३१-४१ |
| ५. | मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन, २०७५ | ४२-५२ |
| ६. | अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५ | ५३-५५ |
| ७. | जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५ | ५६-६५ |
| ८. | गाउँ सभा/नगर सभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ | ६६-९९ |
| ९. | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ | १००-१२२ |
| १०. | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ | १२३-१३० |
| ११. | जाँचबुझ आयोग ऐन, २०७५ | १३१-१३४ |
| १२. | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ | १३५-१६६ |
| १३. | सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ | १६७-१७२ |
| १४. | प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ | १७३-१७५ |
| १५. | प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ | १७६-१९३ |
| १६. | प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ | १९४ |
| १७. | अभिलेख संरक्षण ऐन, २०७६ | १९५-१९९ |
| १८. | प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५ | २००-२०३ |
| १९. | प्रदेश पदक ऐन, २०७६ | २०४-२०९ |
| २०. | प्रदेश सुशासन ऐन, २०७६ | २१०-२३२ |
| २१. | लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ | २३३-२३८ |
| २२. | संचार माध्यम ऐन, २०७९ | २३९-२६५ |
| २३. | प्रदेश प्रहरी ऐन, २०७९ | २६६-३३७ |
| २४. | संघ संस्था दर्ता ऐन, २०७५ | ३३८-३४३ |

| | | |
|---|---|---|
| २५. | प्रदेश सहकारी ऐन, २०७६ | ३४४-३८० |
| २६. | प्रदेश स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नती ऐन, २०७६ | ३८१-३९० |
| २७. | सडक सवारी यातायात तथा परिवहन ऐन, २०७६ | ३९१-४३७ |
| २८. | बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७७ | ४३८-४५४ |
| २९. | प्रदेश पर्यटन ऐन, २०७६ | ४५५-४६८ |
| ३०. | खानी अन्वेषण तथा व्यवसाय सम्बन्धी ऐन, २०७५ | ४६९-४७६ |
| ३१. | बीउ बिजन ऐन, २०७५ | ४७७-४८४ |
| ३२. | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५ | ४८५-४९१ |
| ३३. | प्रदेश पशु वधशाला तथा मासु जाँच ऐन, २०७५ | ४९२-४९६ |
| ३४. | दाना पदार्थ ऐन, २०७५ | ४९७-५०० |
| ३५. | मल ऐन, २०७५ | ५०१-५०७ |
| ३६. | वातावरण संरक्षण ऐन, २०७६ | ५०८-५२५ |
| ३७. | प्रदेश वन ऐन, २०७८ | ५२६-५७५ |
| ३८. | औधोगिक व्यवसाय ऐन, २०७५ | ५७६-६०६ |
| ३९. | प्राइभेट फर्म दर्ता ऐन, २०७६ | ६०७-६११ |
| ४०. | साझेदारी ऐन, २०७६ | ६१२-६२८ |
| ४१. | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन, २०७६ | ६२९-६३५ |
| ४२. | तथ्याङ्क ऐन, २०७५ | ६३६-६५० |
| ४३. | प्रदेश भवन ऐन, २०७५ | ६५१-६५८ |
| ४४. | बालबालिका सम्बन्धी ऐन, २०७६ | ६५९-६७८ |
| ४५. | प्रदेश खेलकुद विकास ऐन, २०७६ | ६७९-६८८ |
| ४६. | सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७८ | ६८९-६९४ |
| ४७. | विश्वविद्यालय ऐन, २०७८ | ६०५-७१५ |
| ४८. | प्रदेश पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७ | ७१६-७३२ |
| ४९. | प्रदेश सडक ऐन, २०७७ | ७३३-७४३ |

# गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७५।०१।३१

<u>संशोधन गर्ने ऐन</u>

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८।०९।०१

गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७५

प्रमाणीकरण मिति २०७५।०४।३१

*....

## गाउँसभा र नगर सभाको कानून निर्माण प्रक्रियाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

⊛**प्रस्तावनाः** लम्बिनी प्रदेशमा रहेका गाउँपालिका र नगरपालिकाका गाउँसभा र नगरसभाले कानून निर्माण गर्ने प्रक्रियाका सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम, प्रारम्भ र विस्तार</u> : (१) यस ऐनको नाम "*.....गाउँ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) ⊛यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो ऐन *..... प्रदेश भरका स्थानीय तहको लागि लागू हुनेछ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले ⊛लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(घ) "प्रदेश सरकार" भन्नाले ⊛प्रदेशको मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने बनेको ऐनद्वारा झिकिएको

⊛ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(च) "बैठक" भन्नाले गाउँसभा वा नगर सभाको बैठक सम्झनुपर्छ।

(छ) "विधेयक" भन्नाले सभामा पेश भएको ऐनको मस्यौदा सम्झनुपर्छ।

(ज) "सदस्य" भन्नाले सभाका सदस्य सम्झनुपर्छ।

(झ) "सभा" भन्नाले *.....गाउँपालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँ सभा र नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनुपर्छ।

(ञ) "सभा प्रमुख" भन्नाले गाउँसभा वा नगर सभाको प्रमुख सम्झनुपर्छ।

(ट) "स्थानीय कानून" भन्नाले दफा ३ बमोजिम सभाले बनाएको ऐन तथा कार्यपालिकाले बनाएको नियम, कार्यविधि, निर्देशिका वा जारी गरेको आदेश सम्झनुपर्छ।

(ठ) "स्थानीय तह" भन्नाले *.....गाउँपालिका र नगरपालिका सम्झनुपर्छ।

(ड) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

३. स्थानीय कानून बनाउने: (१) नेपालको संविधान बमोजिम आफ्नो अधिकार क्षेत्रको विषयमा सभाले आवश्यक ऐन बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन वा आदेश जारी गर्न सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको कार्य विभाजन र कार्य सम्पादन सम्बन्धी नियमावली गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४. स्थानीय कानून निर्माण गर्दा विचार गर्नु पर्ने: (१) स्थानीय तहले स्थानीय कानून निर्माण गर्दा अन्य कुराको अतिरिक्त देहायका कुराहरुलाई विचार गरी निर्माण गर्नु पर्नेछ :-

(क) संविधान, संघीय कानून तथा प्रदेश कानून,

(ख) कानूनको स्वच्छता, न्यायपूर्ण तथा तर्कसंगतता,

(ग) सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा अदालतका आदेश,

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

(घ) संघीय संसद् वा प्रदेश सभाले त्यस्तै विषयमा गरेको आधारभूत कानूनको व्यवस्था,

(ङ) नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता,

(च) सम्बन्धित स्थानीय तहले निर्माण गरेको अन्य स्थानीय कानूनहरुसँगको अनुकुलता,

(छ) सिमाना जोडिएको अर्को स्थानीय तहको साझा चासो र हितको विषय,

(ज) संघ, प्रदेश र स्थानीय तहविचको सहकारिता, सहअस्तित्व र समन्वय,

(झ) कार्यपालिकाले निर्धारण गरेका अन्य आवश्यक विषयहरु।

(२) सभाले संविधानको अनुसूची–९ र आर्थिक अधिकारसँग सम्बन्धित विषयमा स्थानीय कानून निर्माण गर्दा त्यस्तो विषयमा संघीय संसद वा प्रदेश सभाले बनाएको कानून र संघ र प्रदेशबाट जारी भएको नीति, मापदण्ड अनुकूल हुने गरी निर्माण गर्नु पर्नेछ।

(३) एक स्थानीय तहबाट अर्को स्थानीय तह वा प्रदेशको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्ने वा कुनै किसिमको कर वा दस्तुर लगाउने वा त्यस्तो वस्तुको ढुवानी वा सेवा विस्तारमा भेदभाव गर्ने गरी स्थानीय कानून निर्माण गर्न हुँदैन।

(४) सभाले एक आपसमा बाझिने गरी स्थानीय कानून निर्माण गर्न हुँदैन।

५. <u>आवश्यकताको पहिचान गर्ने</u> : (१) कार्यपालिकाले विधेयकको मस्यौदा तर्जुमा गर्नु अघि त्यस्तो विषयको कानून बनाउन आवश्यक रहे नरहेको विषयमा आवश्यकताको पहिचान गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि कार्यपालिकाले विधेयक तर्जुमा गर्दा देहायका विषयको विश्लेषण गरी अवधारणापत्र तयार गर्नु पर्नेछ :-

(क) कानून बनाउनु पर्ने आधार र कारण,

(ख) सम्बन्धित विषयमा संघीय वा प्रदेश कानून भए नभएको,

(ग) जिल्ला भित्रका र अन्य स्थानीय तहमा त्यस सम्बन्धी स्थानीय कानून निर्माण भए नभएको,

(घ) कानून बनेपछि हासिल गर्न खोजिएको उपलव्धी,

(ङ) कानून कार्यान्वयनको लागि आवश्यक पर्ने संयन्त्र तथा आर्थिक स्रोत,

(च) विधेयकको मस्यौदामा रहने मुख्य मुख्य प्रावधान।

(३) ऐनको संशोधनको लागि विधेयकको मस्यौदा तर्जुमा गर्दा संशोधन गर्नु परेको आधार र कारण सहितको तीन महले विवरण तयार गर्नु पर्नेछ।

६. <u>समिति गठन गर्न सक्ने</u> : (१) विधेयकको मस्यौदा तर्जुमा गर्नको लागि कार्यपालिकाका अध्यक्ष वा प्रमुखले त्यस क्षेत्रमा ज्ञान भएका कार्यपालिकाका सदस्य तथा सभाका सदस्य मध्येबाट एक कानून तर्जुमा समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा स्थानीय तहमा उपलब्ध भएसम्म कानूनको क्षेत्रमा ज्ञान भएका व्यक्तिलाई समेत आमन्त्रण गर्न सकिनेछ।

७. <u>सुझाब संकलन गर्न सकिने</u> : (१) विधेयकको मस्यौदा तयार भएपछि त्यस्तो मस्यौदामा प्रत्येक वडाबाट वडाबासीको सुझाब संकलन गर्न सकिनेछ।

तर स्थानीय तहले कर लगाउने विषय, स्थानीय सञ्चित कोष र स्थानीय राजश्व र व्ययको अनुमानसँग सम्बन्धित विषयमा सैद्धान्तिक रुपमा छलफल गराई सुझाव संकलन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको सुझाव सहितको प्रतिवेदन सम्बन्धित वडा समितिले कार्यपालिकालाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विधेयकको मस्यौदामा वडा समिति मार्फत प्राप्त हुन आएका सुझावहरुको अध्ययन गरी कार्यपालिकाले विधेयकको मस्यौदालाई आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ।

८. <u>कार्यपालिकाबाट विधेयकको मस्यौदा स्वीकृति</u> : (१) कुनै विधेयकको मस्यौदा तयार भएपछि त्यस्तो मस्यौदालाई विधेयकको रुपमा सभामा पेश गर्ने स्वीकृतिको लागि अध्यक्ष वा प्रमुखले कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको विधेयकको मस्यौदा कार्यपालिकाबाट स्वीकृत भएपछि सभामा पेश गर्न अध्यक्ष वा प्रमुखले कार्यपालिकाको कुनै सदस्यलाई तोक्नेछ र त्यस्तो सदस्यले दफा ९ बमोजिमको विवरण संलग्न गरी सभाको सचिवलाई सूचना दिनु पर्नेछ।

९. <u>विधेयकको मस्यौदा सभामा पेश गर्दा संलग्न गर्नु पर्ने विवरण</u> : सभामा पेश गर्ने विधेयकको मस्यौदाका साथमा देहायको विवरण संलग्न गर्नु पर्नेछः-

(क) विधेयकको उद्देश्य र कारण सहितको विवरण,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको खर्च व्यहोर्ने स्रोत खुलाइएको विस्तृत विवरण सहितको आर्थिक टिप्पणी,

(ग) कुनै विधेयकमा नियम बनाउने अधिकार प्रत्यायोजन गर्ने प्रावधान रहेको भए त्यसको कारण, प्रत्यायोजित अधिकार अन्तर्गत बनाइने नियमको प्रकृति र सीमा तथा त्यसबाट पर्न सक्ने प्रभाव सम्बन्धी टिप्पणी,

(घ) संशोधन विधेयकको हकमा संशोधन गर्नु परेको आधार र कारण सहितको तीन महले विवरण।

१०. <u>विधेयकको मस्यौदा पेश गर्ने दिन तोक्ने</u> : सभामा विधेयकको मस्यौदा पेश गर्न सभा प्रमुखले दफा ८ बमोजिमको सूचना प्राप्त भएको कम्तीमा दुई दिन पछिको दिन तोक्नेछ।

११. <u>विधेयकको प्रति वितरण</u> : विधेयक पेश हुने दिन भन्दा दुई दिन अगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउनु पर्नेछ।

१२. <u>विरोधको सूचना</u> : कुनै सदस्यले विधेयक पेश गर्न अनुमति माग्ने प्रस्तावको विरोध गर्न चाहेमा निजले सभामा विधेयक पेश हुने दिन भन्दा एक दिन अगावै सभाको सचिवलाई सूचना दिनु पर्नेछ।

१३. <u>विधेयक पेश गर्ने</u> : (१) दफा १० बमोजिम विधेयक पेश गर्न तोकिएको दिनमा दफा १२ बमोजिम विरोधको सूचना प्राप्त भएको भए विरोधको सूचना दिने विरोधकर्ता सदस्य र विधेयक पेश गर्न अनुमति माग्ने प्रस्तावक सदस्यलाई क्रमशः सभा प्रमुखले वक्तव्य दिन अनुमति दिनेछ। तत्पश्चात् सो प्रश्न माथि छलफल हुन नदिई सभा प्रमुखले बैठकको निर्णयार्थ प्रस्तुत गर्नेछ।

(२) उपदफा (१) बमोजिम बैठकबाट विधेयक पेश गर्ने अनुमति प्राप्त भएमा दफा ८ को उपदफा (२) बमोजिम तोकिएको कार्यपालिकाको सदस्यले सभामा विधेयक पेश गर्नेछ र निज उपस्थित हुन नसकेमा अध्यक्ष वा प्रमुखले तोकेको कार्यपालिकाको अन्य सदस्यले सभामा विधेयक पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम विधेयक पेश गर्दा विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पेश गर्नु परेको कारण, विधेयकबाट गर्न खोजिएको व्यवस्था र त्यसबाट पर्न सक्ने प्रभावको बारेमा संक्षिप्त जानकारी दिंदै विधेयकमा विचार गरियोस् भन्ने प्रस्ताव सभामा पेश गर्नु पर्नेछ।

(४) विधेयक पेश गर्ने अनुमति माग्ने, त्यस्तो अनुमतिको विरोधको सूचना र त्यसको निर्णय सम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ।

१४. <u>विधेयकमा सामान्य छलफल गर्ने</u> : (१) दफा १३ को उपदफा (३) बमोजिमको प्रस्तावमाथि छलफल हुँदा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल गरिनेछ।

(२) उपदफा (१) बमोजिम छलफल गर्दा विधेयकको मनसाय स्पष्ट गर्न आवश्यक देखिएमा बाहेक विधेयकका दफाहरूमाथि छलफल गरिने छैन र विधेयकमा कुनै संशोधन पेश गर्न सकिने छैन।

१५. <u>विधेयकमा संशोधनको लागि समय दिने</u> : (१) विधेयकमा दफा १४ बमोजिम सामान्य छलफल समाप्त भएपछि विधेयक उपर संशोधन पेश गर्न चाहने सदस्यलाई संशोधन पेश गर्न सामान्यतया छलफल समाप्त भएको बहत्तर घण्टा समय दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सदस्यले आफूले पेश गर्न चाहेको संशोधन सहितको सूचना सभाको सचिवलाई दिनु पर्नेछ।

(३) सभाको सचिवले प्राप्त संशोधनहरूको विवरण सदस्यहरूलाई उपलब्ध गराउनेछ।

(४) विधेयक उपर संशोधन पेश गर्दा पालन गर्नु पर्ने शर्तहरु, संशोधन पेश गर्ने ढाँचा तथा संशोधनको क्रम तथा संशोधन फिर्ता लिने सम्बन्धी व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ।

१६. <u>विधेयकमा दफावार छलफल</u> : (१) विधेयकमा दफा १५ बमोजिम संशोधन पेश गर्ने अवधि समाप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकमा दफावार छलफल सभामा गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विधेयक प्रस्तुतकर्ता सदस्यले कुनै विधेयकको विषयवस्तुको महत्वको कारणबाट व्यापक छलफल गर्न आवश्यक रहेको विषयको विधेयकको हकमा दफाबार छलफलको लागि विधेयकलाई सभाका समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्नेछ।

(३) विधेयकमा दफाबार छलफल सम्बन्धी अन्य व्यवस्था सभाले निर्धारण गरे बमोजिम हुनेछ।

१७. <u>विधेयकमा समितिमा छलफल</u>: (१) दफा १६ बमोजिम दफाबार छलफल गर्न विधेयक समितिमा पठाइएकोमा समितिले त्यस्तो विधेयकमा छलफल गर्दा विधेयकमा संशोधन पेश

गर्ने सदस्यहरुलाई संशोधन पेश गर्नु परेको आधार र कारण समेत खुलाई आफ्नो संशोधनको विषयमा प्रष्ट गर्न समितिको बैठकमा समय दिनेछ।

(२) उपदफा (१) बमोजिम संशोधनकर्ताले संशोधनको विषयमा आफ्नो धारणा राखेपछि पेश भएका संशोधनका विषयमा समितिले दफाबार छलफल गरी त्यस्तो संशोधन स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा विधेयक प्रस्तुतकर्ता सदस्यको समेत राय लिई आवश्यक निर्णयमा पुग्नेछ।

१८. <u>समितिको प्रतिवेदन सभामा पेश गर्ने</u> : समितिमा विधेयकमा छलफल समाप्त भएपछि समितिले गरेको निर्णयको प्रतिवेदन तयार गरी समितिको प्रमुख वा निजको अनुपस्थितिमा निजले तोकेको समितिको अन्य कुनै सदस्यले प्रतिवेदन सहितको विधेयक सभामा पेश गर्नेछ।

१९. <u>विधेयकमा सभामा छलफल</u> : (१) समितिको प्रतिवेदन प्रस्तुत भएपछि त्यस्तो प्रतिवेदन सदस्यहरूलाई वितरण गरिनेछ।

(२) सभा प्रमुखले अन्यथा आदेश दिएमा बाहेक समितिको प्रतिवेदन वितरण भएको चौबीस घण्टापछिको सभा प्रमुखले तोकेको कुनै समयमा विधेयक प्रस्तुतकर्ता सदस्यले प्रतिवेदन सहितको विधेयकमा सभामा छलफल गरियोस् भन्ने प्रस्ताव पेश गर्न सक्नेछ।

२०. <u>विधेयक पारित गर्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्ने</u> : (१) सभामा दफावार छलफल भएकोमा सो समाप्त भएपछि र समितिमा दफावार छलफल भएकोमा समितिको प्रतिवेदन उपर छलफल समाप्त भई संशोधनहरूलाई सभाको निर्णयार्थ क्रमशः पेश गरिसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नेछ।

(२) उपदफा (१) बमोजिम विधेयकमा पेश भएका संशोधनहरूलाई सभाको निर्णयार्थ पेश गर्ने सम्बन्धी अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव स्वीकृत भएमा विधेयक पारित भएको मानिनेछ।

२१. <u>विधेयक फिर्ता लिन सक्ने</u> : (१) विधेयक प्रस्तुतकर्ता सदस्यले कार्यपालिकाको निर्णय बमोजिम सभाको स्वीकृति लिई जुनसुकै अवस्थामा विधेयक फिर्ता लिन सक्नेछ।

(२) विधेयक फिर्ता लिने अन्य प्रक्रिया सभाले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **अनुषांगिक सुधार** : सभा प्रमुखले सभाबाट पारित भएको विधेयकमा दफाहरूको संख्याको क्रम मिलाउने तथा भाषागत शुद्धतामा सीमित रही आवश्यक अनुषांगिक सुधार गर्न सक्नेछ।

२३. **विधेयक प्रमाणीकरणको लागि अद्यावधिक प्रति तयार पार्ने** : (१) दफा २० बमोजिम सभाबाट पारित भएको विधेयकलाई सभाको सचिवले पारित भएका संशोधन तथा अनुषांगिक सुधार भए त्यस्तो सुधार गरी विधेयक पारित भएको मिति समेत उल्लेख गरी प्रमाणीकरणको लागि नेपाली कागजमा चार प्रति तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको विधेयकमा वर्षगत नम्बर समेत उल्लेख गरी सभाको सचिवले प्रमाणीकरणको लागि सभा प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

२४. **विधेयक प्रमाणीकरण र प्रकाशन** : (१) सभाबाट पारित भई दफा २३ को उपदफा (२) बमोजिम तयार गरिएको विधेयकको पहिलो र अन्तिम पृष्ठमा पूरा नाम, थर तथा पद समेत उल्लेख गरी अन्य प्रत्येक पृष्ठमा हस्ताक्षर गरी सभा प्रमुखले प्रमाणीकरण गर्नेछ। त्यसरी प्रमाणीकरण गर्दा मिति र विधेयकको पृष्ठ संख्या समेत खुलाउनु पर्नेछ।

(२) सभाबाट पारित विधेयक उपदफा (१) बमोजिम प्रमाणीकरण भएपछि ऐन बन्नेछ।

(३) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएको जानकारी सभामा दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयकको एक प्रति सभाको अभिलेखमा राखी अर्को एक-एक प्रति सम्बन्धित कार्यपालिकाको कार्यालय, प्रदेशको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको विधेयक स्थानीय तहको राजपत्रमा प्रकाशन गर्नु पर्नेछ। त्यस्तो कानून कार्यपालिकाको वेवसाईटमा समेत राख्न सकिनेछ।

(६) उपदफा (१) बमोजिम विधेयक प्रमाणीकरण भएपछि त्यसका मुख्य मुख्य व्यवस्थाको बारेमा स्थानीय सञ्चार माध्यम वा अन्य उपयुक्त तरिकाबाट प्रचार प्रसार गराउन सकिनेछ।

२५. <u>विधेयक दर्ता अभिलेख राख्ने</u> : (१) सभाको सचिवले सभामा पेश गर्न प्राप्त भएका प्रत्येक विधेयक दर्ता गरी विधेयकमा भएको कारबाहीको अद्यावधिक लगत तयार गरी राख्नु पर्नेछ।

(२) देहायको अवस्थामा विधेयकलाई सभाको दर्ता लगतबाट हटाइनेछ :-

(क) विधेयक सभाबाट अस्वीकृत भएमा,

(ख) विधेयक फिर्ता लिएमा, वा

(ग) सभाको कार्यकाल समाप्त भएमा।

(३) उपदफा (२) बमोजिम दर्ता लगतबाट हटाइएको विधेयकको सम्बन्धमा सभामा कुनै प्रस्ताव पेश गर्न सकिने छैन।

२६. <u>स्थानीय कानूनको एकीकृत र अद्यावधिक अभिलेख</u> : (१) सभाको सचिवले अनुसूची बमोजिमको ढाँचामा सभाले बनाएको ऐनको एकीकृत र अद्यावधिक अभिलेख राख्नु पर्नेछ।

(२) कार्यपालिकाले स्थानीय कानूनको वर्षगत र वर्णानुक्रममा अद्यावधिक विवरण तयार गरी राख्नु पर्नेछ।

(३) स्थानीय कानूनमा संशोधन भएमा त्यस्तो संशोधन समेत मिलाइ कार्यपालिकाले अद्यावधिक पाठ तयार गरी राख्नु पर्नेछ। त्यसरी अद्यावधिक गरिएको स्थानीय कानून स्थानीय तहको वेवसाईटमा समेत राख्न सकिनेछ।

२७. <u>कानून निर्माण प्रक्रिया सम्बन्धी अन्य व्यवस्था</u>: स्थानीय कानून निर्माण सम्बन्धी अन्य प्रक्रिया संविधान तथा यस ऐनको प्रतिकूल नहुने गरी सभाले निर्धारण गरे बमोजिम हुनेछ।

२८. [Σ]**खारेजी र बचाउः** यस पूर्व स्थानीय तहले निर्माण गरेको ऐन यसै ऐन अनुसारको प्रक्रिया अवलम्बन गरी निर्माण गरेको मानिनेछ।

---

[Σ] गाउँसभा र नगरसभाको कानून निर्माण प्रक्रिया सम्बन्धी (पहिलो संशोधन) ऐन २०७५ द्वारा थपिएको

## अनुसूची

(दफा २६ को उपदफा (१) सँग सम्बन्धित)

**गाउँसभा र नगरसभाले बनाएका ऐनको अभिलेख राख्ने रजिष्टरको ढाँचा**

.... स्थानीय तह

.................... गाउँसभा/नगरसभा

| दर्ता नं. | दर्ता मिति | विधेयकको नाम | प्रस्तुतकर्ता | वितरण मिति | सभामा प्रस्तुत मिति | सामान्य छलफल | दफावार छलफल | पारित मिति | प्रमाणीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |

अभिलेख तयार गर्नेकोः–

दस्तखत :

नाम, थर :

पद :

मिति :

अभिलेख जाँच गर्नेकोः–

दस्तखतः

नाम, थरः

पद :

मिति :

## प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०४/२२

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८
प्रमाणीकरण मिति २०७८/०९/०१

×........

## प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: *प्रदेश सभाको काम कारवाही सुचारु रुपले संचालन तथा व्यवस्थापनका लागि नेपालको संविधान बमोजिम प्रदेश सभा सचिवालयको स्थापना गर्न र सो सम्बन्धी अन्य व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

**परिच्छेद—१**
**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "×........प्रदेश सभा सचिवालय सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सभामुख" भन्नाले ×....... प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ख) "उपसभामुख" भन्नाले ×......प्रदेश सभाको उपसभामुख सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले ×......प्रदेश सभाका सदस्य सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले नेपालको संविधानको धारा १९५ को उपधारा (१) बमोजिम नियुक्त ×......प्रदेश सभाको सचिव सम्झनु पर्छ।

× प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको
* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(ङ) "कर्मचारी" भन्नाले ×...... प्रदेश सरकारले प्रदेश सभा सचिवालयमा काम गर्न खटाएका व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रदेश सभामा खटिएका नेपाल सरकारका कर्मचारीलाई समेत जनाउँछ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले ❋लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(ज) "प्रदेश सरकार" भन्नाले ×...... प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ।

(झ) "सचिवालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको ×.... प्रदेश सभाको सचिवालय सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।

## परिच्छेद–२

## सचिवालयको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. <u>सचिवालयको स्थापना:</u> (१) प्रदेश सभाको काम कारबाही सुचारुरुपले सञ्चालन र व्यवस्थापन गर्ने काम समेतको लागि प्रदेश सभा सचिवालयको स्थापना गरिएको छ।

(२) सचिवालयमा सचिव तथा आवश्यक संख्यामा कर्मचारी रहनेछन्।

४. <u>सचिवालयको काम, कर्तव्य र अधिकार:</u> (१) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:—

(क) प्रदेश सभा तथा प्रदेश सभाका समितिलाई विधायिकी कार्यमा सहयोग गर्ने,

(ख) प्रदेश सभाको काम कारबाहीलाई नियमित, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक प्रशासनिक, आर्थिक र भौतिक व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ग) प्रदेश सभा, प्रदेश सभाका समिति र सदस्यलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

---

❋ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित ।

× प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको

(घ) प्रदेश सभाका समितिको निर्णय कार्यान्वयन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ङ) प्रदेश सभाको सूचना प्रणालीलाई प्रभावकारी बनाउने,

(च) प्रदेशसभाको दलका कार्यालयलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउने,

(छ) संसदीय अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य गर्ने,

(ज) प्रदेश सभा परिसरमा सुरक्षा व्यवस्थापन गर्ने।

(२) सचिवालयको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद—३

## समितिको गठन तथा समिति र सचिवको काम, कर्तव्य र अधिकार

५. <u>समितिको गठन:</u> (१) प्रदेश सभा सचिवालयलाई सुचारु रुपले सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने तथा रेखदेख, नियन्त्रण र सुपरिवेक्षण गर्ने काम समेतका लागि सचिवालय सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः—

(क) सभामुख — अध्यक्ष

(ख) उपसभामुख — सदस्य

(ग) सचिव — सदस्य

(घ) सचिवले तोकेको प्रदेश सभा सचिवालयको वरिष्ठ अधिकृत कर्मचारी - सदस्य-सचिव

(३) सभामुखको पद रिक्त रहेको अवस्थामा उपसभामुखले समितिको अध्यक्ष भई कार्य गर्नेछ।

६. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) सचिवालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ख) प्रदेश सभा तथा सचिवालयको वार्षिक बजेट निर्धारण गर्ने र खर्च सम्बन्धी मापदण्ड निर्धारण गर्ने,

(ग) सचिवालयका कर्मचारीहरुको वृत्ति विकास एवं सुविधा निर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) प्रदेश सभाका काम कारबाहीलाई प्रभावकारी बनाउन आवश्यक अनुसन्धानात्मक कार्य गर्ने, गराउने,

(ङ) प्रदेश सरकार मार्फत संघीय संसदसँग आवश्यक समन्वय गर्ने,

(च) प्रदेश सभाको भौतिक निर्माण र सुधार सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति तय गर्ने, गराउने,

(छ) प्रदेश सभाका समितिहरुबीच समन्वय र सामन्जस्यता कायम गर्ने, गराउने,

(ज) सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने कार्य गर्ने,

(झ) प्रदेश सरकारसँग समन्वय गरी प्रदेश सभा तथा प्रदेश सभाको समितिको वार्षिक कार्यतालिका तयार गर्ने तथा प्रदेश सभा र सचिवालयको अल्पकालीन तथा दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने गराउने,

(ञ) प्रदेश सभा सेवामा रहने कर्मचारीको दरबन्दी निर्धारण गर्ने,

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

(२) समितिले आवश्यक देखेमा सदस्य वा अन्य निकायका पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>सचिवको नियुक्तिः</u> नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश प्रमुखले प्रदेश सभामुखको सिफारिसमा प्रदेश सभाको सचिव नियुक्त गर्नेछ।

८. <u>सचिवको काम, कर्तव्य र अधिकारः</u> प्रचलित कानूनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) सचिवालयको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्ने,

(ख) कानून बमोजिम प्रदेश सभाका कर्मचारीको नियुक्ति, अवकाश र सजाय सम्बन्धी कार्य गर्ने,

(ग) प्रदेश सभा र सचिवालयको वार्षिक बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(घ) सचिवालयको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ङ) प्रदेश सभा र सचिवालयको लागि विनियोजित बजेट रकम खर्च एवं आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने, गराउने,

(च) समितिको निर्देशानुसार सचिवालयको सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(छ) सदस्य र सचिवालयमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक कार्य गर्ने, गराउने,

(ज) सचिवालयको भौतिक निर्माण, सुधार सम्बन्धी कार्य गर्ने, गराउने,

(झ) सचिवालय र अन्य निकाय बीच समन्वय कायम गर्ने,

(ञ) प्रदेश सभा र सचिवालयको चल अचल सम्पत्तिको रेखदेख, स्याहार सम्भार गर्ने,

(ट) प्रदेश सभा र प्रदेश सभाका समितिको काम कारबाही सुचारुरुपले सञ्चालन गर्न आवश्यक व्यवस्था गर्ने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने।

## परिच्छेद—४

## सचिवको योग्यता र पदावधि

९. <u>योग्यता:</u> सचिवको लागि आवश्यक पर्ने योग्यता देहाय बमोजिम हुनेछः—

(क) नेपाली नागरिक,

(ख) नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालयबाट कानून, प्रशासन, व्यवस्थापन, राजनीतिशास्त्र, अर्थशास्त्र वा समाजशास्त्र विषयमा स्नाकोत्तर प्राप्त गरी, सार्वजनिक प्रशासनमा अनुभव प्राप्त गरेको,

(ग) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(घ) पैतिस वर्ष पूरा भै पैसट्ठी वर्ष ननाघेको।

(ङ) उच्च नैतिक चरित्र भएको,

(च) प्रचलित कानून बमोजिम कालो सूचीमा नपरेको।

१०. **पदावधिः** सचिवको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः नियुक्त हुन सक्नेछ।

११. **सचिवको पद रिक्त हुने अवस्था:** देहायका अवस्थामा सचिवको पद रिक्त भएको मानिनेछः—

(क) राजीनामा दिएमा,

(ख) पदावधि सकिएमा,

(ग) पैसट्ठी वर्षको उमेरको हद नाघेमा,

(घ) कार्यक्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमान्दारी पूर्वक नगरेको भनी सभामुखको सिफारिसमा प्रदेश प्रमुखबाट निजलाई पदबाट हटाएमा,

(ङ) विदेशी राष्ट्रको स्थायी आवासीय अनुमति पत्र लिएमा,

(च) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्रि वितरण वा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएमा,

(छ) मृत्यु भएमा।

## परिच्छेद—५

## पारिश्रमिक र अन्य सुविधा

१२. **पारिश्रमिकः** (१) सचिवको पारिश्रमिक प्रदेश सरकारको प्रमुख सचिवले पाए सरह हुनेछ।

(२) उपदफा (१) बमोजिम पारिश्रमिक पाउने सचिवको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसंगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जिवीत नरहेमा त्यस्तो पारिश्रमिक निजसँगै बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

१३. **सवारी साधन तथा इन्धन सुविधाः** (१) सचिवलाई चालक सहितको सवारी साधन एक तथा इन्धन र मोबिल सुविधा दिइनेछ।

(२) आफ्नो निजी सवारी प्रयोग गर्ने सचिवलाई चालकको लागि प्रदेश सरकारको हलुका सवारी चालकको तलबमानको शुरु अंक बराबरको रकम र सवारी मर्मत तथा संभार बापत प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको रकम तथा उपदफा (१) बमोजिम पाउने इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(३) सचिवले यस दफा बमोजिमको सुविधा यस ऐनको दफा ११ को खण्ड (घ), (ङ) र (च) को अवस्थामा बाहेक निजले आफ्नो पदबाट अवकाश पाएको मितिले सात दिनसम्म पाउनेछ।

१४. <u>चाडपर्व खर्चः</u> (१) सचिवले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम एक आर्थिक वर्षमा एकपटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ।

१५. <u>दैनिक तथा भ्रमण भत्ताः</u> प्रदेश सभाको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा सचिवलाई प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

१६. <u>पोशाक सुविधाः</u> सचिवलाई प्रत्येक वर्ष प्रदेश सरकारको प्रमुख सचिवले पाए सरहको रकम पोशाक भत्ता बापत दिइनेछ।

१७. <u>बीमा खर्चः</u> सचिवले सरकारी कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्दा दुई लाख रुपैयाँ बराबरको दुर्घटना बिमा गराउन सक्नेछ र सो बापत लाग्ने खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

१८. <u>बिदाः</u> (१) सचिवले पूरा पारिश्रमिक सहितको देहाय बमोजिमका बिदा पाउनेछ-

(क) पर्व बिदा र भैपरी आउने बिदा,
(ख) घर बिदा,
(ग) बिरामी बिदा,
(घ) किरिया बिदा,
(ङ) प्रसूति बिदा,
(च) प्रसूति स्याहार बिदा।

(२) सचिवले प्रत्येक वर्ष भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन विदा लिन पाउनेछ।

(३) भैपरी आउने र पर्व बिदामा बस्ने सचिवले पूरा तलब पाउनेछ।

(४) सचिवले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले घर बिदा पाउनेछ। घर बिदा बढीमा एक सय बीस दिनसम्म संचित गरी राख्न सकिनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले सो अवधि भित्र लिएको भैपरी आउने र पर्व बिदा, बिरामी बिदा, प्रसूति बिदा, प्रसूति स्याहार बिदा, किरिया बिदा र सार्वजनिक बिदा समेत सम्झनु पर्छ।

(५) सचिवले प्रत्येक वर्ष बाह्र दिन बिरामी बिदा पाउनेछ।

(६) सचिवले बिरामी बिदा संचित गरी राख्न पाउनेछ।

(७) सचिवले कुल धर्म अनुसार आफै किरिया बस्नु परेमा पन्ध्र दिन किरिया बिदा पाउनेछ।

(८) किरिया बिदामा बस्दा सचिवले पूरा तलब पाउनेछ।

(९) सचिव गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ।

(१०) सचिवको पत्नी सुत्केरी हुने भएमा त्यस्तो सचिवले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(११) सचिवले आफ्नो पदबाट अवकाश पाएमा उपदफा (४) र (५) बमोजिम संचित रहेको बिदा बापत निजको पदाधिकार रहेको पदबाट खाइपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

१९. <u>बिदा दिने अधिकारीः</u> सचिवले पर्व बिदा र भैपरी बिदा आफै लिन सक्नेछ र अन्य बिदा सभामुखबाट स्वीकृत गराउनु पर्नेछ।

### परिच्छेद–६

### उपचार खर्च र उपदान

२०. <u>उपचार खर्चः</u> (१) सचिवले आफूले बिरामी भई उपचार गराउँदा देहाय बमोजिमको उपचार खर्च पाउनेछः–

(क) सरकारी वा सामुदायिक अस्पतालमा भर्ना हुँदा र उपचार गराउँदा लागेको अस्पतालको बिल बमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेस्क्रिप्शन बमोजिम खरिद गरेको औषधि खर्च।

तर चिकित्सकको प्रेस्क्रिप्शनमा रोगको निदान (डाइग्नोसिस्) उल्लेख भएको हुनु पर्नेछ।

(ख) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अपरेशन) गर्दा लागेको सरकारी वा सामुदायिक अस्पतालको बिल बमोजिमको खर्च र प्रेस्क्रिप्सन बमोजिम खरिद गरेको औषधि खर्च।

(ग) चश्मा, दाँत, एयरफोन आदि उपकरणको लागि प्रदेश सरकारले तोकिदिएको रकम मध्ये लागेको बिल बमोजिमको खर्च।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवले आफ्नो कार्यकाल भर पाउने उपचार खर्चको रकम निजले पाउने बाह्र महिनाको पारिश्रमिक बराबरको रकम भन्दा बढी हुने छैन।

(३) नेपाल सरकारद्वारा नियुक्त मेडिकल बोर्डले नेपालभित्र औषधि उपचार हुन नसक्ने भनी सिफारिस गरेमा विदेशमा गई उपचार गराउन चाहने सचिवलाई उपदफा (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त प्रदेश सरकारले उचित ठहऱ्याएको थप आर्थिक सहायता दिन सक्नेछ।

(४) सचिवले सेवाबाट अलग हुँदा उपदफा (२) बमोजिम पाउने उपचार खर्च मध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भए जति रकम लिन पाउनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सचिवको पदमा पाँच वर्ष सेवा नगरी सेवाबाट अलग हुने सचिवलाई उपचार खर्च दिंदा यस ऐन बमोजिम पाउने सम्पूर्ण उपचार खर्चको रकमलाई पाँच वर्ष सेवा गरे वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(६) यस दफा बमोजिम पाउने उपचार खर्च लिन नपाउँदै सचिवको मृत्यु भएमा त्यस्तो उपचार खर्च निजसंगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जीवित नरहेमा त्यस्तो उपचार खर्च निजसँगै बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

२१. <u>उपदानः</u> पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको सचिवले अवकाश पाएमा, राजिनामा स्वीकृत गराई पदबाट अलग भएमा वा निजको मृत्यु भएमा देहायको दरले उपदान पाउनेछः—

(क) पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी सेवा गरेकोमा आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब। तर निज दफा ११ को खण्ड (घ), (ङ) र (च) को कारणले पदमा नरहेमा उपदान पाउने छैन।

## परिच्छेद–७

## विविध

२२. बजेट निर्धारण गर्नेः (१) सचिवालयले प्रदेश सभा र सचिवालयको लागि आवश्यक पर्ने वार्षिक बजेट अर्थ मन्त्रालयसँग परामर्श गरी निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरेको बजेट प्रदेश सरकारले विनियोजन विधेयकमा समावेश गर्नेछ।

२३. अधिकार प्रत्यायोजनः (१) यस ऐन बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) सचिवले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

२४. कर्मचारीः (१) सचिवालयले निर्धारित दरवन्दीमा प्रदेश लोकसेवा आयोगको माध्यमबाट आवश्यक कर्मचारीको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी व्यवस्था नभए सम्मको लागि प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी व्यवस्था नभएसम्मको लागि संघीय सरकारले कर्मचारी उपलब्ध गराउनेछ।

२५. सञ्चय कोषः प्रदेश सरकारले सचिवको मासिक पारिश्रमिकबाट सयकडा दशका दरले सञ्चय कोष कट्टा गरी सो कट्टी रकममा शतप्रतिशत रकम थप गरी सञ्चय कोषमा जम्मा गरिदिनेछ।

२६. एउटा मात्र सुविधा पाउनेः सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति सचिवमा नियुक्त भएमा त्यस्तो सचिवले निवृत्तभरण वा यस ऐन बमोजिमको पारिश्रमिक मध्ये निजले रोजेको कुनै एक सुविधा मात्र पाउनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः—

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष।

२७. <u>भत्ता र अन्य सुविधाः</u> (१) कर्मचारीले प्रत्येक वर्ष प्रदेश सभावाट वजेट पारित भएपछि खाइपाई आएको एक महिनाको तलव वरावरको रकम प्रोत्साहन स्वरुप पाउनेछ।

**स्पष्टीकरण**ः यस उपदफाको प्रयोजनको लागि "कर्मचारी" भन्नाले प्रदेश सभाको कामको लागि सचिवालयको दरवन्दीमा रहेका वा सचिवालयबाटै पारिश्रमिक पाउने वा बजेटमाथिको छलफलको अवधिमा पन्ध्र दिन भन्दा बढी सचिवालयमा निरन्तर काजमा रहेका कर्मचारी समेतलाई जनाउँछ।

(२) प्रदेश सभाको अधिवेशन वा वैठक र समितिको वैठक चलेका समयमा काममा संलग्न पदाधिकारी वा कर्मचारीलाई समितिले निर्धारण गरे बमोजिमको रकम थप सुविधाको रुपमा र वढी समय काम लगाउनु परेमा समितिले निर्धारण गरे बमोजिमको खाजा, खाना र ओभर टाइम लगायतका अन्य सुविधा दिन सक्नेछ।

(३) कर्मचारीको भत्ता तथा अन्य सुविधा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

२८. <u>शपथः</u> सचिवले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि सभामुख समक्ष अनुसूची बमोजिमको ढाँचामा आफ्नो पदको शपथ ग्रहण गर्नु पर्नेछ।

२९. <u>प्रदेश सरकारसँग सम्पर्कः</u> सचिवालयले प्रदेश सरकारसँग सम्पर्क राख्दा प्रदेश सभा सम्बन्धी विषय हेर्ने मन्त्रालय मार्फत राख्नु पर्नेछ।

३०. <u>नियम बनाउने अधिकारः</u> यस ऐन कार्यान्वयन गर्नको लागि सचिवालयले आवश्यक नियम बनाउन सक्नेछ।

## अनुसूची
(दफा २८ सँग सम्बन्धित)

**शपथ**

म ... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही सचिव पदमा कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहदाँ वा नरहदाँ जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०४/२२

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

×.....

## प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

⊕लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "×.....मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले ⊕लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले ×.....प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ।

(ग) "मन्त्री" भन्नाले ⊕प्रदेशको मन्त्री, राज्य मन्त्री वा सहायक मन्त्री समेत सम्झनु पर्छ।

(घ) "मुख्यमन्त्री" भन्नाले ⊕प्रदेशका मुख्यमन्त्री सम्झनु पर्छ।

३. पारिश्रमिकः (१) मुख्यमन्त्री र मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक दिइनेछ।

(२) मुख्यमन्त्री र मन्त्री कुनै कारणले सो पदमा नरहेमा निजलाई एक महिनाको पारिश्रमिक बराबरको रकम थप सुविधाको रुपमा दिइनेछ।

---

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

⊕ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

४. <u>आवास सुविधा</u> : (१) मुख्यमन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ।

(२) मन्त्रीलाई आवासको लागि प्रदेश सरकारले सरकारी घरको बन्दोबस्त गर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी घरको बन्दोबस्त नभएको र प्रदेशको राजधानीमा आफ्नो उपयुक्त घर नभएको मन्त्रीलाई अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम आवास सुविधा बापत दिइनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(५) उपदफा (३) बमोजिमको आवासको लागि अनुसूची-१ बमोजिमको रकम फर्निचर बापत दिइनेछ।

(६) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(७) उपदफा (३) बमोजिमको आवासको मर्मत र सम्भार खर्च बापत प्रदेश सरकारले तोके बमोजिमको रकम दिइनेछ।

(८) यस दफा बमोजिमको आवास सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

५. <u>सवारी तथा इन्धन सुविधा</u> : (१) मुख्यमन्त्री र मन्त्रीलाई सवारीको लागि चालक सहितको मोटर एक र अनुसुची-१ मा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको मोटर प्रयोग नगरी आफ्नो निजी मोटर प्रयोग गर्ने मुख्यमन्त्री र मन्त्रीलाई नेपाल सरकारको हलुका सवारी चालकको तलबमानको सुरु अंक बराबरको रकम र उपदफा (१) बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम उपलब्ध गराइएको मोटरको नियमित मर्मत र सम्भारको बन्दोबस्त प्रदेश सरकारले गर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भरपाई बुझाउनु पर्ने छैन।

(५) यस दफा बमोजिमको सुविधा मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको मितिले सात दिनसम्म पाउनेछन्।

६. <u>विजुली, धारा र सञ्चार सुविधा</u> : (१) मुख्यमन्त्री र मन्त्रीको आवासमा इन्टरनेट सहितको एक लाइन टेलिफोन जडान गर्न लाग्ने खर्च र धरौटी बापत लाग्ने रकम प्रदेश सरकारले व्यहोर्नेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई विजुली, धारा, इन्टरनेट, टेलिफोनको महसुल र पत्रपत्रिका बापत अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

७. <u>उपचार सुविधा</u> :(१) मुख्यमन्त्री र मन्त्रीलाई सामूहिक रुपमा प्रदेश सरकारले तोकेको एकजना चिकित्सकको सेवा उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिमको चिकित्सकले अस्पतालमा भर्ना भई औषधी उपचार गर्नुपर्ने भनी गरेको सिफारिस बमोजिम मुख्यमन्त्री र मन्त्रीले सरकारी वा सामुदायिक अस्पतालमा भर्ना भई औषधी उपचार गराएमा त्यसरी उपचार गराउँदा लागेको प्रेस्क्रिप्शन तथा बिल बमोजिमको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(३) मुख्यमन्त्री र मन्त्रीको स्वदेशमा उपचार हुन नसकी मेडिकल बोर्डको सिफारिसमा नेपाल सरकारको सहमति लिई विदेशमा उपचार गराउनु परेमा प्रदेश सरकारले तोकेको उपचार खर्च पाउनेछन्।

(४) उपदफा (२) र (३) बमोजिमको उपचार खर्च बापतको रकम मुख्यमन्त्रीको कार्यालयले मुख्यमन्त्री र मन्त्री भर्ना भएको सरकारी वा सामुदायिक अस्पताललाई भुक्तानी गर्नेछ।

८. <u>दैनिक तथा भ्रमण भत्ता</u> : (१) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा नेपालभित्र भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१मा उल्लेख भए बमोजिम हुनेछ।

(२) मुख्यमन्त्री र मन्त्रीले सरकारी कामको सिलसिलामा वा नेपाल सरकारको तर्फबाट विभिन्न समारोह, उत्सव, सम्मेलन आदिमा भाग लिन नेपाल बाहिर भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता अनुसूची-१मा उल्लेख भए बमोजिम हुनेछ।

९. <u>बीमा सुविधा</u> : मुख्यमन्त्री र मन्त्रीलाई सरकारी कामको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा दश लाख रुपैंया बराबरको बीमा सुविधा दिइनेछ।

१०. निजी सचिवालयको व्यवस्था : (१) मुख्यमन्त्री र मन्त्रीको काममा सहयोग पुऱ्याउन अनुसूची-२ बमोजिमको संख्यामा कर्मचारीहरु रहने गरी निजी सचिवालयको व्यवस्था हुनेछ।

(२) मुख्यमन्त्री र मन्त्रीलाई आफ्नो कार्यकालमा निजी सचिवालयको लागि आवश्यक पर्ने फर्निचर र कार्यालय सामानको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(३) उपदफा (२) बमोजिमका फर्निचर तथा स्थायी जिन्सी सामानहरु मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यकाल समाप्त भएको सात दिनभित्र फिर्ता बुझाउनु पर्नेछ।

११. अतिथि सत्कार खर्च : (१) मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयको लागि अतिथि सत्कार बापत अनुसूची-१ बमोजिमको रकम दिइनेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त अतिथि सत्कार खर्चको बिल भौचर बुझाउनु पर्ने छैन।

१२. अङ्गरक्षक र गार्डको सुविधा : मुख्यमन्त्री र मन्त्रीलाई आवश्यक पर्ने अङ्गरक्षक र गार्डको सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१३. शपथ : मुख्यमन्त्री र मन्त्रीले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-३ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१४. सुविधा लागू हुने : मुख्यमन्त्री तथा मन्त्रीले यस ऐन बमोजिम पाउने सुविधा शपथ गरेको मिति देखि पाउनेछन्।

१५. अनुसूचीमा हेरफेर : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (३) र (५), दफा ५ को उपदफा (१), दफा ६ को उपदफा (२), दफा ८ र दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

### मुख्यमन्त्री तथा मन्त्रीको सुविधा

| क्र. सं. | सुविधाको प्रकार | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६०,९७० | ५२,००० | ४९,००० | ४८,१०० |
| २. | आवास सुविधा | प्रति महिना रुपैयाँ | - | - | १५,००० | १५,००० |
| ३. | फर्निचर (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ठ रु | - | - | ५०,००० | ५०,००० |
| ४. | सवारी | मोटर (वटा) | आवश्यकता अनुसार | १ | १ | १ |
| ५. | सवारी इन्धन | लिटर(मासिक) | २५० | २०० | २०० | २०० |
| ६. | मोविल | लिटर (त्रैमासिक) | आवश्यकता अनुसार | १० | १० | १० |
| ७. | सञ्चार सुविधा (टेलिफोन,इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रुपैयाँ | बिल अनुसार | ३,००० | २,००० | २,००० |
| ८. | धारा, विजुली | प्रति महिना रुपैयाँ | बिल अनुसार | बिल अनुसार * | २,००० | २,००० |
| ९. | दैनिक तथा भ्रमण भत्ता(स्वदेश) | प्रति दिन रुपैयाँ | २,५०० | २,००० | २,००० | २,००० |
| १०. | दैनिक तथा भ्रमण भत्ता (विदेश) | प्रति दिन अमेरिकी डलर | २२५ | २२५ | २२५ | २२५ |
| ११. | अतिथी सत्कार | प्रति महिना रुपैयाँ | १५,००० | १०,००० | ५,००० | ५,००० |

**द्रष्टव्यः** सरकारी आवासमा बसेको अवस्थामा मात्र ।

### मुख्यमन्त्री र मन्त्रीले भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागि :-

१. विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकत्ता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ ।

२. युरोपियन मुलुकहरु अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लिखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलब्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलब्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छैसट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।

७. नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ।

८. भ्रमण सम्बन्धी थप व्यवस्थाः

(क) जिल्ला भ्रमण गर्नु पूर्व मन्त्रीले मुख्यमन्त्रीबाट स्विकृति लिनु पर्ने।

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने।

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलब्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने।

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने।

(ङ) भ्रमणबाट फर्के पछि मुख्यमन्त्री समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने।

## अनुसूची-२

दफा १० को उपदफा (१) सँग सम्बन्धित

### मुख्यमन्त्री र मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प. द्वितीय श्रेणी वा सो सरह) | जना | १ | – | – | – |
| २. | स्वकीय अधिकृत (रा.प. तृतिय श्रेणी वा सो सरह) | जना | २ | १ | – | – |
| ३. | प्रेस संयोजक (रा.प. तृतिय श्रेणी वा सो सरह) | जना | १ | – | – | – |
| ४. | स्वकीय सहायक (कम्पुटर अपरेटर /रा.प.अनं प्रथम श्रेणी वा सो सरह) | जना | १ | १ | १ | १ |
| ५. | हलुका सवारी चालक (प्रथम स्तर) | जना | १ | १ | १ | १ |
| ६. | स्वकीय कार्यालय सहयोगी (प्रथम स्तर) | जना | १ | १ | १ | १ |
| जम्मा | | | ७ | ४ | ३ | ३ |

**द्रष्टव्य:**

१. स्वकीय सचिवालयका कर्मचारीहरुले शुरु स्केल अनुसारको तलव मात्र पाउनेछन् ।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको वैंक खातामा उपलब्ध गराइनेछ ।

## अनुसूची-३
(दफा १३ सँग सम्बन्धित)

**शपथ**

म.......................................... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/देश र जनता/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण बफादार रही प्रदेश नं. ...... को..........................पदको कामकाज प्रचलित कानूनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसै प्रति पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने कुरा म पदमा

बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

# प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०४/२८

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (प्रथम संशोधन) ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०६/०५

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (दोश्रो संशोधन) ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०४/२९

×.....

## प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: *प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "×......प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "पदाधिकारी" भन्नाले ×.....प्रदेश सभाका सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, सभापति, विपक्षी दलको प्रमुख

---

×प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

सचेतक, [Σ]दलको नेता, सत्ता पक्षको सचेतक, [Σ]विपक्षी दलको सचेतक र दलको प्रमुख सचेतकलाई सम्झनु पर्छ।

(ख) "प्रदेश" भन्नाले [⊕]लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ग) "प्रदेश सरकार" भन्नाले [*]..प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ।

(घ) "विपक्षी दलको नेता" भन्नाले प्रदेश मन्त्रिपरिषद् गठन गर्ने वा मन्त्रिपरिषद् गठन गर्न समर्थन गर्ने दल बाहेकका देहाय बमोजिमका दलले संसदीय दलको नेताको रुपमा छानेको व्यक्ति सम्झनु पर्छ:—

(१) प्रदेश सभामा सबैभन्दा बढी सदस्य भएको दल,

(२) प्रदेश सभामा एकभन्दा बढी दलको बराबर सदस्य भएमा ती दलले पारस्परिक सहमतिको आधारमा आफू मध्येबाट मान्यता दिएको कुनै एक दल,

(३) उपखण्ड (२) बमोजिम पारस्परिक सहमति हुन नसकेमा प्रदेश सभाका सबैभन्दा बढी सदस्यहरुले विपक्षी दलको नेता छान्नको लागि लिखित मञ्जुरी गरेको दल,

(४) उपखण्ड (३) बमोजिम लिखित मञ्जुरी नभएमा प्रदेश सभाका सभामुखले तोकिदिएको दल,

(५) कुनै व्यक्ति विपक्षी दलको नेता भइरहेकोमा कुनै कारणबाट अर्को कुनै दलको सदस्य बढी भई सबैभन्दा बढी सदस्य भएको दल बन्न पुगेमा त्यस्तो दल,

(६) यस खण्डको प्रयोजनको लागि सम्बन्धित दल वा सदस्यले उपखण्ड (२) बमोजिमको पारस्परिक सहमति प्रदेश सभा सदस्यको निर्वाचन भएको पहिलो पटक प्रदेश सभाको अधिवेशन बसेको मितिले पन्ध्र दिनभित्र र उपखण्ड (३) बमोजिमको लिखित मञ्जुरीमा पारस्परिक सहमति हुन नसकेको मितिले पन्ध्र दिन भित्र दिनु पर्नेछ।

---

[Σ] प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा थपिएको
[⊕] प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित
[*]प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

(ङ) "विपक्षी दलको प्रमुख सचेतक" भन्नाले खण्ड (घ) बमोजिमको विपक्षी दलको नेताले विपक्षी दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ।

(च) "सचिवालय" भन्नाले *.....प्रदेश सभाको सचिवालय सम्झनु पर्छ।

(छ) "सत्ता पक्षको प्रमुख सचेतक" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ।

(ज) "सत्ता पक्षको सचेतक" भन्नाले मन्त्रिपरिषद् गठन गर्ने दल वा मन्त्रिपरिषद् गठन गर्न सर्मथन गर्ने दलको संसदीय दलको नेताले सो दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ र सो शब्दले एकभन्दा बढी दलले मन्त्रिपरिषद् गठन गरेमा वा सर्मथन गर्ने भएमा त्यस्ता दलले आपसी सहमतिमा तोकेको सदस्य र आपसी सहमतिमा नतोकिएमा सबैभन्दा बढी सदस्य भएको दलको नेताले दलको सचेतक भई काम गर्न तोकेको सदस्यलाई समेत जनाउँछ।

(झ) "सदस्य" भन्नाले मन्त्री वा पदाधिकारी बाहेकका प्रदेश सभाका सदस्य सम्झनु पर्छ।

(ञ) "सभापति" भन्नाले प्रदेश सभाको कुनै समितिको सभापति सम्झनु पर्छ [Σ]र सो शब्दले विशेष समितिको संयोजकलाई समेत जनाउँछ।

(ट) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ठ) "समिति" भन्नाले प्रदेश सभाको कुनै समिति सम्झनु पर्छ र सो शब्दले विशेष समितिलाई समेत जनाउँछ।

[Σ](ड) "दलको नेता" भन्नाले प्रदेश सभामा कम्तीमा पाँच जना सदस्य संख्या रहेको दलको नेता सम्झनुपर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

Σ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा थपिएको

[Σ](ढ) "विपक्षी दलको सचेतक" भन्नाले विपक्षी दलको नेताले विपक्षी दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनुपर्छ।

[Σ](ण) "दलको प्रमुख सचेतक" भन्नाले दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनुपर्छ।

३. <u>पारिश्रमिक:</u> (१) पदाधिकारी र सदस्यले निर्वाचित भएको मिति देखि अनुसूची–१ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछन्।

(२) कुनै पदाधिकारी वा सदस्यको पदावधि समाप्त नहुँदै निजको मृत्यु भई वा प्रदेश सभा विघटन भई निज आफ्नो पदमा कायम नरहेमा निजलाई त्यस्तो पदाधिकारी वा सदस्यको सदस्यता कायम रहेको दिनसम्म पाउने पारिश्रमिकको अतिरिक्त एक महिनाको पारिश्रमिक बराबरको थप रकम दिइनेछ।

(३) उपदफा (१) र (२) बमोजिम पारिश्रमिक पाउने पदाधिकारी वा सदस्यको मृत्यु भएमा निजले पाउन बाँकी पारिश्रमिक निजसंगै बस्ने निजको पति वा पत्नीलाई दिइनेछ र पति वा पत्नी समेत जिवीत नरहेमा त्यस्तो पारिश्रमिक निजसँग बस्ने निजको छोरा छोरीलाई दिइनेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि योग्यता नपुगेको कारणबाट कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा त्यस्तो पदाधिकारी वा सदस्यलाई उपदफा (२) बमोजिमको रकम दिइने छैन।

४. <u>बैठक भत्ता तथा यातायात सुविधा:</u> (१) पदाधिकारी र सदस्यले प्रदेश सभा वा कुनै समितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि बैठक भत्ता तथा यातायात सुविधा बापत अनुसूची–१ बमोजिमको रकम पाउनेछन्।

तर प्रदेश सभा वा समितिको बैठक एकै दिन बसेकोमा पदाधिकारी र सदस्यले एक बैठकको मात्र भत्ता पाउनेछन्।

(२) आफ्नो स्थायी बासस्थानबाट प्रदेश सभाको अधिवेशनको बैठकमा भाग लिन आउँदा र भाग लिएर आफ्नो बासस्थान भएको क्षेत्रतर्फ फर्कदा पदाधिकारी र सदस्यले अनुसूची–१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

तर यस्तो दैनिक तथा भ्रमण भत्ता एक अधिवेशनमा एक पटक मात्र पाउनेछ।

---

[Σ] प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा थपिएको

५. <u>आवास सुविधा:</u> (१) प्रदेश सरकारले सभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ।

(२) प्रदेश सरकारले उपसभामुखलाई आवासको लागि सरकारी घरको बन्दोबस्त गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको आवासको लागि आवश्यक पर्ने फर्निचरको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम बन्दोबस्त भएको घर कम्पाउण्डको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(५) सभामुख र उपसभामुख बाहेकका अन्य पदाधिकारी तथा सदस्यले आवास सुविधा तथा फर्निचर बापत अनुसूची–१ मा उल्लेख भए बमोजिमको रकम पाउनेछन्।

(६) सभामुख र उपसभामुखले यस दफा बमोजिम पाउने सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म पाउने छन्।

६. <u>सवारी साधन तथा इन्धन सुविधा:</u> (१) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्ता पक्षको प्रमुख सचेतक, *सभापति, विपक्षी दलको प्रमुख सचेतक, दलको नेता र दलको प्रमुख सचेतकलाई चालक सहितको सवारी साधन एक र अनुसूची–१ मा उल्लेख भए बमोजिमको इन्धन र मोबिल उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सवारी साधनको मर्मत र सम्भार खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त हुने इन्धन र मोबिलको बिल भौचर बुझाउनु पर्ने छैन।

(४) यस दफा बमोजिम सवारी साधनको सुविधा पाउने पदाधिकारीले त्यस्तो सुविधा आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म प्रयोग गर्न सक्नेछन्।

७. <u>बिजुली, धारा र सञ्चार सुविधा:</u> पदाधिकारी र सदस्यलाई बिजुली, धारा र सञ्चार सुविधा बापत अनुसूची–१ बमोजिमको रकम दिइनेछ।

८. <u>निजी सचिवालय र स्वकीय कर्मचारीको व्यवस्था:</u> (१) आफ्नो कार्यकालको लागि पदाधिकारी र सदस्यले अनुसूची–२ मा उल्लेख भए बमोजिमको निजी सचिवालय र स्वकीय कर्मचारी सुविधा पाउनेछन्।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिमको निजी सचिवालय बन्दोबस्तको लागि एक कार्यकालमा एक पटक फर्निचर वापत अनुसूची—१ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(३) पदाधिकारी र दलको नेतालाई निजी सचिवालयको बन्दोबस्तको लागि अनुसूची—२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

(४) सभामुख, उपसभामुख, विपक्षी दलको नेता, सत्तापक्षको प्रमुख सचेतक, विपक्षी दलको प्रमुख सचेतक, सभापति र दलको नेतालाई अतिथि सत्कारको लागि अनुसूची—२ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

९. दैनिक तथा भ्रमण भत्ता: प्रदेश सभाको कामको सिलसिलामा नेपालभित्र वा नेपाल बाहिर भ्रमण गर्दा पदाधिकारी र सदस्यलाई अनुसूची—१ बमोजिमको दैनिक तथा भ्रमण भत्ता दिइनेछ।

१०. बीमा सुविधा: *(१) पदाधिकारी र सदस्यलाई पदमा बहाल रहेकै अवस्थामा मृत्यू भएमा दशलाख रुपैया बराबरको बीमा सुविधा दिइनेछ।

*(२) उपदफा (१) बमोजिम त्यस्तो सुविधा बापतको रकम प्रदेश सरकारले मृत्यू हुने पदाधिकारी वा सदस्यको हकवालालाई उपलब्ध गराउनेछ।

११. उपचार सुविधा: Σ(१) पदाधिकारी र सदस्यलाई उपचार सुविधा उपलब्ध गराउनका निम्ती सचिवालयको नाममा एउटा उपचार कोष रहनेछ।

Σ(२) सो कोषमा प्रदेश सरकारले आवश्यक रकमको व्यवस्था गर्नेछ।

Σ(३) सो कोष संचालन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रचलित कानूनबमोजिम सचिवालयले कार्यविधि बनाई लागु गर्नेछ।

Σ(४) उपदफा (१) बमोजिम स्थापना भएको कोषबाट उपदफा (३) बमोजिमको कार्यविधि अनुसार सचिवालयले पदाधिकारी तथा सदस्यहरुलाई उपचार खर्च उपलब्ध गराउनेछ।

Σ(५) प्रदेश सभा सचिवालयले कोषबाट खर्च भएको रकमको शोधभर्ना आर्थिक मामिला तथा योजना मन्त्रालयबाट माग गर्नेछ।

---

* प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (दोश्रो संशोधन) ऐनद्वारा संशोधित

Σ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा संशोधित

१२. <u>दृष्टिविहिन र अशक्त पदाधिकारी तथा सदस्यलाई विशेष सुविधा:</u> (१) कुनै पदाधिकारी वा सदस्य दृष्टिविहिन वा शारीरिक रुपले अशक्त भई हिँडडुल गर्न निजलाई सहयोगीको आवश्यकता छ भन्ने कुरा सभामुखलाई जानकारी दिएमा सभामुखको आदेशमा त्यस्तो पदाधिकारी वा सदस्यलाई एक जना सहयोगी राख्न दिइनेछ।

तर त्यस्तो सहयोगी बैठक कक्षमा बस्न पाउने छैन।

(२) उपदफा (१) बमोजिमको सहयोगीलाई देहाय बमोजिमको सुविधा प्राप्त हुनेछः—

(क) दैनिक भत्ता: पदाधिकारी वा सदस्यले पाउने दैनिक भत्ताको आधा।

(ख) भ्रमण भत्ता: पदाधिकारी वा सदस्यले भ्रमण गर्दा पाए सरहको सुविधा।

१३. <u>बिल भरपाई पेश गर्नु पर्ने:</u> पदाधिकारी वा सदस्यले [Σ]प्रत्येक पटक प्रदेश सभाको अधिवेशनमा आउँदा [Σ]र जाँदाको हवाइ जहाज वा बसको टिकट बापत भएको खर्चको बिल भरपाई पेश गर्नु पर्नेछ।

१४. <u>रकम भुक्तानी:</u> पदाधिकारी र सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा बापतको रकम सचिवालयबाट बैंक मार्फत पाउनेछन्।

१५. <u>सुविधा नपाउने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर वा कुनै फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने पारिश्रमिक तथा सुविधा पाउने छैन।

तर निजको निलम्बन फुकुवा भएमा वा अदालतबाट सफाई पाएमा सुविधा रोक्का भएको मिति देखि पारिश्रमिक तथा सुविधा पाउनेछ।

१६. <u>पारिश्रमिक वा निवृत्तिभरण रोजी लिन पाउने:</u> सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले यस ऐन बमोजिमको पारिश्रमिक वा निवृत्तिभरण मध्ये कुनै एक रोजी लिन पाउनेछ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "सरकारी कोष" भन्नाले देहायको कुनै कोष सम्झनु पर्छः—

---

[Σ] प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा संशोधित

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको संचित कोष वा अन्य सरकारी कोष,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान, निगम, बोर्ड, प्राधिकरण, प्रतिष्ठान वा यस्तै कुनै निकायको कोष,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त अनुदानबाट सञ्चालित कोष,

(घ) सार्वजनिक पद धारण गरेको व्यक्तिलाई निवृत्तिभरण प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भएको कोष।

१७. <u>सुरक्षाको व्यवस्था:</u> सभामुख तथा उपसभामुखलाई आवश्यक पर्ने सुरक्षाको व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१८. <u>बचाउ:</u> यो ऐन प्रारम्भ हुनुभन्दा अघि गरिएका काम कारवाही यस ऐनसँग नबाझिएको हदसम्म यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

१९. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

## अनुसूची–१

(दफा ३ को उपदफा (१), दफा ४ को उपदफा (१) र (२), दफा ५ को उपदफा (३) र (५) दफा ६को उपदफा (१), दफा ७, दफा ८ को उपदफा (२) र दफा ९सँग सम्बन्धित)

### पदाधिकारी तथा सदस्यको सुविधा

| क्र.सं. | सुविधाको किसिम | इकाई दर | सभामुख | उपसभामुख | विपक्षी दलको नेता | सत्ता पक्षको प्रमुख सचेतक र सभापति | विपक्षी दलको प्रमुख सचेतक\सत्ता पक्षको सचेतक\दलको प्रमुख सचेतक | सदस्य |
|---|---|---|---|---|---|---|---|---|
| १. | पारिश्रमिक | प्रति महिना रु. | ५३,००० | ५०,००० | ५०,००० | ४८,००० | ४८,००० | ४५,००० |
| २. | बैठक भत्ता | प्रति महिना रु. | १००० | १००० | १००० | १००० | १००० | १००० |
| ३. | आवास सुविधा | प्रति महिना रु. | - | - | १५,००० | १५,००० | १५,००० | १५,००० |
| ४. | फर्निचर खर्च (सरकारी घरको बन्दोबस्त नभएमा) | एकमुष्ट रु. | - | - | ४५,००० | ४५,००० | ४५,००० | ४५,००० |
| ५. | सवारी इन्धन | प्रति महिना लिटर | २०० | १५० | १५० | १५० | १५० (विपक्षी दलको प्रमुख सचेतकलाई मात्र) | - |
| ६. | मोविल | त्रैमासिक लिटर | १० | १० | १० | १० | १० (विपक्षी दलको प्रमुख सचेतकलाई मात्र) | - |
| ७. | बिजुली, धारा | प्रति महिना रु. | विल अनुसार | बिल अनुसार | १५०० | १५०० | १५०० | १५०० |
| ८. | सञ्चार सुविधा (टेलिफोन, इन्टरनेट र पत्रपत्रिका) | प्रति महिना रु. | विल अनुसार | २००० | २००० | २००० | २००० | २००० |
| ९. | आन्तरिक भ्रमण खर्च | प्रति महिना रु. | २५०० | २००० | २००० | २००० | २००० | २००० |
| *१० | वैदेशिक भ्रमण खर्च | अमेरिकी डलर | २२५ | १७५ | १७५ | १७५ | १७५ | १७५ |
| ११. | यातायात सुविधा (बैठक बसेको दिनमा मात्र) | रु. | - | - | - | - | - | ५०० |

द्रष्टव्यः

१. सरकारी आवासमा बस्ने उपसभामुखलाई बिजुली धारा खर्च वापत बिल अनुसार तर निजी आवासमा बसेमा मासिक रुपमा रु. १,५००।— भुक्तानी दिइनेछ।

२. सत्तापक्षको सचेतक र दलको प्रमुख सचेतकलाई मासिक यातायात खर्च वापत रु.१५,०००।— उपलब्ध गराइनेछ।

* प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी (दोश्रो संशोधन) ऐनद्वारा संशोधित

## प्रदेश सभाका पदाधिकारी तथा सदस्यले विदेश भ्रमण गर्दा पाउने दैनिक तथा भ्रमण भत्ता प्रयोजनको लागि:

१. विदेश भ्रमण गर्दा भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

२. युरोपियन मुलुकहरु, अष्टेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.ई., सिंगापुर, लेवनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चिस प्रतिशत रकम उपलब्ध गराइनेछ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तिस प्रतिशत रकम उपलब्ध गराइनेछ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छैसट्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ।

७. पदाधिकारी वा सदस्यले नेपाल बाहिरको भ्रमण गर्दा सम्बन्धित राष्ट्र वा संस्थाले निर्धारण गरे बमोजिमको बिमा गर्दा लाग्ने शुल्क भुक्तानी दिइनेछ।

८. भ्रमण सम्बन्धी थप व्यवस्थाः

(क) जिल्ला भ्रमण गर्नु पूर्व सभामुखबाट स्विकृति लिनु पर्ने।

(ख) भ्रमण खर्च मितव्ययी हुनु पर्ने।

(ग) एक जिल्लामा एक पटकमा दुई दिनभन्दा बढी नबस्ने व्यवस्था गर्ने र उपलब्ध भएसम्म सरकारी गेष्ट हाउसमा बस्ने प्रबन्ध गर्नु पर्ने।

(घ) अत्यावश्यक नपरी एक जिल्लामा महिनामा एक पटकभन्दा बढी भ्रमण नगर्ने।

(ङ) भ्रमणबाट फर्के पछि सभामुख समक्ष प्रतिवेदन पेश गरेर मात्र भ्रमण बिल भुक्तानी गरिने।

## अनुसूची–२

**(दफा ८को उपदफा (१), (३) र (४) सँग सम्बन्धित) निजी सचिवालय र स्वकीय कर्मचारी सुविधा**

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | सभामुख | विपक्षी दलको नेता | उपसभामुख | सत्ता पक्षको प्रमुख सचेतक/ विपक्षी दलको प्रमुख सचेतक | सभापति | दलका नेता | सदस्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | स्वकीय सचिव (रा.प.द्वितीय श्रेणी वा सो सरह) | जना | १ | - | - | - | - | - | - |
| २ | स्वकीय सचिव (रा.प.तृतीय) श्रेणी वा सो सरह) | जना | - | १ | १ | - | - | - | - |
| ३. | प्रेस संयोजक (रा.प.तृतीय श्रेणी वा सो सरह) | जना | १ | - | - | - | - | - | - |
| ४. | स्वकीय सहायक (कम्प्युटर अपरेटर, रा.प.अनं.प्रथम श्रेणी वा सो सरह) | जना | १ | - | - | - | - | - | - |
| ५. | स्वकीय सचिव (रा.प.अनं.प्रथम श्रेणी वा सो सरह) | जना | - | - | - | १ | १ | १ | १ |
| ६. | ह.स.चा.( प्रथम स्तर) | जना | १ | १ | १ | १ | १ | - | - |
| ७. | स्वकीय सहयोगी (कार्यालय सहयोगी प्रथम सरह) | जना | १ | १ | १ | १ | १ | - | - |
| ८. | निजी सचिवालयको बन्दोबस्त | प्रति महिना रु. | २,००० | १,७५० | १,७५० | १,७५० | १,७५० | १,२०० | - |
| ९. | अतिथि सत्कार | प्रति महिना रु. | १०,००० | ३,००० | ३,००० | ३,००० | ३,००० | ३,००० | - |

<u>द्रष्टव्यः</u>

१. स्वकीय सचिवालयका कर्मचारीहरुले शुरु स्केल अनुसारको तलवमात्र पाउनेछन्।

२. स्वकीय सचिवालयका कर्मचारीहरुले यस ऐन बमोजिम प्राप्त गर्ने पारिश्रमिक निजहरुको वैंक खातामा उपलब्ध गराइनेछ।

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०४/२८

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका अन्य शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त भएका मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र पारिश्रमिक सेवाको शर्त र सुविधा सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

(३) *.....

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्छ र सो शव्दले कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्न अधिकार प्राप्त अन्य अदालत समेतलाई जनाउनेछ।

(ख) "न्यायाधिवक्ता" भन्नाले प्रदेशभित्र रहेका महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका सह न्यायाधिवक्ता, उप न्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता सम्झनु पर्छ र सो शव्दले न्यायाधिवक्ता भई काम गर्न तोकेको अन्य कर्मचारीलाई समेत जनाउनेछ।

*(ग) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

(घ) "महान्यायाधिवक्ता" भन्नाले नेपालको संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त महान्यायाधिवक्ता सम्झनु पर्छ।

(ङ) "मुख्य न्यायाधिवक्ता" भन्नाले नेपालको संविधानको धारा १६० को उपधारा (२) बमोजिम नियुक्त मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

३. <u>मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना</u> : (१) प्रदेशको राजधानी रहेको स्थानमा मुख्य न्यायाधिक्ताको कार्यालय स्थापना हुनेछ।

(२) प्रदेशभित्र रहेका जिल्ला सरकारी वकील कार्यालयहरु र उच्च सरकारी वकिल कार्यालयले मुख्य न्यायाधिवक्ता कार्यालयको समन्वयमा रही संविधानको धारा १६२ र २१४ अनुसार प्रदेश सरकार र स्थानीय सरकारको कार्यभार पुरा गर्ने कार्यमा सहयोग पुऱ्याउने कर्तव्य र दायित्व हुनेछ।

(३) प्रदेशभित्र रहेका जिल्ला सरकारी वकील कार्यालयहरु र उच्च सरकारी वकील कार्यालयहरु अपराध अनुसन्धान गर्ने अन्य निकायहरुले मुख्य न्यायाधिवक्ताको कार्यालयसंग समन्वय गरी आफ्नो कार्य सम्पादन गर्ने छन्।

४. <u>मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार</u> : (१) नेपालको संविधानको धारा १६० को उपधारा (५) र (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका साथै मुख्य न्यायाधिवक्ताको देहायका काम, कर्तव्य र अधिकार हुनेछः-

(क) प्रदेश सरकार वादी वा प्रतिवादी भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सम्वन्धित प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालत वा न्यायिक निकायमा प्रदेश सरकारको नामबाट मुद्दा दायर गर्ने तथा सम्बन्धित अदालतमा उपस्थित भई प्रतिरक्षा गर्ने, गराउने,

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न, गराउन प्रदेशको मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा बनिरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष राय सुझाव पेश गर्ने,

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय र सो अन्तर्गतका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी लिखतमा स्तर कायम गर्न कार्यालयहरु बीच आवश्यक समन्वय गर्ने,

(ङ) प्रदेशभित्रका हिरासत तथा थुनुवा कक्षको अनुगमन र निरीक्षण गरी थुनुवाहरु उपर मानवोचित व्यवहार नभएको भए मानवोचित व्यवहार गर्न सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

(२) जिल्ला सरकारी वकिल कार्यालयहरु र उच्च सरकारी वकिल कार्यालयहरुले आफुले गरेको कामको प्रतिवेदन मुख्य न्यायाधिवक्ताको कार्यालयमा पेश गर्नुपर्नेछ।

(३) मुख्य न्यायाधिवक्ताले प्रदेश सरकारको हक हित निहित रहेको मुद्दामा अभियोगपत्र तयार गर्ने कार्यमा सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा विभागिय अधिकारीलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

(४) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्न वा अन्य न्यायाधिवक्तालाई प्रतिनिधित्व गर्न खटाउन सक्नेछ।

(५) कुनै अदालत वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ।

(६) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई

लागेमा र त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको अन्य न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारवाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ।

(७) मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको हकहित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ।

(८) मुख्य न्यायाधिवक्ताले प्रदेश सभा वा सोको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्न सक्नेछ।

(९) सरकारवादी हुने मुद्दाको अनुसन्धान प्रकृया अपर्याप्त भएको वा अनुसन्धानमा कुनै खास तरीका वा बिधि अपनाउनु पर्ने वा अनुसन्धानका सम्बन्धमा अन्य निर्देशन दिन उपयुक्त देखेमा अनुसन्धान तहकिकात गर्ने अधिकारी वा जिल्ला सरकारी वकिल कार्यालयहरु वा उच्च सरकारी वकिल कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(१०) कुनै गम्भीर वा सार्वजनिक महत्वको वा प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा तोकिएको न्यायाधिवक्ताको अतिरिक्त अन्य न्यायाधिवक्ता वा अन्य कानून व्यवसायी खटाई मुद्दा दायर गर्न, अभियोजन एवं बहस पैरवी गर्नु आवश्यक छ भन्ने लागेमा सो बमोजिम गर्न सक्नेछ।

(११) महान्यायाधिवक्ताको परामर्श र समन्वयमा उच्च सरकारी वकिलको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालयको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(१२) उपदफा (१०) बमोजिमको निर्देशनको पालना गर्नु महान्याधिवक्ताले अन्यथा आदेश दिएमा बाहेक सम्बन्धित अधिकारीको कर्तव्य हुनेछ।

(१३) मुख्य न्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार मातहतका अन्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सक्नेछ।

(१४) अनुसन्धानको क्रममा रहेको कुनै सरकारवादी मुद्दा नचलाउने वा फिर्ता लिनु पर्ने मनासिब वा पर्याप्त आधार देखिएमा त्यस्तो निर्णय लिदा मुख्य न्यायाधिवक्ताको राय लिनसकिने छ।

(१५) मुख्य न्यायाधिवक्ताले आफ्नो पदिय दायित्व पुरा गर्ने क्रममा प्रदेश सरकारका तर्फबाट कुनै मातहत निकाय वा कार्यालयलाई दिएको राय वा निजले आफ्नो कर्तव्यको पालना गर्ने सिलसिलामा व्यक्त गरेको रायलाई लिएर निज उपर कुनै मुद्दा चलाउन पाइने छैन।

५. <u>सहयोग गर्नुपर्ने</u> : (१) प्रदेश सरकार वादी भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अदालत वा निकायमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा दायर गर्नुपर्ने देखिएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा प्रदेश स्थित सम्बन्धित मन्त्रालय वा निकायले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाईल वा कागजात मुख्य न्यायाधिवक्ता वा अन्य न्यायाधिवक्ताको कार्यालयबाट माग भई आएमा प्रदेशका सम्बन्धित मन्त्रालय, सचिवालय वा कार्यालयका कार्यालय प्रमुखले यथाशीघ्र पठाउनु पर्नेछ।

६. <u>लिखित जवाफ पेश गर्नुपर्ने</u> : प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकायहरुमा निवेदन, लिखित जवाफ, प्रतिउत्तर, पुनरावेदन आदि पेश गर्दा मुख्य न्यायाधिवक्ताको कार्यालय वा सोसँग सम्वन्धित न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी पेश गर्नु पर्नेछ।

७. <u>कानूनी राय माग गर्दा पुऱ्याउनु पर्ने रीत</u> : (१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले वा प्रदेश सरकार वा प्रदेश सरकार मातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्ता वा अन्य न्यायाधिवक्तासँग राय माग गर्दा देहाय बमोजिमको रीत पूरा गरेको हुनु पर्नेछः-

(क) जुन विषयमा राय माग गरिएको हो सो विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग गर्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्नेछ,

(ख) जुन विषयमा राय माग गरिएको हो सोसँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्नेछ,

(ग) राय मागिएको विषयमा स्पष्टरुपमा संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्नेछ,

(घ) जुन विषयमा राय मागिएको हो सो विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नुपर्ने भएमा सो सवै प्रक्रिया पूरा गरी राय मागिएको हुनु पर्नेछ,

(ङ) जुन विषयमा राय माग गरिएको हो सो विभागीय राय सहित सम्बन्धित कार्यालयको दृष्टिकोण उल्लेख भएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राय माग गरिएको विषय र राय दिएको विषय गोप्य रहनेछ।

८. <u>बहस व्यवस्थापन</u> : (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्य न्यायाधिवक्ताले कुनै विशेष लिखित निर्देशन दिएको रहेछ भने सोको अधीनमा रही अन्य न्यायाधिवक्ताले व्यावसायिक आचरणको पालना गरी मुद्दामा बहस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई अन्य न्यायाधिवक्ता उपर कुनै कारबाही गरिने वा गाली बेइज्जती मुद्दा चलाइने छैन।

९. <u>कारबाहीको लागि लेखी पठाउने</u> : प्रदेश सरकारको हकहित र सरोकार रहेको मुद्दामा कुनै अधिकारीले लापरवाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सवुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्तसम्बन्धी कानूनबमोजिम विभागीय कारवाहीको लागि महान्यायाधिवक्ता समक्ष लेखी पठाउनेछ।

१०. <u>निर्देशन पालना गर्नु पर्ने</u> : (१) महान्यायाधिवक्ताले मुख्य न्यायाधिवक्तालाई संविधान र प्रचलित प्रदेश कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाब वा मार्गदर्शन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताले दिएको सुझाव वा मार्गदर्शनको पालन गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ तर संघ र प्रदेशको सरोकार निहित रहेको विषयमा उक्त व्यवस्था लागु हुने छैन।

११. <u>काम कारवाहीको प्रतिवेदन</u>: (१) मुख्य न्यायाधिवक्ताले मुख्य न्यायाधिवक्ताको कार्यालय र मातहतका अन्य न्यायाधिवक्ताको काम कारवाहीको वार्षिक प्रतिवेदन तोकिएको ढाँचामा प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभामा पेश हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन महान्यायाधिवक्तालाई समेत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रत्येक आर्थिक वर्षको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारवाहीको वास्तविक स्थिति चित्रण गरी आवश्यक अन्य विषय समेत उल्लेख गरी सिफारिस र सुझावहरु समेत उल्लेख गरेको हुनु पर्नेछ।

१२. पारिश्रमिक र अन्य सुविधा : (१) मुख्य न्यायाधिवक्तालाई यस ऐनको अनुसुची-१ मा उल्लेख भए अनुसारको सुविधा प्राप्त हुनेछ। यो सुविधा नियुक्ति भएको मितिदेखि लागु हुनेछ।

(२) मुख्य न्यायाधिवक्ता पदीय कामको सिलसिलामा दुर्घटनामा परी निजको दुर्घटना भई अंगभंग भई वा चोटपटक लागी अशक्त भएको अवस्थामा उपयुक्त उपचार खर्च तथा आर्थिक सहायता प्रदेश सरकारले दिन सक्नेछ।

१३. लुगा भत्ता : मुख्य न्यायाधिवक्तालाई प्रत्येक वर्षको चैत्र मसान्तमा अनुसूची – १ मा उल्लेख भए बमोजिमको रकम दिइनेछ।

१४. चाडपर्व खर्च : (१) मुख्य न्यायाधिवक्ताले आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने चाडपर्वको लागि आफूले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको रकम मुख्य न्यायाधिवक्ताले एक आर्थिक बर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन पाउनेछन्।

१५. सहयोगी र हल्का सवारी चालक भर्ना गर्न पाउने : मुख्य न्यायाधिवक्ताले आफू पदमा बहाल रहेसम्म निवासको कामका लागि एकजना श्रेणी बिहिन प्रथमस्तर सरहको कार्यालय सहयोगी र हल्का सवारी चालक भर्ना गर्न पाउनेछ र निजहरुको पारिश्रमिक प्रदेश सरकारले व्यहोर्नेछ।

१६. अनुसूचीमा हेरफेर : यस ऐनको अनुसूची -१ मा तोकिएको सुविधामा हेरफेर गर्न आवश्यक भएमा खाइपाई आएको सुविधा नघटने गरी प्रदेश सरकारले अनुसूचीमा हेरफेर गरी सुविधा वृद्धि गर्न सक्नेछ।

१७. **बिदा:** मुख्य न्यायाधिवक्ताले देहायका बिदाहरु पाउनेछः-

(क) भैपरी आउने बिदा,

(ख) पर्व बिदा,

(ग) घर बिदा,

(घ) बिरामी बिदा,

(ङ) किरिया बिदा,

(च) विशेष बिदा,

(छ) प्रसुति बिदा,

(ज) प्रसुति स्याहार बिदा ।

**१८.** **भैपरी र पर्व बिदा** : (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा लिन पाउनेछ ।

(२) एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षलाई संचित गर्न पाइने छैन ।

(३) भैपरी र पर्व बिदा आधा दिन समेत लिन पाइनेछ ।

**१९.** **घर बिदा** : (१) मुख्य न्यायाधिवक्ताले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको घर बिदा बढीमा एक सय पचास दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम संचित रहेको घर बिदा वापत मुख्य न्यायाधिवक्ता पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

**२०.** **बिरामी बिदाः** (१) मुख्य न्यायाधिवक्ताले प्रत्येक वर्ष बाह्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको बिरामी बिदा नलिएमा संचित हुँदै जानेछ ।

(३) उपदफा (२) बमोजिम संचित रहेको बिरामी बिदा वापत मुख्य न्यायाधिवक्ता पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

**२१.** **किरिया बिदा**: मुख्य न्यायाधिवक्ता आफैले किरिया बस्नु पर्दा कुल धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ ।

**२२.** **विशेष बिदा**: कुनै विशेष कारणले मुख्य न्यायाधिवक्तालाई लामो समयसम्म बिदा आवश्यक परेमा कारण उल्लेख गरी एक वर्षमा बढीमा तीस दिन खाईपाई आएको आधा पारिश्रमिक सहितको बिदा लिन सक्नेछ ।

**२३.** **प्रसूति बिदा**: (१) महिला मुख्य न्यायाधिवक्ताले प्रसूतिको अघिपछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ ।

(२) उपदफा (१) बमोजिम प्रसुति बिदा लिएको मुख्यन्यायाधिवक्ताले चाहेमा थप छ महिनासम्म बेतलवी प्रसूति बिदा लिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको बिदा लगातार रुपमा लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको प्रसुति बिदामा बस्ने मुख्य न्यायाधिवक्ताले पूरा तलब पाउनेछ ।

२४. **प्रसूति स्याहार बिदा** : (१) मुख्य न्यायाधिवक्ताको पत्नी सुत्केरी हुने भएमा त्यस्तो मुख्य न्यायाधिवक्ताले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ ।

(२) प्रसुति स्याहार बिदामा बस्ने मुख्य न्यायाधिवक्ताले पूरा तलब पाउनेछ ।

२५. **बिदा दिने पदाधिकारी** : (१) मुख्य न्यायाधिवक्ताले भैपरी बिदा र पर्व बिदा आफैले लिन सक्नेछ ।

तर अन्य बिदाको स्वीकृति मुख्यमन्त्रीबाट लिनु पर्नेछ ।

(२) मुख्य न्यायाधिवक्ताले बिदा बसेको जानकारी मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई दिनु पर्नेछ र एकै पटक तीन दिनभन्दा लामो समय बिदामा बस्नु परेमा मुख्यमन्त्रीको स्वीकृति लिनु पर्नेछ ।

२६. **सञ्चय कोष** : मुख्य न्यायाधिवक्ताको पारिश्रमिकबाट दश प्रतिशतका दरले रकम कट्टा गरी त्यस्तो रकममा प्रदेश सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरीदिनेछ ।

२७. क्षेत्राधिकारः संघीय सरकार र प्रदेश सरकार बीचमा कुनै विवाद उत्पन्न भई त्यस्तो मुद्दामा कानूनी उपचारको लागि आवश्यक जुनसुकै कार्य गर्न बहस पैरवी गर्नु परेमा वा प्रतिरक्षा गर्नु परेमा मुख्य न्यायाधिवक्ताको कार्यालयका वरिष्ठतम न्यायाधिवक्ताले प्रदेश सरकारको तर्फबाट स्वतन्त्र ढंगले कुनै अदालत वा न्यायिक निकायमा उपस्थित भई प्रदेश सरकारको तर्फबाट प्रतिरक्षा गर्नेछन्।

२८. शपथः मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्य न्यायाधीशसमक्ष अनुसूची-२ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

२९. नियम बनाउने अधिकारः यो ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले मुख्य न्यायाधिवक्तासँग परामर्श गरी नियम र आवश्यक कार्यविधि बनाउन सक्नेछ।

३०. आचार संहिता बनाउने अधिकारः प्रदेश सरकारले मुख्य न्यायाधिवक्ता निजको कार्यालयका अधिकृत तथा दफा ४ को उपदफा (१०) बमोजिम तोकिएको कानून व्यवसायीले पालना गर्नु पर्ने विषयमा आचार संहिता बनाई लागु गर्न सक्नेछ।

३१. खारेजी र बचाउः यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि मुख्य न्यायाधिवक्ताको नाममा प्रचलित कानून बमोजिम भएका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

## अनुसूची-१
## दफा १२ र १३ सँग सम्बन्धित
## मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा

| क्र.सं. | सुविधाको प्रकार | ईकाई | दर |
|---|---|---|---|
| १ | पारिश्रमिक | प्रति महिना रु. | ५४,५९०।- |
| २ | विशेष भत्ता | प्रति महिना रु | १,०००।- |
| ३ | आवास सुविधा | प्रति महिना रु. | १७,९५०।- |
| ४ | आफ्नो घरमा वस्ने मुख्य न्यायाधिवक्तालाई घर सफाई तथा मर्मत सुविधा | प्रति महिना रु. | ८,९७५।- |
| ५ | विजुली, धारा, टेलिफोन | प्रति महिना रु. | १,५००।- |
| ६ | सवारी इन्धन | प्रति महिना लि. | ८० |
| ७ | मोविल | त्रैमासिक लि. | ५ |
| ८ | लुगा भत्ता | वार्षिक रु. | १०,०००।- |
| ९ | चाडवाड खर्च | वार्षिक रु. | एक महिनाको पारिश्रमिक बराबरको रकम |
| १० | यातायात सुविधा | प्रदेश सरकारबाट प्रदान गरिने सवारी साधन | |
| ११ | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २,०००।- |
| १२ | यात्रा बिमा | | १० लाख |
| १३ | विदेश भ्रमण भत्ता | प्रति दिन | १७५ अमेरीकी डलर |

अनुसूची- २
(दफा २८ सँग सम्बन्धित)

**शपथ**

म ................. ....... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै प्रदेश नं. ५ को मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा

पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/१९

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८
प्रमाणीकरण मिति २०७८/०९/०१

*.....

## अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : *लुम्बिनी प्रदेशले अन्य प्रदेशको बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनका लागि संविधानको धारा २३३ को उपधारा (३) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "*..... अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले *लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ।

(ख) "प्रदेश सरकार" भन्नाले *प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनुपर्छ।

(ग) "बासिन्दा" भन्नाले *लुम्बिनी प्रदेश भित्र स्थायी बसोबास गरेका नेपाली नागरिक र अन्य प्रदेशबाट अस्थायी रुपमा यस प्रदेश भित्र बसोबास गरी आएका नेपाली नागरिक सम्झनु पर्छ।

(घ) "व्यवहार" भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई *लुम्बिनी प्रदेशमा बसोबास गर्ने बासिन्दा सरह गरिने व्यवहारलाई सम्झनुपर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(ङ) "सुविधा" भन्नाले *लुम्बिनी प्रदेशमा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई प्राप्त हुने सेवा सुविधालाई सम्झनुपर्छ।

(च) "सुरक्षा" भन्नाले यस प्रदेशमा स्थायी तथा अस्थायी बसोबास गर्ने बासिन्दको जीउज्यान, चलअचल सम्पत्ति, मान सम्मान र प्रतिष्ठाको सुरक्षालाई सम्झनुपर्छ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ।

(ज) "स्थायी र अस्थायी बासिन्दा" भन्नाले *लुम्बिनी प्रदेश अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा प्रचलित कानून बमोजिम निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट *लुम्बिनी प्रदेशमा स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएका व्यक्तिलाई स्थायी बासिन्दा सम्झनुपर्छ र त्यस्तो स्थायी बासिन्दा बाहेकका बासिन्दालाई अस्थायी बासिन्दा सम्झनुपर्छ।

३. <u>बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा</u> : बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार सुविधा प्रदान गरिनेछः-

(क) *प्रदेशमा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ।

(ख) *प्रदेशमा स्याथी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति वा संस्थाबाट भेदभावपूर्ण वा असमान व्यवहार गर्न पाइने छैन।

(ग) *प्रदेशमा बसोबास गर्ने स्थायी वा अस्थायी बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम सरकारी, सार्वजनिक वा निजी क्षेत्रबाट प्रदान गरिने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ।

४. <u>भेदभाव नगरिने</u> : *प्रदेशका स्थायी वा अस्थायी बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभाव जन्य व्यवहार गरिने छैन।

५. <u>जरिवाना र क्षतिपूर्ति</u> : (१) कसैले अर्को प्रदेशको बासिन्दा भएको कारण संविधान र प्रचलित कानूनको प्रतिकूल हुनेगरी भेदभाव गरेमा त्यस्तो कार्यलाई कसूर मानिने छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(२) उपदफा (१) बमोजिम प्रतिकूल हुनेगरी कसैले कसूर गरेको प्रमाणित भएमा पच्चीस हजार रुपैयाँ देखि एकलाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) यस ऐन विपरितको काम कारबाहीबाट कसैलाई हानी वा नोक्सानी पुगेमा त्यस्तो हानी वा नोक्सानी पुग्ने पक्षलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कसूर गरेमा पीडित व्यक्तिले पैंतीस दिनभित्र कसूर गर्नेका विरुद्ध सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ।

(५) उपदफा (१) र (३) बमोजिम मुद्दा दायर हुन आएमा सम्बन्धित जिल्ला अदालतले यस ऐनको अधिकारक्षेत्र प्रयोग गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्नेछ।

६. विशेष सुविधा प्रदान गर्न सक्ने : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधानको धारा १८ को उपधारा (३) बमोजिमको प्रतिवन्धात्मक वाक्यांशमा उल्लेख भएको वर्ग वा समुदायका *प्रदेशका बासिन्दाहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि प्रदेश कानून बमोजिम प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

# जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/२४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८
प्रमाणीकरण मिति २०७८/०९/०१

[×].....

## जिल्ला सभा तथा जिल्ला समन्वय समिति सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह रहेको, स्थानीय तहमा समन्वय र अनुगमनको माध्यमबाट जिल्लाको सन्तुलित विकासमा योगदान गर्ने जिम्मेवारी जिल्ला सभा र जिल्ला समन्वय समितिलाई दिइएकाले, जिल्ला सभा तथा जिल्ला समन्वय समितिको बैठक सञ्चालन तथा काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

[⊛]लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उपप्रमुख" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको उपप्रमुख सम्झनुपर्छ।

(ख) [⊛]"कार्यालय" भन्नाले जिल्ला समन्वय समितिको कार्यालय सम्झनुपर्छ।

---

[×] प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको
[⊛] प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(ग) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनुपर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

+(घ१) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "प्रमुख" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको प्रमुख सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को ❋कार्यालयलाई समेत जनाउँछ।

(छ) "सदस्य" भन्नाले जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनुपर्छ।

(ज) "सभा" भन्नाले संविधानको धारा २२० को उपधारा (१) बमोजिमको जिल्ला सभा सम्झनुपर्छ।

(झ) "समिति" भन्नाले जिल्ला समन्वय समिति सम्झनुपर्छ।

(ञ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ट) "स्थानीय तह" भन्नाले *...... प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र उपमहानगर पालिका सम्झनुपर्छ।

## परिच्छेद -२
## सभा सम्बन्धी व्यवस्था

३. **सभाको काम, कर्तव्य र अधिकार** : (१) संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

+ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा थपिएको

❋ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको

(क) जिल्ला भित्रका स्थानीय तहको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका सूचक तयार गरी ती सूचकका आधारमा विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्ग दर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्ला भित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहका बीच समन्वय गर्ने,

(ङ) जिल्ला भित्रका स्थानीय तहबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि संघ, प्रदेशसँग परामर्श, समन्वय तथा सहजीकरण गर्ने।

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना तथा कार्यको समन्वय गर्ने र सो सम्बन्धमा संघ, प्रदेश र स्थानीय तहसँग सहकार्य र समन्वय गर्ने।

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नका लागि स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारवाहीको सम्बन्धमा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा प्रत्येक चार महिना र आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन पेश गर्ने,

(ञ) जिल्ला भित्र गैर सरकारी संघ संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरुको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए, नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ट) जिल्ला भित्रका दुई वा सोभन्दा बढी स्थानीय तहबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(ठ) जिल्ला भित्रका एक भन्दा बढी स्थानीय तहका प्रभावित हुने आयोजना तथा परियोजना संचालन गर्दा प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने,

(ड) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(ढ) जिल्ला भित्रका स्थानीय तहले बनाएका कानूनहरुको अभिलेखीकरण गर्ने,

(ण) जिल्ला भित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गर्दा सो जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय संसदको र प्रदेश सभाको सदस्यलाई आमन्त्रण गरी सुझाव सहितको प्रतिवेदन दिने,

(त) आवश्यकता अनुसार प्राकृतिक श्रोत व्यवस्थापन, अनुगमन, समन्वय गर्न आवश्यक समितिहरू गठन गर्ने,

(थ) जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका वारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट

प्रतिनिधित्व गर्ने संघीय संसद र प्रदेश सभाका सदस्यलाई प्रतिवेदन दिने।

(द) प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

(२) सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ।

+(२क) सभा र समितिको सचिवालयको रुपमा काम गर्न जिल्ला समन्वय समितिको कार्यालय रहनेछ र उक्त कार्यालयमा प्रदेश कानून बमोजिम स्वीकृत दरबन्दीका कर्मचारी रहनेछन्।

(३) सभाले आफ्नो अधिकार क्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई सभाबाट पारित गरी लागू गर्नु पर्नेछ।

४. <u>सभाको कोष</u> : (१) सभाको एउटा कोष हुनेछ।

(२) सभाको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम, र

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन *कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(५) उपदफा (१) बमोजिमको कोषमा रहने रकम सभाले तोकेको बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम सरकारी कारोवार गर्ने बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

५. <u>जिल्ला समन्वय अधिकारी</u> : (१) *कार्यालयको प्रमुखको हैसियतमा काम गर्न एक जिल्ला समन्वय अधिकारी रहनेछ।

(२) जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

---

+ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा थपिएको

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(क) सभा र समितिको सचिवको रूपमा काम गर्ने,

(ख) सभा र समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) *कोषको आर्थिक कारोबारको हिसाव अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने तथा बेरुजु मिनाहाको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

(घ) *कार्यालयले खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,

(ङ) सभा, समिति वा प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-३

## सभा र समितिको बैठक तथा सञ्चालन

६. सभाको बैठक तथा सञ्चालन : (१) प्रमुखले गाउँसभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र सभाको पहिलो बैठक बोलाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख निर्वाचित नभएसम्म सभाका सदस्य मध्ये ज्येष्ठ सदस्यले सभाको बैठक बोलाउनेछ।

(३) सभाको बैठक वर्षको एक पटक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) उपदफा (३) वा (१) बमोजिम सभाको बैठक बोलाएको सूचना *सचिवले कम्तीमा बहत्तर घण्टा अघि सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(५) प्रमुखको निर्देशानुसार *सचिवले बैठकको कार्यसूची र समय तालिका तयार गर्नेछ।

(६) प्रमुखले कार्यसूची स्वीकृत गरी सभाको बैठक संचालन गर्नेछ र बैठकमा उपस्थित सबै सदस्यले उपस्थिति पुस्तिकामा हस्ताक्षर गर्नुपर्नेछ।

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(७) सभाको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा उपप्रमुखले र उपप्रमुख समेतको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(८) सभामा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(९) सभाको बैठकको निर्णय सर्वसम्मतिबाट गर्नुपर्नेछ र सर्वसम्मति कायम हुन नसकेमा उक्त बैठकमा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ।

(१०) सभाको बैठकमा निर्णयका लागि पेश भएको विषयमा अध्यक्षता गर्ने व्यक्तिलाई मत दिने अधिकार हुने छैन। तर, मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(११) प्रमुखले कुनै विषय निर्णयार्थ पेश गरि सकेपछि सो विषयउपर छलफल गर्न वा संशोधन प्रस्तुत गर्न पाइने छैन।

(१२) सभाको बैठकमा पेश हुने विषयमाथि छलफल गर्ने समय प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ।

(१३) सभाको बैठक सम्बन्धी अन्य व्यवस्था सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>बैठक स्थगित गर्ने</u> : बैठक कक्षभित्र अव्यवस्था भई वा हुने सम्भावना भई बैठक नियमित रुपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा प्रमुखले त्यस दिनको कुनै समयसम्म वा बढीमा सात दिनसम्मको लागि सूचना टाँस गरी बैठक स्थगित गर्न सक्नेछ। प्रमुखले गरेको त्यस्तो स्थगन उपर कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन।

८. <u>समितिको बैठक:</u> समितिको बैठक (१) कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(२) उपदफा (१) बमोजिम समितिको बैठक बस्न नसकेमा समितिका एक चौथाई सदस्यले लिखित रुपमा *सचिव मार्फत प्रमुखलाई अनुरोध गरेमा प्रमुखले बैठक बोलाउनु पर्नेछ।

(३) समितिको बैठक प्रमुखले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) *सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा बहत्तर घण्टा अगावै समितिका सदस्यलाई दिनुपर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूचीसमेत संलग्न गर्नुपर्नेछ।

---

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(५) समितिका तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थिति भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ।

(६) समितिको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा वा निजको पद रिक्त रहेको अवस्थामा उपप्रमुखले बैठकको अध्यक्षता गर्नेछ।

(७) समितिको बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४

## बैठक भत्ता तथा सुविधा

९. *[*] **बैठक भत्ता तथा अन्य सुविधाः** जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता तथा अन्य सुविधा पाउनेछन्।

१०. [*] **सवारी तथा यातायात सुविधाः** (१) जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले प्रचलित कानून बमोजिम सवारी तथा यातायात सुविधा पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यातायात सुविधा बापत सवारी साधन पाएको प्रमुख र उप-प्रमुखले यातायात सुविधा बापतको रकम पाउने छैनन्।

११. [*] **दैनिक तथा भ्रमण भत्ता :** (१) जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले समितिको कामको सिलसिलामा भ्रमण गर्दा प्रचलित कानून बमोजिमको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको भत्ता जिल्ला समन्वय समितिका प्रमुख, उप-प्रमुख तथा सदस्यले समितिको कामको सिलसिलामा जिल्ला भित्र भ्रमण गर्दा समेत पाउने छन्।

[*] प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

## परिच्छेद-५

## विविध

१२. <u>सभा तथा समितिमा छलफल गर्न नपाइने</u> : देहायका विषयमा सभा वा समितिको बैठकमा छलफल गर्न पाइने छैन :-

(क) संविधान वा प्रचलित कानूनबाट निषेध गरिएको विषय,
(ख) कानूनतः गोप्य रहने कुराहरू वा प्रकाशन गर्दा राष्ट्रिय हित विपरित हुने विषय,
(ग) अदालत, स्थानीय न्यायिक समितिमा विचाराधिन विषय,
(घ) सभाले तोके बमोजिमका अन्य विषय।

१३. <u>प्रतिवेदन दिने</u> : (१) जिल्ला समन्वय समितिले प्रत्येक चार महिनामा र आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र आफूले गरेका काम कारवाहीको अध्ययन, अनुसन्धान, अनुगमन तथा कार्यक्रमको प्रतिवेदन प्रदेश सरकारको स्थानीय तह हर्ने मन्त्रालयमा दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा औंल्याएका सुझाव कार्यान्वयन गर्न प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयले आवश्यक निर्देशन दिनेछ।

१४. <u>सुविधाको दुरुपयोग गर्न नहुने</u> : यस ऐन बमोजिम प्राप्त सुविधा सम्बन्धित प्रमुख, उपप्रमुख वा सदस्यले मात्र उपयोग गर्न पाउनेछन्। सम्बन्धित प्रमुख, उपप्रमुख तथा सदस्यहरुले सुविधाको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१५. <u>सुविधा नपाउने</u> : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सभा वा समितिको कुनै सदस्य प्रचलित कानून बमोजिम निलम्बन भएमा त्यस्तो निलम्बन भएको अवधिभर, फौजदारी कसूरमा अदालतको आदेश बमोजिम थुना वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभर निजले यस ऐन बमोजिमको कुनै सुविधा पाउने छैन र सो अवधिभर सभा वा समितिको बैठकमा भाग लिन पाउने छैन।

१६. <u>स्वार्थ बाझिएमा निर्णय प्रक्रियामा भाग लिन नहुने:</u> सभा वा समितिमा विचाराधिन कुनै विषयमा सभा वा समितिको कुनै सदस्यको हित, सरोकार वा स्वार्थ रही निर्णय प्रभावित हुने भएमा त्यस्तो सदस्यले सभा वा समितिलाई त्यस्तो कुराको पूर्व जानकारी दिई त्यस्तो विषयमा सभा वा समितिबाट गरिने निर्णय प्रक्रियामा भाग लिन हुँदैन।

१७. <u>काम कारवाहीमा बाधा नपर्ने:</u> कुनै सदस्यको स्थान रिक्त रहेको कारणले मात्र सभा वा समितिको काम कारवाहीमा बाधा पर्नेछैन।

१८. <u>कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्ने:</u> सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा *.... प्रदेश सरकारको सहमति लिई आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई लागू गर्नसक्नेछ।

१९. <u>बचाउ</u> : यो ऐन बन्नु पूर्व जिल्ला सभा तथा जिल्ला समन्वय समितिबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

*.......

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको

# गाउँसभा/नगरसभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०१/२४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## गाउँ सभा/नगर सभाको कार्य सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपालको संविधान बमोजिम गाउँ सभा/नगर सभाको कार्य सञ्चालन, बैठकको कार्यविधि, सभामा रहने समितिहरूको गठन, सभाका सदस्यहरूको पद रिक्त हुने अवस्था समेतको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "गाउँसभा/ नगरसभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँसभा वा नगरसभाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "अधिवेशन" भन्नाले गाउँसभा वा नगरसभाको अधिवेशन सम्झनु पर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँसभा वा नगरसभाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) "प्रस्ताव" भन्नाले सभाको विचारार्थ पेश गरिएको कुनै प्रस्ताव वा सो प्रस्तावसंग सम्बन्धित संशोधन प्रस्ताव सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(च) "प्रस्तुतकर्ता सदस्य" भन्नाले विधेयक वा प्रस्ताव प्रस्तुत कर्ता सदस्य सम्झनु पर्छ।

(छ) "बैठक" भन्नाले सभाको बैठक सम्झनु पर्छ।

(ज) "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शक दीर्घा तथा बरण्डालाई समेत जनाउँछ।

(झ) "विधेयक" भन्नाले सभामा पेश भएको ऐनको मस्यौदा सम्झनु पर्छ।

(ञ) "सचिव" भन्नाले गाउँपालिका वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ र सो शब्दले निजको अनुपस्थितिमा सभाको सचिव भई काम गर्न अध्यक्षले तोकेको गाउँपालिका वा नगरपालिकाको अधिकृत कर्मचारीलाई समेत जनाउँछ।

(ट) "सदस्य" भन्नाले गाउँ सभा वा नगर सभाको सदस्य सम्झनु पर्छ।

(ठ) "सभा" भन्नाले गाउँ सभा वा नगर सभा सम्झनु पर्छ।

(ड) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले दफा ७० बमोजिमको समिति सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमका गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## अधिवेशन आह्वान, अन्त्य तथा सदस्यहरूको उपस्थिति

३. **अधिवेशन आह्वान र अन्त्य :** (१) स्थानीय तहको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले एक महिनाभित्र अध्यक्षले पहिलो अधिवेशन आह्वान गर्नेछ। त्यसपछि यस ऐन बमोजिम अध्यक्षले समय समयमा अन्य अधिवेशन आह्वान गर्नेछ।

तर, एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिना भन्दा बढी हुने छैन।

(२) उपदफा (१) बमोजिम अधिवेशन आह्वान गरेको सूचना पहिलो बैठक बस्नुभन्दा सात दिन अगाडि सचिवले सदस्यहरूलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम आह्वान गरेको अधिवेशन अध्यक्षले अन्त्य गरेमा सो सम्बन्धी सूचना निजले बैठकमा पढेर सुनाउनु पर्नेछ।

(४) बैठक स्थगित भएको अवस्थामा अधिवेशनको अन्त्य भएमा सो सम्बन्धी जानकारी सचिवले सदस्यहरूलाई दिनु पर्नेछ।

(५) अध्यक्षले यस दफा बमोजिम अधिवेशन आह्वान र अन्त्य गरेको सूचना सदस्यहरूले थाहा पाउने गरी सचिवले आवश्यकता अनुसार सार्वजनिक सञ्चारका माध्यमबाट प्रचार प्रसार समेत गर्नु पर्नेछ।

(६) अधिवेशन चालू नरहेको वा बैठक स्थगित वा अन्त्य भएको अवस्थामा बैठक बोलाउन वाञ्छनीय छ भनी विषय र कारण खुलाई सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक चौथाइ सदस्यहरूले लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो बैठक बस्ने मिति र समय तोक्नु पर्नेछ।

(७) कार्यपालिकाको केन्द्र रहेको स्थानमा अध्यक्षले तोके बमोजिम अधिवेशन बस्नेछ।

४. <u>सदस्यहरूको उपस्थिति</u> : (१) बैठकमा आसन ग्रहण गर्नु अघि प्रत्येक सदस्यले बैठक कक्ष बाहिर राखिएको हाजिरी पुस्तिकामा उपस्थिति जनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको हाजिरी पुस्तिका विद्युतीय स्वरुपमा पनि हुन सक्नेछ।

५. <u>सभाको गणपुरक सङ्ख्या</u> : यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक बैठकमा सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी उपस्थित नभएसम्म कुनै प्रश्न वा प्रस्ताव निर्णयका लागि प्रस्तुत गरिने छैन।

६. <u>बैठकको निर्णय</u> : (१) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(२) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सभामा विचाराधीन कुनै विषयमा अध्यक्षको व्यक्तिगत स्वार्थ गाँसिएको भएमा त्यस्तो बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ र कुनै विषयमा अध्यक्ष र उपाध्यक्ष दुवैको व्यक्तिगत स्वार्थ गाँसिएको भएमा त्यस्तो बैठकको अध्यक्षता बैठकमा उपस्थित जेष्ठ सदस्यले गर्नेछ।

## परिच्छेद-३

## बैठकको प्रारम्भ र स्थगन

७. **बैठकको प्रारम्भ र स्थगन** : (१) यस ऐनको अधीनमा रही सभाको कार्यबोझलाई ध्यानमा राखी आवश्यकता अनुसार अध्यक्षले तोकेको दिन, समय र स्थानमा बैठक बस्नेछ।

तर, बैठकका लागि निर्धारण गरेको समयबाट दुई घण्टा भित्र बैठक प्रारम्भ हुन नसकेमा अध्यक्षले सो बैठक स्थगन गरी अर्को बैठकको सूचना गर्नेछ।

(२) कुनै कारणवश बैठक बस्न तोकिएको दिन, समय वा कार्यक्रममा परिवर्तन भएमा त्यसको कारण सहितको सूचना सभाको सूचना पाटीमा टाँसिनेछ र यस्तो जानकारी सदस्यलाई विद्युतीय सञ्चारको माध्यमबाट समेत दिन सकिनेछ। त्यसरी सूचना दिएकोमा सबै सदस्यहरूले सूचना पाएको मानिनेछ।

(३) अध्यक्षले प्रत्येक बैठक प्रारम्भ भएको तथा स्थगनको घोषणा गर्नु पर्नेछ।

(४) सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलका प्रतिनिधिहरूले बैठक सञ्चालनमा सहयोग गर्नु पर्नेछ।

८. **सदस्यको स्थान रिक्त रहेको अवस्थामा सभाको कार्य सञ्चालन** : सभाको कुनै सदस्यको स्थान रिक्त रहेको अवस्थामा पनि सभाले आफ्नो कार्य सञ्चालन गर्न सक्नेछ। सभाको कारवाहीमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि भइसकेको कार्य अमान्य हुने छैन।

## परिच्छेद-४

## बैठकको कार्यविधि

९. **दैनिक कार्यसूची** : (१) अध्यक्षको निर्देशन अनुसार सचिवले बैठक बस्ने प्रत्येक दिनको कार्यसूची अनुसूची बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ र त्यसको एक प्रति अठ्चालीस घण्टा अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराउनु पर्नेछ। तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशन अनुसार बैठक बस्ने आठ घण्टा अगावै कार्यसूची तयार गरी त्यसको एक-एक प्रति प्रत्येक सदस्यलाई उपलब्ध गराउन सकिनेछ।

(२) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षको अनुमति नलिई कुनै दिनको कार्य सूचीमा नपरेको कुनै विषयमाथि सो दिन विचार गर्न सकिने छैन।

(३) अध्यक्षले अन्यथा आदेश दिएकोमा बाहेक सूचना दिनुपर्ने अवधि र अन्य आवश्यक प्रक्रिया पूरा नभएसम्म कुनै पनि विषय दैनिक कार्य सूचीमा राखिने छैन।

१०. <u>कार्य व्यवस्था परामर्श समिति</u> : (१) बैठकमा पेश हुने विषयहरूको प्राथमिकता तथा समयावधिको निर्धारण लगायत बैठकलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्ने सम्बन्धमा र अध्यक्षले आवश्यक ठहऱ्याएका अन्य विषयमा परामर्श दिन अध्यक्षको अध्यक्षतामा सम्भव भएसम्म सभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलका सदस्यहरू समावेश हुने गरी बढीमा सात जना सदस्य रहेको एक कार्य व्यवस्था परामर्श समिति गठन गर्न सकिनेछ।

(२) उपाध्यक्ष कार्यव्यवस्था परामर्श समितिको पदेन उपाध्यक्ष हुनेछ।

११. <u>समयावधिको निर्धारण</u> : (१) अध्यक्षले बैठकमा पेश हुने विषयमाथि छलफल गर्न समयावधि तोक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधि समाप्त भएपछि यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षले अरू छलफल हुन नदिई सो विषयको टुङ्गो लगाउन आवश्यक सबै प्रश्नहरू निर्णयार्थ बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

१२. <u>सूचना दिने तरिका</u> : यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक सदस्यले कुनै विषयको सूचना दिँदा दिनको एघार बजेदेखि दुई बजेसम्म सचिवलाई दिनु पर्नेछ। सो समय नघाई दिएको सूचना त्यसपछिको कार्य दिनमा दिएको मानिनेछ।

१३. <u>सूचनामा संशोधन</u> : कुनै सूचनामा आपत्तिजनक, व्यङ्ग्यात्मक, अनावश्यक, अनुपयुक्त, असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा अध्यक्षले त्यस्तो सूचना वितरण हुनुभन्दा अघि आवश्यक र उपयुक्त संशोधन गर्न वा गराउन सक्नेछ।

१४. <u>कागजपत्रको वितरण</u> : सचिवले आवश्यक कागजपत्र र सूचना सदस्यहरूलाई उपलब्ध गराउनेछ।

१५. <u>बैठकको प्रारम्भ</u> : बैठक कक्षमा अध्यक्षको आगमन भई राष्ट्रिय धुन बजे पछि बैठक प्रारम्भ हुनेछ।

१६. <u>बैठकमा पालन गर्नु पर्ने कुराहरू</u> : बैठकमा देहायका कुराहरू पालना गर्नु पर्नेछः-

(क) अध्यक्ष बैठक कक्षमा प्रवेश गर्दा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्ने,

(ख) अध्यक्षले बैठकप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्ने,

(ग) बैठक स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्के पछि मात्र अरु सदस्यहरूले बैठक कक्ष छाड्नु पर्ने,

(घ) बैठकमा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर शिष्ट र सभ्य भाषामा बोल्नु पर्ने,

(ङ) अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्ने,

(च) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न वा बैठकको मर्यादा भङ्ग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्न नहुने,

(छ) बैठक अवधिभर बैठक कक्षमा मोबाईल फोन बन्द गर्नु पर्ने,

(ज) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्ने र अध्यक्षले निजको नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्ने,

(झ) अध्यक्षले बैठकलाई सम्बोधन गरिरहेको समयमा सदस्यले आफ्नो स्थान छाडेर हिँड्न नहुने।

१७. <u>बैठकमा छलफल गर्न नपाइने</u> : बैठकमा देहायका विषयहरू माथि छलफल गर्न पाइने छैन :-

(क) संविधान वा प्रचलित कानूनले निषेध गरेको विषय,

(ख) दफा २३ मा उल्लिखित विषय,

(ग) कानूनतः गोप्य रहने विषयहरू वा प्रकाशन गर्दा राष्ट्रिय हित विपरीत हुने विषय,

(घ) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रचारको लागि कुनै व्यक्ति वा संस्थाको नाम आदि भएको विषय,

(ङ) गैर सरकारी व्यक्तिको कुनै वक्तव्य सत्य हो वा होइन भन्ने विषय,

(च) मित्रराष्ट्रसँगको सम्बन्धमा खलल पर्ने वा असर गर्ने विषय,

(छ) सभाले तोकेका अन्य विषय।

१८. <u>बैठकमा बोल्ने र उत्तर दिने सम्बन्धमा देहाय बमोजिम हुनेछः-</u>

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमका सदस्यले बोल्ने,

(ख) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षको अनुमति बिना कुनै सदस्यले एउटै प्रस्तावमा एक पटक भन्दा बढी बोल्न नपाउने,

(ग) प्रस्ताव पेश गर्ने सदस्यले उत्तर दिनको लागि छलफलको अन्त्यमा पुनः बोल्न सक्ने,

(घ) प्रस्तावको सम्बन्धमा छलफलमा पहिले भाग लिएको वा नलिएको जेसुकै भए तापनि प्रस्तावक सदस्यले उत्तर दिइसकेपछि अन्य सदस्यले पुन: बोल्न नपाउने,

(ङ) प्रस्तावमा संशोधन पेश गर्ने सदस्यले अध्यक्षको अनुमति प्राप्त भएमा मात्र बोल्न पाउने,

(च) प्रस्ताव पेश गर्ने सदस्यले उत्तर दिइसकेपछि छलफल समाप्त भएको मानिने।

१९. <u>सम्बद्ध कुरा मात्र बोल्नुपर्ने</u>: (१) सदस्यले बोलेको कुरा सभाको विचाराधीन विषयसँग सम्बद्ध हुनु पर्नेछ।

(२) कुनै सदस्यले असम्बद्ध कुरा बोलिरहेमा वा आफ्नो वा अरू कसैको तर्कलाई बारम्बार दोहोऱ्याइरहेमा अध्यक्षले निजको व्यवहारप्रति बैठकको ध्यान आकर्षित गर्दै निजलाई थप नबोल्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश हुनासाथ त्यस्तो सदस्यले बोल्न बन्द गरी आफ्नो स्थानमा बस्नु पर्नेछ।

२०. <u>स्पष्टीकरण माग गर्न वा दिन सकिने</u> : (१) कुनै विषयमा छलफल चलिरहेको समयमा सम्बन्धित विषयमा कुनै सदस्यले कुनै स्पष्टीकरण माग गर्न चाहेमा अध्यक्षमार्फत माग गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई कुनै सदस्यले सभाको जानकारीको लागि आफूसँग सम्बन्धित कुनै विषयमा स्पष्टीकरण दिन सक्नेछ।

तर, त्यस्तो स्पष्टीकरण दिँदा कुनै विवादास्पद विषय उठाउन पाइने छैन र सो स्पष्टीकरणमाथि कुनै छलफल हुने छैन।

२१. <u>छलफल समाप्तिको प्रस्ताव</u> : (१) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक कुनै सदस्यले अध्यक्षको अनुमति लिई बैठकमा पेश भइसकेको प्रस्तावमाथिको छलफल समाप्त गरियोस् भन्ने प्रस्ताव कुनै पनि समयमा पेश गर्न सक्नेछ।

(२) मूल प्रस्तावमा आवश्यक छलफल भइसकेको लागेमा अध्यक्षले छलफल समाप्त गरियोस् भन्ने प्रस्ताव सभाको निर्णयार्थ पेश गर्न सक्नेछ। त्यस्तो प्रस्ताव स्वीकृत भएमा अध्यक्षले मूल प्रस्तावमा थप छलफल हुन नदिई सभाको निर्णयार्थ पेश गर्नेछ।

(३) छलफल समाप्त गरियोस् भन्ने प्रस्तावमाथि कुनै संशोधन पेश गर्न वा छलफल गर्न पाइने छैन।

(४) कुनै छलफल अनावश्यक किसिमले लम्बिएको छ भन्ने लागेमा अध्यक्षले बैठकको राय बुझी छलफल अन्त्य हुने समय तोक्न सक्नेछ र त्यसरी समय तोकिएकोमा अध्यक्षले सो समयावधिभित्र छलफल समाप्त भएको मानी मूल प्रस्तावमा सभाको निर्णय प्राप्त गर्न आवश्यक सबै प्रश्नहरू निर्णयार्थ बैठकमा पेश गर्न सक्नेछ।

२२. नियमापत्ति : (१) बैठकसमक्ष तत्काल विचाराधीन रहेको कुनै विषयमा कुनै सदस्यलाई यस ऐनको कुनै व्यवस्था उल्लङ्घन भएको छ भन्ने लागेमा निजले जुन व्यवस्था उल्लङ्घन भएको हो सो खुलाई नियमापत्ति गर्न सक्नेछ।

(२) नियमापत्ति गर्ने सदस्यले अध्यक्षबाट स्वीकृती सूचक अभिव्यक्ति वा इशारा पाएपछि बोलिरहेको सदस्यले बोल्न रोकिनु पर्नेछ।

(३) नियमापत्ति गर्ने सदस्यले आफ्नो कुरा र आधार स्पष्ट गरी नियमापत्ति सम्बन्धी कुरा मात्र बोल्न पाउनेछ र नियमापत्ति उठाइसकेपछि निजले आफ्नो स्थान ग्रहण गर्नु पर्नेछ।

(४) बैठकमा उठाइएको नियमापत्तिको सम्बन्धमा अध्यक्षको निर्णय अन्तिम हुनेछ।

२३. बहसमा बन्देज : नेपालको कुनै अदालत वा संविधानको धारा २१७ बमोजिमको न्यायिक समितिमा विचाराधीन मुद्दा वा विवादका सम्बन्धमा न्याय निरुपणमा प्रतिकूल असर पार्ने विषय तथा न्यायाधीशको कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा सभामा कुनै छलफल गरिने छैन।

२४. समसामयिक विषयमा छलफल : (१) सदस्यहरूले आवश्यक देखेका समसामयिक विषय प्रस्तुत गर्नका लागि अध्यक्षले सभाको कार्य बोझलाई विचार गरी विशेष समय तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयमा प्रस्तुत विषयहरूको जवाफ कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले सात दिनभित्र अध्यक्ष मार्फत सभालाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-५

## निर्णय गर्ने तरिका

२५. प्रश्नको रुपमा पेश गर्ने : सभामा विचाराधिन रहेको प्रस्तावलाई अध्यक्षले सभाको निर्णयार्थ प्रस्तुत गर्दा प्रश्नको रूपमा पेश गर्नु पर्नेछ।

२६. **सभाको निर्णयार्थ प्रश्न पेश गर्ने विधि :** (१) सभामा प्रस्तावमाथि छलफल समाप्त भएपछि सो प्रस्तावको पक्षमा हुने सदस्यहरूलाई "हुन्छ" र विपक्षमा हुने सदस्यहरूलाई "हुन्न" भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले सभाको निर्णयार्थ क्रमशः प्रश्नहरु पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्यहरूमध्ये जुन पक्षको बहुमत भएको ठहऱ्याउँछ सो कुराको घोषणा गर्नेछ र अध्यक्षको विचारप्रति दफा २७ बमोजिम असहमति प्रकट नगरिएमा अध्यक्षको घोषणा सभाको निर्णय मानिनेछ।

(३) अध्यक्षद्वारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न वा स्थगन प्रस्ताव पेश गर्न सकिने छैन।

२७. **मत विभाजन र सङ्कलन** : (१) दफा २६ को उपदफा (२) बमोजिम अध्यक्षको विचारप्रति कम्तीमा पाँचजना सदस्यहरूले आ-आफ्नो स्थानमा उभिई असहमति प्रकट गरेमा अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्यहरूलाई देहाय बमोजिमको कुनै तरिकाले विभाजन गरी मत सङ्कलन गर्नेछ :-

(क) प्रत्येक सदस्यलाई "हुन्छ" वा "हुन्न" भन्ने शब्द उच्चारण गर्न लगाई,

(ख) "हुन्छ" वा "हुन्न" भन्ने पूर्जा वितरण गरेर,

(ग) "हुन्छ" र "हुन्न" भन्ने दुवै थरी सदस्यहरूलाई भिन्नाभिन्नै ढोकाबाट उपकक्ष (लवी) मा प्रवेश गराएर वा

(घ) स्वचालित मत अभिलेखयन्त्र सञ्चालन गरेर।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विभाजनको माग अध्यक्षलाई अनावश्यक लागेमा विभाजनको आदेश दिनुभन्दा पहिले "हुन्छ" र "हुन्न" भन्ने सदस्यहरूलाई आ-आफ्नो स्थानमा क्रमशः उठ्न लगाई सङ्ख्या गणना गरी सभाको निर्णय गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम "हुन्छ" र "हुन्न" भन्ने पूर्जाहरू वितरण गर्दा "हुन्छ" भन्ने पूर्जा "हरियो", "हुन्न" भन्ने पूर्जा "रातो" रङ्गको हुनेछ र त्यस्तो पूर्जामा सदस्यले आफ्नो क्रमसङ्ख्या र नाम उल्लेख गरी सही समेत गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम मत सङ्कलन गर्न स्वचालित मत अभिलेखयन्त्र प्रयोग भएकोमा:-

(क) कुनै सदस्य कुनै कारणवश सो यन्त्र सञ्चालन गर्न असमर्थ छ भन्ने अध्यक्षलाई लागेमा सभाको निर्णय सुनाउनु अघि निजसँग सोधेर मत गणना गर्न सक्नेछ,

(ख) कुनै सदस्यले स्वचालित मत अभिलेखयन्त्रको गलत बिन्दु थिचेको कारणले गलत मतदान हुन गएमा सभाको निर्णय सुनाउनु अघि अध्यक्षको ध्यान आकर्षित गरी आफ्नो मतदान सच्याउन सक्नेछ।

(५) उपदफा (१) वा (२) बमोजिम सङ्कलित मतगणनाको परिणाम अध्यक्षले तत्काल सुनाउनु पर्नेछ र त्यस्तो परिणामप्रति कसैले पनि असहमति प्रकट गर्न सक्ने छैन।

(६) अध्यक्षले कुनै प्रस्तावलाई खण्ड खण्ड गरी एकभन्दा बढी प्रश्नको रूपमा निर्णयार्थ राख्न सक्नेछ।

(७) मत सङ्कलक तोक्ने र मत विभाजनको अन्य कार्यविधि निर्धारण गर्ने अधिकार अध्यक्षलाई हुनेछ।

## परिच्छेद-६

## बैठकमा सुव्यवस्था

२८. चेतावनी युक्त आदेशः अध्यक्षले बैठकमा अभद्र व्यवहार गर्ने सदस्यलाई त्यस्तो व्यवहार नियन्त्रण गर्न चेतावनीयुक्त आदेश दिन सक्नेछ। सो आदेश पाएपछि निज सदस्यले त्यस्तो अभद्र व्यवहार तुरुन्त नियन्त्रण गर्नु पर्नेछ।

२९. बैठक कक्षबाट निष्काशन : (१) दफा २८ बमोजिमको आदेश पालना नगर्ने सदस्यलाई अध्यक्षले बैठक कक्षबाट बाहिर जान आदेश दिन सक्नेछ। त्यस्तो आदेश पाएपछि निज सदस्य बैठक कक्षबाट तुरुन्त बाहिर जानु पर्नेछ र निज सो दिनको बाँकी अवधिको बैठकमा उपस्थित हुन सक्ने छैन।

(२) उपदफा (१) बमोजिमको आदेश पाएपछि पनि निज सदस्य बैठक कक्षबाट बाहिर नगएमा अध्यक्षले निजलाई बैठक कक्षबाट बाहिर निकाल्न सम्बन्धित कर्मचारीलाई आदेश दिन सक्नेछ। त्यसरी निकालिएकोमा त्यस्तो सदस्यले त्यसपछिको तीन दिनसम्म सभा वा समितिको कुनै बैठकमा भाग लिन सक्ने छैन। यसरी निकालिएकोमा सचिवले सो कुराको सूचना सबै समितिलाई दिनु पर्नेछ।

३०. **सदस्यको निलम्बन** : (१) अध्यक्षको आसनको अवहेलना गर्ने वा सभाको कार्यमा जानी जानी बारम्बार बाधा दिने वा अभद्र व्यवहार गर्ने वा संविधान वा यस ऐनको जानीजानी उल्लङ्घन वा अवहेलना गर्ने सदस्यको नाम अध्यक्षले अवहेलनाकर्ताको रूपमा घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नाम घोषणा भएको सदस्यलाई बैठकबाट निलम्बन गरियोस् भनी कुनै सदस्यद्वारा प्रस्ताव पेश भएमा त्यस्तो प्रस्ताव अध्यक्षले निर्णयार्थ बैठकमा तुरून्त प्रस्तुत गर्नुपर्नेछ र सो प्रस्ताव उपर कुनै संशोधन वा स्थगन प्रस्ताव पेश गर्न र छलफल गर्न सकिनेछैन।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव पारित भएमा त्यस्तो सदस्य निलम्बन भएको मानिनेछ र त्यसरी निलम्बित सदस्य त्यसपछिको पन्ध्र दिनसम्म सभा र समितिको कुनै बैठकमा उपस्थित हुन सक्नेछैन।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पारित भई निलम्बन भएको सदस्य बैठक कक्षबाट तुरून्त बाहिर जानुपर्नेछ।

(५) उपदफा (४) बमोजिम निलम्बन भएको सदस्य बैठक कक्षबाट तुरून्त बाहिर नगएमा अध्यक्षले निजलाई बाहिर निकाल्न सम्बन्धित कर्मचारीलाई आदेश दिन सक्नेछ।

(६) यस दफा बमोजिम कुनै सदस्य निलम्बित भएमा वा त्यस्तो निलम्बन फुकुवा भएमा सचिवले सो कुराको सूचना सबै समितिलाई दिनुपर्नेछ।

(७) उपदफा (३) तथा दफा ३१ बमोजिम निलम्बन भएको सदस्यले पूर्व सूचना दिइसकेको प्रस्ताव निलम्बन भएको अवस्थामा बैठकमा प्रस्तुत गर्नुपर्ने भएमा अध्यक्षले सो प्रस्ताव पेश गर्नका लागि अन्य कुनै सदस्यलाई अधिकार प्रदान गर्न सक्नेछ।

३१. **सुव्यवस्था कायम राख्ने अध्यक्षको विशेष अधिकार** : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठक कक्षमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा कुनै किसिमले बैठक कक्षभित्र ध्वंसात्मक कार्य गरेमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा वा कुनै भौतिक हानि नोक्सानी पुऱ्याएमा अध्यक्षले निजलाई बैठक कक्षबाट तत्काल निष्काशन गर्न सम्बन्धित कर्मचारीलाई आदेश दिन सक्नेछ। यसरी निष्काशन भएको सदस्यलाई अध्यक्षले बढीमा पन्ध्र दिनसम्मका लागि निलम्बन गरी क्षति भएको भौतिक सामग्रीको यथार्थ क्षतिपूर्ति निजबाट भराउने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निलम्बित सदस्यले सो अवधिभर सभा वा कुनै समितिको बैठकमा उपस्थित हुन पाउने छैन।

(३) यस दफा बमोजिम कुनै सदस्य निलम्बित भएको वा त्यस्तो निलम्बन फुकुवा भएको सूचना सचिवले सबै समितिलाई दिनु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले बैठकमा आपत्तिजनक वा ध्वंसात्मक व्यवहार गरेको वा बैठक कक्षमा भौतिक हानि नोक्सानी पुऱ्याएको कुरा अध्यक्षलाई बैठक सम्पन्न भएपछि थाहा भएपनि अध्यक्षले त्यस्तो सदस्यलाई बढीमा पन्ध्र दिनसम्मको लागि निलम्वन गरी क्षति भएको भौतिक सामग्रीको यथार्थ क्षतिपूर्ति निजबाट भराउने आदेश दिन बाधा पर्ने छैन।

तर, अध्यक्षले यसरी कारबाहीको आदेश दिनुभन्दा अगाडि सम्बन्धित सदस्यलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

३२. <u>कारबाही फिर्ता हुनसक्ने</u> : यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निष्काशित वा निलम्बित सदस्यले चित्तबुझ्दो सफाई पेश गरेमा वा माफी मागेमा अध्यक्षले बैठकको राय बुझी त्यस्तो सदस्यलाई माफी दिई कारबाही फिर्ता लिन सक्नेछ।

३३. <u>बैठक स्थगित गर्ने अधिकार</u> : बैठक कक्षभित्र अव्यवस्था भई वा हुने सम्भावना भई नियमित रूपले बैठक सञ्चालन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले सो दिनको कुनै समयसम्म वा तोकेको अवधिसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ। अध्यक्षले गरेको त्यस्तो स्थगनमाथि कुनै सदस्यले प्रश्न उठाउन सक्ने छैन।

## परिच्छेद-७

## <u>प्रस्ताव र तत्सम्बन्धी कार्यविधि</u>

३४. <u>प्रस्ताव मात्र  छलफल गर्न सकिने</u> : (१) संविधान र यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक  बैठकमा छलफल गर्ने विषय प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ।

(२) बैठकमा पेश हुने प्रस्तावमा अध्यक्षको स्वीकृती प्राप्त भएको हुनु पर्नेछ।

(३) प्रस्ताव पेश गर्न चाहने सदस्यले सो कुराको लिखित सूचना सचिवलाई दिनुपर्नेछ।

३५. <u>प्रस्ताव सम्बन्धी शर्तहरू</u> : (१) बैठकमा देहाय बमोजिमका विषय समावेश रहेको कुनै प्रस्ताव पेश गर्न सकिने छैन :-

(क) दफा २३ ले बहसमा बन्देज गरेका विषयहरू वा संविधानको व्यवस्था विपरीत भएको,

(ख) एकभन्दा बढी विषयहरू समावेश भएको,

(ग) विषयवस्तु अस्पष्ट वा अनिश्चित भएको,

(घ) अशिष्ट भाषा प्रयोग गरिएको, असम्बद्ध, आक्षेपयुक्त वा अरू कुनै अनुमानित वा आपत्तिजनक कुरा रहेको,

(ङ) कुनै व्यक्तिले सार्वजनिक वा सरकारी हैसियतले बाहेक व्यक्तिगत हैसियतले गरेको काम कुरा सम्बन्धी आचरणको उल्लेख गरेको,

(च) सभा वा यसका कुनै समितिको निर्णय वा त्यहाँ विचाराधिन रहेको विषयको आलोचना गरेको,

(छ) प्रचलित कानून बमोजिम स्थापित न्यायिक वा अर्धन्यायिक निकाय वा अधिकारी वा प्रचलित कानून बमोजिम जाँचबुझ गर्न, सुझाव दिन वा प्रतिवेदन पेश गर्न गठित आयोग वा समितिमा विचाराधिन रहेको विषय उल्लेख भएको,

(ज) चालू अधिवेशनमा पहिले भइसकेको छलफललाई दोहोऱ्याउने प्रयास गरिएको।

(२) उपदफा (१) को खण्ड (छ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षलाई सो खण्डमा उल्लिखित आयोग वा समितिको कार्यमा कुनै प्रतिकूल प्रभाव नपर्ने भन्ने लागेमा जाँचबुझको कार्यविधि र कार्य प्रगतिको विषयसम्ममा सीमित रही प्रस्ताव पेश गर्न अनुमति दिन सक्नेछ।

३६. <u>प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने</u> : कुनै प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने कुराको निर्णय अध्यक्षले गर्नु पर्नेछ र त्यसरी निर्णय गर्दा अध्यक्षले कारण खुलाई प्रस्तावको कुनै अंश वा पूरै प्रस्ताव अस्वीकार गर्न सक्नेछ।

३७. <u>छलफलको दिन र समयावधि तोक्ने</u> : (१) अध्यक्षले सभाको कार्यबोझलाई ध्यानमा राखी प्रस्तावमाथि छलफल गर्ने दिन र समयावधि तोक्न सक्नेछ।

(२) छलफलका निमित्त निर्धारित समयावधि समाप्त भएपछि छलफल समाप्त हुनेछ र यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षले मूल विषयमाथि निर्णयका लागि आवश्यक सबै प्रश्नहरू बैठकमा पेश गर्नुपर्नेछ।

(३) बैठकमा छलफल गर्नका निमित्त समय निर्धारित भइसकेको कुनै विषयमाथि त्यस्तो निर्धारित समय अगावै छलफल गर्नका लागि कुनै प्रस्ताव वा संशोधन ल्याउन पाइने छैन।

३८. <u>प्रस्ताव निष्क्रिय हुने</u> : (१) बैठकमा प्रस्ताव पेश गर्ने अनुमति प्राप्त भइसकेपछि पनि पेश नगरिएको प्रस्ताव स्वतः निष्क्रिय हुनेछ।

(२) यस ऐनमा अन्यथा लेखिएकोमा बाहेक सभाको चालू अधिवेशनमा कुनै प्रस्तावद्वारा छलफल गरिएको वा निर्णय भइसकेको मुलभूत रूपमा समान विषय कुनै अन्य प्रस्ताव वा संशोधनद्वारा पुनः उठाउन सकिने छैन।

३९. <u>प्रस्ताव फिर्ता लिन सकिने</u> : (१) सभामा दर्ता भइसकेको प्रस्ताव अध्यक्षको अनुमति लिई प्रस्तावकले लिखित निवेदनद्वारा फिर्ता लिन सक्नेछ।

तर, बैठकमा पेश भइसकेको प्रस्ताव बैठकको अनुमति बिना फिर्ता लिन सकिने छैन र प्रस्तावमाथि कुनै संशोधन पेश भएको छ भने त्यस्तो संशोधनको टुङ्गो नलागेसम्म प्रस्ताव फिर्ता लिन सकिने छैन।

(२) एकभन्दा बढी सदस्यहरूले मूलभूत रूपमा समान विषयमा एकभन्दा बढी प्रस्तावहरू पेश गरेमा आपसी सहमति वा गोलाप्रथाद्वारा निर्धारित एउटा प्रस्तावमा मात्र छलफल गर्नु पर्नेछ।

४०. <u>जरूरी र सार्वजनिक महत्त्वको प्रस्ताव</u> : (१) कुनै सदस्यले जरूरी र सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्न चाहेमा तत्सम्बन्धी प्रस्तावको सूचना बैठक शुरू हुनुभन्दा कम्तीमा दुई घण्टा अगावै सचिवलाई दिनु पर्नेछ र त्यस्तो प्रस्तावलाई कम्तीमा दुईजना सदस्यले समर्थन गरेको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना दिँदा उक्त प्रस्तावमाथि छलफल गर्नु पर्ने कारण स्पष्ट रूपमा उल्लेख गरेको हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्तावको विषय अध्यक्षले जरूरी र सार्वजनिक महत्त्वको ठहऱ्याएमा कार्यपालिकाले तोकेको कार्य पालिकाको सदस्यसँग परामर्श गरी उक्त प्रस्तावलाई स्वीकृती दिनेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृत प्रस्तावमाथि छलफलका लागि अध्यक्षले बढीमा दुई घण्टाको समय तोक्नु पर्नेछ र त्यस्तो प्रस्तावमाथि तीन दिनभित्र छलफल गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम प्रस्ताव स्वीकृत भई अध्यक्षले प्रस्तावक सदस्यको नाम लिएपछि प्रस्तावक सदस्यले संक्षिप्त वक्तव्य दिनेछ। त्यसपछि अध्यक्षले छलफलमा भाग लिने सदस्यहरूलाई समय दिनेछ।

(६) छलफलमा उठेका प्रश्नहरूको जवाफ कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले दिनु पर्नेछ।

४१. <u>सूचना बिना पनि प्रस्ताव पेश गर्न सकिने</u> : (१) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्षको अनुमति लिई देहायको कुनै प्रस्ताव सूचना बिना पनि पेश गर्न सकिनेछ र त्यस्तो प्रस्तावद्वारा कुनै विवादास्पद विषय उठाउन पाइने छैन :-

(क) धन्यवाद ज्ञापन गर्ने,

(ख) बैठक स्थगित गर्ने,

(ग) प्रस्ताव तथा संशोधन फिर्ता लिने,

(घ) बधाई दिने वा शोक प्रकट गर्ने,

(ङ) छलफल स्थगित गर्ने,

(च) छलफलको अवधि बढाउने,

(छ) बैठकको अवधि बढाउने, वा

(ज) छलफल समाप्त गर्ने।

(२) उपदफा (१) मा उल्लिखित प्रस्तावका सम्बन्धमा अध्यक्षको अनुमति प्राप्त भई बैठकमा प्रस्ताव पेश भएपछि अध्यक्षले उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नु पर्नेछ।

४२. <u>अन्य प्रस्ताव पेश गर्न नसकिने</u> : दफा ४० र ४१ बमोजिमका प्रस्तावहरू बाहेक यस परिच्छेद अन्तर्गत अन्य कुनै प्रस्ताव पेश गर्न सकिने छैन।

## परिच्छेद-८

## <u>संशोधनहरू</u>

४३. <u>संशोधन सम्बन्धी शर्तहरू</u> : कुनै प्रस्तावको सम्बन्धमा देहायका शर्तका अधीनमा रही संशोधन पेश गर्न सकिनेछ :-

(क) मूल प्रस्तावको उद्देश्य वा सिद्धान्त विपरीत नभएको,

(ख) मूल प्रस्तावको कुरासँग सम्बद्ध तथा त्यसको क्षेत्रभित्रको भएको,

(ग) बैठकले पहिले गरिसकेको निर्णयसित नबाझिएको,

(घ) अस्पष्ट वा निरर्थक नभएको।

४४. <u>संशोधनको सूचना</u> : (१) संशोधन पेश गर्न चाहने सदस्यले प्रस्तावमाथि विचार गरिने दिनको चौबीस घण्टा अगावै संशोधनको सूचना सचिवलाई दिनु पर्नेछ।

तर, अध्यक्षको अनुमति लिएर प्रस्तावमाथि छलफल प्रारम्भ हुनुभन्दा अगाडि कुनै पनि समयमा संशोधनको सूचना पेश गर्न सकिनेछ।

(२) संशोधनको सूचना प्राप्त भएपछि प्रत्येक संशोधनको एक-एक प्रति सबै सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सूचना नदिई संशोधन पेश गर्न सकिने छैन।

४५. <u>संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार</u> : (१) प्रस्तावमाथि पेश गरिने संशोधन स्वीकृत गर्ने वा नगर्ने अधिकार अध्यक्षलाई हुनेछ।

(२) संशोधन स्वीकृत वा अस्वीकृत गर्ने प्रयोजनको लागि अध्यक्षले सम्बन्धित सदस्यलाई संशोधनको उद्देश्य स्पष्ट गर्न लगाउन सक्नेछ।

४६. <u>संशोधन पेश गर्ने</u> : अध्यक्षले स्वीकृत गरेको संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई निर्णयार्थ पेश गर्नुभन्दा पहिले बैठकमा पढेर सुनाउनु पर्नेछ। यसरी निर्णयार्थ पेश गर्दा एकभन्दा बढी संशोधनहरू भएमा अध्यक्षले उपयुक्त ठहऱ्याएको कुनै एक संशोधन वा संशोधन सहितको प्रस्ताव वा मूल प्रस्तावलाई प्राथमिकता दिई पेश गर्न सक्नेछ।

## परिच्छेद-९

## <u>स्थगन प्रस्ताव</u>

४७. <u>स्थगन प्रस्तावको सूचना र अध्यक्षको अनुमति</u> : (१) यस ऐनको अधीनमा रही जरूरी सार्वजनिक महत्त्वको कुनै खास विषयमाथि छलफल गर्न बैठकको कार्यक्रम स्थगित गरियोस् भन्ने प्रस्ताव अध्यक्षको अनुमतिले पेश गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावमा उल्लेख भएका तथ्यको सम्बन्धमा अध्यक्षले थप जानकारी लिन आवश्यक ठानेमा प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्नु अघि प्रस्तावक सदस्य वा कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यबाट प्रस्तावको तथ्यको विषयमा जानकारी लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्ताव यस ऐनको व्यवस्था अनुकूल नभएमा वा उपदफा (२) बमोजिम अध्यक्षले अस्वीकृत गरेमा उक्त प्रस्ताव ऐनको व्यवस्था अनुकूल नभएको वा अस्वीकृत गरेको कारणको जानकारी अध्यक्षले प्रस्तावक सदस्यलाई दिन सक्नेछ।

(४) जुन दिनको बैठक स्थगनका लागि प्रस्ताव पेश गर्न खोजिएको हो सो दिनको बैठक बस्ने समयभन्दा एक घण्टा अगावै सोको सूचना सचिवलाई दिनु पर्नेछ र त्यस्तो प्रस्ताव सहितको सूचनाको एक-एक प्रति अध्यक्ष र विषयसँग सम्बन्धित कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यलाई पनि दिनु पर्नेछ। सो समयपछि प्राप्त भएको सूचनालाई भोलिपल्ट प्राप्त सूचना मानिनेछ।

(५) उपदफा (४) बमोजिमको प्रस्तावसम्बन्धी सूचना एक बैठकमा एउटाभन्दा बढी दिन पाइने छैन।

(६) एक जनाभन्दा बढी सदस्यले प्रस्तावको सूचनामा हस्ताक्षर गरेको भए पहिलो क्रमसङ्ख्यामा हस्ताक्षर गर्ने सदस्यले सूचना दिएको मानिनेछ।

४८. <u>स्थगन प्रस्ताव सम्बन्धी शर्तहरू</u> : कुनै जरूरी र सार्वजनिक महत्त्वको विषयमाथि छलफल गर्न बैठक स्थगित गरियोस् भन्ने प्रस्ताव देहायका शर्तहरूको अधीनमा रही पेश गर्न सकिनेछ :-

(क) प्रस्तावको विषय तत्काल घटेको घटना र स्थानीय सरकारको उत्तरदायित्व भित्रको हुनु पर्ने,

(ख) दफा ३५ मा उल्लिखित शर्तहरू पूरा भएको हुनु पर्ने।

४९. <u>प्रस्तावमा छलफल गर्ने समय निर्धारण</u> : स्थगन प्रस्तावमा छलफल गर्न अध्यक्षले बैठकको कार्यक्रमलाई समेत दृष्टिगत गरी सोही दिनको कुनै समय तोक्न सक्नेछ।

५०. <u>छलफलको समाप्ति</u> : अध्यक्षलाई प्रस्तावमाथिको छलफल पर्याप्त भएको लागेमा उक्त प्रस्तावलाई बैठकको निर्णयार्थ पेश गर्नु पर्नेछ।

५१. <u>बोल्ने समयका लागि समय निर्धारण</u> : कुनै प्रस्तावको सम्बन्धमा प्रस्तावक, समर्थक, कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य र अन्य सदस्यहरूले बोल्ने समय अध्यक्षले तोके बमोजिम हुनेछ।

## परिच्छेद-१०

## सङ्कल्प प्रस्ताव

५२. <u>सङ्कल्प प्रस्तुत गर्न सकिने</u> : (१) यस ऐनको अधीनमा रही सभामा सार्वजनिक महत्त्वको देहायको कुनै विषयमा सङ्कल्प प्रस्ताव पेश गर्न सकिनेछ :-

(क) राय वा सिफारिस प्रकट गर्न,

(ख) स्थानीय सरकारको कुनै कार्य वा नीतिको समर्थन वा विरोध प्रकट गर्न वा पुनर्विचारका लागि ध्यान आकर्षण गर्न, वा

(ग) कुनै सन्देश वा निर्देशन दिन।

(२) अध्यक्षले उपयुक्त र आवश्यक ठहऱ्याएको अन्य कुनै विषयमा सङ्कल्प प्रस्ताव पेश गर्न अनुमति दिन सक्नेछ।

५३. <u>सङ्कल्प प्रस्तावको सूचना</u> : (१) सङ्कल्प प्रस्ताव प्रस्तुतकर्ता सदस्यले आफूले पेश गर्न चाहेको प्रस्तावको सूचना कम्तीमा सात दिन अगावै सचिवलाई दिनु पर्नेछ।

तर, कार्यपालिकाको कुनै सदस्यले कम्तीमा तीन दिनको सूचना दिई सङ्कल्प प्रस्ताव पेश गर्न सक्नेछ।

(२) कार्यपालिकाको सदस्य बाहेक अरू सदस्यले अध्यक्षको अनुमति नलिई एउटै अधिवेशनमा तीनभन्दा बढी सङ्कल्प प्रस्तावहरूको सूचना दिन पाउने छैन।

५४. <u>सङ्कल्प प्रस्ताव सम्बन्धी शर्त</u> : यस परिच्छेदमा लेखिएका कुराहरूका अतिरिक्त प्रस्तावका सम्बन्धमा यस ऐनमा उल्लेख भएका सबै शर्तहरू सङ्कल्प प्रस्तावको हकमा समेत लागू हुनेछन्।

५५. <u>संकल्प प्रस्तावको स्वीकार</u>: (१) कुनै सङ्कल्प प्रस्ताव स्वीकारयोग्य छ वा छैन भन्ने प्रश्नको निर्णय अध्यक्षले गर्नेछ। कुनै सङ्कल्प वा सङ्कल्पको कुनै अंश संविधान वा यस ऐनको विपरीत भएमा त्यस्तो संकल्प प्रस्ताव स्वीकार गरिने छैन।

(२) उपदफा (१) बमोजिम निर्णय गर्दा अध्यक्षले चाहेमा कार्य व्यवस्था परामर्श समितिको परामर्श लिन सक्नेछ।

(३) अध्यक्षले उपयुक्त देखेमा सङ्कल्प प्रस्तावलाई यस ऐन बमोजिमको व्यवस्था अनुकूल बनाउनको निमित्त आवश्यक संशोधन गर्न सक्नेछ।

(४) अध्यक्षबाट बैठकमा पेश गर्न स्वीकृत सङ्कल्प प्रस्तावको प्रति सो प्रस्ताव पेश हुने दुइ दिन अगावै संशोधन पेश गर्ने प्रयोजनका लागि सदस्यहरूलाई वितरण गर्नु पर्नेछ।

५६. <u>सङ्कल्प प्रस्ताव पेश हुने</u>: एउटा बैठकमा एकजना सदस्यको एकभन्दा बढी सङ्कल्प प्रस्ताव कार्यसूचीमा राखिने छैन र एक बैठकमा दुईभन्दा बढी सङ्कल्प प्रस्तावहरू पेश गरिने छैनन्।

५७. <u>सङ्कल्प प्रस्ताव पेश गर्ने तरीका</u> : (१) अध्यक्षले नाम लिएपछि सङ्कल्प प्रस्ताव प्रस्तुत गर्न चाहने सदस्यले बैठकमा आफ्नो सङ्कल्प प्रस्ताव पेश गर्न सक्नेछ र त्यसरी सङ्कल्प प्रस्ताव पेश गर्दा सो को व्यहोरा पढी वक्तव्य दिन सक्नेछ।

तर, अध्यक्षको अनुमति लिएर कुनै सदस्यले अन्य कुनै सदस्यलाई आफ्नो सङ्कल्प प्रस्ताव पेश गर्न अधिकार प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्यक्षले सदस्यको नाम लिएपछि सो सदस्यले सङ्कल्प प्रस्ताव पेश नगर्ने इच्छा प्रकट गर्न सक्नेछ।

(३) सम्बन्धित सदस्यले उपदफा (१) बमोजिम सङ्कल्प प्रस्ताव पेश नगरेमा निजले सो प्रस्ताव फिर्ता लिएको मानिनेछ।

५८. <u>छलफलको समयावधि</u> : सङ्कल्प प्रस्ताव प्रस्तुत गर्ने र सो प्रस्ताव उपर छलफल गर्दा सदस्यले बोल्ने समयावधि अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

५९. <u>संशोधनसम्बन्धी शर्तहरू</u> : (१) यस परिच्छेदअन्तर्गत पेश भएका सङ्कल्प प्रस्ताव माथि अध्यक्षको अनुमति लिई संशोधन पेश गर्न सकिनेछ।

(२) दफा ४३ मा उल्लिखित शर्तहरू सङ्कल्प प्रस्तावको संशोधनका हकमा पनि लागू हुनेछन्।

६०. <u>सङ्कल्प प्रस्तावमा निर्णय</u> : छलफल समाप्त भएपछि बैठकले सङ्कल्प प्रस्ताव उपर कुनै संशोधन पेश भएको रहेछ भने पहिले त्यसको निर्णय गरी सङ्कल्प प्रस्तावमा निर्णय गर्नु पर्नेछ।

६१. <u>स्वीकृत सङ्कल्प प्रस्ताव पठाइने</u> : सचिवले बैठकद्वारा स्वीकृत गरिएको प्रत्येक सङ्कल्पको एक-एक प्रति कार्यपालिकालाई र कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यलाई पठाउनु पर्नेछ। कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले स्वीकृत सङ्कल्प प्रस्ताव कार्यान्वयन गरी सोको जानकारी सभालाई गराउनु पर्नेछ।

तर, कुनै मनासिब कारण परी सङ्कल्प प्रस्ताव कार्यान्वयन हुन नसकेकोमा त्यस्तो कारण सहितको जानकारी सभालाई गराउनु पर्नेछ।

## परिच्छेद-११

## राजस्व र व्ययको अनुमान सम्बन्धी कार्यविधि

६२. राजस्व र व्ययको अनुमान : (१) कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले बैठकमा राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत भएपछि बसेको बैठकमा कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले राजस्व र व्ययको वार्षिक अनुमानको एक प्रति टेबुल गर्नेछ।

(३) राजस्व र व्ययको वार्षिक अनुमान टेबुल गरिएको दिन त्यसमा छलफल गरिने छैन।

६३. राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल : (१) राजस्व र व्ययको वार्षिक अनुमान पेश गर्ने कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले बैठकमा आर्थिक विधेयक प्रस्तुत गर्ने अनुमतिको लागि प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्नु अघि अध्यक्षले कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यसँग परामर्श गरी राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्नको लागि दिन तथा समयावधि तोक्नेछ।

(३) उपदफा (२) बमोजिम तोकिएको दिन र समयावधिभित्र राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गरिनेछ।

(४) उपदफा (३) बमोजिमको छलफलको प्रारम्भ कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यको वक्तव्यबाट हुनेछ र छलफलमा उठेका प्रश्नहरूको उत्तर उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले छलफलको अन्त्यमा दिनेछ।

६४. व्ययको अनुमान : (१) प्रत्येक क्षेत्रको निमित्त प्रस्ताव गरिएको खर्चको रकम सामान्यतः छुट्टाछुट्टै शीर्षक अन्तर्गत राख्नु पर्नेछ।

तर, कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले दुई वा सोभन्दा बढी क्षेत्रहरूको निमित्त प्रस्ताव गरिएको खर्चको रकम एउटै शीर्षकमा समावेश गर्न वा खास क्षेत्रहरू अन्तर्गत सहज रूपमा वर्गीकरण गर्न नसकिने खर्चको रकमहरू एउटै शीर्षक अन्तर्गत राख्न सक्नेछ।

(२) प्रत्येक शीर्षकमा पहिले सबै प्रस्तावित खर्च रकमको विवरण र त्यसपछि उपशीर्षकहरूमा विभाजित प्रत्येक खर्च रकमको विस्तृत विवरण उल्लेख गरेको हुनुपर्नेछ। त्यस्तो विवरणमाथि बैठकमा छलफल गर्न सकिनेछ।

## परिच्छेद-१२

## विनियोजन तथा स्थानीय आर्थिक विधेयक सम्बन्धी कार्यविधि

६५. **विनियोजन विधेयक सम्बन्धी कार्यविधि** : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयकको सम्बन्धमा यस परिच्छेदमा लेखिए बमोजिमको कार्यविधि पालना गर्नुपर्नेछ।

(२) विनियोजन विधेयक प्रस्तुत गर्नुपूर्व बैठकमा बजेट तयारीका लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्ताव बाहेक) छलफल गरियोस् भनी कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले प्रस्ताव राख्नेछ।

(३) उपदफा (२) बमोजिम गरिने छलफलको कार्यविधि अध्यक्षले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (२) बमोजिमको छलफल बैठकमा विनियोजन विधेयक प्रस्तुत हुनुभन्दा कम्तीमा सात दिन पूर्व नै सम्पन्न गरिसक्नु पर्नेछ।

(५) बैठकमा राजश्व र व्ययको वार्षिक अनुमानमाथि छलफल समाप्त भएपछि उपदफा (२) बमोजिम भएको छलफलको आधारमा कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले विनियोजन विधेयक प्रस्तुत गर्नेछ।

(६) विनियोजन विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश भएपछि अध्यक्षले उपदफा (५) बमोजिम विनियोजन विधेयक पेश गर्ने कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यसँग परामर्श गरी विधेयकका विभिन्न शीर्षकहरूमाथि छलफल र निर्णय गर्नको लागि दिन तथा समयावधि तोक्नेछ।

(७) विनियोजन विधेयकमा निर्दिष्ट गरी राखिएको प्रत्येक शीर्षकमाथि छुट्टाछुट्टै वा समूहीकृत रूपमा छलफल गरिनेछ।

(८) उपदफा (७) बमोजिमको छलफलको क्रममा कुनै शीर्षकमाथि उठेको प्रश्नको जवाफ छलफलको अन्त्यमा उपदफा (५) बमोजिम विनियोजन विधेयक पेश गर्ने कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले दिनेछ।

(९) कुनै सदस्यले बैठकमा कुनै शीर्षकमा खर्च कटौतीको प्रस्ताव राख्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम खर्च कटौतीको प्रस्ताव सम्बन्धी कार्यविधि अध्यक्षले तोके बमोजिम हुनेछ।

(११) कुनै शीर्षकलाई निर्णयार्थ प्रस्तुत गर्नु अघि सो शीर्षकको सम्बन्धमा दलीय संरचनाको आधारमा प्रस्तुत गरिएका खर्च कटौतीका प्रस्तावहरूमध्ये एकै प्रकृतिको प्रस्ताव एकभन्दा बढी भएमा कुनै एकमा मात्र छलफल गरी निर्णय गरिनेछ।

(१२) एउटै शीर्षकको खर्च रकमसँग सम्बन्धित छुट्टाछुट्टै प्रस्तावहरू प्रस्तुत गरिएमा वार्षिक अनुमानमा व्यवस्था गरिएको सम्बन्धित शीर्षकहरूको क्रम अनुसार छलफल गरिनेछ।

(१३) उपदफा (६) बमोजिम तोकिएको दिन तथा समयावधिको अन्त्यमा छलफल गर्न बाँकी रहेका सबै शीर्षकहरूलाई छलफल बिना नै अध्यक्षले निर्णयार्थ बैठकमा प्रस्तुत गर्न सक्नेछ।

६६. <u>आर्थिक विधेयक</u>: (१) दफा ६३ बमोजिम राजश्व र व्ययको वार्षिक अनुमान प्रस्तुत भएको लगत्तै पछि बसेको सभाको बैठकमा कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले स्थानीय सरकारको आर्थिक विधेयक प्रस्तुत गर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक विधेयकका सम्बन्धमा यस दफामा तोकिए बमोजिमको कार्यविधि पालना गरिनेछ।

(३) आर्थिक विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पेश भई स्वीकृत भएपछि अध्यक्षले उपदफा (१) बमोजिम आर्थिक विधेयक पेश गर्ने कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यसँग परामर्श गरी सो विधेयकमा छलफल गर्ने दिन तथा समयावधि तोक्नेछ।

(४) आर्थिक विधेयकका सम्बन्धमा यस दफामा उल्लेख गरिएदेखि बाहेक अध्यक्षले उपयुक्त ठहऱ्याएको कार्यविधि अपनाउन सकिनेछ।

## परिच्छेद-१३

## सभाका समितिहरू

६७. **समितिहरू** : (१) स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेत दिनका लागि सभामा देहाय बमोजिमका समितिहरू रहन सक्नेछन् :-

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र |
|---|---|---|
| (क) | लेखा समिति | स्थानीय तहको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी विषय |
| (ख) | विधायन समिति | सभामा पेश भएका विधेयक उपरको समितिमा हुने छलफल, प्रत्यायोजित विधायनसम्बन्धी, सामाजिक न्याय, स्थानीय कानून सम्बन्धी विषय |
| (ग) | योजना तथा सुशासन समिति | स्थानीय तहको भौतिक पूर्वाधार, यातायात लगायतका विकास निर्माण तथा सुशासन सम्बन्धी विषय र विकास निर्माणमा रहेको समस्याको समाधानको विषय |

(२) उपदफा (१) बमोजिम गठित विषयगत समितिहरूले आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयमा छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्नु पर्नेछ।

६८. **थप विषय तोक्न सक्ने** : दफा ६७ मा नपरेका विषयहरू अध्यक्षले उपयुक्त सम्झेको समितिको कार्यक्षेत्रभित्र रहने गरी तोक्न सक्नेछ।

६९. **समितिको गठन** : (१) प्रत्येक समितिमा अध्यक्षले सभाको सहमति लिई संयोजक सहित बढीमा पाँच जना सदस्यहरू मनोनयन गर्नेछ।

(२) समितिमा संयोजक तथा सदस्यहरूको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य सङ्ख्या, महिला, दलित, आदिवासी-जनजाति, मधेशी, थारु, मुस्लिम, खस-आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनु पर्नेछ।

(३) कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्य समितिमा उपस्थित भई छलफलमा सहभागी हुन सक्नेछ।

तर, त्यस्तो सदस्यलाई मतदानको अधिकार हुने छैन।

७०. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही प्रत्येक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यपालिका वा सो अन्तर्गतका निकाय तथा कार्यालयहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(ख) कार्यपालिका वा सो अन्तर्गतका निकाय तथा कार्यालयहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(ग) कार्यपालिकाका सदस्यहरूले स्थानीय सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न स्थानीय सरकारद्वारा के—कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(घ) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(ङ) स्थानीय सरकारद्वारा प्रचलित कानून बमोजिम भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(च) स्थानीय सरकारद्वारा समय-समयमा गठन हुने छानबिन समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(छ) कार्यपालिका वा सो अन्तर्गतका निकाय तथा कार्यालयहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ज) समितिको सिफारिसमा अध्यक्षबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(झ) माथि उल्लिखित खण्डहरू बमोजिम कार्य सम्पादन गर्दा कार्यपालिकाका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान-प्रदान गर्ने र

(ञ) बैठकले सुम्पेको अन्य काम गर्ने।

(२) विधायन समितिले प्रचलित कानूनको प्रत्यायोजित अधिकार बारे अध्ययन, अनुगमन र निर्देशन सहितको प्रतिवेदन सभाको बैठकमा पेश गर्नु पर्नेछ।

(३) समितिहरूले आफ्नो कार्य क्षेत्र अन्तर्गतको जिम्मेवारी सु-व्यवस्थित ढङ्गले बहन गर्ने सन्दर्भमा अध्यक्षको स्वीकृती लिई आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्नेछन्।

(४) समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यहरूले अध्यक्षको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन्।

(५) यस दफा बमोजिम समितिले बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदनहरू वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदनहरू जुनसुकै समयमा प्रस्तुत गर्न सकिनेछ।

(६) समितिले कार्यपालिका वा सो अन्तर्गतका निकाय तथा कार्यालयहरूबाट सम्पादन भएका कामको त्रैमासिक प्रगति विवरण माग गर्ने र त्यस्ता विवरणको अध्ययन गरी सो सम्बन्धमा कुनै निर्देशन दिनु पर्ने भए कार्यपालिका मार्फत त्यस्तो निर्देशन दिन सक्नेछ।

(७) यस दफा बमोजिम कार्यपालिका वा सो अन्तर्गतका निकाय तथा कार्यालयहरूसँग माग गरिने लिखित विवरण सम्बन्धित समितिका संयोजकको निर्देशनमा सचिवले माग गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम माग गरिएको विवरणको अध्ययनबाट कुनै निर्देशन दिन आवश्यक देखिएको अवस्थामा त्यस्तो निर्देशन कार्यान्वयन गर्नुपर्ने मनासिव समयावधि समेत उल्लेख गरी समितिले थप निर्देशन दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम तोकिएको अवधिभित्रमा पनि त्यस्तो निर्देशनको कार्यान्वयन गर्न कार्यपालिकाले कुनै प्रयास नगरेमा सो सम्बन्धमा सभामा छलफल गर्ने गरी सम्बन्धित समितिले प्रस्ताव पेश गर्न सक्नेछ।

७१. <u>समितिको बैठक</u> : (१) यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक दफा ६७ बमोजिमका समितिहरूको बैठक सम्बन्धित समितिको संयोजकले आवश्यकता अनुसार बोलाउन सक्नेछ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले वा निजको अनुपस्थितिमा समितिका सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ। सदस्यहरूले छानेको व्यक्तिले संयोजकत्व गरेकोमा सो कुराको जानकारी अध्यक्षलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सदस्यहरूले छानेको व्यक्तिले समितिको बैठकको अध्यक्षता गर्दा समितिको संयोजकलाई भएको सबै अधिकार प्रयोग गर्न सक्नेछ।

(४) समितिको बैठक सभास्थलभन्दा बाहिर बस्नु पर्ने भएमा संयोजकले अध्यक्षको लिखित अनुमति प्राप्त गर्नु पर्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सभाले तोके बमोजिम हुनेछ।

७२. <u>गणपूरक सङ्ख्या</u> : (१) यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक समितिमा कम्तीमा तीनजना सदस्य उपस्थित भएमा सो समितिको गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(२) समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सो सङ्ख्या नपुगेसम्म समितिको संयोजकले बैठकको कार्य निलम्बन गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि स्थगित गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित गर्नु परेमा संयोजकले त्यसको जानकारी अध्यक्षलाई दिनु पर्नेछ।

७३. <u>समितिको निर्णय</u>: (१) यस परिच्छेदमा अन्यथा व्यवस्था भएकोमा बाहेक समितिको बैठकमा उपस्थित समितिका सदस्यहरूको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनुपर्नेछ।

(२) समितिको बैठकको निर्णय संयोजकबाट प्रमाणित हुनेछ।

७४. <u>सम्बन्धित अधिकारी वा विशेषज्ञको प्रवेश</u> : (१) समितिमा कुनै विषयमाथि छलफल हुँदा सो विषयको प्रकृति हेरी कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले आवश्यक

देखेमा सो विषयका सम्बन्धमा स्पष्ट जानकारी दिन स्थानीय सरकार वा स्थानीय सरकारको कुनै निकाय वा सो निकायमा काममा खटिएको कुनै अधिकारी वा विशेषज्ञलाई संयोजकको अनुमति लिई समितिमा लिएर जान सक्नेछ। सो बमोजिम समितिमा उपस्थित भई आवश्यक कुराहरूको स्पष्ट जानकारी दिनु त्यस्तो अधिकारी वा विशेषज्ञको कर्तव्य हुनेछ।

(२) समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित सरोकारवाला पक्ष वा हित समूहका प्रतिनिधि तथा विशेषज्ञलाई समेत आमन्त्रण गरी सुझाव लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समितिमा उपस्थित भई आवश्यक कुराहरूको स्पष्ट जानकारी दिनु त्यस्तो सरोकारवाला पक्ष वा हित समूहका प्रतिनिधि तथा विशेषज्ञको कर्तव्य हुनेछ।

७५. <u>समितिको प्रतिवेदन</u> : (१) समितिको प्रतिवेदन संयोजकले वा निजको अनुपस्थितिमा अध्यक्षले तोकेको सो समितिको अन्य कुनै सदस्यले बैठकमा पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन पेश गर्न संयोजक वा सदस्यले चाहेमा प्रतिवेदनको सम्बन्धमा संक्षिप्त वक्तव्य दिन सक्नेछ।

(३) बैठकमा पेश भएका प्रतिवेदनको कार्यान्वयन कार्यपालिकाले गर्नु पर्नेछ।

(४) समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवम् मूल्याङ्कन गरी सोको प्रतिवेदन बैठकमा पेश गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अनुगमन एवम् मूल्याङ्कन प्रतिवेदन र बैठकले सुम्पेको विषयका सम्बन्धमा समितिले बैठकमा पेश गरेको प्रतिवेदनमाथि छलफल गरियोस् भनी सम्बन्धित समितिको संयोजकले त्यस्तो प्रतिवेदन पेश भएको दुई दिनभित्र प्रस्तावको सूचना अध्यक्षलाई दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको सूचना प्राप्त भएमा दुई दिनपछिको कुनै बैठकमा छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न अध्यक्षले सम्बन्धित समितिका संयोजकलाई अनुमति दिनेछ।

(७) प्रस्ताव पेश गर्दा सम्बन्धित समितिका संयोजकले संक्षिप्त वक्तव्य दिन सक्नेछ। त्यसपछि अध्यक्षले छलफलको लागि समयावधि निर्धारण गर्नेछ।

(८) छलफलमा उठेका प्रश्नहरूको जवाफ कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्यले दिएपछि छलफल समाप्त भएको मानिनेछ।

७६. <u>अनुपस्थितिको सूचना</u> : (१) समितिको लगातार पाँचवटा बैठकमा अनुपस्थित हुने सदस्यले सोको कारण सहितको सूचना संयोजकलाई दिनु पर्नेछ र सोभन्दा बढी अवधिको भएमा सोसम्बन्धी सूचना अध्यक्षलाई दिई स्वीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना नदिई बैठकमा अनुपस्थित हुने वा पाँच पटक भन्दा बढी अनुपस्थित हुने सदस्यलाई संयोजकको सिफारिसमा अध्यक्षले समितिबाट हटाउन सक्नेछ र सो कुराको जानकारी बैठकलाई दिनु पर्नेछ।

७७. <u>राय लिन सक्ने</u> : संयोजकले चाहेमा बैठकको विचाराधिन विषयमा सचिवको राय लिन सक्नेछ।

७८. <u>छलफल र निर्णयमा भाग लिन नहुने</u> : कुनै समितिको विचाराधीन विषयसँग कुनै सदस्यको वैयक्तिक हित गाँसिएको भए सो विषयको छलफल र निर्णयमा त्यस्तो सदस्यले भाग लिनु हुँदैन।

७९. <u>समितिको कार्यक्षेत्रको निर्णय</u> : समितिको कार्यक्षेत्र सम्बन्धमा विवाद उठेमा अध्यक्षको निर्णय अन्तिम हुनेछ।

८०. <u>समितिका संयोजकहरूको बैठक</u> : समितिको प्रभावकारिता र कार्यको मूल्याङ्कन गर्न समय समयमा अध्यक्षको संयोजकत्वमा समितिका संयोजकहरूको बैठक बस्न सक्नेछ। त्यस्तो बैठकमा सचिवले समेत भाग लिन सक्नेछ।

## परिच्छेद-१४

## <u>अनुपस्थितिको सूचना र स्थान रित्तता</u>

८१. <u>सूचना दिनुपर्ने</u>: (१) कुनै सदस्य बैठकमा उपस्थित हुन नसक्ने अवस्था भएमा तत्सम्बन्धी अग्रीम सूचना अध्यक्षलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै सदस्यले अनुपस्थितिको सम्बन्धमा अध्यक्षलाई अग्रीम सूचना दिन नसक्ने कुनै मनासिब कारण भएमा उपस्थित भएको तीन दिनभित्र त्यस्तो सूचना अध्यक्षलाई दिनु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अनुपस्थितिको सूचना दिँदा सोको कारण र अवधि समेत खोल्नु पर्नेछ।

(४) कुनै सदस्य लगातार दशवटा वा सोभन्दा बढी बैठकमा अनुपस्थित हुने भएमा अध्यक्षले त्यस्तो सूचना सभाको स्वीकृतीको निमित्त प्रस्तुत गर्नुपर्नेछ र लगातार

दशवटाभन्दा कम बैठकमा अनुपस्थित हुने भएमा त्यस्तो सूचना अध्यक्षले स्वीकृत गर्नेछ।

(५) उपदफा (४) बमोजिम सभाको निर्णयको जानकारी सचिवले सम्बन्धित सदस्यलाई यथाशीघ्र दिनु पर्नेछ।

+(८१क) <u>सभाका सदस्यको स्थान वा पद रिक्त हुने अवस्थाः</u>

देहायको कुनै अवस्थामा सभाका सदस्यको स्थान वा पद रिक्त हुनेछः

(क) निजले प्रमुख वा अध्यक्ष समक्ष लिखित राजिनामा दिएमा,

(ख) निजको नेपालको संविधानको धारा २२२ को उपधारा (६) वा धारा २२३ को उपधारा (६) बमोजिमको योग्यता नभएमा वा नरहेमा,

(ग) गाउँसभा वा नगरसभाको कार्यकाल समाप्त भएमा,

(घ) निजले सभालाई सूचना नदिई लगातार दशवटा वैठकमा अनुपस्थित रहेमा,

(ङ) निजको मृत्यु भएमा।

८२. <u>स्थान रिक्तताको सूचना</u>ः (१) सभाको कुनै सदस्यको स्थान रिक्त भएमा अध्यक्षले सो कुराको जानकारी बैठकलाई दिनु पर्नेछ।

(२) सभाको बैठक चालू नरहेको अवस्थामा अध्यक्षले त्यस्तो जानकारी सूचना पाटीमा प्रकाशन गर्नु, गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थान रिक्त भएको सूचना सचिवले स्थानीय राजपत्रमा प्रकाशन गर्नुका साथै कार्यपालिकालाई जानकारी दिनु पर्नेछ।

## परिच्छेद-१५

## <u>सदस्यको आचरण</u>

८३. <u>आचार संहिता पालना गर्नुपर्ने</u> : (१) सदस्यहरूले देहाय बमोजिम आचार संहिताको पालना गर्नुपर्नेछ :-

(क) सभाको लक्ष्य पूर्ति गर्ने तथा सो उद्देश्यका लागि संविधान तथा यस ऐनको पूर्ण पालना गर्ने,

(ख) सार्वजनिक नैतिकता र आचरण अनुकूलको व्यवहार गर्ने,

---

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा थपिएको

(ग) सभाको बैठक वा आफू सदस्य भएको समितिमा उपस्थित भई यसका काम कारबाहीमा नियमित रुपमा भाग लिने तथा आफ्नो मताधिकारको प्रयोग गर्ने,

(घ) आफ्नो कर्तव्य निस्वार्थ रुपमा इमान्दारीपूर्वक तथा वस्तुनिष्ठ भई उत्तरदायीपूर्ण रुपमा पालन गर्ने,

(ङ) बैठकसँग सम्बन्धित हरेक काम कारबाहीमा सदस्यहरूले सार्वजनिक उद्देश्यलाई महत्त्व दिने,

(च) बैठकका कुनै काम कारबाहीमा व्यक्तिगत आर्थिक फाइदा, शुल्क वा पारिश्रमिक लिई बोल्ने, मतदान गर्ने वा भाग लिने काम नगर्ने,

(छ) सदस्यको हैसियतमा प्राप्त भएका गोप्य सूचना एवम् जानकारी बैठकको उद्देश्यका लागि मात्र प्रयोग गर्ने र निजी फाइदाका लागि यसलाई प्रयोग नगर्ने,

(ज) सभा वा आफू सदस्य भएको समितिमा विचाराधिन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा स्वेच्छाले सो कुराको स्पष्ट रुपमा बुझिने गरी बैठक वा समितिलाई जानकारी गराई सो विषयमा हुने छलफलबाट अलग रहने।

(२) यस दफाअन्तर्गतका आचारसंहिता सदस्यहरूको सार्वजनिक जीवनको सबै पक्षमा लागू हुनेछन्।

तर, सदस्यहरूको पूर्ण रुपमा व्यक्तिगत वा निजी जीवनसँग सम्बन्धित काम वा व्यवहारलाई यसले नियमित गरेको मानिने छैन।

## परिच्छेद-१६

## विविध

८४. **विषेशाधिकार** : नेपालको संविधान र यस ऐनको अधीनमा रही सभालाई देहाय बमोजिमको विशेषाधिकार रहनेछ :-

(क) सभामा पूर्ण वाक स्वतन्त्रता रहने र सभामा व्यक्त गरेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर कुनै सदस्यलाई

पक्राउ गरिने, थुनामा राखिने वा निज उपर कुनै अदालतमा कारबाही नचलाइने,

(ख) सभालाई आफ्नो काम कारबाही र निर्णय गर्ने पूर्ण अधिकार रहने र सभाको कुनै कारबाही नियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सभालाई मात्र हुने,

(ग) सभाले दिएको अधिकार अन्तर्गत कुनै लिखत, प्रतिवेदन, मतदान वा कारवाही प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर अदालतमा कारबाही नचलाइने।

८५. अभिलेखहरूको सुरक्षा : (१) सभा र यसका समितिहरूको निर्णय तथा कारबाहीको अभिलेखहरू सचिव वा निजले तोकेको कर्मचारीले सुरक्षित राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेखहरू सभास्थल वा कार्यपालिकाको कार्यालयबाट अन्यत्र लैजान हुँदैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय वा अधिकारीको आदेश वमोजिम त्यस्तो अभिलेख वा सोको प्रतिलिपि उपलब्ध गराउन वाधा पर्नेछैन।

८६. भाषा : (१) सभा वा यसका समितिहरूको काम कारवाही नेपाली भाषामा हुनेछ। तर, कुनै सदस्यले आफ्नो मातृभाषामा बोलेर छलफलमा सहभागी भएमा दोभाषे मार्फत निजको अभिव्यक्ती व्यक्त गर्ने व्यवस्था मिलाउन सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बोल्न नसक्ने अपाङ्गता भएका सदस्यको हकमा त्यस्तो सदस्यलाई साङ्केतिक भाषामा आफ्नो विचार प्रकट गर्न र त्यस्तो विचारलाई निजको सहयोगीले सँगै अनुवाद गरी बैठकमा सुनाउने व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए तापनि कुनै गाउँसभा वा नगरसभा वा त्यसको समितिका सदस्यहरुले नेपाली भाषा बाहेक स्थानीय जनताले बोल्ने भाषामा छलफल गर्दा सभाको काम कारवाही थप प्रभावकारी हुने रहेछ भने अध्यक्षले त्यस्तो भाषामा छलफल गर्नेगरी सभाको काम कारवाही संचालन गर्न सक्नेछ।

तर, सभाको काम कारवाहीको अभिलेख नेपाली भाषामा राख्नुपर्नेछ।

८७. सदस्यको पक्राउसम्बन्धी जानकारी : (१) प्रचलित कानून बमोजिम कुनै सदस्य पक्राउ गरिएको सूचना प्राप्त भएमा अध्यक्षले त्यसको जानकारी सभालाई तत्काल दिनुपर्नेछ।

(२) बैठक चालू नरहेको अवस्थामा उपदफा (१) बमोजिमको सूचना प्राप्त भएमा अध्यक्षले सूचनापाटीमा सूचना टाँस गर्न लगाई अन्य सञ्चारका माध्यमबाट त्यसको प्रचार प्रसार समेत गर्न लगाउनु पर्नेछ र बैठक सञ्चालनमा आएपछि सभालाई जानकारी दिनु पर्नेछ।

(३) प्रचलित कानून बमोजिम कुनै सदस्यलाई कुनै फौजदारी कसूरमा पक्राउ गरिएको जानकारी प्राप्त भएमा त्यस्तो सदस्यलाई प्रहरी हिरासतमा रहेको अवस्थामा सभाको सदस्यको हैसियतले कुनै कार्य गर्न वा कुनै अधिकार वा उन्मुक्ति प्राप्त हुने छैन।

(४) कुनै सदस्य उपर प्रचलित कानून बमोजिम फौजदारी कसूरमा पूर्पक्षका लागि थुनामा रहेको अवधिभर त्यस्तो सदस्यलाई अध्यक्षले निलम्बन गर्नुपर्नेछ।

८८. **प्रवेश नियमित गर्ने अधिकारः** (१) सभाको बैठक सामान्यतया खुला रहनेछ।

(२) सभाको काम कारबाही अवलोकन गर्न आउने व्यक्तिहरूको सुविधालाई ध्यानमा राखी प्रवेश नियमित तथा नियन्त्रण गर्ने अधिकार अध्यक्षलाई हुनेछ। त्यसरी प्रवेश नियमित गर्न अध्यक्षले आवश्यकता अनुसार प्रवेशपत्रको व्यवस्था गर्न वा गर्न लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम जारी गरिएको प्रवेशपत्र लिई बैठक भवनभित्र प्रवेश गर्ने व्यक्तिले त्यस्तो प्रवेशपत्रमा उल्लिखित शर्तहरूको पालन गर्नुपर्नेछ र कसैले ती शर्तहरू पालन नगरेमा त्यस्तो व्यक्तिलाई अध्यक्षको आदेशले बैठक भवनबाट बाहिर निकाल्न समेत सकिनेछ।

८९. **बैठकलाई सम्बोधनः** (१) स्थानीय सरकारको अनुरोधमा नेपालको राष्ट्रपति, प्रधानमन्त्री, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रदेश प्रमुख, प्रदेश सरकारको मुख्यमन्त्री, सङ्घीय सरकारका मन्त्री, प्रतिनिधि सभाका उपसभामुख, राष्ट्रिय सभाका उपाध्यक्ष, प्रदेश सभाको सभामुख, प्रदेश सरकारको मन्त्री, सङ्घीय संसदका सदस्य, प्रदेश सभाको उपसभामुख, प्रदेश सभाका सदस्य, जिल्ला समन्वय समितिको प्रमुख तथा उपप्रमुखले सभाको बैठकमा सम्बोधन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सभालाई सम्बोधन गर्ने पदाधिकारीले त्यस्तो बैठकको नियमित कारवाहीमा भाग लिन वा मतदान गर्न पाउने छैन।

(३) उपदफा (१) बमोजिम सम्बोधनका लागि अपनाइने प्रक्रिया अध्यक्षले तोके बमोजिम हुनेछ।

९०. **सभाको कारवाहीको संक्षिप्त विवरण** : सभाको कारवाहीको संक्षिप्त विवरण सदस्यहरूलाई वितरण गर्नु पर्नेछ।

९१. **सचिवको काम गर्न सक्ने** : सचिव अनुपस्थित भएको अवस्थामा यस ऐनमा सचिवले गर्ने भनी तोकिएका कार्यहरू अध्यक्षले तोकेको कार्यपालिकाको वरिष्ठतम् अधिकृत कर्मचारीले गर्नेछ।

९२. **आन्तरिक काम कारवाही मानिने**: यस ऐन बमोजिम सम्पादन गरिने काम कारबाही सभाको आन्तरिक काम कारबाही मानिनेछ। यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन।

९३. **नियम तथा आन्तरिक कार्यविधि बनाउने अधिकार**: (१) सभाले यस ऐनको कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ।

(२) सभाले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बनाउने नियम वा आन्तरिक कार्यविधि सभाको बहुमतद्वारा पारित भएपछि लागू हुनेछ।

९४. बचाऊः यो ऐन लागू हुनु अघि गाउँसभा र नगरसभाले गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

......... गाउँपालिका/ ........... नगरपालिका

...... सभा

**कार्यसूची र समयतालिका**

बैठक सङ्ख्या बैठक स्थानः

अध्यक्षताः

| मिति | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## छलफलको समय तालिका

| मिति | बैठक बस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम | छलफलमा बोल्ने सदस्यको नाम र तोकिएको समय | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

# प्रदेश लोक सेवा आयोग ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०२/२१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८
प्रमाणीकरण मिति २०७८/०९/०१

## प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवा तथा संगठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवारको छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई समायानुकूल रुपान्तरित सक्षम, सुदृढ र सेवामुखी बनाउनका लागि प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकारका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[⊛]लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१
प्रारम्भिक

१. <u>संक्षिप्त नाम, [*].....र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश लोक सेवा आयोग ऐन, "२०७६" रहेको छ।

(२) [*]......

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियार वाला" भन्नाले प्रचलित कानून बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा वा स्थानीय सरकारी सेवाको कुनै पदमा नियुक्ति गर्न सक्ने अधिकारी सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनुपर्छ।

---

[⊛] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

(ग) "आयोग" भन्नाले यस ऐनको दफा ३ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "पदपूर्ति" भन्नाले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदमा खुला प्रतियोगिता तथा बढुवाद्वारा गरिने पदपूर्ति सम्झनुपर्छ।

(च) "प्रदेश निजामती सेवा" भन्नाले प्रदेश प्रहरी सेवा र प्रदेश अन्य सरकारी सेवा तथा प्रदेश निजामती सेवा होइन भनी प्रदेश कानून बमोजिम तोकिएको सेवा बाहेकको प्रदेश सरकारको सेवा सम्झनु पर्छ।

(छ) "प्रदेश प्रहरी सेवा" भन्नाले प्रदेश कानून बमोजिम गठित प्रदेश प्रहरी सेवालाई सम्झनुपर्छ।

(ज) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७६ बमोजिमको प्रदेश सभा सम्झनुपर्छ।

(झ) "प्रदेश सरकार" भन्नाले [*]लुम्बिनी प्रदेशको प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ।

(ञ) "प्रदेश अन्य सरकारी सेवा" भन्नाले प्रदेश निजामती सेवा र प्रदेश प्रहरी सेवा बाहेकका प्रदेश कानून बमोजिम गठन भएका अन्य सरकारी सेवा सम्झनुपर्छ।

(ट) "लोक सेवा आयोग" भन्नाले संविधानको धारा २४२ बमोजिमको लोक सेवा आयोग सम्झनुपर्छ।

(ठ) "सदस्य" भन्नाले प्रदेश लोक सेवा आयोगको सदस्य सम्झनु पर्छ र सो शव्दले प्रदेश लोक सेवा आयोगको अध्यक्ष समेतलाई जनाउँछ।

(ड) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(ढ) "संगठित संस्था" भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथा वा स्वामत्वि वा नियन्त्रण एकल वा संयुक्त रुपमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको भएको प्रदेश स्थित संस्थान,

---

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

कम्पनी, बैंक, समिति वा प्रदेश कानून बमोजिम स्थापित वा प्रदेश सरकार वा स्थानीय तहद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(त) "स्थानीय सरकारी सेवा" भन्नाले संविधानको धारा २८५ को उपधारा (३) बमोजिम स्थानीय तहले कानूनद्वारा गठन गर्ने स्थानीय सेवा सम्झनुपर्छ।

## परिच्छेद-२
## प्रदेश लोक सेवा आयोग

३. **प्रदेश लोक सेवा आयोगः** (१) *लुम्बिनी प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ जसमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहनेछन्।

(२) अध्यक्ष र सदस्यको नियुक्तिका लागि देहाय बमोजिमको सिफारिश समिति रहनेछ :

(क) प्रदेश मुख्य मन्त्री -अध्यक्ष

(ख) प्रदेश सभाको सभामुख -सदस्य

(ग) प्रदेश सभाको विपक्षी दलको नेता -सदस्य

(३) उपदफा (२) बमोजिमको समितिको सिफारिशमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(४) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः—

(क) मान्यताप्राप्त विश्व विद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(५) आयोगका सदस्यहरु मध्ये कम्तीमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरु मध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन्।

(६) आयोगका सदस्यहरुको नियुक्तिको सिफारिस गर्दा आयोगमा कम्तीमा एक जना महिला पर्नेगरी सिफारिश गर्नुपर्नेछ।

(७) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायाधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची बमोजिमको ढाँचामा सपथ लिनुपर्नेछ।

(८) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ।

तर, कुनै सदस्य अध्यक्षको पदमा नियुक्ति भएमा निजको पदावधि गणना गर्दा निज सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ :—

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैसट्ठी वर्ष पूरा भएमा,

(ग) निज विरुद्ध संविधान र प्रचलित कानूनको गम्भीर उल्लंघन गरेको, कार्य क्षमताको अभाव वा खराव आचरण भएको वा इमानदारी पूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचार संहिताको गम्भीर उल्लंघन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेको आधारमा प्रदेश सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले पेश गरेको अभियोगको प्रस्ताव सो सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतले पारित गरेमा,

(घ) निज शारीरिक वा मानसिक अस्वस्थताको कारण सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको प्रतिवेदनको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा र

(ङ)  निजको मृत्यु भएमा।

(१०)  उपदफा (९) को देहाय (ग) बमोजिमको अभियोगको प्रस्ताव सम्बन्धी अन्य व्यवस्था प्रदेश सभा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(११) आयोगका अध्यक्ष तथा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्तिका लागि ग्राह्य हुने छैन।

तर, संवैधानिक निकायको पदाधिकारीको पदमा नियुक्ति हुन,आयोगको सदस्य भएको व्यक्ति सोही आयोगको अध्यक्षमा नियुक्ति हुन वा कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानवीन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्ति भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन।

४. <u>सदस्यको पारिश्रमिक र सेवाका शर्त</u>:(१) आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्त प्रदेश कानून बमोजिम हुनेछ। आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्नेगरी पारिश्रमिक र सेवाका शर्त परिवर्तन गरिने छैन।

तर चरम आर्थिक विश्रृंखलताका कारण संकटकाल घोषणा भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सो उपदफा बमोजिमको कानून बनी लागु नभएसम्मका लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निर्धारण गरे बमोजिमको पारिश्रमिक, सेवाको शर्त र सुविधा दिइनेछ।

५. <u>आयोगको कार्यालयको स्थापना</u>: (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आयोगको एक कार्यालय रहेनछ।

(२) उपदफा (१) बमोजिमको कार्यालयको मुकाम प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ।

(३) आयोगको संगठन संरचना र कर्मचारीको दरवन्दी प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

६. <u>आयोगको बैठक</u>: (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सम्पूर्ण काम आयोगको निर्णय बमोजिम हुनेछ।

(२) आयोगका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपस्थित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) कम्तीमा दुई जना सदस्यहरु उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ।

(४) आयोगको बैठकमा सामान्यता बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गर्नेछ।

(६) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>आयोगको काम, कर्तव्य र अधिकार</u>: (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(४) संगठित संस्थाको सेवाका कर्मचारीहरुको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाको पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(५) निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन।

(६) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती [+]सेवा र स्थानीय तहको सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) प्रदेश निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

---

[+] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा थपिएको

(ग) प्रदेश सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ती गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश सरकारी सेवाको पदमा वा अन्य सरकारी सेवाबाट प्रदेश निजामति सेवामा सरुवा वा बढुवा गर्दा वा कुनै प्रदेशको सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा र

(च) प्रदेश सरकारी सेवाको र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(७) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्नेगरी प्रत्यायोजन गर्न सक्नेछ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. <u>कार्य विभाजनः</u> अध्यक्ष र सदस्यको कार्य विभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>कार्यवाहक भई काम गर्ने</u>ः कुनै कारणबश अध्यक्षको पद रिक्त भएमा वा निज सात दिनभन्दा बढी आयोगमा अनुपस्थित रहेको अवस्थामा आयोगको वरिष्ठतम सदस्यले आयोगको कार्यबाहक अध्यक्ष भई काम गर्नेछ।

१०. <u>कर्मचारी सम्बन्धी व्यवस्थाः</u> (१) आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने स्वीकृत दरबन्दी अनुसारको कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) आयोगमा कार्यरत कर्मचारीलाई प्रचलित कानून बमोजिमको अवधि पूरा नहुँदै अन्य कार्यालयमा सरुवा गर्दा आयोगको सहमति लिनु पर्नेछ।

(३) आयोगको दरबन्दी स्वीकृत नभएसम्म प्रदेश सरकारले आयोगमा आवश्यक कर्मचारी कामकाज गर्न खटाउनेछ।

## परिच्छेद-३

## शैक्षिक योग्यता तथा पाठयक्रम

११. **शैक्षिक योग्यता निर्धारणः** (१) प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थामा पूर्ति गरिने पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता सम्बन्धित सेवा, शर्त सम्बन्धी कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम शैक्षिक योग्यता निर्धारण गर्नु अघि सम्बन्धित निकायले आयोगको परामर्श लिनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उम्मेदवारले कुनै विश्वविद्यालय वा शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यता सम्बन्धित सेवा, समूह वा उपसमूहको कुनै पदको लागि निर्धारण गरिएको शैक्षिक योग्यता सरह छ छैन भन्ने सम्बन्धमा आयोगले निर्णय गरे बमोजिम हुनेछ।

१२. **पाठयक्रम निर्माणः** (१) आयोगले लिने परीक्षाको पाठयक्रम, अङ्कभार, उत्तीर्णाङ्क, परीक्षण विधि नतिजा प्रकाशन र तत् सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम लिने परीक्षाको पाठयक्रम, अंकभार, उत्तीर्णाङ्क र तत् सम्बन्धी अन्य व्यवस्था निर्धारण गर्दा आयोगले सम्बन्धित मन्त्रालय, सचिवालय, स्थानीय तह र सम्बन्धित विषयको शैक्षिक संस्था तथा विशेषज्ञसँग परामर्श लिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम पाठ्यक्रम निर्माणका लागि आयोगले पाठ्यक्रम निर्धारण समिति गठन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम पाठ्यक्रम निर्माण गर्दा आवश्यकता अनुसार सम्बन्धित पदको कार्य विवरण र शैक्षिक योग्यता समेतलाई आधार लिई पाठ्यक्रम लागु हुने मिति, प्रत्येक विषयको पूर्णाङ्क, उत्तीर्णाङ्क, परीक्षा प्रणाली, परीक्षाको माध्यम (भाषा), प्रश्नको अंकभार र समय समेतका विषयहरु समावेश गरिनेछ।

## परिच्छेद-४

## उम्मेदवार छनौट सम्बन्धी व्यवस्था

१३. **उम्मेदवार छनौट गर्ने तरिकाः** (१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्दा लिखित परीक्षाका अतिरिक्त देहायको कुनै एक वा एकभन्दा बढी तरिका अपनाउन सक्नेछः-

(क) प्रयोगात्मक परीक्षा,

(ख) सीप परिक्षण,

(ग) अन्तर्वार्ता र

(घ) आयोगले समय समयमा तोकेका अन्य तरिका।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले संचालन गर्नेछ।

(३) आयोगले संचालन गर्ने लिखित परीक्षाको माध्यम भाषा संघीय सरकारी काम काजको भाषा हुनेछ।

(४) उपदफा (३) मा लेखिएको भाषाका अतिरिक्त अङ्ग्रेजी वा प्रदेश कानून बमोजिम निर्धारण गरिएको सरकारी कामकाजको भाषा समेत परीक्षाको माध्यम भाषा हुन सक्नेछ।

१४. <u>पदपूर्तिको मागः</u> (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदपूर्तिका लागि सम्बन्धित निकायले आयोगले निर्धारण गरे बमोजिमको माग फाराममा रिक्त पदको सेवा, समूह, उपसमूह, पदसंख्या, कार्य विवरण र न्यूनतम योग्यता समेत उल्लेख गरी आयोगमा पठाउनु पर्नेछ।

(२) पदपूर्तिको माग सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

१५. <u>पद संख्या निर्धारणः</u> (१) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्दा त्यस्तो सेवाको शर्त सम्बन्धी कानूनमा पदपूर्तिका लागि उल्लेख भएको प्रतिशत बमोजिम पद संख्या निर्धारण गरी प्रतियोगिता वा बढुवाद्वारा पूर्ति गरिने पदसंख्या निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कानून नबनेसम्म त्यस्तो पद संख्या प्रचलित कानूनको सिद्धान्त र मापदण्ड बमोजिम आयोगले निर्धारण गर्न सक्नेछ।

१६. <u>विज्ञापन प्रकाशन गर्नेः</u> (१) आयोगले रिक्त पदपूर्ति गर्नको लागि कार्य तालिका बनाई विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(२) दफा १५ बमोजिम पद संख्या निर्धारण भएपछि आयोगले प्रतियोगिता तथा बढुवाद्वारा पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित विज्ञापन अनुसार लिइने परीक्षाको तरीका, परीक्षा दस्तुर, दरखास्तको ढाँचा र परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम विज्ञापन प्रकाशन गर्दा आयोगले कम्तीमा प्रदेश स्तरका दैनिक समाचारपत्र, आयोगको वेभ साइट वा आवश्यकता अनुसार सञ्चारका अन्य माध्यम मार्फत विज्ञापन प्रकाशन गर्नु गराउनु पर्नेछ।

१७. **दरखास्त फाराम उपर छानविन गर्नेः** (१) दफा १६ बमोजिम प्रकाशित विज्ञापन अनुसार आयोगमा प्राप्त दरखास्त फाराम विज्ञापनमा उल्लेख भए बमोजिम रित पुगे नपुगेको रुजु गर्दा रीत पूर्वकको देखिएमा सो दरखास्त स्वीकृत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त फाराम उपर छानविन गर्दा म्यादभित्र प्राप्त नभएको वा न्यूनतम योग्यता नपुगेको वा विज्ञापनमा उल्लिखित विवरण नखुलाएको वा नमिलेको, परीक्षा दस्तुर नबुझाएको वा अन्य रीत नपुगेको पाइएमा त्यस्तो दरखास्त फाराम उपर कुनै कारवाही गरिने छैन।

(३) कुनै पनि उम्मेदवारको दरखास्त फाराम शर्त राखी स्वीकृत गरिने छैन।

१८. **दरखास्त अस्वीकृत गर्न सक्नेः**(१) दफा १६ बमोजिम आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिम कुनै उम्मेदवारले पेश गरेको दरखास्त तोकिएको ढाँचा बमोजिम नभएको, रित नपुगेको वा निजको योग्यता आयोगले निर्धारण गरे बमोजिमको नदेखिएमा त्यस्तो व्यक्तिको दरखास्त फाराम आयोगले जुनसुकै वखत अस्वीकृत गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त अस्वीकृत भएमा सो को कारण सहितको जानकारी आयोगले उम्मेदवारलाई दिनुपर्नेछ र आयोगको वेभ साइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

१९. **विज्ञापन वा परीक्षा रद्द गर्न सक्नेः** (१) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको पदपूर्ति गर्नु नपर्ने वा पद आवश्यक नभएको भनी परीक्षा सञ्चालन हुनु अगाडि सम्बन्धित निकायले त्यस्तो विज्ञापन रद्द गर्न कारण सहित लिखित अनुरोध गरेमा आयोगले त्यस्तो विज्ञापन रद्द गर्न वा गराउन सक्नेछ।

(२) परीक्षा सञ्चालन गरेको केन्द्रमा कुनै किसिमको अनियमितता भएमा वा कुनै बाधा अवरोध उत्पन्न भई आंशिक वा पूर्णरूपले परीक्षा सञ्चालन हुन नसकेमा आयोगले त्यसको कारण खुलाई उक्त दिनको परीक्षा वा सम्बन्धित विज्ञापनको परीक्षा आंशिक वा पूर्ण रुपमा रद्द गर्न सक्नेछ।

२०. **परीक्षा दस्तुर फिर्ता पाउनेः** दफा १८ बमोजिम दरखास्त अस्वीकृत भएमा वा दफा १९ बमोजिम विज्ञापन रद्द भएमा त्यस्तो विज्ञापनको लागि आयोगले लिएको परीक्षा दस्तुर सम्बन्धित व्यक्तिको बैंक खातामा जम्मा गरिदिनु पर्ने छ।

२१. **प्रश्न पत्र निर्माणः** (१) आयोगले सञ्चालन गर्ने परीक्षाको लागि आवश्यक पर्ने प्रश्न पत्रको निर्माण, परिमार्जन र भण्डारण आयोगले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रश्न निर्माण वा परिमार्जन गर्ने विषय विज्ञको योग्यता, निजले पालना गर्नुपर्ने शर्त एवम् अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) आयोगले परीक्षाको लागि प्रश्नको निर्माण वा परिमार्जन गर्दा सम्बन्धित विषयका दक्ष वा विशेषज्ञद्वारा गराउनु पर्नेछ।

२२. **विभिन्न चरणमा परीक्षा लिन सकिनेः** (१) आयोगले परीक्षा लिने विभिन्न सेवाका पदमध्ये आयोगले तोकेको कुनै सेवा, समूह तथा उपसमूहको कुनै पदको लागि संयुक्त वा छुट्टाछुट्टै वा विभिन्न चरणमा परीक्षा लिन सक्नेछ।

(२) आयोगले प्रदेश प्रहरी सेवा, अन्य सरकारी सेवा र संगठित संस्थाको सेवाको पदमा पदपूर्ति गर्न लिइने लिखित परीक्षा संचालन गरी सोको नतिजा प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिम लिने लिखित परीक्षामा उम्मेदवार संख्याको आधारमा आयोगले पूर्व योग्यता परीक्षा लिन सक्नेछ।

(४) उपदफा (१)(२) र (३) बमोजिम परीक्षा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **उत्तर पुस्तिकाको ढाँचा र सङ्केत नम्बरः**(१) आयोगले लिने लिखित वा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि तोकिए बमोजिम उत्तर पुस्तिकामा सङ्केत नम्बर राख्नु पर्नेछ।

(२) विद्युतीय प्रणालीबाट उत्तरपुस्तिका परीक्षण गर्ने प्रयोजनका लागि उत्तर पुस्तिकामा बारकोडको प्रयोग गर्न सकिनेछ र त्यसरी बारकोडको प्रयोग भएमा छुट्टै संकेत नं. राख्नु पर्ने छैन।

(३) आयोगले संचालन गर्ने लिखित परीक्षाको उत्तर पुस्तिकाको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२४. **उत्तर पुस्तिका परीक्षणः** (१) दफा २३ बमोजिम उत्तर पुस्तिकामा सङ्केत नम्बर राखी सकेपछि विषय विज्ञद्वारा उत्तर पुस्तिकाको परीक्षण गराउनु पर्नेछ।

(२) उत्तर पुस्तिकाको परीक्षण गर्ने विषय विज्ञको योग्यता, पालना गर्नु पर्ने शर्त वा उत्तर पुस्तिका परीक्षण गर्ने स्थान सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(३) दफा २३ बमोजिम तोकिएको ढाँचा विपरीतको उत्तर पुस्तिका परीक्षण गरिने छैन।

(४) दफा २३ बमोजिम विषय विज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तर पुस्तिका रुजु गर्नु पर्नेछ।

(५) आयोगले आवश्यक देखेमा सम्बन्धित विषयको विशेषज्ञबाट परीक्षण भई प्राप्त भएका उत्तर पुस्तिका मध्ये सबै वा केही उत्तर पुस्तिका सम्परीक्षण गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिम उत्तरपुस्तिका सम्परीक्षण गर्दा विषय विज्ञले पालना गर्नु पर्ने शर्तहरु पालना भएको नपाइएमा त्यस्ता उत्तर पुस्तिकाको पुनः परीक्षण गराउनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि उत्तर पुस्तिकाको पुनः परीक्षण गरिने छैन।

२५. <u>सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन</u>ः (१) आयोगले आवश्यकतानुसार सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कनका लागि आयोगका सदस्यको अध्यक्षतामा सम्बन्धित विषयको विज्ञ र अन्य एकजना व्यक्ति सदस्य रहेको मूल्याङ्कन समिति गठन गर्न सक्नेछ।

तर सहायक स्तरको पदका लागि लिइने सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्यांकन गर्न आयोगका अधिकृत स्तरका कर्मचारीको अध्यक्षतामा समिति गठन गर्न बाधा पर्नेछैन।

(२) सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन सम्बन्धी तरिका र विधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

२६. <u>लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा</u>: (१) आयोगले लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन गर्दा त्यस्तो परीक्षामा उत्तीर्ण भएका उम्मेदवार मध्ये रिक्त पदको अनुपातमा तोकिए बमोजिमको संख्यामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको वर्णानुक्रम अनुसार नाम, थर र रोल नम्बर समेत उल्लेख गरी नतिजा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा अन्तर्वार्ता तथा विभिन्न चरणमा लिइने अन्य परीक्षाको कार्यक्रम र मिति समेत उल्लेख गर्नु पर्नेछ।

(३) लिखित परीक्षाको नतिजा प्रकाशन भएको मितिले कम्तीमा पन्ध्र दिन पछि र बढीमा तीन महिना भित्र सिफारिस गरिसक्ने गरी अन्तर्वार्ता कार्यक्रम तोक्नु पर्नेछ।

२७. <u>पुनर्योग</u>: (१) आयोगले सञ्चालन गरेको लिखित परीक्षाको नतिजा प्रकाशन भएपछि कुनै उम्मेदवारले आफ्नो लिखित परीक्षाको कुनै एक वा एक भन्दा बढी पत्रको पुनर्योग गरी पाउँ भनी पुनर्योग गर्नु पर्ने पत्र उल्लेख गरी सो पदका लागि तोकिएको परीक्षा दस्तुरको आधा दस्तुर संलग्न गरी लिखित परीक्षाको नतिजा प्रकाशन भएको सात दिनभित्र आयोगमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा त्यस्तो लिखित परीक्षाको नतिजा प्रकाशनमा संलग्न बाहेक अन्य कर्मचारीबाट प्राप्ताङ्कको पुनर्योग गरी सोको नतिजा १५ दिनभित्र सार्वजनिक गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्योग गर्दा निवेदकको नाम लिखित परीक्षाको नतिजामा समावेश गर्नुपर्ने देखिएमा लिखित परीक्षाको नतिजामा समावेश गरी संशोधित सूचना प्रकाशन गर्नु पर्नेछ।

२८. <u>अन्तर्वार्ता समिति गठन</u>: (१) आयोगले पदपूर्तिका लागि उम्मेदवारको छनौट गर्न तोकिए बमोजिम अन्तर्वार्ता समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा अध्यक्ष वा निजले तोकेको सदस्यको अध्यक्षतामा गठन गर्नुपर्नेछ।

तर सहायक स्तरको पद पूर्ति गर्न आयोगको अधिकृत स्तरको कर्मचारीको अध्यक्षतामा अन्तर्वार्ता समिति गठन गर्न बाधा पर्नेछैन।

(३) यस दफा बमोजिमको अन्तर्वार्ता समितिमा सम्बन्धित क्षेत्रको एक जना विषय विज्ञ रहने गरी गठन गर्नुपर्नेछ।

(४) अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. <u>अन्तिम नतिजा प्रकाशन गर्ने</u>: (१) आयोगले पदपूर्तिका लागि लिइने उम्मेदवारको छनौटसम्बन्धी परीक्षामा सम्पूर्ण प्रक्रिया सम्पन्न भएपछि सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारको रोल नम्बर, नाम, थर, बाबु, आमाको नाम, थर, ठेगाना र सिफारिस गरिएको निकाय समेत उल्लेख गरी योग्यता क्रम अनुसार खुला र समावेशी तर्फ समेतको अन्तिम नतिजा प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम नतिजा प्रकाशन गर्दा तोकिए बमोजिमको संख्यामा वैकल्पिक उम्मेदवारको सूची र अन्तर्वार्तामा छनौट हुन नसकेका न्यूनतम उत्तीर्णाङ्क प्राप्त गरेका उम्मेदवार मध्ये तोकिएको संख्यामा अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिमको वैकल्पिक सूची सोही पदको अर्को परीक्षा नभएसम्म र अस्थायी सूची सोही पदको अर्को अस्थायी सूची प्रकाशन नभएसम्म कायम रहनेछ।

३०. <u>एकमुष्ट योग्यता क्रमको सूची प्रकाशन गर्ने:</u> दफा २९ बमोजिम योग्यता क्रमको सूची प्रकाशन गर्दा एउटै परीक्षाको माध्यमबाट सिफारिस हुने आन्तरिक, खुला तथा समावेशी समूहका उम्मेदवारले प्राप्त गरेको कूल अंकको आधारमा सेवा, समूह, उप-समूहको एकमुष्ट योग्यता क्रम सूची समेत तयार गरी प्रकाशन गर्नु पर्नेछ।

३१. <u>नियुक्तिको सिफारिशः</u>(१) दफा २९ बमोजिम नतिजा प्रकाशन गर्दा आयोगले लिएको समान स्तरको एक भन्दा बढी पदको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई दोहोरो नपर्ने गरी विज्ञापनको क्रम अनुसार सिफारिश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिश गर्दा योग्यताक्रम अनुसार नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सिफारिश गर्ने प्रयोजनका लागि लिखित परीक्षामा छनोट भएका उम्मेदवारलाई अन्तर्वार्ता हुनु भन्दा अगाडि तोकिए बमोजिम सिफारिश हुने कार्यालय रोज्न लगाउनु पर्नेछ।

(४) यस दफा बमोजिम प्रतियोगिताको आधारमा हुने बढुवाको योग्यता क्रम सूची प्रकाशन गर्नु अगाडि कुनै उम्मेदवार उपर बढुवाको उम्मेदवार हुन नपाउने गरी विभागीय सजाय भएको आधिकारिक जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको नाम हटाई योग्यता क्रम सूची प्रकाशन गर्नु पर्नेछ।

(५) योग्यता क्रमको सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(६) आयोगले नियुक्तिका लागि अख्तियारवाला समक्ष सिफारिस पठाउँदा सम्बन्धित उम्मेदवारले बुझाएको एक प्रति दरखास्त फाराम र सोसाथ पेश भएका प्रमाण-पत्रका एक/एक प्रति प्रमाणित प्रतिलिपि समेत पठाउनु पर्नेछ।

३२. **वैकल्पिक उम्मेदवार सिफारिस** (१) दफा ३१ बमोजिम सिफारिश गरिएको उम्मेदवारमध्ये कुनै उम्मेदवारको नियुक्तिको सिफारिश दफा ४५ बमोजिम वदर भएमा वा अन्य कुनै कारणले उक्त पद आयोगले सिफारिश गरेको मितिले एक वर्ष भित्र रिक्त भएमा आयोगले योग्यता क्रम अनुसार वैकल्पिक उम्मेदवारलाई नियुक्तिको लागि सिफारिश गर्नु पर्नेछ।

(२) आयोगले अस्थायी नियुक्तिका लागि सिफारिश गर्दा वैकल्पिक सूचीमा समावेश भई स्थायी नियुक्ति हुन नसकेका उम्मेदवारलाई पहिलो योग्यता क्रमको सूचीमा समावेश गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्नुपर्ने अवस्था परेमा अख्तियारवालाले पद रिक्त भएको मितिले सात दिनभित्र आयोगलाई जानकारी दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि पद रिक्त भएको सात दिन भित्र जानकारी दिन नसकेको मनासिव कारण सहित अख्तियारवालाबाट लेखी आएमा आयोगले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यता क्रम अनुसार नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

तर, आयोगले नियुक्तिका लागि सिफारिस गरेको एक वर्ष पछिलेखी आएमा वैकल्पिक उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरिने छैन।

(५) उम्मेदवारको नियुक्तिको सिफारिश सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **अस्थायी नियुक्तिका लागि सिफारिस गर्नेः** (१) सेवा, समूह तथा उप-समूहसँग सम्बन्धित प्रचलित कानून बमोजिम अस्थायी नियुक्तिका लागि आयोगमा माग भई आएमा आयोगले बैकल्पिक उम्मेदवारको सूचीमा नाम समावेश भई स्थायी नियुक्ति हुन नसकेका र अस्थायी उम्मेदवारको सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट योग्यता क्रमको आधारमा सिफारिस गर्नेछ।

(२) बैकल्पिक तथा अस्थायी सूचीमा समावेश भएका उम्मेदवारको सङ्ख्या भन्दा अस्थायी नियुक्तिको लागि माग भएको सङ्ख्या बढी भएमा आयोगले सोभन्दा अघिल्लो विज्ञापनमा बैकल्पिक तथा अस्थायी सूचीमा रहेको उम्मेदवारलाई समेत अस्थायी नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

(३) यस दफा बमोजिम अस्थायी नियुक्तिको लागि सिफारिस गर्दा उक्त पदमा स्थायी पदपूर्ति नभएसम्मका लागि बढीमा छ महिनासम्मको लागि सिफारिस गर्नुपर्नेछ।

## परिच्छेद-५

## परामर्श सम्बन्धी व्यवस्था

३४. **परामर्श दिनेः** (१) दफा ७ बमोजिम आयोगसँग परामर्श माग गरिएको विषयमा आयोगले तोकिए बमोजिमको समयमा परामर्श दिनेछ।

(२) आयोगले परामर्श दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

३५. **आयोगको परामर्श कार्यान्वयनः** (१) आयोगले दिएको परामर्श कार्यान्वयन गर्ने गराउने दायित्व परामर्श माग गर्ने अधिकारीको हुनेछ।

(२) कुनै विशेष कारण वा परिस्थिति परी आयोगले दिएको परामर्श कार्यान्वयन गर्न सकिने अवस्था नभएमा त्यसको मनासिव कारण खोली परामर्श माग गर्ने अधिकारीले पुनर्विचारको लागि आयोग समक्ष लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पुनर्विचारको लागि लेखी आएमा आयोगलाई आफूले दिएको परामर्श पुनर्विचार गर्नुपर्ने पर्याप्त आधार, कारण र औचित्य रहेको भन्ने लागेमा आयोगले तत्सम्बन्धमा पुनः परामर्श दिन सक्नेछ।

(४) विभागीय सजाय सम्बन्धमा आयोगबाट प्राप्त परामर्श आयोगले तोकेको अवधिभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिनुपर्नेछ।

३६. **स्थायी नियुक्ति वदर हुने :** प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक आयोगको परामर्श बिना भएको स्थायी नियुक्ति स्वतः वदर हुनेछ।

## परिच्छेद-६

## कसुर र सजाय

३७. **कामबाट हटाउनेः** (१) यस ऐन बमोजिमको परीक्षा सञ्चालनमा संलग्न कर्मचारी वा व्यक्तिले परीक्षा केन्द्रमा कुनै अनियमित काम कारवाही गरेमा त्यस्तो कर्मचारी वा व्यक्तिलाई तत्काल कामबाट हटाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिलाई आयोगले अभिलेख राखी भविष्यमा आयोगबाट सञ्चालन हुने कुनै पनि परीक्षा सम्बन्धी काममा संलग्न हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारी वा व्यक्तिको विवरण आयोगले आफ्नो वेभ साईटमा प्रकाशन गर्नेछ।

३८. <u>रोक लगाउन सक्नेः</u> (१) कुनै उम्मेदवारले कुनै परीक्षा केन्द्रमा होहल्ला गरी परीक्षा सञ्चालनमा बाधा अवरोध पुर्‍याएमा वा तोकिएको परीक्षा सम्बन्धी शर्त र मर्यादाको उल्लङ्घन गरेमा त्यस्तो उम्मेदवारलाई केन्द्राध्यक्षले तत्काल परीक्षा केन्द्रबाट निष्काशन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निष्काशन गरिएको व्यक्तिलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा एक वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(३) परीक्षा केन्द्रमा चिट चोर्ने वा चोराउने, अर्काको नक्कल गर्ने वा गराउने, विद्युतीय उपकरणको प्रयोग गरी परीक्षामा अनियमित काम गर्ने वा आयोगले तोकेको शर्तको उल्लघंन गर्ने उम्मेदवारलाई आयोगले आयोगद्वारा लिइने परीक्षामा दुई वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) कुनै परीक्षार्थीले आफ्नो उत्तर पुस्तिका नबुझाई आफू साथ लिई गएमा वा आयोगले फिर्ता गर्नु पर्ने भनी तोकेका प्रश्न पत्र फिर्ता नबुझाएमा वा कसैले त्यस्तो प्रश्नको प्रतिलिपि बनाई वा विद्युतीय उपकरणबाट सार्वजनिक गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा तीन वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(५) आयोगले परीक्षा सञ्चालन गरिरहेको परीक्षा केन्द्रमा आयोगले तोकेको परीक्षा समयमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना कसैले प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा चार वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

(६) कसैले आयोगले परीक्षा सञ्चालन गर्ने परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा लिन प्रयत्न गरेमा, अर्काको नामबाट परीक्षा दिएमा वा दिन लगाएमा वा परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा पुऱ्याउने प्रयत्न गरेमा आयोगले त्यस्तो व्यक्तिलाई आयोगद्वारा लिइने परीक्षामा पाँच वर्षसम्म उम्मेदवार हुन नपाउने गरी रोक लगाउन सक्नेछ।

३९. <u>कसूर र सजाय</u> (१) कसैले आयोगले परीक्षा सञ्चालन गर्ने परीक्षा केन्द्र नियन्त्रणमा लिएमा वा लिन प्रयत्न गरेमा, अर्काको नामबाट परीक्षा दिएमा वा दिन लगाएमा, आयोगले तोकेको परीक्षा समयमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गरेमा वा प्रवेश गर्ने प्रयत्न गरेमा वा परीक्षा सञ्चालनमा बाधा अवरोध पुऱ्याएमा वा पुर्‍याउने प्रयत्न गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

(२) उपदफा (१) बमोजिम कसूर गर्ने वा गर्न लगाउने व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ।

४०. प्रचलित कार्यविधि बमोजिम हुनेः दफा ३९ बमोजिमको मुद्दाको कारवाही र किनारा प्रचलित कार्यविधि कानून बमोजिम हुनेछ।

## परिच्छेद-७

## विविध

४१. अनुगमन तथा निरीक्षणः (१) आयोगले देहायका विषयमा अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ :-

(क) प्रदेश सरकारका विभिन्न मन्त्रालय, सचिवालय, निर्देशनालय, कार्यालयले नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा संविधान तथा प्रचलित कानून र आयोगले दिएको परामर्श पालना गरेको वा नगरेको,

(ख) प्रदेश प्रहरी र अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको,

(ग) सङ्गठित संस्थाको कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून बनाउँदा, तथा त्यस्तो सेवाका पदमा बढुवा गर्दा र कर्मचारीलाई विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगले दिएको परामर्श पालना भए नभएको,

(२) उपदफा (१) बमोजिम आयोगले अनुगमन तथा निरीक्षण गर्ने वा गराउने प्रयोजनको लागि आयोग वा प्रदेश सरकारका अधिकृत स्तरका कर्मचारीलाई खटाउन सक्नेछ।

(३) अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४२. काम कारवाही सच्याउन वा बदर गर्न सक्नेः (१) संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने विषयमा आयोगको परामर्श नलिई कुनै कारवाही भए गरेमा आयोगले त्यस्तो काम कारबाही बदर गर्न सक्नेछ।

(२) दफा ४१ बमोजिम अनुगमन वा निरीक्षण गर्दा वा गराउँदा संविधान, यो ऐन, अन्य प्रचलित कानून तथा आयोगले निर्धारण गरे बमोजिमको कार्यविधि र शर्त पूरा

नगरी कुनै कर्मचारीलाई नियुक्ति, बढुवा वा विभागीय कारवाही गरेको पाइएमा त्यस्तो नियुक्ति, बढुवा वा विभागीय कारवाही सच्याउन वा बदर गर्न आदेश दिन सक्नेछ।

(३) आयोगले प्रकाशन गरेको विज्ञापन बमोजिमको परीक्षामा वा आयोगले सञ्चालन गरेको परीक्षामा उम्मेदवार हुन कुनै व्यक्तिले पेश गरेको कुनै विवरण झुट्टा वा गलत देखिन आएमा आयोगले त्यस्तो उम्मेदवारको दरखास्त, परीक्षा, अन्तर्वार्ता वा नियुक्तिको सिफारिस बदर गर्नेछ र निजले नियुक्ति पाइसकेको भए प्रचलित कानून बमोजिम आवश्यक कारवाही चलाउन सम्बन्धित निकायमा लेखी पठाउने छ।

(४) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम नियुक्त हुने पदमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि वा आयोगले तोकेको शर्त पूरा नगरी व्यक्तिलाई नियुक्ति गरेको पाइएमा आयोगले त्यस्तो नियुक्तिलाई जुनसुकै बखत बदर गर्न सक्नेछ।

४३. <u>वार्षिक प्रतिवेदनः</u> (१) आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) उम्मेदवार छनौट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्यात्मक विवरण,

(ख) विभिन्न निकायलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ग) प्रदेश निजामती सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(घ) विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श त्यस्तो परामर्श कार्यान्वयनको अवस्था,

(ङ) प्रदेश निजामती सेवा तथा अन्य सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायत आयोगले आवश्यक देखेका अन्य विषय।

४४. <u>सुझाव दिन सक्नेः</u> (१) आयोगको काम कारवाहीको सिलसिलामा वा आयोगले गरेको अध्ययन वा अनुसन्धानको आधारमा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा,

स्थानीय सरकारी सेवा वा सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाको शर्त सम्बन्धी कानूनमा सुधार गर्न आवश्यक देखिएमा आयोगले सम्बन्धित निकायलाई सुझाव दिन सक्नेछ।

(२) आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा वा सङ्गठित संस्थाको सेवासँग सम्बन्धित निकायको व्यवस्थापनलाई स्वच्छ, निष्पक्ष, सक्षम, कार्यमूलक र प्रभावकारी बनाउन उक्त निकायलाई समय समयमा आवश्यक सुझाव दिन सक्नेछ।

४५. **विभागीय सजायका लागि लेखी पठाउन सक्ने:** (१) दफा ३७ को उपदफा (१) बमोजिम कामबाट हटाइएको कर्मचारीलाई आयोगले विभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(२) दफा ३८ बमोजिमको कसूर निजामती सेवा, नेपाल प्रहरी, अन्य सङ्घीय सरकारी सेवा वा सङ्गठित संस्थाका कर्मचारीले गरेमा त्यस्तो कर्मचारीलाई विभागीय कारबाहीका लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम विभागीय कारवाहीका लागि लेखी आएमा अख्तियारवालाले तीन महिना भित्र सम्बन्धित कर्मचारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ।

४६. **नियुक्ति रद्द हुने:** कसैले आफ्नो सट्टा अन्य कुनै व्यक्तिलाई परीक्षा दिन लगाएमा निजले परीक्षा दिएको सम्बन्धित विज्ञापनको सम्पूर्ण विषयको परीक्षा निजको हकमा स्वतः रद्द हुनेछ र त्यसरी दिएको परीक्षाको आधारमा सिफारिस भई कुनै व्यक्तिले नियुक्ति पाएको भएमा त्यस्तो नियुक्ति जुनसुकै बखत बदर हुनेछ।

४७. **विषय विज्ञको सेवा लिन सक्ने:** (१) आयोगले सम्पादन गर्नुपर्ने कामका लागि सम्बन्धित विषयको विषय विज्ञको वा विशिष्टीकृत निकायको सेवा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सेवा लिने प्रयोजनको लागि विषय विज्ञको वा विशिष्टीकृत निकायको मनोनयन वा छनौट अध्यक्षले गर्नेछ।

(३) उपदफा (१) बमोजिम सेवा लिए बापत सम्बन्धित विषय विज्ञको वा विशिष्टीकृत निकायलाई आयोगले निर्धारण गरे बमोजिमको पारिश्रमिक, सुविधा तथा सेवा शुल्क दिइनेछ।

४८. **खर्च गर्न सक्ने:** प्रदेश सरकारले आयोगको लागि बजेट मार्फत छुट्याएको रकम प्रचलित कानून बमोजिम आयोगले खर्च गर्न सक्नेछ।

४९. <u>दस्तुर वा शुल्कः</u> (१) प्रदेश सेवा, स्थानीय सेवा र संगठित संस्थाको सेवामा खुला प्रतियोगिता, अन्तरसेवा प्रतियोगिता वा बढुवाद्वारा पदपूर्ति गर्दा लिइने परीक्षाको दस्तुर आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

(२) यस ऐनमा अन्यत्र उल्लेख गरिएको अतिरिक्त आयोगको काम कारवाहीका सम्बन्धमा आयोगले आवश्यक दस्तुर वा शुल्क तोक्न सक्नेछ।

५०. <u>समन्वय र सहयोगः</u> आयोगले समान उद्देश्यले स्थापना भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग समन्वय वा आपसी सम्बन्ध र सहयोग लिन सक्नेछ।

५१. <u>आयोगको प्रतिनिधिः</u> प्रदेश प्रहरी, प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको सेवामा पदपूर्तिको लागि गठन हुने सेवा आयोग वा समितिमा आयोगको प्रतिनिधि रहनेछ।

५२. <u>लिखतको गोपनीयताः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले सञ्चालन गर्ने परीक्षासँग सम्बन्धित लिखत तथा कागजात गोप्य रहनेछ। अदालतको आदेश भएकोमा बाहेक त्यस्ता कागजात सार्वजनिक गर्न आयोग बाध्य हुनेछैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले निर्धारण गरे बमोजिमका परीक्षा सम्बन्धी कागजात वा विवरण सम्बन्धित व्यक्तिलाई दिन वा सार्वजनिक गर्न वा धुल्याउन सकिनेछ।

५३. <u>अधिकार प्रत्यायोजनः</u> (१) आयोगले यस ऐनको दफा (७) बमोजिमको आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त निर्धारण गरी तोकिए बमोजिम प्रत्यायोजन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

५४. <u>उजूरीः</u> (१) आयोगद्वारा प्रत्यायोजित अधिकार बमोजिम काम गर्ने अधिकारीले गरेको काम कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले सो काम कारवाही भए गरेको मितिले पैतीस दिनभित्र आधार र कारण खोली आयोग समक्ष उजूरी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी पर्न आएमा आयोगले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी उपयुक्त निर्णय गर्नेछ।

५५. <u>आयोग र लोक सेवा आयोगको सम्बन्धः</u> (१) आयोग र लोक सेवा आयोग बीच समन्वयात्मक सम्बन्ध रहनेछ।

(२) आयोगको काम कारवाहीलाई प्रभावकारी बनाउन लोक सेवा आयोग र आयोगका अध्यक्ष र सदस्यबीच समय समयमा गरिने छलफलमा आयोगको सहभागिता हुनेछ।

५६. लोक सेवा आयोगलाई अनुरोध गर्न सक्ने : प्रदेश लोक सेवा आयोग गठन भएपछि आयोगले सञ्चालन गर्ने कुनै परीक्षा सञ्चालन गरिदिन आयोगको सिफारिसमा प्रदेश सरकारले नेपाल सरकार मार्फत लोक सेवा आयोगलाई अनुरोध गर्न सक्नेछ।

५७. प्रदेश सरकारसँग सम्पर्क: आयोगले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

५८. प्रतिकूल असर नपर्ने: यस ऐनमा लेखिएको कुनै कुराले न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकार क्षेत्रभित्र पर्ने विषयमा कुनै असर पर्ने छैन।

५९. अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्य गर्न सक्ने: आयोगले प्रदेश सेवा स्थानीय सेवालाई सक्षम र प्रभावकारी बनाउन तथा निजामती सेवा प्रति आकर्षण बढाउन समय समयमा अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यहरु गर्न सक्नेछ।

६०. सहयोग लिन सक्ने : आयोगले पाठ्यक्रम तर्जुमा, प्रश्नपत्र निर्माण वा परीक्षा सम्बन्धी कुनै पनि विषयका सम्बन्धमा लोक सेवा आयोगको सहयोग लिन सक्नेछ।

६१. नियम बनाउने अधिकार : यो ऐन कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ।

६२. निर्देशिका वा कार्यविधि वा मापदण्ड बनाउन सक्ने: यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही आयोगले आफूले सम्पादन गर्नुपर्ने काम सुचारू रुपले सञ्चालन गर्न वा गराउनको लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।

६३. प्रचलित कानून बमोजिम हुने: यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची

(दफा ३ को उपदफा (७) सँग सम्बन्धित)

**शपथ**

म.......................................मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा सपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौम सत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रहँदै मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराव भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्यको पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा वाहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन।

मिति :

.....................

हस्ताक्षर

# स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण मिति २०७७/०२/२९

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०३/२४

## स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन

प्रस्तावनाः नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(घ) "कार्यपालिका सदस्य" भन्नाले संविधानको धारा २१५को उपधारा (४) तथा धारा २१६ को उपधारा (४) बमोजिमको कार्यपालिकाको सदस्य सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ।

(च) "पदाधिकारी" भन्नाले प्रमुख, उपप्रमुख, अध्यक्ष र उपाध्यक्षलाई सम्झनुपर्छ र सो शब्दले समितिको प्रमुख वा उपप्रमुख समेतलाई जनाउँछ।

(छ) "वडा अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) तथा धारा २१६ को उपधारा (२) बमोजिमको वडा अध्यक्ष सम्झनुपर्छ।

(ज) "सदस्य" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) तथा धारा २२३ को उपधारा (२) बमोजिमको सदस्य सम्झनु पर्छ र सो शब्दले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत जनाउँछ।

(झ) "समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनुपर्छ।

(ञ) "सभा" भन्नाले गाउँपालिकाको हकमा गाउँ सभा, नगरपालिकाको हकमा नगर सभा सम्झनुपर्छ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका वा जिल्ला समन्वय समिति सम्झनुपर्छ।

३. <u>सुविधाः</u> (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही शुरु गरेको मितिदेखि अनुसूची बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा यस ऐनमा उल्लेख भएको सुविधा पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५" ✂……बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि मात्र यस ऐन बमोजिमको सुविधा पाउनेछ।

✂ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधासम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा झिकिएको

४. <u>यातायात सुविधा</u>: (१) पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउनेछ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा पदाधिकारीले यस दफा बमोजिमको यातायात सुविधा पाउने छैनन् तर त्यस्तो सवारी साधनलाई अनुसूची बमोजिमको इन्धन र मोबिल उपलब्ध गराईनेछ।

(४) सदस्यले अनुसूची बमोजिमको रकम यातायात सुविधा बापत पाउनेछ।

तर, कुनै सदस्यले यातायात सुविधा बापत कुनै सवारी साधन पाएको भए यातायात सुविधा बापतको रकम पाउने छैनन्।

५. <u>सञ्चार सुविधा</u>: (१) पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा बापत अनुसूची बमोजिमको रकम टेलिफोन शुल्क र मोबाइल फोन रिचार्ज खर्च बापत पाउनेछ।

(२) पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा बापत अनुसूची बमोजिमको रकम पत्रपत्रिका र इन्टरनेट सेवा शुल्कका लागि पाउनेछ।

६. <u>अतिथि सत्कार सुविधा</u>: पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम अतिथि सत्कार सुविधा बापत पाउनेछ।

७. <u>अन्य सुविधा</u>: (१) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम जनसम्पर्क/विशेष कार्य सुविधा बापत पाउनेछ।

(२) पदाधिकारीले अनुसूची बमोजिमको रकम खानेपानी तथा सरसफाइ सुविधाका लागि पाउनेछ।

(३) पदाधिकारीले मर्मत संभार र विद्युत/उर्जा खर्च बापत अनुसूची बमोजिमको रकम पाउनेछ।

(४) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिम चाडपर्व खर्च सुविधा बापतको रकम पाउनेछ।

८. <u>बैठक भत्ता</u>: (१) सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायीक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछ।

तर एकै दिनमा एकभन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापत मात्र बैठक भत्ता पाउनेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि न्यायिक समिति भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनुपर्छ।

९. <u>दैनिक तथा भ्रमण भत्ताः</u> (१) पदाधिकारी तथा सदस्यले कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र सम्बन्धित जिल्ला बाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची बमोजिमको दरमा नबढ्ने गरी दैनिक तथा भ्रमण भत्ता पाउनेछ।

+तर जिल्ला सभा वा जिल्ला समन्वय समितिको कामको सिलसिलामा जिल्लाभित्र भ्रमण गर्ने जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले प्रचलित कानूनबमोजिम दैनिक तथा भ्रमण भत्ता पाउने भए यस दफाबमोजिम तोकिएको दरमा दैनिक तथा भ्रमण भत्ता दिन बाधा पर्ने छैन।

(२) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा लाग्ने यातायात खर्च बापत टिकट वा सो बराबरको बिल बमोजिमको रकम पाउनेछ।

(३) पदाधिकारी तथा सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची बमोजिमको रकम बराबर दुर्घटना बिमा गर्दा लाग्ने बिमाशुल्क (प्रिमियम) बापत बिल बमोजिमको रकम पाउनेछ।

(४) पदाधिकारी तथा सदस्यहरुको भ्रमण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. <u>अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः</u> (१) कुनै पदाधिकारी तथा सदस्यलाई अपाङ्गताका कारण बैठकमा उपस्थित हुन सहयोगीको सेवा आवश्यक पर्ने भएमा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिले त्यस्तो पदाधिकारी वा सदस्यको साथमा रहने निजले रोजेको एक जना सहयोगीको सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई यस ऐन बमोजिम सदस्यले पाउने सरहको बैठक भत्ता दिईनेछ।

११. <u>भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः</u> (१) पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाउने भत्ता तथा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ। (२) उपदफा

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा थपिएको

(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी वा सदस्यले उक्त स्थानीय तहमा बैंक नभएको अवस्था भएमा निजले पाउने भत्ता वा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयबाट उपलब्ध गराउन सकिनेछ।

१२. <u>भत्ता नपाउने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउनेछ।

१३. <u>सुविधा घटाउन सक्ने:</u> यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा सम्बन्धित स्थानीय तहले निर्णय गरी सुविधा घटाउन सक्नेछ।

१४. <u>पारिश्रमिक र अन्य सुविधा नपाउने:</u> (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यले पारिश्रमिक बापत कुनै रकम पाउने छैन।

(२) स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन।

[Σ]<u>१४क. अनुसूचि हेरफेर गर्न सक्ने:</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम पाइरहेको सुविधामा मर्का नपर्ने गरी अनुसूचिमा आवश्यक हेरफेर गर्न सक्नेछ।

१५. <u>सार्वजनिक गर्नु पर्ने:</u> पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्नेछ।

१६. <u>खारेजी र बचाऊ:</u> (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको ऐन खारेज हुनु अघि सो ऐन बमोजिम भएको काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ।

---

[Σ] स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन द्वारा थपिएको

## अनुसूची

(दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित)

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

(क) गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर | १२० लि. | १२० लि. | - | - | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १०,००० | ६,००० | ३,००० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ४,००० | ४,००० | ३,००० | ३,००० | २,००० |
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ३,५०० | ३,००० | ३,००० | ३,००० | २,५०० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ६,००० | ५,००० | ४,००० | - | - |
| ७) | जनसम्पर्क/ विशेष कार्यसुविधा | प्रति महिना रु. | १०,००० | ८,००० | ६,००० | ५,००० | ३,००० |
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ५,००० | ५,००० | ✕...... | - | - |
| ९) | मर्मत संभार र विद्युत / उर्जा खर्च | प्रति महिना रु. | ५,००० | ५,००० | ✕...... | - | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १२,००० | १०,००० | ७,००० |
| ११) | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १०० | १०० | १०० | १०० | १०० |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

(ख) नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

(अ) नगरपालिका

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर. | १२० लि. | १२० लि. | - | - | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १२,००० | ७,००० | ३,५०० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ३,००० | २,००० |
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ४,००० | ४,००० | ३,००० | ३,००० | २,५०० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ७,००० | ६,००० | ६,००० | - | - |
| ७) | जनसम्पर्क/विशेष कार्यसुविधा | प्रति महिना रु. | १३,००० | ८,००० | ७,००० | ५,००० | ३,००० |

✕ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा झिकिएको

| क.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ५,००० | ५,००० | ×...... | - | - |
| ९) | मर्मत संभार र विद्युत/उर्जा खर्च | प्रति महिना रु. | ५,००० | ५,००० | ×...... | - | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १२,००० | १०,००० | ८,००० |
| ११) | बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,६०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १०० | १०० | १०० | १०० | १०० |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

(आ) <u>महानगरपालिका/उपमहानगरपालिका</u>

| क. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर. | १२० लि. | १२० लि. | - | - | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १२,००० | ८,००० | ४,००० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ३,५०० | २,००० |
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५,००० | ५,००० | ४,००० | ३,५०० | ३,००० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ९,००० | ८,००० | ७,००० | - | - |
| ७) | जनसम्पर्क/ विशेष कार्यसुविधा | प्रति महिना रु. | १५,००० | १२,००० | ७,००० | ५००० | ४००० |
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ६,००० | ५,००० | ×...... | - | - |
| ९) | मर्मत संभार र विद्युत /उर्जा खर्च | प्रति महिना रु. | ६,००० | ५,००० | ×..... | - | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १३,००० | १०,००० | ८,००० |
| ११) | बैठक भत्ता | प्रति दिन रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० | १,६०० | १,६०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १२५ | १२५ | १२५ | १२५ | १२५ |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

× स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐनद्वारा झिकिएको

(ग) <u>जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यले पाउने सुविधा</u>

| क्र.सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | जिल्ला समन्वय समितिको सदस्य |
|---|---|---|---|---|---|
| १) | सवारी इन्धन | प्रति महिना लिटर. | १२० लि. | १२० लि. | - |
| २) | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - |
| ३) | यातायात सुविधा | प्रति महिना रु. | १२,००० | १२,००० | १०,००० |
| ४) | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५००० | ५००० | ३,००० |
| ५) | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ५००० | ५००० | ३,००० |
| ६) | अतिथि सत्कार | प्रति महिना रु. | ७,००० | ७,००० | - |
| ७) | जनसम्पर्क/विशेष कार्यसुविधा | प्रति महिना रु. | १५,००० | १२,००० | ५००० |
| ८) | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ७,००० | ६,००० | - |
| ९) | मर्मत संभार र विद्युत /उर्जा खर्च | प्रति महिना रु. | ७,००० | ६,००० | - |
| १०) | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १०,००० |
| ११) | बैठकभत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० |
| १२) | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | २,००० | १,८०० | १,६०० |
| १३) | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १२५ | १२५ | १२५ |
| १४) | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० |

द्रष्टव्यः

१. कार्यपालिका सदस्य कुनै विषयगत समितिको संयोजक भएमा वडा अध्यक्ष सरह सुविधा पाउनेछ।

२. पदाधिकारी सदस्य तथा सभाका सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित विदेश भ्रमण गर्दाको दैनिक भत्ता दरको पचास प्रतिशत रकम मात्र दिइनेछ।

# जाँचबुझ आयोग ऐन, २०७५

प्रमाणीकरण मिति २०७५।१२।१०

<u>संशोधन गर्ने ऐन</u>

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८।०९।०१

*.....

## जाँचबुझ आयोगको गठन तथा काम कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

<u>प्रस्तावना</u>: प्रदेशभित्र सार्वजनिक महत्वको विषयमा जाँचबुझ गर्न जाँचबुझ आयोगको गठन र त्यस्ता आयोगको अधिकारको व्यवस्था गर्न वान्छनीय भएकोले,

⊕लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "*.....जाँचबुझ आयोग ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले जाँचबुझ आयोगको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको आयोग सम्झनुपर्छ।

(ग) "अदालत" भन्नाले उच्च अदालत र जिल्ला अदालतलाई सम्झनुपर्छ । सो शब्दले साविकको पुनरावेदन

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "प्रमाण" भन्नाले सरजमीन समेतलाई सम्झनुपर्छ ।

(च) "सरकारी वा सार्वजनिक निकाय" भन्नाले यस प्रदेशका सरकारी वा सार्वजनिक निकाय सम्झनुपर्छ।

(छ) "सदस्य" भन्नाले जाँचबुझ आयोगको सदस्य सम्झनुपर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन २०७८ द्वारा झिकिएको

⊕ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन २०७८ द्वारा संशोधित

३. **आयोगको गठन**: (१) प्रदेश भित्रका कुनै सार्वजनिक महत्वका विषयमा जाँचबुझ गर्न प्रदेश सरकारले जाँचबुझ आयोगको गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जाँचबुझ आयोगमा अदालतको पूर्व न्यायाधीश वा प्रदेश सरकारका बहालवाला सचिव वा पूर्व सचिव अध्यक्ष र सम्बन्धित विषयका विज्ञ सहित अन्य बढीमा दुई जना सदस्य रहनेछन् ।

(३) आयोगको गठन सम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ ।

(४) आयोगका लागि आवश्यक जनशक्ति र बजेट प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

४. **आयोगको काम, कर्तव्य र अधिकार**: (१) आयोगको काम, कर्तव्य र अधिकार आयोगको गठन सम्बन्धी सूचनामा तोकिए बमोजिम हुनेछ।

(२) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र आयोगले जाँचबुझको काम सम्पन्न गरी प्रदेश सरकार समक्ष आफ्नो राय सहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(३) आयोगको गठन सम्बन्धी सूचनामा तोकिएको अवधिभित्र प्रतिवेदन पेश गर्न नसकेको कारण खुलाई अवधि थप गर्नको लागि आयोगले अनुरोध गरेमा आवश्यक अवधि थप हुन सक्नेछ।

(४) आयोगलाई देहायका कुरामा प्रचलित नेपाल कानूनबमोजिम अदालतले पाए सरहको सबै अधिकार हुनेछः—

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक निकाय वा अदालतबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने, र

(ङ) यस प्रदेशको क्षेत्राधिकार बाहिरका कुनै पनि सरकारी वा सार्वजनिक निकायबाट सूचना तथा प्रमाण झिकाउन सक्नेछ । यसरी प्रमाण झिकाउँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेश गर्न लगाउन वा कुनै प्रमाण बुझ्नका लागि आयोगले उचित सम्झे बमोजिमको समय तोकी म्याद जारी गर्न सक्नेछ ।

(६) उपदफा (४) मा उल्लेख भएका अधिकारहरूका अतिरिक्त आयोगले आवश्यकता अनुसार देहायका अधिकार प्रयोग गर्न सक्नेछः—

(क) जाँचबुझको विषयसम्बन्धी कुनै वस्तु वा लिखत कुनै व्यक्तिका साथमा वा कुनै खास स्थानमा छ भन्ने आयोगलाई विश्वास हुने कारण भएमा प्रचलित नेपाल कानूनका अधीनमा रही त्यस्तो व्यक्ति वा स्थानको तलासी लिने वा प्रदेश सरकार अन्तर्गतका कुनै राजपत्राङ्कित अधिकृतद्वारा त्यस्तो व्यक्ति वा स्थानको तलासी गर्न लगाउने र फेला परेमा त्यस्तो वस्तु वा लिखत कब्जा गर्ने वा गर्न लगाउने वा त्यस्तो लिखतको पूरै वा आंशिक नक्कल लिने वा लिन लगाउने, र

(ख) खण्ड (क) र उपदफा (४) मा उल्लेख भएको अधिकारको प्रयोगसँग सम्बन्धित प्रचलित संघीय र प्रदेश कानून बमोजिमको अन्य अधिकारहरूको प्रयोग गर्ने ।

५. <u>साक्षीले आयोग समक्ष बकेको कुरा निजका विरुद्ध प्रमाण नलाग्ने</u> : (१) कुनै व्यक्तिले साक्षीको रुपमा आयोग समक्ष व्यक्त गरेका कुनै कुरालाई लिएर निजका विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन । त्यस्तो कुरा कुनै अर्को मुद्दामा निजका विरुद्ध प्रमाण समेत लगाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले आयोग समक्ष व्यक्त गरेको कुनै कुरा आयोगले सोधेको प्रश्नसँग सम्बन्धित नभएमा वा जानाजान झुट्टा बकेको कुरा प्रमाणित भएमा सो कुराका आधारमा प्रचलित नेपाल कानून बमोजिम निज उपर मुद्दा वा कानूनी कारवाही चलाउन वा सो कुरा निजको विरुद्ध प्रमाणमा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

६. <u>आयोगको अवहेलना र सजाय</u> : (१) आयोगको काम कारबाहीमा वाधा पुऱ्याएमा आयोगको अवहेलना मानिनेछ ।

(२) आयोगले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र आयोगको अवहेलना ठहऱ्याएमा रु. दश हजारसम्म जरिवाना गर्न सक्नेछ।

तर आयोगलाई सन्तोष हुनेगरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय तोकिएको भए सो सजाय माफ गर्न सक्नेछ ।

७. <u>आयोगको विघटन</u> : (१) दफा ४ को उपदफा (२) बमोजिम प्रतिवेदन पेश भएपछि वा आयोगको गठनसम्बन्धी सूचनामा तोकिएको अवधि वा दफा ४ को उपदफा (३) बमोजिम अवधि थपिएकोमा त्यस्तो अवधि समाप्त भएपछि आयोग विघटन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि आयोगको औचित्य नरहेको भन्ने मनासिब आधार विद्यमान भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी जुनसुकै बेला पनि आयोग विघटन गर्न सक्नेछ ।

८. <u>आयोगको कार्यविधि</u> : यो ऐन र यस ऐनअन्तर्गतका नियमहरूको अधीनमा रही आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

९. <u>आयोगको काम कारवाही गोप्य रहने</u> : आयोगको सम्पूर्ण काम कारवाही गोप्य रहनेछ ।

तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता वा विभिन्न जात जाति वा सम्प्रदायहरू बीचको सुसम्बन्ध खलल पर्ने तथा मित्रराष्ट्रसँगको सम्बन्धमा प्रतिकूल असर पार्ने विषय बाहेक प्रतिवेदनका अन्य अंशहरू प्रदेश सरकारले सार्वजनिक जानकारीका लागि प्रकाशित गर्नेछ।

१०. <u>काम कारवाही बदर नहुने</u> : आयोगको कुनै सदस्यको स्थान रिक्त रहेको वा निज अनुपस्थित रहेको कारणले मात्र आयोगको काम कारवाही बदर भएको मानिने छैन ।

११. <u>असल नियतले गरेको कामको बचाउ</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असल नियतले गरेको वा गर्न खोजिएको कुनै काम कारवाहीको निमित्त प्रदेश सरकार, आयोग, आयोगका कुनै सदस्य वा आयोगको निर्देशनमा काम गर्ने कुनै व्यक्तिको विरुद्ध कुनै मुद्दा वा कानूनी कारवाही चलाइने छैन ।

१२. <u>आयोगको सदस्य राष्ट्रसेवक मानिने</u> : आयोगको अध्यक्ष, सदस्य र आयोगले नियुक्त गरेको वा काम गर्न अख्तियार दिएको प्रत्येक व्यक्ति भ्रष्टाचार निवारण सम्बन्धमा बनेको नेपाल कानूनको तात्पर्यका लागि मात्र राष्ट्रसेवक मानिनेछ।

१३. <u>नियम बनाउने अधिकार:</u> (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले नियमहरू बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खासगरी देहायका कुराहरूको व्यवस्था गर्न सकिनेछः-

(क) आयोगका सदस्यहरूको सेवाको शर्त तोक्ने,

(ख) आयोगले यस ऐन अन्तर्गत बनाउनु पर्ने जाँचबुझको सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि व्यवस्थित गर्ने, र

(ग) आयोगले प्रयोग गर्न पाउने अरू अधिकार तोक्ने।

# प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

प्रमाणीकरण मिति २०७४/१२/१९

**संशोधन गर्ने ऐन**

१. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०२/१५

२. प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## * प्रदेशको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन

प्रस्तावना: प्रदेश सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा, निकासा तथा खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने, बेरूजु फछ्र्यौट तथा असुल उपर एवम् तहसिल गर्ने गराउने विषयमा मार्गदर्शन गरी प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न गराउन वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "*प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुदान संकेत" भन्नाले प्रदेश संवैधानिक निकाय, मन्त्रालय वा सो सरह क्षेत्राधिकार भएका सचिवालय, आयोग आदिका कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी दिइएको संकेतलाई जनाउँछ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखापरीक्षकको कार्यालयबाट संविधानको धारा २४१ बमोजिम हुने लेखा परीक्षणलाई सम्झनु पर्छ।

(ग) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित कानून बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नुपर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

हिनामिना वा मस्यौट गरेको रकम तथा प्रदेश सरकारलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ।

(घ) "आन्तरिक लेखापरीक्षण" भन्नाले सम्बन्धित कार्यालयको उद्देश्य अनुरूपका निर्धारित कार्यसम्पादनसँग सम्बन्धित व्यवस्थापकीय अभ्यास, लेखा तथा अन्य कारोवार र सोसँग सम्बन्धित कागजात एवम् प्रक्रियाको जाँच, परीक्षण, विश्लेषणका साथै आन्तरिक नियन्त्रण प्रणालीको समग्र मूल्याङ्कन गरी प्रतिवेदन गर्ने कार्य समेतलाई जनाउँछ।

(ङ) "आर्थिक कारोबार" भन्नाले सरकारी वित्तीय हस्तान्तरण गर्ने तथा प्राप्त गर्ने, राजस्व सङ्कलन गर्ने, राजस्व दाखिला गर्ने, अनुदान तथा ऋण प्राप्ति गर्ने, खर्च गर्ने, धरौटी तथा कार्यसञ्चालन कोष लगायत अन्य कोष समेतको सम्पूर्ण कारोबारलाई सम्झनु पर्छ।

(च) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई जनाउँछ।

(छ) "एक तह माथिको अधिकारी" भन्नाले प्रदेश कार्यालयको प्रमुखको हकमा सम्बन्धित विभागीय प्रमुख, विभागीय प्रमुखको हकमा सम्बन्धित मन्त्रालय, सचिवालय तथा आयोगको सचिव, सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र प्रदेश संवैधानिक अंग तथा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अंग तथा निकायको प्रमुख सम्झनु पर्छ।

(ज) "कार्यालय" भन्नाले प्रदेश प्रमुखको कार्यालय, प्रदेश सभा सचिवालय, प्रदेश संवैधानिक अंग तथा निकाय, प्रदेश सरकारका सबै मन्त्रालय, सचिवालय, विभाग र सो निकाय मातहतका सबै अन्य सरकारी कार्यालय/निकायसमेतलाई सम्झनुपर्छ।

(झ) "कार्यालय प्रमुख" भन्नाले खण्ड (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारीलाई सम्झनु पर्छ।

(ञ) "कोष तथा लेखा नियन्त्रक कार्यालय" भन्नाले महालेखा नियन्त्रक कार्यालय अन्तर्गत रही प्रदेशस्थित सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयलाई जनाउँनेछ।

(ट) "जिम्मेवार व्यक्ति" भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अख्तियारी दिए बमोजिमको कार्य सञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने,

आन्तरिक वा अन्तिम लेखापरीक्षण गराई बेरूजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी, जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सरकारी कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने गैर सरकारी व्यक्ति समेतलाई जनाउँछ।

(ठ) "तालुक कार्यालय" भन्नाले सम्बन्धित कार्यालयभन्दा माथिल्लो तहको कार्यालय सम्झनु पर्छ।

(ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) *......................

(ण) "प्रदेश अर्थमन्त्री" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रीलाई जनाउने छ र सो शब्दले स्वतन्त्र रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई सम्झनु पर्छ।

(त) "प्रदेश लेखा नियन्त्रक कार्यालय" भन्नाले प्रदेश आर्थिक कार्यविधि ऐन र सो ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेश मन्त्रालय र अन्तर्गत कार्यालयहरुको आर्थिक प्रशासनको सञ्चालनमा निर्देशन दिने, आन्तरिक लेखापरीक्षण गर्ने तथा प्रदेशको एकीकृत आर्थिक विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षक समक्ष प्रतिवेदन पेश गर्ने गरी प्रदेश सरकारले तोकेको कार्यालय सम्झनु पर्छ।

(थ) "प्रदेश सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ।

(द) "बेरूजु" भन्नाले प्रचलित कानून बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनु पर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

(ध) "बैंक" भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्न तोकिएको आधिकारिक बैंक सम्झनु पर्छ र सो शब्दले त्यस्तो आधिकारिक बैंकको अधिकार प्रयोग गर्ने गरी तोकिएको वाणिज्य बैंक समेतलाई जनाउँछ।

(न) "महालेखा नियन्त्रक कार्यालय" भन्नाले संघीय आर्थिक कार्यविधि ऐन र सो ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संघीय सञ्चित कोष र अन्य सरकारी कोषको सञ्चालन र व्यवस्थापन गर्ने अर्थ मन्त्रालय अन्तर्गतको विशिष्टकृत निकायलाई सम्झनु पर्छ।

(प) "मातहतको कार्यालय" भन्नाले सम्बन्धित कार्यालयको मातहतमा रहेका कार्यालय सम्झनु पर्छ।

(फ) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात एवम् प्रतिवेदन समेतलाई सम्झनु पर्छ।

(ब) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन सञ्चालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेटको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी र जिन्सी एवम् अन्य जुनसुकै कारोबारको आन्तरिक एवम् अन्तिम लेखापरीक्षण गराउने, बेरूजू नियमित गर्ने गराउने, असुल उपरगर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको सचिवलाई सम्झनु पर्छ।

(भ) "वित्तीय विवरण" भन्नाले नेपाल सरकार तथा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोबारको समष्टिगत स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनु पर्छ र सो शब्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकको आधारमा बनाईएको बजेट अनुमान, निकासा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाईएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्बन्धित लेखा टिप्पणी र खुलासा समेतलाई जनाउँछ।

(म) "विनियोजन" भन्नाले पेश्की खर्च ऐन र विनियोजन ऐनद्वारा निर्दिष्ट सेवा र कार्यहरुको लागि विभिन्न शीर्षकहरुमा विभिन्न कार्यालयहरुलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पूरक विनियोजन ऐन

र उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेतलाई जनाउँछ।

(य) "संघीय सञ्चित कोष" भन्नाले संविधानको धारा ११६ बमोजिमको सञ्चित कोष सम्झनु पर्छ।

(र) "संपरीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरूजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्बन्धी कार्यलाई सम्झनु पर्छ र सो शब्दले प्रदेश सभाबाट गठित प्रदेश सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ।

(ल) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(व) "सचिव" भन्नाले प्रदेश मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश अन्तर्गत गठित कुनै निकायको हकमा त्यस्तो निकायको सचिव वा प्रशासकीय प्रमुखका साथै प्रदेश सरकारका सबै मन्त्रालयका प्रशासकीय प्रमुख समेतलाई जनाउँछ।

(श) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रुपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनु पर्छ।

(ष) "स्थानीय सञ्चित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ।

## परिच्छेद - २

## प्रदेश सञ्चित कोषको सञ्चालन

३. **प्रदेश सञ्चित कोषको सञ्चालनः** संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधीनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

४. **प्रदेश सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्वः** (१) प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ र त्यसको लागि लेखा दाखिला गराउने लगायतका अन्य कामको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश स्थित

सरकारी कार्यालयहरुलाई तथा प्रदेश सरकारको कारोवार गर्ने आधिकारिक बैंकलाई जिम्मेवारी तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको जिम्मेवारीको पालना गर्नु गराउनु सम्बन्धित सबै कार्यालय तथा बैंकको कर्तव्य हुनेछ।

(३) प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, प्रदेश सरकारको एकीकृत लेखा राख्ने र वित्तीय विवरण तयार गर्ने, प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय तथा महालेखापरीक्षक समक्ष लेखा र वित्तीय विवरण पेश गर्ने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालय स्थापना नभएसम्मका लागि प्रदेश लेखा नियन्त्रकको काम, कर्तव्य र उत्तरदायित्व महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम हुनेछ।

## परिच्छेद - ३

## राजस्व र व्ययको अनुमान

५. **मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः** (१) प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेछ। यस्तो खर्च संरचना बनाउँदा आवधिक विकास योजनालाई मार्गदर्शनको रुपमा लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रति इकाई लागत, सञ्चालनमा लाग्ने अनुमानित समय, सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनका लागि "प्रस्तावित योजना वा कार्यक्रम" भन्नाले सम्भाव्यता अध्ययन तथा विस्तृत प्रतिवेदन तयार भई सकेको वा सम्भाव्यता अध्ययन गरेर मात्र कार्यान्वयन गर्न सकिने नयाँ योजना वा कार्यक्रमको विवरण खुलाई सोको लागि गरिएको अनुमानित लागतको पुष्ट्याई सहितको विवरणलाई जनाउँछ।

(३) मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

६. **स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्नेः** (१) आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमा पूर्वानुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले चालु आर्थिक वर्षको माघ मसान्तभित्र गरी सक्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ भएको पहिलो आर्थिक वर्षको लागि यस्तो समय सीमा लागू हुने छैन।

(२) उपदफा (१) को प्रयोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले एक स्रोत अनुमान समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्रोत अनुमान समितिले गत आर्थिक वर्षको यथार्थ स्थिति र चालु आर्थिक वर्षको छ महिनाको समष्टिगत आर्थिक परिसूचकहरू, आगामी आर्थिक वर्ष उपलव्ध हुन सक्ने राजस्व, अनुदान, विकास सहायता र आन्तरिक ऋण रकम समेतका आधारमा स्रोत अनुमान गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम स्रोत अनुमान भएपछि मध्यमकालीन खर्च संरचना समेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षको लागि गर्न सकिने खर्चको सीमा निर्धारण गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गरी सोको प्रतिवेदन प्रदेश अर्थमन्त्री समक्ष पेश गर्नु पर्नेछ।

(६) स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>बजेट सीमा र मार्गदर्शन पठाउने:</u> (१) आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचा निर्माण गरी चालु आर्थिक वर्षको फागुन महिनाको दोस्रो हप्ताभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायमा निकायगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी सीमा र मार्गदर्शन पठाइ सक्नु पर्नेछ। यस्तो मार्गदर्शन पठाउँदा आवधिक विकास योजना र त्रिवर्षीय खर्च संरचनालाई आधार मान्नु पर्नेछ।

तर यो ऐन प्रारम्भ भएको पहिलो आर्थिक वर्षको लागि यस्तो समय सीमा लागू हुने छैन।

(२) उपदफा (१) बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा सम्बन्धित निकायले आर्जन गर्न सक्ने राजस्व रकम, आयोजना सँग सम्बन्धित वैदेशिक अनुदान तथा ऋण रकम र प्रस्तावित बजेटको पुष्ट्याँईका लागि आवश्यक अन्य विवरणहरू समेत खुल्ने गरी तयार गर्नु पर्नेछ।

(३) बजेट तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रूप दिने अन्य प्रक्रिया र समय सीमा तोकिए बमोजिम हुनेछ।

८. <u>विनियोजन दक्षता:</u> (१) दफा १० बमोजिम आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) साधारण खर्च र वित्तीय व्यवस्थाको लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार सहित प्रस्तावित रकमको पुष्ट्याँई गर्ने आवश्यक सूचना विस्तृत रूपमा खुलाउनु पर्नेछ,

(ख) नयाँ आयोजनाको हकमा रकम प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक हुने तथा सम्भाव्यता अध्ययन पश्चात आगामी वर्ष खर्च हुनसक्ने रकम मात्र पुष्ट्याँई सहित प्रस्ताव गर्नु पर्नेछ। सम्भाव्यता अध्ययन भई स्वीकृत भईसकेका तथा क्रमागत रूपमा कार्यान्वियनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौता अनुरूप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा दफा ११ बमोजिम लेखाङ्कन गरिएको प्रतिबद्ध कार्यका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि रकम प्रस्ताव गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको प्रस्तावित बजेट तथा कार्यक्रम उपर दफा १० को उपदफा (४) बमोजिम भएको छलफल तथा प्रस्तावित बजेट तथा कार्यक्रमको विश्लेषण र मूल्याङ्कनका आधारमा उपयुक्त ठहरिएको बजेट तथा कार्यक्रम अगामी वर्षको विनियोजन विधेयकमा समावेश गर्नु पर्नेछ।

९. <u>पूर्व बजेट छलफलः</u> (१) प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नु भन्दा ☼<u>कम्तीमा पन्ध्र दिन</u> अगावै प्रदेश अर्थ मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्नेछ।

(२) प्रदेश सभाले उपदफा (१) बमोजिम पूर्व बजेट पेश भएको ☼सात दिनभित्र सो माथि आवश्यक छलफल गरी आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उपयुक्त सुझाव तथा निर्देशन उपलब्ध गराउनेछ।

तर यो ऐन प्रारम्भ भएको पहिलो आर्थिक वर्षको लागि यस्तो समय सीमा लागू हुने छैन।

१०. <u>बजेट प्रस्ताव र छलफलः</u> (१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्नो मातहतका निकायको नीति तथा कार्यक्रम सहित बजेट प्रस्ताव तयार गरी दफा ७ को उपदफा

☼ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(३) बमोजिम निर्धारित समय सीमा भित्रै आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने दायित्व सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) उपदफा (१) बमोजिम बजेट प्रस्ताव गर्दा मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सोको लागत एवम् त्यस्तो लागत व्यहोरिने स्रोत समेत स्पष्ट खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमानको साथै त्यस पछिका दुई आर्थिक वर्षको खर्च र स्रोतको प्रक्षेपित विवरण पनि पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजेट प्रस्तावको साथमा गत आर्थिक वर्षको यथार्थ स्थिति र चालु आर्थिक वर्षको छ महिनासम्मको वित्तीय तथा भौतिक प्रगति विवरण समेत संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्तावित बजेट तथा कार्यक्रम उपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल हुनेछ।

११. <u>प्रतिबद्धता लेखा तथा नियन्त्रणः</u> (१) प्रचलित कानूनको अधीनमा रही प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा नेपाल सरकारबाट सम्झौता वा निर्णय भई हस्तान्तरण भई आएका विभिन्न सम्झौता वा निर्णयबाट खर्च व्यहोर्न वा प्रदेश सरकार वा नेपाल सरकारबाट राजस्वमा छुट दिन प्रतिबद्धता जनाइएको रकमको स्पष्ट व्यहोरा देखिने गरी लेखा राख्नु पर्नेछ।

(२) प्रतिबद्धता लेखा राख्ने तथा सोको नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. <u>विनियोजन विधेयक तयार गर्नेः</u> (१) दफा १० को उपदफा (३) बमोजिमको बजेट तथा कार्यक्रम वा आयोजनालाई प्राथमिकीकरण गरी बजेट मस्यौदालाई अन्तिम रुप दिई विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ।

(२) आर्थिक मामिला तथा योजना मन्त्रालयले उपदफा (१) बमोजिम तयार भएको विनियोजन विधेयकको साथमा आर्थिक विधेयक लगायत अन्य आवश्यक विधेयकहरू समेत तर्जुमा गर्नु पर्नेछ।

१३. <u>राजस्व र व्ययको अनुमान पेश गर्नुपर्नेः</u> (१) प्रदेश अर्थ मन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गते दफा १२ बमोजिम अन्तिम रूप दिईएको प्रदेश सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुने राजस्व र व्ययको अनुमानको साथमा संविधानको धारा २०७ मा उल्लिखित विवरणहरूको अतिरिक्त देहायका विवरणहरू समेत समावेश गर्नु पर्नेछः-

(क) अघिल्लो आर्थिक वर्षमा गरिएको अनुमान अनुसार राजस्व सङ्कलन भए नभएको विवरणको साथै कर वा गैह्र करमा छुट दिइएको विवरण।

(ख) दफा ५ बमोजिम तयार गरिएको मध्यमकालीन खर्च संरचना,

(ग) अनुदान, सार्वजनिक ऋण र लगानी सम्वन्धी नीति।

१४. <u>परामर्श गर्न सक्ने</u>: प्रदेश सरकारले आय र व्ययको अनुमान तयार गर्नु अघि तत् सम्बन्धमा सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्नेछ।

१५. <u>घाटा बजेट पेश गर्न सक्ने</u>: (१) प्रदेश सरकारले घाटा बजेट पेश गर्न सक्नेछ। यसरी घाटा बजेट पेश गर्दा घाटा पूर्ति गर्ने स्रोत र सोको स्पष्ट आधार खुलाउनु पर्नेछ।

तर प्रशासनिक खर्च व्यहोर्न घाटा बजेट पेश गर्न सकिने छैन।

(२) घाटा बजेट सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेदः ४
## <u>बजेट निकासा, रकमान्तर तथा नियन्त्रण</u>

१६. <u>बजेट निकासा</u>: (१) विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएपछि खर्च गर्न अधिकार प्राप्त कार्यालयले वार्षिक कार्यक्रमको आधारमा विनियोजन ऐनको अनुसूचीमा उल्लिखित रकम खर्च गर्न सक्ने छन्।

(२) विनियोजन ऐनको अनुसूचीमा उल्लिखित विनियोजित रकम एकभन्दा बढी कार्यालयले खर्च गर्नुपर्ने अवस्थामा तालुक निकायले विनियोजन ऐन वा पेश्की खर्च ऐन जारी भएको ७ दिनभित्र बाँडफाँट गरी सम्बन्धित कार्यालयलाई जानकारी दिनु पर्नेछ। यसरी एक पटक बाँडफाँट गरी सकेपछि पटक-पटक बाँडफाँट गर्न पाइने छैन।

(३) उपदफा (२) बमोजिमको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम बाँडफाँटको जानकारी प्राप्त भएपछि सम्बन्धित कार्यालयले उपदफा (१) बमोजिम खर्च गर्न सक्ने छन्।

(५) एक मन्त्रालय अन्तर्गत विनियोजित बजेट अर्को मन्त्रालय वा अन्तर्गतको निकाय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजन भएको निकायको सचिवले सम्बन्धित निकायको सचिवलाई त्यस्तो वार्षिक कार्यक्रम र बजेट विनियोजनको खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) सम्बन्धित कार्यालयको नाममा विनियोजित वा बाँडफाँट भएको रकम सो कार्यालयको भुक्तानी आदेशका आधारमा प्रदेश सञ्चित कोषबाट प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयद्वारा निर्धारित नीति अन्तर्गत रही प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकेको प्रक्रिया अनुसार एकल खाता कोष प्रणालीबाट भुक्तानी निकासा हुनेछ।

(७) सम्बन्धित कार्यालयको नाममा विनियोजन वा बाँडफाँट भएको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने, प्रतिवेदन गर्ने, लेखापरीक्षण गराउने र बेरूजू फछ्र्यौट गर्ने गराउने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(८) सरकारी रकम भुक्तानी तथा निकासा दिने, कोष सञ्चालन गर्ने गराउने सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

१७. <u>रकमान्तर तथा स्रोतान्तर:</u> (१) विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उप-शीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उप-शीर्षकमा बचत हुने रकम मध्येबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्नेछ।

(२) आफ्नो निकायको अनुदान संकेत अन्तर्गतको कुनै बजेट उप-शीर्षकमा रकम नपुग भएमा सो अनुदान संकेत अन्तर्गत रकम बचत भएको अन्य बजेट उप-शीर्षकहरूबाट प्रदेश विनियोजन ऐनमा तोकिएको सीमा भित्र रही खर्च व्यहोर्ने स्रोत परिवर्तन नहुने गरी चालु बजेटबाट चालु तर्फका खर्च शीर्षकहरूमा र पूँजीगत बजेटबाट पूँजीगत तर्फका खर्च शीर्षकहरूमा सम्बन्धित सचिवले तोकिएबमोजिम रकमान्तर गर्न सक्नेछ।

तर यसरी रकमान्तर गर्दा तलब, भत्ता, पोशाक, खाद्यान्न, पानी तथा विजुली, सञ्चार महशुल र घरभाडा जस्ता अनिवार्य दायित्वबाट रकमान्तर गर्न पाइने छैन।

(३) प्रदेश विनियोजन ऐन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने स्रोतमा रहेको रकम अर्को स्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार आर्थिक मामिला तथा योजना मन्त्रालयको हुनेछ।

(४) रकमान्तर तथा स्रोतान्तर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>बजेट रोक्का वा नियन्त्रण गर्न र समर्पण गराउन सक्ने:</u> (१) दफा १६ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति र प्रदेश सञ्चित कोषमा जम्मा रहेको रकमलाई विचार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सञ्चित कोष माथि

व्ययभार हुने रकम बाहेक विनियोजित रकममा आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ।

(२) प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो बजेट समर्पण गर्न लगाई आवश्यक अन्य शीर्षकमा दफा १७ बमोजिम रकमान्तर गर्न सक्नेछ।

१९. **प्रदेश सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरणः** (१) प्रदेश सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकमको हस्तान्तरण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ।

(२) प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण हुने रकम हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **बजेट तथा कार्यक्रमको मूल्याङ्कनः** बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्धवार्षिक र वार्षिक रूपमा सो अवधि समाप्त भएको दुई महिना भित्र देहायका विवरण सार्वजनिक गर्नु पर्नेछः-

(क) राजश्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान रकम, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण,

(ख) प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था,

(ग) अन्य आवश्यक विवरणहरू।

## परिच्छेद - ५
## कारोबारको लेखा

२१. **लेखाको सिद्धान्त, आधार र लेखा ढाँचाः** (१) विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुरूप नगदमा आधारित हुनेछ। प्रदेश सरकारले तोकेको मितिदेखि प्रोदभावी आधारमा लेखा राख्ने प्रणाली कार्यान्वयन गर्नेछ। प्रदेश सरकारले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिई तोकेको मितिदेखि प्रोदभावी लेखा प्रणाली कार्यान्वयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखा राख्ने प्रयोजनका लागि नेपाल सरकारको ढाँचासँग तादात्म्य हुने गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरण तर्जुमा गरी महालेखा नियन्त्रक कार्यालय मार्फत महालेखापरीक्षकबाट स्वीकृत गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृत भएको आर्थिक संकेत तथा वर्गीकरण र लेखा ढाँचा सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम स्वीकृत आर्थिक संकेत तथा वर्गीकरण र लेखा ढाँचामा सुधार तथा परिमार्जन गर्न आवश्यक देखेमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सुधार तथा परिमार्जन गर्नुपर्ने ढाँचा तयार गरी महालेखापरीक्षकबाट स्वीकृत गराउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिम स्वीकृत लेखा ढाँचा र आर्थिक संकेत तथा वर्गीकरणको कार्यान्वयनका सम्बन्धमा कुनै द्विविधा देखिएमा स्पष्ट गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

२२. <u>कारोबारको लेखा:</u> (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व,धरौटी, प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त हुने वैदेशिक अनुदान, ऋण सहायता, लगानी र अन्य कारोबारको एकीकृत लेखा तयार गरी राख्नु पर्नेछ।

(२) विनियोजन, राजस्व तथा धरौटीका अतिरिक्त अन्य सबै प्रकारका कारोबार र बजेटमा समावेश नभएका जुनसुकै प्रकारको सहायता वा स्रोतबाट भएको खर्चको लेखा सम्बन्धित कार्यालयले तयार गर्नु पर्नेछ।

(३) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाब तयार गरी तोकिएको समय भित्र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(४) प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखाङ्कन एवम् प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ। लेखा उत्तरदायी अधिकृतबाट प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत वित्तीय विवरण तयार गर्नेछ।

(५) प्रदेशभित्रका सबै सरकारी कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षक समक्ष पेश गर्नु प्रदेश लेखा नियन्त्रक कार्यालयको कर्तव्य हुनेछ।

२३. **राजस्व दाखिला र राजस्व लेखाः** (१) प्रचलित कानून बमोजिम प्रदेश सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम सरकारी कारोबार गर्ने बैंकमा दाखिला गर्नु पर्नेछ।

(२) सरकारी कारोवार गर्ने स्वीकृति प्राप्त बैंकमा जम्मा हुन आएको राजस्व सोही दिन सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। कुनै काबु बाहिरको परिस्थिति परी सोही दिन राजस्व दाखिला हुन नसकेमा सोको भोलिपल्ट सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (२) विपरित सरकारी कारोवार गर्न स्वीकृति प्राप्त कुनै बैंकले प्रदेश सञ्चित कोषमा राजस्व दाखिला नगरेको पाइएमा प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैंकले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी राजस्व दाखिला गर्न लगाई सो बैंकको इजाजत रद्द गर्ने तर्फ कारवाही गर्नु पर्नेछ।

(४) राजस्वको लगत तथा लेखा राख्ने, हिसाब भिडान गर्ने, वित्तीय विवरण तयार गर्ने, लेखापरीक्षण गराउने उत्तरदायित्व कार्यालय प्रमुखको हुनेछ।

२४. **नगद, जिन्सी दाखिला र लेखाः** (१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ।

(२) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा पनि ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दाखिला गर्नु पर्ने नगद बैंक र कार्यालय बीचको दूरी समेतलाई विचार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिब कारण खुलाइ एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्नेछ। यसरी अनुरोध भई आएमा एक तह माथिको अधिकारीले मनासिब कारण देखेमा एकैपटक वा दुईपटक गरी बढीमा तीस दिनसम्मको म्याद थप गरी दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे एकसय रुपैयाँ वा बिगोको दश प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ।

२५. <u>लेखा दाखिला गर्नेः</u> (१) प्रदेश लेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्ष प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र आर्थिक वर्षको एकीकृत लेखाको वित्तीय विवरण प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष दाखिला गर्नु पर्नेछ।

(२) लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(३) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालय वा लेखापरीक्षक समक्ष तोकिएको अवधिभित्र तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम लेखा दाखिला गर्न नसकेको मनासिब कारण देखाई म्याद थपको लागि अनुरोध गरेमा एक तह माथिको अधिकारीले बढीमा तीस दिनसम्मको म्याद थप गरी दिन सक्नेछ।

तर यसरी म्याद थप गर्दा महालेखापरीक्षकको कार्यालयमा एकीकृत लेखा दाखिला गर्ने समय अवधि प्रभावित नहुने गरी गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम थप गरिएको म्यादभित्र पनि लेखा दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले पहिलो पटकको लागि प्रत्येक कलममा एक सय रुपैयाँको दरले र दोस्रो पटकमा प्रत्येक कलमको लागि दुई सय रुपैयाँको दरले जरिवाना गर्न सक्नेछ र पुनः अर्को पटक सोही कार्य गरेमा प्रचलित कानूनबमोजिम विभागीय कारवाही समेत गर्न सकिनेछ।

(६) तोकिएको अवधिभित्र महालेखापरीक्षकको कार्यालयमा लेखा तथा वित्तीय विवरण दाखिला गराउन नसकी मनासिब माफिकको कारण देखाई लेखा उत्तरदायी अधिकृत वा जिम्मेवार व्यक्तिले म्याद थपको लागि अनुरोध गरेमा महालेखापरीक्षक वा निजले तोकेको अधिकारीले बढीमा पैंतीस दिनसम्मको म्याद थपिदिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम म्याद थप माग नगरेमा वा थपिएको म्यादभित्र पनि लेखा र वित्तीय विवरण दाखिला नगरेमा महालेखापरीक्षकले जिम्मेवार व्यक्ति भए लेखा उत्तरदायी अधिकृतलाई र लेखा उत्तरदायी अधिकृत भए एक तह माथिको अधिकारीलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु निजको कर्तव्य हुनेछ।

(८) उपदफा (७) बमोजिम निर्देशन दिंदा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानूनबमोजिम विभागीय कारवाही समेत गर्न सकिनेछ।

(९) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रुपमा राख्ने सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

२६. एकीकृत वित्तीय विवरण तयार गर्नेः (१) प्रदेश सञ्चित कोष एवम् अन्य सरकारी कोषहरूको एकीकृत वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र आफ्नो क्षेत्रभित्रका स्थानीय तहको आर्थिक कारोवारको छुट्टा-छुट्टै र एकीकृत विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखानियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(३) आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण र स्थानीय तहको आर्थिक कारोबारको छुट्टा-छुट्टै र एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा र महालेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(४) स्थानीय तहभित्रका कार्यालयहरूको संघीय र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँटबाट प्राप्त रकम, आन्तरिक आय तथा ऋण र अनुदान समेतको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(५) आ-आफ्नो कार्यक्षेत्रभित्रको वित्तीय विवरण पेश नगर्ने तथा लेखापरीक्षण नगराउने कार्यालय तथा स्थानीय तहलाई प्रवाह हुने अनुदान रकम रोक्का राख्न सकिनेछ।

(६) प्रदेशले तयार गर्ने वित्तीय प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत मापदण्ड बमोजिम हुनेछ।

२७. हानी नोक्सानी असुल उपर गरिनेः यस ऐन बमोजिम राख्नु पर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट प्रदेश सरकारलाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद - ६
## भ्रमण खर्च

२८. **भ्रमणमा खटाउने:** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वदेश वा विदेशमा काज खटाउन सकिनेछ।

२९. **दैनिक तथा भ्रमण भत्ता:** सरकारी कामको सिलसिलामा कुनै पदाधिकारी तथा कर्मचारीलाई स्वदेश वा विदेशमा काज खटाउँदा भ्रमण खर्च नियमावलीमा तोकिए बमोजिम दैनिक भत्ता तथा भ्रमण भत्ता प्रदान गरिनेछ।

## परिच्छेद - ७
## आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

३०. **आन्तरिक नियन्त्रण प्रणाली:** (१) प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र लागू गरी सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी ढाँचा र कार्यविधि आर्थिक मामिला तथा योजना मन्त्रालयले तोके बमोजिम हुनेछ।

(३) आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुनेछ।

३१. **आन्तरिक नियन्त्रण समिति:** (१) दफा ३० बमोजिमको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि प्रत्येक निकायमा देहाय बमोजिमको आन्तरिक नियन्त्रण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृत वा प्रमुख | - अध्यक्ष |
| (ख) | सम्बन्धित निकायको प्रशासन वा योजना महाशाखा / शाखा प्रमुख | - सदस्य, |
| (ग) | अध्यक्षले तोकेको सम्बन्धित निकायमा कार्यरत विषय क्षेत्रसँग सम्बन्धित राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत प्रतिनिधि | - सदस्य, |
| (घ) | प्रदेश लेखानियन्त्रक कार्यालयको कम्तीमा राजपत्रांकित अधिकृत प्रतिनिधि | - सदस्य |
| (ङ) | सम्बन्धित निकायको आर्थिक प्रशासन प्रमुख | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आफ्नो निकाय र अन्तर्गतबाट सम्पादन गरिने कार्यहरू प्रचलित कानून बमोजिम नियमित तरिकाले दक्षतापूर्ण एवम् मितव्ययी रुपमा सम्पादन गरी नतिजा उन्मुख गराउने, वित्तीय जोखिम न्यूनीकरण गर्ने, वित्तीय प्रतिवेदनहरूलाई विश्वसनीय बनाउने तथा लेखापरीक्षणबाट कायम भएका बेरूजु फछ्र्यौट गरी गराई आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ एवम् प्रभावकारी बनाउन आवश्यक कार्यहरू सम्पादन गर्नेछ।

(३) आन्तरिक नियन्त्रण समितिको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

३२. <u>आन्तरिक लेखापरीक्षणः</u> (१) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका सबै कार्यालयहरूको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ।

(२) आफ्नो कार्यालयको आन्तरिक लेखापरीक्षण गराउने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) आन्तरिक लेखापरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आन्तरिक लेखापरीक्षकले सम्बन्धित निकायको उद्देश्य अनुरूपका निर्धारित कार्यसम्पादनसँग सम्बन्धित कारोवारको गणितीय शुद्धता र कानूनको परिपालनाको पूर्ण परीक्षण गर्नु पर्नेछ। सम्बन्धित निकायको कार्यसम्पादनका क्रममा परिचालन भएको स्रोतको नतिजा मूलक उपयोग एवम् प्रभावकारिता सम्बन्धमा जोखिम विश्लेषणमा आधारित भई लेखाजोखा गरी सुझाव गर्ने र अवलम्बन गरिएका आन्तरिक नियन्त्रण प्रणाली लगायतका नीतिगत एवम् प्रक्रियागत पक्षहरूको व्यवस्थापकीय अभ्यासका सम्बन्धमा लेखाजोखा गरी सुझाव प्रस्तुत गर्नु पर्नेछ,

(ख) खण्ड (क) बमोजिम परीक्षण गर्दा सार्वजनिक वित्तीय जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्दै सम्बन्धित निकायको आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण तथा आर्थिक अनुशासनको परिपालनमा सहयोग पुऱ्याउने गरी प्रतिवेदन गर्नु आन्तरिक लेखापरीक्षकको कर्तव्य हुनेछ,

(ग) आन्तरिक लेखापरीक्षण प्रयोजनका लागि सम्बन्धित निकायको आर्थिक कारोवार र सोसँग सम्बन्धित अभिलेख तथा निर्णयहरू

निरीक्षण, परीक्षण तथा जाँच गर्न पाउने अधिकार आन्तरिक लेखापरीक्षकलाई हुनेछ,

(घ) आन्तरिक लेखापरीक्षकले तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण गरी देखिएका व्यहोरा खुलाई सुझाव सहितको प्रतिवेदन गर्नु पर्नेछ।

(४) आन्तरिक लेखापरीक्षकले आफूलाई खटाउने र आन्तरिक लेखापरीक्षण गर्ने निकाय प्रति जिम्मेवार रही आफ्नो काम कर्तव्य र अधिकार प्रयोगको सिलसिलामा सदाचारिता, वस्तुनिष्ठता, गोपनीयता, सक्षमता सहित तोकिए बमोजिमका अन्य आचरण पालना गर्नु पर्नेछ। साथै आन्तरिक लेखापरीक्षकले लेखापरीक्षणको सिलसिलामा जानकारीमा आएको कुनै सूचना वा तथ्य लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्ने बाहेक अन्य कुनै पनि रूपमा कसैलाई उपलब्ध गराउनु हुँदैन।

(५) आन्तरिक लेखापरीक्षकले आफ्नो कार्यसम्पादनका क्रममा यस ऐन बमोजिमको अधिकार प्रयोग गरी आन्तरिक लेखापरीक्षण गरेकै आधारमा निज उपर कुनै कानूनी कारवाही चलाइने छैन।

तर आन्तरिक लेखापरीक्षकले अनुचित कार्य गरेमा वा वदनियतपूर्वक कार्यसम्पादन गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिमको कारवाही वा अभियोजन गर्न बाधा पुगेको मानिने छैन।

(६) आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा संपरीक्षण गराई अन्तिम लेखापरीक्षक समक्ष प्रस्तुत गर्नु पर्नेछ। अन्तिम लेखापरीक्षण हुँदा प्रस्तुत हुन आएका आन्तरिक लेखापरीक्षणका सुझावहरूको सम्बन्धमा कारण सहित हटाइएकोमा बाहेक अन्य सुझावहरूलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नु पर्नेछ।

(७) प्रदेश लेखानियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग अलग कर्मचारी खटाउने व्यवस्था गर्नु पर्नेछ।

(८) प्रदेश लेखानियन्त्रक कार्यालयले यस ऐन बमोजिम भएको आन्तरिक लेखापरीक्षणको एकीकृत वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ। यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

(९) आन्तरिक लेखापरीक्षण सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

३३. <u>अन्तिम लेखापरीक्षणः</u> (१) प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोवारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिनु पर्नेछ।

३४. <u>कारोवारको लेखा तथा विवरण दाखिला गर्नु पर्नेः</u> (१) कार्यालयको सरकारी नगदी, जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित अधिकृत वा जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिब माफिकको कारण सहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिब देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिब माफिकको म्याद थप गरिदिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्ने अधिकृत वा जिम्मेवार व्यक्तिले बेरूजू वा कैफियतमा देखिएको रकम व्यहोर्नु पर्नेछ।

(४) लेखा तथा वित्तीय विवरण पेश नगर्ने प्रदेश संवैधानिक अंग तथा निकायको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित संवैधानिक अंग तथा निकायका प्रमुखले, प्रदेश मन्त्रालय तथा प्रदेशस्तरको सचिवालय तथा आयोगको लेखा उत्तरदायी अधिकृतलाई सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्रीले र अन्यको हकमा लेखा उत्तरदायी अधिकृतले प्रत्येक कलममा एक सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम जरिवाना गर्दा पनि लेखा तथा वित्तीय विवरण दाखिला नगरेमा प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्नु पर्नेछ।

३५. <u>लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपरको कारवाहीः</u> (१) महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरूजुका सम्बन्धमा सो बेरूजुको सूचना प्राप्त भएको पैंतीस दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा संपरीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्यादभित्र प्रारम्भिक प्रतिवेदनमा उल्लिखित व्यहोरा फछ्र्यौट तथा संपरीक्षण गराउन नसक्ने मनासिब माफिकको कारण भएमा जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखापरीक्षकको

कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ। त्यस्तो अनुरोध भई आएमा महालेखापरीक्षकको कार्यालयले मनासिब माफिकको म्याद थप गरिदिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम थप गरिदिएको म्यादभित्र पनि प्रारम्भिक प्रतिवेदनमा उल्लिखत व्यहोरा फछ्र्यौट वा संपरीक्षण नगराएमा महालेखापरीक्षकले लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराउने र त्यसरी प्राप्त हुन आएको जानकारी बमोजिमको कारवाही गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुनेछ। लेखा उत्तरदायी अधिकृतले कारवाही नगरेमा महालेखापरीक्षकले विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी गराउनेछ।

(४) यस दफा बमोजिम फछ्र्यौट तथा संपरीक्षण हुन नसकेको प्रारम्भिक प्रतिवेदनको व्यहोरा महालेखापरीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्नेछ।

३६. <u>लेखापरीक्षण प्रतिवेदनको लगत राख्ने:</u> (१) आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनु पर्ने भनी ठहऱ्याईएको बेरूजुको लगत कार्यालयस्तरमा राख्नु पर्नेछ।

(२) प्रदेशस्तरका केन्द्रीय निकायले आफ्नो र मातहतका सबै कार्यालयहरूको बेरूजुको प्रादेशिक लगत राख्नु पर्नेछ। बेरूजूको अभिलेख अद्यावधिक गरी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने कर्तव्य लेखा उत्तरदायी अधिकृतको हुनेछ। प्रदेश लेखा नियन्त्रक कार्यालयले यसरी प्राप्त बेरूजुको एकीकृत लगत राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको लगत राख्दा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनको लगत अलग अलग रूपमा राख्नु पर्नेछ।

(४) दफा ३२ को उपदफा (६) बमोजिम फछ्र्यौट तथा संपरीक्षण भएको आन्तरिक लेखापरीक्षणको बेरूजु तथा दफा ३६ बमोजिम फछ्र्यौट तथा संपरीक्षण भएको अन्तिम लेखापरीक्षणको बेरूजुको विवरण लगतमा अद्यावधिक गरी राख्नु र पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गर्नु गराउनु पर्नेछ।

३७. <u>बेरूजू फछ्र्यौट गर्ने गराउने:</u> (१) लेखापरीक्षणबाट औंल्याइएको बेरूजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने दायित्व सम्बन्धित कार्यालय प्रमुख र आर्थिक प्रशासन शाखा प्रमुखको हुनेछ।

(२) उपदफा (१) बमोजिम बेरूजु फछ्र्यौट हुन नसकेमा सो बेरूजू कायम हुने आर्थिक कारोवार गर्ने पदाधिकारीहरू र कारोवारमा संलग्न व्यक्तिबाट असूल उपर गरी फछ्र्यौट गर्नु पर्नेछ ।

(३) आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको देखिएमा वा सरकारलाई हानि नोक्सानी भएको

देखिएमा त्यसको सूचना प्राप्त हुना साथ सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुखले त्यस्तो हानि नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि पनि कारवाही नगर्ने अधिकारीलाई प्रदेश संवैधानिक अंग तथा निकायको हकमा सम्बन्धित प्रदेश संवैधानिक अंग तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेशस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयको विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको प्रमुखले प्रत्येक कलममा एक सय रुपैयाँसम्म जरिवाना गर्नेछ।

(५) यस दफा बमोजिम बेरूजु फछ्र्यौट गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरी प्रचलित कानून बमोजिम फछ्र्यौट गर्न लगाउने दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

३८. <u>बेरूजू फछ्र्यौट तथा संपरीक्षणः</u> (१) लेखापरीक्षणको प्रतिवेदनमा औंल्याईएको बेरूजु नियमित, असुल उपर तथा संपरीक्षण गरी फछ्र्यौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(२) असुल उपर गर्नुपर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याइएको बेरूजु बाहेक अन्य बेरूजुहरूको हकमा प्रचलित कानून बमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी नभएको पुष्ट्याई गर्ने मनासिब कारण सहितको प्रमाण प्राप्त भएमा तोकिएबमोजिमको कार्यविधि अपनाई सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा संपरीक्षण हुनेछ।

(३) महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरूजुहरूको सम्बन्धमा प्रदेशसभाको सार्वजनिक लेखा समितिमा लिखित जवाफ दिने, समितिको बैठकमा उपस्थित हुने र छलफलमा भाग लिई सो सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने तथा बेरूजु फछ्र्यौट सम्बन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेश गरेको सुझाव प्रदेश सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने कर्तव्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(५) उपदफा (१) र (२) बमोजिम भएको कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्नेछ।

(६) बेरूजु फछ्र्यौट सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

३९. **<u>बेरूजु फछ्र्यौंट समितिः</u>** (१) सामान्य प्रक्रियाबाट फछ्र्यौंट हुन नसकेका बेरूजुहरू फछ्र्यौंट गर्न समय समयमा प्रदेश सार्वजनिक लेखा समिति र महालेखापरीक्षकको राय लिई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी देहायका व्यक्तिहरू सदस्य रहनेगरी एक बेरूजु फछ्र्यौंट समिति गठन गर्न सक्नेछः-

| | | |
|---|---|---|
| (क) | प्रदेश सार्वजनिक लेखा समितिले तोकेको समितिको सदस्य | -अध्यक्ष |
| (ख) | महालेखापरीक्षकले तोकेको उप-महालेखापरीक्षक वा नायव महालेखापरीक्षक | -सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत | -सदस्य |
| (घ) | प्रदेशलेखा नियन्त्रक वा निजले तोकेको कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत | - सदस्य |
| (ङ) | नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाले मनोनयन गरेको चार्टर्ड एकाउण्टेण्ट्स एकजना | - सदस्य |
| (च) | प्रदेश लेखा नियन्त्रकले तोकेको प्रदेश लेखा नियन्त्रक कार्यालयको राजपत्रांकित अधिकृत | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिम गठित बेरूजु फछ्र्यौंट समितिको कार्यक्षेत्र प्रदेश सरकारले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम गठित बेरूजु फछ्र्यौंट समितिले बेरूजु फछ्र्यौंट गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

४०. **<u>बेरूजु फछ्र्यौंट समितिको काम, कर्तव्य र अधिकारः</u>** दफा ३९ बमोजिम गठित बेरूजु फछ्र्यौंट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) लेखापरीक्षणबाट औंल्याईएको मस्यौट, हिनामिना र असुल उपर गर्नुपर्ने ठहरिएको बेरूजु बाहेक सामान्य नियमित प्रक्रियाबाट फछ्र्यौंट तथा संपरीक्षण हुन नसकेको प्रदेश संवैधानिक अंग तथा निकाय, मन्त्रालय, सचिवालय, विभाग, अदालत वा कार्यालय अन्तर्गतका बेरूजुहरू सम्बन्धित प्रदेश संवैधानिक अंग तथा निकाय, मन्त्रालय वा सचिवालयबाट फछ्र्यौंटको निमित्त सिफारिश भई आएमा औचित्यको आधारमा त्यस्तो बेरूजु नियमित वा मिनाहा गरी बेरूजुको लगत कट्टा गर्ने,

(ख) खण्ड (क) बमोजिम फछ्र्यौटको निमित्त समितिमा सिफारिश भई आएका बेरूजुहरू फछ्र्यौट गर्न नमिल्ने भएमा सम्बन्धित प्रदेश संवैधानिक अंग तथा निकाय, मन्त्रालय वा सचिवालयलाई बेरूजू रकम नियमित वा असुल उपर गर्न लेखी पठाउने।

## परिच्छेद - ८
## वित्तीय जिम्मेवारी र जवाफदेहिता

४१. काम, कर्तव्य, अधिकार र जिम्मेवारीः लेखा उत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति, विभागीय प्रमुख, प्रदेश लेखा नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, कार्यालय प्रमुख तथा आर्थिक प्रशासन शाखा प्रमुख एवम् जिन्सी तथा राजश्वमा काम गर्ने अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिएबमोजिम हुनेछ।

४२. जिम्मेवार व्यक्ति जवाफदेही हुनेः (१) जिम्मेवार व्यक्तिले यस ऐन बमोजिम राख्नु पर्ने प्रत्येक कारोबारको विवरण स्पष्ट देखिने गरी प्रचलित कानूनले तोकेबमोजिमको रीत पुऱ्याई लेखा तयार गरी अद्यावधिक राख्नु पर्नेछ।

(२) आर्थिक प्रशासन सञ्चालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे/नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्ने र मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराई जाँचबुझ गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ।

(३) लेखा उत्तरदायी अधिकृतले उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत गरेको देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेहिता बहन गर्नु पर्नेछ।

(४) कुनै मनासिब कारणले आर्थिक कारोबार सम्बन्धी काममा अनियमित हुन गएमा जिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाइ नियमित गराउनको लागि पेश गरेमा अधिकार प्राप्त अधिकारीले तोकिएको म्यादभित्र सो सम्बन्धमा आवश्यक निर्णय गरी दिनु पर्नेछ।

तर मनासिब कारण नभई लेखा सम्बन्धी काममा अनियमितता भएको देखिन आएमा अधिकार प्राप्त अधिकारीले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँच सय रुपैयाँ र त्यसपछि पनि दोहोरिन आएमा पटकै पिच्छे एक हजार रुपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रुपैयाँ र सोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा एक हजार पाँच सय रुपैयाँ जरिवाना गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालय वा विभागीय प्रमुखले कलमै पिच्छे दुई सय रुपैयाँ जरिवाना गर्न सक्नेछ। एउटै जिम्मेवार व्यक्तिलाई तीन पटक भन्दा बढी जरिवाना भई सकेपछि पुनः त्यस्तो कार्य दोहोरिन आएमा कलमै पिच्छे पाँच सय रुपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्नु पर्नेछ।

(७) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमा जाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी संवैधानिक अंग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अंग तथा निकायको प्रमुख, मन्त्रालय तथा प्रदेशस्तरको सचिवालय तथा आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्री, विभाग वा विभाग सरहको अस्तित्व र क्षेत्राधिकार भएको कार्यालयको हकमा सम्बन्धित मन्त्रालयको सचिव र कार्यालयको हकमा सम्बन्धित तालुक कार्यालयको विभागीय प्रमुखको हुनेछ।

४३. <u>सरकारी नगदी, जिन्सी दुरुपयोग एवम् मस्यौट भएमा कारवाही गरिने:</u> (१) कार्यालयको सरकारी तहबिल तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा मस्यौट वा दुरूपयोग भएको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख वा तालुक कार्यालय वा तोकिएको अधिकारीले प्रचलित कानूनबमोजिम त्यस्तो मस्यौट वा दुरूपयोग गर्ने उपर आवश्यक कारवाही गर्नु गराउनु पर्नेछ।

(२) अन्तिम लेखापरीक्षण गर्दा सरकारी तहबिल तथा जिन्सी भण्डारको कुनै रकम वा जिन्सी मस्यौट भएको देखिएमा महालेखापरीक्षकको कार्यालयले आफ्नो राय साथ प्रचलित कानून बमोजिम त्यस्तो मस्यौट गर्ने व्यक्ति उपर कारवाही चलाउन सम्बन्धित कार्यालय प्रमुख वा विभागीय प्रमुख समक्ष लेखी पठाउनेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा वा उपदफा (२) बमोजिम कारवाहीको लागि लेखि आएको अवस्थामा सम्बन्धित अधिकारीले कारवाही नगरेमा त्यस्तो अधिकारीलाई विभागीय प्रमुखले र विभागीय प्रमुखले कारवाही नगरेको भए लेखा

उत्तरदायी अधिकृतको हकमा विभागीय मन्त्री वा राज्यमन्त्रीले र प्रदेश संवैधानिक अंग तथा निकायका प्रशासकीय प्रमुखको हकमा संवैधानिक अंग तथा निकायका प्रमुखले पाँच सय रुपैयाँसम्म जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्नेछ।

(४) महालेखापरीक्षकलाई लेखा सम्बन्धी काम यथा समयमा भएको छैन भन्ने लागेमा निजले सो सम्बन्धी कागजात झिकाई जाँच गर्न लगाउन सक्नेछ र त्यसरी जाँच गर्दा केही त्रुटी वा कैफियत देखिन आएमा आवश्यक कारवाहीको लागि सम्बन्धित तालुक कार्यालय समक्ष लेखी पठाउनेछ। यसरी लेखी आएकोमा सम्बन्धित कार्यालयले पनि तुरुन्तै आवश्यक कारवाही गर्नु पर्नेछ।

४४. <u>सरकारी धनमाल वा सम्पत्तिको संरक्षण गर्नु र तोकिएको काममा मात्र लगाउनु पर्नेः</u> (१) कार्यालयमा प्राप्त हुन आएको सम्पूर्ण नगदी जिन्सीको संरक्षणको प्रबन्ध मिलाउनु जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ। कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइनेछ। तोकिएको काममा बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गरी विभागीय कारवाही समेत गर्न सकिनेछ।

(२) व्यक्तिगत प्रयोगमा ल्याइएको वा प्रयोग गर्न दिइएको सरकारी जिन्सी, धनमाल र सम्पत्तिमा हुन गएको सवै प्रकारको क्षति र नोक्सानी रकम प्रयोग गर्न दिने र लिने दुवैबाट असुल उपर गरिनेछ।

४५. <u>जवाफदेही बहन गर्नु पर्नेः</u> (१) सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेश वा निर्देशनमा भएको वा निज आफैले गरेका कारोबारका सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम जिम्मेवारी बहन गर्नु पर्नेछ।

(२) यस ऐन वा प्रचलित कानून बमोजिमका कारोबारसँग सम्बन्धित कागजात तयार गर्ने, जाँच गर्ने, पेश गर्ने र सिफारिश गर्ने कर्मचारी तथा पदाधिकारीले आफूले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नु पर्नेछ।

४६. <u>वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्नेः</u> यस ऐन र अन्य प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नु पर्नेछ।

## परिच्छेद - ९

## सरकारी सम्पत्तिको जिम्मा, त्यसको अभिलेख, संरक्षण, बरबुझारथ, लिलाम तथा मिन्हा

४७. **सरकारी सम्पत्तिको जिम्मा त्यसको अभिलेख र संरक्षण**: (१) प्रदेश कार्यालयमा रहेको नगद, बैङ्क मौज्दात, चेक र त्यसको स्रेस्ता, धरौटी र त्यसको स्रेस्ता र राजश्वको लेखा आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मामा रहनेछ। जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता जिन्सी हेर्न तोकिएको कर्मचारीको जिम्मामा रहनेछ। राजस्वको लगत र त्यस सम्बन्धी अन्य कागजातहरू कार्यालय प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ।

(२) उपदफा (१) बमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(३) उपदफा (२) बमोजिमको काम गर्न सम्बन्धित कार्यालय प्रमुखले आफ्नो जवाफदेहितामा आफू भन्दा मुनिका अन्य कर्मचारीलाई लगाउन सक्नेछ।

४८. **जिन्सी मालसामानको अभिलेख तयार गर्ने**: (१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्यसमेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लगत तयार गर्ने र लगत बमोजिमको जिन्सी मालसामान जिम्मा लिने अभिभारा कार्यालय प्रमुखले जिन्सी हेर्न तोकेको कर्मचारीको हुनेछ।

(३) प्राविधिक काममा प्रयोगमा ल्याइने जिन्सी मालसामानको हकमा उपदफा (१) बमोजिम लगत तयार गर्दा सम्बन्धित प्राविधिक कर्मचारीबाट जँचाई के-कस्तो अवस्थामा त्यस्तो मालसामान प्राप्त भएको सो प्रमाणित गराई सो कुरा कैफियत जनाई लगत खडा गर्नु पर्नेछ।

(४) कार्यालयमा मौज्दात रहेका मालसामान मध्ये पुरानो मालसामानको मूल्य कारणवश खुल्न नसकेको अवस्थामा तोकिए बमोजिमको समितिले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी मूल्य कायम गराई राख्नु पर्नेछ।

(५) वैदेशिक सहायताबाट प्राप्त हुने मालसामानको व्यवस्था तोकिएबमोजिम हुनेछ।

४९. **सरकारी सम्पतिको अभिलेख राख्ने तथा प्रतिवेदन तयार गर्ने**: (१) लगत खडा गरी राखिएको सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र

तिनीहरूको राम्रो सम्भार गरी वा चालू अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

(२) प्रत्येक कार्यालयले आफ्नो जिम्मामा रहेको घर जग्गा, सवारी साधन लगायत जिन्सी मालसामानको लगत नियमित रुपमा अद्यावधिक गरी राख्नु पर्नेछ। त्यस्तो लगतको वार्षिक रुपमा तालुक कार्यालयमा र प्रदेश लेखा नियन्त्रक कार्यालयमा आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र प्रतिवेदन गर्नु पर्नेछ। प्राप्त प्रतिवेदनको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारी कार्यालयको सम्पतिको अभिलेख तोकिए बमोजिम अद्यावधिक गर्नु पर्नेछ।

(३) तालुक कार्यालय, विभाग, मन्त्रालय, संवैधानिक निकायले उपदफा (२) बमोजिम प्राप्त प्रतिवेदन र आफ्नो कार्यालय समेतको जिन्सी प्रतिवेदन एकीकृत रुपमा तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (३) बमोजिम प्राप्त प्रतिवेदन अध्ययन गरी एकीकृत जिन्सी प्रतिवेदन तयार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनु पर्नेछ।

(५) जिन्सी निरीक्षण गर्ने, मर्मत संभार गर्ने र प्रतिवेदन गर्ने लगायतको अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५०. <u>बरबुझारथः</u> (१) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामो अवधि काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारी कागजात म्याद तोकिएकोमा तोकिएको म्यादभित्र र म्याद नतोकिएकोमा एक्काइस दिनभित्र तोकिएबमोजिम बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्र लिनु पर्नेछ।

(२) कुनै मनासिब कारणले उपदफा (१) बमोजिमको म्यादभित्र बरबुझारथ गर्न नसकिएमा म्यादभित्र बरबुझारथ गर्न नसकिएको कारण खोली सम्बन्धित तालुक कार्यालयमा निवेदन दिई निकासा भई आए बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम बरबुझारथ हुन नसकेकोमा सम्बन्धित लेखा उत्तरदायी अधिकृतले समय निर्धारण गरी त्यसरी निर्धारण गरिएको समयभित्र आवश्यक जाँचबुझ गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा लापरबाही गरी बरबुझारथ गर्न बाँकी राख्ने जिम्मेवार व्यक्तिलाई लेखा उत्तरदायी अधिकृतले पाँचसय रुपैयाँसम्म जरिवाना गरी मनासिब म्याद दिई बरबुझारथ गर्न लगाउनेछ।

(५) उपदफा (४) बमोजिम दिइएको म्यादभित्र पनि बरबुझारथ नगर्ने व्यक्ति बहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी र बहाल टुटेको व्यक्ति भए निजको निवृत्तिभरण वा उपदान रोक्का राखी एवम् निवृत्तिभरण,

उपदान नपाउने वा उपदान लिइ सकेको व्यक्ति भए प्रहरीद्वारा पक्राउ गर्न लगाई बरबुझारथ गर्न लगाइनेछ। सम्बन्धित निकायबाट पक्राउका लागि अनुरोध भई आएमा सम्बन्धित सुरक्षा निकायले पक्राउ गर्नु पर्नेछ।

(६) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा धनमालमा कुनै नोक्सानी भएमा नोक्सानी भएको रकम र सोही बराबरको विगो रकम प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ।

(७) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ।

५१. <u>लिलाम विक्री:</u> यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गर्दा लिलाम विक्री गर्नु पर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम विक्री गर्नु पर्नेछ।

५२. <u>मिनाहा दिने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन अन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबू बाहिरको परिस्थितिले गर्दा तथा सुख्खा जर्ती भई वा खिइएर, सडेर गई वा अन्य कारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा कानून बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा तोकिएबमोजिम मिनाहा दिन सकिनेछ।

## परिच्छेद - १०

## <u>सरकारी बाँकी असूल उपर</u>

५३. <u>नियमित प्रक्रियाबाट फछ्र्यौंट नभएको बेरूजु सरकारी बाँकीको रूपमा रहने:</u> (१) आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट मस्यौट तथा हिनामिना भएको भनी ठहर भएको रकम दफा ३५, ३७ र ३८ बमोजिम नियमित, असूल, फछ्र्यौंट तथा संपरीक्षण हुन नसकेमा त्यस्तो बेरूजु रकम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नु पर्नेछ।

(२) असुल उपर गर्नु पर्ने देखिएको रकम पाँच वर्षसम्म प्रयास गर्दा पनि नियमित, असुल, फछ्र्यौंट तथा संपरीक्षण हुन नसकेको बेरूजुलाई सरकारी बाँकीको रूपमा लगत कायम गरी सोको सूचना जिम्मेवार व्यक्तिलाई समेत दिई प्रचलित कानून बमोजिम असुल उपर गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सरकारी बाँकीको रूपमा लगत कायम गरिएको बेरूजुको विवरण असुल उपरको लागि सम्बन्धित लेखा उत्तरदायी अधिकृतले तोकिएबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

५४. <u>बेरूजू रकम जायजेथाबाट असुल उपर हुने:</u> दफा ५३ को उपदफा (३) बमोजिम लगत कसी असुल उपरका लागि प्राप्त भएको बेरूजु रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित व्यक्तिको जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

५५. <u>बेरूजू रकम असुल उपर गर्ने काम, कर्तव्य र अधिकार:</u> (१) यो ऐन र अन्य प्रचलित कानून बमोजिम जिम्मेवार व्यक्तिबाट असुल उपर गर्नुपर्ने रकम तथा प्रदेश सरकारसँग गरेको शर्तनामा अनुसार बुझाउनु पर्ने रकम नबुझाएको र सरकारी नगदी तथा जिन्सी सम्पत्ति हिनामिना गर्ने व्यक्तिबाट असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्ने दायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत उक्त कार्यालयको लगतमा कायम रहेको प्रदेश अन्तर्गतको असुल उपर गर्नुपर्ने रकम असुल उपर गर्न लेखी आएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले असुल उपर गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा लेखिए देखि बाहेक प्रचलित कानून बमोजिम प्रदत्त अधिकार प्रयोग गरी अर्धन्यायिक निकाय वा अधिकारीबाट भएको फैसला बमोजिमको दण्ड जरिवाना तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले त्यस्तो दण्ड जरिवाना नतिरेमा नबुझाएमा सम्बन्धित अर्धन्यायिक अधिकारी वा त्यस्तो अर्धन्यायिक निकायको प्रमुखले त्यस्तो दण्ड जरिवानाको विवरण उल्लेख गरी दण्ड जरिवाना असुल उपर गर्नको लागि त्यस्तो विवरण सहित प्राप्त हुन आएमा सम्बन्धित व्यक्तिबाट फैसला बमोजिमको दण्ड जरिवाना सरकारी बाँकी सरह असुल उपर गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) असुल उपर गर्नुपर्ने ठहरी लगत कसिएको बेरूजु वा दण्ड जरिवाना नतिरे नबुझाएमा त्यस्तो बेरूजु वा दण्ड जरिवाना असुल उपर गर्नु पर्दा अपनाउनु पर्ने अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम असुल उपर गर्नुपर्ने दण्ड जरिवाना असुल उपर भएपछि सम्बन्धित कार्यालयले त्यसको विवरण सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा सम्बन्धित अर्धन्यायिक निकायको प्रमुख समेतलाई दिनु पर्नेछ।

(६) असुल उपर गर्नुपर्ने बेरूजु रकमको कुल लगतको दश प्रतिशत भन्दा बढी असुल उपर भएमा सो दश प्रतिशत भन्दा बढी जति असुल उपर भएको छ त्यसको दश प्रतिशतमा नबढाई वा प्रति व्यक्ति वा संस्थालाई दश हजार रुपैयाँ भन्दा बढी नहुने गरी बेरूजु असुल उपर गर्ने कार्यमा संलग्न कर्मचारी, व्यक्ति वा संस्थालाई पुरस्कार दिन सकिनेछ।

## परिच्छेद - ११
## विविध

५६. **सजायः** (१) यस ऐनको विभिन्न दफामा सजायको व्यवस्था गरिएकोमा बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूको उल्लंघन गरेमा निजलाई दफा ४१ बमोजिमको अधिकारीले पाँचसय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम सजाय तथा जरिवाना गर्नु पर्नेमा कुनै अधिकारीले सजाय तथा जरिवाना नगरेमा त्यस्तो अधिकारीलाई एक तह माथिको अधिकृतले पहिलो पटक चेतावनी र दोस्रो पटक देखि पाँच सय रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

५७. **जरिवाना मिन्हा वा कम गर्न सकिनेः** यस ऐनमा उल्लेखित व्यवस्था अनुसार कुनै सजायको आदेश भएकोमा त्यस्तो सजाय गर्न नपर्ने भनी मनासिब माफिकको कारण खोली त्यस्तो सजायको आदेश दिएको मितिले पन्ध्र दिनभित्र सजाय दिने अधिकारी समक्ष लिखित निवेदन दिएमा सजायको आदेश दिने अधिकारीलाई त्यस्तो कारण मनासिब लागेमा पहिले गरेको जरिवाना मिन्हा वा कम गर्न सक्नेछ।

५८. **पुनरावेदनः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै जरिवाना वा बेरूजु व्यहोर्नु पर्ने गरी भएको निर्णय उपर चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्ति वा कर्मचारीले त्यस्तो निर्णय पाएको पन्ध्र दिनभित्र सजाय गर्ने अधिकारी भन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ र त्यसरी परेको पुनरावेदनको सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले दिएको निर्णय अन्तिम हुनेछ।

५९. **आर्थिक प्रशासनको सञ्चालनः** आर्थिक प्रशासन सञ्चालन गर्न प्रदेशमा लेखा सम्बन्धी जनशक्तिको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ।

६०. **आर्थिक कार्यविधि सम्बन्धी मार्गदर्शनः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आर्थिक कार्यविधि सम्बन्धी अन्य कानून बनाउँदा संघीय आर्थिक कार्यविधि ऐनको प्रतिकूल नहुने गरी बनाउनेछ।

६१. **विद्युतीय प्रविधिको प्रयोग गर्नेः** (१) यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने आर्थिक कारोवारको लेखांकन एवम् प्रतिवेदनका लागि आवश्यकता अनुसार विद्युतीय प्रणालीको उपयोग गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका आर्थिक कारोवार व्यस्थापन प्रणालीहरू प्रदेश लेखा नियन्त्रक कार्यालयले विकास गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनेछ।

(३) उपदफा (२) बमोजिम विकास भएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा तोकिएबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनु पर्नेछ।

(४) यस दफा बमोजिम विकास गरिएका प्रणालीबाट उत्पादित हुने सूचनाहरू प्रमाणीकरणका लागि विद्युतीय हस्ताक्षरको प्रयोग गर्न सकिनेछ।

(५) आर्थिक कारोबार व्यवस्थापनसँग अन्तर सम्बन्धित अन्य प्रणालीहरूको विकास र अन्तर आवद्धता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६२. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम कुनै निकाय वा अधिकारीलाई प्राप्त अधिकारमध्ये तोकिएबमोजिम बाहेकका अधिकार अन्य कुनै निकाय वा अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

६३. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६४. **बचाउः** यो ऐन र यस अन्तर्गत बनेका नियमहरूमा लेखिएका कुराहरूमा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

# सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०१/३१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०२/१५

## *प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण कार्यविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: सार्वजनिक लिखतहरुको प्रमाणीकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "*प्रदेशका सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"कानून मन्त्रालय"** भन्नाले *.....प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(ख) **"प्रदेश"** भन्नाले *लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ।

(ग) **"प्रदेश सरकार"** भन्नाले *प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।

(घ) **"प्रामाणिक प्रति"** भन्नाले सार्वजनिक लिखत प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर भएको सक्कल प्रति सम्झनुपर्छ।

(ङ) **"सभामुख"** भन्नाले *प्रदेश सभाको सभामुख सम्झनुपर्छ।

(च) **"सार्वजनिक लिखत"** भन्नाले देहायका लिखत सम्झनुपर्छः-

(१) प्रदेश सभाले बनाएको ऐन,

(२) प्रदेश प्रमुखबाट जारी भएको अध्यादेश, आदेश, अधिकार पत्र वा सूचना,

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

(३) प्रदेश सरकारले बनाएको नियम,

(४) प्रदेश सरकारले जारी गरेको आदेश, अधिकार पत्र, सूचना वा अन्य लिखत,

(५) प्रदेश सभाबाट पारित प्रस्ताव,

(६) प्रदेश मन्त्रिपरिषद्को निर्णय,

(७) संविधान, प्रचलित संघीय वा प्रदेश कानून बमोजिम प्रदेश सरकारले गर्ने नियुक्ति, सरुवा र अवकाश पत्र,

(८) संघीय वा प्रदेश कानून बमोजिम प्रदेश स्तरमा प्रमाणीकरण गर्नुपर्ने अन्य लिखत।

(छ) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

३. <u>ऐनको प्रमाणीकरण कार्यविधि</u>ः (१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभाको सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिने विधेयकका प्रतिहरुमा सभामुखले प्रदेश सभाबाट विधेयक पारित भएको मिति उल्लेख गरी हस्ताक्षर गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरु मध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक एक प्रति प्रदेशको मुख्यमन्त्रीको कार्यालय, कानून मन्त्रालय, प्रदेश सभाको सचिवालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ र त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा ◌प्रदेश सरकारका कानून सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

४. <u>प्रदेश सभाबाट पारित प्रस्तावको प्रमाणीकरण</u>ः (१) संविधान तथा अन्य प्रदेश कानून बमोजिम प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा प्रदेश सभाका सचिव वा निजले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ।

५. <u>अध्यादेशको प्रमाणीकरण कार्यविधि</u>ः (१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषदबाट अध्यादेश जारी गर्न सिफारिस गर्ने निर्णय भएपछि

---

◌ केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन द्वारा संशोधित

*मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीहरुले हस्ताक्षर गर्नुपर्नेछ :-

(क) प्रदेशको मुख्यमन्त्री,

(ख) सम्बन्धित विभागीय मन्त्री,

(ग) कानून सम्बन्धी विषय हेर्ने मन्त्री,

(घ) प्रदेश सरकारको प्रमुख सचिव, र

(ङ) *प्रदेश सरकारका कानून सचिव।

(३) *उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रमाणीकरणको लागि प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागू हुनेछ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरु मध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्रीको कार्यालय, कानून मन्त्रालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ। त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा ◌प्रदेश सरकारका कानून सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

६. <u>प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकार पत्र, सूचनाको प्रमाणीकरण</u>: (१) संविधान तथा अन्य संघीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकार पत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकार पत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एक प्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकार पत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

◌ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा पठाउनु पर्नेछ।

७. **नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरण**: देहायका सार्वजनिक लिखतहरु जारी गर्ने सम्बन्धमा प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेपछि सोको आधारमा प्रदेशको प्रमुख सचिवले त्यस्तो लिखतका दुई प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नेछ र सोको एक प्रति मुख्यमन्त्रीको कार्यालयमा राखी अर्को प्रति प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछः—

(क) प्रदेश सरकारले बनाएको नियम,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकार पत्र,

(घ) संघीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्ले गर्नु पर्ने निर्णय, जारी गर्नु पर्ने निर्देशिका वा अन्य सार्वजनिक लिखत।

८. **संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण**: (१) संविधान तथा संघीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्ति पत्र प्रदेश प्रमुखको हस्ताक्षरबाट प्रमाणीकरण हुनेछ।

(२) उपदफा (१) बमोजिमको नियुक्ति पत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्रीको कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि प्रदेश कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ।

९. **अन्य सार्वजनिक लिखतको प्रमाणीकरण**: (१) प्रदेश मन्त्रिपरिषदबाट भएका निर्णय तथा नियुक्तिको प्रमाणीकरण प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ।

(२) दफा ३, ४, ५, ६, ७, ८ र उपदफा (१) मा लेखिए देखि बाहेकका प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको अन्य अधिकृतबाट हुनेछ।

(३) यस ऐनमा लेखिए देखि बाहेकका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **प्रदेश राजपत्रमा प्रकाशन गर्ने**: (१) यस ऐन बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछः—

(क) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन वा अध्यादेश, भाग-१

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषदले जारी गरेको आदेश वा अधिकार पत्र, भाग-२ र

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णय बमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने सूचना र प्रदेश प्रमुखबाट हुने नियुक्ति भाग-३

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन, अध्यादेश भए ◌प्रदेश सरकारका कानून सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि प्रदेश सरकारले तोकेको मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ।

(३) प्रदेश ऐन र अध्यादेश बाहेकका नियम तथा अन्य सूचनाको हकमा सम्बन्धित अधिकारी वा निकायको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले सम्पादनको लागि निर्णय फाईल सहित कानून मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त सूचना सम्पादन गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने भाग समेत खुलाई कानून मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम कानून मन्त्रालयले सम्पादन गरी पठाए बमोजिमको सूचनामा सम्बन्धित मन्त्रालय वा निकायको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि प्रदेश सरकारले तोकेको मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) को खण्ड (ग) बमोजिमका सूचना सम्बन्धित मन्त्रालय वा निकायको सचिवले अख्तियारी दिएको खण्डमा कम्तीमा राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको अधिकृतले प्रदेश राजपत्रमा प्रकाशनको लागि पठाउन सक्नेछ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश राजपत्रमा प्रकाशन विना नै कार्यान्वयन गर्न सकिने विषयको आदेश वा निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने छैन।

(८) कुनै सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भएमा सो विषयमा कानून मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

११. <u>अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्ने</u>: कुनै सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा प्रचलित प्रदेश कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

◌ केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

१२. <u>दण्ड सजाय</u>ः (१) कसैले प्रदेश ऐन वा अध्यादेशको कीर्ते गरेमा, नभए नगरेको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा यस ऐन बमोजिम प्रमाणीकरण भएका प्रदेश ऐन वा अध्यादेशलाई केरमेट गरेमा वा यस ऐन प्रतिकूलको अन्य कुनै कार्य गरेमा त्यस्तो कार्य केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ प्रतिकुलको कसूर मानिनेछ र कसुरदारलाई सोही कानून बमोजिमको सजाय हुनेछ ।

(२) यस दफा बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानी नोक्सानी भएको रहेछ भने सो बापत क्षतिपूर्ति समेत कसूरदारबाट भराउनु पर्नेछ ।

१३. <u>सरकारवादी मुद्दा हुने</u>ः यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१४. <u>नियम बनाउने अधिकार</u>ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०२/३१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

[×]**.....**

## प्रदेश वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: प्रदेश सरकारबाट स्थानीय तहलाई राजस्व बाँडफाँट तथा अनुदान हस्तान्तरण गर्ने सम्वन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[*] लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "[×]..... प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५" रहेको छ।

(२) [*]यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले संविधानको धारा २५० बमोजिमको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ।

(ख) "प्रदेश संचित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश संचित कोष सम्झनु पर्छ।

(ग) "योजना" भन्नाले आयोजना, परियोजना, कार्यक्रम समेत सम्झनु पर्छ।

(घ) "वित्तीय समानीकरण अनुदान" भन्नाले दफा ४ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ङ) "विशेष अनुदान" भन्नाले दफा ७ बमोजिमको अनुदान सम्झनु पर्छ।

(च) "समपूरक अनुदान" भन्नाले दफा ६ बमोजिमको अनुदान सम्झनु पर्छ।

(छ) "सशर्त अनुदान" भन्नाले दफा ५ बमोजिमको अनुदान सम्झनु पर्छ।

(ज) "स्थानीय संचित कोष" भन्नाले संविधानको धारा २२९ बमोजिमको स्थानीय संचित कोष सम्झनु पर्छ।

(झ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

---

[×] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

३. <u>करको बाँडफाँट</u>ः (१) साझा सूचीमा रहेको प्रदेशले लगाएको र उठाएको करबाट उठेको रकम प्रदेश सरकारले प्रदेश विभाज्य कोषमा जम्मा गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत प्रदेश सरकारलाई र चालीस प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिनेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये प्रदेश सरकारले प्राप्त गर्ने रकम प्रदेश सञ्चित कोषमा दाखिला गरिनेछ र स्थानीय तहलाई प्रदान गरिने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिनेछ।

(४) उपदफा (३) बमोजिम स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम संविधान र यस ऐनको अधीनमा रही आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्नेछ।

(५) उपदफा (४) बमोजिम बाँडफाँटबाट प्रत्येक स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम बाँडफाँट हुने रकम आर्थिक वर्षको अन्तिम महिनामा हिसाब मिलान गरिनेछ।

४. <u>वित्तीय समानीकरण अनुदान</u>ः (१) संविधानको धारा ६० को उपधारा (५) *.....बमोजिम प्रदेश सरकारले स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।

(२) प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्व समेतका आधारमा उपदफा (१) बमोजिम स्थानीय तहलाई बाँडफाँट हुने समानीकरण अनुदान रकम निर्धारण गर्नेछ।

५. <u>सशर्त अनुदान</u>ः (१) *....... प्रदेश सरकारले स्थानीय तह वा प्रदेश सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) बमोजिम आयोगले तोकेको आधार बमोजिम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सशर्त अनुदान प्रदान गर्दा प्रदेश सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र सम्बन्धित स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नु पर्नेछ।

(३) सशर्त अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>समपूरक अनुदान</u>ः (१) *.......प्रदेश सरकारले स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्न सक्नेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको।

(२) उपदफा (१) बमोजिम समपूरक अनुदान प्रदान गर्दा देहायका कुरालाई आधार बनाइनेछः-

(क) योजनाको सम्भाव्यता,

(ख) योजनाको लागत,

(ग) योजनाबाट प्राप्त हुने प्रतिफल र लाभ,

(घ) योजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता र जनशक्ति,

(ङ) योजनाको आवश्यकता र प्राथमिकता।

(३) उपदफा (१) बमोजिमको समपूरक अनुदान कुनै योजनाको कूल लागतको अनुपातका आधारमा प्रदान गरिनेछ।

(४) समपूरक अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>विशेष अनुदानः</u> (१) *.......प्रदेश सरकारले देहायको कुनै उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाको लागि विशेष अनुदान प्रदान गर्न सक्नेछः-

(क) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,

(ख) अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,

(ग) आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान र विकास गर्ने।

(२) विशेष अनुदान प्रदान गर्ने कार्यविधि तथा अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>अनुदानको प्रयोगः</u> यस ऐन बमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ।

९. <u>कार्यविधि बनाउन सक्नेः</u> यस ऐन कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक कार्यविधि बनाउन सक्नेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको।

# कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०२/३१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## प्रदेशको कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेशको समग्र विकासका लागि आवश्यक स्रोतको रुपमा रहेको राजस्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "*..... कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) *..........

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले सालबसाली आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले प्रचलित संघीय कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ।

(ग) "कर" भन्नाले आर्थिक ऐन बमोजिमको कर सम्झनु पर्छ।

(घ) "कर अधिकृत" भन्नाले प्रदेश सरकारले दफा ५ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

(ङ) "कर कार्यालय" भन्नाले प्रदेशमा कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने महाशाखा, शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रूपमा रहेको प्रदेश सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्छ।

(च) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ।

(छ) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संशोधित कर निर्धारणलाई समेत जनाउँछ।

(ज) "गैरकर राजस्व" भन्नाले कर बाहेकका गैरकर राजस्व सम्झनु पर्छ।

(झ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी, बाबु, आमा र अंश छुट्टिए वा नछुट्टिएका नाबालिग सन्तान सम्झनु पर्छ।

(ञ) "प्रदेश कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रदेश कर प्रमुख नियुक्त नभएकोमा प्रदेश आर्थिक तथा योजना मन्त्रालयको सचिवलाई जनाउँछ।

(ट) "प्रदेश" भन्नाले *लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ठ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ड) "स्थानीय तह" भन्नाले *लुम्बिनी प्रदेशमा रहेका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२
## राजस्व निर्धारणका आधार र कर प्रशासन

३. कर तथा गैरकर राजस्व निर्धारणका आधारः (१) कर राजस्व देहायका आधारमा निर्धारण गरिनेछः-

(क) कर तिर्न सक्ने क्षमता,

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) नागरिकको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना,

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता।

(२) गैरकर राजस्व उपलव्ध गराइने सेवा, सहुलियत र सुबिधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी निर्धारण गरिनेछ।

४. **कर प्रशासन**ः (१) यस ऐन बमोजिमको कर तथा गैरकरको प्रशासन प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यावसायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर कार्यालय रहन सक्नेछन्।

५. **कर्मचारी सम्बन्धी व्यवस्था**ः (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी प्रदेश कर कार्यालयमा रहन सक्नेछन्।

(२) प्रदेश कर कार्यालयमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ।

६. **कर अधिकृतको काम, कर्तव्य र अधिकार**ः यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,
(ख) करदाताबाट विवरण प्राप्त गर्ने,
(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने,
(घ) कर संकलन गर्ने,
(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,
(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,
(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,
(ज) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलव्ध गराउने,
(झ) करदाताका खातापाता र हरहिसाव दुरुस्त राख्न लगाउने,
(ञ) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,
(ट) कर सम्बन्धी अन्य काम गर्ने।

७. **अधिकार प्रत्यायोजन**ः (१) प्रदेश कर प्रमुखले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख तथा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कार्यालयको प्रमुख र कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

८. <u>प्रत्यायोजित अधिकार र जिम्मेवारी</u>: (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>कर तथा गैरकर</u>

९. <u>घरजग्गा रजिष्ट्रेशन शुल्क</u>: (१) प्रदेशले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा घर जग्गा रजिष्ट्रेशन शुल्क लगाउनेछ।

(२) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(४) यस दफा बमोजिम लगाइएको घर जग्गा रजिष्ट्रेशन शुल्क घर, जग्गा वा घर जग्गा रहेको स्थानीय तहले उठाउनेछ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम स्थानिय तहले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजिगत लाभकर असूल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

१०. <u>सवारी साधन कर</u>ः (१) प्रदेशले सवारी साधनमा सवारी साधन कर लगाउनेछ।
<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा उर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ|

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कर कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(४) यो ऐन प्रारम्भ हुनु पूर्व *प्रचलित कानून बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र मसान्तसम्म उपदफा (३) बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नु पर्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित स्थानीय तहले लगाउने र उठाउनेछ।

११. <u>मनोरन्जन कर</u>ः (१) प्रदेशले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरन्जनस्थलमा देखाइने मनोरन्जनका सेवामा मनोरन्जन कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरन्जन कर मनोरन्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम अन्यथा मनोरन्जन स्थलको टिकटमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको मनोरन्जन करबाट उठेको रकम मनोरन्जनस्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमको कर प्रशासन स्थानीय तहले गर्नेछ।

१२. <u>विज्ञापन कर</u>ः (१) प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहले लगाउने र उठाउनेछ।
<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनको लागि “विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, नियोन, डिजिटल डिस्प्ले, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुन जस्ता सामग्री सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(२) कसैले विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदन पर्न आएमा स्थानीय तहले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले उपदफा (३) बमोजिमको अनुमति दिँदा विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नु पर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, वातावरणीय स्वच्छता, सार्वजनिक यातायातमा पर्न सक्ने असर, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नेछ।

(५) नेपाल सरकार, प्रदेश वा स्थानीय तह वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि स्थानीय तहले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ।

(६) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुन सक्ने छैन।

(७) नेपाल सरकार, प्रदेश र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चितकोषमा जम्मा गर्नु पर्नेछ।

(९) विज्ञापन कर असूल सम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ।

१३. <u>कृषि आयमा कर</u>ः (१) प्रदेशले आफ्नो क्षेत्रभित्रको कृषि आयमा कर लगाउनेछ।

(२) यो कर स्वयंकर निर्धारण प्रणालीमा आधारित हुनेछ।

(३) कृषि आयमा कर लगाउने प्रक्रिया प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१४. <u>पर्यटन शुल्क</u>ः (१) प्रदेश आफैले निर्माण गरेको र संघीय सरकारबाट हस्तान्तरण भइ आउने पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्रभित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउने छैन।

१५. <u>प्राकृतिक स्रोत शुल्क</u>ः (१) प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको सङ्कलन शुल्क प्रदेशले लगाउनेछ।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको सङ्कलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेशले नेपाल सरकारको नीतिको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा स्थानीय तहलाई त्यस्तो क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर सङ्कलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएमा स्थानीय तहले त्यस्तो क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर सङ्कलन गर्न गराउन सक्नेछ।

(५) प्रदेश सरकारले स्थानीय तहले ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर सङ्कलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि स्थानीय तहले ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर सङ्कलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

(६) ढुङ्गा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तर सङ्कलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**१६.** <u>सेवा शुल्क तथा दस्तुर</u>ः प्रदेशले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

**१७.** <u>दण्ड जरिवाना</u>ः प्रदेशले संविधानको अनुसूची-६ बमोजिमका क्षेत्र र विषयमा दण्ड जरिवाना लगाई उठाउन सक्नेछ।

**१८.** <u>अन्य कर उठाउन सक्ने</u>ः प्रदेशले आफ्नो क्षेत्रभित्र रहेका कर लाग्ने अन्य विषयमा कर उठाउन सक्नेछ।

## परिच्छेद-४
## <u>करदाता दर्ता</u>

**१९.** <u>करदाताको पहिचान तथा दर्ता</u> : (१) कसैले व्यवसाय सञ्चालन गर्न चाहेमा व्यवसाय गर्नु पूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोवार र कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त

सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका कुराहरूको आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोहि नम्बरको प्रयोग गरी गर्नु पर्नेछ।

२०. <u>करदाताको दायित्वः</u> यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः-

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,
(ख) निर्धारित समयमा विवरण पेश गर्ने,
(ग) निर्धारित समयमा कर दाखिल गर्ने,
(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिबाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,
(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,
(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,
(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

२१. <u>करदाताको अधिकार</u> : (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,
(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,
(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,
(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्त गर्ने अधिकार,
(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनु पर्नेछ।

२२. <u>करदाताको प्रतिनिधित्वः</u> (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

<u>स्पस्टीकरणः</u> यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ।

## परिच्छेद-५
## कर विवरण र कर दाखिला

२३. <u>विवरण दाखिला गर्न आदेश दिन सक्ने</u>: (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शङ्का गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले पन्ध्र दिनभित्र कर कार्यालयमा विवरण दाखिल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिल गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समय अवधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको अवधि थपिदिन सक्नेछ।

२४. <u>विवरण सच्याउन सकिने</u>: यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिलो विवरण दाखिला भएको मितिले तीन महिनाभित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

२५. <u>कर दाखिला गर्नुपर्ने</u>: (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर यस ऐनमा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० बमोजिमको कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म वा दर्ता नवीकरण गर्ने म्याद जुन अघि हुन्छ सो म्यादभित्र बुझाइसक्नु पर्नेछ।

(३) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गतेभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

२६. <u>कर दाखिलाको निस्सा दिनु पर्ने</u>: करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद-६

## कर समायोजन

२७. <u>कर फिर्ता सम्बन्धी व्यवस्थाः</u> (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिल गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले फिर्ता दिनु पर्नेछ।

२८. <u>कर समायोजन सम्बन्धी व्यवस्थाः</u> (१) करदाताले दफा २५ बमोजिम फिर्ता पाउने ठहरिएको रकम निजले दाखिल गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ।

## परिच्छेद-७

## कर परीक्षण, निर्धारण र सङ्कलन

२९. <u>कर परीक्षणः</u> (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः-

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा विवरण कागजात संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा सोको दाबी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयंकर निर्धारण गरी विवरण पेश गरेको मितिले चार बर्षभित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ।

(६) कुनै व्यक्तिले झुट्टा लेखा वा बीजक वा अन्य कागजात तयार गरी वा जालसाजी गरी कर छलेको रहेछ भने कर अधिकृतले जुनसुकै बखत पुनः कर निर्धारण गर्न गराउन सक्नेछ।

३०. <u>कर निर्धारणको सूचना</u>ः (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमाभित्र कर दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको भौचर सम्बन्धित कर कार्यालयमा बुझाउनु पर्नेछ।

३१. <u>कर असूल गर्न सक्ने</u>ः (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असूल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश, स्थानीय तह वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) करदाताको कारोवार रोक्का गरेर,

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटकपटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकमभन्दा बढी भएमा बढी भएजति रकम साठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलव्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

३२. किस्ताबन्दिमा कर असूलीः कुनै खास करदातालाई बिशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक बर्षभित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ।

तर ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुने छैन।

## परिच्छेद-८

## व्याज, शुल्क र जरिबाना

३३. जरिबाना लाग्नेः (१) यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २१ को उपदफा (२) बमोजिमको म्यादभित्र सवारी साधन कर दाखिला नगरेमा दाखिला गर्नुपर्ने म्याद नाघेको मितिदेखि सो वर्षको अन्त्य सम्म कर रकमको २० प्रतिशतका दरले जरिवाना लाग्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि सवारी साधन कर नबुझाएमा लाग्ने जरिवाना सम्बन्धित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

३४. व्याज लाग्नेः यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा वार्षिक दश प्रतिशत व्याज लाग्नेछ।

३५. शुल्क लाग्नेः (१) यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा पाँच हजार रुपैयाँ शुल्क लाग्नेछ।

(२) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ।

(३) यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ।

३६. <u>पुनः व्याज नलाग्ने</u>ः यस ऐन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवानामा पुनः ब्याज लाग्ने छैन।

## परिच्छेद-९
## <u>पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन</u>

३७. **<u>पूर्वादेश माग गर्न सक्ने</u>:** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्था बारे द्विविधा भएमा सोको निराकरणको लागि निजले प्रदेश कर प्रमुख समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रदेश कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलव्ध गराउनेछ |

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भईसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश प्रदेश कर प्रमुखले खारेज नगरेसम्म वा अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ।

३८. **<u>प्रशासकीय पुनरावलोकन हुन सक्ने</u>:** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय।

३९. **<u>प्रशासकीय पुनरावलोकनको प्रक्रिया</u>:** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिनभित्र तोकिए बमोजिमको धरौटी संलग्न गरी तोकिएको ढाँचामा प्रदेश कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन उपर साठी कार्यदिनभित्र कारबाही र किनारा गर्नु पर्नेछ।

४०. <u>उजुरी नलाग्ने</u>ः यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन।

४१. <u>पुनरावेदन दिन सक्ने</u>ः (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले पैंतीस

दिनभित्र सम्बन्धित तोकिए बमोजिमको धरौटी संलग्न गरी उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उच्च अदालतले गरेको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद-१०

## समन्वय

४२. नेपाल सरकारसँग समन्वयः (१) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय तह वा स्थानीय तहले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजस्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुङ्गोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४३. स्थानीय तहसँग समन्वयः (१) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नुपर्ने कर वा गैरकर राजस्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेश सरकारले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैर कर राजस्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४४. **<u>नेपाल राष्ट्र बैंकसँग समन्वयः</u>** प्रदेश सरकारले कर र गैरकर राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन बैंकिङ्ग प्रणालीमा आवद्ध गर्ने विषयमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४५. **<u>अन्य संस्थासँग समन्वयः</u>** प्रदेश सरकार वा कर अधिकृतले कर तथा गैरकर राजस्वसँग सम्बन्धित विषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ।

४६. **<u>राजस्व सम्बन्धी नयाँ प्रस्तावः</u>** प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग परामर्श गर्न सक्नेछ।

४७. **<u>सूचना सार्वजनिक गर्नु पर्नेः</u>** (१) प्रदेश सरकारले लगाएको कर र गैर कर राजस्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजस्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना प्रदेश कानून बमोजिम सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-११
## <u>विविध</u>

४८. **<u>विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवम् कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

४९. **<u>ठेक्कामा लगाउन नपाइने:</u>** प्रदेश सरकारले आफूले असुल गर्नुपर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।

तर *प्रचलित कानून बमोजिम स्थानीय तहसँग समन्वय गरी कर उठाउन बाधा पुगेको मानिने छैन।

५०. **<u>कागजातको ढाँचाः</u>** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश सरकारले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरीका तोक्ने गरी सूचना जारी गर्न सक्नेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश सरकारको सूचना पाटी, वेभसाइट आदिको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ।

५१. <u>सूचना तामेली रीत पुगेको मानिने</u>: (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः-

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ।

५२. <u>कागजातको अभिलेख राख्ने</u>: (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः-

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात,

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तीमा चार बर्षसम्म सुरिक्षत राख्नु पर्नेछ।

५३. <u>अदालतलाई भए सरहको अधिकार हुने</u>: यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

५४. <u>कर अधिकृतको परिचय पत्रः</u> कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ।

५५. <u>विभागीय कारवाही र सजाय हुनेः</u> (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नुपर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा करदाताले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजुर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारवाही गर्ने र कारबाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रदेश कर प्रमुख समक्ष पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानबिन गर्न प्रदेश कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम छानबिन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रदेश कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम छानबिन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरवाही गरेको कुरा खुल्न आएमा कर प्रमुखले निजलाई विभागीय कारवाही गर्नेछ।

(६) यस दफा बमोजिमको छानबिन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन।

५६. <u>पुरष्कृत गर्न सक्नेः</u> (१) आर्थिक तथा योजना मन्त्रालयले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था आर्थिक तथा योजना मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

५७. <u>म्याद, हदम्याद नजानेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः-

(क) अदालतबाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि।

**५८.** <u>नियम बनाउन सक्ने</u>: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

# प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/०९/१९

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

*....

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : *प्रशासकीय कार्यविधि नियमित गर्नको लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार दिन वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो ऐनको नाम "*..... प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नियम बनाउने प्रदेश सरकारको अधिकार : (१) आर्थिक, प्रशासनिक लगायतका प्रदेश सरकारका सबै कार्यहरु सुचारु रुपले सम्पादन गर्न र विभिन्न मन्त्रालय तथा कार्यालयहरुले अपनाएका सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नका लागि प्रदेश सरकारले आवश्यक ठानेको विषयमा नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि बनाउन सक्नेछ।

(२) *.....

३. बचाउ: यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

# अभिलेख संरक्षण ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०६/०१

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## प्रदेशको अभिलेख संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेशका महत्वपूर्ण कागजातलाई अभिलेखको रूपमा व्यवस्थित एवम् सुरक्षित तरिकाले राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "अभिलेख संरक्षण ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अभिलेख" भन्नाले यस ऐन बमोजिम प्रदेश अभिलेखालयमा अभिलेखको रूपमा सुरक्षित रूपमा राख्नुपर्ने, राखिएका वा दर्ता भएका कागजात सम्झनुपर्छ ।

(ख) "कागजात" भन्नाले देहायका कुराहरू समेत सम्झनुपर्छ ।

(१) हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, समझदारीपत्र, सम्झौता, पत्र-पत्रिका, चिट्ठीपत्र, लिखत, चित्र, वृत्तचित्र, तस्वीर, नक्शा, योजना, चार्ट, फाईल, मिसिल, रजिष्टर वा कुनै प्रकाशन ।

(२) फिल्म, माइक्रो फिल्म, टेप (ध्वनि रेकर्ड), चलचित्र, कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेट वा यस्तै प्रकारका विद्युत चुम्बकीय वा विद्युतीय अभिलेखको मूलप्रति वा प्रतिलिपि ।

(३) ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा शिलापत्रको प्रतिलिपि वा तस्वीर ।

(४) पहिलो टाँचा लागेको हुलाक टिकट तथा मनीअर्डर फर्म, हवाई पत्र र पोष्ट कार्डको नयाँ प्रकाशन ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय तथा मन्त्रालय मातहतका निर्देशनालय, कार्यालय वा अन्य निकाय सम्झनुपर्छ र सो शब्दले प्रदेश सभाका अङ्ग, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय र प्रदेश सरकारबाट समय समयमा

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

गठन भएका अस्थायी वा आवधिक आयोग वा परियोजनाको कार्यालयलाई समेत जनाउनेछ।

(घ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) "प्रदेश अभिलेखालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश अभिलेखालय सम्झनुपर्छ र सो शब्दले त्यसरी अभिलेखालय स्थापना नभएसम्मका लागि सोही दफा बमोजिम प्रदेश सरकारले तोकेको निकायलाई समेत जनाउँछ ।

३. <u>प्रदेश अभिलेखालयको स्थापना:</u> (१) प्रदेशका अभिलेखहरू व्यवस्थित र सुरक्षित तरिकाले राख्नका लागि एक प्रदेश अभिलेखालय रहनेछ ।

(२) प्रदेश अभिलेखालयको स्थापना नभएसम्म प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायले प्रदेश अभिलेखालयको काम गर्नेछ ।

४. <u>प्रदेश अभिलेखालयको काम, कर्तव्य र अधिकारः</u> (१) प्रदेश अभिलेखालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ५ र ६ बमोजिम प्राप्त भएका कागजात दर्ता गर्ने,
(ख) अभिलेखहरू व्यवस्थित एवम् सुरक्षित तरिकाले राख्ने,
(ग) अभिलेखहरू तोकिए बमोजिम वर्गीकरण गरी सोको सूची तयार गर्ने,
(घ) आवश्यकतानुसार अभिलेख छपाउने वा प्रतिलिपि निकाल्ने,
(ङ) कुनै व्यक्तिलाई अभिलेख हेर्न वा सार्न दिने वा प्रतिलिपि दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने,
(च) सुरक्षित तरिकाले कागजात राख्ने सम्बन्धमा कार्यालयलाई आवश्यक परामर्श दिने,
(छ) आवश्यकता अनुसार डिजिटल स्वरूपमा समेत अभिलेख राख्ने व्यवस्था गर्ने ।

(२) प्रदेश अभिलेखालयको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

५. <u>प्रदेश अभिलेखालयमा कागजात पठाउनु पर्ने:</u> (१) कार्यालयले देहायका कागजात सुरक्षित रूपमा संरक्षण गरी राख्नका लागि प्रदेश अभिलेखालयमा पठाउनु पर्नेछ :—

(क) पच्चीस वर्ष वा सोभन्दा पुराना दफा २ को खण्ड (ख) को देहाय (१) र (२) मा उल्लिखित प्रादेशिक दृष्टिकोणले महत्वपूर्ण कागजात,
(ख) ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा शिलापत्रको प्रतिलिपि वा तस्वीर,
(ग) मनीअर्डर फर्म र पोष्ट कार्डको नयाँ प्रकाशन ।

(२) कार्यालयले प्रादेशिक दृष्टिकोणबाट अभिलेखको रूपमा संरक्षण गर्न उपयुक्त ठानेको देहायका कागजात अवधि तोकी वा नतोकी सुरक्षित रूपमा संरक्षण गरी राख्नको लागि प्रदेश अभिलेखालयमा पठाउन सक्नेछः-

(क) प्रतिवेदन, आर्थिक विवरण, सम्झौता वा कुनै प्रकाशन,

(ख) हस्तलिखित ग्रन्थ, किताब, पत्र—पत्रिका, चिट्ठीपत्र, लिखत चित्र वा तस्वीर,

(ग) नक्शा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर, फिल्म वा फाईल नक्शा,

(घ) फिल्म, माइक्रो फिल्म, ध्वनि रेकर्डर, चलचित्र वा कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटका मूलप्रति वा प्रतिलिपि,

(ङ) खण्ड (क) (ख) (ग) र (घ) मा उल्लेख भए वाहेकका अन्य कागजात ।

(३) कार्यालयले सरकारी कागजात धुल्याउने सम्बन्धी प्रचलित कानून बमोजिम सरकारी कागज धुल्याउँदा तोकिए बमोजिमका कागजात प्रदेश अभिलेखालयमा पठाउनु पर्नेछ ।

(४) कार्यालयले प्रदेश अभिलेखालयमा कागजात पठाउँदा सोको वर्गीकरण अनुसारको सूची समेत पठाउनु पर्नेछ ।

(५) कार्यालयले उपदफा (१) वा (२) बमोजिमका कागजात प्रदेश अभिलेखालयमा पठाउँदा कुनै खास अवधिसम्म त्यस्ता कागजात तोकिएको व्यक्ति बाहेक अरु कसैलाई हेर्न, सार्न वा त्यसको प्रतिलिपि दिन नहुने भएमा सो कुरा र त्यस्तो अवधि समेत उल्लेख गरी प्रदेश अभिलेखालयमा राख्न पठाउनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम कार्यालयले प्रदेश अभिलेखालयमा पठाएका कागजात सो कार्यालयले फिर्ता लिनसक्ने छैन ।

तर, उपदफा (२) बमोजिम प्रदेश अभिलेखालयमा पठाएका कागजात मध्ये अवधि तोकी पठाएका कागजात त्यस्तो अवधि समाप्त भएपछि सम्बन्धित कार्यालयले चाहेमा तोकिए बमोजिम फिर्ता लिन सक्नेछ ।

(७) उपदफा (१) बमोजिम प्रदेश अभिलेखालयमा पठाएका कागजात जुन कार्यालयले पठाएको हो सोही कार्यालयलाई आवश्यक पर्न गएमा त्यस्तो कागजात पुनः प्रदेश अभिलेखालयमा फिर्ता गर्नेगरी तोकिएको अवधिसम्मका लागि प्रदेश अभिलेखालयले सम्बन्धित कार्यालयलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ ।

६. <u>प्रदेश अभिलेखालयमा कागजात पठाउन सकिनेः</u> (१) कुनै व्यक्तिले आफूसँग रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य सामरिक दृष्टिकोणले महत्वपूर्ण कुनै कागजात प्रदेश सरकारको सम्पत्तिको रूपमा सुरक्षित तरिकाले संरक्षण गर्नका लागि प्रदेश अभिलेखालयमा पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश अभिलेखालयमा पठाएका कागजात त्यस्तो कागजात पठाउने व्यक्तिले प्रदेश अभिलेखालयबाट फिर्ता लिन पाउने छैन ।

७. <u>कागजात व्यवस्थित तथा सुरक्षित तरिकाले राख्नु पर्ने:</u> (१) कार्यालयले आफ्नो कार्यालयमा भएका कागजात व्यवस्थित तरिकाले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कागजात व्यवस्थित तरिकाले सुरक्षित रूपमा राख्ने सम्बन्धमा सम्बन्धित कार्यालयले प्रदेश अभिलेखालयसँग आवश्यक परामर्श लिन सक्नेछ।

८. <u>निषेधित अभिलेखः देहायका अभिलेखहरू निषेधित अभिलेख मानिनेछन्:—</u>

(क) सम्बन्धित कार्यालयले अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरूले हेर्न, सार्न वा सोको प्रतिलिपि लिन नहुने गरी सुरक्षित तरिकाले राख्नका लागि प्रदेश अभिलेखालयमा पठाएका कागजात,

(ख) प्रदेश अभिलेखालयले अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरुले हेर्न, सार्न वा सोको प्रतिलिपि दिन नहुने गरी प्रादेशिक दृष्टिकोणले निषेधित भनी तोकिए बमोजिम निर्धारण गरेका अभिलेखहरू ।

९. <u>अभिलेख हेर्न वा सोको प्रतिलिपि दिन सकिने:</u> (१) कसैले निषेधित अभिलेख बाहेक अन्य अभिलेख हेर्न चाहेमा प्रदेश अभिलेखालयले तोकिए बमोजिम त्यस्तो अभिलेख हेर्न दिन सक्नेछ ।

(२) कसैले निषेधित अभिलेख बाहेक अन्य अभिलेख सार्न वा सोको प्रतिलिपि लिन चाहेमा प्रदेश अभिलेखालयले तोकिए बमोजिम दस्तूर लिई तोकिए बमोजिम त्यस्तो अभिलेख सार्न वा सोको प्रतिलिपि दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवस्थामा त्यस्तो अभिलेख विना दस्तूर सार्न वा सोको प्रतिलिपि दिन सकिनेछ ।

१०. <u>अभिलेखमा केरमेट वा थपघट गर्न नहुने:</u> (१) अभिलेखहरू सुरक्षित राख्नुपर्ने दायित्व भएका प्रदेश अभिलेखालयका कर्मचारीले त्यस्ता अभिलेखहरूमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

(२) अभिलेख हेर्ने, सार्ने वा प्रतिलिपि लिने व्यक्ति वा अन्य कसैले त्यस्तो अभिलेखमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

११. <u>स्थानीय तहले अभिलेखको संरक्षण तथा व्यवस्थापन गर्न सक्ने:</u> स्थानीय तहले आफ्ना अभिलेखहरुको संरक्षण तथा व्यवस्थापन स्थानीय तहको कानून बमोजिम गर्न सक्नेछन् ।

१२. <u>दण्ड सजायः</u> (१) अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका प्रदेश अभिलेखालयका कर्मचारीले दफा ८ बमोजिमको निषेधित अभिलेख तोकिएको व्यक्ति बाहेक अरुलाई हेर्न, सार्न वा सोको प्रतिलिपि दिएमा त्यस्तो कर्मचारीलाई तीसहजार रूपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) अभिलेख सुरक्षित राख्नुपर्ने दायित्व भएका प्रदेश अभिलेखालयका कर्मचारीले दफा १० को उल्लंघन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा त्यस्तो कर्मचारीलाई वीस हजार रूपैयाँसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) अभिलेख सुरक्षित राख्नुपर्ने दायित्व भएका प्रदेश अभिलेखालयका कर्मचारी बाहेक अरु कसैले उपदफा (२) को उल्लंघन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा निजलाई दश हजार रूपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (१), (२) र (३) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत हुनेगरी कसैले कुनै काम गरेमा निजलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(५) यो ऐनमा निषेध गरिएका कुनै काम गरेमा अभिलेखालय प्रमुख वा सम्बन्धित कार्यालयको प्रमुखले यस ऐन बमोजिमको जरिवाना गर्न सक्नेछ ।

१३. <u>प्रचलित अन्य कानून बमोजिम कारवाही हुन सक्नेः</u> कसैले यस ऐन अन्तर्गत कसुर ठहरिने काम गरेकोमा त्यस्तो काम अन्य प्रचलित कानून बमोजिम कसूर ठहरिने रहेछ भने त्यस्तो कसूरको सम्बन्धमा निजलाई अन्य प्रचलित कानून बमोजिम कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पु-याएको मानिने छैन ।

१४. <u>प्रदेश सरकारवादी हुनेः</u> यो ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ।

१५. <u>पुनरावेदनः</u> यस ऐन बमोजिम गरिएको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१६. <u>नियम बनाउने अधिकारः</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

# प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/०८

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

*....

## प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश सभाबाट स्वीकृत विनियोजित रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरी सुव्यवस्थित ढङ्गले त्यस्तो कोषको सञ्चालन सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

⊕लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "*....प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आकस्मिक कार्य" भन्नाले भूकम्प, बाढी, पहिरो, आगलागी, चट्याङ, महामारी लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य सम्झनु पर्छ।

(ख) "प्रदेश आकस्मिक कोष" भन्नाले दफा ३ बमोजिम स्थापना गरिने प्रदेश आकस्मिक कोष सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

३. **प्रदेश आकस्मिक कोषको स्थापनाः** प्रदेश आकस्मिक कोषको नामबाट एउटा कोष स्थापना गरिने छ।

४. **प्रदेश आकस्मिक कोषमा जम्मा गरिने रकमः** प्रदेश सञ्चित कोषबाट विनियोजित रकम झिकी त्यस्तो रकम प्रदेश आकस्मिक कोषमा जम्मा गरिनेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको।

⊕ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

५. **प्रदेश आकस्मिक कोषको रकम वृद्धि गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार वृद्धि गर्न सक्नेछ।

६. **प्रदेश आकस्मिक कोषको रकम खर्च गर्न सक्ने:** प्रदेश सरकारले प्रदेश आकस्मिक कोषमा रहेको रकमबाट आकस्मिक कार्यका लागि खर्च गर्न सक्नेछ।

७. **प्रदेश आकस्मिक कोषको सञ्चालन:** (१) प्रदेश आकस्मिक कोषको सञ्चालन मन्त्रालयबाट हुनेछ।

(२) प्रदेश आकस्मिक कोषको सञ्चालन र रकमको निकासा सम्बन्धी स्रेस्ता र हिसाब अनुसूची बमोजिमको ढाँचामा मन्त्रालयको सचिव वा निजले तोकेको कुनै अधिकृतले राख्नेछ।

८. **आकस्मिक कोषबाट खर्चको निकासाको माग:** (१) कुनै आकस्मिक कामको लागि आकस्मिक कोषबाट खर्च गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले पेश्कीको रुपमा मन्त्रालय मार्फत रकम निकासाको माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश्कीको रुपमा रकम निकासाको माग गर्दा सम्बन्धित अधिकारीले देहायका विवरण खोली पठाउनु पर्नेछः-

(क) आकस्मिक कार्यको विवरण, खर्चको आवश्यकता र चाहिएको रकम,
(ख) थप खर्च मागिएको भए त्यसको कारण र चाहिने रकम,
(ग) आकस्मिक कार्य पछि सार्न नसकिने कारण,
(घ) तुरुन्त खर्च नगरेमा हुने परिणामको सङ्केत,
(ङ) कति अवधिसम्मको लागि खर्च चाहिने हो त्यसको सम्भाव्यता,
(च) आकस्मिक कोषको रकम खर्च गर्ने अधिकृत र निजको कार्यालय।

(३) उपदफा (१) बमोजिम आकस्मिक कोषबाट खर्चको माग भएकोमा मन्त्रालयले प्रदेश मन्त्रिपरिषद् समक्ष पेश गरी निकासा भए बमोजिम प्रदेश आकस्मिक कोषबाट पेश्कीको रुपमा रकम दिनेछ र यसरी रकम दिएपछि मन्त्रालयले सोको जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **खर्चको रकम शोधभर्ना गर्नुपर्ने:** (१) प्रदेश सरकारले यस ऐन बमोजिम प्रदेश आकस्मिक कोषबाट खर्च गरेको रकम यथाशीघ्र शोधभर्ना गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल आकस्मिक कोषमा रकम शोधभर्ना गर्न नसकिएमा आगामी आर्थिक वर्षको प्रदेश विनियोजन ऐन बमोजिम विनियोजित रकमबाट त्यस्तो रकम शोधभर्ना गर्नु पर्नेछ।

१०. <u>**आकस्मिक कार्य पूरा भएको सूचना गर्ने:**</u> आकस्मिक कार्य समाप्त भएपछि वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय एकीन भएपछि सो कुराको जानकारी पेश्की माग गर्ने अधिकारीले मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयमा तुरुन्त दिनु पर्नेछ।

११. <u>**खर्च नभएको रकम प्रदेश संचित कोषमा दाखिला गर्ने:**</u> (१) प्रदेश आकस्मिक कोषबाट पेश्की लिएको रकम खर्च गर्नु नपर्ने भएमा वा सबै रकम खर्च नभई बाँकी रहेमा पेश्की माग गर्ने अधिकारीले आकस्मिक कार्य समाप्त भएको वा त्यस्तो कार्य गर्नुपर्ने सम्भावना नभएको विषय एकीन गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो बाँकी रहेको रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम दाखिला गरेपछि उक्त अधिकारीले सोको जानकारी मन्त्रालय र प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई दिनु पर्नेछ।

१२. <u>**अनुसूचीमा हेरफेर गर्न सक्ने:**</u> प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

## अनुसूची

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**आकस्मिक कोष सम्बन्धी अभिलेख**

आकस्मिक कोषको रकम रु. …………………

अक्षरेपी………………………………..

| क्र.सं. | आकस्मिक कार्यको विवरण | विनियोजन शीर्षक | पेश्की माग गरेको रकम | पेश्की दिइएको रकम | आकस्मिक कार्य पूरा भएको मिति | आकस्मिक कार्य पछिको बचत रकम | पूरक विनियोजन ऐनले स्वीकृत गरेको खर्च | पेश्की सोधभर्ना रकम | पेश्की माग गर्ने अधिकारीको नाम, दर्जा र कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृतको दस्तखत……….

मितिः ……………….

# प्रदेश पदक ऐन, २०७६

संशोधन गर्ने ऐनः

प्रथम पटक प्रकाशित

प्रमाणीकरण मिति २०७८।०५।०४

दोश्रो संशोधन

प्रमाणीकरण मिति २०७८।०६।२२

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ बमोजिम संशोधित

प्रमाणीकरण मिति २०७८।०९।०१

*.....

## प्रदेश पदक सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश भित्र विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई प्रदेश सरकारका तर्फबाट कदर तथा सम्मान स्वरूप पदक प्रदान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "*.....प्रदेश पदक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ख) "पदक" भन्नाले दफा ८ बमोजिमको पदक सम्झनुपर्छ।

*(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिमको पदक सिफारिस समिति सम्झनुपर्छ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ बाट झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ बाट संशोधित

## परिच्छेद-२
## पदक प्रदान गर्ने प्रक्रिया

३. **पदक प्रदान गर्न सक्ने:** (१) प्रदेश सरकारले यस प्रदेशको राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक, शिक्षा, स्वास्थ्य, खेलकुद, विज्ञान र प्रविधि, कृषि विकास, पूर्वाधार विकास, वातावरण संरक्षण, दिगो विकास, पर्यटन प्रवर्धन र प्रदेशको आर्थिक समुन्नति लगायतको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिलाई समितिको सिफारिसमा यस ऐन बमोजिम पदक प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका पदक हरेक वर्ष संविधान दिवसका दिन असोज ३ गते घोषणा गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिए तापनि कुनै कारणले संविधान दिवसका दिन पदक घोषणा गर्न नसकिएमा प्रदेश सरकारले अर्को कुनै उपयुक्त दिनमा पदक घोषणा गर्न सक्नेछ ।

(४) प्रदेश सरकारले उपदफा (१) बमोजिम पदक प्रदान गर्दा पदक पाउने व्यक्तिको नाम र निजले प्राप्त गरेको पदकको प्रकार र श्रेणी तथा निजले पुऱ्याएको योगदान समेत उल्लेख गरी सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नेछ र यस्तो सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

४. **पदक सिफारिस समिति:** (१) यस ऐन बमोजिम प्रदान गर्ने पदकका सम्बन्धमा प्रदेश मन्त्रिपरिषद् समक्ष सिफारिस प्रस्तुत गर्न देहाय बमोजिमको एउटा पदक सिफारिस समिति रहनेछः

*(क) मन्त्री, मन्त्रालय - अध्यक्ष
*(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
*(ग) सचिव, प्रदेश सरकारको आर्थिक मामिला हेर्ने मन्त्रालय - सदस्य
*(घ) सचिव, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय - सदस्य
*(ङ) राष्ट्रिय जीवनमा उल्लेखनीय योगदान पुऱ्याएका प्रदेशभित्रका व्यक्तिहरू मध्ये प्रत्येक वर्ष समावेशी सिद्धान्तको आधारमा मन्त्रिपरिषद्ले तोकेको एक जना महिला सहित दुई जना - सदस्य
*(च) सचिव, मन्त्रालय - सदस्य सचिव

(२) समितिको बैठक अध्यक्षले तोकेको समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

५. **पदक सिफारिसका आधारः** समिति समक्ष पदकका लागि सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्नेछः

क) प्रदेशको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुऱ्याएको,

ख) आफ्नो क्षेत्रमा उत्कृष्ट काम गरी प्रदेशको प्रतिष्ठामा योगदान पुऱ्याएको,

ग) सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हकमा आफूलाई तोकिएको काम उत्कृष्ट एवम् उल्लेखनीय रूपमा सम्पादन गरेको र ,

घ) कुनै साहसी वा बुद्धिमत्तापूर्ण काम गरी सार्वजनिक हितको लागि विशेष योगदान पुऱ्याएको ।

६. **पदक सिफारिस प्रक्रियाः** (१) दफा ५ को खण्ड (क), (ख), (ग) र (घ) को आधारमा समिति समक्ष पदकका लागि सिफारिस गर्दा देहाय बमोजिम सिफारिस गर्नुपर्नेछः

क) प्रदेश सरकार अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरूको हकमा सम्बन्धित सचिवको सिफारिसमा ✠आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवले,

ख) प्रदेशका सचिव र रा.प.प्रथम श्रेणी वा सो भन्दा माथिका कर्मचारीको हकमा प्रमूख सचिवले,

ग) प्रदेश सभा सचिवालयका कर्मचारीका हकमा प्रदेश सभा सचिवले,

घ) खण्ड (क), (ख) र (ग) मा उल्लिखित व्यक्ति बाहेक अन्य व्यक्तिका हकमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले,

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकाय वा पदाधिकारीबाट पदकका लागि सिफारिस प्राप्त हुन आएपछि समितिले आवश्यक छानबिन गरी यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पदक प्रदान गर्नका लागि उपयुक्त देखिएका व्यक्तिको छनौट गरी नामावली तथा निजहरूले पाउनु पर्ने पदकको प्रकार समेत खुलाई पदक प्रदान गर्नका लागि प्रदेश सरकार समक्ष नाम सिफारिस गर्नुपर्नेछ।

७. **सुशोभन समारोहः** (१) प्रदेश प्रमुखबाट पदक पाउने व्यक्तिलाई प्रदेश स्थापना दिवसका दिन आयोजना गरिने पदक सुशोभन समारोहमा पदक प्रदान गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश स्थापना दिवसका दिन सुशोभन समारोह हुन नसकेमा मन्त्रालयले उपयुक्त दिनमा पदक सुशोभन समारोहको व्यवस्था मिलाउन सक्नेछ ।

(३) सुशोभन समारोहका दिन पदक पाउने कुनै व्यक्ति कुनै कारण उपस्थित हुन नसकेमा निजले सो पदक मन्त्रालयबाट प्राप्त गर्नेछ।

---

✠ पहिलो संशोधनबाट संशोधित

(४) कुनै व्यक्तिलाई कुनै पदक मरणोपरान्त प्रदान गरिएमा वा पदक पाउने व्यक्तिको सुशोभन समारोह हुनु अगावै मृत्यु भएमा निजले पाउने पदक निजको पत्नी वा पतिलाई वा त्यस्तो पत्नी वा पति नभए प्रचलित कानून बमोजिमको हकवालालाई प्रदान गरिनेछ।

## परिच्छेद-३

## पदकको प्रकार र मर्यादाक्रम

८. पदकको प्रकार : (१) यस ऐन अन्तर्गत प्रदान गरिने पदकहरु देहाय बमोजिम हुनेछन् ।

(क) **बुद्धशान्ति पदकः** शान्ति स्थापना कार्यमा विशेष योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने ।

(ख) **प्रदेश प्रमुख जनसेवा पदक:** संघीयता र गणतन्त्रको सुदृढीकरणका लागि तथा अन्य क्षेत्रमा उत्कृष्ट र उल्लेखनीय कार्य गरी जनस्तरमा लोकप्रिय रहेका जनप्रतिनिधि, समाज सेवी वा प्रदेश सरकारबाट नियुक्त भएका व्यक्तिलाई प्रदान गरिने ।

(ग) **मुख्यमन्त्री प्रज्ज्वल दीप पदकः** प्रदेशको समृद्धि तथा प्रतिष्ठा अभिवृद्धिका लागि विभिन्न क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याएका व्यक्तिलाई प्रदान गरिने ।

(घ) **प्रदेश सेवा समर्पण पदकः** ईमान्दारीपूर्वक, उत्कृष्ठ एवम् प्रशंसनीय कार्य गर्ने प्रदेश सरकार अन्तर्गतका कर्तव्यनिष्ठ कर्मचारीलाई प्रदान गरिने ।

(ङ) **उजिरसिंह दीप पदकः** देशको सुरक्षा तथा विपद्मा उद्धारको क्रममा अभूतपूर्व क्षमता प्रदर्शन गरी वीरता र साहसपूर्ण कार्य गर्ने व्यक्तिलाई प्रदान गरिने ।

(च) **समाज सेवा श्री पदकः** समाज सेवा, स्वास्थ्य, वातावरण, दिगो विकास, मानव अधिकार र समाज सुधारका क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्तिलाई प्रदान गरिने ।

(छ) **प्रदेश रत्न पदकः** कृषि, श्रम, रोजगारी, भाषा, साहित्य, कला, संगित, शिक्षा, खेलकुद र सूचना तथा संचार विज्ञान तथा प्रविधिको क्षेत्रमा अनुकरणीय कार्य गरेका व्यक्तिलाई प्रदान गरिने ।

(ज) **पुथाश्री ✂......पदकः** प्रदेश भित्र पर्यटन क्षेत्रको विकासमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने ।

(झ) **प्रदेश प्रज्ञा पदकः** शैक्षिक क्षेत्रमा सर्वोत्कृष्ट योगदान पुऱ्याएका विद्यालय, विश्वविद्यालय तथा तिनका शिक्षक एवम् पदाधिकारीलाई प्रदान गरिने ।

---

✂ पहिलो संशोधनबाट झिकिएको

(ञ) **प्रजापति गौतमी पदकः** महिला सशक्तीकरण र बालबालिकाको हक, हित र संरक्षणको क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका व्यक्तिलाई प्रदान गरिने।

(ट) **दङ्गीशरण बलिहाङ्ग पदकः** सामाजिक सद्भाव, सामाजिक सुधार र समानताका पक्षमा काम गरेका अभियन्ता तथा सांस्कृतिक पहिचानको संरक्षण तथा प्रवर्धनका क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिलाई प्रदान गरिने ।

(२) उपदफा (१) को खण्ड (क) मा उल्लेख भएको पदक बाहेक अन्य पदकहरु ✣"प्रथम", "द्वितीय" र "तृतीय" गरी तीन प्रकारका हुनेछन्।

(३) उपदफा (१) बमोजिम प्रदान गरिने पदक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) मा उल्लेख गरिएको पदकका अतिरिक्त नगद पुरस्कार समेत प्रदान गर्न सकिनेछ ।

(५) उपदफा (४) बमोजिम प्रदान गरिने नगद पुरस्कारको राशि र नगद पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. पुनः पदक पाएमा थपिने चिन्ह : यस ऐन बमोजिम एक पटक पदक पाईसकेको व्यक्तिले पुनः सोही पदक पाएमा प्रत्येक पटकको निम्ति पहिलो पटक पाउँदाको पट्टिकामा १ सेन्टिमिटर लामो कास्य, दोस्रो पटक ताम्र, तेस्रो पटक रजत र चौथो पटक स्वर्णको एक एक बुद्धको मूर्ति अङ्कित चिन्ह थपिनेछ ।

१०. पदक लगाउने क्रमः एक भन्दा बढी पदक पाउने व्यक्तिले आफूले पाएका पदक लगाउँदा मर्यादाक्रम अनुसार दाहिने तर्फबाट लगाउनु पर्नेछ ।

## परिच्छेद-४
## विविध

११. पुनः उपलब्ध गराउनेः कुनै व्यक्तिले आफूले प्राप्त गरेको पदक हराएमा वा नष्ट भएमा मन्त्रालयले तोकिए बमोजिम त्यस्तो पदक पुनः उपलब्ध गराउने छ।

१२. **पदक प्रचलनमा ल्याउन नपाइने:** प्रदेश सरकारबाट प्रदान गर्ने पदक जस्तो नाम, बनोट र आकृति कायम गरी कुनै संस्था वा व्यक्तिले कुनै पदक दिन पाउने छैन।

१३. **पदकको स्वरूप हेरफेर वा थपघट गर्न सक्ने:** प्रदेश सरकारले तोकिए बमोजिम पदकको संख्या, आकार, प्रकार तथा बनोटमा थपघट वा आवश्यक हेरफेर गर्न सक्नेछ।

✣ पहिलो संशोधनबाट संशोधित

१४. <u>पदक रद्द गर्न सकिने:</u> (१) यस ऐन बमोजिम कुनै व्यक्तिलाई प्रदान गरिएको पदकलाई प्रदेश सरकारले देहायको अवस्थामा रद्द गर्न सक्नेछ:

(क) आफूले प्राप्त गरेको पदक कसैलाई बिक्री गरेमा वा बन्धकी राखेमा,

(ख) आफूले प्राप्त गरेको पदकको मर्यादा विपरीत हुने गरी पदकको प्रयोग गरेमा वा कसैलाई प्रयोग गर्न दिएमा,

(ग) प्रदेशको अपमान वा मानमर्दन गरेमा,

(घ) प्रचलित कानून विपरित राष्ट्रको मर्यादामा आघात हुने कुनै कार्य गरेको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै पदक रद्द गरिएमा प्रदेश सरकारले पदक पाउने व्यक्तिको नाम र रद्द गरिएको पदक समेत खुलाई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्नुपर्नेछ।

१५. <u>पदक स्वेच्छाले फिर्ता गर्न सक्ने:</u> कसैले यस ऐन बमोजिम प्राप्त गरेको कुनै पदक स्वेच्छाले फिर्ता गर्न चाहेमा त्यस्तो पदक आन्तरिक मामिला तथा कानून मन्त्रालयमा बुझाउन सक्नेछन्।

१६. <u>नियम बनाउने अधिकार:</u> यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

# प्रदेश सुशासन ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/१२/१४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, निष्पक्ष, समावेशी एवम् सहभागितामूलक बनाई त्यसको प्रतिफल जनतालाई उपलब्ध गराउन, कानूनको शासन कायम गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गर्न, सुशासन पाउने नागरिक अधिकार सुनिश्चित गर्न, विकास प्रशासनलाई गुणस्तरीय, नतिजामूलक र अनुमानयोग्य बनाउन तथा प्रशासन संयन्त्रलाई प्रदेश सरकारको कार्य सम्पादनको महत्वपूर्ण र जिम्मेवार संयन्त्रको रुपमा विकास गरी सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रदेश सुशासन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले प्रदेश सभा सचिवालय, मन्त्रालय वा निर्देशनालय र सो अन्तर्गतका कार्यालय सम्झनुपर्छ र सो शब्दले प्रदेश सरकारले स्थापना गरेको अन्य निकायलाई समेत जनाउँछ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले मन्त्रालयको सम्बन्धमा सचिव, निर्देशनालयका सम्बन्धमा निर्देशक, आयोजनाको सम्बन्धमा आयोजना प्रमुख र कार्यालयको सम्बन्धमा सोही कार्यालयका प्रमुख सम्झनुपर्छ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐनद्वारा संशोधित

(घ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ ।

(ङ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री वा मन्त्री सम्झनु पर्छ र सो शब्दले स्वतन्त्र रुपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्रीलाई समेत जनाउँछ ।

(च) "निर्देशक" भन्नाले कुनै मन्त्रालय अन्तर्गतको निर्देशनालय वा सो सरहको अन्य कार्यालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनु पर्छ ।

(छ) "सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिव र सचिव सरहको कार्य सम्पादन गर्ने प्रदेश सरकारको अन्य अधिकृतलाई समेत जनाउँछ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(झ) "अन्य निकाय" भन्नाले प्रदेश लोक सेवा आयोग वा प्रदेश सरकार अन्तर्गतको सोही प्रकृतिको कार्यालय सम्झनु पर्छ ।

## परिच्छेद-२
## प्रशासन सञ्चालन सम्बन्धी सामान्य प्रावधानहरु

३. **विषयगत मन्त्रालय तथा निर्देशनालय रहने**: (१) प्रदेश सरकारको कार्य सम्पादन गर्नका लागि आवश्यक संख्यामा विषयगत मन्त्रालय, निर्देशनालय, डिभिजन कार्यालय तथा अन्य कार्यालय रहनेछन् ।

(२) मन्त्रालयको संख्या र सोको कार्य विभाजन प्रदेश सरकारको कार्य विभाजन नियमावली बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारको प्रमुख प्रशासनिक निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहनेछ।

४. **आवश्यक निकाय गठन गर्न सक्ने** : (१) प्रशासनिक कार्य सम्पादन गर्न मन्त्रालय, निर्देशनालय तथा कार्यालयको अतिरिक्त प्रदेश सरकारले आवश्यकता अनुसार सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा त्यस्तै प्रकृतिका अन्य निकाय गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका सचिवालय, आयोग, बोर्ड, केन्द्र, समिति वा अन्य निकायको काम, कर्तव्य, अधिकार तथा कार्यक्षेत्रगत शर्तहरु (टर्म्स अफ रेफेरेन्स) प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

५. <u>प्रशासनिक कार्य सम्पादनका आधार</u> : सुशासन कायम गर्नका लागि यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्य सम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त देहायका आधारमा कार्य सम्पादन गर्नु पर्नेछ :-

(क) संघीय शासन प्रणालीको सुदृढीकरण,
(ख) राष्ट्र र जनताको बृहत्तर हित,
(ग) समन्याय र समावेशीकरण,
(घ) कानूनको शासन,
(ङ) मानवअधिकारको प्रत्याभूति,
(च) पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीपन,
(छ) मितव्ययिता, सदाचार र ईमान्दारिता,
(ज) आर्थिक अनुशासन एवम् भ्रष्टाचारमुक्त, चुस्त र नतिजामूलक प्रशासन,
(झ) प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता,
(ञ) प्रशासनिक संयन्त्र र निर्णयमा सर्वसाधारणको पहुँच,
(ट) जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग ।

६. <u>प्रदेश सरकारले अख्तियार गर्ने नीतिहरु</u> : संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका नीति एवम् समय समयमा अख्तियार गरिएका नीतिका अतिरिक्त प्रदेशको प्रशासनिक कार्य सम्पादन गर्दा प्रदेश सरकारले देहायका नीतिहरु अख्तियार गर्नेछः-

(क) आर्थिक समानता र शोषण रहित समाजको निर्माण,
(ख) सामाजिक न्याय,
(ग) प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतबाट प्राप्त लाभको न्यायोचित वितरण,
(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण,
(ङ) वातावरणीय संरक्षण,
(च) भौगोलिक र जनसांख्यिक सन्तुलन,
(छ) आर्थिक विकासमा क्षेत्रीय सन्तुलन,
(ज) श्रम र मानवअधिकारको सम्मान,
(झ) दीगो विकास र नवप्रवर्तन,
(ञ) नविनतम् प्रविधिको विकास ।

## परिच्छेद-३
## प्रशासनिक कार्यको सञ्चालन तथा जिम्मेवारी

७. **सुशासन कायम गर्नु सम्बन्धित पदाधिकारीको कर्तव्य हुने** : सुशासन कायम गर्ने र सर्वसाधारणलाई समयमा नै त्यसको प्रतिफल उपलब्ध गराउने उद्देश्यले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश सरकारको प्रशासनिक कार्य मितव्ययी, पारदर्शी, नतिजामूलक ढंगले समयमै सञ्चालन गर्नु गराउनु सम्बन्धित पदाधिकारीको कर्तव्य हुनेछ।

८. **मन्त्रीको जिम्मेवारी** : (१) संविधान तथा अन्य प्रचलित कानूनमा उल्लिखित जिम्मेवारीका साथै आफूले सम्हालेको मन्त्रालयबाट सम्पादन हुने कार्यसम्बन्धी नीतिगत विषय लगायत सम्पूर्ण आवश्यक कार्य समयमा नै सम्पादन गर्ने, गराउने समग्र जिम्मेवारी सम्बन्धित मन्त्रीको हुनेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी सम्बन्धित मन्त्रीले आफ्नो मन्त्रालय र अन्तर्गतका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको समयभित्रै पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

९. **प्रमुख सचिवको जिम्मेवारी** : (१) प्रमुख सचिव प्रदेश सरकारको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले आफ्नो जिम्मेवारी वहन गर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा अन्य प्रचलित कानूनमा व्यवस्था भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख सचिवको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) मन्त्रिपरिषद्को सचिवको रुपमा काम गर्ने र सोही हैसियतमा मन्त्रिपरिषद्को निर्णय प्रमाणित गर्ने,

(ख) प्रदेश सरकार (मन्त्रिपरिषद्)को निर्णयको लागि सचिवले पेश गरेको प्रस्तावमा आवश्यक व्यहोरा पुगे नपुगेको जाँची प्रस्तावलाई प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्ने र व्यहोरा नपुगेको पाइएमा सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने,

(ग) मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न, गराउन सम्बन्धित मन्त्रालयहरुलाई परिचालन गर्ने, गराउने र ती निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने, गराउने,

(घ) मुख्यमन्त्रीको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासकीय प्रमुखको रुपमा सो कार्यालयको कार्य सम्पादन गर्ने, गराउने,

(ङ) विभिन्न मन्त्रालय तथा अन्य सम्बद्ध निकायहरुको प्रशासनिक काम कारवाहीलाई समन्वय गर्ने, गराउने,

(च) प्रदेश सरकारको सचिव तथा सो सरहको अन्य अधिकृतको सुपरीवेक्षकको हैसियतले निजहरुले सम्पादन गरेका कार्यको सुपरीवेक्षण गर्ने तथा सचिवले सम्पादन गर्नुपर्ने प्रशासनिक कार्यका सम्बन्धमा आवश्यक निर्देशन दिने,

(छ) प्रशासनतन्त्रलाई छरितो र परिणाममुखी बनाउन प्रदेश सरकारका सचिव तथा अन्य कर्मचारीलाई उत्प्रेरित गर्ने,

(ज) प्रदेश सरकारको काम कारवाहीलाई प्रभावकारी बनाउन समय समयमा सचिव बैठक आयोजना गर्ने र सचिव बैठकबाट भएका निर्णय कार्यान्वयन स्थितिको सुपरीवेक्षण गर्ने गराउने,

(झ) विभिन्न मन्त्रालय तथा कार्यालयहरुको काम कारवाहीको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्ने, गराउने,

(ञ) दशौं तह वा रा.प. द्वितीय श्रेणीसम्मको पदस्थापना, सरुवा, पुरस्कार र विदेश भ्रमण सम्बन्धी निर्णय गर्ने ।

(ट) नेपाल सरकार, प्रदेश सरकार अन्य प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय तह बीचको अन्तरसम्बन्ध सुदृढ गर्न आवश्यक समन्वय गर्ने गराउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने गराउने ।

**१०. <u>सचिवको जिम्मेवारी</u>** : (१) सचिव सम्बन्धित मन्त्रालय वा सो सरहको निकायको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा निजले जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नेछ ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा प्रचलित कानूनमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारको अतिरिक्त सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारले प्रतिपादन गर्नुपर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सघाउने,

(ख) सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरीवेक्षणको अधीनमा रही आफू बहाल रहेको मन्त्रालय वा निकायको कार्य सम्पादन गर्ने,

(ग) आफू बहाल रहेको मन्त्रालय अन्तर्गतका नीतिगत विषयमा कुनै सुधार गर्नुपर्ने भएमा सम्बन्धित मन्त्री समक्ष सोको प्रस्ताव पेश गर्ने,

(घ) आफू बहाल रहेको मन्त्रालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा मातहत निकाय वा कर्मचारीको काम कारवाहीको नियन्त्रण तथा सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(ङ) प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(च) आफू बहाल रहेको मन्त्रालय मातहत निकायले प्रत्येक महिना सम्पादन गरेको कामको प्रतिवेदन तोकिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष पेश गर्ने,

(छ) वार्षिक कार्यक्रम तर्जुमा गरी स्वीकृत कार्यक्रमको कार्ययोजना बमोजिम कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नुका साथै प्रगति समीक्षा गर्ने, गराउने,

(ज) मन्त्रालय वा सो मातहतका कार्यालयले सञ्चालन गरेका आयोजनाको समय समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने,

(झ) मन्त्रालयबाट वर्षभरिमा सम्पादन गरिएका प्रमुख काम कारवाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्री समक्ष पेश गर्ने,

(ञ) आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयमा प्रस्ताव तयार गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष स्वीकृतीका लागि पठाउने,

(ट) आफू बहाल रहेको मन्त्रालयसँग सम्बन्धित विषयमा प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने र त्यस्तो निर्णयको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने,

(ठ) सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ड) खण्ड (ज) बमोजिम निरीक्षण गर्दा सञ्चालन भएका आयोजना समयमा पूरा हुन नसकेको पाइएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको आवश्यक छानबिन गरी दोषी देखिएका सम्बन्धित आयोजना प्रमुख वा कार्यालय प्रमुखलाई आवश्यक कारवाही गर्ने,

(ढ) प्रचलित कानून बमोजिम मन्त्रालय वा मातहत कार्यालयका कर्मचारीको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, काज, पुरस्कार वा सजाय सम्बन्धी कार्य गर्ने,

(ण) तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकार प्रयोग गर्ने वा गराउने।

(३) उपदफा (२) मा उल्लेख भएका कामका सम्बन्धमा प्रदेश सरकारप्रति सचिव उत्तरदायी रहनेछ र आफू बहाल रहेको मन्त्रालय वा कार्यालयसँग सम्बन्धित प्रदेश सरकारले मागेको कुनै पनि विषयमा अद्यावधिक जानकारी दिनु निजको जिम्मेवारी र कर्तव्य हुनेछ ।

११. <u>निर्देशकको जिम्मेवारी</u> : (१) निर्देशक सम्बन्धित निर्देशनालयको प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र सोही हैसियतमा आफ्नो जिम्मेवारी निर्वाह गर्न आवश्यक कार्य सम्पादन गर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल नहुने गरी यस ऐन वा प्रचलित कानूनमा व्यवस्था भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफू बहाल रहेको निर्देशनालयको प्रमुखको रुपमा कार्य सम्पादन गर्ने,

(ख) आफू बहाल रहेको निर्देशनालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा आफ्नो मातहतमा रहेका कर्मचारीको सुपरीवेक्षण र नियन्त्रण गर्ने,

(ग) आफू बहाल रहेको निर्देशनालय तथा सो अन्तर्गतका कार्यालयको काम कारबाही र कार्य सम्पादन सम्बन्धी कार्यविधिलाई निरन्तर सुधार गर्दै सर्वसाधारणलाई छिटो, छरितो र गुणस्तरयुक्त सेवा प्रदान गर्ने व्यवस्था गर्ने,

(घ) आफू बहाल रहेको निर्देशनालय वा सो अन्तर्गतका कार्यालयले कार्यान्वयन गर्ने कुनै कानून वा नीतिमा सुधार गर्नुपर्ने भएमा सोको कारण सहित सचिव समक्ष पेश गर्ने,

(ङ) आफू बहाल रहेको निर्देशनालय वा सो अन्तर्गतका कार्यालयका कर्मचारीको कार्य सम्पादन तथा दक्षताको स्तर निरन्तर रुपमा अभिवृद्धि गर्न प्रशिक्षण तथा तालिम दिने व्यवस्था गर्ने,

(च) आफू बहाल रहेको निर्देशनालय तथा सो अन्तर्गतका कार्यालयको तोकिए बमोजिमको मासिक, वार्षिक वा अन्य प्रतिवेदन सचिव समक्ष पेश गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने, गराउने।

१२. <u>कार्यालय प्रमुखको जिम्मेवारी</u> : प्रचलित कानूनमा उल्लेख भएको काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यालय प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफू बहाल रहेको कार्यालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन तथा सो कार्यालयमा कार्यरत कर्मचारीको सुपरीवेक्षण तथा नियन्त्रण गर्ने,

(ख) आफू बहाल रहेको कार्यालय अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमहरुको काम निश्चित समयभित्र सम्पन्न गर्न लगाउने,

(ग) आफू बहाल रहेको कार्यालयबाट जनसाधारणलाई प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी र प्रभावकारी बनाउने,

(घ) तोकिए बमोजिमको अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने वा गराउने ।

## परिच्छेद-४
## प्रशासनिक कार्य सम्पादन गर्दा अपनाउनु पर्ने कार्यविधि

१३. निश्चित कार्यविधि अवलम्बन गर्नुपर्ने : यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानूनमा कुनै कार्यविधिको व्यवस्था भएको रहेछ भने त्यस्तो कार्यविधि र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी उपयुक्त कार्यविधि अपनाउनुपर्नेछ ।

१४. निश्चित समयावधिभित्र निर्णय गर्नुपर्ने : (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा प्रचलित कानून बमोजिम कुनै निश्चित अवधिभित्र निर्णय गर्नु पर्ने रहेछ भने सोही समयावधिभित्र र त्यस्तो व्यवस्था नभएकोमा निर्णय गर्नुपर्ने विषयको प्रकृति हेरी उपयुक्त समयभित्र निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपयुक्त समयभित्र निर्णय गर्दा कति समयभित्र निर्णय गरिसक्नुपर्ने हो सोको निस्सा सम्बन्धित सेवाग्राहीलाई दिनुपर्नेछ ।

(३) आवश्यक तथ्य, सूचना वा प्रमाण उपलब्ध नभएको कारणले उपदफा (१) बमोजिमको अवधिभित्र निर्णय गर्न नसकिने रहेछ भने निर्णय गर्न पाउने अधिकारीले सोको कारण खुलाई यथाशीघ्र निर्णय गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कारण खुलाई निर्णय भएकोमा निर्णय गर्न पाउने अधिकारीले सोको जानकारी आफूभन्दा एक तह माथिको पदाधिकारीलाई तुरुन्त दिनुपर्नेछ।

१५. निर्णय गर्दा पारदर्शिता कायम गर्नुपर्ने : (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नुपर्नेछ ।

**स्पष्टीकरण** : यस ऐनको प्रयोजनको लागि "पारदर्शीता" भन्नाले निश्चित मापदण्डको आधारमा निर्णय गर्नु पर्ने प्रक्रिया सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने कुराको गोपनियता राख्ने सम्बन्धमा कुनै प्रतिकूल असर पार्ने छैन ।

(२) उपदफा (१) बमोजिम पारदर्शीता कायम गर्दा निर्णय गर्ने अधिकारीले निर्णय गर्नुपर्ने विषयमा आफ्ना मातहतका कर्मचारीको राय तथा परामर्श लिन सक्नेछ ।

(३) निर्णय गर्नुपर्ने विषयको कारबाही एक तहबाट प्रारम्भ भई अर्को तहबाट निर्णय गर्नुपर्ने रहेछ भने प्रत्येक तहमा संलग्न रहने पदाधिकारीले सो विषयमा आफ्नो स्पष्ट राय ठहर सहित निर्णय गर्नुपर्ने विषय निर्णय गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय गर्ने प्रक्रियामा संलग्न रहेका प्रत्येक तहका पदाधिकारीले पेश गरेको रायमा कुनै प्रश्न उठेको देखिएमा निर्णय गर्ने अधिकारीले निर्णय गर्दा त्यस्तो प्रश्नको पनि सम्बोधन गर्नुपर्नेछ ।

(५) कुनै निर्णय गर्दा कानूनी वा प्राविधिक प्रश्नको पनि निरुपण गर्नु पर्ने रहेछ भने त्यस्तो विषयमा सम्बन्धित कानूनविज्ञ वा प्राविधिकको राय लिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम राय लिएकोमा त्यस्तो रायलाई समेत आधार मानी निर्णय गर्न सकिनेछ र त्यस्तो रायलाई मान्नु नपर्ने देखेमा सोको कारण खुलाई निर्णय गर्नु पर्नेछ।

(७) पारदर्शिता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६.** <u>निर्णय गर्दा आधार र कारण खुलाउनु पर्ने</u> : यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्दा सम्बन्धित पदाधिकारीले स्पष्ट आधारहरु खुलाई निर्णय गर्नुपर्नेछ ।

**१७.** <u>स्वार्थ बाझिएमा निर्णय गर्न नहुने</u> : (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने पदाधिकारीले निर्णय गर्नुपर्ने विषयमा प्रत्यक्ष रुपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा वा निजले गरेको निर्णयबाट निजको हकमा अपुताली खान पाउने व्यक्ति वा नजिकको अन्य नातेदार प्रत्यक्ष प्रभावित हुने भएमा वा निजको एकासगोलको व्यक्तिले सञ्चालन गरेको व्यापार, व्यवसायमा प्रत्यक्ष फाइदा पुग्नेगरी स्वार्थ बाझिने भएमा त्यस्तो पदाधिकारीले त्यस्तो विषयमा निर्णय गर्नसक्ने छैन।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनका लागि निर्णय गर्न पाउने पदाधिकारीले वृहत् सार्वजनिक हितको लागि गरेको निर्णयलाई स्वार्थ बाझिएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्ने अधिकारीले निर्णय गर्न नहुने भएमा सोको कारण खुलाई आफू सरहको पदाधिकारी सोही कार्यालयमा भएमा निजलाई र नभएमा आफूभन्दा एक तह माथिको पदाधिकारी समक्ष सो विषयमा निर्णयका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पदाधिकारी सम्बन्धित कार्यालयमा नभएमा वा भएमा पनि उपदफा (१) बमोजिमको अवस्था परी निर्णय गर्न नहुने भएमा निर्णय गर्ने अधिकारी सचिव भएकोमा प्रमुख सचिव समक्ष र अन्य पदाधिकारी भएमा एक तह माथिको पदाधिकारी समक्ष पेश गरी निकासा भए बमोजिम निर्णय गर्नु, गराउनु पर्नेछ ।

तर, प्रमुख सचिव निर्णय गर्ने अधिकारी भएकोमा सो विषय प्रदेश सरकार (मन्त्रिपरिषद्) समक्ष पेश गर्नु पर्नेछ ।

(४) कुनै विषयगत क्षेत्र वा उपक्षेत्र सम्बन्धी नीति निर्माण गर्ने वा कानून कार्यान्वयन गर्ने निकायमा वा कुनै विषयगत क्षेत्र वा उपक्षेत्रको नियमन गर्ने नियमनकारी निकायमा कार्यरत अधिकृतले आफू पदमा बहाल रहँदा गरेको निर्णयसँग सम्बन्धित कुनै गैरसरकारी वा निजीस्तरको सोही विषयगत क्षेत्र वा उपक्षेत्र अन्तर्गत कुनै वस्तु वा सेवा उत्पादन गर्ने, कुनै व्यवसाय गर्ने वा त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने फर्म, कम्पनी वा अन्य कुनै प्रतिष्ठानको व्यवस्थापनमा आफू पदमा बहाल रहँदासम्म र जुनसुकै कारणले त्यस्तो पदबाट अवकाश प्राप्त गरेपछि पनि कम्तीमा तीन वर्षसम्म प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुन सक्ने छैन।

**स्पष्टीकरण** : यस उपदफाको प्रयोजनको लागि एकभन्दा बढी निकायमा बहाल रहेको व्यक्तिको हकमा सेवाबाट अवकाश प्राप्त गर्नु अघिको पछिल्ला दुई वर्षसम्मको अवधिमा कार्यरत रहेको निकायलाई जनाउनेछ ।

(५) यस दफाको प्रतिकूल हुनेगरी कुनै काम गर्ने कुनै व्यक्ति आफ्नो सेवामा बहाल रहेको व्यक्ति भए निजलाई सोही आधारमा कानून बमोजिम विभागीय कारबाही गर्न र सेवाबाट अवकाश पाइसकेको व्यक्ति भए निजलाई प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित मन्त्रालयको सचिवले आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम दिएको आदेश चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(७) यस दफाको प्रतिकूल हुनेगरी सेवामा बहाल रहेको पदाधिकारीले गरेका काम स्वतः बदर हुनेछ ।

१८. कार्य सम्पादन करार गर्न सकिने : (१) प्रदेश सरकारले सम्पादन गर्नुपर्ने कुनै काम निश्चित अवधिभित्र सम्पादन गरिसक्नु पर्ने वा निश्चित परिमाणको उपलब्धि हुनेगरी सम्पादन गर्नुपर्ने भएमा कुनै पदाधिकारीसँग कार्य सम्पादन करार (परफरमेन्स कन्ट्राक्ट) गरी त्यस्तो कार्य सम्पादन गर्ने जिम्मेवारी निजलाई दिन सकिनेछ ।

(२) विकास आयोजना वा कार्यक्रम संचालन गर्ने आयोजना प्रमुखसँग कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको करारमा अन्य कुराको अतिरिक्त जिम्मेवारी पाएको पदाधिकारीले गर्नुपर्ने कामको विवरण, कार्य सम्पादन गरिसक्नु पर्ने समयावधि र कार्य सम्पादनको गुणस्तर वा परिमाण समेत उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम करार भएकोमा सो करार बमोजिम जिम्मेवारी पाएको व्यक्तिले त्यस्तो करार बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ ।

(५) काबू बाहिरको कुनै परिस्थिति उत्पन्न भई उपदफा (३) बमोजिम सम्पादन गर्नु पर्ने कार्य सो कार्य सम्पादन गर्नुपर्ने अवधिभित्र पूरा गर्न नसकिने भएमा सोको कारण सहितको विवरण सम्बन्धित मन्त्रालयको सचिव समक्ष पेश गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम पेश भएको विवरण मनासिब देखिएमा काबू बाहिरको परिस्थिति उत्पन्न भई जति अवधि काम गर्न नसकिएको हो सो अवधि कटाई थप अवधिभित्र कार्य सम्पादन गर्न कार्य सम्पादन करार संशोधन गर्न सकिनेछ ।

(७) मनासिब कारणबिना उपदफा (३) वा (५) बमोजिमको अवधिभित्र कार्य सम्पादन गर्न नसक्ने पदाधिकारीलाई विभागीय कारवाही गर्न सकिनेछ ।

(८) यस दफा बमोजिम जिम्मेवारी पाएको व्यक्तिले बदनियत चिताई वा लापरवाही वा हेलचक्रयाई गरी कार्य सम्पादन गरेको कारणले प्रदेश सरकारलाई हानि नोक्सानी भएमा वा आयोजनाको लागत वृद्धि हुने भएमा त्यस्तो हानि नोक्सानी वा वृद्धि भएजतिको लागतको क्षतिपूर्ति तोकिए बमोजिम निजबाट भराउन सकिनेछ ।

(९) उपदफा (८) बमोजिम क्षतिपूर्ति भराउने निर्णय गर्दा क्षतिपूर्ति भराइने पदाधिकारीलाई सुनुवाईको मनासिव मौका प्रदान गर्नुपर्नेछ ।

(१०) उपदफा (८) बमोजिमको क्षतिपूर्ति भराउने निर्णयमा चित्त नबुझ्ने पदाधिकारीले पैंतिस दिनभित्र सो सम्बन्धमा सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(११) कार्य सम्पादन करार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. <u>सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सम्बन्धित सरोकारवालासँग परामर्श गर्नुपर्ने</u>: (१) प्रदेश सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोको कुनै विषय कार्यान्वयन गर्नुअघि सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम परामर्श गर्दा कार्यान्वयन गर्न प्रस्ताव गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरुको समग्र विश्लेषण गरी त्यसबाट प्राप्त हुनसक्ने संभावित प्रभावको मूल्याङ्कन गर्नु पर्नेछ ।

(३) प्रदेश सरकारले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा उपदफा (१) वा (२) बमोजिम सरोकारवालासँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिनेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि "सार्वजनिक चासोको विषय" भन्नाले देहायका कुनै विषय सम्झनु पर्नेछ :-

(क) आधारभूत रुपमा नयाँ पद्धति स्थापना गर्ने वा भइरहेको पद्धतिलाई आधारभूत रुपमा खारेज गर्ने कुनै विषय,

(ख) सार्वजनिक महत्वको कुनै विकास कार्यक्रम वा आयोजना सञ्चालन गर्ने विषय, वा

(ग) तोकिए बमोजिमको अन्य विषय ।

२०. आफ्नो जिम्मेवारी पन्छाउन नहुने : (१) यस ऐन वा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नुपर्ने पदाधिकारीले आफूलाई सुम्पिएको वा यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम निर्धारित शर्त तथा निर्धारित अवधिभित्र सम्पादन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य सम्पादन गर्नुपर्ने पदाधिकारीले दफा १७ र २२ को अवस्थामा बाहेक आफ्नो जिम्मेवारी पन्छाउन वा आफूले गर्नुपर्ने काम अरु कसैलाई गर्न लगाउन हुँदैन ।

(३) उपदफा (२) को प्रतिकूल हुनेगरी अरुलाई काम लगाउने वा अन्य कुनै किसिमले जिम्मेवारी पन्छाउने वा जिम्मेवारी पन्छाउने बदनियतले निर्धारित अवधिभित्र कार्य सम्पादन नगर्ने वा कार्य सम्पादन सूचक बमोजिम उपलब्धि हासिल नगर्ने पदाधिकारीलाई प्रमुख सचिव भए प्रदेश मन्त्रिपरिषद्, सचिव भए सम्बन्धित मन्त्री, मन्त्रालय अन्तर्गतका पदाधिकारी वा निर्देशनालयको निर्देशक भए सम्बन्धित सचिव र निर्देशनालय अन्तर्गतका अन्य पदाधिकारी भए सम्बन्धित निर्देशकले चेतावनी दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम चेतावनी दिँदा पनि त्यस्तो पदाधिकारीको आचरण तथा काम कारवाहीमा सुधार नआएमा त्यस्तो पदाधिकारी उपर कार्यक्षमताको अभावको आधारमा प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्नुपर्नेछ ।

२१. <u>अरुको अधिकारमा हस्तक्षेप गर्न नहुने</u> :(१) यस ऐन बमोजिम वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा एक अधिकारीले अर्को अधिकारीको काम, कर्तव्य र अधिकार हस्तक्षेप गर्न हुँदैन।

(२) उपदफा (१) को प्रतिकूल काम गर्ने अधिकारीलाई विभागीय कारवाही हुनेछ ।

२२. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u> : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम आफ्नो मातहतको अन्य कुनै पदाधिकारीले सम्पादन गर्न सक्नेगरी प्रचलित कानून बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

तर, अधिकार प्रत्यायोजन गरेको कारणले मात्र निजले आफ्नो पदीय जिम्मेवारीबाट छूट पाएको मानिने छैन ।

(२) उपदफा (१) बमोजिम प्रत्यायोजन भएको अधिकार जुनसुकै बखत फिर्ता गर्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक रोहमा निर्णय गर्नुपर्ने अधिकार प्रत्यायोजन हुन सक्ने छैन ।

२३. <u>पदीय वा पेशागत आचरण सम्बन्धी व्यवस्था</u> : (१) सार्वजनिक पद धारण गरेको व्यक्तिले आफू पदमा वहाल रहँदा वा जुनसुकै कारणले अवकाश प्राप्त गरेको मितिले तोकिए बमोजिमको अवधिसम्मका लागि तोकिए बमोजिमको पदीय वा पेशागत आचरण पालना गर्नुपर्नेछ ।

(२) कुनै मन्त्रालय वा सो अन्तर्गतका निकायमा वहाल रहेका कर्मचारीले पालना गर्नुपर्ने कर्तव्यको प्रकृतिलाई विचार गरी त्यस्ता कर्मचारीले पालना गर्नुपर्ने पदीय वा पेशागत आचरण त्यस्तो मन्त्रालय वा निकायले नै बनाउन सक्ने गरी प्रदेश सरकारले अख्तियारी दिन सक्नेछ ।

(३) यस दफा बमोजिम बनाएको पदीय वा पेशागत आचरण पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ र त्यस्तो आचरण उल्लघंन गर्ने व्यक्तिलाई उल्लंघनको गंभिरता अनुसार निज व्याक्ति कर्मचारी भए विभागीय कारवाही गरी सोको अभिलेख राख्नुपर्नेछ, निज अन्य अधिकारी भए निजका लागि पदीय वा पेशागत आचरण बनाउने अधिकारीले निजको त्यस्तो अभिलेख राख्नेछ र निज पेशागत व्यक्ति भए त्यस्तो पेशा नियमन गर्ने निकाय समक्ष कारवाहीका लागि लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले आफ्नो पदीय वा पेशागत आचरण पालना नगरेको वा उल्लंघन गरेको कुनै कुरा प्रचलित कानून बमोजिम कसूर मानिने रहेछ भने सो सम्बन्धमा निज उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा पर्नेछैन ।

२४. <u>पदीय उत्तरदायित्वको निर्वाह</u> : यस ऐन वा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्ने जिम्मेवारी भएको पदाधिकारीले आफ्नो अधिकारको प्रयोग गर्दा वा कर्तव्य पालना गर्दा देहायको विषयमा ध्यान दिनु पर्नेछः-

(क) आफूले सम्पादन गर्ने काम निर्धारित समयमा नै सम्पादन गर्न आफैंले पहल गर्ने,

(ख) सरकारी वा सार्वजनिक स्रोतको प्रयोग गर्दा मितव्ययी ढङ्गबाट अधिकतम सदुपयोग र उत्पादनशील हुनेगरी प्रयोग गर्ने,

(ग) सर्वसाधारण सेवाग्राही सेवा पाउने अधिकार भएको व्यक्ति हो भन्ने कुरामा ध्यान दिने,

(घ) कार्य सम्पादनमा ढिलासुस्ती र विलम्ब हुनु भनेको स्रोत र साधनको दुरुपयोग हुनु हो भन्ने भावना राख्ने,

(ङ) कार्य सम्पादन गर्दा कुनै अपरिहार्य कारण परी तत्काल कार्य सम्पादन गर्न नसकिने भएमा त्यसको जानकारी सम्बन्धित व्यक्ति वा निकायलाई दिने,

तर, सार्वजनिक सेवाको विषयमा वा सेवाग्राहीसँग सम्बन्धित विषय भएमा त्यस्तो विषय सम्बन्धित कार्यालयको सूचनापाटीमा टाँसी आवश्यकता अनुसार प्रचार प्रसार समेत गरी गराई सर्वसाधारणलाई जानकारी गराउनु पर्ने,

(च) आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषयमा जिम्मेवार पदाधिकारीले स्वयंम् निर्णय गर्ने र कुनै किसिमको जटिलता वा द्विविधा नभएको विषयमा माथिल्लो निकायको निर्देशन माग नगर्ने,

**(छ)** सरकारी वा सार्वजनिक कामको सिलसिलामा सार्वजनिक पद धारण गरेको व्यक्तिले सेवाग्राहीसँग प्रचलित सामाजिक मूल्य, मान्यता र संस्कृति अनुरुप शिष्ट र सभ्य व्यवहार गर्ने ।

## <u>परिच्छेद-५</u>
## <u>सेवा प्रवाह तथा गुनासो सम्बन्धी व्यवस्था</u>

२५. <u>क्षतिपूर्ति सहितको नागरिक बडापत्र राख्नुपर्ने</u>: (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम अनिवार्य

रुपमा नागरिक बडापत्र राख्नुपर्नेछ। त्यस्तो बडापत्र डिजिटल स्वरुपमा पनि राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको नागरिक बडापत्रमा अन्य कुराको अतिरिक्त देहायका कुराहरु उल्लेख भएको हुनु पर्नेछः-

(क) सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि,
(घ) सेवा प्रदान गर्ने अधिकारी र निजको कार्यकक्षको विवरण,
(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण,
(च) तोकिए बमोजिमका अन्य कुराहरु ।

(३) उपदफा (१) मा उल्लेख भएका कुराहरु सम्बन्धित कार्यालयलाई बाध्यात्मक हुनेछन् र सो बमोजिम कार्यसम्पादन गरी सर्वसाधारणलाई सेवा प्रदान गर्नु सम्बन्धित कार्यालय प्रमुख तथा अन्य कर्मचारीको कर्तव्य हुनेछ ।

(४) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्यसम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालयको प्रमुख तथा सोको लागि जिम्मेवार कर्मचारीउपर विभागीय कारवाही हुनेछ ।

(५) मनासिब कारणबिना उपदफा (१) बमोजिमको नागरिक बडापत्र बमोजिम कार्यसम्पादन नभई सेवाग्राहीले सेवा प्राप्त गर्न नसकी सेवाग्राहीलाई कुनै हानि नोक्सानी हुन गएकोमा सो हानि नोक्सानी बापतको क्षतीपूर्ति सम्बन्धित कार्यालय वा कर्मचारीले ब्यहोर्नु पर्नेछ ।

(६) क्षतिपूर्ति भराउने तथा नागरिक बडापत्रसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. <u>विद्युतीय सुशासन (इ-गभरनेन्स) प्रणालीको उपयोग गर्न सकिने</u>ः (१) प्रदेश सरकारले उपलब्ध गराउने कुनै सेवालाई बढी भरपर्दो, सरल, सुलभ र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि विद्युतीय सुशासन प्रणालीको उपयोग गर्न सक्नेछ ।

(२) विद्युतीय सुशासन प्रणालीको स्थापना र संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>सेवाग्राहीको प्रत्यक्ष उपस्थिति (डाइरेक्ट इन्टरफेस) बिना सेवा उपलब्ध गराउन सकिने</u>: (१) प्रदेश सरकारले उपलब्ध गराउने कुनै सेवाग्राही स्वयम् उपस्थित नभएतापनि निजको वा निजले उपलब्ध गराएको ठेगानामा उपलब्ध गराउने गरी सेवा प्रवाह गर्न सकिनेछ ।

(२) सेवाग्राहीको प्रत्यक्ष उपस्थिति बिना सेवा उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२८. <u>घुम्ती सेवा सञ्चालन गर्न सकिने</u>: सर्वसाधारणको सामूहिक वा व्यक्तिगत सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे बसेको ठेगानामा नै सेवा उपलब्ध गराउनु पर्नेगरी प्रदेश सरकारले समय समयमा तोकेका कार्यालयले तोकिएबमोजिम घुम्ती सेवा सञ्चालन गर्ने व्यवस्था गर्न सक्नेछ ।

२९. <u>न्यायोचित सेवा शुल्क निर्धारण सम्बन्धी व्यवस्था</u>: (१) सरकारी सेवा उपलब्ध गराए बापत प्रदेश सरकार वा अन्य प्रादेशिक निकायलाई सेवाग्राहीले बुझाउनु पर्ने सेवाशुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा फरक फरक सेवा शुल्क निर्धारण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा दुर्गम वा पिछडिएका क्षेत्रका बासिन्दा अपाङ्गता भएका व्यक्ति, महिला, दलित तथा सीमान्तकृत समुदायका व्यक्तिलाई अन्य व्यक्तिलाई भन्दा सहुलियत हुनेगरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

३०. <u>स्थानीय जनताको सहभागिता र स्वामित्व सम्बन्धी व्यवस्था</u>: (१) प्रदेश सरकारले कुनै परियोजना वा आयोजना स्थानीय जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्नेछ ।

(२) प्रदेश सरकारले सञ्चालन गर्ने परियोजनाको सामाजिक वा सार्वजनिक परीक्षण गर्नुपर्नेछ।

(३) आयोजनामा स्थानीय जनताको प्रत्यक्ष सहभागिता र स्वामित्व तथा सार्वजनिक वा सामाजिक परीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. <u>सार्वजनिक सुनुवाई गर्नुपर्ने</u>: (१) सर्वसाधारणलाई सेवा प्रदान गर्ने प्रदेश सरकार अन्तर्गतका कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गर्नुपर्ने सार्वजनिक सुनुवाई गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी तथा स्थानीय तहका अधिकारी समेतलाई आमन्त्रण गर्नुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि न्यायिक निर्णय गर्नुपर्ने विषयमा सार्वजनिक सुनुवाई गर्न पाइने छैन ।

३२. <u>गुनासो व्यवस्थापनः</u> (१) प्रत्येक मन्त्रालय, निर्देशनालय तथा कार्यालयमा सो मन्त्रालय, निर्देशनालय तथा कार्यालयले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुनसक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएका गुनासो पेटिकामा जोसुकैले गुनासो पेश गर्नसक्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका गुनासो व्यवस्थापन गर्नका लागि सम्बन्धित मन्त्रालय, निर्देशनालय एवम् कार्यालयका जिम्मेवार अधिकृतले प्रत्येक दिन अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नु पर्नेछ र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न आवश्यक कारवाही गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएका गुनासो प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, निर्देशनालय एवम् कार्यालयको कार्यसँग सम्बन्धित नभई त्यस्तो मन्त्रालय, विभाग एवम् कार्यालयको प्रमुखको वैयक्तिक आचरणसँग सम्बन्धित रहेछन् भने सोको विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

(५) उपदफा (३) वा (४) बमोजिम गरिएको कामको जानकारी आफ्नो कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित मन्त्रालय, निर्देशनालय तथा कार्यालयको काम कारवाहीसँग असम्बन्धित विषयको गुनासो प्राप्त भएमा गुनासो दिने सम्बन्धित व्यक्ति पहिचान भएको रहेछ भने निजलाई सो जानकारी दिई फिर्ता गर्ने र पहिचान भएको रहेनछ भने गुनासोसँग सम्बन्धित मन्त्रालय, निर्देशनालय तथा कार्यालयमा पठाउने र त्यस्तो कार्यालय पहिचान हुन नसकेमा सो गुनासो तामेलीमा राखी सो व्यहोरा कार्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(७) गुनासो व्यवस्थापन सम्बन्धी विद्युतीय माध्यम लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. <u>ह्वीसल ब्लोअर सम्बन्धी व्यवस्था</u> : (१) कार्यालयको कुनै काम कारवाहीमा अनियमितता वा गंभिर त्रुटी हुन लागेको थाहा पाउने कुनै कर्मचारी वा सरोकारवालाले त्यस्तो अनियमित काम हुनबाट रोक्न वा कुनै गंभिर त्रुटी हुनबाट जोगाउने उद्देश्यले त्यस्तो काम कारवाही सम्बन्धमा कार्यालय प्रमुख समक्ष वा कार्यालय प्रमुखबाट त्यस्तो काम कारवाही हुन लागेको भए एक तह माथिको निकाय वा पदाधिकारी समक्ष वा दफा ३६ बमोजिमको सुशासन व्यवस्थापन केन्द्र समक्ष उजुरी दिनसक्ने व्यवस्था गर्नु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि "ह्वीसल ब्लोअर" भन्नाले कुनै कार्यालय भित्र हुन लागेको अनियमितता वा गम्भीर त्रुटी हुन नदिने उद्देश्यले दिइएको उजुरी सम्झनुपर्छ र यस्तो उजुरी कार्यालयको कर्मचारी वा अन्य कुनै सरोकारवालाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा कार्यालय प्रमुख वा सम्बन्धित पदाधिकारीले त्यस्तो उजूरी सम्बन्धमा तत्काल प्रारम्भिक छानबिन गर्नुपर्नेछ ।

(३) प्रारम्भिक छानबिन गर्दा अनियमित काम कारवाही वा गम्भिर त्रुटी हुन लागेको देखिएमा तत्काल त्यस्तो कार्य गर्न रोकी सो सम्बन्धमा थप छानबिन गर्न लगाउन सक्नेछ।

(४) उपदफा (२) र (३) बमोजिम छानबिन गर्दा कुनै अनियमित कार्य भएको देखिएमा आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम उजूरी गरेकै आधारमा उजूरीकर्ता उपर कुनै कारवाही चलाइने छैन।

(६) यस दफा बमोजिम उजुरी सुन्ने पदाधिकारीहरुले उजुरीकर्ताको परिचय गोप्य राख्नुपर्नेछ र निजको सुरक्षाको सुनिश्चितता गर्नुपर्नेछ ।

## <u>परिच्छेद-६</u>
## <u>संस्थागत व्यवस्था</u>

३४. <u>उच्चस्तरीय निर्देशन समिति :</u> (१) यस ऐन बमोजिम सुशासन कायम गर्ने सम्बन्धमा भए गरेका कार्यहरुको समय समयमा समीक्षा गर्न र आवश्यक निर्देशन दिन देहाय बमोजिमको उच्चस्तरीय निर्देशन समिति रहनेछ :-

(क) मुख्यमन्त्री, प्रदेश सरकार -अध्यक्ष
(ख) प्रदेश सरकारका सबै मन्त्रीहरु -सदस्य
(ग) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य
(घ) प्रदेश सरकारका सबै सचिवहरु -सदस्य
(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सुशासन हेर्ने)-सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

(३) समितिले आफ्नो कार्यविधि आफै बनाउन सक्नेछ ।

३५. <u>अनुगमन तथा मूल्याङ्कन समिति</u> : (१) निर्देशन समितिले समितिलाई सहयोग गर्ने प्रत्येक मन्त्रालयमा देहाय बमोजिमको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) सचिव, सम्बन्धित मन्त्रालय -संयोजक

(ख) मन्त्रालय अन्तर्गतका निर्देशनालयका निर्देशकहरु -सदस्य

(ग) मन्त्रालयका महाशाखा प्रमुखहरु -सदस्य

(घ) मन्त्रालयको सम्बन्धित शाखा प्रमुख, -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले नागरिकमा प्रवाह भएको सेवा र सुविधा तथा प्रदेशको सरकारी कामको सिलसिलामा प्राप्त उपलब्धि, प्रमुख घटना तथा तथ्याङ्क सम्बन्धी विवरण संकलन गरी निर्देशन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) अनुगमन तथा मूल्यांकन समितिका अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३६. <u>सुशासन व्यवस्थापन केन्द्रः</u> (१) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा एक सुशासन व्यवस्थापन केन्द्र रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने सुशासन व्यवस्थापन केन्द्रको काम कारबाही प्रमुख सचिवको निर्देशनमा सुशासन सम्बन्धी विषय हेर्ने महाशाखाले सम्पादन गर्नेछ ।

(३) सुशासन व्यवस्थापन केन्द्रको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरु नियमित र प्रभावकारी रुपमा सम्पादन भएको विषयमा सूचना संकलन गर्ने र नियमित र प्रभावकारी भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गराउने,

(ख) सार्वजनिक पदधारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम प्रदेशमा बुझाउने सम्पत्ति विवरणको अभिलेख व्यवस्थापन गर्ने,

तर, प्रचलित कानूनबमोजिम अन्य कुनै निकायमा सम्पत्ति विवरण बुझाउने भनी तोकिएकोमा सोही बमोजिम हुनेछ,

(ग) प्रदेश मातहत हुने सेवा प्रवाहमा ढिलासुस्ती वा अनियमितता तथा कार्यक्रम वा आयोजना संचालनमा अनियमितता वा भ्रष्टाचार हुनसक्ने स्थानमा नियमित निगरानी, छड्के जाँच लगायतका कार्यहरु गर्ने,

(घ) भ्रष्टाचार र अनियमितता नियन्त्रण, सेवा प्रवाह र सुशासन सुधारका विषयमा अपनाउनुपर्ने नीति, रणनीति र सोसम्बन्धी कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा अनुसन्धान गरी प्रतिवेदन दिने,

(ङ) प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय, कार्यालय वा सार्वजनिक संस्थामा गुनासो व्यवस्थापन संयन्त्र निर्माणको व्यवस्था गर्ने,

(च) सेवा प्रवाहमा प्रभावकारिता, शासकीय सुधार, अनियमितता र भ्रष्टाचार नियन्त्रण सम्बन्धमा प्रदेश सरकार मातहतका निकायलाई निर्देशन दिने

(छ) प्रदेश सरकार मातहतका विभिन्न पदाधिकारीहरुले पालना गर्नुपर्ने आचार संहिता पालना भए नभएको अनुगमन गर्ने, गराउने ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानून बमोजिम बुझाएको सम्पत्ति विवरण सार्वजनिक गर्न स्वीकृत दिएमा त्यस्तो सम्पत्ति विवरण राख्ने निकायले सो विवरण सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद-७
## विविध

३७. सल्लाहकार नियुक्त गर्नसक्नेः (१) प्रदेश निजामती सेवाको पदबाट कार्यसम्पादन हुन नसक्ने सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको विशेषज्ञ सेवा प्राप्त गर्नुपर्दा प्रदेश सरकारले कुनै व्यक्तिलाई विषयगत सल्लाहकारको रुपमा प्रचलित कानून बमोजिम नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने सल्लाहकारको संख्या, निजको योग्यता र नियुक्तिको कार्यविधि, पारिश्रमिक तथा अन्य सुविधा एवम् काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने सल्लाहकारले सम्पादन गर्ने काम, निजको पदावधि तथा निजको जिम्मेवारी निजलाई नियुक्ति गर्दाका बखत प्रदेश सरकारले स्वीकृत गरेको कार्य क्षेत्रगत शर्तहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) सल्लाहकारको हैसियतमा कार्यसम्पादन गर्दा पालना गर्नुपर्ने आचरण तोकिए बमोजिम हुनेछ ।

३८. <u>स्वकीय सचिवालय स्थापना गर्न सकिने :</u> (१) मन्त्री वा तोकिएका अन्य पदाधिकारीको दैनिक कार्यमा सहयोग र सहजीकरणका लागि प्रचलित कानून बमोजिम स्वकीय सचिवालय स्थापना गर्न सकिनेछ ।

(२) स्वकीय सचिवालय सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. <u>प्रवक्ता तोक्नु पर्ने</u>: (१) प्रदेशस्तरका प्रत्येक मन्त्रालय, निर्देशनालय तथा सो अन्तर्गतका सरकारी निकाय एवम् कार्यालयले आफ्नो कार्यालयको काम कारवाहीको विषयमा सरोकारवालालाई वा सार्वजनिक रुपमा जानकारी दिन आफ्नो कार्यालयको कुनै अधिकृतलाई प्रवक्ता तोक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रवक्ताको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

४०. <u>नियमनकारी निकाय वा संगठित संस्थाले यो ऐन पालना गर्नुपर्ने</u>: संविधान वा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्नुपर्ने नियमनकारी निकाय (रेगुलेटरी बडी) वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाले तथा त्यस्तो निकाय वा संस्थामा बहाल रहेका अधिकारीले आफ्नो कार्यसम्पादन गर्दा यस ऐनमा उल्लेख भएका व्यवस्थाहरु आवश्यक हेरफेर सहित (मुटाटिस मुटाण्डिस) लागू गर्नु, गराउनु पर्नेछ ।

४१. <u>सूचना प्रविधिको प्रयोग गर्नुपर्ने</u> : (१) प्रत्येक मन्त्रालय, सरकारी निकाय एवम् कार्यालयले आफ्नो स्रोत र साधनको उपलब्धताको आधारमा विद्युतीय सूचना तथा संचार प्रविधिलाई व्यवहारमा ल्याउनुपर्नेछ ।

(२) सूचना प्रविधिलाई व्यवहारमा ल्याउने सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

४२. <u>जनचेतना अभिवृद्धि सम्बन्धी काम गर्ने</u>: प्रदेश सरकारले सुशासन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन जनचेतना अभिवृद्धि गर्न आवश्यक कार्य गर्नेछ ।

४३. <u>सरकारी कार्य फछ्र्यौट र सरकारी कार्यालयको निरीक्षण</u> : यस ऐन वा अन्य प्रचलित कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त सरकारी कार्य फछ्र्यौट तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४४. <u>वार्षिक कार्य योजना बनाउनु पर्ने</u> : (१) वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक रुपमा गर्ने कामहरुको विवरण उल्लेख गरी तोकिए बमोजिम वार्षिक कार्ययोजना बनाई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजनाको कार्यान्वयनको प्रतिवेदन र सोको स्वीकृती तथा अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. <u>पुरस्कारका लागि सिफारिश गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम अनुगमन गर्दा कुनै कर्मचारीले उल्लेखनीय रुपमा उत्कृष्ट कार्य गरेको पाइएमा त्यस्तो कर्मचारीलाई पुरस्कृत गर्नका लागि कार्यालय प्रमुख, निर्देशक, सचिव वा प्रमुख सचिवले सम्बन्धित पदाधिकारी वा निकाय समक्ष सिफारिश गर्न सक्नेछ ।

(२) पुरस्कारका लागि सिफारिश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४६. <u>कारवाही गर्न सक्ने</u> : (१) यस ऐन बमोजिम अनुगमन गर्दा वा गर्न लगाउँदा कुनै पदाधिकारीले यस ऐन बमोजिम सम्पादन गर्नुपर्ने कार्य उचित ढंगले असल नियतका साथ सम्पादन गरेको नपाईएमा प्रमुख सचिवले त्यस्तो अधिकारी उपर छानविन गरी कारवाही गर्न सुशासन व्यवस्थापन केन्द्र वा सम्बन्धित मन्त्रालयको सचिवलाई आदेश दिनेछ ।

(२) उपदफा (१) बमोजिम आदेश प्राप्त भएमा यस ऐन बमोजिम कार्यसम्पादन नगरेको वा दायित्व पूरा गरेको नपाईएमा सचिवले त्यस्तो अधिकारी उपर छानविन गरी कारवाही
गर्नुपर्नेछ ।

(३) यस दफा बमोजिम छानबिन गर्दा सम्बन्धित अधिकारीलाई सुनुवाईको मौका दिनुपर्नेछ ।

४७. <u>सुविधा तोके बमोजिम हुने</u> : प्रचलित कानूनमा व्यवस्था भएको सुविधाका अतिरिक्त प्रमुख सचिव, सचिव, निर्देशक वा कार्यालय प्रमुखले सो हैसियतमा उपभोग गर्न पाउने सुविधा तथा सो हैसियतले कार्यसम्पादन गरे बापत पाउने अन्य सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

४८. <u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने</u> : (१) मन्त्रालय तथा प्रदेशस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तोकिए बमोजिमको अवधिभित्र आफूले सो आर्थिक वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र त्यस्तो कामको स्थिति तथा प्रगति र लागत लगायतका अन्य आवश्यक कुराहरु समेत समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय वा प्रदेशस्तरका निकायले भए मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा, निर्देशनालयले भए सम्बन्धित मन्त्रालयमा र अन्य कार्यालय तथा निकायले भए तालुक कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा सो उपदफामा लेखिएको कुराको अतिरिक्त सम्बन्धित मन्त्रालय वा निकायले त्यस्तो मन्त्रालय वा निकाय वा सोअन्तर्गतका

कार्यालयहरुमा सुशासन कायम गर्न गरेका सुधार कार्यक्रम र त्यसबाट प्राप्त परिणामको विवरण उल्लेख गर्नुपर्नेछ ।

(३) मुख्य मन्त्रीले उपदफा (१) बमोजिमको प्रतिवेदनको आधारमा प्रत्येक वर्ष शासकीय सुधार र सुशासन सम्बन्धमा भए गरेका उल्लेखनीय प्रगति सम्बन्धी प्रतिवेदन प्रदेश प्रमुख मार्फत प्रदेश सभा समक्ष पेश गर्नेछ ।

४९. कार्यसम्पादन सूचक : यस ऐन बमोजिम कुनै अधिकारीले सम्पादन गर्नुपर्ने कामको कार्यसम्पादन सूचक तोकिए बमोजिम हुनेछ ।

५०. असल नियतले गरेको कामको बचाउ : यस ऐन वा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्ने अधिकारीले यस ऐन वा प्रचलित कानून बमोजिम आफ्नो कार्यसम्पादन गर्दा वा प्रशासनिक कार्य सञ्चालन गर्दा निजले असल नियतले गरेको काम कारवाहीको विषयलाई लिएर निज उपर कुनै कारवाही हुने छैन ।

५१. प्रतिबद्धता जनाउनु पर्ने : (१) प्रदेश सरकार अन्तर्गत काम गर्ने कुनै पनि पदाधिकारी वा कर्मचारीले प्रदेश सरकार मातहत काम गर्नु अघि प्रदेश सरकारबाट तोकिएको प्रतिबद्धता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) प्रतिबद्धता पत्रको नमुना तथा सो पत्रमा हस्ताक्षर गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५२. नियम बनाउने अधिकार : प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्नेछ ।

५३. निर्देशिका वा दिग्दर्शन बनाउन सक्ने : प्रदेश सरकारले सरकारी कार्यालयको काम कारवाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययीरुपमा सञ्चालन वा कार्यसम्पादन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा दिग्दर्शन बनाई लागू गर्नसक्नेछ ।

५४. ऐन बमोजिम हुने : यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५५. बचाउ : यो ऐन लागू हुनुपूर्व भए गरेका काम कारवाही यसै ऐन अनुसार भए गरेको मानिनेछ ।

# लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६

प्रमाणीकरण मिति २०७७/०२/१९

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०३/१९

[×].....

## लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[*]लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम "लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४४ बमोजिम गठित प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले प्रदेश लोकसेवा आयोग ऐन, २०७६ सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले आयोगको कार्यालय सम्झनुपर्छ ।

(ङ) "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यलाई सम्झनुपर्छ ।

(च) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेशको प्रदेश मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

---

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन द्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

(छ) "सदस्य" भन्नाले प्रदेश लोक सेवा आयोगको सदस्य सम्झनु पर्छ ।

(ज) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

## परिच्छेद-२
## पारिश्रमिक र सुविधा

३. **पारिश्रमिक**: आयोगका पदाधिकारीले यस ऐनको अनुसुचीमा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ ।

४. **आवास सुविधा** : (१) आयोगका पदाधिकारीलाई आवासको निमित्त प्रदेश सरकारबाट सरकारी आवासको बन्दोवस्त हुनेछ। सरकारी आवासको बन्दोवस्त नभएकोमा वा प्रदेश राजधानी वा आयोगको कार्यालय रहेको जिल्लाभित्र आफ्नो घर नभई घर भाडामा लिनु परेमा आयोगका पदाधिकारीलाई घरभाडा वापत प्रति महिना अनुसूची बमोजिमको रकम दिइनेछ ।

(२) उपदफा (१) बमोजिम बन्दोवस्त भएको सरकारी आवासको मर्मत, सम्भार प्रदेश सरकारबाट हुनेछ ।

(३) यस दफा बमोजिमको सुविधा आयोगका पदाधिकारीलाई आफ्नो पदावधि समाप्त भएको मितिले सात दिनसम्म दिईनेछ ।

५. **धारा, विजुली, संचार महसुल**: आयोगका पदाधिकारीलाई धारा, विजुली तथा संचार महसुल बापत अनुसुचीमा उल्लेख भए बमोजिमको रकम दिईनेछ ।

तर सरकारी आवास वा कार्यालयले भाडामा लिएको आवासमा बस्ने पदाधिकारीलाई यस्तो रकम दिइने छैन ।

६. **लुगाभत्ता**: आयोगका पदाधिकारीले प्रत्येक वर्षको चैत्र मसान्तमा अनुसूचीमा उल्लेख भए बमोजिमको लुगा भत्ता पाउनेछ।

७. **चाडपर्व खर्च**: (१) आयोगका पदाधिकारीले खाईपाई आएको एक महिनाको पारिश्रमिक बराबरको रकम चाडपर्व खर्च बापत पाउनेछ।

(२) उपदफा (१) बमोजिमको रकम आयोगका पदाधिकारीले एक आर्थिक बर्षमा एक पटक आफ्नो धर्म, संस्कृति र परम्परा अनुसार मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन पाउनेछ।

८. **सवारी तथा ईन्धन सुविधा**: आयोगका पदाधिकारीलाई सवारीको निम्ति चालक सहितको मोटर एक र सो मोटरको लागि अनुसूची बमोजिमको ईन्धन र मोबिल सुविधा दिइनेछ ।

९. <u>भ्रमण सम्बन्धी व्यवस्थाः</u> (१) अध्यक्षले सात दिनसम्मको भ्रमण आदेश आफैले स्वीकृत गर्नेछ र सात दिन भन्दा बढीको भ्रमण भए प्रदेश प्रमुखबाट स्वीकृत गराउनुपर्नेछ ।

(२) सदस्यको भ्रमण आदेश अध्यक्षले स्वीकृत गर्नेछ ।

१०. <u>बीमा खर्च</u>ः आयोगका पदाधिकारीलाई सरकारी कामको सिलसिलामा नेपाल भित्र वा बाहिर भ्रमण गर्दा भ्रमण अवधीको भ्रमण विमा गर्दा लाग्ने प्रिमियम बापतको रकम बीमा खर्च भुक्तानी गरिनेछ ।

## परिच्छेद-३
## <u>बिदा सम्बन्धी व्यवस्था</u>

११. <u>बिदाः</u> आयोगका पदाधिकारीले देहायका बिदा पाउनेछनः-

(क) भैपरी आउने बिदा,

(ख) पर्व बिदा,

(ग) घर बिदा,

(घ) बिरामी एवम् विशेष बिदा,

(ङ) किरिया बिदा,

(च) प्रसुति बिदा,

(छ) प्रसुति स्याहार बिदा ।

१२. <u>भैपरी र पर्व बिदाः</u> (१) आयोगका पदाधिकारीले प्रत्येक वर्ष पूरा पारिश्रमिक सहितको छ दिन भैपरी आउने बिदा र छ दिन पर्व बिदा लिन पाउनेछ ।

(२) एक वर्षको भैपरी र पर्व बिदा अर्को वर्षलाई संचित गर्न पाइने छैन ।

१३. <u>घर बिदाः</u> (१) आयोगका पदाधिकारीले काम गरेको अवधिको बाह्र दिनको एक दिनको दरले पूरा पारिश्रमिक सहितको घर बिदा पाउनेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि "काम गरेको अवधि" भन्नाले भैपरी बिदा र पर्व बिदामा बसेको दिन र सार्वजनिक बिदाको दिनलाई समेत जनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको घर बिदा बढीमा नब्बे दिनसम्म संचित गरी राख्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम संचित रहेको घर बिदा वापत आयोगका पदाधिकारी पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

१४. **बिरामी एवम् विशेष बिदाः** (१) आयोगका पदाधिकारीले प्रत्येक वर्ष बाह्र दिनका दरले पारिश्रमिक सहितको बिरामी बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको बिरामी बिदा नलिएमा संचित हुँदै जानेछ ।

(३) उपदफा (२) बमोजिम संचित रहेको बिरामी बिदा बापत आयोगका पदाधिकारी पदमा नरहेमा आफूले खाईपाई आएको पारिश्रमिकको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ ।

(४) आयोगका पदाधिकारीले कुनै कडा रोग लागि स्वीकृत चिकित्सकको प्रमाण पत्र पेश गरेमा बिरामी बिदा बाँकी नभए दुई महिना सम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी बिदा लिईसकेपछि एक पटकमा थप चार महिनासम्म र सेवा अवधिभरमा जम्मा बाह्र महिनामा नबढ्ने गरी बिना पारीश्रमिकको विशेष बिदा पाउन सक्नेछ ।

१५. **किरिया बिदाः** आयोगका पदाधिकारी आफैले किरिया बस्नु पर्दा कुल धर्म वा संस्कार अनुसार बढीमा पन्ध्र दिनको पारिश्रमिक सहितको किरिया बिदा पाउनेछ ।

१६. **प्रसुति बिदाः** (१) आयोगका महिला पदाधिकारीले प्रसूतिको अघिपछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा लिन पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रसुति बिदामा बस्ने आयोगका पदाधिकारीले पूरा तलब पाउनेछ ।

१७. **प्रसूति स्याहार बिदाः** (१) आयोगका पदाधिकारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो पदाधिकारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(२) प्रसुति स्याहार बिदामा बस्ने आयोगका पदाधिकारीले पूरा तलब पाउनेछ।

१८. **बिदा दिने पदाधिकारीः** (१) भैपरी बिदा र पर्व बिदा आयोगका अध्यक्ष आफैले र सदस्यले अध्यक्षलाई जानकारी गराई लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको भैपरी तथा पर्व बिदा लिएकोमा सम्बन्धित पदाधिकारीले सोको जानकारी कार्यालयलाई दिनुपर्नेछ ।

(३) अन्य बिदाको सम्बन्धमा अध्यक्षले प्रदेश प्रमुखबाट र सदस्यले अध्यक्षबाट बिदा स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद-४
## विविध

१९. **उमेरको गणनाः** आयोगका पदाधिकारीको उमेर देहायका आधारमा गणना गर्दा जुन उमेरबाट निज पहिले अवकाश हुन्छ सोही आधारमा उमेरको गणना गरिनेछः-

(क) निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर,

(ख) निजको नागरिकताको प्रमाणपत्रमा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर, वा

(ग) निजको वैयक्तिक नोकरी विवरण (सिटरोल) मा लेखिएको जन्म दिन वा वर्षबाट हुन आउने उमेर ।

२०. **वैयक्तिक विवरण पेश गर्नुपर्नेः** (१) आयोगको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफू नियुक्त भएको मितिले एक महिनाभित्र आफनो वैयक्तिक विवरण फाराम (सिटरोल) भरी प्रदेश सरकारले तोकेको कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगका पदाधिकारीको वैयक्तिक विवरणको ढाँचा प्रदेश सरकारले राजपत्रमा प्रकाशन गर्नेछ ।

२१. **सुविधा लागु हुनेः** आयोगका पदाधिकारीले यो ऐन बमोजिम पाउने सुविधा शपथ गरेको मिति देखि पाउनेछ ।

तर, बहालवाला पदाधिकारीको हकमा राजपत्रमा सूचना प्रकाशन भएपछि यो सुविधा लागू हुनेछ ।

२२. **खारेजी र बचाउः** (१) यो ऐन लागू हुनु पूर्व प्रदेश सरकारले आयोगका अध्यक्ष र सदस्यलाई प्रदान गरिएको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी प्रदेश राजपत्रमा प्रकाशित सूचनाहरु खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको पारिश्रमिक, सेवाका शर्त र सुविधा यसै ऐन बमोजिम प्रदान गरिएको मानिनेछ।

अनुसूची

(दफा ३,४,५,६,७,र ८ सँग सम्बन्धित)

<u>आयोगका पदाधिकारीहरुको सुविधा</u>

| क्र. सं. | सुविधाको प्रकार | इकाइ दर | अध्यक्ष | सदस्य |
|---|---|---|---|---|
| १. | पारिश्रमिक | मासिक रुपैयाँ | ६४,४२०/- | ५०,६००/- |
| २. | आवास सुविधा | मासिक रुपैयाँ | १८,०००/- | १८,०००/- |
| ३. | धारा, विजुली, संचार | मासिक रुपैयाँ | १५,००/- | १५,००/- |
| ४. | लुगा भत्ता | बार्पिक रुपैयाँ | १०,०००/- | १०,०००/- |
| ५. | ईन्धन | मासिक लिटर | १०० लि. | ८० लि. |
| ६. | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. |
| ७. | दैनिक भत्ता (स्वदेश) | प्रतिदिन रुपैयाँ | २,०००/- | २,०००/- |
| ८. | दैनिक भत्ता (विदेश) | प्रतिदिन (अमेरिकी डलर) | १७५/- (अमेरिकी डलर) | १७५/- (अमेरिकी डलर) |

# संचार माध्यम ऐन, २०७९

प्रमाणीकरण मितिः २०७९।०३।१५

## संचार माध्यम सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

प्रस्तावना: संविधान प्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रता एवं सुसूचित हुन पाउने हकलाई सुनिश्चत गर्दै स्वतन्त्र, पारदर्शी, व्यावसायिक सञ्चार माध्यमको दिगो विकास, प्रबर्द्धन र नियमन मार्फत सञ्चारको हक सुदृढीकरण गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम, बिस्तार र प्रारम्भ: (१) यस ऐनको नाम "संचार माध्यम ऐन, २०७९" रहेको छ।

(२) यो ऐन प्रदेश राजपत्रमा प्रकाशन भएको दिनदेखि प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनलाइन संचार माध्यम"** भन्नाले इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी प्रसारण वा प्रकाशन गर्ने संचार माध्यम सम्झनुपर्छ।

(ख) **"इजाजत पत्र"** भन्नाले कुनै प्रसारण संस्थालाई दफा ४ बमोजिम दिइने प्रसारण इजाजत पत्र वा फ्रिक्वेन्सी मोडुलेशन (एफ.एम.) प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजत पत्रलाई सम्झनुपर्छ ।

(ग) **"केबल"** भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण हुने सामग्री उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनुपर्छ ।

(घ) **"कार्यालय"** भन्नाले संचार रजिष्ट्रारको कार्यालय सम्झनुपर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले श्रव्य वा श्रव्य दृश्य माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रम सम्झनुपर्छ।

(च) **"कोष"** भन्नाले दफा ८७ बमोजिमको संचारकर्मी कल्याण कोष सम्झनुपर्छ ।

(छ) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) **"न्यूनतम पारिश्रमिक"** भन्नाले नेपाल सरकारले संचार क्षेत्रमा श्रमजीवि पत्रकार तथा अन्य कर्मचारीका लागि तोकेको न्यूनतम पारिश्रमिक सम्झनुपर्छ ।

(झ) **"परिषद्"** भन्नाले दफा ५२ बमोजिमको संचार समन्वय परिषद् सम्झनुपर्छ ।

(ञ) **"पत्रकार"** भन्नाले संचार माध्यमबाट प्रकाशन र प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटो पत्रकार, क्यामेरा पर्सन, समाचार वाचक, व्यङ्ग्य चित्रकार, भाषा सम्पादक, वेब डिजाइनर, स्तम्भ लेखक, कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोता समेतलाई जनाउँदछ।

(ट) **"पत्रपत्रिका"** भन्नाले छापा वा विद्युतीय माध्यमद्वारा हुने प्रकाशनलाई सम्झनुपर्छ।

(ठ) **"प्रचलित कानून"** भन्नाले प्रदेशमा तत्काल लागु रहेको कानून र सो नभएमा सो सम्बन्धी संघीय कानून सम्झनुपर्छ।

(ड) **"प्रदेश"** भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ।

(ढ) **"प्रसारक"** भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम वाचन गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले त्यस्तो कार्यक्रम उत्पादन तथा सम्पादन गर्ने व्यक्तिलाई समेत जनाउँदछ।

(ण) **"प्रसारण"** भन्नाले शब्द, अक्षर, इसारा, आवाज, आकृति, तस्बिर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने एफ.एम., रेडियो, टेलिभिजन र अन्य विद्युतीय माध्यमबाट गरिने प्रसारणलाई सम्झनुपर्छ।

(त) **"प्रसारण संस्था"** भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति, संगठित संस्था, सरकारी निकाय वा स्थानीय तह सम्झनुपर्छ ।

(थ) **"प्रेस प्रतिनिधि"** भन्नाले दफा ४२ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ।

(द) **"फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली"** भन्नाले फ्रिक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनुपर्छ।

(ध) **"भू-उपग्रह"** भन्नाले विभिन्न कार्यक्रम प्रसारण गर्न अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनुपर्छ।

(न) **"भू-उपग्रह प्रसारण केन्द्र"** भन्नाले स्याटेलाईट मार्फत प्रसारण कार्यक्रम आदान प्रदान गर्न पृथ्वीको धरातलमा स्थापना गरिने केन्द्र (स्टेशन) सम्झनु पर्छ ।

(प) **"भू-उपग्रह प्रसारण प्रणाली"** भन्नाले भू-उपग्रह मार्फत प्रसारण गर्ने प्रणाली सम्झनुपर्छ ।

(फ) **"भू-सतही"** भन्नाले पृथ्वीको सतह प्रयोग गरी तार जडित वा तार रहित माध्यमबाट प्रसारण गरिने प्रणाली सम्झनुपर्छ।

(ब) **"मन्त्रालय"** भन्नाले लुम्बिनी प्रदेशको सूचना तथा सञ्चार हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(भ) **"रजिष्ट्रार"** भन्नाले दफा ५७ बमोजिम नियुक्त हुने संचार रजिष्ट्रारलाई सम्झनुपर्छ।

(म) **"स्वतन्त्र पत्रकार"** भन्नाले कुनै पनि संचार संस्थासँग प्रत्यक्ष संलग्न नभई स्वतन्त्र रुपमा पत्रकारिता गर्ने व्यक्ति सम्झनुपर्छ ।

(य) **"सम्पादक"** भन्नाले संचार माध्यममा प्रसारण वा प्रकाशन हुने सामग्रीको चयन तथा सम्पादनको उत्तरदायित्व बहन गर्ने व्यक्ति सम्झनुपर्छ ।

(र) **"समाचारपत्र"** भन्नाले सार्वजनिक महत्त्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको आलेख, समाचार तथा विचार लगायतका विषय समावेश सार्वजनिक रुपमा बिक्री वा वितरण हुने पत्रपत्रिका सम्झनुपर्छ ।

(ल) **"सामुदायिक प्रसारण संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको गैर नाफामूलक गैर सरकारी संस्था वा मुनाफा वितरण नगर्ने कम्पनी, समुदायका सदस्यहरूको स्वामित्व र सहभागितामा प्रतिनिधित्व हुने गरी कुनै निश्चित भूगोल वा सरोकार समूहको रूची अनुसार संचालित गैर नाफामूलक प्रसारण संस्था सम्झनुपर्छ।

(व) **"संचारकर्मी"** भन्नाले संचार माध्यममा कार्यरत पत्रकार, संवाददाता, श्रव्यदृष्य तथा अडियो सम्पादक, क्यामेरा पर्सन, अन्तरवार्ताकार, कार्यक्रम प्रस्तोता, कार्यक्रम उत्पादक, प्राविधिक एवं संचार माध्यममा कार्यरत अन्य संचारकर्मीलाई सम्झनुपर्छ।

(श) **"संचार माध्यम"** भन्नाले सूचना तथा सन्देश संप्रेषण गर्ने उद्देश्यले स्थापना भई प्रकाशन तथा प्रसारण हुने सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालित एफ.एम., रेडियो, टेलिभिजन तथा अन्य विद्युतीय एवम् छापा संचार माध्यम सम्झनुपर्छ।

(ष) **"संचार संस्था"** भन्नाले संचार माध्यमको प्रसारण वा प्रकाशन गर्ने संस्था सम्झनुपर्छ।

(स) **"सञ्चालक"** भन्नाले सञ्चार माध्यम सञ्चालन गर्न प्रमाणपत्र पाएका व्यक्ति वा संस्था सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रसारण सम्बन्धी व्यवस्था

३. प्रसारणको अनुमति, सञ्चालन, नियमन र अनुगमनः (१) प्रदेशभित्र प्रसारण सम्बन्धी अनुमति, सञ्चालन, नियमन र अनुगमन सम्बन्धी नीति निर्माण गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ ।

(२) प्रदेश सरकारले प्रदेशभित्र एक सय वाट भन्दा माथि एक हजार वाट सम्मको रेडियो एफ. एम. अनुमति, सञ्चालन, नियमन र अनुगमन गर्नेछ।

(३) प्रदेश सरकारले प्रदेशभित्र प्रसारण हुने टेलिभिजनको अनुमति, सञ्चालन, नियमन र अनुगमन गर्नेछ।

४. <u>इजाजत पत्र लिनुपर्नेः</u> (१) प्रसारण संस्थाले यस ऐन बमोजिम प्रसारणको इजाजत पत्र लिएर मात्र कार्यक्रम प्रसारण गर्नु पर्नेछ।

(२) नेपाल सरकार वा अन्य प्रदेशबाट प्रचलित कानून बमोजिम प्रसारणको इजाजत लिई कार्यक्रम प्रसारण गरेका संस्थाले यस प्रदेशमा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रिले स्टेसन स्थापना गरी प्रसारण गर्नु परेमा कार्यालयबाट तोकिए बमोजिमको इजाजत लिनु पर्नेछ।

५. <u>इजाजत पत्रका लागि निवेदन दिनुपर्नेः</u> (१) प्रदेशभित्र भू-उपग्रह, भू-सतही र केबल टेलिभिजन तथा रेडियो, एफ.एम. वा अन्य संचार माध्यमद्वारा प्रसारण कार्य गर्न चाहने संचार संस्थाले तोकिए बमोजिम कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनको अधीनमा रही प्रदेश सरकारको कुनै निकाय वा स्थानीय तहले प्रसारण कार्य गर्न इजाजतका लागि तोकिए बमोजिम निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारको कुनै निकाय वा स्थानीय तहले प्रचलित कानून बमोजिम इजाजत प्राप्त प्रसारण संस्था मार्फत कुनै खास विषयको कार्यक्रम प्रसारण गर्न सक्नेछ।

६. <u>निवेदन साथ कागजात संलग्न गर्नुपर्नेः</u> (१) दफा ५ बमोजिमको निवेदन साथ देहायका कागजात संलग्न गर्नु पर्नेछः

(क) प्रसारण संस्था दर्ताको प्रमाणपत्र,
(ख) सम्बन्धित संस्थाको स्थापना सम्बन्धी कागजात,
(ग) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(घ) तोकिए बमोजिम निवेदन दस्तुर बुझाएको नगदी रसिद वा तोकिएको राजस्व खातामा जम्मा गरेको बैंक भौचर,
(ङ) प्रसारण केन्द्र रहने ठाउँको नक्सा सहितको विवरण र
(च) तोकिए बमोजिमका अन्य कागजात।

(२) उपदफा (१) बमोजिमको कागजातको साथ आफूले इजाजतपत्र लिन खोजेको संचार माध्यमको सञ्चालन सम्बन्धी आर्थिक, प्राविधिक तथा व्यवसायिक योजना संलग्न गर्नु पर्नेछ।

७. <u>इजाजत पत्र दिने :</u> (१) दफा ५ बमोजिमको निवेदन पर्न आएमा कार्यालयले उक्त निवेदन उपर आवश्यक छानबिन गर्दा इजाजत पत्र दिन मनासिब देखेमा निवेदकलाई तोकिएको

शर्तहरु पालना गर्ने गरी कार्यक्रम प्रसारण गर्न तीस दिनभित्र तोकिएको दस्तुर लिई इजाजत पत्र दिनेछ।

(२) अनुमति पत्रको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम इजाजत पत्र दिन नसक्ने भए सोको आधार र कारण खुलाई निर्णय भएको सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले जानकारी प्राप्त गरेको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन परेको मितिले तीस दिनभित्र मन्त्रालयले आवश्यक छानबिन गरी निर्णय गर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

८. <u>भू-उपग्रह प्रसारण प्रणाली सम्बन्धी व्यवस्थाः</u> (१) कुनै व्यक्ति वा प्रसारण संस्थाले प्रदेशमा भू-उपग्रह प्रसारण प्रणाली स्थापना गरी कुनै टेलिभिजन कार्यक्रम प्रसारण गर्न इजाजतका लागि कार्यालय समक्ष निवेदन दिन सक्नेछ र सो निवेदन सम्बन्धमा मन्त्रालयले तोकिए बमोजिमको प्रकृया पुरा गरि इजाजत पत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनमा इजाजत पत्र प्राप्त भएमा कार्यालयले त्यस्तो प्रसारण संस्थाको इजाजत सम्बन्धी अभिलेख राख्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजत प्राप्त प्रसारण संस्थाले टेलिभिजन कार्यक्रम प्रसारण गर्दा प्रदेश भित्रका समाचार वा गतिविधिलाई प्राथमिकता दिई प्रसारण गर्नुपर्नेछ।

९. <u>प्रसारण तथा वितरण शुल्कः</u> कार्यक्रम प्रसारण वा वितरण गर्ने प्रसारण संस्थाले तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने उपभोक्ताबाट लिने शुल्क सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. <u>कार्यक्रम उत्पादन तथा प्रसारणः</u> (१) प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनु पर्नेछः

(क) राष्ट्रिय हित र राष्ट्रिय एकता अभिवृद्धि गराउने विषयका कार्यक्रम,

(ख) विदेशी राष्ट्रसँगको सम्बन्ध प्रवर्धन गर्ने विषयका कार्यक्रम,

(ग) लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने र जनतामा सामाजिक चेतना बढाउने कार्यक्रम,

(घ) स्थानीय तथा प्रदेश स्तरमा भए गरेका महत्वपूर्ण गतिविधि,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरू,

(च) नीतिगत रुपमा प्रदेश सरकारको प्राथमिकतामा परेका कार्यक्रम र क्षेत्र,

(छ) सुशासन, शान्ति सुरक्षा र विपद् सम्बन्धी कार्यक्रम,

(ज) सबै जात, जाति, भाषा, वर्ण, क्षेत्र, लिङ्ग तथा धर्म वा सम्प्रदाय बीच समानता, आपसी सद्भाव र सु-सम्बन्ध अभिवृद्धि गर्ने किसिमका कार्यक्रम,

(झ) प्रदेशका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रम,

(ञ) जनचेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रम,

(ट) कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि, वाणिज्य र वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रम,

(ठ) लोक गीत र लोक संस्कृतिको प्रवर्धन हुने कार्यक्रम,

(ड) विशेष अवस्था र क्षमता भएका व्यक्तिका गतिविधि,

(ढ) लोपोन्मुख, पिछडिएका वर्ग र समुदायका गतिविधि,

(ण) प्रसारण गर्दा कम्तिमा पचास प्रतिशत प्रदेशभित्रका गतिविधि समावेश हुनुपर्ने,

(त) प्रदेश भित्रका भौतिक, जैविक तथा प्राकृतिक र वैज्ञानिक खोज अनुसन्धानका कार्यक्रमहरु।

(२) उपदफा (१) बमोजिम प्राथमिकता नदिएकै कारण कुनै संचार माध्यमलाई कारबाही गरिने छैन ।

११. <u>कार्यक्रम उत्पादन तथा प्रसारणमा सहभागी गराउन सकिने:</u> प्रसारण संस्थाले कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा कार्यक्रमलाई निष्पक्ष, सरल तथा प्रभावकारी बनाउन प्रायोजकको रूपमा व्यवसायिक वा निजी क्षेत्रलाई सहभागी गराउन सक्नेछ।

१२. <u>विदेशी प्रसारण संस्था वा संचार माध्यमलाई समय उपलब्ध गराउन सकिने:</u> (१) विदेशी प्रसारण संस्था वा संचार माध्यमहरूले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा कार्यालयको स्वीकृति लिएर मात्र प्रसारण संस्थाले समय उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति दिने सम्बन्धी मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. <u>प्रसारण प्रारम्भ गर्नुपर्ने:</u> (१) प्रसारण संस्थाले दफा ४ बमोजिम इजाजत पत्र प्राप्त गरेको एक वर्ष भित्रमा अनिवार्य रुपमा प्रसारण प्रारम्भ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

१४. <u>नवीकरण सम्बन्धी व्यवस्था:</u> (१) प्रसारण संस्थाले सामान्यतः प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र इजाजत पत्रको नवीकरण गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि छ महिना भित्र नवीकरण गर्न नसक्ने प्रसारण संस्थाले दोब्बर दस्तुर तिरि एक वर्ष भित्र नवीकरण गर्न सक्नेछ ।

(३) इजाजत पत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) इजाजत पत्रमा भएको विवरण परिवर्तन गर्ने व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था: प्रसारण संस्थालाई प्रदान गरिने फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. प्रसारण संस्थाको वर्गीकरण: (१) प्रदेश भित्रका प्रसारण संस्थालाई सार्वजनिक, सामुदायिक र व्यवसायिक (कमर्सियल) प्रसारण संस्थाको रुपमा वर्गीकरण गरिनेछ।

(२) प्रसारण संस्थाको वर्गीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३
## पत्रपत्रिका सम्बन्धी व्यवस्था

१७. पत्रपत्रिका दर्ता गर्नु पर्ने: (१) प्रदेशभित्र सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रकाशित गर्न चाहने व्यक्ति वा संस्थाले पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

तर, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्तर्गका निकाय वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, शिक्षण संस्था, कुनै राजनीतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफा बमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले सो निवेदन उपर एक्काइस दिनभित्र आवश्यक छानबिन गरी निवेदकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिए बमोजिम अस्थायी प्रमाणपत्र दिनेछ ।

तर, निवेदनमा उल्लिखित पत्रपत्रिकाको नामसँग मिल्ने गरी अर्को कुनै पत्रपत्रिका दर्ता भैसकेको रहेछ भने निवेदकलाई त्यस्तो नामबाट अस्थायी प्रमाणपत्र दिइने छैन।

(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिई सकेपछि कार्यालयले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण पेश भएपछि रजिष्ट्रारले सो पत्रपत्रिकाको सम्बन्धमा छानबिन गरी आवश्यक भए थप विवरण समेत बुझि त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने वा नदिने सम्बन्धमा निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थायी प्रमाणपत्र दिने निर्णय भएमा कार्यालयले सम्बन्धित निवेदकलाई पत्रपत्रिका दर्ताको स्थायी प्रमाणपत्र दिनेछ ।

(६) उपदफा (५) बमोजिम स्थायी प्रमाणपत्र दिन नमिल्ने निर्णय भएमा निवेदकलाई सो को कारण सहितको जानकारी निवेदन परेको एक महिनाभित्र दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको जानकारी दिएपछि निवेदकको अस्थायी प्रमाणपत्र स्वतः खारेज हुनेछ।

(८) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि कार्यालयले सो पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गरी राख्नु पर्नेछ र त्यस्तो अभिलेख विद्युतीय स्वरूपमा पनि राख्न सकिनेछ।

(९) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एक भन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा प्रदेशभित्र नै एक जिल्लाबाट प्रकाशित भईरहेको पत्रपत्रिका अन्य जिल्ला वा एक जिल्ला भन्दा बढी जिल्लाबाट प्रकाशित गर्नु पर्ने भएमा वा पत्रपत्रिका सम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नु परेमा उपदफा (१) बमोजिम कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम स्वीकृतिको लागि विवरण प्राप्त भएमा कार्यालयले त्यस्तो विवरण उपयुक्त ठहराएमा उपदफा (८) बमोजिम त्यस्तो विवरणको अभिलेख राखी सो विवरण स्वीकृत भएको जानकारी सम्बन्धित प्रकाशकलाई दिनु पर्नेछ ।

१८. <u>दर्ता कायम नरहने</u>: देहायको अवस्थामा पत्रपत्रिकाको दर्ता कायम रहेको मानिने छैनः

(क) कुनै पत्रपत्रिका दर्ता गर्ने व्यक्ति वा संस्थाले त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न नसक्ने भनि निवेदन दिएमा,

(ख) पत्रपत्रिका दर्ता भएको मितिले एक वर्षभित्र प्रकाशन नगरेमा,

(ग) पत्रपत्रिका प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सूचना कार्यालयलाई नदिएमा,

तर खण्ड (ख) बमोजिमको सूचना एक पटकमा बढीमा एक वर्षको अवधिको लागि दिन सकिनेछ,

(घ) लगातार पाँच वर्षसम्म प्रकाशन नगरेमा त्यस्तो पत्रपत्रिकाको दर्ता तामेलिमा राखिनेछ।

१९. <u>पत्रपत्रिकाको अभिलेख गराउनु पर्ने</u>: (१) कसैले विदेशी र राष्ट्रियस्तरको पत्रपत्रिकाको प्रदेश संस्करण प्रकाशन वा मुद्रण गर्न चाहेमा पत्रपत्रिकाको नाम, किसिम, भाषा, आकार, पृष्ठ सङ्ख्या, छापिने सङ्ख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका अभिलेखको लागि तोकिए बमोजिमको ढाँचामा कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

तर नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अन्तर्गतका निकाय वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय,

शिक्षण संस्था, कुनै राजनीतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने प्रकाशनलाई यस दफा बमोजिम अभिलेख गराउन पर्ने छैन ।

(२) कार्यालयले उपदफा (१) बमोजिम अभिलेखका लागि पेश हुन आएको निवेदन छानबिन गर्दा प्रकृया नपुगेको भएमा सोको कारण खोली निवेदन फिर्ता गर्नु पर्नेछ र अभिलेख भएको पत्रपत्रिकाको विवरण खुल्ने भए तोकिएको ढाँचामा छुट्टै अभिलेख किताब खडा गरी राख्नु पर्नेछ ।

(३) प्रदेशस्तरको पत्रपत्रिकाको नाम, किसिम, भाषा र आकार परिवर्तन गर्नु पर्ने भएमा, एक भन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा वा अन्य विवरण परिवर्तन गर्नु पर्ने भएमा उपदफा (१) बमोजिम कार्यालय समक्ष निवेदन दिई परिवर्तित विवरण स्वीकृत गराउनु पर्नेछ ।

२०. <u>पत्रपत्रिकामा उल्लेख गर्नु पर्नेः</u> पत्रपत्रिकामा प्रकाशक, सम्पादक र मुद्रक वा छापाखानाको नाम तथा प्रकाशन वर्ष, प्रकाशन मिति र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ।

२१. <u>पत्रपत्रिकाको आकार र पृष्ठ सङ्ख्याः</u> (१) दफा १८ बमोजिम दर्ता भई वा दफा १९ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ सङ्ख्यामा फरक पर्ने गरी प्रकाशन गर्न पाइने छैन।

(३) प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण कार्यालयको अभिलेखमा उल्लिखित विवरणमा फरक नपर्ने गरी प्रकाशन गर्नु पर्नेछ ।

२२. <u>पत्रपत्रिकाको वर्गीकरणः</u> (१) कार्यालयमा अभिलेखीकरण भएका पत्रपत्रिकालाई प्रकाशन संस्थाको भौतिक पूर्वाधार, जनशक्ति, लगानी, उद्देश्य, स्वामित्व, पत्रपत्रिकाको गुणस्तर, प्रकाशन संख्या, पहुँच क्षेत्र र अन्य तोकिएको आधारमा कार्यालयले वर्गीकरण गर्नेछ ।

(२) पत्रपत्रिका वर्गिकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. <u>प्रकाशनको पैठारी र वितरणः</u> (१) देहायको उद्देश्य भएको वा त्यस्तो सम्भावित परिणाम हुन सक्ने सामग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी प्रदेश सरकारले आदेश जारी गर्न सक्नेछः

(क) राष्ट्रिय हित र मर्यादा विरुद्ध हुने कुराहरू गर्ने,

(ख) विदेशी राज्य तथा सरकारसँगको सम्बन्धमा खलल पुर्याउने,

(ग) विभिन्न जातजाति, धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरू बीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र

(घ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने।

(२) उपदफा (१) बमोजिम रोक लगाइएका प्रकाशन पैठारी हुन लागेको आशंका भएमा सम्बन्धित भन्सार वा हुलाकले त्यस्तो प्रकाशनको पैठारी रोक्का गरी सो को दुई प्रति कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम भन्सार वा हुलाकले पठाएको प्रकाशन प्राप्त भएपछि कार्यालयले त्यस्तो प्रकाशनको पैठारी रोक्नु पर्ने वा नपर्ने सम्बन्धमा कारण सहितको आदेश दिनु पर्नेछ र सो को सूचना सम्बन्धित भन्सार वा हुलाक र पैठारीकर्तालाई दिनु पर्नेछ।

२४. <u>निकासी, बिक्री वितरण आदि गर्न नहुने:</u> कसैले पनि प्रतिबन्धित वा निषेधित प्रकाशन जानी जानी छाप्न, निकासी गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न हुँदैन।

## परिच्छेद-४
## <u>अनलाइन संचार माध्यम सम्बन्धी व्यवस्था</u>

२५. <u>दर्ता र सञ्चालन:</u> (१) यो ऐन प्रारम्भ भएपछि अनलाइन संचार माध्यम मार्फत अनलाइन संचार माध्यम सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले त्यस्तो अनलाइन संचार माध्यम दर्ताको लागि तोकिए बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनु अघि दर्ता नभई सञ्चालनमा रहेका अनलाइन संचार माध्यमले दर्ताको लागि यो ऐन प्रारम्भ भएको साठी दिनभित्र कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) कुनै पत्रपत्रिका, रेडियो र टेलिभिजनले अनलाइन माध्यम मार्फत प्रकाशन वा प्रसारण गर्न चाहेमा दर्ताको लागि कार्यालय समक्ष तोकिए बमोजिम निवेदन दिनु पर्नेछ।

(४) यस ऐन बमोजिम दर्ता नगरी अनलाइन संचार माध्यम सञ्चालन गर्न पाइने छैन।

२६. <u>दर्ता प्रक्रिया:</u> (१) दफा २५ बमोजिम अनलाइन संचार माध्यम दर्ता गर्न निवेदन दिँदा देहायका कागजातका प्रतिलिपि संलग्न गर्नु पर्नेछ:

(क) संस्था भए संस्थाको प्रवन्धपत्र वा नियमावली वा विधान र दर्ता प्रमाणपत्र सम्बन्धी कागजात,

(ख) व्यक्ति वा संस्था सञ्चालक तथा सम्पादकको नाम, थर, ठेगाना, फोन नम्बर, मोबाईल नम्बर र नागरिकता,

(ग) व्यक्ति वा संस्थाको स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर र प्रमाणपत्र,

(घ) संस्था भएमा सञ्चालकले अनलाइन संचार माध्यम मार्फत पत्रकारिता सञ्चालन गर्न निर्णय गरेको माइन्यूट,

(ङ) वेबसाइट डोमेन दर्ता वा नवीकरण गरेको प्रमाण र

(च) तोकिए बमोजिमका अन्य कागजात ।

(२) अनलाइन संचार माध्यमको दर्ता प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२७. <u>दर्ता प्रमाणपत्रः</u> (१) दफा २६ बमोजिम अनलाइन संचार माध्यम दर्ताको लागि कुनै निवेदन पर्न आएमा कार्यालयले त्यस्तो निवेदन उपर आवश्यक जाचँबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाचँबुझ गर्दा निवेदनको व्यहोरा मनासिब देखेमा कार्यालयले त्यस्तो संचार माध्यम दर्ता गरी सम्बन्धित व्यक्ति वा संस्थालाई तोकिए बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता गर्न नसक्ने भए सोको आधार र कारण खुलाई निर्णय भएको सात दिनभित्र निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी उपर चित्त नबुझ्ने पक्षले जानकारी प्राप्त गरेको मितिले तीस दिनभित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निवेदन परेको मितिले तीस दिनभित्र मन्त्रालयले आवश्यक छानबिन गरी निर्णय गर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

२८. <u>नवीकरण सम्बन्धी व्यवस्थाः</u> (१) दफा २७ बमोजिम दर्ता भएका अनलाइन संचार माध्यमले प्रत्येक आर्थिक वर्ष शुरू भएको तीन महिनाभित्र कार्यालयमा नवीकरणको लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गर्न नसक्ने संचार माध्यमले दोब्बर दस्तुर तिरी छ महिनाभित्र नवीकरणको लागि निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन दिँदा अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको म्यादभित्र अनलाइन संचार माध्यम नवीकरण नगरी कुनै सामग्री प्रकासन वा प्रशारण गर्न सकिने छैन ।

(५) नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. <u>विवरण राख्नुपर्ने:</u> अनलाइन संचार माध्यमले देहायका विवरण आफ्नो वेबसाइटको गृह पृष्ठमा राख्नु पर्नेछः

(क) कार्यालयबाट प्राप्त दर्ता प्रमाणपत्रको नम्बर, दर्ता भएको वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर, ईमेल ठेगाना र वेबसाईट,

(ख) सञ्चालक, सम्पादक, समाचार प्रमुख र सम्वाददाताको नाम, ठेगाना, सम्पर्क फोन नम्बर, ईमेल ठेगाना,

(ग) तोकिए बमोजिमका अन्य विवरण।

३०. <u>प्रकाशित सामग्रीको जवाफदेहिता:</u> कुनै सामग्री आफ्नो अनलाइन संचार माध्यम मार्फत प्रकाशन वा प्रसारण गरेमा त्यस्तो सामग्रीको जवाफदेहिता सम्बन्धित अनलाइन संचार माध्यमको सञ्चालक वा सम्पादकमा रहनेछ।

३१. <u>सामग्री सुरक्षित राख्नु पर्ने:</u> अनलाइन संचार माध्यममा प्रकाशित सामग्री तोकिए बमोजिम सुरक्षित राख्नु अनलाइन सञ्चालकको दायित्व हुनेछ।

३२. <u>त्रुटि सच्याउने:</u> अनलाइन संचार माध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामग्रीको कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याउनु पर्नेछ।

३३. <u>रोक लगाउन सकिने:</u> (१) कार्यालयले अनलाइन संचार माध्यममा प्रकाशित वा प्रसारित कुनै सामग्री संविधान वा प्रचलित कानून विपरीत रहेको जानकारी प्राप्त गरेमा त्यस्तो सामग्रीको प्रकाशन वा प्रसारणमा रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णय प्राप्त भएमा सम्बन्धित अनलाइन संचार माध्यमले त्यस्तो सामग्री प्रकाशन वा प्रसारण हुन नसक्ने गरी रोक्न आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाईएकोमा चित्त नबुझ्ने अनलाईन संचार माध्यमले पैतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

३४. <u>निवेदन दिन सकिने:</u> (१) कुनै अनलाइन संचार माध्यमबाट प्रकाशित वा प्रसारित सामग्रीबाट कसैलाई कुनै किसिमको मर्का परेमा सोसँग सम्बन्धित प्रमाण संलग्न राखी कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर कार्यालयले आवश्यक छानबिन गरी उपयुक्त आदेश गर्नेछ र सम्बन्धित संचार माध्यमले त्यस्तो आदेशको पालना गर्नु पर्नेछ।

(३) अनलाइन संचार माध्यममा प्रकाशित वा प्रसारित कुनै समाचार, सूचना वा सामग्रीबाट मर्का पर्ने पक्षले पठाएको खण्डन सोही अनलाइन संचार माध्यमले उच्च प्राथमिकताका साथ यथाशीघ्र प्रकाशन वा प्रसारण गर्नु पर्नेछ।

## परिच्छेद -५

## संचार माध्यम सम्बन्धी अन्य व्यवस्था

३५. **पूर्व प्रतिबन्ध नलगाइने:** दफा ४३ बमोजिम प्रकाशन वा प्रसारण गर्न प्रतिबन्ध लगाएको अवस्थामा बाहेक कुनै समाचार सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाईने छैन।

३६. **दर्ता खारेज नगरिने:** कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन।

३७. **संचार माध्यम अभिलेख गर्नुपर्ने:** (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम इजाजत प्राप्त गरेका वा दर्ता भएका संचार माध्यमले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कार्यालय समक्ष अभिलेखको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले यस ऐन बमोजिम इजाजत लिनु पर्ने वा दर्ता गर्नुपर्ने संचार माध्यम रहेछ भने त्यस्तो संचार माध्यमको अभिलेख गर्नेछ।

(३) संचार माध्यमको अभिलेख सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **कार्यविधि बनाई लागू गर्ने:** (१) यस ऐन बमोजिम सञ्चालित संचार माध्यमले प्रकाशन, प्रसारण लगायतका काम कारबाहीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउन यस ऐनको प्रतिकूल नहुने गरी कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिमा देहायका विषय समावेश गर्नु पर्नेछः

(क) संचार माध्यमले प्रकाशन वा प्रसारणको स्वनियमन र स्वमूल्याङ्कनका लागि आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेको स्वतन्त्र विज्ञ सहितको संचार माध्यम स्वनियमन समिति गठन गर्ने विषय,

(ख) संचार माध्यमले आफ्नो र आफ्ना कर्मचारीहरुको लागि आवश्यक आचारसंहिताको निर्माण गरी लागू गर्ने विषय,

(ग) संचार माध्यमले प्रकाशन वा प्रसारण गरेको कुनै विषयले मर्का परेको भनी कुनै व्यक्ति वा संस्थाले गुनासो वा खण्डन गरेमा सोको सुनुवाई गर्ने विषय,

(घ) कर्मचारीले प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी विषय,

(ङ) तोकिए बमोजिमका अन्य विषय।

३९. <u>लगानी सम्बन्धी व्यवस्था:</u> (१) कुनै पनि व्यक्ति, समूह वा संस्थाले संचार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिनका लागि दिईने निवेदन साथ सम्बन्धित संचार माध्यममा गरिने लगानीको स्रोत खुलाउनु पर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै संचार माध्यममा पचास प्रतिशत भन्दा बढी लगानी गरी सञ्चालन गरेका व्यक्ति, परिवार वा समूहले सो बाहेक एकै प्रकृतिका अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउने छैन।

(३) संचारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. <u>संचारको स्वामित्व हस्तान्तरण:</u> (१) यस ऐन बमोजिम अभिलेखीकरण भएको संचार माध्यमको स्वामित्व कानून बमोजिम हस्तान्तरण भई कसैले प्राप्त गरेमा सो प्राप्त गर्ने व्यक्तिले सात दिनभित्रमा सोको जानकारी तोकिए बमोजिमको ढाँचामा कार्यालयलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएपछि कार्यालयले तत्सम्बन्धी विवरण दर्ता किताबमा अभिलेख गर्नु पर्नेछ।

४१. <u>संचार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनु पर्ने:</u> (१) संचार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको सात दिनभित्र सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ।

(२) कार्यालयमा अभिलेखीकरण भएका संचार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकी बन्द गर्नु परेमा सोको जानकारी तीस दिनभित्र कार्यालयलाई गराउनु पर्नेछ।

४२. <u>प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्था:</u> (१) संचार संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण कार्यालय समक्ष बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पठाउने संचार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई कार्यालयले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।

(३) प्रदेशको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिको लागि प्रदेश भ्रमणमा आउने पत्रकार वा प्रदेशको भ्रमणमा आउने विदेशी पाहुनाका साथमा आउने

पत्रकार वा प्रदेश सरकारको निमन्त्रणामा प्रदेश भम्रणमा आउने पत्रकारसँग प्रचलित कानून बमोजिमको प्रेस प्रतिनिधि प्रमाणपत्र भएमा यस दफा बमोजिमको प्रेस प्रतिनिधि प्रमाणपत्र आवश्यक पर्ने छैन।

(४) उपदफा (२) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस संलग्न राखी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ र संचार प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि तोकिएको ढाँचामा निवेदकलाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा प्रेस प्रतिनिधि प्रमाणपत्र दिइनेछ ।

(६) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>प्रकाशन तथा प्रसारण गर्न नहुनेः</u> (१) संचार माध्यमले देहायका सामग्रीहरू उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्न हुँदैनः

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, संघीय इकाइ बीचको सु-सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने,

(ख) विभिन्न जात, जाति, भाषा, धर्म, सम्प्रदाय वा संस्कृतिलाई अपव्याख्या, अवहेलना तथा अवमूल्यन गरी तिनीहरू बीचको सुसम्बन्धमा खलल पर्ने,

(ग) राज्यद्रोह, अदालतको अवहेलना हुने, हिंसा, आंतक वा अपराध गर्न दुरुत्साहन गर्ने,

(घ) नेपालको कुनै मित्र राष्ट्रसँगको सम्बन्धमा खलल पर्ने,

(ङ) सार्वजनिक शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा अश्लिल व्यवहार सम्बन्धी,

(च) श्रमप्रति अवहेलना गर्ने, जातीय छुवाछूत एवं लैंगिक हिंसा वा विभेदलाई दुरूत्साहन गर्ने,

(छ) गाली बेइज्जती वा अपमान हुने, कसैको चरित्र हत्या र कुनै व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवनसँग सम्बन्धित,

(ज) जनमानसमा अस्वाभाविक भय, आतंक, अफवाह तथा भ्रम पैदा गर्ने,

(झ) जनस्वास्थ्यलाई हानि पुऱ्याउने धुम्रपान तथा मदिराजन्य पदार्थहरूको विज्ञापन,

(ञ) प्रचलित कानूनले निषेध गरेका कार्य गर्न दुरूत्साहन गर्ने।

(२) उपदफा (१) विपरित कुनै संचार माध्यमबाट कुनै सामग्रीको उत्पादन, प्रकाशन, प्रसारण र वितरण भएको पाईएमा कार्यालयले त्यस्तो काम कारबाही उपर मनासिब प्रतिबन्ध लगाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रकाशन र प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको प्रदेश संस्करण वा मुद्रण र अन्य प्रसारण पुनः प्रसारण, रिले प्रसारणमा समेत लागू हुनेछ ।

४४. <u>प्रकाशन र प्रसारणमा रोक लगाउन सकिने:</u> (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाई बीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने गरी कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा अन्य कुनै पाठ्यसामग्री प्रसारण गर्न वा प्रकाशित गर्न नपाउने गरी आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश जारी भएपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्री प्रसारण, प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत हुँदैन ।

(३) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थाले प्राप्त गरेको ईजाजतपत्र रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम ईजाजतपत्र रद्द गर्नु अघि मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाई पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम ईजाजतपत्र रद्द गरेकोमा चित्त नबुझ्ने प्रसारण संस्थाले पैंतिस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

४५. <u>संचार माध्यमले पालना गर्नुपर्ने विषयः</u> संचार माध्यमले देहाय बमोजिमका विषयहरू पालना गर्नु पर्नेछः

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमको सत्य तथ्य पुष्टि भएपछि मात्र निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) निष्पक्ष भै समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) कुनै पनि व्यक्ति वा संस्थाको कानूनले संरक्षण गरेको गोपनीयताको सम्मान गर्ने र सामाजिक संवेदनशीलता विचार गरी सामग्री प्रकाशन वा प्रसारण गर्ने, गराउने,

(घ) लापर्वाही वा हेलचक्र्याईंपूर्वक कुनै पनि कुराको प्रकाशन वा प्रसारण नगर्ने, नगराउने,

(ङ) गलत तथा भ्रामक समाचारको प्रकाशन वा प्रसारण नगर्ने, नगराउने,

(च) कुनै सामग्रीको प्रकाशन वा प्रसारण सम्बन्धमा सरोकारवालाले पठाएको खण्डन प्रकाशन वा प्रसारण गर्नुपर्ने,

(छ) प्रचलित कानूनले प्रसारण गर्न रोक लगाएका प्रसारण सामग्री प्रकाशन वा प्रसारण नगर्ने, नगराउने।

४६. अनुगमन तथा निरीक्षणः (१) संचार माध्यमले यस ऐन बमोजिम काम गरे नगरेको सम्बन्धमा कार्यालयले अनुगमन गर्न सक्नेछ।

(२) कार्यालयले उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित संचार संस्थाको कर्तव्य हुनेछ।

(३) अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४७. पत्रकार तथा अन्य कर्मचारीहरूको नियुक्ति र सेवा सुविधा सम्बन्धी व्यवस्थाः (१) संचार संस्थाले पत्रकार तथा अन्य कर्मचारीहरूको नियुक्ति गर्दा योग्यता, छनौट प्रक्रिया, सेवा र सुविधा सम्बन्धी शर्तहरू विनियममा व्यवस्था गरी लागु गर्नु पर्नेछ।

(२) पत्रकार तथा अन्य कर्मचारीहरूको योग्यता निर्धारण गर्दा सम्बन्धित क्षेत्रको दक्षता भएको हुनु पर्दछ ।

(३) प्रसारण संस्थाका पत्रकार तथा अन्य कर्मचारीहरूको सेवा सुविधा निर्धारण गर्दा प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम् पारिश्रमिकमा नघट्ने गरी गर्नु पर्नेछ।

(४) पत्रकार तथा अन्य कर्मचारीहरूको नियुक्ति गर्दा समावेशी सिद्धान्त बमोजिम हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) प्रसारण संस्थाले खूद नाफाको कम्तीमा दश प्रतिशत पत्रकार तथा अन्य कर्मचारीहरूको सुरक्षाका लागि कट्टा गरी राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको रकम दफा ८७ बमोजिमको संचारकर्मि कल्याण कोषमा जम्मा गर्नु पर्नेछ ।

४८. श्रमजीवी पत्रकार सम्बन्धी व्यवस्थाः (१) संचार संस्थाले नियुक्ति पत्र नदिई श्रमजीवी पत्रकारलाई काममा लगाउनु हुँदैन।

(२) संचार संस्थाले प्रचलित कानून बमोजिम निर्धारित न्यूनतम पारिश्रमिक तथा सेवा सुविधामा नघट्ने गरी श्रमजीवी पत्रकारलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराए नगराएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नेछ।

(४) संचार संस्थाले छापाखाना वा संचार गृहमा काम गर्ने श्रमिक र उक्त छापाखाना वा संचार गृहबाट उपभोक्ता वा वितरण केन्द्रसम्म पत्रपत्रिका पुऱ्याउने कार्यमा संलग्न संचार मजदुरलाई पनि प्रचलित कानून बमोजिम न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र नियुक्ति पत्र दिनु पर्नेछ ।

(५) संचार संस्थाले श्रमजीवी पत्रकारको लागि प्रचलित कानून बमोजिम सामाजिक सुरक्षाको व्यवस्था लागू गर्नु पर्नेछ।

(६) श्रमजीवी पत्रकार सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

४९. <u>सञ्चार माध्यमको सामाजिक उत्तरदायित्वः</u> नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले विपद्, महामारी, संकट वा अन्य कुनै जरूरी विषयसँग सम्बन्धित सार्वजनिक सूचना तत्काल प्रसारण गर्नु परेमा प्रसारण संस्थाले त्यस्तो सूचना निःशुल्क प्रकाशन वा प्रसारण गर्नु सञ्चार माध्यमको सामाजिक उत्तरदायित्व हुनेछ ।

५०. <u>सरकारी विज्ञापनको वितरण सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारले सरकारी विज्ञापनको प्रकाशन र प्रसारण गर्दा प्रदेश भित्रका संचार माध्यमलाई समानुपातिक आधारमा वितरण गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शिक्षा, स्वास्थ्य, कृषि लगायतका आम सरोकार र लोक कल्याणकारी सरकारी विज्ञापनको वितरणमा सार्वजनिक र सामुदायिक प्रसारण संस्थालाई प्राथमिकता दिइनेछ।

(३) प्रदेश सरकार अन्तर्गतका निकायहरूले दिने सरकारी विज्ञापनको वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५१. <u>विज्ञापन प्रकाशन, प्रसारण गर्न सकिनेः</u> (१) संचार माध्यमले समाचार र अन्य संचार सामग्रीका अतिरिक्त व्यवसायिक विज्ञापन समेत प्रकाशन वा प्रसारण समेत गर्न सक्नेछन्।

(२) विज्ञापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि दफा ४४ बमोजिमको सामग्रीको विज्ञापन प्रकाशन वा प्रसारण गर्न, गराउन पाइने छैन।

## परिच्छेद-६
## <u>संचार समन्वय परिषद् सम्बन्धी व्यवस्था</u>

५२. <u>संचार समन्वय परिषद्को स्थापनाः</u> (१) प्रदेशभित्र संचार माध्यमको व्यवस्थापन र विकासका लागि संचार समन्वय परिषद्को स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको समन्वय परिषद्मा देहायका व्यक्तिहरू रहनेछन्ः

| | |
|---|---|
| (क) संचार, कानून, सार्वजनिक प्रशासन वा व्यवस्थापन विषयमा स्नातकत्तोर गरि सम्बन्धित क्षेत्रमा दश वर्ष काम गरेका व्यक्तिहरु मध्ये प्रदेश सरकारले मनोनित गरेको व्यक्ति | अध्यक्ष |
| (ख) प्रदेश पत्रकार महासंघको कार्य समितिका पदाधिकारी वा सदस्य मध्ये प्रदेश सरकारले मनोनित गरेको व्यक्ति | सदस्य |
| (ग) प्रतिनिधि, प्रदेश सरकारको सञ्चार हेर्ने मन्त्रालय | सदस्य |
| (घ) प्रतिनिधि, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाइन, संचार सम्बन्धी संघ संस्था, व्यवस्थापन, कानून, सूचना प्रविधि, श्रमजीवी पत्रकार वा सामाजिक क्षेत्रमा कम्तिमा दश वर्ष काम गरेका व्यक्तिहरु मध्ये बाट प्रदेश सरकारले मनोनित गरेका कम्तीमा दुई जना महिला सहित चार जना | सदस्य |
| (च) रजिष्ट्रार | सदस्य सचिव |

५३. <u>मनोनित सदस्यको योग्यता र पदावधि</u>: (१) परिषद्को मनोनित सदस्यको योग्यता देहाय बमोजिम हुनेछ:

(क) नेपाली नागरिक,

(ख) सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्ष काम गरेको,

(ग) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

(२) परिषद्को मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ।

(३) कुनै सदस्यले उपदफा (२) बमोजिम पदावधि समाप्त नहुँदै राजीनामा दिएमा निजको पद रिक्त हुनेछ र सो पदमा प्रदेश सरकारले अर्को सदस्य नियुक्त गर्न सक्नेछ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले मनोनित सदस्यलाई जुनसुकै बेला पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनित सदस्यलाई पदबाट हटाउनु अघि उचित सुनुवाइको मौका दिनु पर्नेछ।

५४. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u>: परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) संविधानले प्रत्याभूत गरेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका लागि सञ्चारमाध्यमको संरक्षण, विकास र प्रबर्धन गर्ने,

(ख) सञ्चार माध्यमको स्वतन्त्रता र मर्यादा माथिको हस्तक्षेप वा अवरोध हुन नदिने र कार्यगत स्वतन्त्रता सुनिश्चित गर्ने,

(ग) स्वतन्त्र, व्यावसायिक र जनउत्तरदायी मिडियाको संस्थागत विकासका लागि स्वतन्त्र, निष्पक्ष र स्वायत्त रूपमा लगानी र संचालनको पारदर्शिता एवं उचित श्रम अभ्यासको वातावरण बनाउने,

(घ) मिडिया बहुलता र समावेशीताको प्रर्वद्धनका लागि आवश्यक सहयोग पुर्याउने,

(ङ) स्वस्थ पत्रकारिताको विकासको लागि उपयुक्त वातावरण सृजना गर्ने,

(च) संचार माध्यमको विकासको लागि प्रदेश सरकारलाई सुझाव दिने,

(छ) संचार माध्यम सम्बन्धी नीतिलाई समय समयमा पुनरावलोकन गरी प्रदेश सरकारलाई सुझाव दिने,

(ज) संचार माध्यमलाई पत्रकारिता सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्न निर्देशन दिने,

(झ) सार्वजनिक नैतिकता र नागरिकहरुको मर्यादा कायम राख्न लगाउने,

(ञ) संचार माध्यमको गतिविधि एवं वस्तुस्थिति बारे अध्ययन र मूल्याङ्कन सहितको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने,

(ट) प्रदेश सरकार र संचार माध्यम बीच सौहार्दपूर्ण सम्बन्ध कायम राख्न आवश्यक वातावरण सृजना गर्ने र

(ठ) प्रेस स्वतन्त्रता र पत्रकारिताको मर्यादा माथि हस्तक्षेप हुन नदिन आवश्यक व्यवस्था गर्ने,

(ड) सञ्चारका माध्यम र पत्रकारलाई दिइने सुविधाका सम्वन्धमा नीतिगत सुझाव दिने,

(ढ) सञ्चार माध्यम सम्बन्धी हकको संरक्षण, प्रचलन र प्रर्वद्धन गर्ने गराउने ।

**५५.** <u>परिषद्को बैठक र निर्णयः</u> (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले परिषद्को बैठक बोलाउनेछ र परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(२) परिषद्को कुल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठक कम्तिमा दुई महिनाको एक पटक बस्नेछ।

(४) परिषद्को बैठकमा विचाराधीन प्रत्येक विषयमा उपस्थित सदस्यहरुको बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) परिषद्को बैठकमा भाग लिन आउने अध्यक्ष र सदस्यले एघारौं तह सरहको दैनिक तथा भ्रमण भत्ता पाउने छन्।

(६) परिषद्को बैठकमा सहभागि पदाधिकारी र कर्मचारीले नियमानुसार बैठक भत्ता पाउने छन् ।

(७) परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

५६. <u>अधिकार प्रत्यायोजन</u>: यस ऐन बमोजिम परिषद्लाई प्राप्त भएको अधिकार मध्ये कुनै अधिकार परिषद्ले रजिष्ट्रारलाई प्रत्यायोजन गर्न सक्नेछ।

## परिच्छेद -७

## <u>संचार रजिष्ट्रार सम्बन्धी व्यवस्था</u>

५७. <u>संचार रजिष्ट्रारको नियुक्ति</u>: (१) संचार माध्यमको अनुगमन तथा नियमन गर्न प्रदेश सरकारले प्रतिस्पर्धाद्वारा संचार रजिष्ट्रारको नियुक्ति गर्नेछ ।

(२) रजिष्ट्रारको नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त रजिष्ट्रारले अनुसूचि बमोजिमको ढाँचामा उच्च अदालतको मुख्यन्यायाधिश समक्ष सपथ लिनु पर्नेछ।

५८. <u>योग्यता</u>: रजिष्ट्रारको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः

(क) साठी वर्ष उमेर ननाघेको नेपाली नागरिक,

(ख) उच्च अदालतको न्यायाधिश हुने योग्यता भएको वा मान्यताप्राप्त विश्वविद्यालयबाट पत्रकारिता वा आम संचार क्षेत्रमा स्नातकोत्तर तहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको वा निजामति सेवाको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदबाट अवकाश प्राप्त गरेको व्यक्ति वा कुनै विषयमा स्नातक गरी सञ्चार क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ङ) उच्च नैतिक चरित्र भएको।

५९. <u>पारिश्रमिक र सुविधा</u>: रजिष्ट्रारको पारिश्रमिक र सुविधा तोकिए बमोजिम हुनेछ ।

६०. <u>पदावधि</u>: (१) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(२) प्रदेश सरकारले एक कार्यकाल अवधि थप गर्न सक्नेछ।

६१. <u>रजिष्ट्रारको पद रिक्त हुने व्यवस्था</u>: (१) देहायको अवस्थामा रजिष्ट्रारको पद रिक्त भएको मानिनेछः

(क) प्रदेश सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) कार्य क्षमताको अभाव भई प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,
(ग) निजको पदावधि पूरा भएमा,
(घ) निजको उमेर पैसट्ठी वर्ष पूरा भएमा,
(ङ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसूरदार ठहरेमा,
(च) निजको मृत्यु भएमा।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि रजिष्ट्रारलाई पदबाट हटाउनु अघि उचित सुनुवाईको मौका दिनु पर्नेछ।

६२. <u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>: यस ऐनमा तोकिएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:
(क) संचार माध्यमहरूको क्षमता विकासका लागि योजना तयार गरी मन्त्रालयलाई सिफारिस गर्ने,
(ख) संचार माध्यमहरूको वर्गीकरण र नियमन गर्ने,
(ग) संचार माध्यमहरूलाई दिइने सुविधा सम्बन्धमा मन्त्रालयलाई सिफारिस गर्ने,
(घ) कुनै संचार माध्यमको सम्बन्धमा कसैले विवरण माग गरेमा तोकिए बमोजिमको शुल्क लिई विवरण उपलब्ध गराउने,
(ङ) आफूलाई प्राप्त अधिकार मातहतका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने,
(च) परिषद वा मन्त्रालयले समय समयमा दिएको निर्देशन बमोजिमको कार्य गर्ने,
(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

६३. <u>निवेदन दिन सकिने</u>: (१) कुनै संचार माध्यम वा पत्रकारले व्यावसायिक आचारसंहिता उल्लङ्घन गरेमा कुनै पनि व्यक्तिले रजिष्ट्रार समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा रजिष्ट्रारले आवश्यक छानबिन गरी कारबाही गर्न सम्बन्धित संचार माध्यमलाई निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्देशन प्राप्त भएपछि सम्बन्धित संचार माध्यमले देहाय बमोजिम कार्य गर्न गराउन सक्नेछ:
(क) मर्का पर्ने पक्षको भनाई सम्बन्धित संचार माध्यममा प्रकाशन वा प्रसारण गर्न,
(ख) मर्का पर्ने पक्षसँग क्षमायाचना गरी सो कुरा सम्बन्धित संचार माध्यममा प्रकाशन वा प्रसारण गर्न,
(ग) मर्का पर्ने पक्षको कुनै टिप्पणी, लेख वा प्रकाशन सामग्री सम्बन्धित संचार माध्यममा प्रकाशन वा प्रसारण गर्न र
(घ) निवेदन सम्बन्धमा अन्य उपयुक्त कारबाही गरी सोको जानकारी निवेदक र परिषद्लाई जानकारी दिने।

(४) उपदफा (२) बमोजिमको परिषद्ले दिएको निर्देशन पालना नगर्ने संचार माध्यमलाई प्रदेश सरकारले उपलब्ध गराउने सहुलियत वा सुविधा तोकिएको अवधिको लागि आंशिक वा पुरै रोक लगाउने र त्यस्तो संचार माध्यम उपर परिषद्ले खेद प्रकट गरी सो कुरा सार्वजनिक रूपमा प्रकाशित गर्न लगाउन सक्नेछ।

(५) उपदफा (२) बमोजिम कारबाही गर्नु अघि सम्बन्धित पत्रकारलाई आफ्नो स्पष्टीकरण पेश गर्न मौका दिइनेछ ।

६४. **<u>प्रशासकीय प्रमुख सम्बन्धी व्यवस्था:</u>** रजिस्ट्रारले प्रशासकीय प्रमुखको रूपमा कार्य गर्नेछ।

६५. **<u>प्रशासकीय प्रमुखको काम, कर्तव्य, अधिकारः</u>** प्रशासकीय प्रमुखको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यालयको प्रशासकीय प्रमुखको हैसियतमा दैनिक कार्य सञ्चालन गर्ने, गराउने,

(ख) संचार माध्यमको दर्ता गर्ने, अभिलेखीकरण गर्ने, सञ्चालनको इजाजतपत्र दिने र नवीकरण गर्ने, गराउने,

(ग) संचार माध्यमको प्रसारण र वितरण स्थितिको अद्यावधिक अभिलेख राख्ने,

(घ) कार्यालयको बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परीक्षण गराउने,

(ङ) परिषद्ले कानून बमोजिम दिएको निर्देशन बमोजिमको कार्य गर्ने, गराउने र

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

६६. **<u>कार्यालय सम्बन्धी व्यवस्था</u>**ः (१) रजिष्ट्रारको कार्यालय मन्त्रालयले तोकेको स्थानमा रहनेछ।

(२) रजिष्ट्रारको कार्यालयलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारबाट स्वीकृत दरबन्दी बमोजिम हुनेछ।

६७. **<u>प्रतिवेदनः</u>** (१) रजिष्ट्रारले आफूले सम्पादन गरेका कार्यहरुको विवरण सहितको वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) प्रतिवेदनमा तोकिए बमोजिमका विषयहरू उल्लेख गर्नुपर्नेछ।

## परिच्छेद-८

## कसूर तथा सजाय सम्बन्धी व्यवस्था

६८. इजाजतपत्र नलिई कुनै कार्यक्रम प्रसारण गरेमाः दफा ४ र दफा ८ बमोजिम इजाजतपत्र नलिई कुनै कार्यक्रम प्रसारण गरेमा, रजिष्ट्रारले इजाजतपत्र बापत लाग्ने दस्तुर र प्रसारण वा वितरण शुल्क असुल गरी प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

६९. दर्ता नगरी कुनै प्रकाशन प्रकाशित गरेमाः दफा १७ बमोजिम दर्ता नगरी कुनै प्रकाशन प्रकाशित गरेमा त्यस्तो व्यक्तिलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७०. झुट्ठा विवरण दिएमाः दफा १७ बमोजिम दिएको विवरण झुट्ठा ठहरेमा रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७१. विवरण उल्लेख नगरेमाः पत्रपत्रिकाले दफा १९ बमोजिमको विवरण उल्लेख नगरेमा रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७२. रोक लगाइएको विदेशी प्रकाशन पैठारी गरेमाः कसैले दफा २३ बमोजिमको रोक लगाइएको विदेशी प्रकाशन पैठारी गरेमा रजिष्ट्रारले त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७३. प्रतिबन्धित वा निषेधित प्रकाशन निकासी वा बिक्री वितरण गरेमाः कसैले दफा २४ बमोजिम प्रतिबन्धित वा निषेधित प्रकाशन निकासी वा बिक्रि वितरण गरेमा निजलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७४. दर्ता नगरी अनलाइन संचार माध्यम संचालन गरेमाः दफा २५ बमोजिम दर्ता नगरी अनलाइन संचार माध्यम संचालन गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७५. विवरण उल्लेख नगरेमा वा उल्लेख गरेको विवरण झुट्ठा ठहरेमाः अनलाइन संचार माध्यमले दफा २९ बमोजिमको विवरण उल्लेख नगरेमा वा उल्लेख गरेको विवरण झुट्ठा ठहरेमा रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७६. आदेश उल्लङ्घन गरेमाः दफा ३३ बमोजिम दिएको निर्देशन उल्लङ्घन गरेमा वा दफा ३४ बमोजिमको आदेश पालना नगरेमा त्यस्तो अनलाइन संचार माध्यमको प्रकाशक, प्रसारक वा संचालकलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७७. <u>अभिलेख नगरी संचार माध्यम संचालन गरेमा:</u> दफा ३७ बमोजिम संचार माध्यम अभिलेख नगरी संचार माध्यम संचालन गरेमा त्यस्तो संचार माध्यमको प्रकाशक, प्रसारक वा संचालकलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७८. <u>संचार माध्यम सुरू वा बन्द भएको जानकारी नदिएमा:</u> दफा ४१ बमोजिम संचार माध्यम सुरू वा बन्द भएको जानकारी नदिने प्रकाशक, प्रसारक वा संचालकलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

७९. <u>उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्न नहुने कुरा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गरेमा:</u> दफा ४३ बमोजिम उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्न नहुने कुरा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गरेमा त्यस्तो संचार माध्यमको प्रकाशक, प्रसारक वा संचालकलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

८०. <u>प्रतिबन्ध उल्लङ्घन गरेमा:</u> दफा ४४ बमोजिम लगाइएको प्रतिबन्ध उल्लङ्घन गर्ने संचार माध्यमको प्रकाशक, प्रसारक वा संचालकलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

८१. <u>पालना गर्नुपर्ने विषय पालना नगरेमा:</u> दफा ४५ बमोजिम संचार माध्यमले पालना गर्नु पर्ने विषय पालना नगरेमा रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

८२. <u>निषेधित विज्ञापन प्रकाशन वा प्रसारण गरेमा:</u> दफा ५१ विपरीत विज्ञापन प्रकाशन वा प्रसारण गरेमा त्यस्तो संचार माध्यमको प्रकाशक, प्रसारक वा संचालकलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

८३. <u>कानून विपरीत प्रसारण गरेमा:</u> कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरे, गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई रजिष्ट्रारले प्रचलित कानून बमोजिम सजाय गर्न सक्नेछ।

८४. <u>सफाइको मौका दिनुपर्ने:</u> यस ऐन बमोजिम कारबाही र जरिबाना गर्नु अघि रजिष्ट्रारले सफाइको मौका दिनु पर्नेछ ।

८५. <u>पुनरावेदन:</u> यस ऐन बमोजिम रजिष्ट्रारले गरेको सजायमा चित्त नबुझेमा पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ।

८६. <u>अनुसन्धान गर्ने अधिकारी:</u> यस ऐन बमोजिमको कसुरमा अनुसन्धान गर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

## परिच्छेद-९
## विविध

८७. <u>संचारकर्मी कल्याण कोषको स्थापना</u>: (१) स्वतन्त्र पत्रकारिताको संस्थागत विकास, आमसञ्चार तथा पत्रकारिता अध्ययन, अनुसन्धान, प्रवर्द्धन र पत्रकारिता सम्बन्धी कार्य सम्पादन गर्दा कुनै दुर्घटनामा परी घाइते भएको वा दीर्घ रोगबाट पीडित संचारकर्मीको सहयोगको लागि प्रदेश सरकारले संचारकर्मी कल्याण कोष स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८८. <u>सूचना बैंकको स्थापना</u>: (१) प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामग्री, सूचना तथा निर्णयहरु संकलन गरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्न सक्नेछ।

(२) सूचना बैंकको सञ्चालन, व्यवस्थापन र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८९. <u>नियम बनाउने अधिकार</u>: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

९०. <u>कार्यविधि वा निर्देशिका बनाउने अधिकार</u>: (१) यस ऐनको कार्यान्वयन गर्न कार्यालयले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि वा निर्देशिका मन्त्रालयबाट स्वीकृत भए पश्चात लागु हुनेछ ।

९१. <u>प्रचलित कानून बमोजिम हुने</u>: यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ।

९२. <u>खारेजी र बचाउ</u>: (१) प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐन बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

अनुसूची
(दफा ५७(३) सँग सम्बन्धित)

<u>शपथ</u>

म.................................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै लुम्बिनी प्रदेशको संचार रजिष्ट्रार पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

मितिः- ....................
**दस्तखत**

# प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९

प्रमाणीकरण मितिः २०७९।०४।०८

<u>प्रस्तावना:</u> संविधान प्रदत्त मौलिक हक र मानव अधिकारको संरक्षण गर्दै प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्न, अपराधको रोकथाम, नियन्त्रण र अनुसन्धान गर्न तथा कानूनको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश प्रहरी सेवाको गठन र संचालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "प्रदेश प्रहरी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अख्तियारवाला**" भन्नाले प्रदेश प्रहरी सेवाको पदमा दफा २५ बमोजिम नियुक्ति गर्ने अधिकार प्राप्त निकाय वा अधिकारी सम्झनुपर्छ ।

(ख) "**अमर प्रहरी**" भन्नाले विष्फोटन, सशस्त्र मुठभेड, सशस्त्र आक्रमण वा प्रहरी कारबाहीको क्रममा वा अन्य जोखिमपूर्ण र चुनौतीपूर्ण काममा खटिएको समयमा कुनै आकस्मिक दुर्घटना वा भिडन्तमा परी वीरगति प्राप्त प्रहरी कर्मचारीलाई सम्झनुपर्छ।

(ग) "**कार्यालय**" भन्नाले प्रदेश प्रहरी कार्यालयलाई सम्झनुपर्छ र सो शब्दले प्रदेश प्रहरी कार्यालय मातहतको अन्य प्रहरी कार्यालयलाई समेत जनाँउछ।

(घ) "**तोकिएको**" वा "**तोकिए बमोजिम**" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) "**मन्त्रालय**" भन्नाले लुम्बिनी प्रदेशको आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(च) "**प्रदेश**" भन्नाले लुम्बिनी प्रदेश सम्झनुपर्छ ।

(छ) "**परिवार**" भन्नाले प्रदेश प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैंले पालन पोषण गर्नुपर्ने पति, पत्नि, छोरा, अविवाहीत छोरी, धर्मपुत्र, अविवाहीत धर्मपुत्री, बाबु,

आमा र सौतेनी आमालाई सम्झनुपर्छ र सो शब्दले पुरूष र अविवाहीत महिला प्रहरी कर्मचारीको हकमा निजको बाजे, बज्यै र विवाहीत महिला प्रहरी कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाँउछ।

(ज) "**प्रहरी सेवा**" भन्नाले दफा ५ बमोजिम गठन हुने प्रदेश प्रहरी सेवा सम्झनुपर्छ।

(झ) "**प्रहरी कर्मचारी**" भन्नाले प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीलाई सम्झनुपर्छ।

(ञ) "**प्रहरी प्रमुख**" भन्नाले दफा २० बमोजिमको प्रदेश प्रहरी प्रमुखलाई सम्झनुपर्छ।

(ट) "**नेपाल प्रहरी**" भन्नाले सङ्घीय कानून बमोजिम गठन भएको नेपाल प्रहरीको सङ्गठनलाई सम्झनुपर्छ र सो शब्दले नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी समेतलाई जनाँउछ।

(ठ) "**प्रदेश प्रहरी**" भन्नाले प्रदेश प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारीको सङ्गठन सम्झनु पर्छ र सो शब्दले प्रदेश प्रहरीमा नियुक्त वा समायोजन भई वा खटिई कार्यरत प्रहरी कर्मचारीलाई समेत जनाउँछ ।

(ड) "**प्रहरी अधिकृत**" भन्नाले प्रहरी निरिक्षक र सो भन्दा माथिका प्रहरी कर्मचारीलाई सम्झनु पर्छ ।

(ढ) "**द्वन्द्व पीडित**" भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मृत्यु भएको वा शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक रुपमा हानिनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य सम्झनुपर्छ र सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणाम स्वरुप मानवीय, सामाजिक वा सामुदायिक रुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदायलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## प्रहरी सेवाका आधारभूत सिद्धान्त र नागरिक अधिकार

३. प्रहरी सेवाका आधारभूत सिद्धान्त र कर्तव्यः (१) प्रहरी सेवा देहायका आधारभूत सिद्धान्तबाट निर्देशित हुने छः

(क) लोकतन्त्र, कानूनी शासन र मानव अधिकारप्रति प्रतिबद्ध,

(ख) आमनागरिक र समुदायप्रति उत्तरदायी,

(ग) निष्पक्ष, व्यावसायिक र दक्ष सेवा प्रवाह,

(घ) उच्च नैतिक चरित्र र स्वच्छ आचरण,

(ङ) लैङ्गिक सम्वेदनशीलताप्रति सचेत र सजग,

(च) कानूनको पालना र कार्यान्वयन,

(छ) सार्वजनिक शान्ति प्रवर्धन, अपराध नियन्त्रण तथा प्रभावकारी अनुसन्धान,

(ज) नागरिकको सामाजिक जिम्मेवारी कार्यान्वयनमा सहयोग।

(२) उपदफा (१) मा उल्लेखित सिद्धान्तहरु पालना गर्नु प्रहरी सेवाको कर्तव्य हुनेछ।

४. **<u>प्रहरी सेवा प्राप्त गर्ने नागरिकको अधिकारः</u>** प्रत्येक नागरिकलाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) प्रभावकारी प्रहरी सेवा र प्रहरीको सहायता प्राप्त गर्ने,

(ख) कुनै पनि प्रहरी कार्यालयमा शान्तिपूर्वक प्रवेश गर्ने र सेवा प्राप्त गर्ने,

(ग) प्रहरीको कार्यक्षेत्रसँग सम्बन्धित मौखिक, लिखित वा अन्य कुनै माध्यमबाट सूचना दिने,

(घ) कुनै कसुरको सम्बन्धमा प्रहरी कार्यालयमा उजुरी दिने र उजुरी दर्ता गरिएको जानकारी सहितको भर्पाई प्राप्त गर्ने,

(ङ) प्रहरीको कार्यक्षेत्रसँग सम्बन्धित कुनै घटना वा शङ्कास्पद गतिविधिका सम्बन्धमा दिएको सूचना प्रहरी कार्यालयको अभिलेखमा अभिलेखीकृत गराउने,

(च) आफू जाहेरवाला वा पीडित भएको कुनै कसुर वा घटनाको अनुसन्धानको प्रगतिबारे सूचना प्राप्त गर्ने,

(छ) महिलाले आफ्नो गोपनीयता कायम रहने गरी महिला प्रहरीको उपस्थितिमा उजुरी दिने र आवश्यक सेवा प्राप्त गर्ने.

(ज) थुनामा रहेकी महिलाले आफ्नो गोपनीयता कायम रहने स्तरको भौतिक सुविधा र महिला प्रहरीको सहयोग प्राप्त गर्ने,

(झ) थुनामा रहेको व्यक्तिले कानून व्यवसायीको सल्लाह र सहयोग प्राप्त गर्ने,

(ञ) महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, उत्पीडित र उपेक्षित वर्गका व्यक्ति एवं ज्येष्ठ नागरिक मैत्री, भेदभाव रहित, लैङ्गिक संवेदनशील, सम्मानपूर्ण र प्रभावकारी प्रहरी सेवा पाउने,

(ट) वैयक्तिक गोपनीयताको संरक्षण हुने गरी सेवा प्राप्त गर्ने।

## परिच्छेद-३

## प्रदेश प्रहरीको गठन र संचालन

**५.** <u>प्रदेश प्रहरी सेवाको गठनः</u> (१) प्रदेशमा यस ऐन बमोजिम प्रदेश प्रहरी सेवाको गठन गरिनेछ।

(२) प्रदेश प्रहरी प्रदेश सरकारप्रति उत्तरदायी र जबाफदेही हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रहरी सेवाको संगठन मन्त्रालय अन्तर्गत रहने छ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारीको समायोजन भई वा कामकाजमा खटिई आउने नेपाल प्रहरीमा कार्यरत प्रहरी कर्मचारी कार्यरत रहने गरि प्रदेश प्रहरीको गठन गर्न सकिनेछ।

(५) प्रदेश प्रहरी सङ्गठन समावेशी स्वरूपको हुनेछ।

(६) प्रदेश प्रहरी सेवाको तोकिए बमोजिमको आफ्नो छुट्टै प्रतिक चिन्ह (लोगो) हुनेछ।

**६.** <u>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणः</u> (१) प्रदेश प्रहरीको सङ्गठन संरचना र दरबन्दी प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) प्रदेश प्रहरीको नयाँ कार्यालय स्थापना गर्दा, नयाँ दरबन्दी सिर्जना गर्दा वा विद्यमान दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्दा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न देहाय बमोजिमको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समिति रहने छः

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(घ) सम्बन्धित महाशाखा प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(ङ) मन्त्रालयको सुरक्षा हेर्ने महाशाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम सङ्गठन संरचना र प्रहरी कर्मचारीको दरबन्दी सङ्ख्या निर्धारण गर्दा देहाय बमोजिमका विषयलाई आधार मानिने छः

(क) भौगोलिक अवस्था,

(ख) प्रहरी र जनसङ्ख्याको अनुपात,

(ग) अपराधको प्रकृति, अवस्था र चाप,

(घ) शान्ति सुरक्षाको स्थिति तथा सम्भाव्य चुनौतीहरू,

(ङ) सहरीकरण, बसाई सराई तथा जनघनत्व,

(च) कुनै खास प्रकृतिको सेवा तथा सुरक्षा प्रदान गर्नुपर्ने अवस्था,

(छ) अन्तर्राष्ट्रिय तथा प्रादेशिक सीमाको अवस्था,

(ज) सेवा प्रवाहमा कार्य बोझ,

(झ) आर्थिक दायित्व र स्रोत साधनको उपलब्धता,

(ञ) नवीन प्रविधिको उपलब्धता र प्रयोगको स्थिति,

(ट) विकास निर्माण तथा सडक सञ्जालको अवस्था,

(ठ) तोकिए बमोजिमका अन्य आधारहरू।

(४) यस दफा बमोजिम प्रदेश प्रहरीको सङ्गठन, संरचना तथा दरबन्दी हेरफेर गर्दा प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएका कर्मचारी अवकाश नभएसम्म निज बहाल रहेको पद कायम रहने गरी हेरफेर गर्नु पर्नेछ ।

(५) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा समितिले आवश्यकता अनुसार तोकिए बमोजिमको प्रहरी प्रणाली मध्ये उपयुक्त प्रणाली अवलम्बन गर्न सक्नेछ ।

(६) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ।

(७) नेपाल प्रहरीको विद्यमान दरबन्दी र कार्यक्षेत्रसँग दोहोरो नपर्ने गरि दरबन्दी मिलान हुनेछ।

७. <u>प्रहरी सेवामा रहने समूह तथा उप-समूहः</u> (१) प्रदेश प्रहरी सेवामा कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका समूहहरू रहने छन्ः

(क) जनपद प्रहरी समूह,

(ख) सशस्त्र प्रहरी समूह,

(ग) प्राविधिक प्रहरी समूह।

(२) उपदफा (१) बमोजिमका प्रहरी समूहमा विशिष्टीकृत कार्य प्रकृतिका आधारमा देहाय बमोजिमका उपसमूहहरू रहने छन्ः

(क) जनपद प्रहरी समूह अन्तर्गत

(१) अपराध अनुसन्धान उपसमूह,

(२) ट्राफिक व्यवस्थापन उपसमूह,

(३) पर्यटक तथा सामुदायिक प्रहरी उपसमूह,

(४) लेखा तथा प्रबन्ध उपसमूह ।

(ख) सशस्त्र प्रहरी समूह अन्तर्गत

(१) विपद व्यवस्थापन उपसमूह,

(२) सुरक्षा उपसमूह,

(३) विशेष सुरक्षा उपसमूह,

(४) व्यवसाय तथा औद्योगिक सुरक्षा उपसमूह।

(ग) प्राविधिक प्रहरी समूह अन्तर्गत

(१) सञ्चार उपसमूह,

(२) 'अटोमोबाइल' उपसमूह

(३) सूचना प्रविधि उपसमूह,

(४) इन्जिनियरिङ उपसमूह,

(५) स्वास्थ्य उपसमूह,

(६) विधि विज्ञान उपसमूह ।

(३) प्रदेश प्रहरीमा कार्यरत प्रहरी कर्मचारीहरूलाई तोकिए बमोजिमको आधारमा समूहकृत गरिने छ ।

८. <u>प्रदेश प्रहरी सेवामा रहने तह र पदः</u> (१) प्रदेश प्रहरी सेवामा विशिष्टिकृत कार्य प्रकृतिको आधारमा देहाय बमोजिमका तह र पद हुनेछः

बाह्रौं तह- प्रहरी अतिरीक्त महानिरीक्षक

एघारौं तह- प्रहरी नायब महानिरीक्षक

दशौं तह- प्रहरी वरिष्ठ उपरीक्षक

नवौं तह- प्रहरी उपरीक्षक

आठौं तह- प्रहरी नायब उपरीक्षक

सातौं तह- प्रहरी निरीक्षक

छैठौं तह- प्रहरी वरिष्ठ नायब निरीक्षक

पाँचौं तह- प्रहरी नायब निरीक्षक

चतुर्थ तह- प्रहरी सहायक निरीक्षक

चतुर्थ तह- प्रहरी वरिष्ठ हवल्दार

तृतीय तह- प्रहरी हवल्दार

द्वितीय तह- प्रहरी सहायक हवल्दार

प्रथम तह- प्रहरी जवान

(२) कार्यालय सहयोगी वा सो सरहका अन्य कर्मचारीको पदमा देहाय बमोजिमका स्तर रहने छन्:

- प्रथमस्तर
- द्वितीयस्तर
- तृतीयस्तर
- चतुर्थस्तर
- पाँचौस्तर

(३) कार्यालय सहयोगी वा सो सरहका अन्य कर्मचारी पदको स्तर वृद्धि सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>प्रदेश प्रहरीको परिचालन, सुपरिवेक्षण, नियन्त्रण र निर्देशन</u>ः (१) प्रदेश प्रहरीको परिचालन, सुपरिवेक्षण, नियन्त्रण र निर्देशनको अधिकार प्रदेश सरकारलाई हुनेछ ।

(२) प्रदेश प्रहरीको सञ्चालन यस ऐन, यस ऐन अन्तर्गत बनेको नियम, प्रचलित कानून र प्रदेश सरकारको नीति, निर्देशन बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य गर्दा प्रदेश प्रहरीले प्रदेश प्रहरी प्रमुखको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा रही कार्य गर्नुपर्ने छ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिए पनि सुपरवेक्षणीय अधिकारअन्तर्गत देहायका कुराहरू समावेश भएको मानिने छैनः

(क) न्यायमा अवरोध पुग्ने गरी कानूनी प्रक्रियामा हस्तक्षेप गर्ने,

(ख) कानून बमोजिम हुने कसुरको अनुसन्धान, जाँचबुझ तथा प्रमाण सङ्कलनमा हस्तक्षेप गर्ने वा अनुसन्धान अधिकारीको व्यवसायिक कार्य स्वतन्त्रतामा अवरोध हुने गरी निर्देशन दिने,

(ग) प्रदेश प्रहरीको दैनिक कार्य सञ्चालन एवं प्रदेश प्रहरी सेवामा गरिने नियुक्ति, सरुवा, तालिम आदि विषयमा कानूनी प्रावधान र स्वीकृत नीति विपरीत निर्देशन दिने ।

(५) यस ऐन, प्रचलित कानून तथा प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही प्रहरी परिचालन तथा व्यवस्थापनसँग सम्बन्धित कुनै पनि कामका सन्दर्भमा माथिल्लो प्रहरी कार्यालयले आफ्नो मातहतका कार्यालयलाई आदेश वा निर्देशन दिन

सक्नेछ र यसरी दिएको आदेश वा निर्देशनको पालना गर्नु मातहतका कार्यालय र कार्यरत प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

(६) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्न प्रचलित कानून बमोजिम तोकिएको अधिकारीले सम्बन्धित जिल्लाको प्रदेश प्रहरी परिचालन गर्न सक्नेछ र यसरी परिचालन गरेको अवस्थामा सम्बन्धित जिल्लाको प्रदेश प्रहरीले तोकिएको अधिकारीको निर्देशनमा रही काम गर्नुपर्नेछ।

(७) उपदफा (५) बमोजिम आदेश वा निर्देशन दिँदा र प्रदेश प्रहरी परिचालन गर्दा तोकिएको अधिकारीले मन्त्रालयको आदेश र निर्देशनमा रही काम गर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिम तोकिएको अधिकारीले शान्ति सुव्यवस्था र सोसँग सम्बन्धित आदेश तथा निर्देशनहरु सम्बन्धित जिल्लाको प्रहरी प्रमुख मार्फत दिनु पर्नेछ।

(९) उपदफा (६) बमोजिम प्राप्त आदेश निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

(१०) जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्नको लागि मन्त्रालयले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(११) जिल्ला स्थित प्रदेश प्रहरीले मन्त्रालयको निर्देशन पालना गर्नु पर्नेछ ।

(१२) सुपरिवेक्षणीय दायित्व अन्तर्गत प्रदेश सरकारले प्रदेश प्रहरी सेवामा देहाय बमोजिमको सुनिश्चितता कायम गर्नेछः

(क) व्यावसायिक रूपमा दक्ष, कानूनप्रति उत्तरदायी र कर्तव्यपालनाप्रति जिम्मेवार प्रहरी सेवा,

(ख) कानूनको पालनामा जिम्मेवार र नागरिकप्रति जबाफदेही प्रहरी सेवा,

(ग) आवश्यक स्रोतसाधन र प्रविधियुक्त प्रहरी सेवा ।

(१३) प्रदेश प्रहरीको परिचालन, निर्देशन, नियन्त्रण र सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. <u>नेपाल प्रहरी वा अन्य प्रदेशको प्रहरी परिचालनः</u> प्रदेशमा गम्भीर अशान्ति भएमा, अशान्ति हुने सम्भावना रहेको वा विपद्को अवस्था सिर्जना हुन गएका कारण नेपाल प्रहरी, अन्य सुरक्षा बल वा अर्को प्रदेशको प्रहरीको सहयोग समेत आवश्यक पर्ने भएमा प्रदेश सरकारले सो प्रयोजनका लागि सम्बन्धित सरकारसँग समन्वय गरी प्रहरी परिचालन गर्न सक्नेछ।

## परिच्छेद-४

## प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार

**११.** प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकारः (१) यस ऐन, नियम र प्रचलित कानूनको अधीनमा रही प्रदेश प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रदेशभित्र शान्ति सुरक्षा तथा सार्वजनिक सुव्यवस्था कायम राख्ने,

(ख) नागरिकको जीउ, धनको सुरक्षा गरी नागरिक स्वतन्त्रताको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(ग) सार्वजनिक सुरक्षा व्यवस्था, अपराध रोकथाम, अपराध अनुसन्धान सम्बन्धि सूचना सङ्कलन, विश्लेषण र मूल्याङ्कन गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउने र सो विषयमा आफूभन्दा माथिल्लो अधिकारीलाई जानकारी गराउने,

(घ) प्रदेश प्रहरीले अनुसन्धान गर्नुपर्ने घटनाका सम्बन्धमा प्रचलित कानून बमोजिम सूचना वा जाहेरी प्राप्त भएमा सम्बन्धित प्रहरी कार्यालयले तत्काल त्यस्तो सूचना वा जाहेरी दर्ता गर्नुपर्ने र कुनै कारणले जाहेरी दर्ता गर्न नमिल्ने भए सोको कारण खोली निवेदकलाई लिखित जानकारी दिनु पर्ने,

(ङ) अधिकार प्राप्त अधिकारीले कानून बमोजिम दिएको आदेश पालना गर्ने र जारी गरेका पक्राउ पुर्जी यथाशिघ्र तामेल गर्ने,

(च) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका प्रदेशभित्रका महत्त्वपूर्ण व्यक्ति, प्रतिष्ठान, स्थान, निकाय वा आयोजनाको सुरक्षा गर्ने,

(छ) यातायातका साधन, भवन, भौतिक संरचना र अन्य सार्वजनिक तथा सरकारी सम्पत्तिको सुरक्षा गर्ने,

(ज) अपराध रोकथाम र नियन्त्रणका लागि कानून बमोजिम आवश्यक उपायहरू अवलम्बन गर्ने र सो कार्यका लागि सम्बन्धित निकायसँग सहयोग र समन्वय गर्ने,

(झ) प्रदेशभित्र विपद्का समयमा उद्धार, राहत, पुनःस्थापना लगायतका विपद् व्यवस्थापन सम्बन्धी काममा परिचालित हुने र विपद्का समयमा सरोकारवाला व्यक्ति तथा संस्थासँग आवश्यक समन्वय गर्ने,

(ञ) दुर्घटना र खतराबाट नागरिकलाई बचाउन हरसम्भव प्रयास गर्ने,

(ट) प्रदेशभित्र घटित अपराधको प्रादेशिक अभिलेख राख्ने,

(ठ) प्रचलित कानून बमोजिम प्रदेशभित्रका कारागारमा रहेका कैदी, बन्दी तथा हिरासतमा रहेका थुनुवाको सुरक्षा तथा व्यवस्थापन गर्ने र आहारको व्यवस्था गर्ने,

(ड) बाल सुधार गृहको सुरक्षा व्यवस्था मिलाउने,

(ढ) यस प्रदेशबाट अर्को प्रदेशमा र अर्को प्रदेशबाट यस प्रदेशमा थुनुवा, कैदी वा बन्दीको स्थानान्तरण गर्नुपर्ने भएमा सो कार्यका लागि प्रचलित कानून बमोजिम समन्वय र सुरक्षा व्यवस्थापन गर्ने,

(ण) प्रदेशको ट्राफिक व्यवस्थापन गर्नुका साथै सवारी आवागमनलाई सहज र सुरक्षित बनाउने,

(त) प्रदेशभित्र निजी क्षेत्रका सुरक्षा प्रदायक संस्थाका सुरक्षाकर्मीले अपनाउनु पर्ने सुरक्षा मापदण्ड पालना गरे-नगरेको सम्बन्धमा नियमित नियमन र अनुगमन गर्ने,

(थ) प्रहरीको तालिम तथा कार्य दक्षता र क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्ने,

(द) बेवारिसे सम्पत्ति जिम्मा लिई प्रचलित कानून बमोजिम व्यवस्थापन गर्ने,

(ध) प्रचलित कानून बमोजिम अन्य निकायबाट अनुसन्धान हुने कसुरको सम्बन्धमा त्यस्तो निकायबाट माग भए अनुसारको सहयोग उपलब्ध गराउने,

(न) नागरिक सुरक्षा, सार्वजनिक हित र कानून कार्यान्वयनको विषयमा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने,

(प) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत वर्ग तथा विशेष संरक्षण आवश्यक पर्ने व्यक्तिको हक हितको संरक्षण र सुरक्षाको विषयलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने,

(फ) सर्वसाधारण नागरिक, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकाहरूसँग व्यवहार गर्दा शिष्ट र मर्यादित व्यवहार गर्ने,

(ब) मानव अधिकारको संरक्षण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने,

(भ) नेपाल प्रहरी र अन्य प्रदेशका प्रहरी सङ्गठनसँग सम्पर्क, सूचना आदानप्रदान र समन्वय गर्ने,

(म) नेपाल प्रहरी र अन्य प्रदेश प्रहरीसँग अपराध रोकथाम, अनुसन्धान तथा नियन्त्रणका सम्बन्धमा पारस्परिक सहयोग आदानप्रदान गर्ने,

(य) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम र प्रदेश सरकारले समय समयमा तोकेका अन्य कार्यहरू गर्ने, गराउने,

(र) प्रत्येक प्रदेश प्रहरी कर्मचारीले कानून बमोजिम आफूले सम्पादन गर्नुपर्ने काम, कर्तव्य र अधिकारका सम्बन्धमा जानकारी राख्नुपर्ने,

(ल) सामाजिक सदभाव बिथोल्ने, सुरक्षा प्रतिकूल गैरकानूनी एवं गम्भीर आपराधिक क्रियाकलाप लगायतका गतिविधि नियन्त्रण गर्ने र आन्तरिक शान्ति सुव्यवस्थासँग सम्बन्धित विषय सम्बन्धी प्रतिवेदन यथाशिघ्र मन्त्रालयमा पठाउने,

(व) आवश्यकता अनुसार नेपाल प्रहरीको समन्वयमा अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनसँग सम्पर्क तथा समन्वय कायम राख्ने,

(श) संयुक्त राष्ट्रसंघबाट शान्ति स्थापनार्थ माग हुने प्रहरी बलमा नेपाल सरकारको नीति बमोजिम प्रदेश प्रहरीलाई खटाउने,

(ष) सुरक्षासँग सम्बन्धित अन्तर्राष्ट्रियस्तरको कार्यशाला, गोष्ठी, तालिम तथा अध्ययन आदिमा प्रदेश प्रहरीको सहभागिताका लागि सिफारिस गर्ने,

(स) यस ऐन तथा प्रचलित अन्य ऐनहरुको अधीनमा रही कर्तव्य पालना गर्दा आवश्यकता अनुसार उचित बल प्रयोग गर्ने,

(ह) प्रहरी कार्यालयहरुले सम्पादन गरेका कार्यहरुको विवरणसहित तोकिए बमोजिम अभिलेख राख्ने,

(क्ष) प्रदेश सरकारले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) प्रदेशभित्र शान्ति सुव्यवस्थामा खलल हुन सक्ने वा भइरहेको कुनै स्थानमा प्रवेश गर्न र निरीक्षण गर्न प्रदेश प्रहरी कर्मचारीलाई अधिकार हुनेछ र त्यसरी प्रवेश वा निरीक्षण गरेमा त्यस्तो प्रहरी कर्मचारीले सो कुराको कारण सहित लिखित जानकारी माथिल्लो प्रहरी अधिकृतलाई तत्काल गराउनु पर्नेछ ।

(३) प्रदेश प्रहरीले सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित उपकरण प्रयोग गर्दा सम्बन्धित निकायसँग समन्वय गर्नुपर्नेछ।

(४) प्रदेश प्रहरीको रणनीति, योजना तथा वार्षिक कार्ययोजना तर्जुमा गर्ने लगायतका कार्य गर्नका लागि प्रदेश प्रहरी प्रधान कार्यालयमा प्रदेश प्रहरी प्रमुखको अध्यक्षतामा तोकिए बमोजिमको एक प्रदेश प्रहरी नीति समन्वय समिति रहनेछ ।

१२. <u>कसुरको अनुसन्धान गर्ने</u>: (१) प्रचलित कानून बमोजिम नेपाल प्रहरी वा अन्य निकाय वा अधिकारीले अनुसन्धान गर्ने कसुर बाहेक प्रदेशभित्र भएका नेपाल सरकार वादी हुने

अन्य सबै कसुरको सम्बन्धमा प्रदेश प्रहरीले प्रचलित कानून बमोजिम अनुसन्धान गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले अपराध अनुसन्धान गर्दा प्रचलित कानून बमोजिम प्राप्त अधिकार प्रयोग गर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले अनुसन्धानको क्रममा रहेको कुनै कसुरका सम्बन्धमा प्रभावकारी अनुसन्धान गर्न नेपाल प्रहरीलाई विज्ञ सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम नेपाल प्रहरीले अनुसन्धान गर्ने कुनै कसुरका सन्दर्भमा नेपाल प्रहरीले माग गरेको अवस्थामा प्रदेश प्रहरीले आवश्यक सहयोग गर्न सक्नेछ ।

(५) उपदफा (१) बमोजिम नेपाल प्रहरीले कुनै कसुरको अनुसन्धानमा दुई वा दुई भन्दा बढी प्रदेशका प्रहरीहरूको संलग्नता आवश्यक देखिई संयुक्त अनुसन्धान समिति गठन गरेमा उक्त समितिमा प्रदेश प्रहरी सहभागी हुनु पर्नेछ ।

(६) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गर्ने कुनै कसुरका सम्बन्धमा प्रदेशहरूको संयुक्त अनुसन्धान समिति गठन गर्न आवश्यक देखेमा उक्त अनुसन्धान समिति गठन गर्नका लागि नेपाल प्रहरीलाई अनुरोध गर्नेछ ।

(७) उपदफा (१) बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गर्ने कुनै कसुरका सम्बन्धमा नेपाल प्रहरीसँग संयुक्त रूपमा अनुसन्धान गर्न उपयुक्त देखिएमा दुवै प्रहरीको संयुक्त अनुसन्धान टोली गठन गर्न नेपाल प्रहरी समक्ष अनुरोध गर्न सक्नेछ।

(८) प्रचलित कानून बमोजिम प्रदेश सरकार मातहतका अधिकारी वा निकायबाट अनुसन्धान हुने कुनै कसुरको सम्बन्धमा कसुरको गाम्भीर्य, सार्वजनिक हित र संवेदनशीलताका कारण सम्बन्धित अधिकारी र प्रदेश प्रहरी अधिकृतले संयुक्त रूपमा अनुसन्धान गर्ने भनी मन्त्रालयले निर्णय गरेको अवस्थामा प्रदेश प्रहरी संयुक्त अनुसन्धान टोलीमा सम्मिलित हुनेछ।

(९) प्रदेश प्रहरीले शान्ति सुरक्षा कायम गर्न तथा कुनै कसुरको अनुसन्धान गर्न आवश्यकताअनुसार अन्य प्रदेश प्रहरीसँग समन्वय गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम प्रदेश प्रहरीले अनुसन्धान गरेको कुनै कसुर सम्बन्धी प्रतिवेदन सम्बन्धित सरकारी वकिल समक्ष पेस गर्नु पर्नेछ।

१३. <u>अपराध नियन्त्रण गर्ने</u>ः (१) कुनै अपराध भएको, भइरहेको वा हुन लागेको जानकारी प्राप्त हुन आएमा प्रदेश प्रहरीले तत्काल देहायबमोजिमका कार्य गर्नु पर्नेछः

(क) तत्काल घटनास्थलमा उपस्थित भई अपराध घटित हुनबाट रोक्न आवश्यक व्यवस्था मिलाउने,

(ख) अपराध घटित भई सकेको अवस्थामा अपराधबारे आफूले देखे-जानेसम्मका तथ्य प्रमाण सङ्कलन गर्ने र अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराध भएमा तत्काल अपराध अनुसन्धानका लागि जिम्मेवार निकाय वा अधिकारीलाई खबर गर्ने,

(ग) दशी प्रमाण नष्ट हुन नदिने तथा घटनास्थलको आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(घ) अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधको अनुसन्धानको सन्दर्भमा अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई आवश्यक पर्ने सहयोग उपलब्ध गराउने,

(ङ) अपराध हुन नदिन सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने,

(च) अपराध पीडित तथा साक्षीको सुरक्षा गर्ने ।

(२) प्रदेश प्रहरीले कुनै अपराधको अनुसन्धान गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधको सम्बन्धमा प्रदेश प्रहरीले सङ्कलन गरेका भौतिक सबुत तथा प्रमाण अनुसन्धानसँग सम्बन्धित निकाय वा अधिकारीलाई हस्तान्तरण गर्नु पर्नेछ।

(४) अपराध नियन्त्रण तथा अनुसन्धानको सन्दर्भमा प्रदेश प्रहरीले आवश्यकता अनुसार नेपाल प्रहरीको समन्वयमा रही काम गर्नु पर्नेछ।

१४. <u>प्रहरी कार्यालयले राख्नु पर्ने अभिलेख</u>ः (१) प्रदेश प्रहरी कार्यालयहरुले दैनिक रुपमा सम्पादन गरिएका कार्यहरुको विवरण तोकिए बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(२) अधिकार प्राप्त अधिकारीले उपदफा (१) बमोजिमको अभिलेखको अवलोकन र निरीक्षण गर्न सक्नेछ ।

(३) यस्तो अभिलेख प्रदेश प्रहरी संगठनको तोकिएको कार्यालयले अध्यावधिक गरी स्पष्ट एवं दुरुस्त अवस्थामा राख्नु पर्नेछ ।

(४) नेपाल प्रहरीलाई अवश्यक सूचना तथा अभिलेख उपलब्ध गराउने प्रदेश प्रहरीको कर्तव्य हुनेछ ।

(५) सम्वेदनशील सूचनालाई गोप्य र अति गोप्य प्रणालीमा सांकेतिक सञ्चार संवाद विधि मार्फत व्यवस्थित गर्नु पर्नेछ ।

१५. पक्राउ गर्न सक्ने: (१) यस ऐन र प्रचलित कानून बमोजिम प्रदेश प्रहरीबाट अनुसन्धान हुने कुनै अपराधमा संलग्न भएको वा आशङ्कित व्यक्तिलाई प्रदेश प्रहरीले कानून बमोजिम पक्राउ गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल प्रहरी वा अन्य निकाय वा अधिकारीबाट अनुसन्धान हुने अपराधमा संलग्न भएको वा संदिग्ध व्यक्तिलाई प्रदेश प्रहरीले कानून बमोजिम पक्राउ गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ परेको व्यक्तिलाई प्रदेश प्रहरीले यथाशीघ्र अपराध अनुसन्धान गर्ने निकाय वा अधिकारीलाई हस्तान्तरण गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रहरी अधिकृत तथा जवानहरुले देहायका व्यक्तिलाई पक्राउ पुर्जी वा आदेश विना गिरफ्तार गर्न सक्नेछः

(क) कुनै फौजदारी कसुरमा संलग्न रही फरार रहेको व्यक्ति वा कानून बमोजिम सजाय तोकी फरार रहेको कसुरदार,

(ख) कर्फ्यू लागेको समयमा शंकास्पद तरिकाले हिँडडुल गरिरहेको व्यक्ति,

(ग) कानून बमोजिम थुनिएको ठाउँबाट भागेको व्यक्ति ।

१६. माथिल्लो दर्जाका प्रहरी कर्मचारीले अख्तियारी प्रयोग गर्नेः प्रदेश प्रहरी कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पाएको अख्तियार निज भन्दा माथिल्लो दर्जाका प्रहरी कर्मचारीले प्रयोग गर्न सक्नेछ।

१७. सूत्र परिचालन गर्न सक्नेः शान्ति सु-व्यवस्था कायम गर्न, अपराध नियन्त्रण वा अनुसन्धान सम्बन्धी सूचना सङ्कलन गर्न प्रदेश प्रहरीले तोकिए बमोजिम गोप्य रूपमा सूत्र परिचालन गर्न सक्नेछ ।

१८. मुख्य न्यायाधिवक्ताको कार्यालयसँगको समन्वयः (१) प्रदेश प्रहरीको कुनै प्रहरी कार्यालयले जाहेरी दरखास्त वा सूचना दर्ता गर्न इन्कार गरेको विषयमा मुख्य न्यायाधिवक्ताको कार्यालयमा समेत उजुरी गर्न सकिने छ र त्यस्तो उजुरी मनासिब देखिएमा मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्बन्धित प्रहरी कार्यालयलाई त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गरी आवश्यक कारबाही चलाउन निर्देशन दिन सक्नेछ।

(२) मानव अधिकारको संरक्षण तथा प्रदेश सरकारको हक हितसँग सम्बन्धित मुद्दा र प्रदेश कानून अन्तरगतको कसुर सम्बन्धी अनुसन्धानलाई निष्पक्ष तथा प्रभावकारी बनाउन वा थप अनुसन्धान गर्न आवश्यक देखिएमा मुख्य न्यायाधिवक्ताको कार्यालयले सम्बन्धित अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित प्रहरी कार्यालय तथा अनुसन्धान अधिकारीको कर्तव्य हुनेछ।

१९. <u>आधारभूत सुविधा उपलब्ध गराउनु पर्ने:</u> प्रहरी कार्यालयले देहायका व्यक्तिलाई आवश्यकता अनुसार कानून बमोजिम खाना, पिउने पानी, शौचालय, स्नान कक्ष जस्ता आधारभूत सुविधा उपलब्ध गराउनु पर्नेछः

(क) प्रहरी हिरासत तथा कार्यालयमा थुनामा रहेको व्यक्ति,

(ख) कानूनी विवादमा परेका वा सरकारी संरक्षणको आवश्यकता परेका बालबालिका, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, आपराधिक घटनाबाट पीडित तथा प्रभावित महिला र न्यायिक निकायबाट निर्दिष्ट अन्य व्यक्तिहरू।

## परिच्छेद-५

## <u>प्रहरी सेवाको पदपूर्ति</u>

२०. <u>प्रदेश प्रहरी प्रमुख</u>ः (१) प्रहरी अतिरिक्त महानिरीक्षक प्रदेश प्रहरी सेवाको प्रमुख प्रहरी कर्मचारी हुनेछ र निजको नियुक्ति प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश प्रहरी प्रमुखको पदमा प्रदेश प्रहरी सेवाबाट बढुवाद्वारा पदपूर्ति नभएसम्म नेपाल सरकारले खटाएको प्रहरी अतिरिक्त महानिरीक्षकलाई प्रदेश प्रहरी प्रमुखको रूपमा नियुक्त गरिनेछ ।

३) प्रदेश प्रहरी प्रमुख, आफ्नो काम कर्तव्यको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ।

(४) उपदफा (२) बमोजिमको प्रदेश प्रहरी प्रमुखले प्रदेश प्रहरीको पोसाक, परिचय वा प्रतीक चिह्न (लोगो) र दर्ज्यानी चिह्न लगाई प्रहरी प्रमुखको रूपमा काम गर्नेछ।

(५) प्रहरी प्रमुखको पारिश्रमिक र सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीका लागि तोकिएको पारिश्रमिक र सुविधा भन्दा कम नहुने गरी तोकिए बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम नियुक्त हुने प्रदेश प्रहरी प्रमुखले कार्यभार सम्हाल्नु भन्दा पहिले मन्त्रालयको मन्त्री समक्ष अनुसूची बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम नियुक्त हुने प्रहरी प्रमुखले उपदफा (६) बमोजिम शपथ ग्रहण गर्नु भन्दा पहिले प्रदेश प्रहरीको लागि निर्धारित पोशाकमा मत्रालयको सचिवबाट प्रदेश प्रहरीको प्रतिक चिन्ह (लोगो) लगाउनु पर्नेछ ।

२१. पदपुर्तिः (१) प्रदेश प्रहरी सेवाका खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा पदपूर्ति समितिको सिफारिसको आधारमा नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खुल्ला प्रतियोगिता अन्तर्गतको लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले संचालन गर्नेछ।

(३) खुला प्रतियोगिताबाट पूर्ति हुने प्रदेश प्रहरी सेवाको पदमा नियुक्तिका लागि आवश्यक पर्ने शैक्षिक योग्यता, पदपूर्ति प्रक्रिया, परीक्षा प्रणाली नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीका लागि निर्धारण भएसरह हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी जवान पदमा नियुक्तिका लागि आवश्यक शैक्षिक योग्यता प्रवेशिका परीक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम आवश्यक पर्ने परीक्षाको पाठ्यक्रम प्रदेश लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) यस ऐनमा व्यवस्था भए बाहेक प्रदेश प्रहरीको कुनै पनि पदमा अन्य कुनै पनि तरिकाबाट पदपूर्ति गरिने छैन ।

(७) प्रदेश प्रहरी सेवाको देहायको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछः

| पद | खुल्ला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
|---|---|---|
| (क) प्रहरी कार्यालय सहगयोगी वा सो सरह | १०० | - |
| (ख) प्रहरी जवान | १०० | - |

| पद | खुल्ला प्रतियोगिता (प्रतिशत) | बढुवाद्वारा (प्रतिशत) |
|---|---|---|
| (ग) प्रहरी सहायक हवल्दार | - | १०० |
| (घ) प्रहरी हवल्दार | - | १०० |
| (ङ) प्रहरी वरिष्ठ हवल्दार | - | १०० |
| (च) प्रहरी सहायक निरीक्षक | ७० | ३० |
| (छ) प्रहरी नायब निरीक्षक | - | १०० |
| (ज) प्रहरी वरिष्ठ नायब निरीक्षक | - | १०० |
| (झ) प्रहरी निरीक्षक | ७० | ३० |
| (ञ) प्रहरी नायब उपरीक्षक र सो भन्दा माथिल्लो तहका पदहरु | - | १०० |

(८) उपदफा (७) को खण्ड (छ) र (झ) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक प्रहरी समूहतर्फ प्रहरी नायब निरीक्षक, प्रहरी निरीक्षक पदमा बढुवाद्वारा पदपूर्ति हुन सक्ने अवस्था नभएमा शत प्रतिशत खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिनेछ ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक प्रहरी समूहतर्फ तल्लो पद नहुने पदपूर्ति गर्दा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पुर्ति गरिनेछ।

(१०) प्रदेश प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पद मध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी देहाय बमोजिमका उम्मेदवार बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः

(क) महिला -तेत्तिस प्रतिशत

(ख) आदिवासी/जनजाती -पन्ध्र प्रतिशत

(ग) थारु -चौध प्रतिशत

(घ) दलित -चौध प्रतिशत

(ङ) मधेशी -दश प्रतिशत

(च) विपन्न खस आर्य -छ प्रतिशत

(छ) मुस्लिम- पाँच प्रतिशत

(ज) द्वन्द्व पिडित -तीन प्रतिशत

(११) उपदफा (१०) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा १० को खण्ड (ख) देखि (ज) सम्मका लागि निर्धारीत पदमा पदपूर्ति गर्दा कम्तिमा पचास प्रतिशत महिलाको पदपूर्ति गर्नुपर्नेछ ।

तर, पचास प्रतिशत महिला उत्तीर्ण हुन नसकेमा सो पदमा सोही समूहको अन्य उम्मेदवारबाट पदपूर्ति गर्न सकिनेछ ।

(१२) उपदफा (१०) र (११) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै समूहका लागि निर्धारित पदमा माग बमोजिमको संख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकेमा सो पदमा महिला उम्मेदवारबाट पदपूर्ति गर्न सकिनेछ ।

(१३) खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा समावेशी ढाँचामा पदपूर्ति गरिने अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१४) प्रदेश प्रहरीको रिक्त पदमा पदपूर्तिको लागि पदपूर्ति समितिले यस ऐन बमोजिम पद संख्या निर्धारण गर्नेछ ।

(१५) उपदफा (१२) बमोजिम बढुवाद्वारा पूर्ति गर्न छुट्याईएको पदको विवरण प्रदेश पदपूर्ति समितिले सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(१६) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि न्यूनतम शारीरिक मापदण्ड र योग्यता पूरा गरेका अमर प्रहरीका सन्ततिले प्रदेश प्रहरी सेवामा भर्ना हुन इच्छा गरी प्रदेश लोकसेवा आयोगबाट लिएको परीक्षा उत्तीर्ण गरेमा रिक्त दरबन्दीमा पदपूर्ति गर्न सकिनेछ र यसरी पूर्ति गरिएको दरबन्दी उपदफा (१०) बमोजिम बाँडफाँड गर्ने दरबन्दीमा समावेश गरिने छैन।

(१७) उपदफा (१०) बमोजिम निर्धारण गरिएको प्रतिशतद्वारा पदपूर्ति गर्ने व्यवस्था प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नु पर्नेछ।

तर, यो दफा प्रारम्भ भएपछि हुने राष्ट्रिय जनगणनाको तथ्याङ्कका आधारमा उपदफा (७) बमोजिम निर्धारण गरिएको प्रतिशत पुनरावलोकन गर्न बाधा पर्ने छैन ।

(१८) पदपूर्तिका लागि पदसङ्ख्या निर्धारण लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>पदपूर्ति समितिः</u> (१) प्रदेश प्रहरी सेवामा भर्ना, छनौट तथा रिक्त पदपूर्तिको लागि देहाय बमोजिमको पदपूर्ति समिति रहनेछः

| | | |
|---|---|---|
| (क) | प्रदेश लोकसेवा आयोगका अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य | अध्यक्ष |
| (ख) | सचिव, मन्त्रालय | सदस्य |
| (ग) | प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय | सदस्य |
| (घ) | मन्त्रालयको सुरक्षा हेर्ने महाशाखा प्रमुख | सदस्य |
| (ङ) | प्रदेश प्रहरी प्रधान कार्यालयको सम्बन्धित महाशाखा प्रमुख | सदस्य-सचिव |

(२) प्रदेश प्रहरी कार्यालयले प्रदेश प्रहरी सेवाको रिक्त पदहरुको विवरण पन्ध्र दिनभित्र पदपूर्ति समितिमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त रिक्त पदहरूमा पदपूर्ति समितिले वार्षिक कार्यतालिका बमोजिम पदपूर्ति गर्नु पर्नेछ।

(४) समितिले प्रदेश लोक सेवा आयोगसँग परामर्श गरी अन्तिम नतिजा प्रकाशन तथा उत्तिर्ण उम्मेदवारहरुको नामावली नियुक्तिको लागि अख्तियारवाला समक्ष पेश गर्नेछ ।

(५) पदपूर्ति समितिले यस ऐन बमोजिम खुल्ला प्रतियोगिताबाट पदपूर्ति गर्न आवश्यकता अनुसार भर्ना छनौट समिति वा उपसमिति गठन गर्न सक्नेछ।

(६) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u> (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) दफा २१ बमोजिम पदपूर्तिका लागि सङ्ख्या निर्धारण गर्ने,

(ख) पदपूर्ति कार्यतालिका बनाउने,

(ग) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने,

(घ) नियुक्तिका लागि सिफारिस गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२४. <u>प्रदेश प्रहरी कर्मचारीको योग्यताः</u> (१) प्रदेश प्रहरीको विभिन्न पदमा नियुक्तिको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता तोकिए बमोजिम हुनेछ ।

(२) प्रदेश प्रहरी सेवामा नियुक्तिका लागि देहायका व्यक्ति अयोग्य हुनेछनः

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरिएको,

(ग) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(घ) मानव अधिकार हनन् सम्बन्धी कसूरमा कसुरदार ठहरिएको,

(ङ) तोकिएको उमेर नपुगेको वा उमेर हद नाघेको ।

२५. नियुक्तिः (१) खुल्ला प्रतियोगिता वा बढुवाद्वारा प्रदेश प्रहरी सेवाको पदमा नियुक्तिको लागि सिफारिस भएका प्रहरी कर्मचारीलाई नियुक्ति गर्ने अधिकार देहाय बमोजिम हुनेछः

(क) एघारौं तह वा सो भन्दा माथिको पदमा -प्रदेश सरकार

(ख) छैठौं तहदेखि दशौं तहसम्मको पदमा -मन्त्रालय

(ग) तृतीय तहदेखि पाँचौं तहसम्मको पदमा -प्रदेश प्रहरी प्रमुख

(घ) प्रथम तह र द्वितीय तहको पदमा -प्रहरी वरिष्ठ उपरीक्षक तथा प्रहरी उपरीक्षक

(ङ) प्रहरी कार्यालय सहयोगी पदमा -कम्तिमा प्रहरी नायब उपरीक्षक दर्जाको कार्यालय प्रमुख

(२) उपदफा (१) बमोजिम नियुक्ति गर्ने अधिकारीले पदपूर्ति समितिको सिफारिसको योग्यताक्रमको आधारमा सिफारिस प्राप्त भएको मितिले सात दिनभित्र नियुक्ति दिनु पर्नेछ ।

(३) नियुक्ति सम्बन्धी अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२६. परीक्षणकालः (१) खुल्ला प्रतियोगिताद्वारा पूर्ति गरिने पदमा नियुक्ति पाएको प्रहरी कर्मचारीलाई आधारभूत तालिम सम्पन्न भएपछि छ महिना परीक्षणकालमा राखिनेछ ।

(२) परीक्षणकालको अवधि पूरा भएपछि परिक्षणकाल स्वतः समाप्त हुनेछ ।

२७. नियुक्ति बदर गर्न सक्नेः (१) देहायको अवस्थामा नियुक्ति गर्ने अधिकारीले प्रहरी कर्मचारीको नियुक्ति बदर गर्न सक्नेछः

(क) परीक्षणकालमा तोकिएको जिम्मेवारी बहन गर्न असक्षम देखिएमा वा आचरण सन्तोषजनक नभएमा,

(ख) प्रहरी आधारभूत तालिममा असफल भई तोकिए बमोजिम मौका दिँदा समेत त्यस्तो तालिममा पुनः असफल भएमा,

(ग) प्रदेश प्रहरी कर्मचारीमा यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा ।

(२) प्रदेश प्रहरीमा भर्ना हुँदाका बखत तोकिए बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा निजको नियुक्ति कुनै पनि समयमा बदर गरी निजले सो सेवा बापत प्राप्त गरेको तलब असुलउपर गरी कानून बमोजिम कारबाही हुनेछ ।

२८. शपथ लिनु पर्नेः आधारभूत तालिममा उत्तिर्ण भएको प्रहरी कर्मचारीले अनुसूची बमोजिमको ढाँचामा तोकिए बमोजिम शपथ ग्रहण लिनु पर्नेछ ।

२९. सेवा परिवर्तनमा बन्देजः प्रदेश प्रहरी सेवाको कुनै पनि तहका प्रहरी कर्मचारीलाई निजको इच्छा विपरीत प्रहरी सेवाबाट अन्य कुनै सेवामा सेवा परिवर्तन गरिने छैन।

३०. पोशाक र दर्ज्यानी चिन्हः (१) प्रदेश प्रहरीको पोशाक र दर्ज्यानी चिन्ह प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश प्रहरीको पोशाकमा प्रतिक चिह्न (लोगो) राखिनेछ।

(३) प्रहरी आधारभूत तालिमका प्रहरी अधिकृत तथा प्रहरी जवान प्रशिक्षार्थीहरूको प्रशिक्षण अवधिभर लगाउने पोशाक र पोशाकमा लगाउने चिह्न तोकिए बमोजिम हुनेछ ।

३१. कायम मुकायम, कार्यवाहक र निमित्तः (१) प्रदेश प्रहरीको कुनै पनि पदमा सामान्यतया कायम मुकायम मुकरर गरिने छैन ।

तर, कार्यालय प्रमुखको पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य सञ्चालन गर्न बाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) यस दफा बमोजिम कायम मुकायम मुकरर गर्दा बढुवाको लागि आवश्यक योग्यता पुगेका एक तह मुनिका कर्मचारीहरु मध्ये वरिष्ठ प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(३) कायम मुकायम मुकरर भएको प्रहरी कर्मचारीले कायम मुकायम मुकरर भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ ।

(४) कायम मुकायम मुकरर गर्ने अधिकार अख्तियारवालालाई हुनेछ।

(५) कुनै कारणले कार्यालय प्रमुखको पद एक महिना भन्दा बढी अवधिको लागि रिक्त भएमा र सो पदमा कायम मुकायम मुकरर नगरिएको अवस्थामा एक तह

माथिको कार्यालय प्रमुखले रिक्त पद भन्दा एक तह मुनिको सबै भन्दा वरिष्ठ प्रहरी कर्मचारीलाई कार्यवाहक भई कामकाज गर्न तोक्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कामकाज गर्न तोकिएको सूचना प्रदेश प्रहरी कार्यालय र मन्त्रालयलाई दिनु पर्नेछ र कार्यवाहक भई कामकाज गर्न तोकिएको प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक भएको पदको सम्पूर्ण अधिकार प्रयोग गर्नेछ ।

(७) यस दफा बमोजिम कायम मुकायम मुकरर नगरिएको वा कार्यवाहक नतोकिएको अवस्थामा कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयको सबै भन्दा वरिष्ठ प्रहरी कर्मचारीले सो पदको निमित्त भई कामकाज गर्नेछ ।

(८) कायम मुकायम, कार्यवाहक वा निमित्त भई काम गर्ने प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र रासन सुविधा पाउनेछ ।

(९) उपदफा (८) बमोजिम काम गर्ने प्रहरी कर्मचारीले पाउने तलब भत्ताको अंक निजले बढुवा हुँदा पाउने तलब भत्ता भन्दा बढी हुने छैन ।

(१०) कुनै एक पदमा एकै अवधिमा एक भन्दा बढी प्रहरी कर्मचारी कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन ।

## परिच्छेद-६

## प्रहरी कर्मचारीको तलब तथा अन्य सुविधा

३२. प्रहरी कर्मचारीको तलबः (१) प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलब, भत्ता र राशन पाउनेछ।

(२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेशमा कार्यरत प्रहरी कर्मचारीलाई थप सुविधा उपलब्ध गराउन सक्नेछ।

३३. तलबवृद्धि (ग्रेड) पाउने: (१) तलब वृद्धि रोक्का भएको अवस्थामा बाहेक प्रत्येक प्रहरी कर्मचारीले एक वर्ष सेवा पूरा गरेपछि एक तलबवृद्धि पाउनेछ।

(२) नयाँ नियुक्ति पाउने प्रहरी कर्मचारीले सामान्यतयाः तलबमानमा लेखिएको न्यूनतम तलब पाउनेछ ।

(३) उच्चतम तलबवृद्धि पाइरहेको कुनै प्रहरी कर्मचारीको बढुवा हुँदा बढुवा भएको पदको सुरू तलब स्केल भन्दा बढी तलब हुने रहेछ भने सो तलब स्केलमा नघटने गरी थप तलबवृद्धि पाउनेछ ।

३४. <u>अवकास पाउने कर्मचारीले पाउने तलब र रासनः</u> प्रहरी कर्मचारीले राजिनामा दिई वा अनिवार्य अवकास पाई सेवा निवृत्त हुने मितिसम्म निजले खाइपाई आएको तलब, भत्ता, रासन र अन्य सुविधासमेत पाउनेछ ।

तर, कार्यालयमा गैरहाजिर रही विभागीय कारबाही शुरु गरिएको वा कारबाहीको क्रममा कार्यालयमा अनुपस्थित रहेको प्रहरी कर्मचारीले अनुपस्थित रहेको मिति देखिको तलब, भत्ता र रासन पाउने छैन ।

३५. <u>चाड पर्व खर्चः</u> (१) प्रहरी कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने चाडपर्वको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रूपमा पाउनेछ र यस्तो रकम कर्मचारीले एक आर्थिक वर्षमा एक पटक आफूनो धर्म, संस्कृति, परम्परा अनुसार मनाइने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्नेछ ।

(२) निलम्बनमा रहेको प्रहरी कर्मचारीले चाडपर्व खर्च पाउनेछ।

(३) निवृत्तिभरण पाइरहेको अवकाश प्राप्त प्रहरी कर्मचारीले निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाड पर्व खर्च बापत प्रत्येक वर्ष पाउनेछ।

३६. <u>रासन सुविधाः</u> प्रहरी कर्मचारीले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको रासन सुविधा पाउनेछ र यसरी निर्धारण गर्दा भौगोलिक दुर्गमताको आधारमा विशेष रासन सुविधा दिने गरी निर्धारण गर्न सकिनेछ ।

३७. <u>बीमा सुविधाः</u> (१) प्रत्येक प्रहरी कर्मचारीको प्रदेश सरकारले निर्धारण गरे बमोजिमको रकम बराबर जीवन बीमा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको बीमा बापतको रकम कर्मचारीको मासिक तलबबाट तोकिए बमोजिमको रकम कट्टा गरी बीमा कोषमा जम्मा गरिनेछ र त्यति नै रकम प्रदेश सरकारले थप गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको बीमा कोषमा जम्मा भएको रकम मध्येबाट प्रहरी कर्मचारी सेवा निवृत्त हुँदा निजलाई भुक्तानी दिईनेछ ।

(४) बिमा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३८. <u>सञ्चयकोष सम्बन्धी व्यवस्थाः</u> प्रहरी कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुन आउने रकम कट्टा गरी सो रकममा प्रदेश सरकारले शतप्रतिशत रकम थप गरी कर्मचारी संचय कोषमा जम्मा गरी दिनेछ।

३९. <u>सेवाको सुरक्षाः</u> कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागु रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तमा निजको स्वीकृति बिना निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन, साथै पछि हुने संशोधनले त्यस्तो संशोधन हुनु अगावै बहाल रहेको वा निवृत्तिभरण पाउने गरी अवकाश पाएको कुनै प्रहरी कर्मचारीको उपर्युक्त सेवाका शर्तमा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृत नभई त्यस्तो व्यवस्था निजको हकमा लागु हुनेछैन ।

## परिच्छेद-७

## <u>प्रदेश प्रहरीको तालिम सम्बन्धी व्यवस्था</u>

४०. <u>तालिम अनिवार्य हुनेः</u> (१) प्रदेश प्रहरीमा रहेका प्रहरी कर्मचारीले पद र कार्य जिम्मेवारी अनुरूप तोकिए बमोजिमको तालिम अनिवार्य रूपमा लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको तालिममा छनौट भएका प्रहरी कर्मचारीले आफ्नो व्यवसायिक ज्ञानप्रति उदासिनता र गैर जिम्मेवारीपन देखाई तालिम पूरा नगरेमा सो व्यहोरा निजको अभिलेखमा जनाईनेछ ।

(३) उपदफा (२) बमोजिम अभिलेखमा जनाई सकेपछि पनि त्यस्तो प्रहरी कर्मचारीलाई पुनः एक पटक तालिमको लागि अवसर दिईनेछ र यसरी अवसर दिँदा समेत तालिम पूरा नगर्ने प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।

(४) उपदफा (३) बमोजिम विभागीय कारबाही गर्नुपर्ने प्रहरी कर्मचारीलाई त्यस्तो कारबाही नगर्ने सम्बन्धित प्रहरी कर्मचारीलाई समेत विभागीय कारबाही गरिनेछ।

(५) प्रदेश प्रहरी सेवाका प्रहरी कर्मचारीहरुले तोकिएको आधारभूत तालिम पूरा नगरी कुनै पनि सेवाकालिन वा विशिष्टीकृत तालिममा सहभागि गराईने छैन ।

(६) तोकिएको तह अनुसारको प्रहरी कार्य, नेतृत्व र व्यवस्थापन प्रशिक्षण (अपरेसन, कमाण्ड, म्यानेजमेन्ट तालिम) सम्पन्न नगरेको प्रहरी कर्मचारीलाई कार्यालय प्रमुखको जिम्मेवारीमा खटाइने छैन ।

४१. <u>आधारभुत तथा वृत्तिविकास सम्बन्धी तालिमः</u> (१) प्रदेश प्रहरीका विभिन्न पदमा नियुक्त प्रहरी कर्मचारीले तोकिए बमोजिम अनिवार्य रूपमा आधारभूत तालिम पूरा गर्नु पर्नेछ।

(२) प्रदेश प्रहरीको विभिन्न पदमा कार्यरत प्रहरी कर्मचारीलाई सेवाकालीन, विशिष्टकृत र वृत्तिविकास सम्बन्धी तालिम दिईनेछ।

(३) प्रशिक्षण कार्यक्रममा संलग्न रहने प्रशिक्षक, प्रशिक्षण व्यवस्थापनमा खटिने कर्मचारी र प्रशिक्षार्थीले पाउने भत्ता तथा अन्य सुविधा र तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. <u>तालिम सम्बन्धी अन्य व्यवस्था</u>: (१) प्रदेश प्रहरीको व्यवसायिक क्षमता विकासका लागि प्रदेश सरकारले आवश्यक प्रबन्ध मिलाउनेछ ।

(२) प्रदेश प्रहरी कर्मचारीलाई कुनै व्यावसायिक काममा खटाउनु भन्दा पहिले उक्त काम तथा कार्यक्षेत्रसँग सम्बन्धित तोकिए बमोजिमको तालिम प्रदान गरिनेछ।

(३) प्रदेश प्रहरी कर्मचारीहरूलाई कुनै पनि प्रहरी एकाईमा एकाई प्रमुख (युनिट कमान्डर) का रूपमा खटाउनु भन्दा पहिले दिइने तालिम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) प्रदेश प्रहरी कर्मचारीहरूलाई पदोन्नति हुनु भन्दा पहिले दिइने पूर्वपदोन्नति तालिम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) तालिमको प्रकृति, तालिमका समूह, तालिमका प्रकार, तालिमका नाम, तालिम सञ्चालन विधि, तालिम निर्देशिका, प्रशिक्षक तथा प्रशिक्षार्थी प्रशिक्षण सामग्री, तालिमका प्रशिक्षक तथा प्रशिक्षार्थीले पाउने सुविधा, तालिमको मूल्याङ्कन र परिणाम (ग्रेडिङ) जस्ता व्यवस्थाहरू तोकिए बमोजिम हुने छन्।

(६) बढुवाको लागि अंक गणना हुने तालिमको हकमा एउटा तालिम लिएको प्रहरी कर्मचारी त्यस्तो तालिम लिएको छ महिना अवधि पूरा नहुँदै पुनः अर्को तालिममा मनोनयको लागि योग्य मानिने छैन ।

(७) प्रदेश प्रहरी कर्मचारीहरूको व्यवसायिक क्षमता अभिवृद्धि तथा वृत्तिविकासको उद्देश्यले दिइने आधारभूत तालिम, उच्चस्तरीय तालिम तथा विशिष्टीकृत तालिमको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्ने छ ।

(८) प्रदेश प्रहरीको आयोजनामा सञ्चालित कुनै पनि तालिम गरेबापत प्रदेश प्रहरी कर्मचारीलाई तोकिए बमोजिम विशेष भत्ताको व्यवस्था गर्न सकिनेछ।

४३. <u>प्रशिक्षण सम्बन्धी संस्थागत व्यवस्था</u>: प्रदेश प्रहरीका विभिन्न पदको कार्य प्रकृति र जिम्मेवारी अनुसारको दक्षता र कार्यक्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको कार्यक्रम निर्माण, विकास र स्तर निर्धारणका लागि तोकिए बमोजिमको प्रशिक्षण विकास तथा स्तर निर्धारण समिति र अन्य संस्थागत व्यवस्था गरिनेछ ।

४४. **वैदेशिक तालिम**: (१) प्रदेश प्रहरी कर्मचारीलाई वैदेशिक तालिमका लागि मनोनयन गर्दा संगठनको आवश्यकता, सेवा विशिष्टीकरण, ज्येष्ठता, अनुभव, शैक्षिक योग्यता, कार्यसम्पादन क्षमता र दक्षताका आधारमा तोकिए बमोजिमको समितिले प्रदेश प्रहरी संगठनबाट सम्भाव्य उम्मेदवारको नाम छनौट गरी सिफारिस साथ पठाउनु पर्नेछ ।

(२) यसरी वैदेशिक तालिममा मनोनयनका लागि सिफारिस गर्दा योग्य प्रहरी कर्मचारी मध्येबाट तालिमको आवश्यकताको आधारमा सबै पदको कर्मचारीले अवसर पाउने गरी सिफारिस गर्नु पर्नेछ ।

(३) वैदेशिक तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## सरुवा र काज

४५. **सरुवा**: (१) यस ऐनको अधीनमा रही आवश्यकता अनुसार प्रहरी कर्मचारीको सरुवा प्रत्येक दुई-दुई वर्षमा गरिनेछ।

तर, प्रहरी अधिकृत कर्मचारी तथा प्रहरी इकाई प्रमुखको सरुवा सामान्यतः एक वर्ष पूरा भएपछि गरिनेछ।

(२) उपदफा (१) बमोजिम सरुवा गर्दा कार्यरत स्थानको भूगोल, कार्य प्रकृति, कार्य बोझ, कार्य विविधता तथा प्रहरी कर्मचारीले यस अघि कार्यरत रहेको स्थान समेतको आधारमा प्रहरी इकाईको नेतृत्व, सहायक नेतृत्व तथा विशिष्टीकृत कार्य समूहहरूमा समान अवसर प्राप्त हुने गरी गरिनेछ ।

(३) सरुवालाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य बनाउन प्रदेश प्रहरी कार्यालयले सरुवा समय तालिका समेत समावेश गरी मापदण्ड बनाउनेछ र सो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

(४) प्रहरी कर्मचारीलाई सरुवा गर्ने अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रहरी नायब महानिरीक्षक र प्रहरी बरिष्ठ उपरीक्षकलाई प्रदेश सरकारले,

(ख) प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षकलाई मन्त्रालयले,

(ग) प्रहरी निरीक्षकलाई प्रदेश प्रहरी प्रमुखले,

(घ) प्रहरी कार्यालय सहयोगी देखी प्रहरी वरिष्ठ नायब निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई प्रहरी बरिष्ठ उपरीक्षक र आफ्नो क्षेत्र भित्र जिल्ला प्रहरी प्रमुखले।

(५) प्रहरी कर्मचारीको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. <u>काज सम्बन्धी व्यवस्था</u>ः (१) प्रहरी कर्मचारीलाई औचित्य र आवश्यकताका आधारमा काज खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई काज खटाउँदा कुनै एक स्थानमा बढीमा छ महिना खटाउन सकिनेछ ।

तर, पुनः सोही स्थान वा सो स्थानबाट अर्को स्थानमा काज खटाइने छैन।

(३) जिल्ला प्रहरी प्रमुखले आवश्यकता अनुसार प्रहरी निरीक्षकसम्मलाई आफ्नो क्षेत्रभित्र काजमा खटाउन सक्ने छ ।

(४) प्रहरी कर्मचारीको काज सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४७. <u>पदाधिकार कायम रहने</u>ः देहायको अवस्थामा प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछः

(क) आफ्नो पदमा कामकाज गरि रहँदासम्म,

(ख) सरुवा तथा काज भई कार्यभार समाल्न पाइने अवधिसम्म,

(ग) बिदामा बसेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) प्रदेश सरकारले कुनै काममा खटाएकोमा सो अवधिभर,

(च) माथिल्लो पदमा कायम मुकायम, कार्यवाहक वा निमित्त भई काम गरेको अवधिभर।

## परिच्छेद-९

## <u>प्रदेश प्रहरी कर्मचारीको बढुवा सम्बन्धी व्यवस्था</u>

४८. <u>प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा</u>ः प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्दा प्रहरी नायब महानिरीक्षकहरू मध्येबाट ज्येष्ठता, कार्यकुशलता, कार्यक्षमता, उत्तरदायित्व वहन गर्न सक्ने क्षमता, नेतृत्व प्रदान गर्न सक्ने कुशलता तथा आफू भन्दा मुनिका प्रहरीलाई प्रोत्साहन र परिचालन गर्न सक्ने सामर्थ्यको आधारमा प्रदेश सरकारले उपयुक्त देखेको उम्मेदवारलाई प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्नेछ।

४९. **बढुवा समिति**: (१) प्रदेश प्रहरी कर्मचारीहरुको देहायका पदमा बढुवाका लागि सिफारिस गर्न देहाय बमोजिमका बढुवा समिति रहनेछन्:

(क) प्रहरी नायब महानिरीक्षक र प्रहरी वरिष्ठ उपरीक्षक पदका लागि:

| | | |
|---|---|---|
| (१) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (२) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय | -सदस्य |
| (३) | प्रदेश प्रहरी प्रमुख | -सदस्य सचिव |

(ख) प्रहरी उपरीक्षक र प्रहरी नायब उपरीक्षक पदका लागिः

| | | |
|---|---|---|
| (१) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (२) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी नायब महानिरीक्षक | -सदस्य |
| (३) | महाशाखा प्रमुख (प्रहरी हेर्ने), मन्त्रालय | -सदस्य सचिव |

(ग) प्रहरी निरीक्षक, प्रहरी वरिष्ठ नायब निरीक्षक र प्रहरी नायब निरीक्षक पदका लागि:

| | | |
|---|---|---|
| (१) | प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय | -अध्यक्ष |
| (२) | महाशाखा प्रमुख (प्रहरी हेर्ने), मन्त्रालय | -सदस्य |
| (३) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक | -सदस्य सचिव |

(घ) प्रहरी सहायक निरीक्षक पदको लागि:

| | | |
|---|---|---|
| (१) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी नायब महानिरीक्षक | -अध्यक्ष |
| (२) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक | -सदस्य |
| (३) | प्रमुख, कर्मचारी प्रशासन शाखा, प्रदेश प्रहरी कार्यालय | -सदस्य सचिव |

(ङ) प्रहरी बरिष्ठ हवल्दार, प्रहरी हवल्दार र प्रहरी सहायक हवल्दार पदका लागि:

| | | |
|---|---|---|
| (१) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी वरिष्ठ उपरीक्षक, प्रदेश प्रहरी कार्यालय | -अध्यक्ष |
| (२) | प्रदेश प्रहरी प्रमुखले तोकेको प्रहरी नायब उपरीक्षक | -सदस्य |
| (३) | प्रमुख, कर्मचारी प्रशासन शाखा प्रदेश प्रहरी कार्यालय | -सदस्य सचिव |

(२) बढुवा समितिमा रहेका प्रहरी पदाधिकारी वा निजामती कर्मचारीको नजिकको नातेदार बढुवाको लागि सम्भाव्य उम्मेदवार रहेछ र त्यस्तो उम्मेदवारको बढुवा सिफारिस गर्नुपर्ने भएमा प्रहरी पदाधिकारीको हकमा प्रदेश प्रहरी प्रमुखले र निजामती कर्मचारीको हकमा मन्त्रालयको सचिवले त्यस्तो पदाधिकारीको सट्टा समान तहको अन्य पदाधिकारीलाई बढुवा समितिमा काम गर्ने गरी तोक्नेछ र सचिव वा प्रहरी

प्रमुखको हकमा मन्त्रालयको मन्त्रीले सो सरहको अन्य पदाधिकारीलाई बढुवा समितिको अध्यक्ष वा सदस्यको रुपमा काम गर्ने गरी तोक्नेछ ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले बाबु, आमा, सौतेनी आमा, पति, पत्नी, छोरा, छोरी, छोरा बुहारी, छोरी ज्वाईं, सम्धि, सम्धिनी, दाजु, भाउजु, भाइ, भाइ बुहारी, दिदि, दिदि भिनाजु, बहिनी, बहिनी ज्वाईं, नाति, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं, मामा, माइजू, भान्जा, भान्जी बुहारी, भान्जी, भान्जी ज्वाईं, भतिजा, भतिजा बुहारी, भतिजी, भतिजी ज्वाईं, सासु, ससुरा, देवर, देवरानी, नन्द, नन्दे भाई, आमाजू, आमाजू दाजु, जेठाजु, जेठान, जेठानी दिदि, साला, साला बहिनी, साली, साँढु भाई सम्झनुपर्छ ।

(३) बढुवा समितिले बढुवाका लागि सम्भाव्य उम्मेदवारहरु मध्ये सबै भन्दा बढी अंक प्राप्त गर्ने प्रहरी कर्मचारीलाई सोही अनुसार योग्यताक्रम कायम गरी बढुवाका लागि सिफारिस गर्नु पर्नेछ।

(४) बढुवा समितिले बढुवाका लागि सिफारिस गरेका प्रहरी कर्मचारीको प्राप्ताङ्क सहितको सिफारिस सूची सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

(५) प्रहरी सेवामा रिक्त हुन आई बढुवाद्वारा पदपूर्ति गर्नु पर्ने पदमा रिक्त भएको मितिले तीन महिनाभित्र बढुवाद्वारा पदपूर्ति गरी सक्नु पर्नेछ ।

५०. <u>बढुवाको सम्भाव्य उम्मेदवार हुने</u>: (१) प्रदेश प्रहरीको रिक्त पदमा बढुवाद्वारा पदपूर्ति हुने पदको लागि उम्मेदवार हुन बढुवा हुने पद भन्दा तल्लो पदमा न्यूनतम चार वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी अतिरिक्त महानिरीक्षकको पदमा बढुवा हुन न्यूनतम सेवा अवधिको हद लाग्ने छैन ।

(३) प्रदेश प्रहरी सेवाका प्रहरी अधिकृत कर्मचारीलाई तोकिएको माथिल्लो श्रेणीमा बढुवा गर्दा तोकिए बमोजिमको विशेष तालिम प्राप्त गरे पश्चात मात्र बढुवाको प्रयोजनको लागि सम्भाव्य उम्मेदवार मानिनेछ ।

५१. <u>बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने</u>: दफा ५० मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा र अवधिभर प्रहरी कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन।

(क) निलम्बन भएको अवधिभर,

(ख) बढुवा रोक्का गरिएको अवधिभर,

(ग) तलब बृद्धि रोक्का भएको अवधिभर,

(घ) तल्लो पदमा घटुवा भएको मितिले दुई वर्षसम्म,

(ङ) तलब बृद्धि घटुवा भएकोमा जति वर्षको तलब वृद्धि घटुवा भएको हो त्यति वर्षसम्म,

(च) सुरु स्केलमा घटुवा भएकोमा सो भएको मितिले एक वर्षसम्म,

(छ) बहाल रहेको पदमा तीन पटक भन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(ज) तोकिएको दर्जाको लागि तोकिएको सेवाकालीन तालिम पूरा नगरेमा वा अनुत्तिर्ण भएमा,

(झ) तोकिएको आधारभूत तालिम पूरा नगरेमा।

(ञ) कुनै कसूरको सम्बन्धमा मुद्दा दायर भएको अवस्थामा अदालतबाट सफाइ नपाएसम्म,

(ट) निजी प्रयासमा अध्ययन गर्नका लागि बिदामा बसेकोमा त्यस्तो बिदा अवधिभर।

५२. <u>बढुवाको आधारः</u> (१) बढुवा समितिले प्रहरी कर्मचारीलाई कार्यक्षमता बापत पाएको कुल अंकको आधारमा बढुवाका लागि सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य क्षमताको मूल्यांकन गर्दा देहाय बमोजिम बढीमा एक सय अंक दिइनेछ ।

| | | |
|---|---|---|
| (क) | कार्यसम्पादन मूल्यांकन बापत | - ४० अंक |
| (ख) | ज्येष्ठता बापत | - २५ अंक |
| (ग) | भौगोलिक क्षेत्रमा काम गरेको अनुभव बापत | - १५ अंक |
| (घ) | शैक्षिक योग्यता बापत | - ६ अंक |
| (ङ) | तालिम बापत | - ८ अंक |
| (च) | चुनौतिपूर्ण वा विशेष जिम्मेवारी बापत | - ६ अंक |
| | **कुल जम्मा** | **१०० अंक** |

(३) सम्भाव्य उम्मेदवारको कार्य सम्पादन मूल्यांकन बापत अंक गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवाको लागि सूचना प्रकाशित हुने दिन भन्दा अघिल्लो दिनसम्म हाँसिल गरेको अंक गणना गरिनेछ ।

(४) कार्यालय सहयोगी वा सो सरहका अन्य कर्मचारी पदको हकमा प्रत्येक पाँच-पाँच वर्षमा एक तह माथि स्तरवृद्धि हुनेछ ।

५३. <u>कार्य सम्पादन मूल्यांकनः</u> (१) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्यांकन गर्न तोकिए बमोजिमको ढाँचामा पक्का कालो मसी प्रयोग गरी फाराम भर्नु पर्नेछ ।

(२) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्यांकन आर्थिक वर्षको हिसाबले वार्षिक रुपमा गर्नु पर्नेछ ।

(३) प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्यांकनको कुल अंकको विभाजन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | सुपरीवेक्षकले दिन सक्ने अधिकतम अंक | - २५ |
| (ख) | पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम अंक | - १० |
| (ग) | पुनरावलोकन समितिले दिन सक्ने अधिकतम अंक | - ५ |

(४) बढुवाको प्रयोजनको लागि कार्यसम्पादन मूल्यांकनको अंक गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्यांकनको नम्बर जोडी औसतबाट हिसाब गरिनेछ ।

तर,

(क) यस ऐन बमोजिम कार्यसम्पादनको मूल्यांकन भएको अवस्था नरहेको र बढुवाको प्रयोजनको लागि कार्य सम्पादन बापतको अंक गणना गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम पछिल्ला आर्थिक वर्षहरुका कार्य सम्पादन मूल्यांकन बापत हुन आएको एकमुष्ठ अंकलाई पूर्णाङ्क चालिसमा परिणत गरी सोही बमोजिमको प्राप्ताङ्क निर्धारण गरिनेछ ।

(ख) बढुवाको लागि न्यूनतम सेवा अवधि आवश्यक नपर्ने पदमा कार्यरत प्रहरी कर्मचारीको हकमा बहाल रहेको पदमा चार वर्ष अवधि पुगेको भए पछिल्लो चार वर्ष र चार वर्ष अवधि नपुगेको भएमा बहाल रहेको पद भन्दा तल्लो पदमा कार्यरत रहेको नोकरी अवधि मध्ये पछिल्ला वर्षहरुको समेत गरी जम्मा चार वर्षको कार्य सम्पादन मूल्यांकन बापत प्राप्त अंक गणना गरिनेछ ।

(५) वैदेशिक अध्ययन वा वैदेशिक तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा त्यस्तो अवधिको कार्यसम्पादन मूल्यांकन बापत त्यस्तो अध्ययन वा तालिममा जानु भन्दा वा निलम्बन हुनु भन्दा तत्काल अघिल्लो वर्षको कार्य सम्पादन मूल्यांकन भएको रहेछ भने सोही वर्षको र त्यस्तो कार्य सम्पादन मूल्यांकन भएको रहेनछ भने हाजिर भएपछि भरेको कार्य सम्पादन मूल्यांकनमा जति अंक पाएको छ सोहि अनुपातमा अंक गणना गरिनेछ।

(६) सुपरिवेक्षकले आफू मातहतका प्रहरी कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन फाराममा प्रदान गरेको अंक सम्बन्धित प्रहरी कर्मचारीलाई जानकारी गराई निजलाई प्रदान गरेको अंक र उल्लेख भएको व्यहोरा समेतमा सहमत रहे/नरहेको उल्लेख गर्न लगाई सहिछाप गराई तोकिएको म्यादभित्र सम्बन्धित पुनरावलोकनकर्ता समक्ष पठाउनु पर्नेछ ।

(७) कुनै प्रहरी कर्मचारीको कार्यसम्पादन मूल्यांकन फाराममा प्रदान गरिएको अंक निजले सम्पादन गरेको काम तथा दक्षताको स्तरसँग अस्वाभाविक देखिन आएमा सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्तालाई सो उपर पूनः मूल्यांकन गरी पठाउनका लागि पुनरावलोकन समितिले त्यस्तो फाराम शिलबन्दी गरी फिर्ता पठाउन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त हुन आएको फाराममा सुपरिवेक्षक वा पुनरावलोकनकर्तालेे पूनः मूल्यांकन गरी सात दिनभित्र पुनरावलोकन समितिमा शिलबन्दी गरी पठाई सक्नु पर्नेछ ।

(९) कार्यसम्पादन मूल्यांकन फाराम समयमा नभर्ने र समयमा नपठाउने सुपरिवेक्षक प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिनेछ ।

(१०) बिना औचित्य तथा कारण अस्वाभाविक रुपमा अंक प्रदान गरेको पाईएमा पुनरावलोकन समितिले सम्बन्धित सुपरिवेक्षक र पुनरावलोकनकर्तालाई विभागीय कारबाहीको सिफारिस गर्न सक्नेछ ।

(११) सम्बन्धित प्रहरी कर्मचारीको सुपरिवेक्षण गर्ने अधिकार प्राप्त प्रहरी अधिकृतबाट मात्र त्यस्तो प्रहरी कर्मचारीको सुपरिवेक्षकको हैसियतले कार्यसम्पादन मूल्यांकन गर्ने अधिकार हुनेछ ।

(१२) कार्य सम्पादन मूल्यांकनमा सम्बन्धित प्रहरी कर्मचारीलाई चित्त नबुझेमा निवेदन दिई आफ्नो कार्य सम्पदान मूल्यांकन हेर्न पाउने व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१३) कुनै प्रहरी कर्मचारीले कार्यसम्पादन मूल्याङ्कनको एक अवधिभित्र एक भन्दा बढी सुपरीवेक्षकको मातहत काम गरेको अवस्थामा प्रत्येक सुपरीवेक्षकले निजको कार्यसम्पादन मूल्याङ्कन गरी सबैको औसत अंक सो अवधिको कार्यसम्पादन मूल्याङ्कन कायम गर्नु पर्नेछ ।

(१४) कार्य सम्पादन मूल्यांकन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५४. <u>ज्येष्ठताको अंकभार</u>ः प्रहरी कर्मचारीलाई ज्येष्ठता बापतको अंक दिँदा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि दुई दशमलब पाँच अंकका दरले बढीमा पच्चीस अंक दिइनेछ ।

तर,

(क) एक वर्ष भन्दा बढी चानचुन महिना वा दिनका लागि दामासाहीको हिसाबले अंक दिइनेछ ।

(ख) गयल कट्टी भएको र बेतलवी बिदामा बसेको अवधिको जेष्ठता बापतको अंक दिइने छैन ।

**५५.** <u>भौगोलिक क्षेत्रमा काम गरे बापतको अंकभार</u>: (१) प्रहरी कर्मचारीलाई भौगोलिक क्षेत्रमा काम गरे बापतको अंक दिँदा हाल बहाल रहेको पदमा काम गरेको अनुभव बापतको अंक तोकिए बमोजिम भौगोलिक क्षेत्रलाई क्रमशः क, ख, र ग तीन वर्गमा विभाजन गरी वार्षिक रुपमा देहाय बमोजिम अंक दिइनेछ:

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षको लागि ३ अंकका दरले,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २ अंकका दरले,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५ अंकका दरले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै एक भौगोलिक क्षेत्रमा कम्तिमा छ महिना वा सो भन्दा बढी अवधि रुजु हाजिर भई काम गरेको भए सोहि भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अंकको दामासाही हिसाबले र सो भन्दा कम अवधि काम गरेको भए जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "ग" वर्गको लागि तोकिएको अंक दिईनेछ ।

(३) प्रहरी सेवाबाट बर्खास्त भई पुनर्बहाली भएको वा निलम्बन भई त्यस्तो निलम्बन फुकुवा भएको प्रहरी कर्मचारीको हकमा निज रुजु हाजिर नभएको अवधिको "ग" वर्गको भौगोलिक क्षेत्रमा काम गरे बापतको अंक दिइनेछ ।

(४) अध्ययन बिदा वा संयुक्त राष्ट्र सङ्घीय शान्ति कार्यमा खटिएको र तीन महिना वा सो भन्दा बढी अवधिको लागि वैदेशिक तालिममा जाने प्रहरी कर्मचारीलाई "ग" वर्गको लागि तोकिएको अंक दिइनेछ ।

(५) भौगोलिक क्षेत्रमा काम गरे बापत पाउने अंक जुन पदमा बढुवा हुने हो सो पद भन्दा एक तह मुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ ।

(६) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडि भौगोलिक क्षेत्रमा काम गरे बापत यसै ऐन बमोजिम अंक गणना गरिनेछ ।

**५६.** <u>शैक्षिक योग्यता बापतको अंकभार</u>: बढुवाका लागि प्रहरी कर्मचारीलाई निजले हासिल गरेको शैक्षिक योग्यताको आधारमा देहाय बमोजिम बढीमा छ अंक दिइनेछ :

| शैक्षिक योग्यता | अंक |
|---|---|
| (क) हाल बहाल रहेको पदमा नयाँ नियुक्ति गर्दा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता बापत | ४ अंक |
| (ख) न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो तहको शैक्षिक योग्यता बापत थप | २ अंक |
| (ग) बढुवाद्वारा हालको पदमा बहाल रहेको प्रहरी कर्मचारीको हकमा खण्ड (क) बमोजिमको शैक्षिक योग्यता नभएमा सोभन्दा एक तह मुनीको शैक्षिक योग्यता बापत | २ अंक |

५७. <u>तालिम बापतको अंकभार</u>ः (१) प्रदेश प्रहरी सेवाको पदमा रहँदा लिएको देहाय बमोजिमको कुनै तीन तालिम बापत देहाय बमोजिम बढीमा आठ अंक दिइनेछ :

| | तालिमको किसिम | श्रेणी (क) | श्रेणी (ख) | श्रेणी (ग) |
|---|---|---|---|---|
| (क) | आधारभुत/सेवाकालिन तालिम बापत | २ अंक | १.५ अंक | १ अंक |
| (ख) | ट्याक्टिकल, अप्रेशेनल र स्ट्राटेजिक तहमा प्रदान गरिने प्रहरी कारबाही र नेतृत्व तालिम बापत प्रहरी कार्य, नेतृत्व र व्यवस्थापन प्रशिक्षण | ३ अंक | २ अंक | १ अंक |
| (ग) | विशिष्टीकृत तालिम | ३ अंक | २ अंक | १ अंक |

<u>स्पष्टीकरण</u>: यस खण्डको प्रयोजनको लागि "विशिष्टीकृत तालिम" भन्नाले अपराध अनुसन्धान तालिम, ट्राफिक व्यवस्थापन तालिम, लेखा तालिम, भीड नियन्त्रण तालिम, विपद व्यवस्थापन तालिम जस्ता क्षेत्रगत तालिमलाई जनाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी कर्मचारीलाई तालिम बापतको अंक दिँदा पन्ध्र कार्य दिन भन्दा कम अवधिको तालिमका लागि कुनै अंक दिइने छैन ।

(३) श्रेणी नखुलेको तालिम बापत कुनै प्रहरी कर्मचारीको अंक गणना गर्दा (ख) श्रेणी बराबरको अंक गणना गरिनेछ।

(४) कुनै प्रहरी कर्मचारीले यो ऐन प्रारम्भ हुनु भन्दा अघि हासिल गरेको तालिमको हकमा समेत उपदफा (१) बमोजिमको अंक दिइनेछ ।

(५) यस दफा बमोजिम तालिम बापत अंक प्रदान गर्दा बढुवा हुने पद भन्दा एक तह मुनिको पदमा गरेको तालिमको मात्र अंक गणना गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि हाल कार्यरत पदमा लिएको विशिष्टीकृत तालिम बापतको अंक दुई तह माथिको पदमा हुने बढुवाका लागि समेत गणना गरिनेछ।

(७) आधारभूत तालिम बापतको अंक हरेक पदको बढुवामा गणना गरिनेछ ।

(८) कुनै प्रहरी कर्मचारीले दुई वा दुई भन्दा बढी आधारभूत तालिम गरेको छ भने पछिल्लो आधारभूत तालिमको मात्र अंक गणना गरिनेछ ।

(९) आन्तरिक बढुवाद्वारा प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति भएका प्रहरी कर्मचारीहरूले प्राप्त गरेको अल्पकालीन आधारभूत तालिमलाई आधारभूत तालिम सरह मान्यता दिई बढुवामा अंक गणना गरिनेछ।

(१०) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५८. <u>चुनौतीपूर्ण तथा विशेष जिम्मेवारी बापतको अंकभार</u>ः (१) कुनै प्रहरी कर्मचारीले चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरे बापत अंक दिँदा देहाय बमोजिम बढीमा छ अंक दिइनेछः

(क) अति चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत - ६ अंक

(ख) मध्यमस्तरको चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापत - ४ अंक

(ग) सामान्य वा चुनौतीपूर्ण जिम्मेवारी बापत - २ अंक

(२) उपदफा (१) बमोजिम चुनौतीपूर्ण वा विशेष जिम्मेवारी बापतको अंक गणना गर्दा जुन पदमा रहँदा अंक प्राप्त गरेको हो सो पदबाट एक तह माथिको पदमा बढुवाको लागि मात्र अंक गणना गरिनेछ ।

(३) यस दफा बमोजिम अंक प्रदान गर्दा के कस्तो चुनौतीपूर्ण र विशेष जिम्मेवारी बापत अंक प्रदान गरिएको हो सो समेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(४) चुनौतिपूर्ण वा विशेष जिम्मेवारी बापत अंक दिने आधार, त्यस्तो मूल्याङ्कन गर्ने अधिकारी तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) यस ऐन बमोजिम कुन कुन क्षेत्रमा कार्य गर्ने प्रहरी कर्मचारीलाई चुनौतीपूर्ण वा विशेष जिम्मेवारी निर्वाह गरेको हो भन्ने विषयको निर्धारण मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम सम्पादन गरेको कार्यको मूल्याङ्कन दफा ५३ को उपदफा (२) बमोजिम वार्षिक रुपमा गर्नु पर्नेछ र सोही दफाको उपदफा (४) बमोजिम औसत रुपमा गणना गरिनेछ ।

५९. **बढुवा सम्बन्धी विशेष व्यवस्थाः**(१) देहाय बमोजिमको उत्कृष्ट कार्य गर्ने प्रहरी जवान देखि सहायक निरीक्षकसम्मका प्रहरी कर्मचारीलाई दफा ४९ को उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) बमोजिमको बढुवा समितिले एक तह माथिको रिक्त पदमा बढुवाको लागि सिफारिस गर्न सक्नेछ :

(क) राष्ट्र तथा प्रहरी संगठनको मान, प्रतिष्ठा र गौरव बढाउन प्रशंसनीय, सिर्जनात्मक र लगनशील भई कार्य गरेको,

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा उत्कृष्ट कार्य गरी राष्ट्र र प्रहरी सङ्गठनको छवी उच्च राख्न विशेष योगदान पुऱ्याएको,

(ग) प्रदेश प्रहरी सेवामा रही कर्तव्य पालनाको सिलसिलामा वीरगति प्राप्त गरेको वा शारीरिक रूपमा अशक्त भई सेवाबाट अवकाश लिनु पर्ने अवस्था भएको ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका कर्मचारीलाई प्रदेश प्रहरी कार्यालयले सो बमोजिम बढुवा गरी त्यसरी बढुवा गरिएका प्रहरी कर्मचारीको नाम, पद, बढुवा गर्नु पर्ने आधार र औचित्य सहितको लिखित विवरण बढुवा गरेको पन्ध्र दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ ।

६०. **स्वतः बढुवा सम्बन्धी व्यवस्थाः** (१) एउटै पदमा पाँच वर्ष सेवा अवधि पूरा गरेका र कार्यसम्पादनमा प्रतिकूल टिप्पणी नभएका प्रहरी जवान देखि प्रहरी उपरीक्षक दर्जासम्मका प्रहरी कर्मचारी अनिवार्य अवकाश हुने भएमा अवकाश हुनु भन्दा एक महिना अघि त्यस्ता प्रहरी कर्मचारीलाई स्वतः एक तह माथिको पदमा बढुवा गरिनेछ।

(२) उपदफा (१) बमोजिम बढुवा गर्नका लागि स्वतः विशेष पद सिर्जना हुनेछ र त्यस्तो प्रहरी कर्मचारी अवकाश भएपछि उक्त पद स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) बमोजिम बढुवा भएको प्रहरी कर्मचारीलाई बढुवा हुनु भन्दा अघिको पदबाट अवकाश हुँदा पाउने सुविधा भन्दा घटी नहुने गरी बढुवा भएको पद अनुसारको सुविधा दिइनेछ ।

६१. **मानार्थ बढुवा सम्बन्धी व्यवस्थाः** (१) विगत पाँच वर्षसम्मको कार्यसम्पादन मूल्याङ्कनमा प्रतिकूल टिप्पणी नभएको र दफा (६०) बमोजिम स्वतः बढुवाको लागि तोकिएको अवधि पूरा नगरी अनिवार्य अवकाश हुन लागेको प्रहरी जवानदेखि प्रहरी उपरीक्षक दर्जासम्मका प्रहरी कर्मचारीलाई अवकाश हुनु भन्दा एक महिना अघि अख्तियारवालाले एक तह माथिको पदमा मानार्थ बढुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मानार्थ बढुवा हुने प्रहरी कर्मचारीले दर्ज्यानी चिह्न प्रयोग गर्न पाउनेछ तर त्यसरी बढुवा हुने प्रहरी कर्मचारीले मानार्थ बढुवा भएको पद बापतको सुविधा पाउने छैन ।

६२. **बढुवा उपरको उजुरीः** बढुवा उपरको उजुरी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१०

## प्रदेश प्रहरी सेवाका कर्मचारीको अवकाश, उपदान र निवृत्तिभरण

६३. **अनिवार्य अवकाशः**(१) देहायका प्रहरी कर्मचारीले देहाय बमोजिमको कुनै एक आधारमा सरकारी सेवाबाट अनिवार्य अवकाश पाउनेछ :

(क) देहायको पदमा बहाल रहेका प्रहरी कर्मचारीको देहाय बमोजिम उमेर पूरा भएमाः

| | |
|---|---|
| (१) प्रहरी अतिरिक्त महानिरीक्षक | -५८ वर्ष |
| (२) प्रहरी नायब महानिरीक्षक | -५८ वर्ष |
| (३) प्रहरी वरिष्ठ उपरीक्षक वा प्रहरी उपरीक्षक | -५८ वर्ष |
| (४) प्रहरी नायब उपरीक्षक | -५५ वर्ष |
| (५) प्रहरी निरीक्षक | -५५ वर्ष |
| (६) प्रहरी वरिष्ठ नायब निरीक्षक | -५५ वर्ष |
| (७) प्रहरी नायब निरीक्षक | -५५ वर्ष |
| (८) प्रहरी सहायक निरीक्षक | -५५ वर्ष |
| (९) प्रहरी वरिष्ठ हवल्दार, प्रहरी हवल्दार, प्रहरी सहायक हवल्दार र प्रहरी जवान | -४८ वर्ष |
| (१०) प्रहरी कार्यालय सहयोगी | -४८ वर्ष |

(ख) देहायका पदमा देहायको अवधिसम्म बहाल रहेको प्रहरी कर्मचारीले सो अवधि भुक्तान गरेको आधारमाः

| | |
|---|---|
| (१) प्रहरी अतिरिक्त महानिरीक्षक | -३ वर्ष |
| (२) प्रहरी नायब महानिरीक्षक | -५ वर्ष |
| (३) प्रहरी वरिष्ठ उपरीक्षक | -६ वर्ष |
| (४) प्रहरी उपरीक्षक | -१० वर्ष |

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि कायम मुकायम मुकरर भएको अवधि गणना गरिने छैन ।

तर, तल्लो पदमा नोकरीको अवधि लागु हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागु हुनेछ ।

(ग) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राविधिक प्रहरी समूहमा कार्यरत देहायका प्रहरी  प्राविधिक कर्मचारीहरूको देहाय बमोजिम उमेर पूरा भएमाः

(१) प्रहरी नायब उपरीक्षक देखि माथि -५८ वर्ष

(२) प्रहरी निरीक्षक -५५ वर्ष

(३) प्रहरी हवल्दार देखि प्रहरी वरिष्ठ नायब निरीक्षक -५५ वर्ष

(२) यस दफाको प्रयोजनका निमित्त प्रहरी कर्मचारीको उमेरको हिसाब गर्दा देहाय बमोजिम गरिनेछः

(क) सेवामा प्रवेश गर्दा निजले पेश गरेको नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक विवरण (सिटरोल) मा जन्ममिति वर्ष, महिना र गते समेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकास हुन्छ सोही मितिको आधारमा,

(ख) वर्ष वा संवत् मात्र उल्लेख भएको प्रमाणपत्रका आधारमा जन्म मिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मिति, शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मिति र वैयक्तिक अभिलेख (सिटरोल) को हकमा सुरु भर्ना भएको मितिको आधारमा,

(ग) कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ र त्यस्तो प्रमाणपत्रमा उल्लिखित जन्म मितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा खुलेको जन्म मितिको आधारमा ।

तर, यसरी छुट्टाछुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्ष भन्दा बढी भएमा वर्षमात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा उपखण्ड (ख) बमोजिम जन्म मिति कायम गरिनेछ ।

(३) मिति २०४९।११।१५ भन्दा अघि प्रहरी सेवामा नियुक्ति भई उपदफा (१) को खण्ड (क) वा (ग) बमोजिम अवकाश प्राप्त गर्ने प्रहरी कर्मचारीको हकमा निज नियुक्ति हुँदा बहाल रहेको प्रहरी नियमावली बमोजिम अवकाश प्राप्त गर्न जति उमेर बाँकी रहेको छ सो अवधि निजले गरेको जम्मा नोकरी अवधिमा थपि निजले पाउने निवृत्तिभरणको हिसाब गरिनेछ ।

६४. **<u>स्वेच्छिक अवकाश</u>**ः निवृत्तिभरण पाउने अवधि पूरा गरी सकेको प्रहरी कर्मचारीले चाहेमा नियुक्ति गर्ने अधिकारीको अनुमतिले सेवाबाट स्वेच्छिक अवकाश लिन सक्नेछ ।

६५. <u>राजीनामा स्वीकृतः</u> प्रहरी कर्मचारीको राजिनामा स्वीकृत गर्ने र अवकाशको पत्र दिने अधिकार अख्तियारवालालाई हुनेछ ।

६६. <u>उपदानः</u> (१) पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेको तर दफा ६७ बमोजिम निवृत्तिभरण पाउने अवधि नपुगेको प्रहरी कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा देहाय बमोजिम उपदान पाउनेछः

(क) पाँच वर्ष भन्दा बढी दश वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्ष भन्दा बढी पन्ध्र वर्षसम्म नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्ष भन्दा बढी बीस वर्ष भन्दा कम नोकरी गरेको प्रहरी कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी कर्मचारीले सेवा पाउने वा सो सेवामा बहाल रहने उद्देश्यले नागरिकता वा उमेर वा योग्यता ढाँटेको प्रमाणित हुन आएमा त्यस्तो प्रहरी कर्मचारीलाई उपदान दिईने छैन ।

६७. <u>निवृत्तिभरणः</u> (१) बीस वर्ष वा सो भन्दा बढी समयसम्म प्रहरी सेवामा काम गरेका प्रहरी कर्मचारीले नोकरीबाट अवकाश पाएको मिति देखि निवृत्तिभरण पाउनेछ ।

(२) उपदफा (१) बमोजिम दिइने निवृत्तिभरणको हिसाब देहाय बमोजिम हुनेछः

(क) प्रहरी निरीक्षकदेखि प्रहरी अतिरिक्त महानिरीक्षकको निमित्तः-

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलब}}{५०}$$

(ख) प्रहरी वरिष्ठ नायब निरीक्षक र सोभन्दा मुनिका प्रहरी कर्मचारीको निमित्तः-

$$\frac{\text{जम्मा नोकरी वर्ष} \times \text{आखिरी तलब}}{४०}$$

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानून बमोजिम प्रदेश प्रहरी सेवामा समायोजन भई आएका प्रहरी कर्मचारीले साविकको सेवा शर्त सम्बन्धी कानून बमोजिम निवृतिभरण पाउनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलब स्केलको शुरु अंकको आधा भन्दा कम र अधिकतम रकम समान पदको बहालवाला प्रहरी कर्मचारीको तलबको शुरु स्केल भन्दा बढी हुने छैन।

(५) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा निवृत्तिभरणको लागि आवश्यक पर्ने सेवा अवधि पुर्याउन चाहिने वर्ष थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिईनेछ ।

(६) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएको प्रहरी कर्मचारीले यस ऐन बमोजिमको निवृत्तिभरण पाउने छैन ।

६८. <u>निवृत्तिभरणमा वृद्धि:</u> बहालवाला प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अंकमा जति वृद्धि भएको छ, त्यसको दुई तिहाई रकम समान पदका सेवा निवृत्त प्रहरी कर्मचारी र अमर प्रहरीका परिवार समेतको निवृत्तिभरण रकममा थप गरिनेछ ।

६९. <u>पारिवारिक निवृत्तिभरण र उपदान:</u> (१) कुनै प्रहरी कर्मचारीको सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा निजको परिवारलाई वा निजको नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई दफा ६६ वा दफा ६७ मा लेखिए बमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ ।

तर, निवृत्तिभरणको हकमा यस्तो निवत्तिभरण सात वर्ष भन्दा बढी समय प्राप्त हुने छैन । निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको प्रहरी कर्मचारीको परिवार वा नाबालक भाइ वा अविवाहित दिदी बहिनीलाई सात वर्ष पुगेपछि यस्तो निवृत्तिभरण प्राप्त हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख भएतापनि निवृत्तिभरण पाउने व्यक्ति नाबालक रहेछ भने निज अठार वर्षको उमेर नभएसम्म त्यस्तो निवृत्तिभरण पाउनेछ।

(३) प्रहरी कर्मचारीको विधुर पति वा विधवा पत्नीले निजको पति वा पत्नी सेवामा छँदै वा निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भई उपदफा (१) बमोजिम पारिवारिक निवृत्तिभरण पाउने भएमा सो निवृत्तिभरण पाउने अवधि भुक्तान भएको मिति देखी र त्यस्तो निवृत्तिभरण नपाउने भएमा वा निजको पति वा पत्नीले

निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निजको मृत्यु भएको मिति देखि जीवनभर निजले पाउने निवृत्तिभरणको आधा रकम पाउनेछ ।

(४) बहालवाला प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अंकमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम उपदफा (१), (२) र (३) अनुसार पारिवारिक निवृत्तिभरण पाईरहेका व्यक्तिले खाईपाई आएको पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ ।

(५) कुनै प्रहरी कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारको सदस्यहरु मध्ये यस ऐन बमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तिभरण वा उपदान दिँदा मृतक प्रहरी कर्मचारीले आफ्नो परिवारका सदस्य मध्येमा वा नाबालक भाइ वा अविवाहिता दिदी बहिनीलाई इच्छाएको नभए सो रकम निजको परिवारको सदस्य मध्ये प्रचलित कानून बमोजिमको हकवालालाई दिईनेछ।

७०. <u>अशक्त वृत्तिः</u> (१) कुनै प्रहरी कर्मचारी आफनो पदको कर्तव्य पालना गर्दा वा तालिमको सिलसिलामा दुर्घटना वा आघातमा परी अङ्गभङ्ग भई वा चोटपटक लागि शारीरिक वा मानसिक रुपमा प्रहरी सेवामा बहाल रहन अशक्त भएमा त्यस्तो प्रहरी कर्मचारीले निजको जीविकाको निमित्त बाँचुन्जेलसम्म अशक्तवृत्तिको रुपमा उपदफा (२) मा लेखिए बमोजिम निवृत्तिभरण सहित उपदफा (४) मा लेखिए बमोजिमको अशक्त भत्ता पाउनेछ।

<u>स्पष्टीकरणः</u> यस उपदफाको प्रयोजनका लागि "मानसिक रुपमा अशक्त" भन्नाले प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डबाट मानसिक रुपमा अशक्त भई प्रहरी सेवामा काम काज गर्न असक्षम भनी सिफारिस गरेको व्यक्ति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम अशक्त भएको प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि पुगेको भए निजले (कायम मुकायम, कार्यवाहक वा निमित्त भई काम गरेको भए सो को समेत) तत्काल खाईपाई आएको तलबले दफा ६७ को उपदफा (२) बमोजिम हिसाब गरी हुन आउने रकम बराबर अशक्त निवृत्तिभरण पाउनेछ।

(३) अशक्त प्रहरी कर्मचारीको सेवा अवधि निवृत्तिभरण पाउने अवधि भन्दा घटी भएमा यस ऐन बमोजिम निवृत्तिभरण पाउने वर्ष पुर्याउन नपुग प्रत्येक पूरा वा चानचुन वर्षको निमित्त दामासाहीबाट कट्टी गरी बाँकी हुन आउने रकम निवृत्तिभरण बापत पाउनेछ तर यसरी कट्टी गर्दा एक तिहाई भन्दा बढी रकम कट्टी गरिने छैन ।

(४) प्रहरी कर्मचारीले अशक्तता बापत उपदफा (२) र (३) बमोजिम पाउने अशक्त निवृत्तिभरणको अतिरिक्त थप पाउने मासिक अशक्त भत्ताको रकम निजले

खाईपाई आएको तलबको बीस प्रतिशत बराबर हुनेछ र गम्भिर रुपमा अशक्त प्रहरी कर्मचारीको हकमा निजको जीवनभर निजले खाइपाई आएको अशक्त भत्ताको बीस प्रतिशत रकम कुरुवा खर्चको रुपमा थप सुविधा समेत दिईनेछ ।

तर, अशक्तवृत्ति पाएका वा पाउने ठहरिएका प्रहरी कर्मचारीले पछि कुनै सेवामा पुनः प्रवेश पाएमा निजले यस ऐन बमोजिमको अशक्तवृत्ति पाउने छैन र पाईसकेको अशक्तवृत्ति रकम भने फिर्ता गर्नु पर्ने छैन ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारी गम्भिर रूपमा अशक्त भएमा त्यस्तो प्रहरी कर्मचारीलाई एक तह पदोन्नति गरी सेवाबाट अवकाश दिईनेछ र निजले उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म खाईपाई आएको पूरा तलब पाउनेछ।

<u>स्पष्टिकरणः</u> यस उपदफाको प्रयोजनको लागि "गम्भिर रूपमा अशक्त" भन्नाले हतियारधारी समूहको कारवाही वा कुनै प्रकारको सशस्त्र मुठभेड वा आक्रमण, विस्फोटन वा हतियारधारी समूह वा त्यस्तै अन्य समूह विरुद्धको कारबाहीमा खटिएका बखत कुनै आकस्मिक दुर्घटनामा परी वा लडी वा कुनै प्रकारको हतियारको चोटबाट प्रहरी सेवाको निमित्त काम गर्न अशक्त भएको अवस्था सम्झनुपर्छ।

(६) उपदफा (५) बमोजिम पूरा तलब पाउने अवधि व्यतित भए पछि निवृत्तिभरण पाउने अवधि भन्दा कम सेवा अवधि भएको प्रहरी कर्मचारीले निवृत्तिभरण पाएको अवधिसरह र निवृत्तिभरण पाउने अवधिभन्दा बढी सेवा अवधि भएको प्रहरी कर्मचारीले सोही बमोजिम निवृत्तिभरण पाउनेछ ।

(७) उपदफा (१) वा (५) बमोजिम चोटपटक लाग्न गई उपचार गराउँदा लाग्ने खर्चको पूरा रकम सम्बन्धित प्रहरी कर्मचारीले पाउनेछ र यस्तो उपचार खर्च प्रहरी कर्मचारीले दफा ७६ बमोजिम पाउने औषधी उपचार खर्चमा कट्टा गरिने छैन ।

(८) उपदफा (५) बमोजिम सुविधा पाएको अवधिमा समान पदको बहालवाला प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अंकमा जति रकम वृद्धि भएको छ सोही बराबरको रकम अवकाश प्राप्त प्रहरी कर्मचारीले पाउने तलब रकममा समेत वृद्धि हुनेछ ।

(९) उपदफा (१), (२), (३), (४) र (५) बमोजिम सुविधा पाएको अवकाश प्राप्त प्रहरी कर्मचारीको मृत्यु भएमा त्यस्तो सुविधा पाएको सात वर्ष नपुगेसम्म निजको परिवारले निजले पाए सरह नै सम्पूर्ण सुविधा पाउनेछ र सात वर्ष पुगे पछि दफा ६९ बमोजिम निवृत्तिभरण पाउनेछ ।

(१०) बहालवाला प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा समान स्तरको प्रहरी कर्मचारीको तलबको सुरु अंकको रकममा जति प्रतिशत वृद्धि भएको छ सोही प्रतिशतले यस दफा बमोजिमको अशक्त वृत्तिको रकममा समेत वृद्धि हुनेछ ।

(११) अशक्तवृत्ति प्रदान गर्ने प्रयोजनको लागि मन्त्रालयले अशक्तताको प्रमाणपत्र प्रदान गर्नेछ ।

७१. <u>असाधारण पारिवारिक निवृत्तिभरण र उपदानः</u> (१) कुनै प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालना गर्दा वा तालिम लिँदा कुनै चोटपटक लागी तत्कालै मृत्यु भएमा वा त्यसैको कारणबाट निको नहुँदै मृत्यु भएमा निजको नोकरी जतिसुकै वर्ष पुगेको भएतापनि मृतक प्रहरी कर्मचारीको परिवारको सदस्य मध्ये दफा ७० को उपदफा (५) बमोजिमको व्यक्तिलाई त्यस्तो प्रहरी कर्मचारीले खाइपाई आएको तलबको आधा पारिवारिक निवृत्तिभरण र देहाय बमोजिम असाधारण पारिवारिक उपदान समेत दिइनेछः

(क) दश वर्षसम्मको सेवा अवधि नपुग्दै मृत्यु भएमा निजले खाइपाई आएको छ महिनाको तलब बराबरको रकम,

(ख) दश वर्ष देखि बीस वर्षसम्मको सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको नौं महिनाको तलब बराबरको रकम,

(ग) बीस वर्ष भन्दा बढी जतिसुकै सेवा अवधि पूरा गरी मृत्यु भएमा निजले खाइपाई आएको एक वर्षको तलब बराबरको रकम ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारी आफ्नो कर्तव्य पालनाको सिलसिलामा मृत्यु भएमा मृतक प्रहरी कर्मचारीलाई मरणोपरान्त एक तहमाथिको पदमा पदोन्नति दिई सोही पद अनुसारको पूरा तलब निजको परिवारले त्यस्तो प्रहरी कर्मचारीको उमेरको हदले अवकाश प्राप्त गर्ने अवधि ननाघ्ने गरी बढीमा सात वर्षसम्म पाउनेछ।

<u>स्पष्टिकरणः</u> यस उपदफाको प्रयोजनको लागि "कर्तव्य पालनाको सिलसिलामा भएको मृत्यु" भन्नाले हतियारधारी समूहको कारबाही वा अन्य कुनै प्रकारको सशस्त्र मुठभेड वा आक्रमण वा विस्फोटन वा हतियारधारी समूह वा त्यस्तै अन्य समूह विरुद्धको कारबाहीमा वा विपद उद्धारमा खटिएका बखत वा प्रचलित कानून बमोजिम ड्युटिमा खटिएको अवस्थामा भीर, पहरा, खोलानालामा लडी वा कुनै पनि प्रकारको हतियारको चोटबाट वा कुनै आकस्मिक दुर्घटनामा परी तत्कालै वा सोही कारणले निको नभई मृत्यु भएको अवस्था सम्झनुपर्छ।

(३) उपदफा (२) बमोजिम पूरा तलब पाउने अवधि व्यतित भएपछि मृतक प्रहरी कर्मचारीको सेवा अवघि निवृत्तिभरण पाउने अवधि भन्दा कम भएमा निवृत्तिभरण

पाउने अवधि सरह र निवृत्तिभरण पाउने अवधि भन्दा बढी सेवा अवधि भएमा सोही बमोजिम मृतक प्रहरी कर्मचारीको परिवारले निवृत्तिभरण पाउनेछ।

(४) यस दफा बमोजिम असाधारण पारिवारिक निवृत्तिभरण त्यस्तो प्रहरी कर्मचारीको विधुर पति वा विधवा पत्नी, बाबु, आमा भए आजीवन र छोरा वा अविवाहित छोरी भए एक्काईस वर्षको उमेर पूरा नगरेसम्म वा सरकारी सेवामा प्रवेश गरेको भएमा जुन अगाडि हुन्छ सो मितिसम्म पाउनेछ ।

तर, त्यस्तो प्रहरी कर्मचारीको विधुर पति वा विधवा पत्नीले अर्को विवाह गरेमा निजले त्यस्तो निवृत्तिभरण सुविधा पाउने छैन ।

(५) उपदफा (२) बमोजिम प्रहरी कर्मचारीको परिवारले तलब पाईरहेको अवस्थामा बहालवाला प्रहरी कर्मचारीको तलबमानमा वृद्धि भएमा प्रहरी कर्मचारीको परिवारले पाउने तलबमा समेत सोही बमोजिम वृद्धि हुनेछ ।

७२. **सन्ततिवृत्ति र शैक्षिक वृत्ति**: (१) कुनै प्रहरी कर्मचारी दफा ७१ बमोजिमको अवस्था परी आजीवन काम गर्न नसक्ने गरी अशक्त भएमा वा दफा ७० बमोजिमको अवस्था परी मृत्यु भएमा त्यस्तो प्रहरी कर्मचारीको बढीमा दुई सन्ततिलाई तोकिए बमोजिम सन्ततिवृत्ति दिईनेछ।

(२) उपदफा (१) बमोजिमको सन्ततिवृत्ति छोरा वा अविवाहित छोरी भए एक्काइस वर्षको उमेर पूरा गरेको वा सरकारी सेवामा प्रवेश गरेको जुन अगाडि हुन्छ सो मितिसम्म सम्म पाउनेछ।

(३) कुनै प्रहरी कर्मचारी दफा ७० बमोजिम अशक्त भएमा वा दफा ७१ बमोजिम मृत्यु भएमा त्यस्तो अशक्त वा मृतक प्रहरी कर्मचारीको बढीमा दुई सन्ततिलाई अठार वर्षको उमेर पूरा नभएसम्म उपदफा (१) बमोजिमको सन्ततिवृत्तिको अतिरिक्त तोकिए बमोजिमको शैक्षिकवृत्ति समेत दिईनेछ ।

७३. **एक मात्र निवृत्तिभरण पाउने**: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारीको परिवारलाई दफा ६९, दफा ७० वा दफा ७१ बमोजिम प्राप्त हुने पारिवारिक निवृत्तिभरण मध्ये कुनै एक पारिवारिक निवृत्तिभरण मात्र प्राप्त हुनेछ ।

७४. **निवृत्तिभरण सम्बन्धी कार्यविधि:** निवृत्तिभरण तथा उपदान सम्बन्धी अन्य व्यवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ।

७५. **नोकरी अवधिको गणना:** (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा प्रहरी सेवाको कुनै पदमा स्थायी नियुक्ति भई नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको भए सो टुटेको अवधि कटाई) र प्रदेश प्रहरी सेवामा समायोजन वा नियुक्ति भई नोकरी गरेको जम्मा अवधि समेत गणना गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अवकाश पाईसकेको व्यक्ति अदालतको फैसला वा यस ऐन बमोजिम हुने विभागीय सजाय उपर परेको पुनरावेदनमा भएको निर्णय बमोजिम प्रहरी सेवा वा पदमा पुनः बहाली भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उपदफा (१) बमोजिम नोकरी अवधि गणना गर्दा निलम्बन रहेको अवधिलाई समेत गणना गरिनेछ ।

७६. <u>औषधी उपचार खर्चः</u> (१) प्रहरी कर्मचारीले सेवा अवधिभर प्रहरी अधिकृत भए बाह्र महिना बराबरको र प्रहरी जवान देखि प्रहरी वरिष्ठ नायब निरीक्षकसम्मको प्रहरी भए अठार महिना बराबरको खाइपाई आएको तलब रकमसम्म उपचार खर्च बापत तोकिए बमोजिम पाउनेछ।

(२) कुनै प्रहरी कर्मचारी वा निजको परिवारको सदस्य बिरामी भएमा उपदफा (१) बमोजिम पाउने रकममा नबढ्ने गरी देहाय बमोजिम भएको खर्चको रकम दिईनेछः

(क) रोगको उपचारको निमित्त स्वीकृत चिकित्सकले जाँच गर्दा लागेको प्रेस्क्रिप्सन बमोजिम खरिद गरेका औषधी खर्च,

(ख) स्वास्थ्य संघ संस्थामा भर्ना हुँदा र उपचार गराउँदा लागेको बिल बमोजिमको खर्च,

(ग) अस्पताल र स्वीकृत चिकित्सक पनि नभएको ठाउँमा भएको उपचारमा सम्बन्धित कार्यालयको प्रमुखले, कार्यालय प्रमुखको हकमा तालुक कार्यालयको प्रमुखले र प्रहरी महानिरीक्षकको हकमा मन्त्रालयको सचिवले सिफारिस गरेको खर्च,

(घ) प्लाष्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सर्जिकल अप्रेशन) गर्दा लागेको बिल बमोजिमको खर्च,

(ङ) चश्मा, दाँत, हेयरिङ्एड आदि उपकरणको लागि प्रदेश सरकारले समय समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकममा लागेको बिल बमोजिमको खर्च,

(च) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दा र फर्कंदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पुरै रकम र खाना खर्च बापत निज बिरामी प्रहरी कर्मचारीले पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "स्वीकृत चिकित्सक" भन्नाले सरकारी सेवामा रहेको वा प्रचलित कानून बमोजिम चिकित्सकका रुपमा दर्ता भएका मेडिकल वा आयुर्वेद डाक्टरलाई सम्झनुपर्छ ।

(३) सरकारी कामको सिलसिलामा खटिँदा चोटपटक लाग्न गई त्यस्तो चोटपटकको नेपालभित्र औषधी उपचार हुन नसक्ने भनि प्रदेश सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेको प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई प्रदेश सरकारले उचित ठहर्याएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पाउने उपचार खर्च कुनै प्रहरी कर्मचारीले पेश्कीको रुपमा लिन चाहेमा र सोको कारण मनासिब देखिए यस दफाको अधीनमा रही पछि हिसाब बुझाउने गरी पेश्की रकम दिन सकिनेछ र त्यसरी पेश्की दिएको रकमको हिसाब गर्दा उपचार बापत पाउने रकम भन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित प्रहरी कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ ।

त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तान नहुँदै सम्बन्धित प्रहरी कर्मचारी वा निजको परिवारको सदस्यको मृत्यु भएमा सो कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ ।

(५) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएकोमा बाहेक अन्य अवस्थामा सेवाबाट अलग हुने प्रहरी कर्मचारीले यस दफा बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्च मध्ये केही रकम लिई वा नलिई उपचार खर्च लिन बाँकी भएको भए त्यस्तो बाँकी रकम एकमुष्ठ लिन पाउनेछ ।

(६) निवृत्तिभरण पाउने गरी सेवाबाट अवकाश पाएको प्रहरी कर्मचारीले उपदफा (५) बमोजिमको रकम र पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने उपदफा (१) बमोजिम पाउने उपचार खर्चमा थप दश प्रतिशत रकम निजले नोकरीबाट अलग हुँदा एकमुष्ट लिन पाउनेछ ।

(७) कुनै प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त गरिएकोमा बाहेक अरु जुनसुकै व्यहोराबाट सेवाबाट अलग भएमा पनि दश वर्षको सेवा अवधि मानी त्यसको दामासाहीले यस दफा बमोजिमको उपचार खर्च दिइनेछ ।

(८) यस दफा बमोजिम स्वास्थ्य संस्थामा भर्ना भई वा विदेशमा गई उपचार गराउनु पर्दा बाहेक प्रहरी कर्मचारीलाई एक वर्षमा निजले खाइपाई आएको डेढ महिनाको तलब बराबरको रकम भन्दा बढी उपचार खर्च दिइने छैन ।

(९) यस दफा बमोजिम प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले प्रहरी कर्मचारीको व्यक्तिगत अभिलेख राखी प्रहरी किताबखानामा समेत पठाउनु पर्नेछ।

(१०) दुर्गम क्षेत्रमा रहेका प्रहरी कर्मचारी वा निजको परिवारलाई रोग लागि स्थानीय स्वास्थ्य केन्द्रबाट उपचार हुन नसकी ज्यान समेत जोखिम हुने अवस्था परेको कुरा जिल्ला स्वास्थ्य केन्द्रले सिफारिस गरेमा उपचारको सुविधा भएको ठाउँमा लैजाँदा र त्यहाँबाट फर्काउँदा लाग्ने खर्च प्रदेश सरकारले दिनेछ ।

(११) प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नावालक छोरा छोरी बिरामी भएमा यस ऐन बमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी बिल बमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशतसम्मको रकम सम्बन्धित कर्मचारीले लिन पाउनेछ ।

(१२) उपदफा (११) बमोजिमको उपचार खर्चको माग गर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेस्क्रिप्शन पेश गर्नु पर्नेछ र यस उपदफा बमोजिम पाउने उपचार खर्च एक पटकमा सम्बन्धित प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब भन्दा बढी हुने छैन ।

(१३) उपदफा (११) र (१२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रहरी कर्मचारीको सगोलको पति, पत्नी, आमा, बाबु वा छोराछोरी कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संगठित संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउने छैन।

(१४) झुट्टा व्यहोरा पेस गरी यस दफा बमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिनेछ र त्यस्तो झुट्टा व्यहोरा प्रमाणित गर्ने स्वीकृत चिकित्सकलाई कारबाही गर्न व्यवसायिक इजाजत दिने सम्बन्धित निकायमा लेखि पठाइनेछ साथै त्यस्तो चिकित्सक बहालवाला कर्मचारी भए निजलाई विभागीय कारबाही समेत हुनेछ।

७७. <u>तलबको उल्लेखः</u> (१) यस परिच्छेदमा जहाँ-जहाँ तलबको उल्लेख भएकोछ त्यसले सम्बन्धित प्रहरी कर्मचारीले तत्काल खाईपाई आएको तलब रकम (तलब वृद्धि समेत) लाई जनाउँछ ।

(२) दफा ६६, दफा ६७ को प्रयोजनको लागि "आखिरी तलब" भन्नाले प्रहरी कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थाको तलबलाई जनाउँछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै प्रहरी कर्मचारी निलम्बनमा रहेको भए त्यस्तो अवधिको निमित्त पनि पुरै तलबको हिसाब गरिनेछ।

७८. <u>सेवा सर्त तथा सुविधा परिर्वतनः</u> कुनै पनि प्रहरी कर्मचारीलाई निजको नियुक्ति हुँदाका बखत कायम रहेको तलब, उपदान, निवृत्तिभरण र त्यस्तै अन्य सुविधा सम्बन्धी सेवाका सर्तहरुमा निजलाई प्रतिकूल असर पर्ने गरी कुनै परिर्वतन गरिने छैन ।

७९. <u>योगदानमा आधारित उपदान वा निवृतिभरणः</u> (१) यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पछि यस ऐन बमोजिम नियुक्त हुने प्रहरी कर्मचारीको उपदान वा निवृतिभरणका लागि प्रदेश सरकारले प्रचलित कानून बमोजिम योगदानमा आधारित उपदान वा निवृतिभरणको व्यवस्था गर्नेछ ।

(२) योगदानमा आधारित उपदान वा निवृतिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-११

## <u>बिदा सम्बन्धी व्यवस्था</u>

८०. <u>बिदाः</u> (१) प्रहरी कर्मचारीले देहाय बमोजिमका बिदा पाउनेछन्:

(क) भैपरी आउने बिदा

(ख) घर बिदा

(ग) बिरामी बिदा

(घ) किरीया बिदा

(ङ) प्रसूति बिदा

(च) प्रसूति स्याहार बिदा

(छ) सट्टा बिदा

(ज) अध्ययन बिदा

(२) बिदा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८१. <u>भैपरी आउने बिदाः</u> (१) प्रहरी कर्मचारीले प्रत्येक वर्ष बाह्र दिनमा नबढाई भैपरी बिदा पाउनेछ।

(२) भैपरी आउने बिदा साधारणतः एक पटकमा बढीमा चार दिनसम्म लिन पाइनेछ ।

(३) एक वर्षको भैपरी आउने बिदा सञ्चित गरी अर्को वर्ष लिन पाइने छैन ।

(४) भैपरी आउने बिदामा बसेको प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

८२. <u>घर बिदाः</u> (१) प्रहरी कर्मचारीले प्रत्येक वर्ष तीस दिनका दरले घर बिदा पाउनेछ ।

(२) प्रहरी कर्मचारीले आफूले पाउने घर बिदा बढीमा एक सय असी दिनसम्म सञ्चित गरी राख्न पाउनेछ र एक सय असी दिन भन्दा बढी बिदा सञ्चित भएमा सञ्चित रहेको घर बिदा बापत निजले खाइपाई आएको तलबको दरले हुन आउने रकम हरेक वर्ष निजको पदाधिकार रहेको कार्यालयबाट भुक्तानी पाउनेछ ।

(३) प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अवकाश भएमा निजको सञ्चित रहेको घर बिदा बापत निजको पदाधिकार रहेको कार्यालयबाट खाइपाई आएको तलबको दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

(४) घर बिदामा बसेको प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ।

(५) निलम्बनमा रहेको प्रहरी कर्मचारीले सो अवधि भरको घर बिदा पाउने छैन।

(६) सञ्चित रहेको घर बिदाको रकम लिन नपाउँदै कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित घर बिदाको रकम दफा ६९ को उपदफा (५) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ।

८३. <u>बिरामी बिदा</u>: (१) आफ्नो पदको कर्तव्यपालन गर्दा चोटपटक लाग्न गई वा बिरामी हुन गई अस्पतालमा भर्ना भई उपचार गराउँदा लाग्ने दिन बाहेक प्रत्येक प्रहरी कर्मचारीले प्रत्येक वर्ष बाह्र दिन तलब, भत्ता र रासन सहित बिरामी बिदा पाउनेछ ।

(२) प्रहरी कर्मचारीले बिरामी बिदा सञ्चित गर्न सक्नेछ र जुनसुकै व्यहोराबाट निज सेवाबाट अलग भएमा निजको सञ्चित बिरामी बिदा बापत आफ्नो पदाधिकार रहेको पदबाट खाइपाई आएको मासिक तलबका दरले हुन आउने रकम एकमुष्ट लिन पाउनेछ। सञ्चित रहेको बिरामी बिदाको रकम लिन नपाउँदै कुनै प्रहरी कर्मचारीको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम दफा ६९ को उपदफा (५) बमोजिमको व्यक्तिले एकमुष्ट लिन पाउनेछ ।

(३) पाँच दिन भन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र बिना नै बिदा स्वीकृत गर्न सक्नेछ ।

(४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न सञ्चित बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा त्यस्तो प्रहरी कर्मचारीले बढीमा पैंतालीस दिनसम्म थप बिरामी बिदा पेश्कीको रुपमा पाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको पेश्की बिरामी बिदा त्यस्तो बिदा लिने प्रहरी कर्मचारीको सञ्चित रहेको वा पछि सञ्चित हुने घर बिदाबाट कट्टा गरिनेछ र त्यसरी कट्टा गर्दा प्रत्येक एक दिनको घर बिदाबाट दुई दिनको दरले पेश्की बिरामी बिदा कट्टा गरिनेछ ।

(६) निलम्बनमा रहेको प्रहरी कर्मचारीले सो अवधिभरको बिरामी बिदा पाउने छैन ।

८४. <u>किरिया बिदाः</u> (१) कुनै प्रहरी कर्मचारीले कुल धर्म अनुसार आफैं किरिया बस्नु परेमा वा त्यस्तो प्रहरी कर्मचारीको पति, पत्नी, बाबु, आमा, बाजे, बज्यै, छोरा, छोरी वा सासू ससुराको मृत्यु भएमा पन्ध्र दिन किरिया बिदा पाउनेछ र त्यस्तो बिदा लिएको विवरणको अभिलेख राख्नु पर्नेछ ।

(२) किरिया बिदामा बस्दा प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ।

(३) उपदफा (१) बमोजिम बिदा लिने प्रहरी कर्मचारीले बिदापछि कार्यालयमा हाजिर भए पछि मृत व्यक्तिको मृत्यु दर्ता प्रमाणपत्र र मृत व्यक्तिसँगको नाता प्रमाणित पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रमाणपत्र पेश नगर्ने प्रहरी कर्मचारीको त्यस्तो बिदाको अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

८५. <u>प्रसूति बिदाः</u> (१) महिला प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघि वा पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा पाउनेछ ।

(२) प्रसूति बिदा बस्ने महिला प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ।

(३) उपदफा (१) बमोजिम प्रसूति बिदा लिएका महिला प्रहरी कर्मचारीले चाहेमा कुनै पनि बिदाबाट कट्टी नहुने गरी थप तीन महिनासम्म बेतलबी प्रसूति बिदा लिन सक्नेछन र यस्तो बिदा लिँदा उपदफा (१) बमोजिमको बिदासँग लगातार रूपमा लिनु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको बिदाको विवरणको अभिलेख राख्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम बेतलवी बिदामा बसेको अवधि समेत निजको सेवा अवधिमा जोडिनेछ।

८६. <u>प्रसूति स्याहार बिदाः</u> (१) कुनै पुरुष प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा लिन पाउनेछ।

(२) प्रसूति स्याहार बिदा सेवा अवधिभरमा दुई पटक मात्र लिन पाइनेछ ।

(३) प्रसूति स्याहार बिदामा बस्ने प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र रासन पाउनेछ ।

(४) प्रसूति स्याहार बिदा लिएको प्रहरी कर्मचारीले बिदा लिएको मितिले तीन महिना भित्रमा बच्चाको जन्मदर्ता प्रमाणपत्र कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र त्यस्तो प्रमाणपत्र पेश नगर्ने प्रहरी कर्मचारीको त्यस्तो अवधि निजले पाउने अन्य बिदाबाट कट्टा गरिनेछ ।

(६) प्रसूति स्याहार बिदाको अभिलेख सम्बन्धित कार्यालयले अद्यावधिक गरी राख्नु पर्नेछ।

(७) प्रसूति बिदा तथा प्रसूति स्याहार बिदा पाएको प्रहरी कर्मचारीलाई बच्चाको स्याहारको निमित्त बढीमा दुई बच्चाका लागि प्रति बच्चा पाँच हजार रूपैयाँ शिशु स्याहार भत्ता दिइनेछ ।

८७. <u>सट्टा बिदाः</u> प्रहरी कर्मचारीले आफ्नो धर्म, संस्कृति अनुसार मनाउने प्रमुख चाडपर्वको बिदाको दिनमा काम गरे बापत बढीमा सात दिनमा नबढाई सट्टा तलबी बिदा पाउनेछ र त्यस्तो बिदा एक वर्षभित्रमा आलोपालो मिलाई कार्यालय प्रमुखबाट स्वीकृति भए बमोजिम लिनु पर्नेछ ।

८८. <u>अध्ययन बिदाः</u> (१) प्रदेश प्रहरीलाई उपयोगी र अति आवश्यक पर्ने विषयमा नेपाल सरकार वा प्रदेश सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा मन्त्रालयको स्वीकृति लिई खुल्ला प्रतियोगितामा वा अन्तर विभागीय प्रतियोगितामा छानिई वा नेपाल सरकार वा प्रदेश सरकारबाट मनोनयन भई अध्ययन गर्न जाने प्रहरी कर्मचारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ ।

(२) प्रहरी कर्मचारीले सेवा अवधि भरमा एकै पटक वा पटक पटक गरी तीन वर्षसम्म अध्ययन बिदा पाउनेछ । तर प्रदेश सरकारले आवश्यक ठानेमा अध्ययन बिदाको अवधिमा दुई वर्ष थप गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक प्रहरी समूह अन्तर्गत स्वास्थ्य उपसमूहका प्रहरी निरीक्षक वा सोभन्दा मुनिका दर्जामा खुल्ला प्रतियोगिताद्वारा नियुक्ति भएका प्रहरी कर्मचारीले सेवा अवधिभर एकै पटक वा पटक पटक गरी बढीमा छ वर्ष अध्ययन बिदा पाउन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अध्ययनका निमित्त मनोनयन भई अध्ययन बिदा लिई गएको प्रहरी कर्मचारीले थप बिषयमा अध्ययन गर्न वा थप उपाधि हासिल गर्नका निमित्त अध्ययन बिदा पाउने छैन ।

(५) उपदफा (३) बमोजिम अध्ययन बिदा लिएको प्रहरी कर्मचारीले अध्ययन पूरा गरी सेवामा हाजिर भएको तीन वर्ष पूरा नभई पुनःअध्ययन बिदा पाउने छैन ।

(६) अध्ययन बिदामा बसेको प्रहरी कर्मचारीले पूरा तलब पाउनेछ ।

(७) प्रदेश प्रहरीको सम्बन्धित सेवालाई उपयोगी र आवश्यक पर्ने बिषयमा विभागीय प्रमुखको सिफारिसमा प्रदेश सरकारको पूर्व स्वीकृति लिई निजी खर्चमा अध्ययन गर्न जाने प्रहरी कर्मचारीलाई उपदफा (२) बमोजिम अध्ययन बिदा दिन सकिनेछ ।

(८) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (७) बमोजिम अध्ययन बिदामा बस्ने प्रहरी कर्मचारीले अध्ययन बिदामा रहेको अवधिको तलब पाउने छैन ।

(९) कम्तिमा छ वर्ष सेवा अवधि नपुगेको प्रहरी कर्मचारीले अध्ययन बिदा पाउने छैन ।

(१०) अध्ययन बिदा लिने वा अध्ययन काज तालिममा बस्ने प्रहरी कर्मचारीले अध्ययन गर्न जानु भन्दा अघि त्यस्तो अध्ययन बिदा वा अध्ययन काज तालिम पूरा गरी फर्केर आई आफ्नो सेवामा देहाय बमोजिमको अवधिसम्म अनिवार्य रूपमा सेवा गर्नु पर्नेछ र यसरी अध्ययन बिदामा जानु अघि यस दफा बमोजिम सेवा गर्ने कबुलियतनामा गर्नु पर्नेछः

| | अध्ययनको अवधि | सेवा गर्नुपर्ने न्यूनतम अवधि |
|---|---|---|
| (क) | तीन महिनासम्म | एक वर्ष |
| (ख) | तीन महिनादेखि छ महिनासम्म | डेढ वर्ष |
| (ग) | छ महिनादेखि नौ महिनासम्म | दुई वर्ष |
| (घ) | नौ महिनादेखि एक वर्षसम्म | तीन वर्ष |
| (ङ) | एक वर्षदेखि दुई वर्षसम्म | पाँच वर्ष |
| (च) | दुई वर्षदेखि तीन वर्षसम्म | छ वर्ष |
| (छ) | तीन वर्षदेखि चार वर्षसम्म | सात वर्ष |
| (ज) | चार वर्ष वा सो भन्दा बढि अवधि | आठ वर्ष |

(११) अध्ययन बिदा लिई वा अध्ययन काज तालिममा गई फर्किएका प्रहरी कर्मचारीले उपदफा (१०) बमोजिमको अवधिसम्म अनिवार्य सेवा नगरेमा अध्ययन बिदा वा तालिम काज अवधिमा पाएको तलब भत्ता, अध्ययनको लागि नेपाल सरकार वा प्रदेश सरकारको तर्फबाट खर्च व्यहोरिएको भए सो खर्च तथा कवुलियतनामामा उल्लेख भएका अन्य रकम समेत निजबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(१२) कुनै योजना वा कार्यक्रमलाई कार्यान्वयन गर्नका निमित्त अत्यावश्यक तालिम प्राप्त गर्नका लागि प्रदेश सरकारले कुनै प्रहरी कर्मचारीलाई मनोनयन गरी खटाएमा त्यस्तो तालिम अवधिभर निजलाई काजको रूपमा पठाइनेछ र सो अवधिभर निजले पूरा तलब पाउनेछ ।

तर यस प्रकारको काज तालिमको निमित्त मात्र हुनु पर्नेछ र कुनै पनि प्रहरी कर्मचारीलाई शैक्षिक उपाधी हासिल गर्न पठाउँदा तालिम काज दिइने छैन ।

(१३) यस दफा बमोजिम अध्ययनका लागि एक पटक बेतलबी अध्ययन बिदा स्वीकृत भई सकेपछि सो बिदाको अवधिलाई तलबी अध्ययन बिदामा परिणत गरिने छैन।

८९. <u>बिदा दिने अधिकारी</u>ः (१) कार्यालय प्रमुखले भैपरी आउने बिदा वा बिरामी बिदा बस्नु पर्ने भएमा बिदा बसी तालुक कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) प्रहरी निरीक्षक र सोभन्दा माथिल्लो अधिकृत कार्यालय प्रमुख रहेको कार्यालयका प्रहरी कर्मचारीलाई सबै किसिमको बिदा र प्रहरी निरीक्षक र सोभन्दा माथिल्ला अधिकृतलाई भैपरी आउने बिदा, बिरामी बिदा र क्रिया बिदा सोही कार्यालय प्रमुखले दिन सक्नेछ ।

(३) प्रहरी निरीक्षक र सोभन्दा माथिल्लो प्रहरी अधिकृतलाई घर बिदा एक तह माथिको तालुक कार्यालयको प्रमुखले दिन सक्नेछ ।

(४) प्रहरी निरीक्षक भन्दा माथिल्लो तहको प्रहरी कर्मचारी कार्यालय प्रमुख रहेको कार्यालयको कर्मचारीलाई घर बिदा बाहेक अरू बिदा सोही कार्यालय प्रमुखले र घर बिदा एक तह माथिको तालुक कार्यालयको प्रमुखले दिन सक्नेछ ।

(५) प्रदेश प्रहरी कार्यालयको प्रहरी निरीक्षक र सो भन्दा माथिल्लो प्रहरी अधिकृतलाई भैपरी आउने र बिरामी बिदा सम्बन्धित शाखा प्रमुखले र अरू बिदा प्रदेश प्रहरी प्रमुख वा निजले तोकेको अधिकारीले दिन सक्नेछ ।

(६) प्रहरी कर्मचारीको अध्ययन बिदा प्रदेश प्रहरी कार्यालयको सिफारिसमा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ ।

९०. <u>बिदा लिने कार्यविधिः</u> (१) बिदा लिन चाहने प्रहरी कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानु पर्ने भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफु हाजिर रहेको कार्यालय मार्फत बिदा स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नु पर्छ र यस्तो दरखास्त प्राप्त भए पछि बिदा स्वीकृत गर्ने अधिकारीले बिदा स्वीकृत वा अस्वीकृत भएको कुराको सूचना सम्बन्धित प्रहरी कर्मचारीलाई दिनु पर्नेछ ।

(२) बिदाको लागि दरखास्त प्राप्त भए पछि बिदा दिने अधिकारीले परिस्थितिको विचार गरेर बिदा स्वीकृत वा अस्वीकृतको निर्णय गर्नेछ ।

(३) भैपरी आउने बिदाको हकमा बिदा स्वीकृत गर्ने अधिकारीले उपदफा (१) बमोजिम दरखास्त नदिए पनि मौखिक अनुरोधको आधारमा त्यस्तो बिदाको स्वीकृति दिन सक्नेछ।

(४) देहायमा लेखिए बमोजिमका कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले बिदाका लागि दरखास्त परेको मिति भन्दा अगाडि देखि लागू हुने गरी बिदा स्वीकृत गर्न सक्नेछः

(क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति लिइरहनु सम्भव नभएमा, वा

(ख) पूर्व स्वीकृतिका लागि निवेदकले सकभर प्रयास गरेको भएमा ।

९१. <u>बिदाको अभिलेखः</u> (१) बिदा दिने अधिकारीले आफ्नो मातहतका सबै प्रहरी कर्मचारीहरूको बिदाको अभिलेख किताब खडा गरी लगत राख्नु वा राख्न लगाउनु पर्नेछ।

(२) कुनै प्रहरी कर्मचारी एक ठाउँबाट अर्को ठाउँमा सरुवा भएमा निजको बिदाको लगतको प्रमाणित अभिलेख सरुवा भएको ठाउँमा पठाउनु पर्नेछ ।

९२. <u>बिदाको बीचमा पर्न जाने सार्वजनिक बिदा गाभिनेः</u> भैपरी आउने, घर बिदा र बिरामी बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको प्रहरी कर्मचारीले लिएको बिदा अवधिभित्र सार्वजनिक बिदा परेमा सो अवधि पनि निज कर्मचारीले लिएको बिदामा गाभिनेछ ।

९३. <u>तालिम अवधिमा बिदा नदिइनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि तालिम अवधिभर सार्वजनिक बिदा र क्रिया बिदा बाहेक साधारणतः अरू कुनै बिदा दिइने छैन।

९४. <u>बिदा अधिकारको कुरा होइनः</u> (१) प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दाबी गर्न पाउने छैन ।

(२) कामको अनुकूल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा स्वीकृत अथवा अस्वीकृत गर्न सक्ने तथा आवश्यक परेमा बिदामा बसेको प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

## परिच्छेद-१२

## <u>आचरण</u>

९५. <u>दान, दातव्य, उपहार लिन नहुनेः</u> (१) सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि प्रहरी कर्मचारी र निजको परिवारका सदस्य समेतले प्रदेश सरकारको पूर्व स्वीकृति बिना स्वदेशी वा विदेशी व्यक्ति वा संस्था कसैबाट पनि कुनै प्रकारको दान दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिनु हुँदैन ।

(२) प्रहरी कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले प्रदेश सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नुपर्छ ।

९६. <u>चन्दा लिन नहुनेः</u> प्रहरी कर्मचारीले कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन साथै कुनै अन्य किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

९७. **सम्पत्तिको विवरण पेश गर्नुपर्नेः** (१) प्रत्येक प्रहरी कर्मचारीले प्रदेश सरकारले तोकेको ढाँचामा आफ्नो सम्पत्ति विवरण भरी आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र सम्बन्धित कार्यालय मार्फत किताबखानामा बुझाउनु पर्नेछ ।

(२) प्रदेश प्रहरी सेवामा नयाँ नियुक्ति भएको प्रहरी कर्मचारीले नियुक्ति भएको साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले प्रदेश सरकारको पूर्व स्वीकृति नलिई कुनै बैंक वा कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालनको काममा भाग लिन र प्रचलित कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन।

९८. **सरकारी कामकाज सम्बन्धी कुराहरु प्रकाशन गर्नमा प्रतिबन्धः** (१) प्रहरी कर्मचारीले प्रदेश सरकारद्वारा अथवा विशेष रुपबाट अख्तियार नपाई आफूले सरकारी कर्तव्यको पालना गर्दा जुनसुकै माध्यमबाट प्राप्त गरेको वा आफूले लेखेको अथवा सङ्कलन गरेको कुनै कागजपत्र, सूचना वा जानकारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई जानकारी दिन हुँदैन ।

(२) उपदफा (१) मा लेखिएको कुरा जुनसुकै कारणले अवकाश प्राप्त गरेको प्रहरी कर्मचारीको हकमा समेत लागु हुनेछ ।

९९. **संचार माध्यमसँग अनधिकृत सम्पर्क राख्न नहुनेः** (१) प्रहरी कर्मचारीले प्रदेश सरकारको अनुमति प्राप्त नगरी कुनै संचार माध्यमलाई सूचना प्रवाह गर्न वा अनधिकृत सम्पर्क गर्न हुँदैन ।

तर, यस दफाले प्रहरी अधिकृत तथा जवानहरुको आफ्नो व्यक्तिगत काम वा चरित्रको सम्बन्धमा सफाई दिन पाउने अधिकारमा कुनै असर पुऱ्याएको मानिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै प्रहरी कर्मचारीले साहित्यिक, कलात्मक, ऐतिहासिक, वैज्ञानिक र व्यवसायिक विषयको लेख प्रकाशन वा प्रसारण गर्न र कार्यालय प्रमुख वा तोकिएको प्रहरी कर्मचारीले सार्वजनिक सरोकारको विषयमा कार्यालयको काम कारबाही र गतिविधि सम्बन्धमा संचार माध्यमलाई सूचना प्रवाह गर्न बाधा पर्ने छैन ।

(३) कुनै प्रहरी कर्मचारीले निजको सम्बन्धमा प्रदेश सरकार वा माथिल्लो निकायले गरेको कुनै निर्णय वा विभागीय कारबाहीको सिलसिलामा लगाईएको आरोपको सम्बन्धमा प्रेस अथवा सञ्चार माध्यम मार्फत वक्तव्य प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि "संचार माध्यम" भन्नाले रेडियो, टेलिभिजन, पत्रपत्रिका, विद्युतीय संचार माध्यम वा अन्य संचार माध्यम सम्झनुपर्छ।

१००. **सरकारको आलोचना गर्न नहुनेः** प्रहरी कर्मचारीले नेपाल सरकार तथा प्रदेश सरकारको नीति विरुद्ध असर पर्ने गरी अथवा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र नेपाली

जनता बीचको पारस्परिक सम्बन्धमा खलल पार्ने अथवा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी लेख प्रकाशन गर्न, प्रेसलाई खबर दिन, रेडियो वा टेलिभिजन आदिबाट भाषण प्रसारण गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै वक्तव्य प्रकाशित गर्न हुँदैन।

**१०१.** राजनीतिमा भाग लिन नहुनेः (१) प्रहरी कर्मचारीले कुनै राजनीतिक दल वा भातृ संगठनको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनीतिक दललाई चन्दा दिन अन्य कुनै प्रकारले सघाउन वा प्रभाव पार्न हुँदैन र प्रहरी संगठनबाट अवकास प्राप्त गरेको पाँच वर्षसम्म कुनै राजनीतिक पदको उम्मेदवार हुनु हुँदैन ।

(२) प्रहरी कर्मचारीले कुनै राजनीतिक पदका लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न हुँदैन तर प्रचलित कानून बमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**१०२.** समय पालना र नियमितताः प्रहरी कर्मचारीले नियमित रुपमा कार्यालयमा रुजु हाजिर भई समय पालनालाई ध्यान दिनु पर्नेछ र बिदा स्वीकृति नगराई काममा अनुपस्थित हुनु हुँदैन ।

**१०३.** अनुशासन र आदेशको पालनाः (१) प्रहरी कर्मचारीले आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालना गर्नु पर्नेछ ।

(२) प्रहरी कर्मचारीले आफ्नो सरकारी काम सम्बन्धी कुरामा आफू भन्दा माथिका अधिकृतले दिएको आदेशलाई यथाशीघ्र पूरा गर्नु पर्नेछ ।

(३) प्रहरी कर्मचारीले आफू भन्दा माथिका सबै अधिकृतहरुप्रति उचित आदर देखाउनु पर्नेछ साथै आफू मातहतका प्रहरी कर्मचारीहरुप्रति उचित व्यवहार गर्नु पर्नेछ।

**१०४.** राजनितिक वा अवाञ्छनीय प्रभाव पार्न नहुनेः प्रहरी कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले आफू भन्दा माथिका प्रहरी कर्मचारी वा अख्तियारवाला माथि कुनै राजनितिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

**१०५.** अन्यत्र नोकरी वा सेवा गर्न नहुनेः प्रहरी कर्मचारीले सेवामा बहाल रहँदा अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा कुनै आर्थिक लाभ वा सुविधा प्राप्त गर्ने गरी सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन।

**१०६.** लैङ्गिक संवेदनशील हुनु पर्नेः प्रहरी कर्मचारीले काम, कारबाही र व्यवहारमा लैङ्गिक संवेदनशीलतालाई विचार गरी व्यवहार गर्नु पर्नेछ ।

**१०७.** कानून विपरित विवाह गर्न नहुनेः प्रहरी कर्मचारीले विवाह सम्बन्धी प्रचलित कानून विपरित विवाह गर्न, गराउन हुँदैन।

१०८. <u>मानव अधिकार उल्लंघन गर्न नहुने:</u> (१) आम नागरिकको मानव अधिकारको संरक्षकको रुपमा रहने प्रहरी कर्मचारी स्वयंले कुनै पनि प्रकारको मानव अधिकार हनन गर्नु हुँदैन।

(२) प्रहरी कर्मचारीले धर्म, वर्ण, जाति, समुदाय, लिङ्ग, वर्ग लगायत अन्य कुनै पनि आधारमा कसैप्रति भेदभाव गर्नु हुँदैन।

१०९. <u>हातपात जोरजुलुम गर्न नहुने</u>ः कुनै प्रहरी कर्मचारीले अन्य प्रहरी कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न, गराउन हुँदैन ।

११०. <u>आवासीय अनुमति लिन नहुने</u>ः प्रहरी कर्मचारीले अन्य विदेशी मुलुकको कुनै पनि प्रकारको आवासीय अनुमति लिनु हुँदैन।

## परिच्छेद-१३
## <u>विभागीय सजाय तथा पुनरावेदन</u>

१११. <u>विभागीय सजाय</u>ः उचित र पर्याप्त कारण भएमा प्रहरी कर्मचारीलाई देहाय बमोजिमको विभागीय सजाय दिन सकिनेछः

(क) सामान्य सजाय

(१) नसिहत दिने,

(२) चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्ने,

(३) बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्ने,

(४) खाईपाई आएको बढीमा पाँच तलब वृद्धि घटाउने,

(५) बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने,

(६) ज्येष्ठता सहित सुरू स्केलमा घटुवा गर्ने ।

(ख) विशेष सजाय

(१) भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

११२. <u>नसिहत दिने वा प्रतिकूल राय लेख्ने</u>ः देहायको अवस्थामा कुनै प्रहरी अधिकृत तथा जवानहरुलाई यातना नहुने गरी नसिहत दिन वा चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेख्न सकिनेछः

(क) आदेश पालना नगरेमा वा आदेश प्रतिकूल कार्य गरेमा,

(ख) तालिममा खटाउँदा नगएमा वा तालिम अवधिमा लापरवाही गरी गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) सेवाग्राहीको पिर मर्का र उजुरी पटक पटक बेवास्ता गरेको सम्बन्धमा आफू भन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) सेवाग्राहीलाई दुर्व्यवहार गरेमा,

(ङ) सरुवा भएर वा अन्य सरकारी कामको सिलसिलामा खटिएका बखत मनासिब आधार र कारण बिना बाटोका म्याद पछि सम्बन्धित कार्यालयमा हाजिर हुन नगएमा,

(च) दुई पटकसम्म लिखित चेतावनी पाएमा वा सचेत गराइएमा ।

११३. तलब वृद्धि रोक्का गर्ने वा तलब वृद्धि घटाउनेः देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्न वा बढीमा पाँच तलब वृद्धिसम्म रोक्का गर्न सक्नेछः

(क) आफूले सम्पादन गर्नु पर्ने काम कारबाहीमा लापर्बाही गरेमा,

(ख) यस ऐन वा अन्य प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ग) माथिल्लो दर्जाको अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा कार्यान्वयन नगरेमा,

(घ) मनासिब कारण नभई वा बिदा नलिई अनुपस्थित भएमा वा गैरहाजिर भएमा ।

११४. बढुवा रोक्का गर्ने वा सुरू स्केलमा घटुवा गर्नेः कसुरको मात्रा हेरि देहायको अवस्थामा सजायको आदेश दिने अधिकारीले कुनै प्रहरी कर्मचारीले खाईपाई आएको बढीमा पाँच तलब वृद्धि घटुवा गर्न वा हालको पदको ज्येष्ठता सहित खाईपाई आएको सुरु स्केलमा घटुवा गर्न सक्नेछः

(क) बारम्बार अनुशासनहीन काम गरेमा,

(ख) परिच्छेद-१२ को आचरण सम्बन्धी नियमको उल्लङ्घन गरेमा,

(ग) कानून बमोजिम दिएको निर्देशन वा आदेशको पालना नगरेमा वा आदेश विपरितको कार्य गरेमा,

(घ) कर्तव्य पालनाको सिलसिलामा लापरर्बाही गरेमा,

(ङ) सरकारी सम्पत्ति हानी नोक्सानी गरेमा,

(च) मानव अधिकार उल्लंघन गरेको भनी राष्ट्रिय मानव अधिकार आयोगबाट विभागीय सजायको लागि सिफारिस भई आएमा ।

११५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउनेः देहायको कुनै पनि अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछः

(क) आफ्नो पदीय जिम्मेवारीमा बारम्बार लापर्बाही गरेमा वा परिच्छेद-१२ को आचरण सम्बन्धी नियम बारम्बार उल्लंघन गरेमा,

(ख) ड्युटिको समयमा लागु औषध सेवन वा बारम्बार मादक पदार्थ सेवन गरेमा,

(ग) राजनीतिमा भाग लिएमा,

(घ) विदेशी मुलुकको आवासीय अनुमति लिएमा,

(ङ) बिदा स्वीकृति नगराई लगातार तीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(च) नैतिक पतन देखिने बाहेकका अन्य कुनै फौजदारी कसूरमा दोषी ठहर भएमा,

(छ) अध्ययन बिदा पूरा गरी फर्किएपछि तोकिए बमोजिमको अवधिसम्म सेवा नगरेमा ।

११६. <u>भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्नेः</u> देहायको कुनै अवस्थामा प्रहरी कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएमा,

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) प्रहरी विशेष अदालतबाट दोषी ठहर भएमा ।

११७. <u>गयल कट्टी गर्नेः</u> (१) बिदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने प्रहरी कर्मचारीलाई गयल र तलब कट्टी गरी विभागीय सजाय समेत हुनेछ । यसरी गयल कट्टी भएको अवधि अनिवार्य अवकाश बाहेक अन्य प्रयोजनको लागि निजको सेवा अवधिमा गणना हुने छैन।

(२) कुनै पनि प्रहरी कर्मचारीले झुट्टा कारण देखाई बिदा लिई बसेको ठहरेमा बिदा बसेको अवधिलाई गैर हाजिर मानि गयल कट्टी गरिनेछ ।

११८. <u>सजाय सम्बन्धी कार्यविधिः</u> (१) प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई लिखित सूचना दिई निज उपर लगाइएको आरोप स्पष्ट रुपले किटान गरिनु पर्दछ र प्रत्येक आरोप कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आरोप लागेको प्रहरी कर्मचारीले सूचनामा उल्लिखित म्यादभित्र आफ्नो सफाइ लिखित रुपमा पेश गर्नु पर्नेछ ।

(३) विशेष सजायको आदेश दिनु भन्दा पहिले विभागीय सजायको आदेश दिन पाउने अधिकारीले उपदफा (१) बमोजिम सफाई पेश गर्न दिईएको म्यादभित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो प्रहरी कर्मचारीलाई

दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा उचित म्याद दिई स्पष्टिकरण माग्नु पर्नेछ ।

तर, नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी ठहर भइसकेको र प्रहरी विशेष अदालतबाट कसुर ठहर गरी कैदको सजाय पाएको कुनै प्रहरी कर्मचारीलाई गर्न लागेको सजायको बारेमा निजलाई जानकारी मात्र दिइनेछ ।

(४) भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा प्रहरी सेवाबाट हटाउन वा बर्खास्त गर्दा तोकिए बमोजिम गर्नु पर्नेछ।

(५) सजायको आदेश दिन पाउने अधिकारीले कुनै प्रहरी कर्मचारीले कसूर गरेको सम्बन्धमा जाँचबुझ गर्न आवश्यक ठानेमा त्यस्तो अधिकारी स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न वा गराउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार सम्बन्धित प्रहरी कर्मचारीसँग सोधपुछ गरी कारण सहित आफ्नो प्रतिवेदन तथा प्राप्त भएको सबुद प्रमाण समेत पेश गर्नु पर्नेछ ।

(७) विभागीय सजाय गर्ने अधिकारीले कुनै प्रहरी कर्मचारीलाई बर्खास्त गर्ने, सेवाबाट हटाउने वा तलव वृद्धि घटाउने आदेश दिँदा सो कारबाही गर्न पर्ने आधार र कारण सहितको अभियोग, कसुर वा सो सम्बन्धमा जाँचबुझ गरेको व्यहोरा, निजलाई सफाइको मौका दिएकोमा निजको सफाइको जिकिर र सो जिकिर बमोजिमको केही कुरा बुझेको भए सो समेतका बारेमा आफ्नो ठहर निर्णय लेखी सफाइको मौका नदिइएकोमा सोको मनासिब आधार र कारण खुलाई निर्णय गरी मिसिल सामेल राख्नु पर्छ ।

**११९.** <u>निलम्बनः</u> (१) कुनै प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजायको आदेश दिन पाउने अधिकारीले जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो प्रहरी कर्मचारीलाई निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निलम्बन गर्दा आधार र कारण स्पष्ट रुपमा खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिने निलम्बनको अवधी छ महिना भन्दा बढी हुने छैन र निलम्बन अवधि भित्रै कारबाहीको किनारा लगाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारीलाई निलम्बन गर्नु पर्दा देहायको अवस्था विद्यमान हुनु पर्नेछ :

(क) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा झुट्टा प्रमाण बनाउन सक्ने वा आफ्नो विरुद्धको सबुद प्रमाण गायब वा नष्ट गर्न सक्ने देखिएमा वा

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिँदा थप सरकारी हानी नोक्सानी हुने सम्भावना देखिएमा वा

(ग) कुनै प्रहरी कर्मचारीले गरेको कार्यको कारणले निजलाई निलम्बन नगरेमा सङ्गठन भित्रका कर्मचारीहरुमा नैराश्यता उत्पन्न हुने वा आक्रोसमा आउने, जनमानसमा नकारात्मक असर पर्न सक्ने वा प्रहरी सङ्गठनकै प्रतिष्ठामा आँच आउन सक्ने भएमा।

(५) उपदफा (१) बमोजिम निलम्बन रहेको अवस्थामा प्रहरी कर्मचारीले निजले खाईपाई आएको तलब भत्ताको आधा रकम मात्र पाउनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि निलम्बित प्रहरी कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाइ पाएमा निजले निलम्बनमा रहेका अवधिको आधा तलब पाएको भए सो कट्टागरी र नपाएको भए पुरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ ।

तर, कसूरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलब भत्ता पाउने छैन ।

(७) कुनै प्रहरी कर्मचारी फौजदारी अभियोगमा प्रचलित कानून वा यस ऐन अन्तर्गतको कसूरमा गिरफ्तार भई थुनिएको वा त्यस्तो अभियोग दायर भई मुद्दा विचाराधिन रहेको अवस्थामा सो मुद्दामा फैसला नभएसम्म स्वतः निलम्बनमा रहनेछ र त्यस्तो मुद्दामा फैसला हुँदा सफाइ पाएमा त्यस्तो निलम्बन फुकुवा भई सेवामा बहाली हुनेछ।

(८) कुनै प्रहरी कर्मचारी उपर नेपाल सरकार वा प्रदेश सरकार वादी हुने कुनै फौजदारी अभियोगमा कुनै अधिकार प्राप्त अधिकारीले निलम्बन गरकोमा सोको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्नेछ ।

(९) कुनै प्रहरी कर्मचारी उपदफा (७) वा (८) बमोजिम निलम्बन हुन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन ।

तर, निजले अभियोगबाट सफाइ पाएमा उक्त निलम्बन अवधिभरको तलब भत्ता पाउनेछ।

(१०) सुरु अदालतबाट सफाई पाएको कुनै प्रहरी कर्मचारी माथिल्लो अदालतबाट दोषी ठहर भएमा सो कुराको जानकारी दिने दायित्व सम्बन्धित प्रहरी कर्मचारीको हुनेछ।

(११) उपदफा (१०) बमोजिम जानकारी नदिएको कारणबाट कुनै प्रहरी कर्मचारीले त्यस्तो अवधिको तलब भत्ता पाएको भए सो रकम सरकारी बाँकी सरह असूल उपर गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

१२०. <u>पुनरावेदनको कार्य विधिः</u> (१) यस ऐन बमोजिमको विभागीय कारबाहीमा चित्त नबुझ्ने प्रहरी कर्मचारीले जुन कार्यालयबाट विभागीय कारबाहीको निर्णय भएको हो सोही कार्यालय मार्फत वा सोझै पुनरावेदन सुन्ने अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदनमा पुनरावेदकले आफ्नो सफाइको निमित्त आफूसँग भएको प्रमाण र विभागीय कारबाहीको निर्णयको प्रतिलिपि समेत संलग्न राखी पुनरावेदन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिँदा निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र दिनु पर्नेछ ।

(४) विभागीय सजायको सम्बन्धमा पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ ।

१२१. <u>विभागीय सजायको निर्णय गर्ने र पुनरावेदन सुन्ने अधिकारीः</u> (१) प्रहरी कर्मचारीको विभागीय सजाय सम्बन्धमा निर्णय गर्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

(२) यस दफा बमोजिमको विभागीय सजायको निर्णय उपर पुनरावेदन सुन्ने अधिकार तोकिएको अधिकारीलाई हुनेछ ।

१२२. <u>पुनर्वहाली भएमा पाउने सुविधाः</u> (१) कुनै प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी दिइएको आदेश कुनै अदालत वा अधिकारीबाट रद्द भई सेवामा पुनः कायम भएमा त्यस्तो प्रहरी कर्मचारीले सेवाबाट हटाईएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलब भत्ता र तलब वृद्धि पाउने भए तलब वृद्धि समेत पाउनेछ।

तर, भागी वा गैर हाजीर भई सेवाबाट हटाईएको वा बर्खास्त गरिएको प्रहरी कर्मचारी सेवामा बहाली भएमा निजले भागेको वा गैरहाजिर भएको अवधिको कुनै पनि सुविधा पाउने छैन।

(२) उपदफा (१) मा तोकिए बमोजिम तलब भत्ता तथा तलब वृद्धि पाउने भए सो तलब भत्ता बापतको रकम निजको पुनर्बहाली भई पदस्थापना भएको दरबन्दीबाट पाउनेछ ।

(३) सुरु अदालतबाट फौजदारी अभियोगमा दोषी ठहरी सोही कसूरमा बिभागीय कारबाही भई सेवाबाट अलग गरिएका प्रहरी कर्मचारीले उक्त फौजदारी अभियोगमा पुनरावेदन तहबाट सफाइ पाएमा निज सेवामा पुनर्बहाली हुनेछ ।

## परिच्छेद-१४
## कसूर तथा सजाय

१२३. अति गम्भीर कसुरः प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा निजलाई जन्मकैद वा चौध वर्षसम्म कैद सजाय हुनेछः

(क) प्रहरी सेवामा शसस्त्र विद्रोह गरेमा वा गराएमा वा विद्रोहमा सरीक भएमा वा सो गर्न गराउन उत्तेजना फैलाएमा वा त्यस्तो गर्न षडयन्त्र वा उद्योग गरेमा,

(ख) विद्रोह हुने ठाउँमा आफू भएकोमा सकभर रोक्ने कोसिस नगरेमा वा यस्तो बेलामा कर्तव्यरत कुनै पनि व्यक्तिलाई आफ्नो कर्तव्यबाट विचलित गराएमा वा त्यस्तो उद्योग गरेमा,

(ग) विद्रोह गर्ने मनसाय गरेको वा षडयन्त्र वा उद्योग भइ रहेको थाहा पाई वा त्यस्तो भइरहेको विश्वास गर्नु पर्ने कारण हुँदा हुँदै आफू भन्दा माथिल्लो प्रहरी कर्मचारीलाई यथाशक्य तत्कालै खबर वा सूचना नदिएमा,

(घ) थाना, चौकी, गारद, पालो पहरा आदि र आफू साथ वा आफ्नो जिम्मामा रहेको हातहतियार, खरखजाना अन्य सरकारी धनमाल र कागजातहरू आक्रमणकारीहरूलाई सुम्पीई मद्दत गरेमा ।

१२४. गम्भीर कसुरः प्रहरी कर्मचारीले देहायको कुनै कसुर गरेमा दश वर्षसम्म कैद सजाय हुनेछः

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदाय बिचको सु-सम्बन्धमा खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा बचन वा आकार र चिन्हद्वारा वा अरू कुनै किसिमबाट कुनै काम कुरा गरे, गराएमा वा सोको उद्योग गरेमा,

(ख) नेपालको कुनै मित्रराष्ट्र विरूद्ध हिंसात्मक कार्य गरेमा वा गर्न तयारी गरेमा, त्यस्तो व्यक्तिलाई मद्दत वा सूचना दिएमा वा सो मनसायले त्यस्तो व्यक्तिसँग सम्पर्क राखेमा,

(ग) आफू खटिएको वा आफ्नो जिम्मामा रहेको वा आफूले रक्षा गर्नु पर्ने थाना, चौकी, गारद, पालो पहरा, पिकेट, टोली वा प्याट्रोल वा प्रतिष्ठान वा कार्यालयको सुरक्षा नगरेमा वा त्यसमाथि आक्रमण भएका बखत प्रतिरक्षा नगरी भागेमा,

(घ) आक्रमण वा मुठभेडको समयमा वा सो हुने सम्भावनामा प्रहरी फोर्स वा जनतामा जानी जानी झूठो आतंक फैलाएमा वा हरेस खुवाउने वा आतंक पार्ने नियतले झूठा खबर फैलाएमा ।

(ङ) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको हातहतियार खरखजाना चोरी वा बेचबिखन गरेमा,

(च) ड्यूटीमा रहेको वा नरहेको भएतापनि आफु भन्दा माथिल्लो दर्जाको प्रहरी कर्मचारी भनी थाहा पाएपछि वा विश्वास गर्ने कारण छँदाछँदै अपराधिक बल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा वा धम्की दिएमा,

(छ) आफ्नो पदस्थापना भएको कार्यालयबाट सरूवा भई अन्यत्र कार्यालयमा जाँदा, जिम्मेवारी हेरफेर हुँदा वा प्रहरी सेवाबाट अवकाश हुँदा आफ्नो जिम्मामा भएको सरकारी वा अरू कसैको हातहतियार, खरखजाना, संयन्त्र, ज्याबल लगायत अन्य सुरक्षासँग सम्बन्धित सामग्री नबुझाएमा वा मनासिब फाँटवारी नदिएमा,

(ज) प्रचलित कानून बमोजिम डाँका, चोरी र ठगीको कसूरमा संलग्न भएको ठहर भएमा ।

**१२५.** <u>अन्य कसूरः</u> प्रहरी कर्मचारीले देहायको कुनै कसूर गरेमा पाँच वर्षसम्म कैद सजाय हुनेछः

(क) आफ्नो जिम्मामा रहेको सरकारी वा अरू कसैको संयन्त्र, ज्यावल, सरसामान, बर्दि, तक्मा, पदक, नगदी, जिन्सी, सवारीको साधन र इन्धन इत्यादी गैर हतियारजन्य सरसामान जानी जानी वा लापर्बाही गरी बिगारेमा, नास गरेमा, हराएमा वा दुरूपयोग गरेमा वा वदनीयतले लिएमा,

(ख) कार्यालयमा रासन वा अरू आवश्यक सामग्री ल्याउने व्यक्ति उपर हमला वा बेइज्जत गरेमा वा बल प्रयोग गरी अपराध गरेमा वा कुनै स्थानमा बल मिचाई गरेमा,

(ग) आफू भन्दा माथिल्लो तहको प्रहरी कर्मचारीले कानून बमोजिम दिएको आदेश नमानेमा वा उलङ्घन गरेमा,

(घ) कानून बमोजिम अवकाश प्राप्त नगरी तालिम वा प्रहरी सेवाबाट भागेमा,

(ङ) पालो पहरा बसेको प्रहरी कर्मचारी पहरा बसेकै अवस्थामा निदाएमा वा नियमित बदली नआई बिना इजाजत पालो पहरा छाडेमा,

(च) आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा वा नियमित बदली नआई वा बिना इजाजत आफ्नो जिम्मेवारी अन्तर्गतको काम छोडेमा,

(छ) पालो पहरा बसेको प्रहरी कर्मचारीलाई कुटेमा वा जबरजस्ती गरेमा वा गर्न उद्योग गरेमा,

(ज) कैदीको सुरक्षाको जिम्मेवारी लिएको प्रहरी कर्मचारीले रीतपुवर्क बुझाएको कैदी वा व्यक्ति बुझ्न इन्कार गरेमा, मनासिब अख्तियार बिना आफ्नो जिम्मामा रहेको

कुनै व्यक्ति वा कैदीलाई छाडेमा वा लापर्बाही गरी त्यस्तो कैदी वा व्यक्तिलाई भाग्न दिएमा,

(झ) कुनै अभियोगमा पक्राउ परेको वा थुनिएको प्रहरी कर्मचारीले अख्तियार प्राप्त अधिकारीको आदेश बिना पक्राउ भएको वा थुनिएको ठाउँ छाडी गएमा,

(ञ) आफ्नो कर्तव्य वा जिम्मेवारीबाट पन्छिने मनसायले रोग वा शरीरको निर्बलताको झुठो बहाना गरेमा वा भान पारेमा,

(ट) जानीजानी वा लापर्बाही गरी गलत र झुट्टा फाँटवारी वा प्रतिवेदन तयार वा पेश गरेमा,

(ठ) राजनैतिक उद्देश्यले गरिएको सभा, जुलुस वा प्रदर्शनमा भाग लिएमा, भाषण गरेमा, नारा लगाएमा वा वक्तव्य दिएमा,

(ड) लैङ्गिक हिंसा गरेमा वा मानव अधिकारको गम्भिर उल्लङ्घन गरेमा,

(ढ) आफ्नो ओहदाको धाक धम्की दिई कसैलाई अनाहक दुःख र टण्टा दिएमा वा कसैको सम्पत्ति हानी नोक्सानी गरेमा ।

१२६. <u>प्रचलित कानून् बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः</u> यस परिच्छेद बमोजिमको कसूरमा कुनै प्रहरी कर्मचारी उपर सजाय गरेको कारणले मात्र निज उपर प्रचलित कानून बमोजिम मुद्दा चलाउन वा थप सजाय गर्न यस ऐनमा लेखिएका कुनै कुराले बाधा पर्नेछैन ।

१२७. <u>प्रहरी कर्मचारीको कामको बचाउः</u> प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम गर्नु पर्ने अपराध रोकथाम, नियन्त्रण, अनुसन्धान वा कानून कार्यान्वयन वा कर्तव्य पालना गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको विज्ञप्ति, आदेश वा वारेन्ट तामेल गर्दा असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनाको क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निज उपर उपदफा (२) बमोजिमको रित नपुर्याई मुद्दा चल्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनको लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ ।

## परिच्छेद-१५
## <u>मुद्दाको अनुसन्धान र दायरी</u>

१२८. <u>मुद्दाको प्रारम्भिक प्रतिवेदनः</u> यस ऐन बमोजिमको कसूर भए गरेको वा हुन लागेको कुरा जानकारी हुन आएमा सम्बन्धित प्रहरी कार्यालयले सो सम्बन्धी प्रतिवेदन प्रदेश प्रहरी प्रमुख समक्ष दिनु पर्नेछ । यस्तो प्रतिवेदन प्राप्त भए पश्चात् प्रदेश प्रहरी प्रमुखले दफा

१२९ बमोजिम कारबाही प्रकृया अगाडि बढाउनका लागि सम्बन्धित प्रहरी कार्यालयलाई लेखि पठाउनु पर्नेछ ।

**१२९.** <u>अनुसन्धान समिति</u>ः (१) परिच्छेद-१४ अन्तर्गतको कसूर सम्बन्धमा छानबिन एवं अनुसन्धान गरी प्रहरी विशेष अदालतमा मुद्दा दायर गर्न देहाय बमोजिमको अनुसन्धान समिति गठन हुनेछः

| | | |
|---|---|---|
| (क) | प्रदेश प्रहरी कार्यालयले तोकेको प्रहरी नायब महानिरीक्षक/प्रहरी बरिष्ठ उपरीक्षक/ प्रहरी उपरीक्षक/ प्रहरी नायब उपरीक्षक | -संयोजक |
| (ख) | मुख्य न्यायाधिवक्ताले तोकेको अधिकृत | -सदस्य |
| (ग) | प्रदेश प्रहरी कार्यालयले तोकेको प्रहरी अधिकृत | -सदस्य |

(२) उपदफा (१) बमोजिम गठित अनुसन्धान समिति वा समितिले खटाएको प्रहरी अधिकृतलाई अपराधको अनुसन्धान तहकिकात गर्दा सबूद प्रमाण संकलन, पक्राउ, खानतलासी, अपराधसँग सम्बन्धित कागजात वा अन्य चिजबस्तु बरामद, मुचुल्काहरु तयार गर्ने लगायतका कामहरु गर्दा अनुसन्धान समिति वा समितिले खटाएको प्रहरी अधिकृतलाई प्रचलित कानून बमोजिम नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा प्रहरीलाई भए सरहको अधिकार हुनेछ ।

(३) अनुसन्धान समितिले उपदफा (२) बमोजिम पक्राउ परेको व्यक्तिलाई चौबिस घण्टाभित्र अदालत समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो व्यक्तिलाई अदालतको आदेशले अनुसन्धानका लागि बढीमा साठ्ठी दिनसम्म हिरासतमा राख्न सकिनेछ ।

(४) यस ऐन बमोजिम गठित समितिले सामान्यतया छानबिन तथा अनुसन्धान कार्य तीस दिनभित्र पूरा गरी सम्बन्धित अदालत समक्ष मुद्दा दर्ता गर्नु पर्नेछ ।

(५) अपराध अनुसन्धान छानबिनको गहनता तथा काबू बाहिरको परिस्थितिले उपदफा (४) मा उल्लेखित समयावधिभित्र मुद्दा दायर गर्न सम्भव नभएमा सो समयावधि समाप्त हुनु भन्दा सात दिन अगावै सम्बन्धित समितिले अदालत समक्ष छानविन तथा अनुसन्धानका लागि थप समय माग गरी कारण सहितको प्रतिवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन प्राप्त भएमा अदालतले सो प्रतिवेदनको आधारमा बढीमा तीस दिनसम्मको समयावधि थप गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको समयावधिभित्र अनुसन्धान समितिले सम्पूर्ण छानबिन तथा छानबिन अनुसन्धान कार्य पूरा गरी सम्बन्धित अदालत समक्ष मुद्दा दायर गर्नु पर्नेछ।

(८) उपदफा (२) बमोजिम अनुसन्धान तहकिकात गर्दा अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौटी वा जमानत लिई छाड्न वा अनुसन्धान अवधिभर निलम्बन गर्न सकिनेछ ।

(९) यस ऐन बमोजिम गठित समितिले अनुसन्धान छानबिन प्रयोजनको लागि आवश्यक पर्ने कुनै दशी, लिखत, चिजबस्तु संकलन गर्न वा कुनै व्यक्तिलाई उपस्थित गराउन कुनै पनि सरकारी वा गैह्र सरकारी निकाय वा संस्थासँग सम्बन्धित निकाय मार्फत सहयोग माग गर्न वा उपस्थित गराउन अनुरोध गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम माग भएमा त्यस्तो सहयोग गर्नु सम्बन्धित निकाय, संस्था वा व्यक्तिको कर्तव्य हुनेछ ।

(११) अनुसन्धान समितिले अनुसन्धान सम्बन्धी काम कारबाही र प्रक्रिया आफैं निर्धारण गर्न सक्नेछ।

**१३०.** <u>थुनामा राख्ने सम्बन्धी व्यवस्था</u>ः अदालतको आदेश वा फैसला बमोजिम मात्र अभियुक्तलाई थुनामा राखिनेछ ।

**१३१.** <u>सरकारवादी हुने</u>ः यस परिच्छेद बमोजिम अदालतमा दायर हुने मुद्दाहरु सरकारवादी मुद्दा हुनेछन्।

**१३२.** <u>प्रदेश प्रहरी विशेष अदालत</u>ः (१) परिच्छेद-१४ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको सुरु कारबाही र किनारा गर्न देहाय बमोजिम प्रहरी विशेष अदालत गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | न्यायपरिषदबाट तोकिएका उच्च अदालतका न्यायाधीश | -अध्यक्ष |
| (ख) | कानून-सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (ग) | सचिव, मन्त्रालय | -सदस्य सचिव |

(२) अदालतले मुद्दाको सुरु कारबाही र किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१३३.** <u>पुनरावेदन</u>ः फैसलाको जानकारी पाएको मितिले तीस दिनभित्र अदालतको निर्णय उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

**१३४.** <u>प्रदेश प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यहरुको सुविधा सम्बन्धी व्यवस्था</u>ः प्रदेश प्रहरी विशेष अदालतका अध्यक्ष तथा सदस्यले प्रदेश सरकारले तोके बमोजिमको सुविधा पाउने छन्।

## परिच्छेद-१६
## <u>विविध</u>

**१३५.** <u>विशेष सुरक्षाका लागि प्रहरी कर्मचारी खटाउने सम्बन्धी व्यवस्था</u>ः (१) प्रचलित कानून बमोजिम प्रदेश प्रहरीले सुरक्षा प्रदान गर्ने भनी तोकिएका कुनै विशिष्ट व्यक्ति वा महत्त्वपूर्ण संरचना वा भवन वा संस्थाको सुरक्षाका लागि वा प्रदेश प्रहरीलाई प्राप्त

सूचनाका आधारमा अन्य कुनै विशिष्ट व्यक्ति वा संरचनाको सुरक्षाउपरको खतराको मूल्याङ्कन गरी तोकिए बमोजिम त्यस्तो व्यक्ति वा संरचनाको सुरक्षाका लागि पोसाकमा वा सादा पोसाकमा प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारी खटाउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम खटिएको प्रहरी कर्मचारीलाई निजको जिम्मेवारी पूरा गर्न नदिने गरी कुनै जोरजुलुम गरेमा, हातहतियार उठाई वा नउठाई हमला गरेमा वा अन्य क्रियाकलाप गरेमा त्यस्तो प्रहरी कर्मचारीले आफूले सुरक्षा दिनु पर्ने व्यक्ति, संरचना वा संस्थाको सुरक्षा वा बचाउ गर्न वा आफ्नो जिउको सुरक्षा गर्न आवश्यक बल प्रयोग गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिए पनि उपदफा (१) बमोजिम खटिएको सुरक्षाकर्मीले बल प्रयोग गर्दा बदनियत वा हेलचेक्र्याइँ गरेको हो, होइन वा त्यस्तो बल प्रयोग गर्न आवश्यक थियो, थिएन भन्ने सम्बन्धमा छानबिन गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम छानबिन गर्दा त्यस्तो प्रहरी कर्मचारीले बल प्रयोग गर्दा बदनियत वा हेलचेक्र्याइँ गरेको वा आवश्यकता भन्दा बढी बल प्रयोग गरेको देखिएमा निजलाई विभागीय वा प्रचलित कानून बमोजिम कारबाही अगाडि बढाउन सकिनेछ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिए पनि कसैले कसैको हत्या गर्न सक्ने वा साङ्घातिक आक्रमण गरी जिउज्यान लिन सक्ने वा गम्भीर घाइते बनाउन सक्ने वा ठुलो सङ्ख्याका मानिसहरूको जिउज्यानमा हानि पुऱ्याउन सक्ने वा सार्वजनिक स्वास्थ्यमा खतरा पार्न सक्ने वा सार्वजनिक वा राष्ट्रिय सम्पत्ति माथि आगजनी, तोडफोड, आक्रमण वा विध्वंस गरी गम्भीर क्षति पुऱ्याउन सक्ने मनासिब आधार भएमा प्रहरीले तत्काल त्यस्तो कार्य हुनबाट रोक्न अन्य कुनै अवस्था नभएमा वा अन्य कुनै उपाय सफल नभएमा प्रचलित कानून बमोजिम आवश्यकता अनुसार बल प्रयोग गर्न सक्नेछ।

**१३६.** <u>नागरिक सुरक्षा परामर्श समिति:</u> (१) प्रहरी सेवालाई प्रभावकारी बनाउन, प्रदेशमा शान्ति सुरक्षा सुदृढ गर्नको लागि प्रदेश सरकारलाई परामर्श दिन, सार्वजनिक सुरक्षासँग सम्बद्ध जनचासो र गुनासो अध्ययन गरी प्रतिवेदन पेस गर्न, मानव अधिकार उल्लङ्घनका घटना अध्ययन गरी आवश्यक कारबाहीका लागि सिफारिस गर्न, मानव अधिकार मैत्री कानून, नीति निर्माण र प्रशिक्षण सम्बन्धमा सुझाव पेस गर्न र स्रोत साधनको समुचित व्यवस्थापनका लागि सुझाव दिन प्रदेश सरकारले स्वतन्त्र विज्ञ सम्मिलित एक समिति गठन गर्न सक्नेछ ।

(२) नागरिक सुरक्षा परामर्श समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३७. <u>बेवारिस शव सम्बन्धमा:</u> बेवारिस शव फेला परेमा प्रदेश प्रहरी त्यस्तो शव जिम्मामा लिई सो शवको सनाखत गरि र कालगतिले मृत्यु भएकोमा मुचुल्का गराई हकवाला फेला परेमा दाह संस्कार गर्न हकवालालाई बुझाउनु पर्नेछ र हकवाला फेला नपरे वा हकवालाले शव बुझ्न नमानेमा त्यस्तो शव चिकित्साशास्त्र अध्ययन संस्थानलाई अध्ययन प्रयोजनका निमित्त आवश्यक भएमा त्यस्तो संस्थानलाई बुझाउनु पर्नेछ र त्यस्तो संस्थानलाई आवश्यक नपर्ने भएमा प्रदेश प्रहरीले स्थानीय गाउँपालिका वा नगरपालिका वा सामाजिक संघ संस्थाको सहयोगमा दाह संस्कारको व्यवस्था गर्नु पर्नेछ ।

तर, दुर्घटनामा परी, आत्महत्या गरी वा शङ्कास्पद स्थितिमा मृत्यु भएकोमा प्रचलित कानून बमोजिम घटनास्थल/लास जाँच र शव परीक्षण समेत गर्नुपर्ने अनुसन्धानको काम कारबाही पूरा गरेपछि मात्र त्यस्तो शव सम्बन्धित हकवाला वा अध्ययन संस्थानलाई बुझाउन वा दाह संस्कारको व्यवस्था गर्नु पर्नेछ ।

१३८. <u>सुरक्षा विज्ञ नियुक्त गर्न सक्ने:</u> (१) प्रदेश प्रहरीको सञ्चालन, व्यवस्थापन तथा प्रदेशको समग्र सुरक्षा व्यवस्था सम्बन्धमा राय परामर्श उपलब्ध गराउन मन्त्रालयले एकजना सुरक्षा विज्ञ नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षा विज्ञको पारिश्रमिक, सेवाको सर्त र सुविधा नियुक्ति गर्दाका बखत मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१३९. <u>प्रदेश प्रहरी कर्मचारीको व्यक्तिगत अभिलेख:</u> (१) प्रदेश प्रहरी सङ्गठनका प्रत्येक प्रहरी कर्मचारीको व्यक्तिगत अभिलेख रहनेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखमा सम्बन्धित प्रहरी कर्मचारीको तोकिए बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) व्यक्तिगत अभिलेख संरक्षणका लागि किताब खानाको प्रबन्ध मन्त्रालयले गर्नेछ ।

१४०. <u>मापदण्ड पालना गर्नुपर्ने:</u> नेपाल प्रहरीले देहायका विषयमा बनाएको मापदण्ड प्रदेश प्रहरीले पालना गर्नु पर्नेछ:

(क) हातहतियार, खरखजाना तथा सञ्चार साधन र सोको प्रयोग,

(ख) प्रदेश प्रहरीलाई दिइने तालिम,

(ग) निजी क्षेत्रका सुरक्षा प्रदायक र त्यस्ता प्रदायकबाट उपलब्ध गराइने सुरक्षा सेवा।

१४१. <u>अधिकार सुम्पन सक्ने</u>: (१) प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये कुनै अधिकार राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको प्रदेश प्रहरी कर्मचारी वा अन्य अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐनमा कुनै निकाय, पदाधिकारी वा प्रदेश प्रहरी कर्मचारीलाई प्रदान गरिएको अधिकार त्यस्तो निकाय, पदाधिकारी वा प्रदेश प्रहरी कर्मचारीले आफ्नो मातहतको प्रदेश प्रहरी कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर, सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

**१४२.** <u>प्रहरी कर्मचारीको बचाउः</u> (१) प्रदेश प्रहरी सेवाको प्रहरी कर्मचारीले यस ऐन वा प्रचलित कानून बमोजिम असल नियतले गरेको काममा सजायको भागी हुन र हर्जाना तिर्न पर्ने छैन र प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनाका क्रममा गरेको कुनै सरकारी कामको सम्बन्धमा निजउपर तोकिए बमोजिमको रित नपुऱ्याई मुद्दा चल्न सक्ने छैन।

(२) उपदफा (१) बमोजिम कुनै पनि प्रहरी कर्मचारी उपर मुद्दा चलाउनका लागि फौजदारी मुद्दाको हकमा अख्तियारवालाको अनुमति प्राप्त गर्नु पर्नेछ।

(३) कुनै प्रहरी कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि प्रदेश सरकारको स्वीकृति नभई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(४) उपदफा (३) बमोजिम मुद्दा चलाउन प्रदेश सरकारबाट स्वीकृति दिएमा निजको प्रतिरक्षा प्रदेश सरकारले गर्नेछ।

**१४३.** <u>अन्य ऐन बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः</u> यस ऐन बमोजिम सजाय हुने अपराध गरेका व्यक्ति उपर अन्य ऐनबमोजिम मुद्दा चलाउन वा त्यस्ता व्यक्तिले अन्य ऐन बमोजिम सजायको भागी हुन वा यस ऐनमा लेखिएका दण्ड सजाय भन्दा बढी अन्य सजायको भागी हुन यस ऐनको कुनै कुराले बाधा पारेको मानिने छैन ।

तर, कुनै व्यक्तिलाई एउटै अपराधमा दुई पटक सजाय हुने छैन ।

**१४४.** <u>नियम बनाउन सक्नेः</u> यो ऐनको विभिन्न दफामा तोकिएको वा तोकिए बमोजिम भनी उल्लेख भएको विषयमा प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**१४५.** <u>अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्थाः</u> (१) अन्तर्राष्ट्रिय शान्ति स्थापनामा प्रदेश प्रहरीको सहभागिता सम्बन्धी व्यवस्था सङ्घीय प्रहरी कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको सहभागिताका लागि आवश्यक मापदण्ड एवं कार्यविधि मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

**१४६.** <u>नेपाल सरकारको दायित्व हुनेः</u> प्रचलित कानून बमोजिम प्रदेश प्रहरीमा समायोजन भएको वा खटिएको प्रहरी कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च तथा सञ्चित बिदाको रकम नेपाल सरकारले प्रचलित कानून बमोजिम व्यहोर्नेछ ।

१४७. <u>प्रचलित कानून लागु हुने</u>: यस ऐनमा लेखिएकोमा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

१४८. <u>स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने</u>: प्रदेश प्रहरीले शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा विपत व्यवस्थापन सम्बन्धमा स्थानीय तहसँग समन्वय र सहकार्य कायम गर्नेछ ।

१४९. <u>संक्रमणकालीन व्यवस्था</u>: (१) दफा ८ मा उल्लिखित प्रदेश प्रहरी सेवाका पदहरु यस ऐन बमोजिम पदपूर्ति नभएसम्म संघीय प्रहरी ऐन बमोजिम नेपाल प्रहरीबाट कामकाजमा खटिई आउने प्रहरी कर्मचारीलाई प्रदेश सरकारले आवश्यकता अनुसार पदस्थापन तथा परिचालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम खटिएका प्रहरी कर्मचारीले प्रदेश प्रहरीको पोसाक, दर्ज्यानी चिन्ह र प्रदेश प्रहरीको परिचय वा प्रतीक चिह्न (लोगो) लगाई प्रदेश प्रहरीको रूपमा काम गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि प्रदेश प्रहरीको रिक्त पदमा पदपूर्ति गर्न सकिने अवस्था नभएसम्म समान पदको नेपाल प्रहरीको प्रहरी कर्मचारीलाई खटाउन प्रदेश सरकारले नेपाल सरकारलाई अनुरोध गर्न सक्नेछ ।

(४) यस दफा बमोजिम खटाइएका प्रहरी कर्मचारीको पारिश्रमिक तथा सुविधा नेपाल प्रहरीको समान पदको प्रहरी कर्मचारीले पाए भन्दा कम हुने छैन।

## अनुसूची
(दफा २८ सँग सम्बन्धित)

म.................. मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै.............. पदको कामकाज प्रचलित कानूनको अधिनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

मितिः

...........
हस्ताक्षर

# संघ संस्था दर्ता ऐन, २०७५

प्रमाणीकरण मितिः २०७६।०१।२४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मितिः २०७८।०९।०१

## सम्वत् २०७६ सालको ऐन नं. ११

*.......

## संघ संस्थाहरुको दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः शैक्षिक, बौद्धिक, बैज्ञानिक, सामाजिक-साँस्कृतिक, धार्मिक, साहित्यिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "*... संघ संस्था दर्ता ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्य समिति" भन्नाले संस्थाको कार्य समितिलाई सम्झनुपर्छ। सो विधान दर्ताका बखतको तदर्थ कार्य समिति समेतलाई जनाउँछ।

(ख) "संचालक समिति" भन्नाले संस्थाको संचालक समिति सम्झनुपर्छ।

(ग) "संस्था" भन्नाले कुनै सामाजिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, बौद्धिक, अनुसन्धानमूलक, शारीरिक, व्यावसायिक, परोपकारी काम गर्ने वा कुनै पेशागत हकहित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

गर्ने उद्धेश्यले स्थापना हुने कुनै संघ, संस्था, क्लब, परिषद्, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन आदि जुनसुकै नाम दिइएको संस्था सम्झनुपर्छ।

(घ) "संघ" भन्नाले एकै प्रकृतिका उद्देश्यले स्थापित संस्थाहरु मिलेर स्थापित हुने संघलाई सम्झनुपर्छ।

(ङ) "संस्था दर्ता अधिकारी" भन्नाले यस ऐन बमोजिम संस्था दर्ता गर्न तोकिएको अधिकारी सम्झनुपर्छ।

(च) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ।

*(छ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको संघ, संस्था सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ज) "स्थानीय प्रशासन" भन्नाले स्थानीय स्तरमा काम गर्ने गरी तोकिएको निकाय सम्झनुपर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

३. संगठित संस्था मानिने: (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालीस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजूर लाग्नेछ।

## परिच्छेद - २

## संस्थाको दर्ता

४. संस्था दर्ता गर्नुपर्ने: (१) यस ऐनबमोजिम संस्था दर्ता नगरी संस्था संचालन गर्नु हुँदैन।

(२) यस अघि दर्ता नभई स्थापना गरिएका संस्थाले यो ऐनबमोजिम दर्ता भै संस्था संचालन गर्नुपर्नेछ।

(३) अन्य प्रदेशको कुनै जिल्लामा दर्ता भएका कुनै संस्थाले यस प्रदेश भित्रका कुनै जिल्ला वा स्थानीय तहमा काम गर्नु परेमा यो ऐनबमोजिम दर्ता हुनुपर्नेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(४) उपदफा (३) बमोजिम दर्ता भएका संस्थाले आफूले काम गर्ने स्थानीय तहमा समेत सूचीकृत हुनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम सूचीकृत हुँदा संस्थाको विधान, दर्ता प्रमाणपत्र समेत संलग्न राखी आफूले गर्ने कामको उद्देश्य र समुदायमा पर्ने प्रभाव समेत खुलाई सूचीकृत हुन आवेदन गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम सूचीकृत हुन आवेदन गरेमा स्थानीय तहले संस्थाको अभिलेख तोकिए बमोजिम राख्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको अभिलेख सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ। सो विवरण प्राप्त भएपछि मन्त्रालयले अभिलेखीकरण गराउनु पर्नेछ।

५. *संस्था दर्ताको लागि निवेदन दिनुपर्नेः (१) संस्था दर्ता गर्न चाहने कुनै सातजना वा सोभन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उद्देश्य,

(ग) तदर्थ समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि संस्था दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ।

(३) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले एक्काइस दिनभित्र त्यस्तो निर्णय उपर मन्त्रालयले तोकेको अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि मन्त्रालयले तोकेको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गरिदिनु पर्नेछ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तूर तोकिए बमोजिम हुनेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

६. <u>दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः</u> यो ऐन *<u>प्रारम्भ हुनुअघि</u> तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएको वा सञ्चालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले दुई महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ।

७. <u>संस्थाको उद्देश्यमा हेरफेरः</u> (१) संस्थाको उद्देश्यमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुइ तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको स्वीकृती लिनु पर्नेछ।

## <u>परिच्छेद - ३</u>

## <u>संस्थाको सम्पत्ति र आय व्यय</u>

८. <u>संस्थाको सम्पत्तिः</u> (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा संस्था दर्ता अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी संस्था दर्ता अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले एक्काइस दिन भित्र जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध गैर कानूनी काम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा संस्था दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ।

९. <u>आय व्यायको विवरण पठाउनु पर्नेः</u> (१) प्रत्येक संस्थाले प्रत्येक वर्ष लेखा परिक्षण गराउनु पर्नेछ।

(२) प्रबन्ध समितिले आफ्नो संस्थाको आय व्ययको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र प्रत्येक वर्ष संस्था दर्ता अधिकारी समक्ष पठाउनु पर्नेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

१०. **आय व्याय जाँच गर्ने:** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको आय व्यय आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम आय व्यय जाँच गराए वापत तोकिए बमोजिम दस्तूर असूल गर्न सक्नेछ।

(३) आय व्यय जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीले दिनु पर्नेछ।

(४) आय व्यय जाँच गर्ने अधिकृतले संस्था दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र आय व्यय जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(५) संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको प्रतिवेदनमा देखिएमा संस्था दर्ता अधिकारीले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानि असुल उपर गर्न कानून बमोजिम कारवाही चलाउन पर्नेछ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सम्बन्धित निकायलाई लेखि पठाउनु पर्नेछ।

## परिच्छेद - ४

## दण्ड सजाय र पुनरावेदन

११. **दण्ड सजाय:** (१) दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ६ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही दश हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ।

(२) दफा ९ बमोजिम आय व्ययको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही एक हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ।

तर, कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गरेमा निजलाई सजाय गरिने छैन।

(३) दफा १० को उपदफा (३) बमोजिम आय व्यय जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले दुई हजार रुपैयाँ जरीवाना गर्न सक्नेछ।

(४) दफा ७ बमोजिम संस्था दर्ता अधिकारीको स्वीकृती नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुनेगरी काम कारवाही गरेमा वा प्रदेश सरकारले दिएको निर्देशन पालन नगरेमा संस्था दर्ता अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम संस्था खारेज गर्नु अघि संस्था दर्ता अधिकारीले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

१२. पुनरावेदनः दफा ११ बमोजिम संस्था दर्ता अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद - ५

## विविध

१३. संस्थाको विघटन र त्यसको परिणामः (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा प्रदेश सरकारमा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व प्रदेश सरकारले व्यहोर्नेछ।

१४. निर्देशन दिनेः मन्त्रालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

१५. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

१६. संस्था दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयनका लागि संस्था दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१७. पुनः दर्ता हुनुपर्नेः प्रचलित नेपाल कानून बमोजिम वा प्रदेश कानून बमोजिम दर्ता भएको संस्थाले यस प्रदेश वा प्रदेश भित्रका कुनै पनि स्थानीय तहमा कार्यक्षेत्र बनाई काम गर्न चाहेमा संस्थाको कार्यसमितिको निर्णयका साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐन बमोजिम दर्ता हुनुपर्नेछ।

१८. संस्थाको नविकरणः संस्थाको नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१९. संस्था दर्ता अधिकारी र निकायः संस्था दर्ता, संचालन तथा नियमन गर्नको लागि सम्बन्धित प्रदेश मन्त्रालयको निजामति सेवाको कम्तिमा अधिकृत सातौं तहको कर्मचारीलाई संस्था दर्ता अधिकारी तोक्ने छ।

२०. बचाउः यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका संस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिने छन्।

# प्रदेश सहकारी ऐन, २०७६

प्रमाणीकरण र प्रकाशन मितिः२०७६/०२/१४

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मितिः२०७८/०९/०१

×. ......

## सहकारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सहकारी सिद्धान्त, मूल्य र मान्यता अनुरूप प्रदेश भित्रका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवम् सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र स्वशासित संगठनको रुपमा सहकारी संघ संस्थाहरुको प्रवर्द्धन गर्न, सहकारी व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, दिगो र समाजवाद उन्मुख प्रादेशिक अर्थतन्त्रको विकास तथा सुशासनको सुनिश्चितताद्वारा सहकारीलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन, प्रवर्द्धन एवम् नियमनसम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

* लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाई जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "×....प्रदेश सहकारी ऐन,२०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा २४ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) "कसूर" भन्नाले दफा ८६ बमोजिमको कसूर सम्झनु पर्छ ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(घ) "दर्ता अधिकारी" भन्नाले दफा ७६ बमोजिमको दर्ता अधिकारी सम्झनु पर्छ ।

---

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(ङ) ‘‘परिवार’’ भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) ‘‘बचत’’ भन्नाले सदस्यले सहकारी संस्थाको बचत खातामा जम्मा गरेको रकम सम्झनु पर्छ ।

(छ) ‘‘मन्त्रालय’’ भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय सम्झनु पछ ।

(ज) ‘‘मुख्य कारोबार’’ भन्नाले संस्था वा संघले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशत भन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।

(झ) ‘‘लेखा सुपरिवेक्षण समिति’’ भन्नाले दफा ४४ बमोजिमको लेखा सुपरिवेक्षण समिति सम्झनु पर्छ ।

(ञ) ‘‘विनियम’’ भन्नाले सम्बन्धित सहकारी संघ वा संस्थाको दफा २३ बमोजिम बनाएको विनियम सम्झनु पर्छ ।

(ट) ‘‘शेयर’’ भन्नाले सहकारी संघ वा संस्थाको शेयर पूँजीको अंश सम्झनु पर्छ ।

(ठ) ‘‘सञ्चालक’’ भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ड) ‘‘सदस्य’’ भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ढ) ‘‘समिति’’ भन्नाले दफा ३७ को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनु पर्छ।

(ण) ‘‘सहकारी संस्था’’ भन्नाले संस्था वा संघ सम्झनु पर्छ र सो शब्दले सहकारी बैंकलाई समेत जनाउँछ ।

(त) ‘‘संघ’’ भन्नाले दफा ४, ५, ६, ७ र ८ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएका संघ सम्झनु पर्छ ।

(थ) **“संस्था”** भन्नाले दफा ३ बमोजिम गठन भई दफा १२ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय संस्था सम्झनु पर्छ ।

(द) ‘‘संस्थाको व्यवसाय’’ भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप सम्झनु पर्छ ।

(ध) ‘‘साधारण सभा’’ भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन:** (१) कम्तीमा तीस जना नेपाली नागरीक आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा, महिला लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिक भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकको सहभागिता हुनु पर्नेछ । गाउँपालिका र वडाको क्षेत्रमा बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा कम्तिमा पचास जना नेपाली नागरिकको सहभागीता हुनु पर्नेछ ।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१), (२) वा मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ ।

तर दफा ३(१) बमोजिम संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

४. **जिल्ला विषयगत सहकारी संघको गठन:** सहकारी व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्य गर्न दफा ३ को उपदफा (१) बमोजिम दर्ता भई कार्यरत रहेका कम्तिमा एघार वटा संस्थाहरूले आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर नेपाल सरकारले ‘‘क’’ वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लाहरूमा कम्तीमा छ वटा विषयगत संस्थाहरू आपसमा मिली जिल्ला विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

५. **जिल्ला सहकारी संघको गठन:** (१) सहकारी व्यवसायको विकास, प्रबर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएका कम्तीमा पन्ध्र वटा संस्था वा जिल्ला विषयगत सहकारी संघहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर नेपाल सरकारले ‘‘क’’ वर्ग भनी तोकेका दुर्गम क्षेत्रका जिल्लामा कम्तिमा सातवटा संस्थाहरू आपसमा मिली जिल्ला सहकारी संघ गठन गर्न सक्नेछन् ।

(२) यसरी संघ गठन गर्दा दर्ता भएका जिल्ला भरिका पचास प्रतिशत भन्दा बढी विषयगत सहकारी संघलाई संलग्न गरिएको हुनु पर्नेछ ।

६. **प्रदेश विषयगत सहकारी संघको गठन:** सहकारी व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएका कम्तीमा चार वटा जिल्लाका पच्चीस वटा विषयगत सहकारी संस्थाहरू वा जिल्ला विषयगत सहकारी संघहरू मिली आफ्नो विषयको प्रदेश विषयगत सहकारी संघ गठन गर्न सक्नेछन् ।

तर यसरी संघ गठन गर्दा दर्ता भएका प्रदेश भरिका पचास प्रतिशत भन्दा बढी जिल्ला विषयगत सहकारी संघहरू समावेश गरिएको हुनु पर्नेछ ।

७. **प्रदेश सहकारी संघको गठन:** सहकारी व्यवसायको विकास, प्रबर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन दफा ३ को उपदफा (१) बमोजिम दर्ता भएका कम्तीमा पाँचवटा जिल्लाका एकतीस वटा संस्था वा जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ वा प्रदेश विषयगत सहकारी संघ आपसमा मिली प्रदेश सहकारी संघको गठन गर्न सक्नेछन् ।

तर यसरी संघ गठन गर्दा प्रदेशभरी दर्ता भएका जिल्ला विषयगत सहकारी संघहरू, जिल्ला सहकारी संघहरू र प्रदेश विषयगत सहकारी संघहरू प्रत्येकको पचास प्रतिशत भन्दा बढी संघहरू समावेश गरिएको हुनु पर्नेछ ।

८. **विशिष्टिकृत सहकारी संघको गठन:** (१) दफा १२ बमोजिम दर्ता भएका कम्तीमा पाँच वटा बहुउद्देश्यीय र विषयगत संस्थाहरूले आपसमा मिली जलविद्युत आयोजना, रासायनिक मल कारखाना, आवासीय परियोजना, यातायात, भारी कृषि उपकरण, फलफूल, जडिबुटी, कृषि तथा पशुजन्य उपज प्रशोधन, भण्डारण, बजारीकरण, चिनी उद्योग, शीत भण्डार, अस्पताल, शिक्षालय, प्राविधिक शिक्षालय, प्रयोगशाला जस्ता ठूला लगानी चाहिने उत्पादन कार्य गर्न वा सदस्यका साझा आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न विशिष्टिकृत संघको गठन गर्न सक्नेछन् । यो पूर्ण रूपले व्यावसायिक संस्था हुनेछ । यसलाई कुनै संघ, महासंघमा प्रतिनिधित्व गर्ने र मतदान गर्ने अधिकार रहने छैन ।

(२) उपदफा (१) बमोजिमको विशिष्टिकृत सहकारी संघको सञ्चालन सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

९. **संघ गठन गर्न नसकिने:** दफा ४, ५, ६ र ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि एक जिल्लामा एकै प्रकृतिको एक भन्दा बढी जिल्ला विषयगत सहकारी संघ वा जिल्ला सहकारी संघ, एक प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश विषयगत सहकारी संघ वा प्रदेश सहकारी संघ गठन गर्न सकिने छैन ।

१०. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुने:** कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न हुँदैन ।

११. **दर्ताको लागि दरखास्त दिनु पर्ने:** (१) यस ऐन बमोजिम गठन हुने देहाय बमोजिमका सहकारी संस्थाले दर्ताका लागि दर्ता अधिकारी समक्ष अनुसूची–१ को ढाँचामा दरखास्त दिनु पर्नेछ:-

(क) जिल्ला विषयगत सहकारी संघ,

(ख) जिल्ला सहकारी संघ,

(ग) प्रदेश विषयगत सहकारी संघ,

(घ) प्रदेश सहकारी संघ,

(ङ) एक स्थानीय तह भन्दा बढी तर प्रदेश कार्यक्षेत्र भएका प्रदेश विशिष्टिकृत सहकारी संघ,

(च) एक भन्दा बढी जिल्ला तर प्रदेशभित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरू,

(छ) एक भन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थाहरू ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजात संलग्न गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण,

(घ) तोकिए बमोजिमका अन्य विवरण ।

१२. **दर्ता गर्नुपर्नेः** (१) दफा ११ को उपदफा (१) बमोजिम प्राप्त दरखास्त सहितका कागजात छानबिन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता अधिकारीले दरखास्त परेको मितिले एक्काईस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी सिद्धान्त, मान्यता र मूल्य अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई सञ्चालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले सात दिनभित्र निवेदकलाई सूचना दिनु पर्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका एकभन्दा बढी स्थानीय तह वा जिल्ला कार्यक्षेत्र रही प्रदेश तहसम्म कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ र यो ऐन प्रारम्भ भएको छ महिनाभित्र त्यस्ता संस्थाले यस ऐन बमोजिम दर्ता अधिकारी समक्ष आफ्नो दर्ता प्रमाणपत्र र अन्य विवरण पेश गरी अद्यावधिक गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(६) सहकारी संस्थाले दर्ता भएको छ महिनाभित्र सम्वन्धित प्रदेश सहकारी संघ, प्रदेश विषयगत सहकारी संघ, विशिष्टीकृत सहकारी संघ तथा सहकारी बैङ्कको सदस्यता लिन सक्नेछ ।

१३. **दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा ११ को उपदफा (१) मा उल्लिखित अवस्था नभएमा, सोही दफा बमोजिम विनियम संशोधनका लागि सूचना दिएको अवधिभित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले पन्ध्र दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुनेगरी विनियम संशोधन नगरेमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता अधिकारीले कारण खुलाई तीन दिनभित्र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

१४. **सहकारी संस्था सङ्गठित संस्था हुने**: (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

१५. **सहकारी संस्थाको कार्यक्षेत्र**: (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका संस्थाहरूको कार्यक्षेत्र यसै ऐन बमोजिम कायम भएको मानिनेछ ।

तर यो ऐन प्रारम्भ भएपछि ती संस्थाहरूले एक वर्षभित्र देहायका विवरण खोली दर्ता अधिकारी समक्ष यो ऐन प्रारम्भ हुँदाका बखतसम्मको कार्य सञ्चालन प्रतिवेदन पेश गर्नु पर्नेछः-

(क) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको सदस्यता बिस्तारको अवस्था,

(ख) मौजुदा कार्यक्षेत्रको प्रदेश, जिल्ला, स्थानीय तह र वडा अनुसारको व्यावसायिक सेवा सञ्चालनको अवस्था, र

(ग) तोकिए बमोजिमका अन्य विवरण ।

(२) दर्ता हुँदाका बखत एक स्थानीय तहभित्र कार्यक्षेत्र कायम गरी व्यवसाय सञ्चालन गरेका सहकारी संस्थाले यस ऐन तथा सहकारी सम्बन्धी संघीय कानून बमोजिम कार्य क्षेत्र बिस्तार गरी एक स्थानीय तह वा जिल्लाभन्दा बढी र एक प्रदेश तहभित्र कार्यक्षेत्र कायम गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, सांस्कृतिक, स्वास्थ्य सेवा, सार्वजनिक यातायात, सञ्चार, विशेष कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यावसायिक क्षेत्र एवम् सदस्यहरूको सहभागिता बिस्तारका कारण प्रारम्भमै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ता गर्दाका बखत नै तोकिएको आधारमा एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला वा प्रदेशभर कायम गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिम कार्य सञ्चालन प्रतिवेदन पेश भएपछि दर्ता अधिकारीले आवश्यक जाँचबुझ गरी सम्बन्धित सहकारी संस्थालाई देहाय बमोजिम कार्यक्षेत्र पुनःनिर्धारण गर्न निर्देशन दिन सक्नेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको विवरणमा उल्लिखित सदस्यता बिस्तार नभएको वा तोकिएको संख्या भन्दा कम सदस्यता बिस्तार भएको वा भौगोलिक निरन्तरता नभएको, जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ख) उपदफा (१) को खण्ड (ख) बमोजिमको विवरणमा कुनै व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको जिल्ला, स्थानीय तह र वडा झिकी कार्यक्षेत्र घटाउने,

(ग) संस्थाको सञ्चालन खर्च धान्ने गरी व्यावसायिक कार्यकुशलता बढाउन र संस्था सञ्चालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम राख्न तोकिएबमोजिमको प्रकृया नपुऱ्याएको अवस्थामा अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने,

(घ) व्यावसायिक एवम् प्रवर्द्धनात्मक सेवाका लागि जिल्ला वा प्रदेश विषयगत सहकारी संघ वा जिल्ला वा प्रदेश सहकारी संघको सदस्यताको प्राप्तिलाई सहज तुल्याउन अतिरिक्त जिल्ला, स्थानीय तह वा वडा झिकी उपयुक्त कार्यक्षेत्र कायम राख्ने ।

(५) उपदफा (४) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुन:निर्धारण गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम सम्बन्धित सहकारी संस्थाले तोकिएको अवधिभित्र आफ्नो कार्यक्षेत्र पुन:निर्धारण नगरेमा दर्ता अधिकारीले सहकारी सम्बन्धी प्रचलित कानूनको अधीनमा रही त्यस्तो सहकारी संस्थाको कार्यक्षेत्र तीन महिनाभित्र पुन:निर्धारण गर्नेछ ।

(७) उपदफा (६) बमोजिम दर्ता अधिकारीले कार्यक्षेत्र पुन:निर्धारण गरिदिएकोमा चित्त नबुझ्ने सहकारी संस्थाले कार्यक्षेत्र पुन:निर्धारणको जानकारी पाएको मितिले पैंतीस दिनभित्र मन्त्रालय समक्ष पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निवेदनमा मन्त्रालयले साठी दिनभित्र पुनरावलोकन गरी सक्नु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुन:निर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(१०) कार्यक्षेत्रको विस्तार तथा कार्यक्षेत्रको पुन:निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१६. **जानकारी दिनु पर्ने:** एक स्थानीय तहभन्दा बढी कार्यक्षेत्र वा एक जिल्ला भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरूले सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता अधिकारीलाई जानकारी दिनु पर्नेछ ।

१७. **सहकारी वर्गीकरण:** (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ:-

(क) उत्पादक सहकारी संस्था: कृषि (अन्नबाली, तेलहन बाली, मसलाबाली, दुग्धपदार्थ, चिया, कफि, उखु, फलफूल, तरकारी, पशुपालन, माछा, दूध, मह आदि) जडिवुटी उद्योग, खानी, उर्जा, वन पैदावार आदि सम्बन्धी कार्य गर्ने संस्था,

(ख) उपभोक्ता सहकारी संस्था,

(ग) सेवा सहकारी संस्थाः थोक तथा खुद्रा, बजार, भण्डारण, ढुवानी, यातायात, सञ्चार, पर्यटन, पूर्वाधार, प्रकाशन, विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षालय, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, तालीम तथा प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, एम्वुलेन्स सेवा, आवास, होटल तथा रेष्टुराँ, ट्राभल, पार्क तथा उद्यान, सभास्थल, व्यायमशाला, सिँचाइ, विद्युत वितरण, खानेपानी, फोहोरमैला व्यवस्थापन, कवाडी सामग्री सङ्कलन तथा बिक्री लगायतका कार्य गर्ने संस्था,

(घ) वित्तीय सहकारी संस्थाः सहकारी बैङ्क, बचत तथा ऋणको कारोबार, विप्रेषण सेवा तथा बीमा कारोबार गर्ने संस्था,

(ङ) श्रमिक सहकारी संस्थाः श्रम तथा सीपमा आधारित श्रमिकहरूको स्वामित्वमा स्थापना भएको सहकारी संस्था,

(च) बहुउद्देश्यीय सहकारी संस्थाः दुई वा दुईभन्दा बढी विषयको कारोबार गर्ने सहकारी संस्था,

(२) उपदफा (१) मा उल्लिखित सहकारी संस्थाहरूको अतिरिक्त अन्य संस्थाहरू गठन गर्न बाधा पर्ने छैन ।

१८. **कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नसक्नेः** (१) दफा १२ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्था वा संघले दफा २१ बमोजिमको उद्देश्य प्राप्तिका लागि यस ऐन र विनियमको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृती वा इजाजतपत्र लिएर मात्र कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ । यसरी अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनका लागि सहकारी संस्थाले दिएको आवदेनलाई सम्बन्धित निकायले प्राथमिकतामा राखी प्रचलित कानून बमोजिमको कारवाही गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(४) दुई वा दुईभन्दा बढी संस्था वा संघले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको विस्तार र बजारीकरणका लागि यस ऐनको अधीनमा रही आवश्यक कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संस्था वा संघले उपदफा (१) बमोजिम सञ्चालन गर्ने कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको उत्पादन सहकारी ब्राण्डमा बिक्री बितरण गर्न सक्नेछन् ।

तर प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट त्यस्तो ब्राण्ड प्राप्तिको स्वीकृति लिनुपर्ने रहेछ भने सो बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(७) संस्था वा संघले उत्पादन गरेको वस्तुहरूको उत्पत्तिको प्रमाण पत्र जारी गर्ने प्रक्रिया र आधार प्रचलित कानून बमोजिम हुनेछ ।

१९. **दायित्व सीमित हुनेः** (१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम् रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

२०. **सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्नेः** सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-३
## संस्था वा संघको उद्देश्य तथा कार्य

२१. **संस्था वा संघको उद्देश्य**: कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नती गर्नु संस्था वा संघको मुख्य उद्देश्य हुनेछ ।

२२. **संस्था वा संघको कार्यः** संस्था वा संघका कार्यहरू देहाय बमोजिम हुनेछः-

(क) सहकारीका सिद्धान्त, मूल्य र मान्यताहरूको पालना गर्ने गराउने,

(ख) सदस्य र आफ्नो व्यवसायको हित प्रवर्द्धन तथा सोको बजारीकरण गर्ने गराउने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्था वा संघको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय तथा दर्ता अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) सदस्य संस्था वा संघमा सुशासन प्रवर्द्धन गर्ने गराउने,

(झ) संस्था वा संघको बीचको पारस्परिक सहयोग अभिवृद्धि गर्ने गराउने,

(ञ) विनियममा उल्लिखित कार्यहरू गर्ने ।

## परिच्छेद-४
## विनियम तथा आन्तरिक कार्यविधि

२३. **विनियम बनाउनु पर्नेः** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२४. **आन्तरिक कार्यविधि बनाउन सक्नेः** (१) सहकारी संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ । आन्तरिक कार्यविधि संचालक समितिले निर्माण गरी लागू गर्ने र त्यसपछि बस्ने साधारण सभाले अनुमोदन गर्नु पर्नेछ ।

२५. **विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** (१) सहकारी संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ । संस्थाहरुले सम्वन्धित बिषयको विषयगत जिल्ला सहकारी संघ तथा जिल्ला सहकारी संघमा सदस्यता लिन सक्नेछ तथा संघहरुले संस्थाहरुको अनुगमन, क्षमता अभिवृद्धि र विकास जस्ता विषयमा ध्यान दिनु पर्नेछ ।

## परिच्छेद-५
## सदस्यता

२६. **संस्थाको सदस्यताः** (१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिक संस्थाको सदस्य हुन सक्नेछन्:-

(क) संस्थाको कार्य क्षेत्रभित्र बसोबास गरिरहेको,
(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,
(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मञ्जुर गरेको,
(घ) संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर भएको,
(ङ) संस्थाले गरेको कारोबारसँग प्रतिस्पर्धा हुने गरी कारोबार नगरेको ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारका निकाय, स्थानीय तहका साथै संस्थाको कार्य क्षेत्रभित्रका सहकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी, स्थानीय क्लब तथा अन्य गैह्र नाफामूलक संस्था, उत्पादन र सेवामूलक संस्था, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सहकारी संस्थाले अर्को कुनै सहकारी संस्थाको सदस्यता लिने सम्वन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२७. **सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने:** (१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको मितिले एक्काईस दिनभित्र समितिले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी पाएको मितिले पन्ध्र दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था उपर दर्ता अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नुपर्ने देखिएमा दर्ता अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कुनै आदेश प्राप्त भएमा सो आदेश प्राप्त गरेको सात दिनभित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता अधिकारीलाई दिनुपर्नेछ ।

२८. **सदस्य हुन नपाउने:** (१) कुनै व्यक्ति एकै प्रकृतिका एक स्थानीय तहका एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

तर यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै संस्थामा दफा २६ को उपदफा (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए दुई वर्षभित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

२९. **सदस्य हुन सक्ने:** (१) दफा ४ बमोजिमको जिल्ला विषयगत सहकारी संघमा जिल्लाभित्रका विषयगत संस्थाहरू सदस्य हुन सक्नेछन् ।

(२) दफा ५ बमोजिमको जिल्ला सहकारी संघमा जिल्लाभित्रका संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन् ।

(३) दफा ६ बमोजिमको प्रदेश विषयगत सहकारी संघमा प्रदेशभित्रका विषयगत संस्था र जिल्ला विषयगत सहकारी संघहरू सदस्य हुन सक्नेछन् ।

(४) दफा ७ बमोजिमको प्रदेश सहकारी संघमा प्रदेशभित्रका संस्था, जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ र प्रदेश विषयगत सहकारी संघ सदस्य हुन सक्नेछन् ।

(५) यस दफा बमोजिम सदस्यता लिने सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

३०. **सदस्यताको समाप्ति:** (१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ:-

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार वार्षिक साधारण सभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा दफा २६ बमोजिमको योग्यता नभएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तिर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म वा उत्पानमूलक संस्थामा भएको लगानीलाई फिर्ता गर्दा प्रतिकूल असर पर्ने अवस्थासम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साधारण सभा बोलाउने निर्णय भइसकेपछि साधारण सभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन।

३१. **सुविधा प्राप्त गर्न नसक्ने:** कुनै सदस्यले सहकारी संस्थालाई तिर्नुपर्ने कुनै दायित्व निर्धारित समयभित्र भुक्तान नगरेमा वा यो ऐन, यस अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लङ्घन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्नसक्ने छैन ।

## परिच्छेद-६
## साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण सम्बन्धी व्यवस्था

३२. **साधारण सभा:** (१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारण सभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्य साधारण सभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ:-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

३३. **प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार:** प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) आगामी आर्थिक वर्षका लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने ।

३४. **वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकारः** वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) समिति वा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा खारेजी र विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३५. **साधारण सभाको बैठकः** (१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ ।

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने भएमा,

(ख) दफा ४५ को उपदफा (१) को खण्ड (छ) बमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(घ) समितिले कुनै खास कामका लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(ङ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(च) दफा ३६ को उपदफा (१) बमोजिम दर्ता अधिकारीले निर्देशन दिएमा,

(छ) दफा ३८ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

३६. **विशेष साधारण सभा बोलाउन निर्देशन दिनसक्ने**: (१) कुनै सहकारी संस्थाको निरीक्षण वा सुपरिवेक्षण गर्दा वा कसैको उजूरी परी छानबिन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछ:-

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरीत कार्य गरेमा,

(ख) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीतको कार्य गरेमा,

(ग) दर्ता अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा,

(घ) दफा ३८ को उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएमा ।

(२) उपदफा (१) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारण सभा नबोलाएमा दर्ता अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक बोलाइएको साधारण सभामा गणपूरक संख्या नपुगेमा त्यसको सात दिनभित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्य सूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तहबाट वा वडाबाट सञ्चालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन पर्नेछ ।

३७. **सञ्चालक समिति**: (१) सहकारी संस्थामा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा एक जना पदाधिकारी सहित तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

तर महिला सदस्यको प्रतिनिधित्व वा साधारण सदस्य नरहेको अवस्थामा उपदफा (२) लागु हुने छैन ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै सहकारी संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाहेक अर्को कुनै संस्थाको सञ्चालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रुपैयाँ भन्दा कमको कारोबार गर्ने सहकारी संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढी कारोबार गर्ने संस्थामा कुनै सञ्चालक कर्मचारी रहेको भए यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र त्यस्तो सञ्चालकले सञ्चालक वा कर्मचारीको पदमध्ये कुनै एक पद त्याग गर्नु पर्नेछ ।

(५) कुनै व्यक्ति एकै समयमा एक तहको एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकै तहको एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

(८) संघीय संसद, प्रदेश सभा, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, नगरपालिकाका प्रमुख/उपप्रमुख/ वडाध्यक्ष, गाउँपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष पदमा वहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति र लेखा समितिको कार्यकारी पदमा रहन पाउने छैन ।

(९) कार्यकारी पद धारण गरेका संघीय संसद, प्रदेश सभा, जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, नगरपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष, गाउँपालिकाका प्रमुख/उपप्रमुख/वडाध्यक्ष पदमा बहाल रहेको व्यक्ति सहकारी संस्थाको सञ्चालक समिति वा लेखा समितिको कार्यकारी पदमा निर्वाचित वा मनोनीत भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र आफ्नो पदबाट राजीनामा दिनु पर्नेछ ।

(१०) सहकारी संस्थाको दर्ता तथा नियमन गर्नको लागि स्थापित तिनै तहका सरकारको निकायमा कार्यरत कुनै पनि राष्ट्र सेवक कर्मचारीले सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनित हुन पाउने छैन । त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको सञ्चालक समितिमा निर्वाचित वा मनोनीत भएको भएमा यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिको पदबाट राजीनामा दिनु पर्नेछ ।

(११) समितिको बैठक कम्तीमा महिनाको एकपटक बस्नु पर्नेछ र अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

३८. **समितिको निर्वाचनः** (१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधि भित्र समितिको निर्वाचन गराई दर्ता अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघलाई कम्तीमा सात दिन पहिले सूचना दिई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपदफा (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मका लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

३९. **समितिको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने गराउने,

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

(घ) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर हस्तान्तरण तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने,

(ञ) सहकारी संस्थाको कार्यक्षेत्र भित्र संस्थाको कारोबार र व्यवसायको हीत प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने गराउने,

(ट) तोकिएबमोजिमका अन्य कार्य गर्ने ।

४०. **सञ्चालक पदमा बहाल नरहने**: देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:-

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई दफा ४१ उपदफा (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज समान प्रकृतिको एक भन्दा बढी अर्को सहकारी संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को सहकारी संस्थाको कर्मचारी रहेमा,

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा ।

४१. **सञ्चालकलाई पदबाट हटाउन सक्ने**: (१) साधारण सभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ ।

(क) आर्थिक हिनामिना गरी सम्बन्धित सहकारी संस्थालाई हानि नोक्सानी पुर्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित सहकारी संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित सहकारी संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुनेगरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित सहकारी संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

४२. **निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने**: (१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनु हुँदैन ।

(२) सञ्चालकले आफूलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपदफा (१) को विपरीत हुनेगरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे वा गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट सहकारी संस्था, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानि नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानि नोक्सानी निजबाट असूल उपर गरिनेछ।

४३. **समितिको विघटनः** (१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ:-

(क) समितिको बदनियतपूर्ण कार्यबाट सहकारी संस्थाको कारोबार जोखिममा परेमा,

(ख) सहकारी संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा ।

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दर्ता अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३६ को उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषय वस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधिभित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म सहकारी संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

४४. **लेखा सुपरिवेक्षण समितिको गठन**: (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिएबमोजिमको योग्यता पुगेका एकजना संयोजक र कम्तीमा एक जना महिला सहित दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

४५. **लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार**: (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोबारको निरीक्षण तथा मूल्याङ्कन गर्ने गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई एक महिनाभित्र विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्नेछ र समितिले साधारण सभा नबोलाएमा सात दिनभित्र दर्ता अधिकारी समक्ष सभा बोलाउन सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य सहकारी संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद-७

## बचत तथा ऋण परिचालन

४६. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्नेः** (१) सहकारी संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न पाउने छैन । बचत तथा ऋण सहकारी संस्थाहरुले अनिवार्य रुपमा लगानीको तीस प्रतिशत रकम कृषिजन्य उद्यम कार्यमा लगानी गर्नु पर्नेछ ।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोबारको रूपमा बचत तथा ऋणको कारोबार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्षभित्रमा बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्ने गरी संस्थाहरूले मुख्य कारोबार गर्न सक्नेछन् ।

(३) सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा संस्थाको कार्यविधिले तोके बमोजिम सेवा शुल्क लिन सक्नेछन् ।

(४) बचत र ऋणको व्याजदर बीचको अन्तर पाँच प्रतिशत भन्दा बढी हुने छैन ।

(५) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) सहकारी संस्थाले बचत रकम सदस्यबीच ऋण लगानी, नेपाल सरकारले जारी गरेको ऋणपत्र वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल खरीद गर्न बाहेक अचल सम्पत्ति खरीद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, फर्म वा कम्पनी वा कुनै बैङ्कको (सहकारी बैङ्क बाहेक) शेयर खरीद वा अन्य कुनै प्रयोजनमा उपयोग गर्नु हुँदैन ।

(७) विषयगत र संस्थागत हित अनुकुलसँग लगानी गर्न र सहकार्य तथा सहकारिता गर्न सक्ने उल्लेख गर्ने ।

(८) सहकारी संस्थाले प्राथमिक पूँजी कोषको पन्ध्र गुणासम्म बचत सङ्कलन गर्न सक्नेछ ।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनु पर्छ ।

(९) संस्था वा संघले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

४७. **सन्दर्भ ब्याजदर सम्बन्धी व्यवस्था**: (१) बचत तथा ऋणको सन्दर्भ ब्याजदर संघीय सहकारी ऐन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

४८. **व्यक्तिगत बचतको सीमा:** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा सम्बन्धित संस्थाको विनियममा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद -८
## आर्थिक स्रोत परिचालन

४९. **शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था:** (१) सहकारी संस्थाले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको बीस प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्नसक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन ।

(३) सहकारी संस्थाको शेयरको अङ्कित मूल्य प्रति शेयर एक सय रुपैयाँ हुनेछ ।

(४) सहकारी संस्थाको शेयर पूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(५) सहकारी संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(६) सहकारी संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही सहकारी संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

५०. **रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था:** (१) बचत तथा ऋण सहकारीको हकमा कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले तीन महिना भित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) विषयगत र उत्पादन सहकारीको हकमा कुनै सदस्यले सहकारी संस्थाको सदस्यता त्यागी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले बढीमा एक वर्ष भित्र निजको बाँकी रकम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(३) सहकारी संस्थाले बचत खाताहरु सञ्चालन गर्न सक्नेछन्।

५१. **ऋण वा अनुदान लिन सक्ने:** (१) सहकारी संस्थाले बैङ्क वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिनु अघि मन्त्रालयको सिफारिसमा सहकारी सम्बन्धी प्रचलित संघीय कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

५२. **नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने:** (१) सहकारी संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नुपर्ने भएमा त्यसको लागि मन्त्रालय मार्फत प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षण प्रदान गर्दा सम्बन्धित निकायले आवश्यक शर्त तोक्न सक्नेछ ।

## परिच्छेद -९
## सहकारी संस्थाको कोष

५३. **सहकारी संस्थाको कोष**: (१) सहकारी संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) शेयर बिक्रीबाट प्राप्त रकम,
(ख) बचतको रूपमा प्राप्त रकम,
(ग) ऋणको रूपमा प्राप्त रकम,
(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,
(ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,
(च) स्थानीय सरकारबाट प्राप्त अनुदान रकम,
(छ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,
(ज) व्यावसायिक कार्यबाट आर्जित रकम,
(झ) सदस्यता प्रवेश शुल्क,
(ञ) सहकारी संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

५४. **जगेडा कोष:** (१) सहकारी संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) आर्थिक वर्षको खुद नाफा रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थीर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम अविभाज्य हुनेछ ।

५५. **संरक्षित पूँजी फिर्ता कोषः** (१) सहकारी संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) दफा ५४ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको वार्षिक कारोबारको आधारमा संघीय कानूनमा तोकिएबमोजिम सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

५६. **सहकारी प्रवर्द्धन कोषः** (१) सहकारी संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नका लागि दफा ५४ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिएबमोजिम हुनेछ ।

५७. **अन्य कोष सम्बन्धी व्यवस्थाः** (१) यस परिच्छेदमा अन्यत्र उल्लिखित कोषका अतिरिक्त सहकारी संस्थामा सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिएबमोजिमका अन्य कोषहरूको व्यवस्था हुनुपर्ने ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिएबमोजिम उपयोग गर्न सकिनेछ ।

तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशत भन्दा बढी हुनेछैन ।

(३) सहकारी वचत तथा कर्जा सुरक्षण कोष, स्थिरीकरण कोष, आपसी सुरक्षण सेवा संचालन कोष तथा तोकिएबमोजिम थप कोषहरु रहनेछन् ।

## परिच्छेद-१०
## अभिलेख र सूचना

५८. **अभिलेख राख्नु पर्नेः** (१) सहकारी संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समितिका बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

(२) सहकारी संस्थाले आफूले गरेको सम्पूर्ण कारोवारको लेखाको अभिलेख तथा अन्य आवश्यक अभिलेख तोकिएबमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

५९. **विवरण उपलब्ध गराउनु पर्नेः** (१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरण सहितको प्रतिवेदन तोकिएको समयभित्र दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछः-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
(ख) वार्षिक कार्यक्रम, नीति तथा योजना,
(ग) खूद बचत सम्बन्धी नीति तथा योजना,
(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,
(ङ) साधारण सभाको बैठकसम्बन्धी जानकारी,
(च) शेयर सदस्य संख्या र शेयरपूँजी,
(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,
(ज) दर्ता अधिकारीले समय समयमा तोकि दिएका अन्य विवरण ।

(२) दर्ता अधिकारीले उपदफा (१) बमोजिम प्राप्त विवरण सहितको प्रतिवेदन एकमुष्ट रूपमा तोकिएको समयभित्र प्रदेश सरकारको सहकारी विषय हेर्ने मन्त्रालयमा अनिवार्य रूपामा पठाउनु पर्नेछ ।

## परिच्छेद - ११
## लेखा र लेखापरीक्षण

६०. **कारोबारको लेखा:** सहकारी संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रूपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

६१. **लेखापरीक्षण:** (१) सहकारी संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै सहकारी संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको लेखापरीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित सहकारी संस्थाले व्यहोर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि सञ्चालक समिति मार्फत अनिवार्य रुपमा साधारण सभा समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणका लागि साधारण सभाले दफा ६२ को अधिनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

६२. **लेखापरीक्षकको नियुक्ती:** (१) सहकारी संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षक साधारण सभाले लेखापरीक्षक नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त लेखापरीक्षकको पारिश्रमिक तथा सुविधा साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

६३. **लेखापरीक्षकमा नियुक्त हुन नसक्नेः** (१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भईसकेको भए सो पदमा बहाल रहन सक्ने छैनः-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित सहकारी संस्थाको सदस्य,

(ग) सोही सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखा परीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) दफा ६२ को उपदफा (३) बमोजिमको व्यक्ति, फर्म वा कम्पनी,

(ज) सम्बन्धित सहकारी संस्था वा संघसँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखा परीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई तोकिएबमोजिम लिखित रूपमा जानकारी गराउनु पर्नेछ ।

(३) कुनै लेखा परीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै सहकारी संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा सहकारी संस्थाको लेखा परीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखा परीक्षण गर्नुपर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा सहकारी संस्थालाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको कुनै परिस्थिति उत्पन्न भएमा सम्बन्धित सहकारी संस्थाको साधारण सभाले दफा ६२ बमोजिम नयाँ लेखापरीक्षकको नियुक्ति गर्नु पर्नेछ ।

(५) यस दफाको प्रतिकूल हुने गरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद–१२
## ऋण असूली तथा बाँकी बक्यौता

६४. **ऋण असूल गर्नेः** (१) कुनै सदस्यले सहकारी संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको साँवा, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई सम्बन्धित सहकारी संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ ।

(२) कुनै सदस्यले सहकारी संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

(४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जाना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूलउपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम कुनै सहकारी संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्वन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

(८) ऋण असूली सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६५. **बाँकी बक्यौता असूल उपर गर्नेः** कसैले सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिएबमोजिम असूल उपर गरिदिन सक्नेछ ।

६६. **कालो सूची सम्बन्धी व्यवस्था**: (१) सहकारी संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखा भित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालो सूची प्रकाशन गर्न सकिनेछ ।

(२) कालो सूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६७. **कर्जा सूचना केन्द्रः** (१) सहकारी संस्थाको कर्जा प्रवाहमा शुद्धता कायम गरी कर्जा प्रवाह सम्बन्धी सूचना प्राप्त गर्ने समेतका कार्य गर्न मन्त्रालयले सरोकारवालाको सहभागितामा एक कर्जा सूचना केन्द्रको स्थापना गर्नेछ ।

(२) कर्जा सूचना केन्द्र सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६८. **कर्जा असूली न्यायधिकरणः** (१) सहकारी क्षेत्रका लागि एक कर्जा असुली न्यायधिकरण रहनेछ ।

(२) कर्जा असुली न्यायधिकरणको गठन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६९. **रोक्का राख्न लेखी पठाउने:** (१) सहकारी संस्थाले दफा ६४ र ६५ को प्रयोजनका लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्काका लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ ।

७०. **अग्राधिकार रहने:** कुनै व्यक्तिले सहकारी संस्थालाई तिर्नुपर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको कुनै हक दाबी भए त्यसका लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा सहकारी संस्थाको अग्राधिकार रहनेछ ।

७१. **कारबाही गर्न बाधा नपर्ने :** कुनै सहकारी संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारबाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद-१३

## एकीकरण, बिघटन तथा दर्ता खारेज

७२. **एकीकरण तथा विभाजन सम्बन्धी व्यवस्था:** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्तहरु तोकिएबमोजिम हुनेछ ।

(४) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७३. **विघटन र दर्ता खारेज:** (१) कुनै सहकारी संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो सहकारी संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता अधिकारी समक्ष निवेदन दिन सक्नेछ:-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन छानबिन गर्दा त्यस्तो सहकारी संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले देहायको अवस्थामा सहकारी संस्थाको दर्ता खारेज गर्न सक्नेछ:-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता अधिकारीले त्यस्तो सहकारी संस्थालाई सुनुवाईका लागि पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम सहकारी संस्थाको दर्ता खारेज भएमा त्यस्तो सहकारी संस्था विघटन भएको मानिनेछ ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता अधिकारीले प्रदेश सरकारले तोकेको सीमा भन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा संघको दर्ता खारेज गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सहकारी संस्था वा संघको दर्ता खारेजी भएमा त्यस्तो संस्था वा संघको दर्ता प्रमाणपत्र स्वत: रद्द भएको मानिनेछ ।

७४. **लिक्वीडेटरको नियुक्ति:** (१) दफा ७३ बमोजिम कुनै सहकारी संस्थाको दर्ता खारेज भएमा दर्ता अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी सम्बन्धी प्रचलित कानूनमा तोकिएको सीमासम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा दर्ता अधिकारीले कुनै अधिकृतस्तरको कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

(३) लिक्वीडेसन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७५. **लिक्वीडेशन पछिको सम्पत्तिको उपयोग:** कुनै सहकारी संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद -१४

## दर्ता अधिकारी

७६. **दर्ता अधिकारी:** (१) यस ऐन अन्तर्गत सहकारी संस्थाको दर्ता, नियमन लगायतका अन्य सम्पूर्ण कार्य सम्पादन गर्नेगरी मन्त्रालयले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको अधिकृत कर्मचारीलाई दर्ता अधिकारीको रूपमा तोक्नु पर्नेछ ।

(२) दर्ता अधिकारीलाई कार्यसम्पादनमा सहयोग गर्न चाहिने आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

७७. **दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता अधिकारीलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद -१५

## निरीक्षण तथा अनुगमन

७८. **निरीक्षण तथा हिसाब किताब जाँच गर्ने:** (१) दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै वखत तोकिए बमोजिम निरीक्षण तथा हिसाब जाँच गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता अधिकारीले तोकिएबमोजिम माग गरेको जानकारी सम्बन्धित सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संस्थाको काम कारबाही यो ऐन, यस ऐनअन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता अधिकारीले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(४) नेपाल राष्ट्र बैङ्कले सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्नेसम्बन्धी व्यवस्था सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(५) उपदफा (४) बमोजिम सहकारी संस्थाको निरीक्षण तथा हिसाब किताबको जाँच गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले मन्त्रालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

७९. **छानबिन गर्न सक्ने:** (१) कुनै सहकारी संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरित काम भएको वा सो संस्थाको उद्देश्य विपरित कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा पाँच प्रतिशत सदस्यले छानबिनको लागि निवेदन दिएमा दर्ता अधिकारीले त्यस्तो संस्थाको छानबिन गर्न, गराउन सक्नेछ । त्यस्तो छानविन गर्दा सम्बन्धित विषयगत संघ, जिल्ला संघ, प्रदेश विषयगत सँघ र प्रदेश सहकारी संघको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानबिनको जानकारी सम्बन्धित सहकारी संस्थालाई लिखित रूपमा दिनु पर्नेछ ।

**८०. बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था**: (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले अवलम्बन गर्ने अनुगमन प्रणाली सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

(२) दर्ता अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको तोकिएबमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्था वा संघको निरीक्षण तथा अनुगमन दर्ता अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**८१. मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने**: (१) दर्ता अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकाले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुन आएमा मन्त्रालयले त्यस्तो संस्थाको तोकिएबमोजिम निरीक्षण तथा अनुगमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

(३) मन्त्रालयले यस दफा बमोजिम भएको निरीक्षण तथा अनुगमन र दिइएको निर्देशनको सम्बन्धमा दर्ता अधिकारीलाई समेत जानकारी दिनु पर्नेछ ।

**८२. संघले निरीक्षण तथा अनुगमन गर्नुपर्ने**: (१) संघले आफ्ना सदस्यको काम कारबाहीको तोकिएबमोजिम निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालय तथा दर्ता अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछः-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,

(ख) संस्था वा संघमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन,

(च) तोकिएबमोजिमका अन्य व्यवस्था ।

(३) उपदफा (२) बमोजिम संघले अनुगमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा संघलाई सुझाब वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाब वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशनको पालना नभएमा दर्ता अधिकारी समक्ष कारबाहीको सिफारिश गर्नेछ ।

(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नु पर्नेछ ।

८३. **<u>वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने</u>:** दर्ता अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सहकारी संस्थाको तोकिएबमोजिमको विवरण सहित निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -१६

## <u>समस्या ग्रस्त संस्था वा संघ</u>

८४. **<u>संस्था वा संघ समस्या ग्रस्त भएको घोषणा गर्न सकिने</u>:** (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा दर्ता अधिकारीले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नु पर्नेछ:-

(क) सदस्यको हित विपरीत हुनेगरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुनेगरी संस्था वा संघ सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भिर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघका कम्तीमा पच्चीस जना सदस्यहरूले दर्ता अधिकारी समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रदेश सरकारले गठन गरेको आयोगले कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो

आयोगमा परेको उजूरी संख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ ।

८५. **व्यवस्थापन समितिको गठन:** (१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्याग्रस्त संस्था वा संघ घोषणा गरिएकोमा त्यस्तो संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य गर्न सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम व्यवस्थापन समिति गठनको लागि मन्त्रालयले प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ ।

(२) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद-१७

## कसूर, जरिबाना तथा पुनरावेदन

८६. **कसूर,जरिबाना तथा पुनरावेदन**: कसूर, जरिबाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ ।

८७. **अनुसन्धानको लागि लेखी पठाउन सक्ने**: दर्ता अधिकारी वा मन्त्रालयले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले सहकारी सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

## परिच्छेद-१८

## सहकारी विकास बोर्ड

८८. **सहकारी विकास बोर्ड:** प्रदेश स्तरीय एक सहकारी विकास बोर्ड रहनेछ र यसको गठन तथा सञ्चालन तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-१९

## सहकारी विकास कोष

८९. **सहकारी विकास कोष:** (१) सहकारी संघ संस्थाको विकास तथा प्रवर्द्धनका लागि एक सहकारी विकास कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषबाट सहकारी मार्फत उत्पादन, प्रशोधन, भण्डारण, वजारीकरण, रोजगारी तथा व्यावसायिकता वृद्धिमा तोकिएबमोजिम लगानी गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको सहकारी विकास कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) संघीय सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय सरकारबाट प्राप्त रकम भन्ने खण्ड थप गर्ने,

(घ) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) सहकारी संघ संस्थाबाट प्राप्त रकम,

(च) सहकारी कोषको लगानीबाट प्राप्त ब्याज रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम ।

(४) उपदफा (१) बमोजिमको सहकारी विकास कोषको सञ्चालन तथा व्यवस्थापन तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-२०

## छुट, सुविधा र सहुलियत

९०. **छुट, सुविधा र सहुलियतः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ ।

(क) सहकारी संस्थाले अचल सम्पत्ति बाहेक कारोबार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु गराउनु पर्ने छैन,

(ख) सहकारी संस्थाले ऋण लगानी गर्दा वा जमानत बापत राखेको जग्गा दृष्टि बन्धक पारित गर्दा कुनै पनि शुल्क लाग्ने छैन,

(ग) सहकारी संस्थाले आफ्नो कार्यालय तथा सेवा केन्द्रको भवन निर्माणका लागि आवश्यक पर्ने जग्गा जमिन लगायतका अचल सम्पत्ति खरीद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन,

तर व्यावसायिक प्रयोजनका लागि जग्गा जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा प्रचलित कानून बमोजिम आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(२) रजिष्ट्रेशन दस्तुर छुट प्राप्त गरी खरिद गरिएको जग्गा जमिन लगायतका अचल सम्पत्ति प्रयोग नगरी विक्री गरेमा सो बापत छुट पाएको रजिष्ट्रेशन दस्तुर फिर्ता गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले दफा ५४ को उपदफा (२) को खण्ड (क) बमोजिम जगेडा कोषमा छुट्याएको रकम, दफा ५५ को उपदफा (२) बमोजिम संरक्षित पूँजी फिर्ता कोष र दफा ५६ को उपदफा (२) बमोजिम सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आयकर लाग्ने छैन ।

तर संरक्षित पूँजी फिर्ता कोषबाट सदस्यले प्राप्त गरेको रकममा सदस्यको कर दायित्वका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) सहकारी संस्थालाई आफ्नो प्रयोगको लागि आयात गर्ने मेशिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पार्टपूर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरूमा लाग्ने भन्सार महसुल वा मूल्य अभिवृद्धि कर प्रचलित कानून बमोजिम छुट दिन सक्नेछ ।

(५) सहकारी संस्थाले उत्पादन गरेको माल सामानमा लाग्ने अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर प्रचलित कानून बमोजिम आंशिक वा पुरै छुट दिन सक्नेछ ।

(६) सहकारी संस्थाले उत्पादन गरेको वस्तु निकासी गर्दा त्यस्तो वस्तुमा लाग्ने निकासी कर छुट र उद्योगलाई दिए सरह प्रचलित कानून बमोजिम निकासी नगद अनुदान दिन सक्नेछ ।

(७) यस दफामा उल्लिखित छुटहरूका अतिरिक्त औद्योगिक व्यवसाय गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम उद्योगले पाए सरहको र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन वा विशेष उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम त्यस्तो उद्योग, व्यवसाय वा सेवाले पाए सरहको छुट, सुविधा र संरक्षण समेत प्राप्त हुनेछ ।

(८) प्रदेश सरकार वा स्थानीय तहले विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भूमिहिन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पससंख्यक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योग धन्दा प्रवर्धन गर्न प्रचलित कानून बमोजिम लाग्ने जुनसुकै कर आंशिक वा पुरै छुट दिन, बीउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियत पूर्ण ऋण लगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ ।

(९) यस दफा बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्ति सम्बन्धी प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-२१
## विविध

९१. **मताधिकारको प्रयोगः** कुनै सदस्यले सहकारी संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९२. **सामाजिक परीक्षण गराउन सक्नेः** (१) सहकारी संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा तोकिए बमोजिमको ढाँचामा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलका लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित सहकारी संस्थाले दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

९३. **आर्थिक सहयोग गर्न नहुने**: सहकारी संस्थाको रकम सदस्य बाहेक अरु कसैलाई सामाजिक कार्य बाहेक अन्य कार्यका लागि आर्थिक सहयोग गर्न पाइने छैन ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि "सामाजिक कार्य" भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रवर्द्धन सम्बन्धी कार्यलाई जनाउँछ ।

९४. **अन्तर सहकारी कारोबार गर्न सक्ने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाहरूले एक आपसमा सहकारी मूल्य, मान्यता र सिद्धान्तको आधारमा रही अन्तर सहकारी कारोबार गर्न सक्नेछन् । यसरी कारोवार गर्दा एक सहकारीले अर्को सहकारीको सदस्यता लिनु पर्नेछ।

९५. **ठेक्कापट्टा दिन नहुने:** सहकारी संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुँदैन ।

९६. **विवाद समाधान**: सहकारी संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरूपणका लागि तोकिए बमोजिम विवाद निरूपण समितिको गठन गर्न सकिनेछ ।

९७. **विभागीय कारबाही हुने:** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अधिकारको बदनियतपूर्ण प्रयोग गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारबाही हुनेछ ।

९८. **सरकारी बाँकी सरह असूल उपर हुने:** कुनै सहकारी संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

९९. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन् ।

१००. **कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने:** यस ऐन अन्तर्गत दर्ता भएको सहकारी संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुने छैन ।

१०१. **प्रचलित कानून बमोजिम कारबाही गर्न बाधा नपर्ने:** यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्याएको मानिने छैन ।

१०२. **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने:** सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानूनको व्यवस्थाका साथै तत्सम्बन्धमा नेपाल सरकारले जारी गरेको मापदण्ड र नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नु पर्नेछ ।

१०३. **साझेदारी गर्न सक्ने:** सहकारी मार्फत आर्थिक समृद्धि प्राप्त गर्न प्रदेश सरकार र सहकारी संस्थाहरूले साझेदारीमा विकासका आयोजना सञ्चालन गर्न सक्नेछन् ।

१०४. **कर सम्बन्धी व्यवस्था:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्र सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई क्रमश दश प्रतिशत, सात प्रतिशत र पाँच प्रतिशत कर लाग्नेछ ।

तर गाउँपालिका क्षेत्रभित्र सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई भने कर लाग्ने छैन ।

१०५. **कार्यक्रम सञ्चालन गर्न सक्ने:** प्रदेश सरकारले सहकारी संस्थाको प्रवर्द्धन, प्रशिक्षण, सहकारी शिक्षा, व्यावसायिकता विकास र क्षमता विकास गर्नका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१०६. **नियम बनाउने अधिकार:** यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

१०७. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमका अधीनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार दर्ता अधिकारी, नेपाल राष्ट्र बैङ्क, प्रदेश सहकारी संघ, प्रदेश विषयगत संघ र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

## अनुसूची-१
## (दफा ११को उपदफा (१) सँग सम्बन्धित)
## <u>दर्ता दरखास्तको निवेदन</u>:

श्री दर्ता अधिकारीज्यू, मिति ........................

..........., .............

**विषय :- सहकारी संस्था दर्ता सम्बन्धमा ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायको सहकारी संस्था दर्ता गरी पाउन तपसील बमोजिमको विवरण तथा अन्य कागजात सहित ...... प्रदेश सहकारी ऐन, २०७६ को दफा ११ को उपदफा (१) बमोजिम यो निवेदन पेश गरेका छौँ । संस्थाले उद्देश्य अनुरूप तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ ।

संस्था सम्बन्धी विवरण :

(क) प्रस्तावित सहकारी संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य संख्या :

(१) महिला : .......... जना

(२) पुरुष : .............. जना

(ज) प्राप्त शेयर पूँजीको रकम :

(झ) प्राप्त प्रवेश शुल्कको रकम :

**अनुसूची-२**
**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**
**<u>सहकारी संस्था दर्ता प्रमाण पत्रको नमूना</u>**

**............ प्रदेश**
**दर्ता अधिकारीको कार्यालय**
**........., .............**

**<u>सहकारी संस्था दर्ता प्रमाण पत्र</u>**

दर्ता नं. :
दर्ता मिति :

....... प्रदेश सहकारी ऐन, २०७६ को दफा १२ को उपदफा (१) बमोजिम .......................... ............. लाई सीमित दायित्व भएको सहकारी संस्था दर्ता गरी स्वीकृत विनियम सहित यो **प्रमाण पत्र** प्रदान गरिएको छ ।

सहकारी संस्थाको वर्गीकरण : .................................

दर्ता गर्ने अधिकारीको,

दस्तखत :

नाम :

दर्जा :

कार्यालयको छाप :

# स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६

**प्रमाणीकरण र प्रकाशन मिति २०७६/०२/१४**

<u>संशोधन गर्न बनेको ऐन</u>

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

२०७८/०९/०१

* ........

## <u>स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> प्रदेशभित्र बसोबास गर्ने व्यक्तिलाई सर्वशुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सरकारी, निजी, सामुदायिक, गैरसरकारी वा सहकारी स्तरमा स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा सञ्चालन गर्दा पालन गर्नुपर्ने मापदण्ड तथा स्वास्थ्य सेवा सञ्चालनका लागि अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाई स्वास्थ्य सेवा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

⊕ <u>लुम्बिनी प्रदेशको</u> प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद–१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "*... स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा ३ मा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ।

(ख) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम संस्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ र सो शब्दले शिक्षण अस्पताल समेतलाई जनाउँछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

⊕ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(ग) "आयुर्वेद संस्था" भन्नाले आयुर्वेद उपचार पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएको आयुर्वेद अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, पञ्चकर्म, योग, जीवनशैली व्यवस्थापन केन्द्र समेतलाई जनाउँछ।

(घ) "वैकल्पिक चिकित्सा" भन्नाले प्राकृतिक, होमियोप्याथी, युनानी, एक्युपञ्चर, आम्ची समेतलाई जनाउँछ।

(ङ) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनको लागि प्रचलित कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(च) "निजी अस्पताल वा नर्सिङ्गहोम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी अस्पताल वा नर्सिङ्ग होम सम्झनु पर्छ।

(छ) "पोलीक्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै स्थानबाट कम्तीमा पाँच वटा सेवा जस्तैः- बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा आदि जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ज) "*मन्त्रालय" भन्नाले प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "शिक्षण अस्पताल" भन्नाले चिकित्सा विज्ञानको विषयमा कम्तीमा पनि स्नातकस्तरको अध्यापन गर्ने उद्देश्य लिई प्रचलित कानून बमोजिम स्थापना भई स्वास्थ्य सम्बन्धी सेवा समेत प्रदान गर्नका लागि अनुमति प्रदान गर्ने निकायबाट अनुमति प्राप्त शिक्षण अस्पताल सम्झनु पर्छ।

(ञ) "सरकारी अस्पताल" भन्नाले प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएको वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "आंशिक स्वामित्व" भन्नाले प्रदेश सरकारको कम्तीमा एकाउन्न प्रतिशत लगानीलाई सम्झनु पर्छ।

(ट) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम दर्ता भै अनुमति प्रदान गर्ने निकायवाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ठ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा संचालन हुने गरी मुनाफा रहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ड) "स्वास्थ्य क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जाँच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श एकै स्थानबाट पाँच वटा भन्दा कम सेवा जस्तैः- बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजीयोथेरापी, परिवार नियोजन, खोप सेवा जस्ता सेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक समेतलाई जनाउँछ।

(ढ) "निर्देशनालय" भन्नाले स्वास्थ्य सम्बन्धी कार्य हेर्ने प्रदेश सरकार अन्तर्गतको निर्देशनालय सम्झनु पर्छ।

(ण) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल, शिक्षण अस्पताल, अस्पताल तथा अनुसन्धान केन्द्र, पोलीक्लिनिक, स्वास्थ्य क्लिनिक, प्रयोगशाला, डायग्नोष्टिक सेन्टर जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रवाह गर्ने संस्था समेतलाई जनाउँछ।

## परिच्छेद-२

## स्वास्थ्य सेवा सञ्चालन अनुमति सम्वन्धी व्यवस्था

३. स्वास्थ्य सेवा सञ्चालन गर्नु अगाडि अनुमति लिनुपर्नेः (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले पन्ध्र शैयासम्म स्थानीय तहबाट *........... र पच्चीस शैयादेखि दुईसय पचास शैयासम्म मन्त्रालयबाट सञ्चालन अनुमति लिनु पर्नेछ।

+(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले कानून बनाई कार्यान्वयन नगरेसम्म यो ऐन प्रारम्भ हुनु अघि सञ्चालन अनुमति लिएका चौबीस शैय्यासम्मका अस्पतालको नियमन मन्त्रालयले तोकेको निकायबाट हुनेछ।

(३) प्रदेश सरकारले स्थापना र सञ्चालन गर्ने स्वास्थ्य संस्थाको हकमा तोकिए बमोजिम मापदण्ड तयार गरी सो अनुसार स्थापना गरिनेछ।

(४) प्रदेश सरकारले आफ्नो मातहत संचालन हुने सरकारी अस्पतालहरुको व्यवस्थापनका लागि अस्पताल विकास समिति गठन गर्नेछ र समितिको गठन तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) र (३) बमोजिम स्वास्थ्य संस्थाको सञ्चालन अनुमति दिँदा स्वास्थ्य संस्थाको सेवाको प्रकृति, जनसंख्या र दुरी लगायतको आधारमा मन्त्रालयले तोके बमोजिम हुनेछ।

❋(६) डेन्टल सेवा, आँखा उपचार सेवा, डायलाइसिस सेवा, पुनर्स्थापना केन्द्र, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा, रेडियो इमेजिङ सेवा, फिजियोथारापी र प्रयोगशाला लगायतका अन्य सेवाहरु सञ्चालन गर्न मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिनु पर्नेछ।

+(६क) उपदफा (६) मा उल्लेख भएका स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक पर्ने मापदण्ड तोकिएबमोजिम हुनेछ।

(७) कुनै पनि स्वास्थ्य सम्बन्धी शिक्षण संस्था सञ्चालन गर्नको लागि अनुमति लिन चाहने संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएका काउन्सिलको सिफारिस सहित मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(८) निजी अस्पताल वा नर्सिङ्गहोम, सामुदायिक अस्पताल, गैरसरकारी संस्था वा सहकारी संस्थाले शिक्षण संस्था स्थापना गर्नुपर्दा आफ्नै स्वास्थ्य संस्था हुनु पर्नेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको।

❋ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा थप गरिएको।

(९) यस ऐन बमोजिम अनुमति लिएका स्वास्थ्य संस्थाले तोकिएबमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछन्।

(१०) स्वास्थ्य संस्थाले प्रदेश सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा प्रदेश सरकारले तोकेको नियमावली वा प्रोटोकल वा मापदण्ड वा निर्देशिका अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

४. <u>शुल्क सम्बन्धी व्यवस्था</u>: स्वास्थ्य संस्था स्थापना, सेवा बिस्तार वा स्तरोन्नति गर्न अनुमति प्राप्त भएमा तोकिएबमोजिमको अनुमति दस्तुर र नवीकरण दस्तुर अनुमति प्रदान गर्ने संस्थामा बुझाउनु पर्नेछ।

५. <u>पूर्वाधार निर्माण मनसाय पत्र (लेटर अफ इन्टेन्ट) को लागि निवेदन दिनुपर्ने</u>: (१) यस ऐन बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नति गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि तोकिएबमोजिमको ढाँचामा मनसाय पत्रको (लेटर अफ इन्टेन्ट) लागि निवेदन दिनु पर्नेछ।

तर पच्चीस भन्दा बढी शैया सञ्चालन गर्ने अस्पतालले प्रचलित वातावरण सम्बन्धी कानून बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (आइ.ई.ई.) वा वातावरणीय प्रभाव मूल्यांकन (ई.आई.ए) प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको मितिले एक महिनाभित्र परीक्षण गर्न र प्रतिवेदन दिनका लागि प्राविधिक समिति खटाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम खटिएको प्राविधिक समितिले अध्ययन गरी प्रतिवेदन तीस दिनभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालयले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणको लागि निवेदनलाई मनसाय पत्र प्रदान गर्न सक्नेछ।

तर मनसायपत्र प्रदान नगर्नु पर्ने कारण भएर कारण सहित लिखित जानकारी मन्त्रालय / निर्देशनालयले सम्बन्धित पक्षलाई दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण परी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपको लागि सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाले

अनुरोध गरेमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई बढीमा एक वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणको लागि समयावधि थप गर्न सक्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि जुन थप सेवा विस्तार गर्नलाई मनसाय पत्र पेश भएको हो त्यस्तो प्रस्तावित भवन निर्माण सम्पन्न नभएसम्म पुरानो भवनमा तत् तत् सेवा संचालन गर्न पाइने छैन।

६. <u>सञ्चालन अनुगमन सम्बन्धी व्यवस्था</u>: (१) अनुमति दिनुभन्दा पहिले त्यस्तो स्वास्थ्य संस्थाको पूर्वाधार र मापदण्ड तोकिएबमोजिमको भए, नभएको प्राविधिक समितिले अनुगमन गरी सिफारिस गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा तोकिएको गुणस्तर वा पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेको नपाईएमा त्यस्तो स्वास्थ्य संस्थालाई तत्काल सुधारका लागि तीन महिनासम्मको अवधि दिन सकिनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने स्वास्थ्य संस्थालाई मन्त्रालयले अनुमति दिने छैन।

(४) त्यस्तो संस्थालाई कारवाही गर्नु पूर्व आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिइनेछ।

७. <u>पूर्वाधारसम्बन्धी मापदण्ड</u>: अस्पतालले सेवा सञ्चालन गर्दा तोकिए बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ।

८. <u>सञ्चालन अनुमति दिन सकिने</u>: (१) दफा ११ र १२ बमोजिमको कार्य सम्पन्न भएपछि दफा १३ बमोजिमको पूर्वाधार सम्बन्धी मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सञ्चालन गर्न आवश्यक कागजात संलग्न गरी मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त हुन आएमा मन्त्रालयले निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दफा ६ को उपदफा (१) बमोजिम प्राविधिक समितिलाई अनुगमन गर्न लगाउनेछ।

(३) उपदफा (२) बमोजिमको अनुगमन समितिले पैंतालीस दिनभित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए, नभएको राय सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको आधार र यस ऐनमा उल्लिखित अन्य मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थालाई तीन वर्षसम्मको लागि स्वास्थ्य सेवा सञ्चालन गर्न तोकिएको ढाँचामा अनुमति दिन सक्नेछ।

## परिच्छेद-३

## स्तरोन्नति, सेवा विस्तार तथा नवीकरण

९. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने:** (१) स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएको सेवाका अतिरिक्त थप सेवा विस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी मन्त्रालयमा अनुमतिका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिका लागि रीतपूर्वकको निवेदन प्राप्त भएमा मन्त्रालयले तीस दिनभित्र अनुमति प्रदान गर्नु पर्नेछ।

१०. **सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले अनुमति प्राप्त गर्न निवेदन दिनुपर्ने:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गर्ने प्रयोजनका लागि अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना बमोजिम निवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थालाई यस ऐन बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षका लागि समयावधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पूर्वाधार वा मापदण्ड पूरा गर्नुपर्ने समयावधि थप भएको स्वास्थ्य संस्थाले प्रत्येक छ महिनामा प्रगति प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने वा निवेदन दिएको भए तापनि निर्धारित अवधिभित्र पूर्वाधार तथा मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थाको अनुमति मन्त्रालयले रद्द गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुमतिका लागि रीतपूर्वकको निवेदन प्राप्त भएका मितिले मन्त्रालयले तीस दिनभित्र अनुमति प्रदान गर्नु पर्नेछ।

११. **स्वास्थ्य संस्था बाहेक अन्यत्रबाट स्वास्थ्य सेवा प्रदान गर्न अनुमति लिनुपर्ने:** (१) कुनै पनि स्वास्थ्य संस्थाले तोकिएको भन्दा बाहेकका ठाउँबाट स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति प्राप्त गर्नु पर्नेछ।

(२) स्वास्थ्य सेवा प्रदायक संस्थाहरु बाहेक अन्य सेवा प्रदायक संस्थाहरुले स्वास्थ्य सेवा दिन चाहेमा समेत मन्त्रालयबाट स्वीकृति लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था सम्बन्धित निकाय र स्वास्थ्य सेवा प्रदायक सम्बन्धित परिषदमा अनिवार्य दर्ता भएको हुनु पर्नेछ।

(४) आयुर्वेद, होमियोप्याथी, युनानी, प्राकृतिक चिकित्सा, अकुपञ्चर, फिजियोथेरापी, सोवारिग्पा (आम्ची) चिकित्सा पद्धतिमा आधारित भई सेवा प्रवाह गर्ने संस्थाले समेत तोकिएबमोजिम अभिलेखीकरण गर्ने, व्यवसाय सञ्चालन सहमति र सूचिकृत गर्नु पर्नेछ।

१२. नवीकरण गराउनु पर्नेः (१) यस ऐन बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनु छ महिना अगावै मन्त्रालयमा नवीकरणका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा मन्त्रालयले तोकिएबमोजिमको दस्तुर लिई तीन वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनका लागि अनुमति पत्र नवीकरण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र मनासिव कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई नवीकरण गर्ने अवधि समाप्त भएपछिको छ महिनाभित्र पेश गरेमा दोब्बर नवीकरण दस्तुर लिई मन्त्रालयले सेवा सञ्चालन अनुमति नवीकरण गरी दिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सञ्चालन अनुमति पत्र स्वतः खारेज हुनेछ।

१३. दर्ता प्रमाणपत्र राख्नुपर्नेः अनुमति प्राप्त स्वास्थ्य संस्थाले आफूले पाएको अनुमति पत्र सबैले देख्ने गरी स्वास्थ्य संस्थामा राख्नु पर्नेछ।

१४. स्वामित्व हस्तान्तरणः (१) कुनै पनि व्यक्ति वा संस्थाको नाममा दर्ता भएको स्वास्थ्य संस्था निजको स्वामित्व हस्तान्तरण नगरी अन्य व्यक्ति वा संस्थाले सञ्चालन गर्न पाउने छैन।

(२) कसैले उपदफा (१) बमोजिमको स्वामित्व हस्तान्तरण गर्न चाहेमा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी सञ्चालन गर्न सक्नेछ।

१५. एकै पटक दुई स्वास्थ्य संस्थामा एकै व्यक्ति आवद्ध हुन नहुनेः कुनै चिकित्सक वा स्वास्थ्यकर्मीले एक भन्दा बढी स्वास्थ्य संस्थामा पूर्णकालीन काम गर्न पाउने छैन।

१६. स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्नेः स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एकभन्दा बढी स्वास्थ्य संस्थाहरु एक

आपसमा गाभिई सेवा सञ्चालन गर्न चाहेमा तोकिएबमोजिमका शर्तहरु पूरा गरी अनुमतिका लागि त्यस्ता स्वास्थ्य संस्थाहरुले मन्त्रालयमा संयुक्त रुपमा निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा तोकिएबमोजिम मन्त्रालयले अनुमति दिन सक्नेछ।

## परिच्छेद- ४

## दायित्व र जिम्मेवारी

१७. स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा: स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको सुरक्षा स्वास्थ्य संस्थाको समन्वयमा प्रदेश सरकारले गर्नेछ।

१८. अनुगमन गर्नुपर्ने: मन्त्रालयले स्वास्थ्य संस्थाको तोकिएबमोजिमको गुणस्तर तथा मापदण्ड पूरा गरेको वा नगरेको सम्बन्धमा प्राविधिक समिति मार्फत नियमित अनुगमन गर्नु, गराउनु पर्नेछ।

१९. प्राविधिक समितिको गठन: (१) स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन, स्तरोन्नति, स्वास्थ्य सेवाको गुणस्तरीयता सुनिश्चित गर्न तोकिएको मापदण्ड अनुरुप सञ्चालन भएका स्वास्थ्य संस्थालाई अनुगमन गरी मन्त्रालयलाई सिफारीस गर्ने उद्देश्यले प्राविधिक समिति गठन हुनेछ।

* (२) प्राविधिक समितिको गठन तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम गठन हुने प्राविधिक समितिमा आवश्यकता अनुसार सम्बिन्धित विषयको विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।

२०. प्राविधिक समितिको काम, कर्तव्य र अधिकार: स्वास्थ्य प्राविधिक समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

२१. स्वास्थ्य संस्थाले सामाजिक दायित्व बहन गर्नुपर्ने: यस ऐन बमोजिम स्थापना हुने निजी, गैरसरकारी, सहकारी, सामुदायिक अस्पतालहरु, शिक्षण अस्पताल तथा नर्सिङ होमहरुले विपन्न, असहाय, वेवारिसे जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा एकल महिला बिरामीहरुलाई कूल स्वीकृत शैयासंख्याको दश प्रतिशत शैयामा निःशुल्क उपचार सेवा प्रदान गर्नुपर्ने छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

२२. आकस्मिक सेवाबाट वञ्चित गर्न नपाइने: आपत्कालीन अवस्था जस्तैः दुर्घटना, विपद्, महामारी आदिको समयमा स्वास्थ्य संस्थाले बिना शर्त विरामी वा घाईतेलाई स्वास्थ्य सेवा प्रदान गर्नु पर्नेछ र कसैलाई पनि शुल्ककै कारण वञ्चित गर्न पाईने छैन।

२३. प्रतिवेदन पेश गर्नुपर्ने: स्वास्थ्य संस्थाले आफ्नो प्रगति विवरण सहित हरेक महिना तोकिएको निकायमा तोकिएको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

२४. नागरिक वडापत्र राख्नुपर्ने: स्वास्थ्य संस्थाले सेवा शुल्क सहितको नागरिक वडापत्र अनिवार्य रुपमा सवैले देख्न सक्ने गरी राख्नु पर्नेछ।

२५. सरकारी कार्यक्रम सञ्चालन गर्न मापदण्ड पुगेको हुनुपर्ने: यो ऐन प्रारम्भ हुँदा सञ्चालनमा रहेका तर तोकिएको मापदण्ड नपुगेका अस्पतालहरुले तोकिएको समयभित्र मापदण्ड पूरा गर्नु पर्नेछ। तोकिएको मापदण्ड पूरा नगर्दासम्म सरकारी कार्यक्रमहरु सञ्चालन गर्न पाउने छैन।

## परिच्छेद-५

## सजाय सम्वन्धी व्यवस्था

२६. सजाय: स्वीकृति नलिई सञ्चालन भएका स्वास्थ्य संस्थाहरुलाई प्रदेश सरकारले कुनै पनि बखत बन्द गर्न सक्नेछ र यसरी सञ्चालन गर्ने व्यक्ति वा निजी संस्था सञ्चालक वा सञ्चालक समिति वा सहकारी संस्थाका सञ्चालकहरुलाई गैरकानूनी आर्जन गरेको रकम एकीन गरी सो बराबरको जरिवाना गरिनेछ। उक्त रकम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

## परिच्छेद-६

## पुनरावेदन

२७. पुनरावेदन: कुनै पनि निजी स्वास्थ्य संस्था वा सञ्चालकले यस ऐनको दफा २६ बमोजिम आफूलाई दिईएको सजाय विरुद्ध उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-७

## विविध

२८. नियम बनाउने अधिकार: यस ऐनको उद्देश्य पूर्तिका लागि मन्त्रालयले आवश्यक नियम बनाई प्रदेश सरकारको स्वीकृति पश्चात् लागू गर्न सक्नेछ।

२९. बचाउ: यो ऐन बन्नु पूर्व भए गरेका सम्पूर्ण काम कारवाही यसै ऐन वमोजिम भए गरेको मानिनेछ।

# सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६

**प्रमाणीकरण र प्रकाशन मिति २०७६/०६/०१**

संशोधन गर्न बनेको ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

२०७८/०९/०१

## सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः यातायातको सञ्चालन तथा नियमन व्यवस्थालाई प्रभावकारी बनाई वैज्ञानिक यातायात प्रणालीको विकास मार्फत सर्वसाधारण जनतालाई सुरक्षित, भरपर्दो, सरल एवम् सुलभ यातायात सुविधा उपलब्ध गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

* लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कर" भन्नाले दफा ९९ बमोजिमको सवारी साधन कर र दफा १०२ बमोजिमको जरीवानालाई जनाउँछ। सो शब्दले प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु पर्ने अन्य करलाई समेत सम्झनु पर्छ।

(ख) "कम्पनी" भन्नाले यातायात सेवा सञ्चालन गर्न इजाजत प्राप्त पंजिकृत कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून अनुसार स्थापना भएका कम्पनीलाई समेतलाई जनाउँछ।

(ग) "कार्यालय" भन्नाले प्रदेशभित्रका यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था कार्यालय (सवारी), यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) तथा यातायात व्यवस्था सेवा कार्यालयलाई सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(घ) "कार्यालय प्रमुख" भन्नाले प्रदेशभित्रका कार्यालयको प्रमुख सम्झनु पर्छ।

(ङ) "चालक" भन्नाले सवारी चालक अनुमति पत्र प्राप्त व्यक्ति सम्झनु पर्छ।

(च) "चालक अनुमति पत्र" भन्नाले दफा ३० बमोजिम कार्यालय प्रमुखले दिएको सवारी चालक अनुमति पत्र सम्झनु पर्छ।

(छ) "ट्राफिक सङ्केत" भन्नाले प्रहरी वा एक सवारीको चालकले अर्को सवारीको चालकलाई दिएको सूचना, सङ्केत वा ईशारा सम्झनु पर्छ र सो शब्दले सवारीको नियन्त्रण वा निर्देशनका लागि लिखित वा साङ्केतिक रूपमा टाँसेको, राखेको वा जडान गरिएको सूचना सङ्केत वा ईशारा समेतलाई जनाउँछ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरिएको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(झ) "दर्ताको प्रमाण पत्र" भन्नाले दफा ६ बमोजिम सवारी दर्ता गरी दिइएको सवारी दर्ता प्रमाण पत्र सम्झनु पर्छ।

(ञ) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको सवारी तथा यातायात व्यवस्था निर्देशनालय सम्झनु पर्छ।

(ट) "बीमा" भन्नाले सवारी, यात्री, मालसामान, चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने अन्य कर्मचारी तथा तेस्रो पक्षको सम्बन्धमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्ने बीमा सम्झनु पर्छ र सो शब्दले तत्सम्बन्धमा गरिने कम्प्रिहेन्सिभ बीमालाई समेत जनाउँछ।

(ठ) "मार्ग" भन्नाले दफा ४० बमोजिम सार्वजनिक सवारी चलाउनलाई निर्धारित मार्ग सम्झनु पर्छ।

(ड) "मार्ग इजाजत पत्र" भन्नाले स्वीकृत मार्गमा सवारी चलाउन दफा ४१ बमोजिम प्राप्त गरेको इजाजत पत्र सम्झनु पर्छ।

(ढ) "[*] मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको यातायात सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "मालसामान" भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसार-पसार गरिने जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु सम्झनु पर्छ।

(त) "मालबाहक सवारी" भन्नाले मालसामान ओसार-पसार गर्ने काममा प्रयोग गरिने सार्वजनिक सवारी सम्झनु पर्छ।

---

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(थ) "मध्यममार्ग (मिडियमरुट)" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट एक सय किलोमिटर भन्दा बढी तर दुईसय पचास किलोमिटर भन्दा कम्ती दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(द) "यातायात सेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म यात्री वा मालसामान ओसार-पसार गर्ने कार्य सम्झनु पर्छ।

(ध) "यात्री" भन्नाले यात्रुवाहक सवारीमा यात्रा गर्ने व्यक्ति सम्झनु पर्छ।

(न) "यात्री बाहक सवारी" भन्नाले यात्रीहरुलाई यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी सम्झनु पर्छ।

(प) "यात्री गुण्टा" भन्नाले यात्रीले आफ्नो साथमा लिई यात्रा गर्ने व्यक्तिगत प्रयोजनका मालसामान सम्झनु पर्छ।

(फ) "*यातायात निरीक्षक" भन्नाले दफा ९१ बमोजिमको यातायात निरीक्षक सम्झनु पर्छ।

(ब) "लामो मार्ग (लङरुट)" भन्नाले यात्राको लागि प्रस्थान गर्ने स्थानबाट दुईसय पचास किलोमिटर वा सोभन्दा बढी दुरीको गन्तव्य स्थानसम्म पुग्ने मार्ग सम्झनु पर्छ।

(भ) "व्यवस्थापक" भन्नाले पञ्जीकृत यातायात सेवामा संलग्न सार्वजनिक सवारीलाई व्यवस्थित रूपमा सञ्चालन गर्ने जिम्मा लिएको व्यक्ति सम्झनु पर्छ।

(म) "व्यवस्थापन समिति" भन्नाले दफा ८९ बमोजिम गठित प्रदेश यातायात व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(य) *................

(र) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने साधारणतया मानिस वा सामान ओसार्ने तथा तान्ने सवारी साधन सम्झनु पर्छ।

(ल) "सवारीको वजन" भन्नाले सवारीको इन्जिन, चेसिस, अन्य पार्ट, इन्धन, ड्राइभर, यात्री, मालसामान समेतको कूल वजन सम्झनु पर्छ र सो शब्दले निर्माता तथा सवारी दर्ता प्रमाणपत्रमा लेखिएको कूल भार वहन क्षमता समेतलाई जनाउँछ।

(व) "सार्वजनिक सवारी" भन्नाले यातायात सेवामा प्रयोग गरिने सवारी सम्झनु पर्छ।

(श) "सुरक्षाकर्मी" भन्नाले यात्री, मालसामान तथा सवारीको सुरक्षाको जिम्मा लिने कर्मचारी सम्झनु पर्छ र सो शब्दले सरकारी सुरक्षाकर्मी समेतलाई जनाउँछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको।

(ष) "सार्वजनिक स्थान" भन्नाले सार्वजनिक सडक, पेटी, गल्ली, नदी, पूल, मार्ग वा सर्वसाधारण जनता आउने, जाने, बस्ने ठाउँ सम्झनु पर्छ र सो शब्दले यात्रीहरु चढ्न, उत्रन वा सवारी राख्न निर्धारित ठाउँलाई समेत जनाउँछ।

(स) "सवारी धनी" भन्नाले सवारी दर्ताको प्रमाणपत्रमा सो सवारीको धनी भनी लेखिएको व्यक्ति, फर्म, कम्पनी वा अन्य कुनै संगठित संस्था सम्झनु पर्छ।

## परिच्छेद-२
## सवारी साधनको दर्ता

३. सवारी साधनको दर्ताः (१) विदेशबाट सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले त्यस्तो सवारी सोझै यस प्रदेशभित्र प्रवेश गर्ने स्थानमा रहेको भन्सार कार्यालयमा त्यस्तो सवारीको प्रवेश दर्ता गर्नको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रवेश दर्ता गराउनका लागि निवेदन परेमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो सवारी साधन खरीद गरेको प्रमाण र सम्बन्धित कागजात छानबिन गरी त्यस्तो सवारीलाई प्रवेश प्रयोजनका लागि मात्र पन्ध्र दिनका लागि प्रवेश दर्ता गरी त्यस्तो सवारी आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई प्रवेश दर्ताको प्रमाण दिनुपर्नेछ र त्यस्तो सवारीको विवरण यथाशीघ्र सम्बन्धित यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ। त्यसरी प्रवेश गराईएको सवारी साधन आयातकर्ता व्यक्ति, फर्म वा कम्पनी सोझै आफ्नो गोदाम/शो-रुममा लग्नु पर्नेछ। त्यस्तो सवारीमा सम्वन्धित भन्सार कार्यालयले तोकिएको स्टीकर टाँस गर्नु पर्नेछ।

(३) कुनै पनि सवारी खरीद गर्ने वा विदेशबाट आयात गर्ने व्यक्ति, फर्म वा कम्पनीले वासवारी बिक्री वितरण गर्ने एजेण्टले सवारी खरिद गरेको वा आयात गरी नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पन्ध्र दिनभित्र कार्यालयमा तोकिएको दस्तुर बुझाइ दर्ता गर्नु पर्नेछ।

तर सरकारी निकायले आयात गरेकोमा नेपालभित्र भन्सार तिरी ल्याएको मितिले पैंतीस दिनभित्र कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(४) विभिन्न विकास साझेदार तथा विदेशी लगानीमा संचालित आयोजना सम्पन्न भए पश्चात ती आयोजनाबाट नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदाका बखत प्राप्त भएका सवारी साधन वा दर्ता छुट भएका पुराना सरकारी सवारी साधन सम्बन्धित मन्त्रालयबाट निर्णय भई आएमा मन्त्रालयले तोकेको मापदण्ड बमोजिम दर्ता गर्नु पर्नेछ।

(५) सवारी साधनको पाटपुर्जा आयात गरी वा नेपालभित्र नै सवारीको निर्माण गर्ने कम्पनीले तोकिएको निकायले सञ्चालन योग्य रहेको भनी प्रमाणित गरेपछि मात्र उत्पादन प्लान्टबाट गोदाम वा शो-रुममा लैजानु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको सवारी साधन संचालन योग्य रहेको भनी प्रमाणित गरेको १५ (पन्ध्र) दिनभित्र कार्यालयमा तोकिएको दस्तुर बुझाइ दर्ता गर्नु पर्नेछ।

(७) कुनै सवारी संयुक्त रूपमा दर्ता गर्न दुई वा दुईभन्दा बढी व्यक्तिले कार्यालय प्रमुख समक्ष निवेदन दिएमा कार्यालय प्रमुखले आवश्यक छानबिन गरी त्यस्तो सवारीलाई संयुक्त रूपमा दर्ता गरी दिनु पर्नेछ।

(८) उपदफा (३), (४), (६)र (७) बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

(९) सवारी दर्ता गर्ने सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. <u>सरुवा दर्ता</u>: (१) अन्य प्रदेशमा दर्ता भएको सवारी यस प्रदेशमा सरुवा दर्ता गर्नु परेमा सवारी दर्ता रहेको कार्यालयको दर्ता अभिलेख सहितको पत्रसाथ तोकिएको दस्तुरसमेत संलग्न राखी तोकिएको ढाँचामा सवारी धनीले कार्यालय प्रमुख समक्ष सरुवा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(२) यस प्रदेश अन्तर्गत कुनै एक कार्यालयमा दर्ता भएको सवारी अन्य कार्यालयमा सरुवा दर्ता गर्नु परेमा सवारी दर्ता रहेको कार्यालयको दर्ता अभिलेख सहितको पत्रसाथ र तोकिएको दस्तुरसमेत संलग्न राखी तोकिएको ढाँचामा सवारी धनीले कार्यालय प्रमुख समक्ष सरुवा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन परेमा अधिकारप्राप्त अधिकारीले तोकिएको मापदण्डको अधिनमा रही त्यस्तो सवारीको जाँचबुझ गरी सरुवा दर्ता गर्न उपयुक्त देखेमा उक्त सवारीको सरुवा दर्ता गरी दिनु पर्नेछ।

(४) यस प्रदेशमा दर्ता रहेको सवारी अन्य प्रदेशमा वा यस प्रदेश अन्तर्गतका अन्य कार्यालयमा सरुवा दर्ताको लागि सवारी धनीले सहमति मागेमा तोकिएको मापदण्डको अधिनमा रही सरुवा सहमति दिन सकिनेछ।

(५) सरुवा दर्ता गर्ने सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत् सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५. **अस्थायी दर्ता**: (१) देहायको अवस्थामा कुनै सवारीलाई सम्बन्धित कार्यालयले तोकिएबमोजिमको दस्तुर लिई अस्थायी रूपमा दर्ता गर्न सक्नेछः-

(क) सवारी आयात गर्ने व्यक्ति सवारी दर्ता गराउनु पर्ने म्यादभित्र दर्ता गराउन उपस्थित हुन नसक्ने मनासिब माफिकको कारण भएमा,

(ख) आयात गरिएको सवारीको इन्जीन, चेसिस वा अन्य कुनै पार्टपूर्जाको खराबीको कारणले गर्दा दर्ता गराउन तत्काल सवारी ल्याउन नसकिने भएमा,

(ग) खण्ड (ख) मा लेखिएको अवस्था परी सो सवारी निर्माण गर्ने कम्पनी वा बिक्री गर्ने एजेन्ट वा बीमा कम्पनीसँग क्षतीपूर्ति, बीमा सम्बन्धी विवाद परी तुरून्त दर्ता गर्न नसकिने भएमा,

(घ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहसँग भएको सम्झौता बमोजिमको कार्य सम्पादनको लागि कुनै विदेशी नागरिक, कम्पनी वा संस्थाको नाममा आयात भई त्यस्तो सम्झौतामा उल्लिखित अवधिभर नेपालभित्र सञ्चालन गर्न सम्बन्धित निकायबाट अस्थायी दर्ताको लागि सिफारिश भएको सवारी साधन भएमा,

(ङ) मन्त्रालयले अस्थायी दर्ता गर्न उपयुक्त ठानेमा।

(२) अस्थायी दर्ता गर्ने सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **सवारी दर्ताको प्रमाणपत्र, मान्य अवधि र नवीकरण**: (१) दफा ३, ४ र ५ बमोजिम परेको निवेदन जाँचबुझ गर्दा यस ऐन बमोजिम सवारी दर्ता गर्न मिल्ने देखिएमा कार्यालयले सवारी दर्ता गरी तोकिएबमोजिमको ढाँचामा सवारी दर्ता प्रमाणपत्र दिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारी दर्ता गर्नका लागि दरखास्त परी सो सवारी दर्ता गर्नु अघिँ कार्यालय प्रमुखले सो सवारीको यस ऐनमा तोकिएका मापदण्डका अधीनमा रही जाँचबुझ गर्न लगाउन सक्नेछ र त्यसरी जाचँबुझ गर्दा त्यस्तो सवारी चलाउन सकिने स्थितिमा रहेको नदेखिएमा त्यस्तो सवारी दर्ता गर्न इन्कार गर्न सक्नेछ।

(३) वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दर्ता रोक्का गर्न मनासिब देखेमा निर्देशनालयले कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम कुनै सवारी दर्ता गर्न इन्कार गरेमा कार्यालय प्रमुखले सोको कारण खुलाई दरखास्तवालालाई सूचना दिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम दिईएको सवारी दर्ता प्रमाणपत्रको मान्य अवधि त्यस्तो प्रमाण पत्र दिएको मितिले एक वर्षसम्म हुनेछ।

तर यस ऐन तथा नियमावली बमोजिम सवारीको दर्ता नवीकरणको लागि दस्तुर नलाग्ने सवारी साधनको हकमा पाँच वर्षसम्मको लागि एकैपटक दर्ता प्रमाणपत्र नवीकरण गर्न सकिनेछ।

(६) उपदफा (५) बमोजिम सवारी दर्ताको प्रमाण पत्रमा लेखिएको म्याद नाघेको तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर बुझाई अर्को अवधिका लागि नवीकरण गराई सक्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको म्याद नाघी सवारी दर्ता प्रमाणपत्र नवीकरण गराउन आउने सवारी धनी वा व्यवस्थापकबाट नवीकरण दस्तुरको म्याद नाघेको प्रति वर्ष एकसय प्रतिशतका दरले थप दस्तुर समेत लिई बढीमा पाँच बर्षसम्म त्यस्तो सवारी दर्ता प्रमाणपत्र नवीकरण गरिनेछ।

(८) सवारी दर्ताको प्रमाणपत्र, मान्य अवधि र नवीकरण सम्बन्धी प्रक्रिया, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाण पत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(९) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुटनीतिक सुविधा प्राप्त सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गर्न कुनै दस्तुर लाग्ने छैन।

७. <u>सडकमा चल्न सक्ने सक्षमता (रोड अर्डिनेस) को प्रमाण पत्र लिनुपर्ने</u>: (१) दफा ३ बमोजिम कुनै सवारी दर्ता गर्नुभन्दा अगावै त्यस्तो सवारी चलाउन सकिने ठीक स्थितिमा छ भन्ने कुराको तोकिएबमोजिमको प्रमाणपत्र सवारी धनी वा व्यवस्थापकले पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सक्षमताको प्रमाणपत्र पेश गरेपछि मात्र सवारी दर्ताको प्रमाणपत्र दिइनेछ।

८. <u>सवारी साथै लिई आउनु पर्ने</u>: कुनै सवारी दर्ता गर्न, सवारी नामसारी गर्न, सवारीको जाँचपास गर्न, प्रदुषण जाँच गर्न र सवारीको कुनै कुरा हेरफेर गर्नका लागि त्यस्तो व्यक्ति, फर्म वा कम्पनीले सम्बन्धित सवारी कार्यालयमा साथै लिई आउनु पर्नेछ।

९. <u>सवारीको लगत राख्नुपर्ने</u>: (१) कार्यालय प्रमुखले यस ऐनबमोजिम दर्ता भएको प्रत्येक सवारीको धनीको नाम, ठेगाना, सवारी दर्ता भएको मिति, दर्ता नम्बर, सवारी निर्माताको नाम, मोडेल, वर्ष, इन्जिन नम्बर, चेसिस नम्बर, सवारीको किसिम र वजन इत्यादि समेत

स्पष्ट रूपमा खुल्ने गरी दर्ता किताबमा लेख्न लगाई सवारीको लगत अद्यावधिक गरी राख्नुपर्छ। त्यस्तो दर्ता किताबको सम्बन्धित पानामा सवारी धनीको फोटो समेत टाँसिएको हुनुपर्छ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको लगत विद्युतीय रुपमा राख्नका लागि निर्देशनालयले अनलाईन रुपमा अभिलेख प्रविष्टि तथा सुरक्षा गर्न मिल्ने गरी विद्युतीय यातायात अभिलेख केन्द्रको व्यवस्था मिलाउनेछ। त्यसरी विकास गरेको विद्युतीय यातायात अभिलेखमा सवारी दर्ताको लगत अद्यावधिक रुपमा कार्यालयले प्रविष्टि गर्नु पर्नेछ।

१०. <u>सवारी चलाउन वा चलाउन दिन नहुने</u>: (१) यस ऐन बमोजिम दर्ता नगरी कुनै पनि सवारी चलाउन वा चलाउन दिन हुँदैन।

(२) विदेशमा दर्ता भएको सवारी प्रचलित कानून बमोजिम अनुमति नलिई नेपालभित्र चलाउन हुँदैन।

११. <u>विदेशी सवारी चलाउन अनुमति दिने</u>: (१) ढुवानी तथा यातायात सेवा सञ्चालन गर्ने उद्देश्यले बाहेक विदेशमा दर्ता भएको सवारी नेपालभित्र चलाउन भन्सार निस्सा सहित अनुमति मागेमा कार्यालय प्रमुखले तोकिएको दस्तुर लिई एक सवारीलाई एक पटकमा सात दिनमा नबढ्ने गरी एक आर्थिक वर्षमा बढीमा तीस दिनसम्मको लागि त्यस्तो सवारी नेपालभित्र चलाउने अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार र विदेशी सरकार बीच एक अर्को देशमा यातायात सञ्चालन गर्ने गरी सम्झौता भएकोमा पारस्परिकताको आधारमा विदेशी सवारी नेपालभित्र चलाउन अनुमति दिन सकिनेछ।

१२. <u>सवारीको दर्ताको प्रमाणपत्र स्वतःरद्द हुने</u>: (१) दफा ६ को उपदफा (७) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगराएमा सवारीको दर्ताको प्रमाणपत्र स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारीको लगत दर्ता किताब र अभिलेखबाट कट्टा हुनेछ।

१३. <u>सवारीको नामसारी</u>: (१) यस ऐन बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरु कसैलाई कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पन्ध्र दिनभित्र सो सवारीको नामसारीका लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा समेत संलग्न राखी तोकिएको ढाँचामा कार्यालय प्रमुख समक्ष दरखास्त दिनुपर्छ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले नब्बे दिनभित्र सवारी धनीको मृत्यु भएको प्रमाण, दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा तथा आफ्नो सबैभन्दा नजीकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा कार्यालय प्रमुख समक्ष दरखास्त दिनुपर्छ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीका लागि दरखास्त परेमा कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नुपर्छ।

तर उपदफा (२) बमोजिम नामसारीका लागि जाँचबुझ गर्दा समान तहका एक भन्दा बढी हकवाला रहेको देखिएमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्त रूपमा दर्ता गरी नामसारी गर्नुपर्छ।

(४) उपदफा (२) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोरा दर्ता किताबमा जनाउँनु पर्छ।

(५) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा कार्यालय प्रमुखले जाँचबुझ गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै विवाद परेको देखिएमा त्यस्तो विवादको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

१४. <u>स्वीकृति नलिई हेरफेर गर्न नहुने</u>ः सवारी धनीले कार्यालय प्रमुखको स्वीकृति नलिई सवारीको रङ, सीट सङ्ख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी सवारीमा हेरफेर गर्न हुदैन।

तर यस दफाले सवारीमा सामान्य पार्टपूर्जा परिवर्तन गर्न कुनै बाधा पुऱ्याएको मानिने छैन।

१५. <u>दर्ता निलम्बन गर्न सक्ने</u>ः (१) कार्यालय प्रमुखले देहायको अवस्थामा कुनै सवारीको दर्ता देहाय बमोजिमको अवधिसम्मको लागि निलम्बन गर्ने गरी आदेश दिन सक्नेछः-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रद रूपमा मर्मत नगरेसम्मका लागि,

(ख) सवारी धनीले यस ऐन बमोजिम पूरा गर्नुपर्ने कुनै शर्त पूरा नगरी वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको लिखित

आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महिनासम्मका लागि।

(२) उपदफा (१) बमोजिम दर्ता नगर्ने गरी सवारी धनीलाई आदेश दिँदा कार्यालय प्रमुखले सोको कारण समेत स्पष्ट रूपमा खुलाएको हुनुपर्छ।

(३) उपदफा (१) बमोजिम सवारीको दर्ता निलम्बन गरेमा कार्यालयले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

(४) उपदफा (१) बमोजिम दर्ता निलम्बन गरेमा कार्यालय प्रमुखले आदेश दिएको मितिले सात दिनभित्र सवारी धनीले सवारी दर्ताको प्रमाणपत्र कार्यालय समक्ष बुझाउनु पर्छ।

(५) कार्यालय प्रमुखले दर्ताको प्रमाणपत्रको निलम्वन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नुपर्छ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रमाणपत्र सवारी धनीलाई फिर्ता दिँदा कार्यालयले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा समेत जनाउन लगाउँनु पर्छ।

१६. <u>दर्ताको प्रमाणपत्र खारेज गर्ने</u>: (१) देहायको कुनै अवस्थामा यस ऐन बमोजिम दर्ता भएको सवारीको दर्ता खारेजी गर्न सकिनेछः-

(क) कुनै सवारी कुनै किसिमले नासिएमा, चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंका लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न कार्यालय प्रमुख समक्ष तोकिएको ढाँचामा दरखास्त दिएमा,

तर पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपूर्जा नेपाल बाहिर लग्न परेमा सवारी धनीले कार्यालय प्रमुखको पूर्व स्वीकृति लिनुपर्छ।

(ख) उजुरी वा कुनै जानकारीको आधारमा जाँचबुझ गर्दा कुनै सवारी अनियमित तवरले वा गलत वा झुट्टा कागजात वा विवरणको आधारमा दर्ता गरिएको पाइएमा निर्देशनालयको सहमतिमा।

(२) उपदफा (१) बमोजिमको अवस्था परी कार्यालय प्रमुखले आवश्यक जाँचबुझ गरी व्यहोरा साँचो देखेमा बुझाउन बाँकी कर दस्तुर सबै लिई त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सोको व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नेछ।

१७. <u>दर्ता प्रमाण पत्रको प्रतिलिपि दिने</u>ः (१) सवारी दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र सवारी धनीले सम्वन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिश सहित कार्यालय समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबीन गर्दा व्यहोरा ठीक देखेमा कार्यालय प्रमुखले सवारी धनीलाई त्यस्तो दर्ता प्रमाणपत्रको प्रतिलिपि दिनेछ।

१८. <u>विवरण पेश गर्नुपर्ने</u>ः (१) विदेशबाट सवारी पैठारी गर्ने फर्म, कम्पनी वा एजेण्टले आफूले पैठारी गरेको प्रत्येक सवारीको मोडेल, इन्जिन नम्बर, चेसिस नम्बर तथा त्यस्तो सवारीको किसिम र निर्माताको नाम समेत उल्लेख गरी त्यस्ता सवारीमध्ये कुन सवारी कसलाई कहिले बिक्री गरेको र आफैले पैठारी गरी बाँकी रहेको सवारी मध्ये कति सवारी मौज्दात रहेको छ भन्ने समेत खुलाई प्रत्येक छ महिनामा कार्यालय समक्ष विवरण पेश गर्नुपर्छ।

(२) कार्यालय प्रमुखले विदेशबाट सवारी पैठारी गरी बिक्री वितरण गर्ने फर्म, कम्पनी वा एजेन्टबाट उपदफा (१) मा लेखिएको विवरणहरुको अतिरिक्त सवारी पैठारी तथा बिक्री वितरण सम्बन्धी अन्य कुनै आवश्यक विवरण तथा कागजात माग्न सक्नेछ। त्यसरी मागिएको विवरण तथा कागजात तुरुन्त उपलब्ध गराउने कर्तव्य त्यस्तो फर्म, कम्पनी वा एजेन्टको हुनेछ।

## परिच्छेद-३
## <u>सवारीको अवस्था, मापदण्ड तथा वर्गीकरण</u>

१९. <u>मापदण्ड तोक्न सक्ने</u>ः (१) नेपालमा उत्पादन हुने वा पैठारी हुने सवारीको बनावट, डिजाईन, इन्जिन तथा प्रयोग गर्ने प्रक्रिया लगायतका विषयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सवारीको मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको मापदण्ड भन्दा फरक मापदण्डका सवारी साधन निर्माण गर्न वा नेपालमा पैठारी गर्न वा त्यस्तो मापदण्ड प्रतिकूल हुने गरी सवारी साधनको मर्मत वा परिवर्तन गर्न पाईने छैन।

(३) यो ऐन प्रारम्भ भएपछि उपदफा (१) बमोजिम तोकिएको मापदण्ड प्रतिकूल हुनेगरी निर्माण गरिएका वा पैठारी गरिएका सवारी साधन दर्ता गरिने छैन।

२०. <u>सवारीको जाँचबुझ, जाँचपास तथा प्रदुषण जाँच सम्बन्धी व्यवस्था</u>ः (१) कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँचबुझ गरी यकिन गर्न देहायका

कुराहरुका सम्बन्धमा प्रदेश सरकारले आवश्यक मापदण्ड निर्धारण गरी तोक्न सक्नेछ :-

(क) सवारीको यान्त्रिक स्थितिको सम्बन्धमा,

(ख) सवारीको लम्बाई, चौडाई, उचाई, बनौट वा स्वरूपको सम्बन्धमा,

(ग) सवारीबाट हुन सक्ने प्रदुषणको सम्बन्धमा,

(घ) सवारी चलाउन सकिने अवधिको सम्बन्धमा।

(२) कुनै सवारी चलाउन सकिने स्थितिमा छ वा छैन भन्ने कुराको जाँचबुझ गरी सक्षमताको प्रमाणपत्र दिंदा वा जाँचपास गर्दा उपदफा (१) बमोजिम तोकिएको मापदण्डका अधीनमा रही जाँचबुझ गर्नु पर्नेछ।

(३) सार्वजनिक सवारीले यस ऐन बमोजिम तोकिएको स्थान र अवधिमा सवारीको जाँचपास गराउनु पर्नेछ।

(४) जाँचपास सम्वन्धी प्रक्रिया, स्थान, अवधि, निवेदनको ढाँचा, नवीकरण, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) कुनै पनि सवारीको शुरु दर्ता गराउँदा र सार्वजनिक सवारीको हकमा प्रत्येक छ महिनामा तथा निजी सवारीको हकमा प्रत्येक एक वर्षमा तोकिएको स्थान र अवधिमा प्रदुषण जाँच गराउनु पर्छ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुई पाङ्ग्रे सवारीको हकमा दर्ता गर्दा र नामसारी दर्ता गर्दा मात्र प्रदुषण जाँच गराउनु पर्नेछ।

(७) प्रदुषण जाँच सम्वन्धी प्रक्रिया, स्थान, अवधि, निवेदनको ढाँचा, नवीकरण, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. **आकार र वजनको आधारमा सवारीको वर्गीकरणः** (१) आकार र वजनको आधारमा सवारीलाई देहाय बमोजिम ठूला, मझौला र सानो सवारीको रुपमा वर्गीकरण गरिनेछः-

(क) दश टनभन्दा बढी वजन भएको यात्रुवाहक, मालसामान ढुवानी गर्ने एवम ट्रेलर सवारीलाई ठूला सवारी भनिनेछ,

(ख) चार टनदेखि दश टनसम्म वजन भएको यात्रुवाहक, मालसामान ढुवानी गर्ने एवम ट्रेलर सवारीलाई मझौला सवारी भनिनेछ,

(ग) चार टनभन्दा कम वजन भएको यात्रु वाहक, मालसामान ढुवानी गर्ने एवम ट्रेलरलाई साना सवारी भनिनेछ र सो अन्तर्गत तीन पांग्रे सवारी समेत पर्दछ,

(घ) मोटरसाइकल, स्कुटर, मोपेड आदिलाई दुई पांग्रे सवारी भनिनेछ।

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको वर्गीकरणमा पर्ने सवारीको नामावली प्रदेश सरकारले समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकिएबमोजिम हुनेछ।

२२. <u>स्वामित्व, प्रयोजन र प्रयोगको आधारमा सवारीको वर्गीकरणः</u> (१) प्रयोजन वा प्रयोगको आधारमा सवारीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ :-

(क) यातायात व्यवसाय गर्ने कम्पनीले यातायात सेवा संचालनमा प्रयोग गर्ने सवारीलाई सार्वजनिक सवारी भनिनेछ,

(ख) कुनै व्यक्ति, संस्था, निकाय वा कार्यालयको निजी प्रयोगको सवारीलाई निजी सवारी भनिनेछ।

(२) सार्वजनिक सवारीलाई यात्रुबाहक र मालबाहक गरी विभाजन गरिनेछ।

(३) यात्रुबाहक सार्वजनिक सवारीलाई दिवा तथा रात्री सेवामा विभाजन गरी यातायात सेवा सञ्चालन गर्ने इजाजतपत्र दिइनेछ।

(४) यस दफा बमोजिम विभाजन गरिएका सवारीको स्तर, गति तथा अन्य आवश्यक व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) मालसामान ढुवानी गर्ने सार्वजनिक सवारीलाई मालबाहक सवारीको इजाजत दिइनेछ।

(६) निजी सवारीलाई कुनै पनि प्रकारको यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन।

(७) उपदफा (१) को खण्ड (ख) बमोजिमको निजी सवारीमध्ये नेपाल सरकार,प्रदेश सरकार वा स्थानीय तह वा त्यसको कुनै कार्यालयको नाममा दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई सरकारी सवारी भनिनेछ।

(८) उपदफा (१) को खण्ड (ख) बमोजिमको निजी सवारीमध्ये नेपाल सरकार, प्रदेश सरकारको पूर्ण, अधिकांश वा स्थानीय तहको एकल वा संयुक्त रुपमा स्वामित्व भएको संगठित संस्थाको नाममा दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई सार्वजनिक संस्थानको सवारी भनिनेछ।

(९) प्रचलित कानून बमोजिम कुटनीतिक नियोग वा कुटनीतिक सुविधा प्राप्त कार्यालय, योजना, निकाय वा व्यक्तिको नाममा दर्ता भई दर्ता प्रमाणपत्र प्राप्त सवारीलाई कुटनीतिक सुविधा प्राप्त सवारी भनिनेछ।

(१०) ट्रयाक्टरलाई कृषि र गैरकृषि प्रयोजनमा प्रयोग हुने गरी वर्गिकरण गरिनेछ।

२३. सवारीको नम्बर प्लेट राख्नु पर्नेः (१) सवारीको पहिचानका लागि प्रत्येक सवारीको अगाडि तथा पछाडि तोकिएबमोजिमको नम्बर प्लेट राख्नु पर्छ।

(२) उपदफा (१) बमोजिम नम्बर प्लेट तोक्दा सार्वजनिक सवारी, निजी सवारी, सरकारी सवारी, र कुटनीतिक सुविधा प्राप्त सवारीका लागि फरक फरक हुनेगरी तोक्नु पर्नेछ।

२४. अन्य प्रयोजनको निम्ति प्रयोग गर्न नहुनेः (१) कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन।

(२) भन्सार महसुल छुट हुने गरी सुविधा प्रदान गरिएको सवारीलाई जुन प्रयोजनको निम्ति भन्सार महसुल छुट दिइएको हो त्यस्तो प्रयोजनको निम्ति बाहेक अन्य प्रयोजनको निम्ति त्यस्तो सुविधा प्राप्त सवारी प्रयोग गर्न पाइने छैन।

## परिच्छेद-४
## चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

२५. सवारी चलाउन नहुनेः कुनै पनि व्यक्तिले चालक अनुमतिपत्र प्राप्त नगरी कुनै पनि सवारी चलाउन हुँदैन।

२६. सवारी चलाउन दिन नहुनेः कसैले पनि आफ्नो स्वामित्वको वा आफनो जिम्मामा रहेको कुनै सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको कुनै व्यक्तिलाई चलाउन दिन हुँदैन।

तर सवारी चालक सम्बन्धी सीप सिकाउने संस्थाले प्रशिक्षकको नियन्त्रण र रेखदेखमा प्रशिक्षार्थीलाई सवारी चलाउन दिन सक्नेछ।

२७. चालकको लागि अयोग्यताः (१) देहायका व्यक्तिहरु चालक अनुमतिपत्र प्राप्त गर्न अयोग्य मानिनेछन्:-

(क) ठूलो र मझौला सवारीको निमित्त एक्काइस वर्ष उमेर नपुगेको तथा साना सवारीको सवारी चालक अनुमतिपत्र प्राप्त गरी सोको अवधि दुई वर्ष नपुगेको व्यक्ति,
(ख) सानो सवारीको लागि अठार वर्ष उमेर नपुगेको व्यक्ति,
(ग) दुई पाङ्ग्रे सावरीको लागि सोह्र वर्ष उमेर नपुगेको व्यक्ति,
(घ) साधारण लेखपढ गर्न नजानेको व्यक्ति,
(ङ) ठूला तथा मझौला सवारीको हकमा साठी वर्ष उमेर पुगेको व्यक्ति,

(च) दृष्टि, श्रवण वा शारीरिक अपाङ्गताको कारण सवारी चलाउन असमर्थ व्यक्ति,

(२) उपदफा (१) को खण्ड (च) मा जुनसुकै कुरा लेखिए तापनि अपांगता भएका व्यक्तिको निमित्त खास किसिमले बनेको सवारीको निमित्त यो खण्डको बन्देज लागू हुने छैन।

२८. **चालक अनुमतिपत्रको लागि दरखास्तः** (१) दफा २७ बमोजिम अयोग्यता नभएको व्यक्तिले चालक अनुमति पत्रका लागि तोकिएको ढाँचामा तोकिए बमोजिमको दस्तुर समेत संलग्न गरी कार्यालय समक्ष दरखास्त दिनुपर्छ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ दरखास्तवालाले चालक अनुमतिपत्रका लागि तोकिएको दस्तुर सहित नागरिकता प्रमाणपत्रको प्रतिलिपि, नेपाल सरकारद्वारा मान्यता प्राप्त चिकित्सकले निजको स्वास्थ्य परीक्षण गरी दिएको निरोगिताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्छ।

(३) निर्देशनालयले विकास गरेको अनलाईन विद्युतीय प्रणालीबाट समेत तोकिएबमोजिम त्यस्तो दरखास्त दिन सकिनेछ।

२९. **दरखास्तवालाको परीक्षणः** (१) दफा २८ बमोजिम दरखास्त परेपछि दरखास्तवाला त्यस्तो सवारी चलाउन समर्थ छ, छैन र निजलाई त्यस्तो सवारी वा सवारी सम्बन्धी ऐन, नियम तथा ट्राफिक सङ्केत सम्बन्धी सामान्य ज्ञान छ, छैन भन्ने कुराको यकीन गर्न निर्देशनालयले निर्धारण गरेको पाठ्यक्रम बमोजिम लिखित परीक्षा लिनु पर्छ।

(२) लिखित परीक्षामा सफल हुने उम्मेदवारको निर्देशनालयले निर्धारण गरेको मापदण्ड बमोजिम सवारी चालक सीप परीक्षणको परीक्षा लिईनेछ।

(३) उपदफा (१) बमोजिम लिइएको परीक्षामा असफल हुने दरखास्तवालाले सो परीक्षा सम्पन्न भएको मितिले तीन महिना भुक्तान नभएसम्म पुनः दरखास्त दिन सक्ने छैन।

(४) यस दफा बमोजिम परीक्षण गर्दा सवारीको वर्गीकरण अनुसार फरक-फरक पाठ्यक्रम र सीप परीक्षण परीक्षा सम्बन्धी मापदण्ड निर्धारण गर्न सकिनेछ।

(५) लिखित परीक्षा तथा सीप परीक्षण परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) निर्देशनालयले लिखित परीक्षा एवम् सीप परिक्षण संचालन गर्ने कार्यका लागि कुनै संस्था, केन्द्र, फर्म वा कम्पनीलाई तोकिएबमोजिमको शर्तको अधिनमा रही इजाजत दिन सक्नेछ।

३०. <u>चालक अनुमतिपत्र दिने</u>: (१) दफा २९ बमोजिम सफल भएका दरखास्तवालालाई कार्यालयले सवारी चालक अनुमतिपत्र दिनुपर्छ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिँदा सो अनुमतिपत्रमा ठूलो, मझौला, सानो, दुई पाङ्ग्रे वा ती मध्ये कुनै वा सबै सवारी चलाउन अनुमति दिइएको हो भन्ने कुरा स्पष्ट रुपमा जनाउँनु पर्छ।

(३) सवारी चालक अनुमतिपत्र प्रदान गर्ने प्रक्रिया, लाग्ने दस्तुर तथा ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

३१. <u>विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्रको मान्यता</u>: (१) कसैले विदेशी राष्ट्रबाट चालक अनुमति पत्र प्राप्त गरेको रहेछ भने सो अनुमति पत्रमा लेखिएको सवारी चलाउन त्यस्तो व्यक्तिले दफा २८ बमोजिम दरखास्त दिएमा कार्यालय प्रमुखले त्यस्तो व्यक्तिबाट चालक अनुमति पत्रका लागि लाग्ने दस्तुर लिई चालक अनुमति पत्र दिन सक्नेछ।

तर त्यस्तो चालक अनुमतिपत्र दिनु अघि सीप परीक्षण परीक्षा लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी राष्ट्रबाट प्राप्त चालक अनुमति पत्रको मान्यता दिने सम्बन्धमा भएको कुनै अन्तर्राष्ट्रिय सन्धिको प्रावधान वा पारस्परिकताका आधारमा कुनै मुलुकको सवारी चालक अनुमति पत्रलाई मान्यता दिने व्यवस्था भएको रहेछ भने सो कुराको अभिलेख राखी कार्यालयले त्यस्तो अनुमति पत्रलाई मान्यता दिन सक्नेछ।

(३) कुटनैतिक नियोगमा काम गर्ने कर्मचारीको हकमा परराष्ट्र मन्त्रालयबाट सिफारीश भै आएमा आफ्नो राष्ट्रबाट प्राप्त गरेको सवारी चालक अनुमति पत्रको आधारमा कुनै परीक्षा नलिइ सवारी चालक अनुमति पत्र दिन सकिनेछ।

(४) अन्तर्राष्ट्रिय चालक अनुमति पत्र प्राप्त गरेको व्यक्तिले सो अनुमति पत्रमा लेखिएको सवारीहरु नेपालभर चलाउन सक्नेछ।

३२. <u>चालक अनुमतिपत्रको वैधता</u>: (१) दफा ३० बमोजिम चालक अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले सो अनुमति पत्रमा लेखिएका सवारीहरु मात्र चलाउन सक्नेछ।

(२) उपदफा (१) को अधीनमा रही चालकले त्यस्तो सवारी नेपाल भर चलाउन सक्नेछ।

(३) चालक अनुमति पत्र दिइएको मितिले दश वर्षसम्म बहाल रहनेछ।

३३. <u>चालक अनुमति पत्रमा अरु सवारी समावेश गर्ने</u>: (१) कुनै चालकले आफूले पाएको चालक अनुमति पत्रमा लेखिएका सवारीका अतिरिक्त अन्य कुनै सवारी समावेश गराउन

चाहेमा समावेश गराउन चाहेको सवारीको किसिम खुलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी  कार्यालय प्रमुख समक्ष दरखास्त दिनुपर्छ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा चालक अनुमति पत्रमा समावेश गराउन चाहेको सवारी चालकले चलाउन सक्छ सक्तैन भन्ने कुराको यकीन गर्न निजको सीप परीक्षण परीक्षा लिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको परीक्षामा सफल भएको चालकको अनुमति पत्रमा निजले समावेश गराउन चाहेको सवारी समावेश गरी तोकिएको दस्तुर लिइ कार्यालय प्रमुखले नयाँ चालक अनुमति पत्र दिनेछ।

३४. <u>चालक अनुमति पत्रको नवीकरण</u>ः (१) चालक अनुमति पत्रको म्याद नाघेको तीन महिनाभित्र त्यस्तो चालक अनुमति पत्र नवीकरण गराई सक्नु पर्छ।

(२) चालकले उपदफा (१) बमोजिमको म्यादभित्र चालक अनुमतिपत्र नवीकरण गराउनका लागि तोकिएको दस्तुर संलग्न राखी तोकिएको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणका लागि निवेदन पेश हुन आएमा कार्यालय प्रमुखले त्यस्तो चालक अनुमति पत्र अर्को दश वर्षसम्मका लागि तोकिएको दस्तुर लिई नवीकरण गर्नेछ।

(४) उपदफा (१) बमोजिम म्याद नाघी चालक अनुमतिपत्र नवीकरण गराउन आउने चालकबाट नवीकरण दस्तुरको अतिरिक्त म्याद नाघेको वर्षको प्रतिवर्ष एकसय प्रतिशतका दरले बढीमा पाँच वर्षसम्म थप दस्तुर समेत लिई त्यस्तो चालक अनुमतिपत्र नवीकरण गरिनेछ।

(५) चालक अनुमतिपत्र नवीकरण सम्बन्धी कार्य सहज र सरल बनाउन विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ।

(६) अनुमति पत्र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३५. <u>नवीकरण गराउँदा निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने</u>ः सवारी चलाउने चालकले चालक अनुमति पत्र नवीकरण गराउँदा स्वीकृत चिकित्सकले दिएको निरोगिताको प्रमाणपत्र समेत कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

३६. <u>चालक अनुमति पत्र निलम्बन</u>ः कार्यालय प्रमुखले देहायको अवस्थामा देहायको अवधिसम्म चालक अनुमतिपत्र निलम्बन गर्न सक्नेछ :-

(क) चालक अनुमति पत्र प्राप्त व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरु तीन पटकभन्दा बढी

उल्लङ्घन गरेको प्रमाणित भएमा त्यस्तो चालकको चालक अनुमतिपत्र छ महिनासम्म,

(ख) मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा पहिलो पटकका लागि तीन महिना र दोस्रो पटकका लागि छ महिनासम्म,

(ग) निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएको प्रमाणित भएमा त्यस्तो चालकलाई पहिलो पटकभए एक महिना, दोस्रो पटक भए तीन महिनासम्म।

३७. चालक अनुमति पत्र खारेज गर्न सकिनेः (१) कार्यालय प्रमुखले देहायको अवस्थामा चालक अनुमति पत्र रद्द गर्न सक्नेछः-

(क) दफा ३६ को खण्ड (ख) बमोजिम निलम्बन गरे पछि पनि तेस्रो पटक मादक पदार्थ सेवन गरी सवारी चलाएको प्रमाणित भएमा,

(ख) दफा ३६ को खण्ड (ग) बमोजिम निलम्बन गरे पछि पनि तेस्रो पटक निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएका प्रमाणित भएमा।

(२) यस ऐनको दफा ३४ को उपदफा (४) बमोजिमको निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएको चालक अनुमतिपत्र स्वतः खारेज हुनेछ।

(३) उपदफा (१) वा (२) बमोजिम खारेज भएको चालक अनुमति पत्रको लगत दर्ता किताबबाट कट्टा गरिनेछ। त्यस्तो चालक अनुमतिपत्र नवीकरण गरिने छैन।

(४) कुनै चालकले दफा २७ मा लेखिएको कुनै अयोग्यता भएको प्रमाणित भएमा वा निजले झुट्टा विवरण पेश गरी चालक अनुमति पत्र प्राप्त गरेको देखिएमा कार्यालय प्रमुखले त्यस्तो चालकको चालक अनुमति पत्र खारेज गर्न सक्नेछ।

(५) यस दफा बमोजिम खारेज भएको सवारी चालक अनुमति पत्र खारेज भएको मितिले सात दिनभित्र कार्यालय प्रमुख समक्ष फिर्ता बुझाउनु पर्नेछ।

३८. चालक अनुमति पत्रको प्रतिलिपि दिनेः (१) चालक अनुमति पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा कुनै कारणबाट नासिएमा सात दिनभित्र चालकले सम्बन्धित कार्यालय प्रमुख समक्ष चालक अनुमति पत्रको प्रतिलिपिको लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबिन गर्दा व्यहोरा उपयुक्त देखिएमा कार्यालय प्रमुखले चालकलाई चालक अनुमति पत्रको प्रतिलिपि दिनेछ।

३९. <u>सवारी चालक प्रशिक्षण संस्था वा सीप परीक्षण गर्ने संस्था सम्बन्धी व्यवस्था</u>ः (१) सवारी चालक प्रशिक्षण केन्द्र वा सवारी चालक सीप परीक्षण सेवा संचालन गर्न चाहने फर्म, कम्पनी वा संस्थाले त्यस्तो सेवा संचालन गर्न निर्देशनालयबाट इजाजत लिनु पर्नेछ।

(२) इजाजत पत्र प्राप्त संस्थाको मापदण्ड, पालना गर्नुपर्ने शर्त, दस्तुर लगायतका तत्सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-५
## <u>यातायात सेवा व्यवस्थापन</u>

४०. <u>मार्ग निर्धारण गर्ने</u>ः (१) निर्देशनालयले सडकको स्तर, अवस्था र सो सडकमा चल्न सक्ने सवारीको किसिम, आवागमन गर्ने यात्री संख्या, सडकको विद्यमान चाप तथा दफा ९० बमोजिमको सिफारिश समितिको सिफारिश समेतका आधारमा प्रदेशबाट अन्य कुनै प्रदेश वा प्रदेशभर यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिम अर्को प्रदेशमा यातायात सेवा संचालन गर्ने गरी मार्ग निर्धारण गर्दा सम्बन्धित प्रदेशको सहमति लिनु पर्नेछ।

(३) कुनै स्थानीय तहले आफ्नो स्थानीय तहभित्र सडकको स्तर, अवस्था र सो सडकमा चल्न सक्ने सवारी साधनको किसिम, आवागमन गर्ने यात्री संख्याको विद्यमान चाप र मागका आधारमा स्थानीय तहभित्र यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम निर्देशनालयले गरेको मार्ग निर्धारण भन्दा फरक नहुने गरी कुनै स्थानीय तहले आफूसँग सीमा जोडिएका स्थानीय तहसँगको सहमति र समन्वयमा यातायात सेवा संचालन गर्न मार्ग निर्धारण गर्न सक्नेछ।

(५) यस दफा बमोजिम मार्ग निर्धारण भएको सूचना सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्नेछ।

४१. <u>यातायात सेवा संचालन गर्दा मार्ग इजाजत लिनुपर्ने</u>ः (१) दफा ४० बमोजिम निर्धारित मार्गमा यातायात सेवा संचालन गर्न चाहने कम्पनीले तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत राखी मार्ग इजाजत पत्रका लागि कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र नलिई कसैले पनि यातायात सेवा संचालन गर्न हुँदैन।

(३) कुनै मार्गमा कुनै कम्पनीले यातायात सेवा संचालन गर्नका लागि आवश्यक पर्ने सवारीको न्यूनतम संख्या र अन्य मापदण्ड निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम कुनै कम्पनीले मार्ग इजाजतपत्र लिँदा सो मार्गमा उक्त कम्पनीले संचालन गर्ने सबै सवारीका लागि मार्ग इजाजत पत्र लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम निवेदन परेमा कार्यालयले उपदफा (३) बमोजिमको मापदण्ड पूरा भएको देखिएमा कार्यालयले तोकिएबमोजिमको ढाँचामा मार्ग इजाजत पत्र दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दिएको मार्ग इजाजतपत्र त्यस्तो इजाजतपत्र दिएको मितिले छ महिनासम्म वहाल रहनेछ।

४२. <u>यातायात सेवाको नाम पञ्जीकृत गर्नुपर्ने</u>: (१) यातायात सेवाको नाम निर्देशनालयमा पञ्जीकृत नगरी सवारी धनी वा व्यवस्थापकले कुनै पनि सार्वजनिक सवारी यातायात सेवा सञ्चालन गर्ने कार्यमा प्रयोग गर्नु हुँदैन। पंजिकृत नभएका कुनै पनि यातायात सेवालाई सार्वजनिक सवारी संचालन गर्न मार्ग ईजाजत प्रदान गरिने छैन।

(२) पंजिकृत गर्ने सम्बन्धी प्रक्रिया, अवधि, नवीकरण, निवेदनको ढाँचा, संलग्न गर्नुपर्ने कागजात, लाग्ने दस्तुर तथा दर्ता प्रमाणपत्रको ढाँचा लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४३. <u>मार्ग इजाजत पत्र दिँदा जाँच्नुपर्ने कुराहरु</u>: दफा ४१ बमोजिम कुनै कम्पनीलाई मार्ग इजाजतपत्र दिँदा त्यस्तो कम्पनीले देहायका कुराहरु पूरा गरे नगरेको जाँच गरी पूरा गरेको भए मात्र त्यस्तो कम्पनीको सार्वजनिक सवारीलाई मार्ग इजाजत पत्र दिनुपर्छ :-

(क) सवारी चालक, परिचालक, सुरक्षाकर्मी, सवारीमा काम गर्ने कामदार तथा कर्मचारी, यात्रुबाहक सवारीको क्षमता अनुसार सो सवारी, यात्रु र तेस्रो पक्षको बीमा,

(ख) सवारीको जाँचपास,

(ग) प्रदुषण जाँचको प्रमाणपत्र

(घ) सवारी दर्ताको प्रमाणपत्र र त्यसको अद्यावधिक नवीकरण।

४४. <u>मार्ग इजाजत पत्रको नवीकरण</u>: (१) दफा ४१ को उपदफा (६) बमोजिम मार्ग इजाजत पत्रमा लेखिएको म्याद समाप्त भएको ७ (सात) दिनभित्र त्यस्तो मार्ग इजाजत पत्र नवीकरण गराउन निवेदन दिनु पर्नेछ।

(२) सवारी धनी, व्यवस्थापक वा निजहरूले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम मार्ग इजाजत पत्र नवीकरण गराउनका लागि तोकिएको ढाँचामा तोकिएको दस्तुर समेत संलग्न राखी कार्यालय प्रमुख समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि निवेदन परेमा कार्यालय प्रमुखले त्यस्तो मार्ग इजाजत पत्र अर्को छ (६) महिनाका लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघी मार्ग इजाजत पत्र नवीकरण गराउन आउने सवारी धनीबाट सो म्याद नाघेको एक महिनासम्म नवीकरण दस्तुरको अतिरिक्त शत प्रतिशत थप दस्तुर लिई त्यस्तो मार्ग इजाजत पत्र नवीकरण गर्नु पर्नेछ।

४५. <u>मार्ग इजाजत पत्र स्वतःरद्द हुने</u>: (१) दफा ४४ को उपदफा (४) बमोजिम निर्धारित अवधिसम्म पनि नवीकरण नगरिएमा त्यस्तो मार्ग इजाजत पत्र स्वतःरद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम रद्द भएको मार्ग इजाजत पत्र अभिलेखबाट हटाइनेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखबाट हटाइएको मार्ग इजाजत पत्र नवीकरण गरिने छैन।

४६. <u>पुनःमार्ग इजाजत पत्र दिन सकिने</u>: दफा ४५ बमोजिम रद्द भई अभिलेखबाट हटाइएको मार्ग इजाजत पत्रमा लेखिएको सार्वजनिक सवारीको लागि पुनःमार्ग इजाजत पत्र लिन आएमा त्यस्तो सवारीको धनी वा व्यवस्थापकबाट दफा ४५ बमोजिम लिनुपर्ने नवीकरण तथा थप दस्तुर समेत लिई निजलाई पाँच सय देखि तीनहजार रुपैयासम्म जरिवाना गरी त्यस्तो सवारी चलाउन दफा ४१ बमोजिम पुनःमार्ग इजाजत पत्र दिन सकिनेछ।

४७. <u>मार्ग इजाजत पत्र स्थगित गर्न सकिने</u>: (१) यस ऐन बमोजिम मार्ग इजाजत पत्र लिएको कुनै सार्वजनिक सवारी दुर्घटनामा परी वा अन्य कुनै कारणबाट बिग्री छ महिना वा सोभन्दा बढी अवधिसम्म चलाउन नसकिने भएमा सवारी धनी/व्यवस्थापकले सो व्यहोरा खुलाई मार्ग इजाजत पत्र संलग्न राखी कार्यालय प्रमुख समक्ष त्यस्तो मार्ग इजाजत पत्र स्थगित गर्नका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा कार्यालय प्रमुखले आवश्यक छानविन गरी उपयुक्त देखेमा त्यस्तो सार्वजनिक सवारी चलाउन नसकिने अवधिसम्मका लागि त्यस्तो सवारीको मार्ग इजाजत पत्र स्थगित गर्न सक्नेछ।

(३) मार्ग इजाजत पत्रमा तोकेको मार्गमा सार्वजनिक सवारी साधन सञ्चालन नगरी जनजीवनमा प्रतिकूल असर पर्ने गरी यातायात सेवा अवरूद्ध गरेमा मन्त्रालयले

त्यस्ता सवारीहरूको मार्ग इजाजत पत्र बढीमा तीन महीनासम्मको लागि स्थगित गर्न कार्यालयलाई निर्देशन दिन सक्नेछ।

४८. <u>मार्ग इजाजत पत्र रद्द गर्न सकिने</u>ः कुनै सार्वजनिक सवारीले पटक-पटक देहायको कसूर गरेको पाइएमा कार्यालय प्रमुखले त्यस्तो सवारी साधनको मार्ग इजाजत पत्र रद्द गर्न सक्नेछः-

(क) यात्रु बाहक सवारीले सवारी दर्ताको प्रमाण पत्रमा लेखिएको सिट संख्या भन्दा बढी यात्री राखी सवारी चलाएमा,

(ख) यात्रु बाहक सवारी साधनले मालसामान (यात्रीको झिटि गुन्टा बाहेक) बोकेमा र मालबाहक सवारी साधनले यात्री बोकेमा,

(ग) लामो मार्गमा संचालन हुने सार्वजनिक सवारीमा कम्तीमा २ जना सवारी चालक नराखी सवारी संचालन गरेमा,

(घ) मार्ग इजाजत नलिएको मार्गमा सवारी चलाएमा,

(ङ) सवारी साधनको स्वरुप बदलेको पाईएमा,

(च) कुनै सार्वजनिक सवारीले यस ऐन वा सोअन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको उल्लङ्घन गरेकोमा मार्ग इजाजत पत्र रद्द गर्न मन्त्रालयले निर्देशन दिएमा,

४९. <u>मार्ग परिवर्तन गर्नु परेमा</u>ः (१) मार्ग इजाजत पत्रको अवधि समाप्त नहुँदै सो मार्ग इजाजत पत्रमा तोकिएको सार्वजनिक सवारीलाई अन्य कुनै मार्गमा प्रयोग गर्नु परेमा कम्पनीले पुनः दफा ४१ बमोजिम मार्ग इजाजत पत्रका लागि दरखास्त दिई मार्ग इजाजत पत्र लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त परेमा कार्यालयले त्यस्तो सार्वजनिक सवारीको लागि पहिले दिएको मार्ग इजाजत पत्र खारेज गरी नयाँ मार्ग इजाजत पत्र दिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिए भए तापनि कुनै विशेष मार्गको इजाजत लिएको सवारीलाई तोकिए बमोजिमको दस्तुर लिइ अन्य मार्गमा समेत यातायात सेवा उपलब्ध गराउन सक्ने गरी बहु मार्ग इजाजत पत्र वा कुनै विशेष परिस्थिति परी इजाजत प्राप्त मार्गको सट्टा अन्य मार्गबाट यातायात सेवा संचालन गर्ने गरी पटके मार्ग इजाजत पत्र दिन सकिनेछ।

(४) यस दफा बमोजिम मार्ग परिवर्तन, बहुमार्ग इजाजत तथा पटके इजाजत सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५०. **मार्ग इजाजत पत्र दिन इन्कार गर्न सकिने**: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय लोकमार्ग बाहेक अन्य कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्न मार्ग इजाजत पत्र प्रदान गर्दा प्रदुषणको कारण वा अन्य कुनै कारणबाट कुनै सवारीको निमित्त मार्ग इजाजत पत्र प्रदान गर्दा सार्वजनिक हितको प्रतिकूल हुन जान्छ भन्ने सम्बन्धित कार्यालयलाई लागेमा निजले सोको कारण उल्लेख गरी मार्ग इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ। त्यसरी इन्कार गरिएको विवरण सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(२) मध्यम मार्ग र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारी तथा त्यसमा यात्रा गर्ने यात्री एवम काम गर्ने कर्मचारी समेतको सुरक्षालाई ध्यानमा राखी त्यस्तो मार्गमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर तोकिए बमोजिम हुनेछ। निर्देशनालयले तोकेको स्तर नभएका सार्वजनिक सवारीलाई त्यस्तो मार्गमा यातायात सेवा सञ्चालन गर्ने मार्ग इजाजत पत्र दिन इन्कार गर्न सक्नेछ।

५१. **भाडा निर्धारण गर्ने**: (१) कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्री बाहक तथा मालबाहक सवारीले लिने अधिकत भाडा दर दफा ९० बमोजिमको सिफारिश समितिको सिफारिश समेतका आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) यात्रीले आफूसँग निःशुल्क लैजान पाउने माल सामानको अधिकतम वजन र सो बाहेक भाडा तिरी आफूसँग लैजान पाउने मालसामानको अधिकतम वजन तथा भाडा दर निर्देशनालयले निर्धारण गरे बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम तोकिएको भाडा दर भन्दा बढी नहुने गरी यातायात सेवा संचालन गर्ने कम्पनीले आफूले यातायात सेवा संचालन गर्ने मार्गको भाडा दर तोक्न सक्नेछ।

(४) यातायात सेवा संचालन गर्ने कम्पनीले यात्रुसँग तोकिए भन्दा बढी भाडा लिनु हुँदैन।

५२. **यात्री टिकट सम्बन्धी व्यवस्था**: (१) यातायात सेवा सञ्चालन गर्ने यातायात सेवा कम्पनीको कर्मचारी वा त्यस्तो सेवा सञ्चालन गर्ने कम्पनीको व्यवस्थापकले अधिकृत गरेको व्यक्ति बाहेक अन्य व्यक्तिले त्यस्तो यातायात सेवाको नामबाट यात्री टिकट बिक्री गर्न हुँदैन।

(२) कुनै पनि यात्रीले आफूले यात्रा गर्ने गन्तव्य स्थानसम्मको लागि तोकिएको भाडा तिरी लिएको टिकट साथमा नलिई यात्रा गर्नु हुँदैन र यातायात सेवा संचालन गर्ने कम्पनीले अनिवार्य रुपमा भाडा रकम समेत उल्लेख भएको यात्री टिकट प्रत्येक यात्रीलाई उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम यातायात सेवाको टिकट बिक्री गर्ने कर्मचारी वा अधिकृत व्यक्तिले आफ्नो फोटो सहितको परिचयपत्र लगाएको हुनु पर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने यातायात कम्पनीमा इन्टरनेट मार्फत अनलाईनबाट समेत टिकट खरिद गर्न सकिने गरी व्यवस्था मिलाउन सकिनेछ।

(५) सार्वजनिक सवारीको यात्री टिकटको ढाँचा, टिकट बिक्री गर्दा पालन गर्नुपर्ने शर्त लगायतका तत्सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५३. <u>यात्री-सूची तयार गर्नुपर्नेः</u> (१) मध्यम मार्ग वा लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने कम्पनीले प्रत्येक यात्रामा आफ्नो सवारीमा यात्रा गर्ने सबै यात्री, चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारी समेतको नाम, उमेर र ठेगाना स्पष्ट खुलाई यात्री-सूची तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको यात्री सूचीको एक प्रति आफूसँग राखी अर्को प्रति कार्यालय प्रमुख वा निजले तोकेको व्यक्ति वा निकाय समक्ष सो सवारी गन्तव्य स्थानतर्फ प्रस्थान गर्नु अगावै पेश गर्नुपर्छ।

५४. <u>सार्वजनिक सवारीको सम्बन्धमा पालना गर्नुपर्ने अन्य शर्तहरुः</u> (१) सार्वजनिक यातायात सेवाका धनी, व्यवस्थापक, सवारीको चालक वा परिचालकले यात्री बाहक सार्वजनिक सवारीको सम्बन्धमा देहायका शर्तको पालना गर्नुपर्नेछः-

(क) यात्री बाहक सार्वजनिक सवारीमा सो सवारीको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्री राखी चलाउनु हुँदैन,

(ख) चार घण्टा भन्दा बढीको दुरीमा चल्ने यात्री बाहक सार्वजनिक सवारीले प्रत्येक चार घण्टामा एकपटक आधा घण्टा विश्राम गर्नुपर्छ,

(ग) लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्री बाहक सार्वजनिक सवारीमा कम्तीमा दुईवटा चालक राखी प्रत्येक छ घण्टापछि पालै पालोसँग सवारी चलाउनु पर्नेछ,

(घ) सार्वजनिक सवारीमा फेला परेको कुनै पनि मालसामान सो फेला परेको चौबीस घण्टाभित्र कार्यालय, यातायात सेवा संचालन गर्ने कम्पनीको नजिकको कार्यालय वा प्रहरी कार्यालयमा बुझाउन पर्नेछ,

(ङ) कुनै पनि यात्री प्रति दुर्व्यवहार वा अनुचित व्यवहार गर्नु हुँदैन,

(च) मध्यम वा लामो मार्गमा चल्ने वा एक्सप्रेस यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारी बाहेक अन्य सार्वजनिक सवारीले यात्रा मार्गमा सवारी खाली रहेको अवस्थामा यात्री लिन इन्कार गर्नु हुँदैन,

(छ) तोकिए बमोजिमका व्यक्तिहरुको लागि सार्वजनिक सवारीमा तोकिए बमोजिमको सीट सुरक्षित राख्नु पर्नेछ।

(२) सार्वजनिक सवारीमा यात्रा गर्ने यात्रुले यात्रा गर्दा देहायका शर्तहरुको पालना गर्नुपर्नेछः-

(क) अन्य यात्री, चालक, परिचालक तथा सुरक्षाकर्मीसँग अनुचित व्यवहार नगर्ने,

(ख) सार्वजनिक सवारीमा धुम्रपान नगर्ने,

(ग) सार्वजनिक सवारी चलिरहेको समयमा सो सवारीको चालकसँग कुरा गर्न वा निजलाई सवारी चलाउने कार्यमा बाधा पुग्ने कुनै कार्य नगर्ने वा नगराउने,

(घ) तोकिएबमोजिमका अन्य शर्तको पालना गर्ने।

५५. <u>मार्गको नक्शा र समय तालिका राख्ने</u>: (१) कार्यालयले यातायात सेवा संचालन गर्ने प्रत्येक कम्पनीले प्रत्येक बस बिसौनीमा सो बस बिसौनीबाट प्रस्थान गर्ने गन्तव्य स्थानको मार्गको नक्शा र सार्वजनिक सवारी प्रस्थान गर्ने समय तथा गन्तव्य स्थानमा पुग्ने समयतालिका जानकारीका लागि टाँस्न वा जडान गर्न लगाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम टाँसिएको वा जडान गरिएको मार्ग, नक्शा वा समयतालिकामा कुनै फेरबदल भएमा कम्पनी वा कम्पनीले खटाएको व्यक्तिले सोको सूचना तुरुन्त यात्रीहरुलाई दिने व्यवस्था गर्नुपर्छ।

५६. <u>सुरक्षाकर्मी राख्न सकिने</u>: मध्यम मार्ग र लामो मार्गमा यात्री बाहक सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने कम्पनीले सवारी तथा यात्रीहरुको सुरक्षाको निमित्त सो सवारीमा सुरक्षाकर्मी उपलब्ध गराई दिन नेपाल सरकार वा प्रदेश सरकारसँग अनुरोध गरेमा अन्तर प्रदेशमा चल्ने सवारी साधनको हकमा नेपाल सरकारले र प्रदेशभित्र चल्ने सवारीको हकमा प्रदेश सरकारले त्यस्तो सवारीमा सरकारी सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने आवश्यकता देखेमा तोकिए बमोजिम लाग्ने दस्तुर लिई आवश्यक सङ्ख्यामा सुरक्षाकर्मी उपलब्ध गराउन सक्नेछ।

५७. <u>मन्त्रालयको विशेष अधिकार</u>: यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक सवारीलाई कुनै खास अवधिसम्मका लागि कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्नुपर्ने गरी सो सवारी संचालन गर्ने कम्पनी वा व्यवस्थापनलाई मन्त्रालयले आदेश दिन सक्नेछ।

## परिच्छेद-६
## आवागमन नियन्त्रण

५८. **सवारीको गति निर्धारणः** (१) प्रदेशभित्रको राष्ट्रिय लोकमार्ग वा अन्य सडकमा चल्ने सवारीको हकमा त्यस्तो लोकमार्गको अवस्था र स्तर बमोजिम निर्देशनालयले सवारी चलाउने गति तोकिएबमोजिम निर्धारण गर्न सक्नेछ। यसरी गति निर्धारण गरिएको मार्गमा सो निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन हुँदैन।

(२) उपदफा (१) बमोजिम गति निर्धारण गरी निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाउन निषेध गरिएको सम्बन्धी सूचना वा सङ्केत निर्देशनालयले टाँस्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) दमकल, एम्बुलेन्स तथा बिरामी लैजाने जस्ता आपतकालिन कामको सिलसिलामा चलाइएको सवारीको हकमा उपदफा (१) लागू हुने छैन।

तर त्यस्तो सवारीले सडकमा हिड्ने बटुवा तथा अन्य सवारीलाई सचेत गर्नका लागि विशेष किसिमको ध्वनी तथा बत्तीको प्रयोग गर्नु पर्नेछ।

५९. **सवारीको वजन, राखिने मानिस र मालसामानको हद तोक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी राष्ट्रिय लोकमार्ग तथा अन्य मार्गमा चल्ने सवारीको सुरक्षित एक्सल वजनको अधिकतम हद निर्धारण गर्न सक्नेछ। त्यस्तो सडकमा सूचनामा तोकिएको एक्सल वजनभन्दा बढी वजन भएका सवारी चलाउन वा चलाउन लगाउन पाईने छैन।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "एक्सल वजन" भन्नाले सवारीको एक्सलसँग जोडिएको पाङ्ग्राले सवारीमा अडेको सतहमा पर्ने कूल वजन सम्झनु पर्छ।

(२) सार्वजनिक सवारीमा राख्न सकिने मानिसको सङ्ख्या र मालवाहक सवारीमा राख्न सकिने मालसामानको वजन तोकिएको मापदण्डको अधिनमा रही निर्देशनालयले निर्धारण गर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारित मानिसको सङ्ख्या र मालसामानको वजनभन्दा बढी हुने गरी कुनै पनि सवारीमा मानिस वा मालसामान राख्न हुँदैन।

६०. **सवारी चलाउन रोक लगाउनेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थान वा मार्गमा कुनै सवारी चलाउनमा रोक लगाउन सक्नेछ।

(२) यसरी प्रतिबन्ध लगाइएको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्नेछ।

(३) निर्देशनालयले सार्वजनिक रुपमा सूचना प्रकाशन गरी वा उपयुक्त ट्राफिक कन्ट्रोल गर्न आवश्यक साधन प्रयोग गरी सबै वा कुनै किसिमको (यान्त्रिक तथा अन्य) सवारी चलाउन रोक लगाउन वा कन्ट्रोल गरी एकतर्फी संचालन गर्न वा केही दिन वा दिनको केही समयरोक लगाउन सक्नेछ।

६१. <u>ट्राफिक सङ्केत टाँस्ने,टाँग्ने वा जडान गर्ने</u>: (१) निर्देशनालयले आवश्यक देखेको सार्वजनिक स्थानहरुमा अन्तर्राष्ट्रिय प्रचलन अनुरुपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरु टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगिएको वा जडान गरिएको ट्राफिक सङ्केतहरु निर्देशनालयले खटाएको व्यक्ति बाहेक अरु कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन।

(३) ट्राफिक सङ्केतहरु तोकिएबमोजिम हुनेछन्।

६२. <u>रंगिन शिशा प्रयोग गर्न नहुने</u>: (१) कुनै पनि सवारीमा बाहिरबाट सवारीभित्र नदेखिने गरी रंगिन शिशा राख्न वा शिशामा अन्य कुनै वस्तुको प्रयोग गरी रंगिन बनाउन पाइने छैन।

तर प्रदेश सरकारले सुरक्षाको दृष्टिबाट उपयुक्त ठहराएका सवारीमा यो प्रतिबन्ध लागू हुने छैन।

(२) कसैले उपदफा (१) प्रतिकूल काम गरेमा कार्यालय प्रमुखले त्यस्तो सवारीलाई रंगिन शिशा वा शिशामा प्रयोग गरेको कुनै वस्तु नहटाएसम्म त्यस्तो सवारी चलाउन नपाउने गरी प्रतिवन्ध लगाउन सक्नेछ।

६३. <u>पार्किङ तथा बस बिसौनी निर्धारण गर्ने</u>: (१) निर्देशनालयले स्थानीय सडक कार्यालय, ट्राफिक प्रहरी कार्यालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकाका पदाधिकारीसँग समन्वय गरी सवारीको पार्किङ स्थान र विसौनी निर्धारण गर्न सक्नेछ।

(२) निर्देशनालयले कुनै व्यक्ति, फर्म वा कम्पनीको निजी लगानीमा पार्किङ स्थानको निर्माण तथा सञ्चालन गर्दा पालन गर्नुपर्ने मापदण्ड तोक्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम निर्धारित मापदण्डको पालन गर्नु सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको कर्तव्य हुनेछ।

६४. <u>सवारीलाई खतरा हुने किसिमबाट राख्न नहुने</u>: (१) कुनै पनि सवारी अरु कुनै सवारी वा व्यक्तिलाई खतरा, बाधा वा असुविधा हुनेगरी कुनै सार्वजनिक स्थानमा राख्न हुँदैन।

(२) कुनै सवारी चलाउँदा चलाउँदैको अवस्थामा बिग्रिएमा त्यस्तो सवारी तत्काल अन्यत्र लान सकिने स्थिति नभएमा दुर्घटना नहुने किसिमबाट सडकको बायाँ

किनारा लगाई राखी रात्रीको समयमा त्यस्तो सवारीलाई अन्य सवारीले टाढैबाट देख्न सक्ने गरी रातो बत्ती वा रिफ्लेक्टर लगाई राख्नुपर्छ।

६५. <u>सवारीको अन्य भागमा मानिस राख्न नहुने</u>: कुनै सवारी चालक वा परिचालकले लामो एवम् मध्यम दुरिको मार्गमा चल्ने सवारीमा तोकिएको सीट बाहेक सवारीको अन्य भागमा र स्थानीय मार्गमा चल्ने सवारीमा तोकिएको सीट एवम भित्री भाग बाहेक अन्य भागमा मानिस राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन।

६६. <u>चालकलाई बाधा पुग्ने काम गर्न नहुने</u>: कसैले चालककक्ष (ड्राईभर केवीन) भित्र चालकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाधा पुग्ने गरी मालसामान राखी वा उभिई वा अन्य कुनै प्रकारबाट बाधा पुग्ने किसिमको व्यवहार गर्न हुँदैन।

६७. <u>आवागमनमा बाधा पार्न नहुने</u>: (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै पनि मानिस वा सवारीको आवागमनमा बाधा पुग्नेगरी मालसामान वा सवारी राख्न हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विशेष परिस्थिति परी कुनै सार्वजनिक स्थानमा केही समयका लागि कुनै मालसामान राख्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्छ।

(३) उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम स्वीकृति नलिई राखिएका मालसामान प्रमुख वा ट्राफिक व्यवस्थापनमा खटिएको प्रहरी कर्मचारीले जफत गरी प्रचलित कानून बमोजिम उपयुक्त व्यवस्था गर्न सक्नेछ।

६८. <u>सार्वजनिक स्थानमा खाल्टो खन्दा साङ्केतिक चिन्ह राख्नु पर्ने</u>: (१) कुनै पनि सार्वजनिक स्थानमा कुनै काम परी खाल्टो खन्दा सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृति लिनुपर्छ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक स्थानमा खाल्टो खन्ने स्वीकृति दिँदा सो स्थानमा दुर्घटना नहुने किसिमबाट साङ्केतिक चिन्ह राख्न लगाउनु पर्छ।

६९. <u>सवारीमा साङ्केतिक चिन्ह राख्नुपर्ने</u>: कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीका लागि साङ्केतिक चिन्ह देखिने गरी राख्नुपर्छ।

७०. <u>सवारीलाई मार्ग परिवर्तन गर्न र यात्रीलाई बन्धक बनाउन नहुने</u>: (१) चालकले आफनो सवारी निर्दिष्ट मार्गमा चलाई रहेको समयमा सो सवारीलाई अन्य मार्गबाट लैजान कुनै पनि व्यक्तिले डर, त्रास देखाउन वा कुनै किसिमको शक्तिको प्रयोग गर्न वा गराउन हुँदैन।

(२) कसैले सवारीमा रहेका कुनै पनि व्यक्तिलाई बन्धक बनाई त्यस्तो सवारी वा बन्धक बनाइएको व्यक्तिको मुक्तिका लागि कुनै पनि किसिमको माग राख्नु हुँदैन।

७१. <u>दुर्घटनामा परेका सवारी र यात्रीको हानि नोक्सानी गर्न नहुने</u> :कुनै सवारी दुर्घटनामा परी हताहत वा घाइते भएका यात्री तथा सवारीमा काम गर्ने कुनै व्यक्तिलाई पिट्न वा तिनीहरुको मालसामानको हिनामिना गर्न, खोस्न वा तिनीहरुलाई कुनै पनि किसिमले हानि नोक्सानी पुऱ्याउनु हुँदैन।

७२. <u>सवारी चलाउँदा सुरक्षापेटी वा हेल्मेट लगाउनु पर्ने</u>: (१) तोकिए बमोजिमको सवारी चलाउँदा चालक तथा सवारीको अघिल्लो सीटमा बस्ने व्यक्तिले सुरक्षा पेटी बाँध्नु पर्नेछ।

(२) मोटर साइकल तथा अन्य त्यस्तै दुई पाङ्ग्रे सवारी चलाउँदा चालकले तथा सो सवारीमा बस्ने मानिसले सुरक्षा टोप (हेल्मेट) लगाउनु पर्नेछ।

७३. <u>कागजात साथैमा राख्नु पर्ने</u>: (१) कुनै पनि चालकले सवारी चलाउँदा सवारी दर्ता प्रमाणपत्र, चालक अनुमतिपत्र साथमा राख्नु पर्नेछ र त्यस्तो कागजात प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा हेर्न चाहेमा देखाउनु पर्नेछ।

(२) प्रहरी वा यातायात निरीक्षकले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको मार्ग इजाजत पत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक वा अन्य कर्मचारीले सवारी दर्ताको प्रमाणपत्र वा मार्ग इजाजत पत्र देखाउनु पर्छ।

७४. <u>सवारी रोक्नुपर्ने</u>: चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यकतानुसार उचित समयसम्म अडयाई राख्नुपर्छः-

(क) प्रहरी वा यातायात निरीक्षकले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा,

(ख) कुनै जनावर झस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा लिएको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा,

(ग) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा,

(घ) जेब्रा क्रसिङमा मानिस ओहोरदोहोर गरेको अवस्थामा वा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

तर जेब्रा क्रसिङ वा दोबाटो वा चौबाटोमा मानिस ओहोर दोहोर नगरेको वा ट्राफिक बत्तीले रोक्ने संकेत नगरेको भए पनि सवारी चालकले आफ्नो सवारी एक छिन रोकी हेरी सावधानीपूर्वक सवारी चलाउनु पर्छ।

७५. दुर्घटना भएमा चालकको कर्तव्यः (१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारका लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरुन्त सो दुर्घटनाको जानकारी तथा विवरण नजीकको प्रहरी कार्यालयलाई दिनुपर्छ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसँग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्नेछ।

७६. दुर्घटनामा परेको सवारीको निरीक्षणः दुर्घटनाको जाँचबुझको निमित्त सो दुर्घटना गर्ने वा सो दुर्घटनामा पर्ने सवारीको निरीक्षण गर्न आवश्यक देखेमा सम्बन्धित प्रहरीले त्यस्तो सवारी आफू समक्ष दाखिल गर्न लगाई वा त्यस्तो सवारी रहेको ठाउँमा गई निरीक्षण गर्न सक्नेछ।

७७. सवारी बायाँतिरबाट चलाउनु पर्नेः (१) कुनै पनि सार्वजनिक स्थानमा सवारी चलाउँदा तोकिएको स्थानमा बाहेक अन्य स्थानमा बायाँ किनारा च्यापी चलाउनु पर्नेछ।

(२) अगाडि गईरहेको सवारीलाई उछिनी जानु परेमा सङ्केत दिई उक्त सवारीको चालकले अगाडि जान सङ्केत दिएपछि मात्र पछाडिको सवारीले दाहिने तिरबाट उछिनी जानुपर्छ। यसरी पछाडिको सवारीले उछिनी जानका लागि सङ्केत दिएमा अगाडिको सवारीले अवस्था हेरी अगाडि जानको निमित्त पछाडिको सवारीलाई सङ्केत दिनुपर्नेछ।

७८. निर्धारित ठाउँबाट हिड्ने तथा मार्ग काट्नु पर्नेः (१) मानिस हिंड्ने पेटी भएको सडकमा मानिसहरु सो पेटीबाट नै हिंड्नुपर्छ। पेटी नभएको सडकमा हिंड्दा सो सडकको आफ्नो वाँया किनारा च्यापी हिड्नुपर्नेछ।

(२) पैदल हिंड्ने मानिसले मार्ग काट्नु पर्दा जेब्रा क्रसिङ, सब-वे, ओभरहेड ब्रीज वा त्यस्तो मार्ग काट्नका लागि निर्धारित गरिएको ठाउँबाट मात्र मार्ग काट्नु पर्नेछ।

७९. पाल्तु पशुपंक्षी छाड्न नहुनेः (१) कुनै पनि सार्वजनिक सडकमा घर पालुवा पशुपंक्षी छाड्न हुंदैन।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भए तापनि काबुबाहिरको परिस्थिति परी सडकमा पशुपंक्षी छाड्नु परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक सडकबाट तुरुन्त हटाउनु पर्नेछ।

८०. <u>जानकारी दिनुपर्ने</u>: (१) कार्यालय प्रमुख, यातायात निरीक्षक वा प्रहरीले कुनै सवारीको सम्बन्धमा मागेको कुनै पनि जानकारी सो सवारीको धनीले निजहरुलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी सार्वजनिक सवारी वा त्यसको चालक, परिचालक, सुरक्षाकर्मी वा त्यस्तो सवारीमा काम गर्ने कुनै कर्मचारीसँग सम्बन्धित भएमा त्यस्तो सार्वजनिक सवारीको धनी वा व्यवस्थापकले त्यसरी मागिएको जानकारी कार्यालय प्रमुख वा यातायात निरीक्षक वा प्रहरीलाई यथाशीघ्र दिनु पर्नेछ।

८१. <u>आकस्मिक निरीक्षण</u>: (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको पालना गरे नगरेको सम्वन्धमा कार्यालय प्रमुख, यातायात निरीक्षक वा प्रहरीले आवश्यकता अनुसार घुम्ती वा आकस्मिक निरीक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा प्रहरी वा यातायात निरीक्षकले दफा ९८ मा उल्लेख भए बमोजिमको काम कारबाही भएको देखेमा त्यस्तो गर्ने व्यक्तिलाई तत्काल सो दफामा लेखिए बमोजिमको सजाय गर्न सक्नेछ।

८२. <u>चालकले गर्न नहुने काम</u>: यस ऐनमा अन्यत्र लेखिएका कुराको अतिरिक्त चालकले देहायको काम गर्नु हुँदैनः-

(क) सवारी चलाउनको निमित्त आफ्नो चालक अनुमतिपत्र अरुलाई दिन,
(ख) सवारी चलाउँदा चालकले मादक पदार्थ वा अन्य कुनै पनि प्रकारको लागु पदार्थ सेवन गर्न,
(ग) सवारीको कुनै पनि पार्ट पुर्जा बिग्रिई अवस्था ठीक नभएको सवारी चलाउन,
(घ) लापरवाहीसाथ सवारी चलाउन,
(ङ) अँध्यारोमा वा कुहिरो लागेको बेलामा सवारीको बत्ती नबाली सवारी चलाउन,
(च) ट्राफिक सङ्केतको पालना नगरी सवारी चलाउन,
(छ) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गर्न,

## परिच्छेद-७
## बीमा सम्बन्धी व्यवस्था

८३. सवारीको बीमा गराउनु पर्नेः (१) सवारी धनीले तोकिए बमोजिम प्रत्येक सवारीको बीमा गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम बीमा नगरेको सवारीको दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन र त्यस्तो सवारी सार्वजनिक सवारी भए त्यस्तो सार्वजनिक सवारीलाई यातायात सेवा सञ्चालन गर्न इजाजत पत्र र मार्ग इजाजतपत्र प्रदान गरिने छैन।

८४. चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमाः (१) यातायात सेवामा संलग्न प्रत्येक सार्वजनिक सवारीको चालक, परिचालक, सुरक्षाकर्मी तथा सो सवारीमा काम गर्ने अन्य कर्मचारीको तोकिएको रकमको दुर्घटना बीमा सवारी धनी वा व्यवस्थापकले गर्नुपर्छ।

(२) सवारीको दुर्घटनाबाट चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको अंगभंग वा मृत्यु भएमा सो बापत पाउने बिमित रकम निज स्वयम वा निजको नजीकको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम चालक, परिचालक, सुरक्षाकर्मी तथा अन्य कर्मचारीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटना हुन गई निजहरुलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजहरुले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निजहरु वा निजहरुको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतिपूर्ति बापत दिनुपर्छ।

८५. यात्रीको बीमाः (१) मध्यम र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको तोकिएको रकमको दुर्घटना बीमा गराउनु पर्छ।

(२) सवारी दुर्घटनाबाट यात्रीको अंगभंग भएमा अंगभंग भए बापतको दुर्घटना बीमाको रकम निजले पाउनेछ र सो दुर्घटनाबाट निजको मृत्यु भएमा निजको नजीकको हकवालाले सो बापत पाउनु पर्ने दुर्घटना बीमाको रकम पाउनेछ।

(३) उपदफा (१) बमोजिम यात्रीको बीमा नगराई यातायात सेवा सञ्चालन गर्दा कुनै सार्वजनिक सवारी दुर्घटनाग्रस्त भई त्यसमा यात्रा गरिरहेका कुनै पनि यात्रीलाई कुनै पनि किसिमको हानि नोक्सानी भएमा निजले पाउनु पर्ने उपदफा (१) बमोजिमको

बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनुपर्छ।

८६. **यात्री मालसामानको बीमा**: (१) मध्यम र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सवारी धनी वा व्यवस्थापकले यात्रा गर्ने प्रत्येक यात्रीको मालसामानको तोकिएको रकमको बीमा गराउन सकिनेछ।

(२) यात्री मालसामानको वास्तविक मूल्य जतिसुकै भए तापनि त्यस्तो यात्री मालसामान कुनै कारणबाट हराए वा नष्ट भएमा उपदफा (१) बमोजिम गरिएको बीमा रकमभन्दा बढी हुने गरी दावी गरिएको क्षतीपूर्तिको रकमका सम्बन्धमा सवारी धनी वा व्यवस्थापक उत्तरदायी हुने छैन।

(३) उपदफा (१) बमोजिम यात्री मालसामानको बीमा नगराई कुनै सार्वजनिक सवारीले यातायात सेवा सञ्चालन गर्दा कुनै यात्रीगुण्टा हराए वा नष्ट भएमा यात्रीले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम यात्री वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनुपर्छ।

८७. **तेस्रो पक्षको बीमा**: (१) सवारीको दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति कुनै किसिमले नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति दिने प्रयोजनका लागि सवारी धनी वा व्यवस्थापकले तोकिएको रकमको तेस्रो पक्षको बीमा गराउनु पर्छ।

(२) सवारी दुर्घटनाबाट कुनै तेस्रो पक्ष वा निजको कुनै सम्पत्ति नोक्सान भएमा सो नोक्सानीको क्षतीपूर्ति बापत उपदफा (१) बमोजिमको रकम निज वा निजको हकवालाले पाउनेछ।

(३) उपदफा (१) बमोजिम तेस्रो पक्ष वा कम्प्रिहेन्सीभ बीमा नगराई चलाएको सवारी दुर्घटनाग्रस्त भई कुनै तेस्रो पक्ष वा निजको सम्पत्ति नोक्सान भएमा नोक्सानी बापत तेस्रो पक्ष वा निजको हकवालाले पाउनु पर्ने उपदफा (१) बमोजिमको बीमा रकम निज वा निजको हकवालालाई सवारी धनी वा व्यवस्थापकले क्षतीपूर्ति बापत दिनुपर्छ।

(४) यस ऐन बमोजिम बीमा नगराएको अवस्थामा दफा ८४, ८५, ८६, ८७ बमोजिम सवारी धनी वा व्यवस्थापकबाट पाउनुपर्ने क्षतिपूर्तिको रकम प्रमुख जिल्ला अधिकारीले भराइदिने आवश्यक प्रवन्ध गर्नुपर्नेछ।

(५) कुनै विदेशी मुलुकमा दर्ता भएका सवारी साधन अनुमति लिइ प्रदेशभित्र चलाउँदा दुर्घटना वा कुनै हानी नोक्सानी भए गरेमा सो वापतको बीमा रकम भराउन तोकिए वमोजिम सम्वन्धित मुलुकको राजदूतावासलाई समेत प्रमुख जिल्ला अधिकारीमार्फत जानकारी गराई क्षतिपूर्ति रकम उपलव्ध गराउने प्रक्रिया अगाडि वढाउनु पर्नेछ।

## परिच्छेद-८
## संस्थागत व्यवस्था

८८. **निर्देशनालयको काम, कर्तव्य र अधिकारः** मन्त्रालय अन्तर्गत सवारी तथा यातायात व्यवस्था निर्देशनालय रहनेछ। निर्देशनालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सडक यातायात सेवालाई भरपर्दो, सुरक्षित, इन्धनमा किफायति तथा वातावरण मैत्री बनाउनका लागि प्रदेश सरकारको तर्फबाट त्यसको आर्थिक तथा प्राविधिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने वा गर्न लगाई तत्सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीति निर्धारण गर्ने,

(ख) यातायातको सुव्यवस्था र विकासका लागि मन्त्रालय तथा कार्यालय वीचमा समन्वय तथा सहकार्य गर्ने,

(ग) सार्वजनिक सवारीको प्राथमिकता तोकी सेवा संचालन गर्न यातायात सेवासँग सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई निर्देशन दिने,

(घ) अन्तर्राष्ट्रिय प्रचलन अनुरुप ट्राफिक सङ्केतहरु सार्वजनिक स्थानमा राख्ने व्यवस्था गर्ने तथा त्यसका लागि कार्यालयलाई सहयोग तथा समन्वय गर्ने,

(ङ) सवारीको यान्त्रिक स्थिति तथा स्वरूपको परीक्षणको सम्बन्धमा आवश्यक मापदण्ड निर्धारण गर्ने तथा त्यस्तो परीक्षण केन्द्र स्थापना गर्ने तथा स्थापनाको लागि प्रदेशस्तरका कार्यालयलाई सहयोग तथा समन्वय गर्ने तथा निजी क्षेत्रका परीक्षण केन्द्रलाई इजाजत दिने तथा नियमन गर्ने,

(च) सवारी चालक अनुमतिपत्रका लागि लिईने परीक्षाको पाठ्यक्रम तथा चालक सीप परीक्षणको लागि मापदण्ड तथा चालकसँग लिइने परीक्षाको बिषय र परीक्षा प्रणाली तोक्ने,

(छ) सवारी चालक अनुमतिपत्रको लागि लिईने परीक्षा संचालनका लागि परिक्षण केन्द्रलाई इजाजत दिने र अनुगमन गर्ने,

(ज) सवारी चालक अनुमतिपत्रका लागि आवश्यक प्रविधिको प्रयोग तथा यातायात कार्यालय बीचमा समन्वय गर्ने,

(झ) सवारी प्रदुषण जाँच केन्द्रको स्थापना तथा संचालनका लागि आवश्यक मापदण्ड तोकी इजाजत दिने,

(ञ) सवारी दर्ता सम्बन्धी एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि विद्युतीय डाटा सेन्टरको स्थापना गर्ने तथा निर्देशनालय र कार्यालय बीच कम्प्युटर नेटवर्कको स्थापना गरी अनलाईन प्रणालीको विकास गर्ने,

(ट) सवारी दर्ता, नम्बर प्लेट तथा सवारी चालक अनुमतिपत्रको मापदण्ड निर्धारण गर्ने तथा एकीकृत अभिलेखका लागि समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(ठ) यातायातलाई सुव्यवस्थित गर्न आवश्यक प्रविधिको प्रयोग गर्ने, गराउने र सोको लागि आवश्यक बजेटको व्यवस्था गर्ने,

(ड) यातायात प्रणाली संचालनका लागि आवश्यक पर्ने सवारी चालक अनुमतिपत्र, सवारी दर्ता प्रमाणपत्र लगायतका कागजातहरु उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ढ) प्रदेशभित्रका एकभन्दा बढी जिल्लामा संचालन हुने मार्ग तथा सोको भाडादर निर्धारणका लागि मन्त्रालयमा सिफारीश गर्ने।

८९. <u>प्रदेश यातायात व्यवस्थापन समिति</u>ः (१) प्रदेशभित्रको यातायातलाई व्यवस्थित, भरपर्दो, आरामदायी र सुरक्षित बनाउनका लागि देहाय बमोजिमको एउटा प्रदेश यातायात व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | <u>सचिव, मन्त्रालय</u> | -अध्यक्ष |
| (ख) | प्रमुख, सवारी तथा यातायात व्यवस्था निर्देशनालय | - सदस्य |
| (ग) | प्रमुख,प्रदेश प्रहरी कार्यालय | - सदस्य |
| (घ) | प्रमुख, प्रदेश ट्राफिक प्रहरी कार्यालय | - सदस्य |
| (ङ) | प्रमुख, सम्बन्धित यातायात व्यवस्था कार्यालय | - सदस्य |
| (च) | प्रतिनिधि,यातायात विज्ञ (एकजना) | - सदस्य |
| (छ) | प्रतिनिधि,पंजिकृत यातायात कम्पनी (एकजना) | -सदस्य |
| (ज) | प्रतिनिधि,यातायात मजदुर (एकजना) | -सदस्य |
| (झ) | * <u>महाशाखा प्रमुख, मन्त्रालय</u> | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको यातायात व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित क्षेत्रभित्रको सडक यातायातको विकास, विस्तार गर्न तथा यातायातलाई भरपर्दो, सुरक्षित, वातावरण मैत्री बनाउनका लागि गर्नुपर्ने

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

सुधार तथा अवलम्बन गर्नु पर्ने नीतिको विषयमा मन्त्रालयलाई सुझाब दिने,

(ख) सवारी दर्ता तथा तत्सम्बन्धी विषयमा निर्देशनालयलाई मार्गदर्शन गर्ने,

(ग) चाडपर्व तथा यात्रुको बढी चाप हुने अवस्थामा सहज यातायातको व्यवस्था मिलाउनका लागि आवश्यक अन्य काम गर्ने,

(घ) सम्बन्धित क्षेत्रभित्रका सडकहरुमा सवारी चिन्हहरु तथा आवश्यक अन्य संकेतहरु राख्ने व्यवस्था गर्ने, गराउने,

(ङ) शहरी यातायात व्यवस्थापनका लागि स्थानीय तहहरुसँगको समन्वय र साझेदारीमा आवश्यक काम गर्ने, गराउने,

(च) सम्बन्धित क्षेत्रभित्र चल्ने यातायात सेवा निर्वाध रूपमा सञ्चालन गर्न सार्वजनिक सवारीहरुलाई यातायात सेवा सञ्चालन गर्ने कार्यमा संलग्न गराउने,

(छ) सम्बन्धित क्षेत्रभित्र सार्वजनिक सवारीहरुले मार्गको इजाजत पत्र लिई यातायात सेवा सञ्चालन गरे नगरेको, समय समयमा सोको नवीकरण गरे नगरेको निरीक्षण गर्ने वा गर्न लगाउने,

(ज) सम्बन्धित क्षेत्रभित्र चल्ने सार्वजनिक सवारीहरुले समय समयमा जाँचपास गरे नगरेको र यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको अधीनमा रही नियमित यातायात सेवा प्रदान गरे नगरेको समय समयमा निरीक्षण गर्ने वा गर्न लगाउने,

(झ) आफ्नो क्षेत्रभित्र यातायात सेवा सुव्यवस्थित रुपमा संचालन गर्न आवश्यक कामकारवाही गर्ने,

(ञ) प्रदेश सरकारले तोकेका अन्य काम गर्ने गराउने।

(३) सार्वजनिक सवारीको व्यवस्थापनका लागि आवश्यक देखिएमा तोकिएबमोजिमका काम गर्नेगरी जिल्लास्तरमा समेत यातायात व्यवस्थापन समिति गठन गर्न सकिनेछ।

९०. <u>मार्ग तथा भाडा निर्धारण सिफारिस समिति</u>ः प्रत्येक जिल्लामा मार्ग तथा भाडा निर्धारणका लागि मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको मार्ग तथा भाडा निर्धारण सिफारिस समिति रहनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति - संयोजक

(ख) प्रमुख, सम्बन्धित पूर्वाधार विकास कार्यालय -सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(घ) प्रमुख, जिल्ला ट्राफिक प्रहरी कार्यालय -सदस्य

(ङ) सम्बन्धित जिल्लाको पंजिकृत यातायात व्यवसायी कम्पनीको प्रतिनिधि एकजना -सदस्य

(च) यातायात विज्ञ एकजना -सदस्य

(छ) प्रमुख, सम्बन्धित यातायात व्यवस्था कार्यालय, सवारी - सदस्य सचिव

९१. <u>यातायात निरीक्षकको नियुक्ति</u>ः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सवारीहरु चलाएको वा नचलाएको र यातायात सेवामा संलग्न सार्वजनिक सवारीहरुले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालन गर्नुपर्ने शर्तहरु पूरा गरे नगरेको निरीक्षण गर्न निर्देशनालयले यातायात निरीक्षक नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यातायात निरीक्षक नियुक्ति नभएसम्मका लागि कार्यालय प्रमुखले कुनै कर्मचारीलाई यातायात निरीक्षकको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ।

९२. <u>यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार</u>ः यातायात निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यातायात सेवामा संलग्न सार्वजनिक सवारीले इजाजतपत्र अनुसारको मार्गमा यातायात सेवा सञ्चालन गरे नगरेको निरीक्षण गर्ने,

(ख) यातायात सेवामा संलग्न भएका सार्वजनिक सवारीहरुले निर्धारित सीट तथा वजन क्षमताका अधीनमा रही यात्री राख्ने तथा मालसामान ढुवानी गर्ने कार्य गरे नगरेको निरीक्षण गर्ने,

(ग) यातायात सेवामा संलग्न सवारीहरुले समय समयमा यस ऐन बमोजिम गर्नुपर्ने जाँचपास गरे नगरेको तथा त्यसरी सेवा संचालन गर्ने इजाजत प्राप्त गरे नगरेको जाँच गर्ने,

(घ) चालक, परिचालकको अनुमतिपत्र तथा यात्री सूची हेर्ने र यात्रीको टिकट जाँची निर्धारित भाडादर बमोजिम भाडा लिइएको नलिइएको तथा निर्धारित गतिमा सवारी चलाए नचलाएको कुराको निरीक्षण गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको पालना चालक, परिचालक, सवारी धनी वा व्यवस्थापकले गरेको छ छैन भन्ने कुराको समय समयमा निरीक्षण गर्ने।

९३. <u>सवारी परिक्षण केन्द्र, सवारी प्रदुषण जाँच केन्द्र, कारखाना तथा वर्कसप संचालन सम्बन्धी व्यवस्था</u>ः(१) कुनै पनि किसिमको सवारी परिक्षण वा जाँचबुझ केन्द्र संचालन गर्न, सवारी प्रदुषण जाँच केन्द्र संचालन गर्न, बस, ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल

वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यातायात व्यवस्था निर्देशनालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सवारी परिक्षण केन्द्र, सवारी प्रदुषण जाँच केन्द्र, कारखाना वा वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले निर्देशनालयले निर्धारण गरे बमोजिमको न्यूनतम मापदण्ड पूरा गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमति प्रक्रिया, लाग्ने दस्तुर, अनुमतिपत्रको मान्य अवधि तथा नवीकरण, अनुमतिपत्रको निलम्बन वा खारेजी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-९
## सजाय सम्बन्धी व्यवस्था

९४. सजायः (१) दर्ताको प्रमाणपत्रमा उल्लेख भए बमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर वा प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई कार्यालय प्रमुखले पच्चीस हजार रुपैयाँ जरिबाना गरी त्यस्तो सवारी जफत गर्नु पर्नेछ।

(२) कार्यालय प्रमुखले देहायको काम कारबाही गर्ने गराउनेलाई दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछः-

(क) कुनै एक प्रयोजनका लागि दर्ता भएको सवारी अन्य प्रयोजनका लागि प्रयोग गरेमा,

(ख) दर्ता नगरी सवारी चलाएमा वा चलाउन दिएमा,

(ग) अनुमति नलिई विदेशी सवारी चलाएमा,

(घ) स्वीकृती नलिई सवारीको रंग, सीट संख्या, स्वरुप, इन्जिन वा चेसिस परिवर्तन गरेमा,

(ङ) मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा,

(च) यातायात सेवाको नाम दर्ता नगरी सो नामबाट यातायात सेवा सञ्चालन गरेमा,

(छ) यस ऐन बमोजिम तोकिएको भाडा भन्दा बढी भाडा लिएमा,

(ज) दुर्घटनामा परेको सवारी वा यात्रीलाई हानि नोक्सानी गरेमा,

(झ) स्वीकृत एक्सेल भन्दा बढी तौलको गाडी चलाएमा,

(ञ) ट्राफिक कन्ट्रोल डिभाइस नोक्सान गर्ने वा सो डिभाइसमा व्यापारिक विज्ञापन टाँसेमा,

(ट) अनधिकृत रुपमा सवारीको स्वरुप फेर बदल गरेमा,

(ठ) स्वीकृत इमिसन स्टान्डर्ड भन्दा बढी धुवां छोड्ने सवारी साधन चलाएमा,

(ड) आयु एवम् बनावट अथवा इन्जिन आदि तोकिए अनुसार नभएको सवारी साधन चलाएमा,

(ढ) गैरकानूनी वा अनैतिक काममा सवारी साधन प्रयोग गरेमा,

(ण) प्रशिक्षण अवधिमा तोकिएको किसिम भन्दा अर्को सवारी चलाएमा,

(त) सडक सीमाभित्र अनुमति विना कुनै किसिमको सूचना, स्ट्रकचर खडा गरेमा,

(थ) चोरीको गाडी चलाउने वा जबरजस्ती धम्काएर गाडी कन्ट्रोलमा लिई चलाएमा,

(द) दर्ता नभएको गाडी चलाएमा,

(ध) फिटनेस सर्टिफिकेट नभएको गाडी चलाएमा,

(न) स्वीकृति नलिई ड्राइभिङ ट्रेनिङसेन्टर, कारखाना तथा वर्कसप संचालन गरेमा,

(प) राख्न नपाइने रंगिन शिशा वा कालो शिशा राखेमा,

(३) यस ऐनमा उल्लेख भएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम वा जारी गरेको आदेशको विपरीत काम कारबाही गर्ने गराउनेलाई कार्यालय प्रमुखले पाँच हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) सवारीको लागि तोकिएको मार्ग परिवर्तन गर्ने वा यात्रुलाई अपहरण गर्ने वा बन्धक बनाउने काम कारबाही गर्ने गराउने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिबाना र प्रचलित कानून बमोजिमको कार्वाही र त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतीपूर्तिको रकम दिलाइनेछ।

(५) सवारीमा रहेका चालक, परिचालक, सुरक्षाकर्मी, सवारीका अन्य कर्मचारी वा यात्रीलाई पिट्ने, सवारी रोक्ने, सवारी तोडफोड गर्ने वा अन्य कुनै किसिमले त्यस्तो सवारी वा सवारीमा रहेका मानिस वा मालसामानलाई कुनै हानि नोक्सानी पुऱ्याउने काम गर्ने व्यक्तिलाई कार्यालय प्रमुखले पाँच हजार रुपैयाँ जरिबाना गर्नेछ र त्यस्तो व्यक्तिबाट हानि नोक्सानी पुग्ने व्यक्तिलाई उपयुक्त क्षतीपूर्तिको रकम दिलाइनेछ।

९५. <u>ज्यान मरेमा हुने सजायः</u> (१) कसैले सवारी चलाई दुर्घटना गरी कुनै मानिस मर्न गएमा प्रचलित कानून बमोजिम सजाय र कारवाही हुनेछ।

(२) चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारी चलाई उपदफा (१) बमोजिमको कसूर गरेमा निजलाई सोही उपदफा बमोजिम हुने सजायमा थप दश हजार रुपैयाँ समेत जरिबाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमति पत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा

दुर्घटना भई सो मानिस मर्न गएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई प्रचलित कानून बमोजिम कैद सजाय हुनेछ।

९६. <u>अंगभंग भएमा हुने सजायः</u> (१) कसैले कुनै सवारी चलाएबाट कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको त्यस्तो दुर्घटनाको कारणबाट अंगभंग भएमा प्रचलित कानून बमोजिम कैद तथा जरिवाना हुनेछ।

(२) चालक अनुमति पत्र नभएको व्यक्तिले सवारी चलाई उपदफा (१) मा उल्लेखित कुनै कसुर गरेमा निजलाई सो उपदफा बमोजिम हुने सजायमा दश हजार रुपैयाँ थप जरिवाना हुनेछ।

(३) कुनै सवारीको धनी वा सवारीको जिम्मा लिएको व्यक्तिले चालक अनुमति पत्र नभएको व्यक्तिलाई सवारी चलाउन दिई कुनै मानिसलाई किची, ठक्कर लागि वा दुर्घटना भई सवारीमा रहेको वा सवारी बाहिर जुनसुकै ठाउँमा रहे बसेको मानिसको अंगभंग भएमा त्यस्तो सवारी चलाउन दिने व्यक्तिलाई दश हजार रुपैयाँ जरिवाना हुनेछ।

९७. <u>घा खर्च, कृया खर्च र क्षतिपूर्ति भराई दिनेः</u> (१) सवारी दुर्घटनाबाट कुनै पक्षलाई कुनै पनि किसिमको हानि नोक्सानी पुग्न गएमा पीडित पक्षलाई देहाय बमोजिम घा खर्च र क्षतीपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनुपर्छः-

(क) ज्यान मरेकोमा सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च बापत पचास हजार रुपैयाँ र क्षतीपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने दुर्घटना बीमाको रकम,

(ख) अंगभंग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सोको क्षतीपूर्ति बापत तेस्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेस्रो पक्षले पाउने अंगभंग बापतको दुर्घटना बीमाको रकम र त्यस्तो अंगभंग काम लाग्ने भए घा खर्च बापत पचास हजार देखि एक लाख रुपैयाँसम्म वा उपचार गर्दा लागेको वास्तविक खर्चमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम।

(२) सवारी दुर्घटनाबाट कुनै व्यक्तिको ज्यान मरेको भए सो मर्ने व्यक्तिको हकवालालाई कृयाखर्च र क्षतिपूर्ति रकम र अंगभंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम मन्त्रालयले तोकेको अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ।

(३) उपदफा (१) मा लेखिएदेखि बाहेक चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरेको आदेश बर्खिलाप हुनेगरी सवारी चलाई दुर्घटना हुन गई कुनै व्यक्तिलाई चोटपटक लागेमा त्यस्तो व्यक्तिलाई तत्काल औषधि खर्च बापत मन्त्रालयले तोकेको अधिकारीले चोटपटकको स्थिति अनुसार चालक, सवारी धनी वा व्यवस्थापकबाट पचास हजार रुपैयाँ सम्म दिलाई दिन सक्नेछ। त्यस्तो चोट पटक लाग्ने व्यक्तिले पछि बढी रकम क्षतिपूर्ति पाउने भएमा त्यसरी औषधि खर्च बापत दिएको रकम कट्टी गरी बाँकी पाउने रकम मात्र दिइनेछ।

(४) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम भराइने घा खर्च, कृयाखर्च र क्षतिपूर्तिको कूल रकमको दश प्रतिशत भन्दा बढी रकम सार्वजनिक यातायातको चालकबाट भराइने छैन।

(५) उपदफा (४) बमोजिम बुझाउनु पर्ने क्षतिपूर्ति रकम चालकले नबुझाएमा प्रचलित कानून बमोजिम निजको जायजेथाबाट असुल उपर गरिनेछ।

(६) यस दफामा लेखिए बमोजिम बीमा कम्पनीले व्यहोर्नु पर्ने क्षतिपूर्ति वापतको बीमा रकम यथाशीघ्र भराई दिनु पर्नेछ।

९८. <u>यातायात निरीक्षक वा प्रहरीले तत्काल सजाय गर्न सक्नेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलोपटक गर्नेलाई तीन हजार रुपैयाँ, दोस्रो पटक गर्नेलाई पाँचहजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई सात हजार रुपैयाँ यातायात निरीक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल जरिवाना गर्न सक्नेछः-

(क) असुरक्षित वा डिफेक्टिभ सवारी साधन चलाएमा,
(ख) तोकिएको गति भन्दा वढी गतिमा सवारी चलाएमा,
(ग) अरुलाई हानी पुग्नेगरी लापरवाहीले सवारी चलाएमा,
(घ) ओभरटेक गर्न नहुने ठाउँमा वा असुरक्षित ठाउँमा ओभरटेक गरेमा,
(ङ) मूल सडक, जक्सन आउँदा नरोकी गाडी चलाएमा,
(च) पैदल यात्री सडक पार गरेको अवस्थामा गाडी नरोकी चलाएमा,
(छ) लेन अनुसार गाडी नचलाएमा वा सिग्नल नदिइ लेन परिवर्तन गरेमा,
(ज) सेन्टरको डबललाइन क्रसगरी गाडी चलाएमा,
(झ) फुटपाथमा सवारी चलाएमा,
(ञ) जक्सनमा ट्राफिक सिग्नल पालना नगरेमा,
(ट) रातिमा बत्ती नबाली गाडी चलाएमा,
(ठ) सार्वजनिक सवारीमा यात्रीलाई खतरा हुनेगरी सामान ढुवानी गरेमा,
(ड) एकतर्फी सडकमा विपरीत दिशामा गाडी चलाएमा,

(ढ) स्वीकृतभन्दा बढी यात्री एवम सामान ढुवानी गरेमा,

(ण) प्रशिक्षण अवधिमा अर्को व्यक्ति साथमा राखी मोटरसाइकल चलाएमा,

(त) स्वीकृत भन्दा बढी यात्री राखी मोटरसाइकल चलाएमा,

(थ) सिट बेल्ट वा हेलमेट नलगाई सवारी चलाएमा,

(द) ट्राफिक प्रहरीको इसारा उल्लंघन गरेमा,

(ध) ट्राफिक प्रहरीले रोक्नु भन्दा नमानी सवारी चलाएमा,

(न) तोकिएको बिसौनी भन्दा फरक ठाउँमा रोकी यात्री ओरालेमा वा चढाएमा,

(प) रोड परमिट देखाउन नसकेमा,

(फ) यात्रीलाई टिकट नदिएमा,

(ब) चलिरहेको सवारीमा यात्री चढाउने वा ओराल्ने काम गरेमा,

(भ) दुर्घटना पछि पालना गर्नुपर्ने कर्तव्य पालना नगरेमा,

(म) दुर्घटना पछि प्रहरीमा आवश्यक कागजात सहित रिपोर्ट नगरेमा,

(य) पार्किङ निषेध भएको ठाउँमा पार्किङ गरेको वा अरु गाडीलाई आवागमनमा बाधा पुग्नेगरी पार्किङ गरेमा,

(र) गाडी धनीको अनुमति बिना गाडी चलाएमा,

(ल) लाइसेन्स नभइ गाडी चलाएमा,

(व) स्वीकृत उमेर भन्दा कम वा बढीकाले गाडी चलाएमा,

(श) लाइसेन्स निलम्बन भएको बेलामा गाडी चलाएमा,

(ष) अवधि सहितको तेस्रो पक्ष बीमा नगराई सवारी चलाएमा,

(स) मागेको आवश्यक कागजात पेश नगरेमा,

(ह) ट्याक्सीले मिटरमा देखाईएको भन्दा बढी भाडा लिएमा वा मिटरमा जान नमानेमा,

(क्ष) सार्वजनिक स्थानमा मानिस वा सवारीको आवागमनमा बाधा पर्नेगरी मालसमान वा सवारी राखेमा,

(त्र) सडकमा पाल्तु चौपाया छाडेमा,

(ज्ञ) आफूले प्राप्त गरेको सवारी चालक अनुमतिपत्र अरुलाई प्रयोग गर्न दिएमा,

(क१) भाडादर सवारीमा टाँस नगरेमा,

(क२) यात्रु सूची तयार नगरेमा,

(क३) सवारी चालक अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिलाइ आफ्नो सवारी चलाउन दिएमा,

(क४) निषेध गरेको मार्गमा निषेधित सवारी चलाएमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कसुर पहिलो पटक गर्नेलाई पाँच सय रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई एक हजार पाँच सय रुपैयाँ यातायात निरिक्षक वा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृतले तत्काल जरिवाना गर्न सक्नेछः-

(क) यात्रुले जेब्रा क्रसिंग, ओवरहेड ब्रीज र अन्डरग्राउन क्रसिंग भएको ठाउँबाट मार्ग नकाटेर अन्य ठाउँबाट मार्ग काटेमा,

(ख) यात्रुले ट्राफिक सिग्नल एवम ट्राफिक इसारा नमानी सडकमा मोबाइल फोन प्रयोग गरी वा लागू पदार्थ सेवन गरी हिँडेमा,

(ग) सवारी साधनबाट सडकमा फोहर फालेमा,

(घ) चलिरहेको गाडीमा झुन्डिने यात्री तथा गाडी समातेर साइकल चलाएमा।

(३) उपदफा (१) र (२) बमोजिम जरिवाना गर्दा नगदी रसिद दिने र जरिवाना बापत असुल भएको रकम सम्वन्धित यातायात निरीक्षक वा प्रहरीले यथाशिघ्र कार्यालय वा बैंकको राजश्व खातामा दाखिला गरी सोको जानकारी कार्यालय प्रमुखलाई गराउनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम यातायात निरीक्षक वा प्रहरीले गरेको जरिबानाको रकम तत्काल बुझाउन नसक्नेलाई चौबीस घण्टाभित्र त्यस्तो रकम सम्बन्धित ट्राफिक प्रहरी कार्यालय वा कार्यालय प्रमुख समक्ष बुझाउन पुर्जी दिनेछ।

(५) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले उपदफा (१) र (२) मा उल्लेखित कसूर गर्दाको बखत निजलाई सजाय गर्न तत्काल घटनास्थलमा घटीमा सहायक प्रहरी निरीक्षक दर्जासम्मको अधिकृत नभएमा पनि घटनास्थलमा रहेको कुनै पनि प्रहरी जवानले त्यस्तो कसूर गर्नेलाई निजले गरेको कसूर खुलाई सो बापत निजलाई हुने जरिबानाको रकम चौबीस घण्टाभित्र सम्बन्धित प्रहरी कार्यालयमा बुझाउन पूर्जी दिनेछ।

(६) उपदफा (३) वा (४) बमोजिमको पुर्जी दिँदा त्यस्तो पुर्जीको नक्कल प्रतिमा सो पुर्जी बुझ्नेको सही समेत गराउनु पर्छ।

(७) उपदफा (३) वा (४) मा लेखिएको समयसम्म पनि कार्यालय प्रमुख वा सम्बन्धित प्रहरी कार्यालय समक्ष त्यस्तो जरिबानाको रकम नबुझाउनेलाई कार्यालय प्रमुखले तीन हजार रुपैयाँसम्म जरिबाना गरी त्यस्तो व्यक्ति चालक भए चालक अनुमतिपत्र र सवारी धनी वा व्यवस्थापक भए सवारीको मार्ग इजाजतपत्र वा निजहरुले

यातायात सेवा सञ्चालन गर्न प्राप्त इजाजत पत्र एक महिनासम्मको लागि निलम्बन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन गरिएको अवधिसम्म पनि जरिबाना नबुझाएमा कार्यालय प्रमुखले त्यस्तो चालक अनुमतिपत्र, मार्ग इजाजतपत्र वा यातायात सेवा सञ्चालन गर्न प्राप्त इजाजत पत्र खारेज गर्न सक्नेछ।

## परिच्छेद– १०
## सवारी साधन कर तथा लिलाम सम्वन्धी व्यवस्था

९९. कर बुझाउनु पर्नेः (१) प्रत्येक आर्थिक बर्षका लागि तोकिए बमोजिम सवारी साधन कर बुझाउनु पर्नेछ।

(२) कर दाताले आफ्नो नाममा दर्ता भएको सवारी साधनमा लाग्ने कर प्रत्येक आर्थिक वर्षको चैत्र मसान्तसम्म बुझाई सक्नु पर्नेछ।

(३) दफा ३ बमोजिम नयाँ दर्ता गरिने सवारी साधनको हकमा त्यस्तो सवारी साधन दर्ता गराउनु अगावै बिदेशबाट आयात भएको हकमा जुन मितिमा भन्सार तिरी छुटाएको छ सोही मितिदेखि र नेपालमा उत्पादितको हकमा संचालन योग्य भनी प्रमाणीत गरेको मिति देखीको दामासाहीले लाग्ने कर बुझाउनु पर्नेछ।

१००. दर्ता नवीकरण वा नामसारी गर्नु अगावै कर तिर्नुपर्नेः सवारी साधनको दर्ता, दर्ता प्रमाणपत्रको नवीकरण वा सवारी नामसारी गर्दा चालु आर्थिक बर्षसम्मको कर समेत चुक्ता गर्नु पर्नेछ।

१०१. दर्ता गर्ने अधिकारीले कर तिरेको प्रमाण हेर्नुपर्नेः सवारी साधनको नयाँ दर्ता गर्ने, दर्ता नवीकरण गर्ने वा नामसारी गर्ने अधिकारीले सो गर्नुभन्दा अगावै कर तिरेको प्रमाण जाँचबुझ गर्नु पर्नेछ।

१०२. जरिवाना गर्न सक्नेः दफा ९९ बमोजिमको म्यादभित्र कर रकम नवुझाएमा कार्यालय प्रमुखले देहाय बमोजिम जरिवाना गर्नेछः-

(क) सो आर्थिक बर्षको अन्त्यसम्मलाई कर रकमको बीस प्रतिशतका दरले,

(ख) खण्ड (क) वमोजिमको म्याद नाघी सवारी कर वुझाउन आएमा प्रत्येक बर्षको तोकिएको करमा करको अतिरिक्त सो म्याद नाघेको एक वर्षसम्म चालीस प्रतिशत, दुई वर्षसम्म साठी प्रतिशत, तीन वर्षसम्म असी प्रतिशत, चार वर्षसम्म सय प्रतिशत र पाँच वर्षसम्म एक सय बीस प्रतिशत थप जरिवाना सहित कर तिर्नु पर्नेछ,

(ग) खण्ड (ख) वमोजिमको अवधिसम्म कर नवुझाएमा उक्त सवारीको दर्ता स्वतः खारेज हुनेछ।

१०३. <u>लिलाम सम्बन्धी व्यवस्था</u>ः (१) यस ऐन बमोजिम लाग्ने दस्तुर र जरिवानाको रकम दफा १०२ को उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र नवुझाएमा कार्यालयको लगतमा सो सवारी साधनलाई रोक्का गरी उक्त सवारी साधन तोकिए अनुसार लिलाम बिक्री गरी सो रकम असुल उपर गरिनेछ।

(२) उपदफा **(१)** बमोजिम लिलाम बिक्री गर्दा पनि सबै रकम असुल उपर हुन नसकेमा बाँकी रकम प्रदेश सरकारले तोकेको अधिकारी वा कार्यालयबाट प्रचलित प्रदेश कानून बमोजिम त्यस्तो सवारी धनीवाट सरकारी वाँकी सरह असुल उपर गरिनेछ।

(३**)** उपदफा **(१)** बमोजिम कारवाही गरी असूल गर्दा असूल गर्नुपर्ने रकमभन्दा बढी रकम असुल हुन आएमा बढी भएजति रकम धरौटीमा आम्दानी बाँधिनेछ र यस्तो धरौटी रकम धरौटीमा रहेको एक वर्षभित्र सम्बन्धित सवारी धनीले भुक्तानी लिन सक्नेछ। सो म्यादभित्र भुक्तानी लिन नआएमा त्यस्तो धरौटी रकम प्रदेश सरकारको कोषमा आम्दानी बांधिनेछ।

(४) यसरी लिलाम गर्दा सो बापत लाग्ने विज्ञापन खर्च सवारी धनीबाटै असूल उपर गरिनेछ।

## परिच्छेद-११
## <u>विविध</u>

१०४. <u>अधिकार सुम्पन सक्ने</u>ः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यक देखेमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिमका अधिकारहरू प्रयोग गर्न पाउने गरी कुनै अधिकारी वा निकायलाई सुम्पन सक्नेछ।

१०५. <u>प्राधिकरण गठन गर्न सक्ने</u>ः प्रदेश सरकारले सार्वजनिक सवारी संचालन एवम व्यवस्थापनका लागि प्राधिकरण गठन गर्न सक्नेछ।

१०६. <u>सवारी धनी वा व्यवस्थापकले तिर्नुपर्ने</u>ः कुनै चालकले लापरवाही गरी वा बदनियतपूर्वक यो ऐन वा यस ऐन अन्तर्गतको नियम वा आदेशको उल्लङ्घन गरेकोमा बाहेक अन्य अवस्थामा यस ऐन बमोजिम त्यस्तो चालकले तिर्नुपर्ने जरिबाना, घा खर्च, कृया खर्च वा क्षतिपूर्तिको रकम सम्बन्धित सवारी धनी वा व्यवस्थापकले तिर्नु पर्नेछ।

१०७. <u>चक्र प्रणालीबाट यातायात सेवा संचालन गर्न नपाइने</u>ः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ प्रतिस्पर्धात्मक ढंगबाट यातायात व्यवसायको विकास

गर्नको लागि सार्वजनिक सवारीलाई चक्रप्रणाली अन्तर्गत यातायात सेवा सञ्चालन गर्ने गरी इजाजतपत्र प्रदान गरिने छैन।

(२) यस ऐन बमोजिम यातायात सेवा संचालन गर्ने इजाजत प्राप्त कम्पनीले चक्र प्रणाली अन्तर्गत यातायात सेवा संचालन गरेको पाइएमा तत्काल त्यस्तो कम्पनीको पञ्जिकरण निर्देशनालयले खारेज गर्न सक्नेछ।

१०८. <u>परिचालक अनुमतिपत्र सम्वन्धी व्यवस्था</u>: परिचालक अनुमतिपत्र सम्बन्धी व्यवस्था र मापदण्ड तोकिएबमोजिम हुनेछ।

१०९. <u>निर्देशन दिन सक्ने</u>: निर्देशनालय वा कार्यालय प्रमुखले यातायात व्यवसायीहरुलाई यातायात व्यवसाय प्रभावकारी बनाउन तथा यातायात सेवा सरल तथा सुलभ बनाउन आवश्यक निर्देशन दिन सक्नेछ। यसरी दिइएको निर्देशनको पालना गर्नु यातायात व्यवसायीको कर्तव्य हुनेछ।

११०. <u>अधिकार प्रत्यायोजन</u>: यस ऐन बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालय प्रमुखले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकतानुसार कुनै वा सबै अधिकार कुनै समिति, अधिकारी, यातायात निरीक्षक वा प्रहरीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१११. <u>पुनरावेदन</u>: (१) यस ऐन बमोजिम कार्यालय प्रमुख, प्रहरी वा यातायात निरीक्षकले गरेको निर्णय वा सजायको आदेश उपर निर्देशनालय समक्ष पुनरावेदन लाग्नेछ।

(२) यस ऐन बमोजिम निर्देशनालयले गरेको निर्णय वा आदेश उपर उच्च अदालत समक्ष पुनरावेदन लाग्नेछ।

११२. <u>उजुर गर्ने हदम्याद र पुनरावेदन गर्ने म्याद</u>: (१) यस ऐन अन्तर्गतका कसुरको हकमा कसूर भएको मितिले तीस दिनभित्र उजुर गर्नु पर्नेछ।

(२) यस ऐन अन्तर्गतका कसूरका सम्बन्धमा निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनु पर्नेछ।

११३. <u>सहयोग पुर्‍याउनु पर्ने</u>: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको कुनै आदेश कार्यान्वयन गर्ने सन्दर्भमा कार्यालय प्रमुखले वा यातायात निरीक्षकले कुनै किसिमको सहयोग मागेमा निजहरुलाई त्यस्तो सहयोग पुर्‍याउने कर्तव्य प्रहरी लगायत सम्बन्धित सबैको हुनेछ।

११४. <u>अन्य सवारी साधनको चालकले यस ऐनको पालन गर्नुपर्ने</u>: यस ऐन बमोजिम दर्ता गर्न नपर्ने सवारी साधन वा कुनै सवारी साधन चलाउन यस ऐन बमोजिम चालक अनुमतिपत्र लिन नपर्ने रहेछ भने त्यस्तो सवारी चलाउँदा चालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा जारी गरिएको आदेशद्वारा निर्धारित ट्राफिक सङ्केत पालना गर्नुपर्छ।

११५. <u>नेपाल सरकार वादी हुने</u>ः (१) दफा ९४ को उपदफा (४), दफा ९५ र ९६ अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा परेको मानिनेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक यो ऐन अन्तर्गतको अन्य मुद्दा प्रदेश सरकारवादी हुनेछ।

११६. <u>नियम बनाउने अधिकार</u>ः यस ऐनको उद्देश्य पूर्तिको लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

११७. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार</u>ः (१) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही प्रदेश सरकारको यातायात हेर्ने मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही निर्देशनालयले आवश्यक मापदण्ड बनाई जारी गर्न सक्नेछ।

११८. <u>असल नियतले गरेको कामको बचाउ</u>ः कार्यालय प्रमुख वा निजले अधिकार प्रत्यायोजन गरेको निकाय, समिति, अधिकारी, यातायात निरीक्षक, प्रहरी कर्मचारी वा सम्वन्धित कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तब्य पालना गर्दा असल नियतले गरेको कामकारवाहीमा निज व्यक्तिगत रुपमा जवाफदेही हुने छैन।

११९. <u>बाधा अड्काउ फुकाउ</u>ः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१२०. <u>बचाउ</u>ः सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अन्तर्गत भए गरेका काम कारवाही यो ऐन बमोजिम भएको मानिनेछ।

# बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०९/१०

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: बजारमा हुने क्रियाकलापहरुको नियमन तथा अवाञ्छित गतिविधीहरुको नियन्त्रण गरी बजार संरक्षणको सुनिश्चितताद्वारा प्रदेश भित्रको व्यापार प्रवर्द्धन गर्न र स्वच्छ प्रतिस्पर्धा मार्फत उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराई सर्वसाधारणको सुस्वास्थ्य, आर्थिक हित तथा सदाचार कायम राख्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ: (१) यस ऐनको नाम "बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अदालत" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ।

(ग) "अनुगमन अधिकृत" भन्नाले दफा १६ बमोजिमको बजार अनुगमन अधिकृत सम्झनु पर्छ।

(घ) "अनुगमन समिति" भन्नाले दफा १२ बमोजिमको प्रदेश बजार अनुगमन समिति सम्झनु पर्छ।

(ङ) "कालो बजार" भन्नाले प्रचलित कानून बमोजिम कालो बजारको कसुर मानिने कार्य सम्झनु पर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्बारा संशोधित

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन र ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "नाफाखोरी" भन्नाले प्रचलित कानून बमोजिम नाफाखोरीको कसुर मानिने कार्य सम्झनु पर्छ।

(ज) "निर्देशक" भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको निर्देशकलाई सम्झनु पर्छ।

(झ) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

(ञ) "परिषद्" भन्नाले दफा ९ बमोजिमको बजार नियन्त्रण तथा प्रतिस्पर्धा प्रबर्द्धन परिषद् सम्झनु पर्छ।

(ट) "प्रतिष्ठान" भन्नाले वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै फर्म, कम्पनी वा सङ्गठित संस्था सम्झनु पर्छ र सो शब्दले त्यस्तो फर्म, कम्पनी वा संस्थाको प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रणमा रहेका सहायक कम्पनी वा सोसँग आबद्ध फर्म, कम्पनी वा संस्था समेतलाई जनाउँछ।

(ठ) "बिक्री मूल्य" भन्नाले कुनै वस्तु वा सेवाको "बिक्री वा वितरण गरे वापत प्राप्त हुने मूल्य वा कुनै प्रकारको भाडा, बीमा, शुल्क, व्याजदर, विनिमय दर, प्रिमियम वा यस्तै अन्य कुनै प्रकारको रकम सम्झनु पर्छ।

(ड) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अलकोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ढ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वाणिज्य तथा आपूर्ति मामिला हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ण) "विज्ञापन" भन्नाले कुनै वस्तु वा सेवाको बजार प्रवर्द्धन वा प्रचार प्रसारको लागि सार्वजनिक रुपमा गराइएको जानकारी सम्झनु पर्छ।

(त) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ।

(थ) "सम्झौता" भन्नाले दुई वा दुईभन्दा बढी व्यक्ति वा प्रतिष्ठानबीच कुनै काम गर्न वा नगर्न लिखित वा मौखिक रुपमा वा आचरणबाट गरेको प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न सकिने वा नसकिने करार, सम्झौता,

बन्दोबस्त वा समझदारी सम्झनु पर्छ र सो शब्दले त्यस्ता व्यक्ति वा प्रतिष्ठान बीच भएको निर्णय वा सिफारिस समेतलाई जनाउँछ।

(द) "सार्वजनिक स्थल" भन्नाले राज्य तथा सरकारी निकाय, संस्था वा कार्यालय, शिक्षण संस्था, पुस्तकालय, तालिम तथा स्वास्थ्य सम्बन्धी संस्था, विमानस्थल, वायु सेवा तथा सार्वजनिक सवारीका साधन, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, बृद्धा आश्रम, अनाथालय, बाल उद्यान तथा क्लव, सार्वजनिक शौचालय, उद्योग तथा कलकारखानाका कार्यस्थल, चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाट्यशाला, होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथिगृह, रङ्गशाला, कभर्डहल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस, डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट, धर्मशाला तथा धार्मिक स्थल, सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर लगायत त्यस्तै प्रकृतिका अन्य सार्वजनिक स्थललाई जनाउँछ।

(ध) "सुर्तीजन्य पदार्थ" भन्नाले धुम्रपान वा सुर्ती सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिँडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य सुर्तीजन्य पदार्थ सम्झनु पर्छ ।

## परिच्छेद- २

## बजार नियमन सम्बन्धी व्यवस्था

३. वस्तु वा सेवाको नियमनः (१) प्रदेश सरकारले नियमित रुपमा वस्तु वा सेवाको आपूर्तिको सुनिश्चितता गर्न तथा स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन गर्न बजारमा हुने क्रियाकलापहरुको नियमन तथा अवाञ्छित गतिविधीहरुको नियन्त्रण गर्नेछ।

(२) प्रचलित कानून बमोजिम आपूर्ति व्यवस्था नियमित गर्न वस्तु तथा सेवाको मूल्य एवम् गुणस्तर नियन्त्रण गर्न प्रदेश सरकारले आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम नियमन गर्दा मन्त्रालयले देहायका काम गर्न, गराउन सक्नेछ :-

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी प्रचलित कानून र नीति कार्यान्वयन,

(ख) एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना निर्माण र कार्यान्वयन,

(ग) प्रदेश भित्र खपत हुने वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी स्वच्छ बजारको सुनिश्चितता,

(घ) वस्तु वा सेवाका उत्पादक, बिक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य निर्धारण वा वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था,

(ङ) प्रचलित कानून बमोजिम स्थापना भएका व्यापारिक प्रतिष्ठान मार्फत हुने आपूर्ति व्यवस्थाको अनुगमन र सहजीकरण,

(च) कुनै विशेष परिस्थितिमा वा कुनै ठाउँ विशेषमा तोकिएको अवधिका लागि वस्तुको अधिकतम र न्यूनतम मौज्दातको परिमाण निर्धारण,

(४) वस्तु वा सेवाको नियमित आपूर्ति र स्वच्छ प्रतिस्पर्धाको सुनिश्चितता गर्न निर्देशनालयले देहायका काम गर्न, गराउन सक्नेछः-

(क) कुनै वस्तु वा सेवाको सम्बन्धमा प्रचलित कानून बमोजिम तोकिएको मापदण्ड पुरा गरे, नगरेको अनुगमन,

(ख) कुनै वस्तु सम्बन्धमा प्रचलित कानून बमोजिमको लेवल लगाएको वा नलगाएको अनुगमन,

(ग) उपभोक्ता हितसम्बन्धी प्रचलित कानूनले निषेध गरेका कामहरु गरे, नगरेको अनुगमन,

(घ) प्रचलित कानून बमोजिम मूल्य निर्धारण गरी मूल्य सूची राखे, नराखेको अनुगमन,

(ङ) थोक वा खुद्रा व्यवसायलाई सामान्यतयाः मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था,

(च) अनुपयुक्त तवरले अभाव सिर्जना गर्ने वा कालो बजारी गर्ने काम वा अनुचित व्यापारिक क्रियाकलापलाई नियन्त्रण गर्ने कार्य,

(छ) कुनै वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन र आपूर्ति व्यवस्था नियमित गर्न सम्बन्धित निकायहरु सँगको समन्वय।

४. <u>मदिरा तथा मदिराजन्य पर्दाथको उत्पादन र बिक्री वितरणको नियमनः</u>

(१) मदिराको उत्पादन, पैठारी तथा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले सो कार्यका लागि प्रचलित कानून बमोजिम लिएको इजाजतपत्र आफ्नो कारोबार स्थलमा सबैले देख्ने गरी टाँस्नु पर्नेछ।

(२) मदिरा बिक्री वितरणको इजाजतपत्र प्राप्त व्यक्तिले बिहान दश बजे देखि राती नौ बजे सम्म मात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ।

(३) कसैले पनि इजाजतपत्र बिना वा इजाजतपत्रमा तोकिएको शर्त विपरीत हुने गरी मदिराको उत्पादन, पैठारी वा बिक्री वितरण गर्न हुँदैन।

(४) कसैले पनि प्लाष्टिकको बोतल वा पोका (पाउच) मा मदिरा राखी उत्पादन, पैठारी तथा विक्री वितरण गर्न हुँदैन।

(५) अठार बर्ष उमेर पुरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्न, गर्न लगाउन, सेवन गर्न दिन वा गराउन हुँदैन।

(६) उपदफा (५) को प्रयोजनका लागि मदिरा किन्ने व्यक्तिको उमेर अठार वर्ष पुगेको छ भन्ने विषयमा बिक्रेतालाई कुनै आशंका भएमा बिक्रेताले निजको उमेर खुल्ने परिचयपत्र माग गर्न सक्नेछ र त्यसरी माग गरेमा क्रेताले आफ्नो उमेर खुल्ने परिचयपत्र देखाउनु पर्नेछ।

(७) मदिरा बिक्री गर्ने इजाजत प्राप्त बार वा रेष्टुरेन्टले बेलुका पाँच बजे भन्दा अघि र राती दश बजे भन्दा पछि मदिराको खुद्रा बिक्री वितरण र कारोवार गर्न हुँदैन।

(८) कसैले पनि सार्वजनिक स्थलमा मदिराको बिक्री वितरण र कारोबार गर्न हुँदैन।

तर मदिराको बिक्री गर्ने इजाजत प्राप्त बार वा रेष्टुरेन्टलाई मदिराको बिक्री वितरण र कारोबारको लागि यो उपदफाको हकमा सार्वजनिक स्थल मानिने छैन।

(९) यस दफा वा प्रचलित कानून बमोजिम मदिराको उत्पादन, पैठारी वा बिक्री वितरण भए नभएको सम्बन्धमा मन्त्रालय वा निर्देशनालयले अनुगमन गर्न, गराउन सक्नेछ।

(१०) उपदफा (९) बमोजिम अनुगमन गर्दा यस दफा विपरीत कुनै कार्य गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानलाई अनुगमन अधिकृतले पहिलो पटक चेतावनी स्वरुप उपयुक्त आदेश वा निर्देशन दिनेछ।

(११) उपदफा (१०) बमोजिम आदेश वा निर्देशनको पालना नगरी अटेर गरेमा वा दोस्रो पटक यस दफा विपरीत कार्य गरेमा त्यस्तो व्यक्ति वा प्रतिष्ठानलाई निर्देशकले कसुरको गाम्भीर्यता हेरी एक लाखसम्म जरिवाना गर्न सक्नेछ।

(१२) स्थानीय तहले घरेलु प्रयोजनको लागि स्थानीय तहमा उत्पादन तथा बिक्री वितरण गर्ने मदिराको स्थानीय कानून द्वारा नियमन गर्न सक्नेछ।

(१३) कसैले पनि प्रचलित कानून विपरित मदिराको फुटकर बिक्री गर्न तथा निशुल्क वितरण गर्न वा उपहार दिन हुँदैन।

५. <u>**सुर्तीजन्य पर्दाथको उत्पादन र बिक्री वितरणको नियमन:**</u> (१)सुर्तीजन्य पदार्थको उत्पादन र बिक्रेताले प्रचलित कानून बमोजिम सुर्तीजन्य पर्दाथको प्याकेट तथा र्‍यापर्समा विवरण र चेतावनी युक्त सन्देश तथा चित्र उल्लेख गर्नु पर्नेछ।

(२) कसैले पनि प्रचलित कानून विपरित सुर्तीजन्य पदार्थको विज्ञापन र प्रदर्शन गर्न हुँदैन।

(३) कसैले पनि प्रचलित कानून विपरित सुर्तीजन्य पर्दाथको फुटकर बिक्री गर्न तथा निशुल्क वितरण गर्न वा उपहार दिन हुँदैन ।

<u>**स्पष्टिकरण:**</u>यस उपदफाको प्रयोजनका लागि "फुटकर बिक्री" भन्नाले चुरोट, बिडी, सिगारको खिल्ली बिक्री गर्ने कार्य सम्झनु पर्छ।

(४) कसैले पनि प्रचलित कानून विपरीत अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न, गर्न लगाउन वा निःशुल्क उपलव्ध गराउन हुँदैन।

(५) कसैले पनि प्रचलित कानून विपरीत सुर्तीजन्य पदार्थको उत्पादन, बिक्री वितरण तथा प्रदर्शन गर्न, गराउन वा सेवन गर्न वा गर्न दिन हुँदैन।

(६) यस दफा विपरीत काम गर्ने व्यक्ति वा प्रतिष्ठानलाई अनुगमन अधिकृतले पहिलो पटक चेतावनी स्वरुप उपयुक्त आदेश वा निर्देशन दिनेछ।

(७) उपदफा (६) बमोजिमको आदेश वा निर्देशन पालन नगरी दोस्रो पटक यस दफा विपरीतको कार्य गरेमा त्यस्तो व्यक्ति वा प्रतिष्ठानलाई निर्देशकले कसुरको गाम्भीर्यता हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

६. <u>**वस्तु वा सेवाको गुणस्तर:**</u> (१)प्रचलित कानून बमोजिम कुनै वस्तुमा अन्तर्निहित कुनै पदार्थको गुणस्तर वा मापदण्ड निर्धारण भएको रहेनछ भने प्रदेश सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको मापदण्ड निर्धारण गर्नेछ।

(२) कुनै वस्तु वा सेवाको निर्धारण भए बमोजिमको गुणस्तर कायम भए नभएको सम्बन्धमा मन्त्रालय वा निर्देशनालयले अनुगमन गर्न गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा निर्धारण भए बमोजिमको गुणस्तर कायम नभएको पाइएमा त्यस्तो वस्तु तथा सेवाको बिक्री वितरणमा मन्त्रालय वा निर्देशनालयले तत्काल रोक लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको काममा रोक लगाई वस्तु वा सेवाको गुणस्तर कायम गर्न निर्देशकले उपयुक्त आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश पालना नभएमा निर्देशकले कसुरको गाम्भीर्यता हेरी एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

## परिच्छेद-३
## स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धन सम्बन्धी व्यवस्था

७. प्रतिस्पर्धा विपरितको काम मानिने: देहायका काम कारवाहीलाई प्रतिस्पर्धा विपरितका वा प्रतिस्पर्धा सिमित गर्ने काम कारवाही मानिनेछः-

(क) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धा सीमित वा नियन्त्रण गर्ने उद्देश्यले त्यस्तै किसिमको वस्तु वा सेवा उत्पादन गर्ने अन्य कुनै व्यक्ति वा प्रतिष्ठानसँग एक्लै वा सामूहिक रुपमा प्रतिस्पर्धा सम्बन्धी प्रचलित कानून विपरितको कुनै सम्झौता गर्नु वा गराउनु,

(ख) प्रभुत्वशाली हैसियत भएको कुनै प्रतिष्ठानले आफूले वा आफ्ना सम्बद्ध निकाय मार्फत कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण गर्दा प्रतिस्पर्धा नियन्त्रण गर्ने उद्देश्यले प्रतिस्पर्धा सम्बन्धी प्रचलित कानून विपरित त्यस्तो हैसियतको दुरुपयोग गर्नु वा गराउनु,

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि "प्रभुत्वशाली हैसियत "भन्नाले कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै व्यक्ति वा प्रतिष्ठानले एक्लै वा समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य प्रतिष्ठानसँग आसपमा मिली त्यस्ता वस्तु वा सेवाको नेपाल राज्यभित्र वार्षिक उत्पादन वा वितरणको कम्तीमा चालीस प्रतिशत वा सो भन्दा बढी हिस्सा ओगटेको हैसियत वा त्यस्तो प्रतिष्ठानले एक्लै वा समान प्रकृतिका वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य व्यक्ति वा प्रतिष्ठानसँग मिली सम्बद्ध बजार प्रभाव पार्न सक्ने वा आफ्ना निर्णय एकपक्षिय रुपमा कार्यान्वयन गर्न सक्ने हैसियत सम्झनु पर्छ।

(ग) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने प्रतिष्ठानले एकाधिकार कायम गर्ने वा बजारमा नियन्त्रित व्यापारिक अभ्यास कायम गर्ने उद्देश्यले प्रचलित कानून विपरित समान प्रकृतिको वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने अन्य प्रतिष्ठानसँग गाभिन, आपसमा मिल्न, एक्लै वा आफ्नो सहायक प्रतिष्ठानसँग मिली त्यस्तो प्रतिष्ठानको

पचास प्रतिशत वा सो भन्दा बढी शेयर खरिद गर्न वा त्यस्तो प्रतिष्ठानको व्यवसाय कब्जा गरी टेक ओभर (ग्रहण गर्नु)

(घ) कुनै निकायले सार्वजनिक रुपमा आह्वान गरेको बोलपत्रमा त्यस्तो बोलपत्र पेश गर्ने बोलपत्रदाताले प्रचलित कानून विपरित बोलपत्रमा अनियमितता गर्नु वा गराउनु,

(ङ) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले प्रचलित कानून विपरित त्यस्तो वस्तु वा सेवाको उत्पादन वा वितरण एकलौटी कारोबार (एक्सक्लुसिभ डिलिङ्ग) गर्नु वा गराउनु,

(च) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले प्रचलित कानून विपरित त्यस्तो वस्तु वा सेवाको उत्पादन वा वितरणको बजार सिमित (मार्केट रेस्ट्रिक्शन) गर्ने गरी कुनै कारोबार गर्नु वा गराउनु,

(छ) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले प्रचलित कानून विपरित बन्धनयुक्त बिक्री (टाइड सेलिङ्ग) को कारोबार गर्नु वा गराउनु,

(ज) कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले प्रचलित कानून विपरित प्रतिस्पर्धालाई नियन्त्रण वा सीमित गर्ने उद्देश्यले भ्रमपूर्ण विज्ञापन गर्नु वा गराउनु।

८. <u>स्वच्छ प्रतिस्पर्धा कायम गर्ने:</u> (१)मन्त्रालयले प्रचलित कानून बमोजिमको स्वच्छ प्रतिस्पर्धा विपरित वा प्रतिस्पर्धा सिमित गर्ने, गराउने कार्य भए नभएको सम्बन्धमा अनुगमन गर्न, गराउन सक्नेछ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम अनुगमन गर्दा स्वच्छ प्रतिस्पर्धा विपरित वा प्रतिस्पर्धा सिमित गर्ने, गराउने कार्य भएको पाएमा त्यस्तो कार्यमा तत्काल रोक लगाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको काममा रोक लगाई स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्नका लागि मन्त्रालयले उपयुक्त आदेश दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको आदेश पालना नभएमा मन्त्रालयको सचिवले कसुरको गाम्भीर्यता हेरी पाँच लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

## परिच्छेद-४
## बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन परिषद्

९. **बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन परिषद्को गठनः** (१) बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन सम्बन्धमा नीति निर्माण गर्न तथा यस ऐन बमोजिम अन्य काम गर्नको लागि एक बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन परिषद् गठन हुनेछ।

(२) उपदफा (१)बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्ः-

(क) मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -अध्यक्ष

(ख) *प्रदेश सरकारका सचिवहरु -सदस्य

*.......

(ग) प्रदेश स्तरका उद्योग, वाणिज्यसँग सम्बन्धी महासंघ/ संघको प्रतिनिधित्व गर्ने गरी मन्त्रालयबाट मनोनीत कम्तिमा दुई जना महिलासहित तीन जना -सदस्य

(घ) उपभोक्ताहितसँग सम्बन्धित संघ/संस्थाको प्रतिनिधित्व गर्ने गरी मन्त्रालयबाट नियुक्त दुई जना महिलासहित तीन जना -सदस्य

(ङ) *सचिव, मन्त्रालय -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ज) र (झ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज एक अवधिको लागि पुनः मनोनयन हुन सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन विपरितको कुनै काम गरेमा वा परिषद्को काम, कर्तव्य र अधिकार विपरित हुने गरी काम गरेमा मन्त्रालयले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) परिषद्का अध्यक्ष तथा सदस्यले प्रचलित कानून बमोजिमको बैठक भत्ता पाउनेछन्।

१०. **परिषद्को बैठकः** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ र दुई बैठक बीचको अवधि छ महिनाभन्दा बढी हुने छैन।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

(३) परिषद्को सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद्को अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) बैठकमा आवश्यकता अनुसार विभिन्न क्षेत्र, समुदायका विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(६) परिषद्को निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गर्नेछ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(८) मन्त्रालयले परिषद्को सचिवालयको रूपमा कार्य सम्पादन गर्नेछ।

११. <u>परिषद्को काम, कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आपूर्ति व्यवस्था र वस्तु वा सेवाको मूल्य तथा गुणस्तर निर्धारण सम्बन्धी विषयमा नीति निर्धारण गरी प्रदेश सरकारसमक्ष पेश गर्ने,

(ख) बजार नियमन र प्रतिस्पर्धा प्रबर्द्धन सम्बन्धमा भइरहेका नीति तथा कानून संशोधन, परिमार्जन गर्न र नयाँ नीति बनाउनु पर्ने भए सोको तर्जुमा गर्ने सम्बन्धमा मन्त्रालयलाई आवश्यक सुझाव दिने,

(ग) वस्तु वा सेवाको सम्बन्धमा सुसूचित गराउन उपभोक्ताको हक, हित सम्बन्धी सूचना प्रचार प्रसार गर्ने, गराउने,

(घ) वस्तु वा सेवाको मूल्य, गुणस्तर, परिमाण, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्बन्धमा सर्वसाधारणलाई सूचित गर्ने वा गराउने,

(ङ) स्वच्छ प्रतिस्पर्धाबाट पर्ने सकारात्मक प्रभाव र प्रतिस्पर्धा सिमित गर्दा पर्ने नकारात्मक असर सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, गराउने,

(च) स्वच्छ प्रतिस्पर्धा प्रवर्द्धनमा देखिएका समस्या र तिनको समाधानमा सम्बन्धित निकायलाई सुझाव दिने,

(छ) स्वच्छ प्रतिस्पर्धा प्रबर्द्धन सम्बन्धमा निजी क्षेत्रसँग सहकार्य गर्ने,

(ज) उपभोक्ता अधिकारसँग सम्बन्धित संस्थासँग सहकार्य गर्न आवश्यक नीति तर्जुमा गर्ने,

(झ) उपभोक्ताको अधिकार संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यकता अनुसार प्रदेश मन्त्रालय वा स्थानीय तहलाई निर्देशन दिने,

(ञ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद-५
## निरीक्षण र अनुगमन सम्बन्धी व्यवस्था

१२. प्रदेश बजार अनुगमन समितिः (१) उपभोक्ताको हक, हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरीवेक्षण तथा अनुगमन गर्नको लागि देहाय बमोजिम प्रदेश बजार अनुगमन समिति गठन हुनेछः-

(क) सचिव, ❋मन्त्रालय -संयोजक
(ख) सचिव (कानून) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- सदस्य
(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य
(घ) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य
(ङ) प्रदेश प्रहरी प्रमुख, *....प्रदेश प्रहरी कार्यालय - सदस्य
(च) निर्देशक,उद्योग, वाणिज्य तथा उपभोक्ता हित सरक्षण निर्देशनालय -सदस्य
(छ) प्रदेश स्तरका उद्योग वाणिज्य संघ, सँगठन मध्येबाट मन्त्रालयले मनोनयन गरेका एक जना प्रतिनिधि - सदस्य
(ज) उपभोक्ता हक, हित तथा संरक्षणको क्षेत्रमा कम्तिमा दुई वर्ष क्रियाशिल संघ संस्था मध्येबाट मन्त्रालयले मनोनयन गर्ने कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य
(झ) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य सचिव

(२) प्रदेश बजार अनुगमन समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश बजार अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ।

१३. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः (१) प्रदेश बजार अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

❋ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित
* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

(क) उपभोक्ता हित संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्था गर्न मन्त्रालयलाई आवश्यक सुझाव दिने।

(ख) बजारमा देखिएका वस्तु वा सेवाको अभावको पहिचान गरी सर्वसुलभ बनाउन आवश्यक पहल गर्ने।

(ग) बजारमा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, तौल, गुणस्तर, शुद्धता आदिका सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण गर्ने, गराउने।

(घ) अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था विश्लेषण तथा प्रक्षेपण गर्ने, गराउने।

(ङ) कालोबजारी एकाधिकार (सिण्डिकेट), मिलेमतोपूर्ण मूल्य निर्धारण (कार्टेलिङ) तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैह्र प्रतिस्पर्धी क्रियाकलाप भए नभएको अनुगमन गर्ने, गराउने।

(च) उपभोक्ता हितका विषयमा सरकारी निकाय, व्यक्ति वा संस्थाबाट प्राप्त सूचना वा उजुरी उपर आवश्यक कारवाही गर्ने, गराउने।

(छ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट हुने बजार अनुगमन सम्बन्धी कारवाहीको समन्वय तथा सहजीकरण गर्ने।

(ज) बजार अनुगमनको कार्य सञ्चालन विधि, अनुगमन टोली र उपभोक्ता संघ संस्थाको आचारसंहिता सिफारिस गर्ने।

(झ) बजार अनुगमन लाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रम तयार गर्ने।

(ञ) कानून कार्यान्वयन गर्ने निकायलाई आवश्यक निर्देशन दिने।

(ट) उपभोक्ता सूचना केन्द्रको स्थापना गर्ने।

(ठ) आवश्यकता अनुसार अनुगमन टोली गठन गर्ने।

(ड) तोकिए बमोजिमका अन्य काम गर्ने।

(२) समितिले आफूमा निहित अधिकार प्रदेश सरकार अन्तर्गतका कुनै कार्यालय, पदाधिकारी, उपसमिति, बजार अनुगमन टोली तथा स्थानीय तहलाई समेत प्रत्यायोजन गर्न सक्नेछ।

१४. <u>अनुगमन टोली गठन गर्न सक्ने</u>: (१) यस ऐन बमोजिम अनुगमन समितिले नियमित रुपमा बजारको अनुगमन तथा निरीक्षण गर्न तोकिए बमोजिमको बजार अनुगमन टोली र अनुगमन सिमितिले आवश्यकता अनुसार वा विषयगत अनुगमन टोली वा संयुक्त अनुगमन टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले कुनै वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य निर्धारण प्रक्रिया लगायत वस्तु वा सेवासँग सम्बन्धित विभिन्न विषयका सम्बन्धमा जानकारी लिन वा सोधपुछ गर्न सक्नेछ।

(३)उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले उपदफा (२) बमोजिम जानकारी लिँदा वा सोधपुछको सिलसिलामा सम्बन्धित उत्पादक वा बिक्रेतासँग आवश्यक कागजात तथा प्रमाण माग गर्न सक्नेछ र त्यस्तो कागजात वा प्रमाण पेश गर्नु सम्बन्धित उत्पादक वा बिक्रेताको दायित्व हुनेछ।

(४) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीले यस ऐन बमोजिम अनुगमन अधिकृतलाई भएको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुगमन टोलीले बजार अनुगमन तथा निरीक्षण गर्दा तोकिए बमोजिमको बजार अनुगमन तथा निरीक्षण फारमको प्रयोग गर्नेछ।

१५. <u>जाँचबुझ वा निरीक्षण गर्न सक्नेः</u> (१) कसैले अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गरिरहेको, बजारमा एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाबाट वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको, कमसल वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको, यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम, कारवाही गरिरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा वा त्यस्ता कुराका सम्बन्धमा कुनै सञ्चार माध्यम वा कुनै उजूर मार्फत वा कुनै निगरानी गर्ने निकाय मार्फत सूचना आएमा मन्त्रालयले सो सम्बन्धमा तत्काल आवश्यक जाँचबुझ वा निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण वा जाँचबुझ गर्ने सम्बन्धमा मन्त्रालयले तत्काल अनुगमन टोली गठन गर्न वा यस ऐन बमोजिम गठन भएको कुनै अनुगमन टोली वा अनुगमन अधिकृतलाई सो काम गर्न तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ वा निरीक्षणबाट दोषी देखिएका उत्पादक, डिलर, एजेण्ट, बिक्रेता, व्यक्ति वा प्रतिष्ठानलाई यस ऐन र प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(४) उपदफा (२) बमोजिम गठन भएको टोलीले अनुगमन वा जाँचबुझ गर्दा त्यस्तो कार्य प्रचलित कानून बमोजिमको कसुर भएको देखिएमा जाँचबुझ वा अनुगमन गरिएको फाइल साथ आवश्यक कारवाहीका लागि मन्त्रालय मार्फत सम्बन्धित निकायमा पठाउनु पर्नेछ र त्यस्तो निकायले पनि सो सम्बन्धमा भएको काम कारवाहीको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

१६. **बजार अनुगमन अधिकृत नियुक्त गर्न वा तोक्न सक्ने:** (१) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न निर्देशनालयले तोकिए बमोजिम अनुगमन अधिकृत नियुक्त गर्न वा अनुगमन अधिकृतको रूपमा काम गर्न प्रदेश सरकारको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अनुगमन अधिकृतले यस ऐन बमोजिम अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ।

१७. **अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार:** (१) कुनै ठाउँमा असुरक्षित, प्रतिकूल असरयुक्त वा गुणस्तरहीन वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा अनुगमन अधिकृतले त्यस्तो ठाउँमा आवश्यकता अनुसार जुनसुकै बखत प्रवेश गरी निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बजार निरीक्षण वा जाँचबुझ गर्ने प्रयोजनको लागि तोकिए बमोजिमको बजार अनुगमन तथा निरीक्षण फारमको प्रयोग गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासीका क्रममा वस्तुको उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, बिक्रेता, सेवा प्रदायक वा सम्बन्धित अन्य व्यक्ति वा प्रतिष्ठानसँग आवश्यक विवरण वा जानकारी माग गर्न वा बयान लिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित, असरयुक्त वा गुणस्तर नभएको वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारवाही भइरहेको देखिएमा अनुगमन अधिकृतले त्यस्तो वस्तुको तोकिए बमोजिम नमुना लिई तोकिएको अवधिको लागि त्यस्तो वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाई तत्काल दश हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

(५) अनुगमन अधिकृतले निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा बिक्रेतालाई तत्काल कुनै आदेश दिन उपयुक्त देखिएमा त्यस्तो आदेश दिन वा उपयुक्त ठानेको अन्य कार्य गर्न निर्देशन दिन सक्नेछ।

(६) उपदफा (३) बमोजिम अनुगमन अधिकृतले गरेको काम कारवाही सम्बन्धी प्रतिवेदन सात दिनभित्र निर्देशनालय समक्ष पेश गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको प्रतिवेदनमा उपदफा (४) बमोजिम गरिएको जरिवाना र उपदफा (५) बमोजिमको आदेशको विवरण समेत उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(८) अनुगमन अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उत्पादक, बिक्रेता विरुद्ध कुनै कानूनी कारवाही हुनुपर्ने देखेमा सो को कारण सहित त्यसको विवरण समेत प्रतिवेदनमा उल्लेख गरी निर्देशनालय वा आवश्यकता अनुसार मन्त्रालय मार्फत अन्य सम्बन्धित निकायमा पठाउन सक्नेछ।

(९) अनुगमन अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(१०) अनुगमन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा अनुगमन अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. <u>वस्तुको परीक्षणः</u> (१) अनुगमनको क्रममा दफा १७ को उपदफा (४) बमोजिम परीक्षणको लागि लिएका वस्तुको नमुना तुरुन्त सडी, गली जाने वस्तु भए तत्काल र अन्य वस्तु भए त्यस्तो नमुना लिएको मितिले चौबीस घण्टाभित्र परिक्षणका लागि प्रचलित कानून बमोजिम मान्यता प्राप्त प्रयोगशालामा तोकिए बमोजिम पठाउनु पर्नेछ।

(२) अनुगमन अधिकृतले नमुना परीक्षण गराउन उपदफा (१) बमोजिमको प्रयोगशालामा पठाउँदा संङ्केत नम्बर दिई पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रयोगशालामा वस्तु परीक्षण गर्दा झुठा प्रतिवेदन दिएमा वा लापरवाही गरेको पाइएमा त्यस्तो कर्मचारीलाई प्रचलित कानून बमोजिम विभागीय कारवाही हुनेछ।

१९. <u>कमसल वस्तु जफत हुने वा नष्ट गरिनेः</u> (१) दफा १८ बमोजिम परीक्षणको लागि पठाइएको वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा त्यस्तो वस्तु तोकिएको मापदण्ड बमोजिमको गुणस्तरयुक्त नभएको ठहरिएमा त्यस्तो वस्तु जफत गरिनेछ र आवश्यकता अनुसार त्यस्तो वस्तु तोकिए बमोजिम नष्ट गरिनेछ।

(२) उपदफा (१) बमोजिम वस्तु जफत गरी नष्ट गरिएकोमा त्यस्तो वस्तु जफत वा नष्ट गर्दाको खर्च सम्बन्धित उत्पादक, पैठारीकर्ता वा बिक्रेताले व्यहोर्नु पर्नेछ।

## परिच्छेद- ६
## विविध

२०. <u>उजूरी दिन सक्ने</u>: (१) कुनै वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानले उपभोक्ता हित विरुद्ध वा यस ऐन वा यस ऐन अन्तर्गत बनेको कुनै नियम विपरीत कुनै काम कारवाही गरेको कुराको जानकारी पाउने जुनसुकै व्यक्तिले आफूसँग भएको जानकारी वा सबुद् प्रमाण सहित मन्त्रालय, अनुगमन समिति, निर्देशनालय, अनुगमन अधिकृत, सम्बन्धित स्थानीय तह वा मन्त्रालयले तोकेको जिल्लास्थित कार्यालय समक्ष लिखित वा मौखिक वा विद्युतीय माध्यमबाट समेत उजूरी दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्नेछ।

(३) उजूरी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. <u>आकस्मिक निरीक्षण गर्न सक्ने</u>: (१) निर्देशनालयले उपभोक्ताको हक, हित संरक्षणको लागि बजारको नियमित र आकस्मिक निरीक्षण गर्न, गराउन सक्नेछ।

(२) आकस्मिक निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>सूचना चुहाउनेलाई कारवाही</u>: (१) दफा २१ बमोजिम हुने आकस्मिक निरीक्षण वा नियमित रूपमा हुने अनुगमनको सूचना त्यस्तो निरीक्षण वा अनुगमन नहुँदै चुहावट गर्ने राष्ट्रसेवकलाई विभागीय कारवाही हुनेछ।

(२) दफा २१ बमोजिमको कार्यमा संलग्न गराइएका व्यवसायिक संघ संस्था वा उपभोक्ता संघ संस्थाबाट वा अन्य व्यक्तिबाट सूचना चुहावट भएमा त्यस्तो व्यक्ति वा प्रतिनिधि लाई निर्देशनालयको निर्देशकले प्रचलित कानून बमोजिम जरिवाना गर्नेछ र त्यस्तो व्यक्ति वा संस्थालाई तीन वर्षसम्म कालो सूचीमा राखिनेछ।

२३. <u>चेतावनी युक्त आदेश वा निर्देशन दिन सक्ने</u>: (१) यस ऐन बमोजिम नियुक्त वा तोकिएको अनुगमन अधिकृतले अनुगमन, जाँचबुझ वा निरीक्षण गर्दा यो ऐन विपरीत कार्य भएको पाएमा त्यस्तो कार्य नगर्न चेतावनी युक्त आदेश वा निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश उल्लंघन गर्ने व्यक्ति वा प्रतिष्ठानलाई निर्देशकले एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

२४. <u>जरिवाना गर्न सक्ने</u>: यस ऐन बमोजिम अनुगमन गर्दा अनुगमन टोली वा अनुगमन अधिकृतले दिएको प्रतिवेदन हेर्दा कुनै व्यक्ति वा प्रतिष्ठानले पटक-पटक यो ऐनको गंभीर उल्लंघन गरेको देखिएमा निर्देशकले त्यस्तो व्यक्ति वा प्रतिष्ठानलाई कसुरको गाम्भीर्यता हेरी एक लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।

२५. <u>पुनरावेदनः</u> (१) यस ऐन बमोजिम दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले तीस दिन भित्र एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम अनुगमन अधिकृतले गरेको जरिवाना उपर चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालत समक्ष तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ।

(३) निर्देशक तथा मन्त्रालयको सचिवले गरेको जरिवाना उपर चित्त नबुझ्ने व्यक्तिले अदालत समक्ष तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ।

२६. <u>सहयोग गर्न पर्नेः</u> यो ऐन बमोजिम अनुगमन, जाँचबुझ वा निरीक्षणको कार्य गर्दा स्थानीय प्रशासन, प्रहरी, स्थानीय तह वा अन्य सरकारी र सरोकारवाला निकायले अनुगमन टोली वा अनुगमन अधिकृतलाई आवश्यक सहयोग गर्नु पर्नेछ।

२७. <u>प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्नेः</u> यस ऐन बमोजिमको कसुरमा कुनै व्यक्ति वा प्रतिष्ठानलाई जरिवाना गरिएको भएतापनि प्रचलित कानून बमोजिम कसुर ठहरिने कामका सम्बन्धमा त्यस्तो कानून बमोजिम मुद्दा चलाउन वा कारवाही गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

२८. <u>जफत गर्न सक्नेः</u> अनुगमन, निरीक्षण वा जाँचबुझको क्रममा प्रचलित कानून बमोजिम अवैध वस्तु वा मालसामान फेला परेमा अनुगमन अधिकृतले प्रचलित कानून बमोजिमको रित पुऱ्याई जफत गर्न सक्नेछ।

२९. <u>असल नियतले गरेको कामको बचाउः</u> परिषद, अनुगमन समिति, निर्देशनालय, अनुगमन टोलीको सदस्य वा कर्मचारी र अनुगमन अधिकृतले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निज व्यक्तिगत रुपले जवाफदेही हुने छैन।

३०. <u>नियम बनाउन सक्नेः</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३१. <u>निर्देशिका, कार्यविधि, मापदण्ड बनाउन सक्नेः</u> यो ऐन र नियमावली कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड बनाई लागु गर्न सक्नेछ।

# प्रदेश पर्यटन ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०१/२४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

[×]………

## प्रदेश पर्यटन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः प्रदेश भित्रका ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक तथा प्राकृतिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन, प्रबर्द्धन, विकास र अध्ययन अनुसन्धानका माध्यमले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आर्कषक सेवा सुविधा उपलव्ध गराउन पर्यटकहरूको स्वास्थ्य, सुरक्षा लगायतका हित प्रबर्द्धन गर्न रोजगारीका अवसर श्रृजना गर्दै स्वरोजगारीलाई प्रोत्साहन गर्न र पर्यटन व्यवसायका माध्यमले प्रदेशको गरिवी निवारण तथा समृद्धिमा योगदान पु¥याउनका निमित्त आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[⊕]लुम्बिनी प्रदेशको, प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद – १
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम [×]……"प्रदेश पर्यटन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "आन्तरिक पर्यटक" भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा भ्रमण गर्ने नेपाली नागरिक सम्झनुपर्छ।

(ख) "ट्राभल एजेन्सी" भन्नाले जुनसुकै नामबाट सञ्चालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा

[×] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

[⊕] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरूमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(ग) "ट्रेकिङ्ग एजेन्सी" भन्नाले जुनसुकै नामबाट सन्चालन गरिएको भए तापनि पर्यटक वा अन्य व्यक्तिहरूलाई विविध प्राकृतिक एवम् सांस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरूमा यात्रा गराउने प्रबन्ध मिलाउने व्यक्ति, फर्म वा कम्पनी सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) "पथ प्रदर्शक" भन्नाले पारिश्रमिक लिई पर्यटकको साथ गई पथ प्रदर्शनका लागि काम गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(च) "पर्वतारोहण" भन्नाले प्रदेश भित्र रहेका हिम श्रृंखलाको कुनै निश्चित चूलीमा पुग्ने उद्देश्य लिई कुनै पर्वतारोही दलले त्यस्तो चूलीको आरोहण गर्ने कार्य सम्झनु पर्छ।

(छ) "पर्यटक" भन्नाले बाह्य मुलुकबाट भ्रमणका लागि नेपालमा आउने व्यक्ति सम्झनु पर्छ।

(ज) "पर्यटन व्यवसाय" भन्नाले पर्यटकीय स्थलमा आयोजना गरिने सभा, सम्मेलन, व्यापार, मेला, सांस्कृतिक महोत्सव, धार्मिक पर्यटन, खेलकूदलाई सम्झनु पर्छ। सो शब्दले प्रदेश भित्र संचालित क्यासीनो, शैक्षिक संस्था, स्वास्थ्य संस्था, कृषि,पर्यावरण र पथ पर्यटनलाई समेत सम्झनु पर्छ।

(झ) "प्रचलित कानून" भन्नाले सङ्घीय संसदबाट पारित भई नेपालको समग्र भूभागमा लागू हुने गरी जारी भएको ऐन तथा सङ्घीय सरकारले बनाएको नियमावली समेत सम्झनु पर्छ।

(ञ) "पैदल मार्ग" भन्नाले प्राकृतिक रुपमा रहेका र विकास गरिएका पैदल हिड्ने मार्गलाई सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले पर्यटनसम्बन्धी काम हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ।

(ठ) "सूचिकृत" भन्नाले नेपाल सरकारबाट दर्ता भै इजाजत पाएका र प्रदेश सरकारबाट समेत सो काम गर्न अनुमति पाई सूचिकृत भएका ट्राभल एजेन्सी, ट्रेकिङ्ग एजेन्सी वा पर्यटनको क्षेत्रमा काम गर्ने व्यक्ति, संघ, संस्था समेत सम्झनु पर्छ।

(ङ) "होमस्टे" भन्नाले स्थानीय नागरिकबाट स्थानीय कला, संस्कृति, रहनसहन, भेषभूषा, खाद्य पदार्थको अवलोकन वा उपयोग गर्नेगरी तोकिएको शुल्कमा पर्यटकलाई उपलब्ध हुने खाना तथा आवासको व्यवस्थालाई सम्झनु पर्छ।

## परिच्छेद – २
## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी व्यवस्था

३. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न इजाजतपत्र लिनुपर्नेः (१) प्रदेश भित्र कार्यक्षेत्र राखी ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत लिन चाहने व्यक्तिले तोकिए बमोजिम विवरण खुलाई प्रदेश सरकार समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि प्रदेश सरकारले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई तोकिएको दस्तूर लिई तोकिए बमोजिम इजाजतपत्र जारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जारी भएको इजाजतपत्र तोकिएको अवधिभित्र तोकिएको दस्तूर तिरी नवीकरण गराउनु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम लुम्बिनी प्रदेश कार्यक्षेत्र हुनेगरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने व्यक्तिले प्रदेश सरकारले तोकेको निकायबाट तोकिए बमोजिम इजाजत लिनुपर्नेछ।

४. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरणः (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकृत ट्राभल वा ट्रेकिङ्ग एजेन्सीलाई प्रदेश सरकारले तोके बमोजिमको सुविधा दिन सक्नेछ।

५. अयोग्यताः दफा ३ बमोजिमको इजाजतपत्र देहायको व्यक्तिलाई दिइने छैनः-

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति,
(ख) दामासाहीमा परेको व्यक्ति,
(ग) दफा ९ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज भै सो मितिले दुई वर्षको अवधि भुक्तान गरी नसकेको व्यक्ति,
(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको व्यक्ति।

६. <u>ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले शुल्क बारेको सूचना दिनु पर्नेः</u> (१) यस ऐन बमोजिम इजाजत प्राप्त ट्राभलवा ट्रेकिङ्ग एजेन्सीले आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा लेखिएको शुल्कको दर प्रदेश सरकारले तोके बमोजिम प्रकाशित गर्नु पर्नेछ।

७. <u>परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी गर्नु पर्नेः</u> (१) यस ऐन बमोजिम ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा प्रदेश सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी हुने गरी कारोबार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम *स्वदेश भित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नुपर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कारोबार भए नभएको प्रदेश सरकारले जाँच गर्न सक्नेछ।

८. <u>इजाजतपत्र निलम्बन गर्ने अधिकारः</u> (१) देहायको अवस्थामा प्रदेश सरकारले यो ऐन बमोजिम वा प्रचलित कानून बमोजिम इजाजत प्राप्त ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्रदेश भित्र लागू हुनेगरी बढीमा ६ महिनासम्मको अवधिको लागि निलम्बन गर्न सक्नेछः–

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लंघन गरेमा, वा

(ख) दफा ५ को खण्ड (ख) वा (घ) बमोजिम अयोग्य भएमा।

(२) उपदफा (१) बमोजिम कुनै व्यक्तिको ट्राभल वा ट्रेकिङ्ग एजेन्सी खोल्ने इजाजतपत्र निलम्बन गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्नका लागि मौका दिनुपर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

९. <u>इजाजत पत्र खारेज गर्नसक्नेः</u> दफा ८ बमोजिम निलम्वन भएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले निलम्वनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र प्रदेश सरकारले तोकिए बमोजिम खारेज गर्न सक्नेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

१०. <u>अनुमति पाई सञ्चालन भइरहेको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीले इजाजत लिनु पर्नेः</u> (१) यो ऐन प्रारम्भ हुँदा प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सन्चालन गरिरहेका व्यक्तिले पनि तोकिएको अवधिभित्र तोकिएको विवरण खुलाई प्रदेशमा काम गर्ने अनुमतिका निमित्त प्रदेश सरकार समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र दरखास्त दिने व्यक्तिलाई प्रदेश भित्र काम गर्न पाउने गरी प्रदेश सरकारले ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको अनुमति दिनेछ।

११. <u>दण्ड सजायः</u> (१) यस ऐन बमोजिम इजाजतपत्र वा अनुमति नलिई कसैले ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सोसम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा प्रदेश सरकारले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई बीस हजार रूपैयाँ जरिवाना गर्नेछ।

(२) दफा ८ बमोजिम ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र निलम्बन भएको अवस्थामा कसैले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी सम्बन्धी काम गरेमा निजलाई प्रदेश सरकारले बीस हजार रूपैयाँ जरिवाना गर्न र त्यस्तो व्यक्तिले पाएको ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र समेत खारेज गर्न वा प्रदेश भित्र काम गर्न रोक लगाउनेछ।

(३) दफा ७ को उपदफा (१) उल्लंघन गर्ने व्यक्तिलाई प्रदेश सरकारले पहिलो पटक कसूर गरेको भए चालीस हजार रूपैयाँ र दोश्रो पटकदेखि पटकै पिच्छे असी हजार रूपैयाँ जरिवाना गर्नेछ।

(४) दफा ७ को उपदफा (२) उल्लंघन गरे वापत विदेशी विनिमय सम्बन्धी प्रचलित कानून बमोजिम तीनपटक वा सोभन्दा बढी सजाय पाएमा प्रदेश सरकारले त्यस्तो ट्राभल एजेन्सी वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेज गर्न वा प्रदेश भित्र काम गर्न रोक लगाउनेछ।

(५) यस दफा बमोजिम प्रदेश सरकारले दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले उच्च अदालत समक्ष पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद – ३

## <u>पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट र बार सम्बन्धी व्यवस्था</u>

१२. <u>पर्यटक स्तरको रूपमा दर्ता गराउन सकिनेः</u> (१) कुनै व्यक्तिले आफ्नो होटल, लज, रेष्टुराँ, रिजर्ट वा बारलाई पर्यटक स्तरमा दर्ता गराउन चाहेमा वा प्रचलित कानून बमोजिम दर्ता

भएकाले प्रदेश भित्र काम गर्न प्रदेश सरकार समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन वा काम गर्न चाहेको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार तोकिएको सुविधायुक्त भएमा पर्यटकस्तरमा दर्ता वा सूचिकृत गरिनेछ र होटलको हकमा पर्यटकस्तरको तोकिएको वर्गीकरणमा दर्ता वा सूचिकृत गरिनेछ।

(३) उपदफा (२) बमोजिम होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार दर्ता गर्दा वा सूचीकरण गर्दा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

१३. <u>स्तर निर्धारण समितिको गठनः</u> (१) आफ्नो प्रदेश भित्र रहेका होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई पर्यटक स्तरमा वर्गीकरण गर्ने सम्बन्धमा सुझाव दिनका लागि प्रदेश सरकारले एउटा स्तर निर्धारण समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा रहने अध्यक्ष र सदस्यहरू प्रदेश सरकारले तोके बमोजिम हुनेछन्।

१४. <u>निरीक्षण वा परीक्षण गर्ने अधिकारः</u> (१) प्रदेश सरकारले दफा १२ बमोजिम दर्ता भएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण गर्न गराउन र त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरूको परीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको निरीक्षण वा त्यसमा प्रयोग हुने सामानहरूको परीक्षण गर्दा तोकिएको स्तर बमोजिमको नपाइएमा प्रदेश सरकारले त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारलाई तोकिएको स्तर कायम गर्न मनासिव माफिकको म्याद दिनेछ।

(३) उपदफा (२) बमोजिम म्याद दिंदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा प्रदेश सरकारले दफा १३ बमोजिमको स्तर निर्धारण समितिको परामर्श लिई त्यस्तो होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको दर्ता निलम्वन गर्न वा प्रचलित कानून बमोजिम दर्ता भएको भए काम गर्न रोक लगाउन वा तल्लो स्तरको उपयुक्त वर्गीकरण तोक्न वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम गरिएका होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको साविकको तोकिएको स्तर कायम गर्न सफल भएमा प्रदेश सरकारले साविकको स्तर कायम गर्न वा सिफारिश गर्न सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता निलम्बन गरिएकोमा त्यसरी निलम्बन गरिएको मितिले एक वर्षसम्म साविकमा तोकिएको स्तर कायम गर्न नसक्ने होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारको हकमा प्रदेश सरकारले दफा १२ बमोजिम गरिएको दर्ता खारेज गर्न सक्नेछ।

१५. मूल्यको सूची प्रकाशित गर्नु पर्नेः दफा १२ बमोजिम दर्ता भएको प्रत्येक होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले आफ्नो दर वा मूल्यको सूची प्रकाशित गरी मन्त्रालय समक्ष पठाउनु पर्नेछ र मन्त्रालयले तोके बमोजिम प्रकाशित गरी प्रचार समेत गर्नु पर्नेछ।

१६. होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार उपर बन्देजः (१) दफा १२ बमोजिम दर्ता वा सूचिकृत नभएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बारले देहायको काम गर्न पाउने छैनः–

(क) पर्यटन स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार भन्ने अर्थ लाग्नेगरी कुनै शव्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न,वा

(ख) पर्यटकको बसोबास वा खानपीनको प्रबन्ध गर्नका निमित्त कुनै पर्यटक वा ट्राभल एजेन्सीसँग सोझै विदेशमा सम्पर्क राख्न वा विज्ञापन गर्न।

(२) दफा १२ बमोजिम कुनै तोकिएको वर्गीकरणमा दर्ता भएको होटलले दर्ता भएको स्तर भन्दा माथिल्लो स्तरको भन्ने अर्थ लाग्नेगरी कुनै शव्द वा चिन्ह आफ्नो साइन बोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग गर्न हुँदैन।

१७. दण्ड सजायः (१) दफा १२ बमोजिम दर्ता नगराई वा सूचिकृत नगरी पर्यटक स्तरको हो भनी कुनै होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार सञ्चालन गरेमा वा दफा १६ को उपदफा (१) उल्लंघन गरी कुनै शव्द वा चिन्ह प्रयोग गरेमा वा पर्यटकसँग सम्पर्क राखेमा पहिलो पटक भए दश हजार रूपैयाँ, दोश्रो पटक भए बीस हजार रूपैयाँ र तेश्रो पटकदेखि प्रत्येक पटकको पचास हजार रूपैयाँ प्रदेश सरकारले जरिवाना गर्नेछ।

(२) दफा १६ को उपदफा (२) उल्लंघन गरी कुनै शव्द वा चिन्ह प्रयोग गरेमा प्रदेश सरकारले त्यस्तो होटलको दर्ता निलम्बन वा खारेज गर्न वा काम गर्न रोक लगाउन सक्नेछ।

(३) दफा १४ बमोजिम प्रदेश सरकारबाट खटिएका कर्मचारीलाई होटल, लज, रेष्टुराँ तथा रिजर्ट वा बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने

सामानहरूको परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई प्रदेश सरकारले दश हजार रूपैयाँ जरिवाना गर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम प्रदेश सरकारले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले उच्च अदालत समक्ष पैंतीस दिनभित्र पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद –४
## पथ प्रदर्शक सम्बन्धी व्यवस्था

१८. पथ प्रदर्शकको काम गर्न इजाजतपत्र लिनुपर्नेः (१) यो ऐन बमोजिम पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले इजाजत पत्र लिनु पर्नेछ।

(२) पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको दरखास्त दिने व्यक्तिलाई तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजतपत्र दिनेछ।

१९. अयोग्यताः देहायको व्यक्तिलाई पथ प्रदर्शकको इजाजतपत्र दिइने छैनः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) दफा २४ को खण्ड (क) वा (ग) बमोजिम पथ प्रदर्शकको इजाजतपत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको।

२०. इजाजतपत्रको म्यादः (१) पथ प्रदर्शकको इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) पथ प्रदर्शकको इजाजत पत्रको नवीकरण, नवीकरण दस्तुर र नवीकरण गर्ने अधिकारी तोकिए बमोजिम हुनेछ।

२१. पथ प्रदर्शकको वर्गीकरणः पथ प्रदर्शकको वर्गीकरण तोकिए बमोजिम हुनेछ।

२२. इजाजतपत्र हराएमा अर्को इजाजत पत्र लिन सकिनेः (१) कुनै पथ प्रदर्शकले प्राप्त गरेको इजाजतपत्र हराएमा तोकिएको म्यादभित्र तोकिएको अधिकारी समक्ष अर्को इजाजतपत्रका लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजत पत्रको प्रतिलिपि दिन सक्नेछ।

२३. <u>पथ प्रदर्शकले गर्न नहुने कामहरूः</u> पथ प्रदर्शकले देहायको कुनै काम गर्नु हुँदैन।

(क) आफूले पथ प्रदर्शन गरेको पर्यटकलाई कुनै मालसामान खरीद गर्ने वा अरू कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसंग सम्बन्धित विक्रेता वा अरू कुनै व्यक्तिसँग नगदी वा अरू कुनै चीज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथ प्रदर्शक बनाउ भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजत पत्र अरूलाई दिई पथ प्रदर्शकको काम गर्न लगाउन।

२४. <u>इजाजत पत्र खारेज गर्न सकिनेः</u> (१) देहायको कुनै अवस्थामा तोकिएको अधिकारीले कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्न सक्नेछ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाएमा,

(ख) दफा १९ को खण्ड (ख) बमोजिम अयोग्य भएमा,

(ग) दफा २३ को कुनै कुरा उल्लंघन गरेमा।

(२) उपदफा (१) बमोजिम कुनै पथ प्रदर्शकको इजाजत पत्र खारेज गर्नु अगाडि निजलाई आफ्नो सफाई पेश गर्नका लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

२५. <u>दण्ड सजायः</u> (१) देहायको कसूर गर्ने व्यक्तिलाई प्रदेश सरकारले देहाय बमोजिम सजाय गर्न सक्नेछ।

(क) दफा १८ बमोजिम इजाजत पत्र प्राप्त नगरी पथ प्रदर्शकको काम गरेमा पाँच हजार रूपैयाँ जरिवाना, वा

(ख) दफा २० बमोजिम इजाजत पत्र नवीकरण नगरी पथ प्रदर्शकको काम चालू राखेमा पाँच हजार रूपैयाँ जरिवाना।

(२) उपदफा (१) बमोजिम लेखिएदेखि बाहेक कुनै पथ प्रदर्शकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा प्रदेश सरकारले पाँच हजार रूपैयाँ जरिवाना गर्न सक्नेछ।

(३) यस दफा बमोजिम प्रदेश सरकारले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन गर्नसक्नेछ।

## परिच्छेद – ५
## अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था

२६. **अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः** (१) जलयात्रा (न्याफ्टिङ), ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइङ तथा तोकिएका अन्य पर्यटन व्यवसायहरूको दर्ता गर्ने, इजाजत लिने, नवीकरण गर्ने, सञ्चालन गर्ने, इजाजत निलम्बन गर्ने तथा दर्ता खारेज गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम प्रचलित कानून बमोजिम दर्ता गरिएका वा इजाजत लिएका पर्यटन व्यवसायीले प्रदेश सरकार अन्तर्गतको तोकिएको निकायमा सूचिकृत भई तोकिए बमोजिम काम गर्न पाउनेछन्।

२७. **अनुमति लिनु पर्नेः** जलयात्रा, पदयात्रा तथा दफा २६ मा उल्लेख भएका पर्यटन सम्बन्धी क्रियाकलापहरू मध्ये तोकिएका क्रियाकलापहरू गर्न पर्यटकले तोकिएको दस्तुर तिरी तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

२८. **होमस्टे सम्बन्धी व्यवस्थाः**(१)कुनै आन्तरिक वा विदेशी पर्यटकलाई आवास तथा खानपिनको व्यवस्था सहितको होमस्टे संचालन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ।

(२) होमस्टे सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. **पर्यटक बस तथा अन्य सवारी साधन सम्बन्धी व्यवस्थाः** प्रदेश सरकारले तोकिए बमोजिम पर्यटकहरुलाई यातायातको सुविधा उपलब्ध गराउन आफै वा कुनै संघसंस्था, कम्पनी मार्फत पर्यटक बस ,विद्युतीय बस, मोनोरेल, केवलकार वा अन्य यातायातका साधनको प्रवन्ध गर्न सक्नेछ।

३०. **दण्ड सजायः** (१) दफा २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रदेश सरकारले दिएको निर्देशन वा आदेश उल्लंघन गरेमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले बीस हजार रूपैयाँ जरिवाना गर्नेछ।

(२) कुनै पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अनुमति नलिई दफा २७ मा तोकिएको पर्यटन सम्बन्धी कुनै क्रियाकलाप गरेमा वा त्यस्तो अनुमति प्राप्त पर्यटकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले दश हजार रूपैयाँ जरिवाना गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम तोकिएको अधिकारीले दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले मन्त्रालय समक्ष पन्ध्र दिनभित्र उजूरी दिन सक्नेछ र त्यसमा मन्त्रालयले दिएको निर्णय अन्तिम हुनेछ।

## परिच्छेद – ६
## विविध

३१. **पर्वतारोहण सम्बन्धी व्यवस्थाः** (१) कुनै पर्वतारोही दलले प्रचलित कानून बमोजिम अनुमति प्राप्त नगरी कुनै हिमालचूली आरोहण गर्न पाउने छैन।

(२) पर्वतारोहण सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए बमोजिम हुनेछ।

३२. **संग्रहालय व्यवस्थापनः** (१) प्रदेश सरकारले आफै वा अन्य संघसंस्था वा निकायमार्फत ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक, धार्मिक, जैविक, प्राकृतिक  महत्वका स्थान वा वस्तुहरुको संरक्षणका साथै पर्यटन प्रबर्द्धन गर्न संग्रहालयको व्यवस्थापन गर्न गराउन सक्नेछ।

(२) उफदफा (१) बमोजिमका पर्यटन प्रवर्द्धन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **सांस्कृतिक समूह सम्बन्धी व्यवस्थाः** (१) कुनै आदिवासी जनजाति, समुदाय वा संस्थाले परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै पर्यटन प्रबर्द्धन गर्न चाहेमा तोकिए बमोजिम सांस्कृतिक समूह गठन गरी मन्त्रालयमा पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सांस्कृतिक समूह सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. **प्रतिवेदन वा विवरण पेश गर्ने गराउने अधिकारः** (१) ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल वा लज दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले तोकिए बमोजिम आवधिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक प्रदेश सरकारले समय समयमा ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल लज वा

दफा २६ बमोजिम पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिसंग आवश्यक देखिएमा अन्य विवरण माग गर्न सक्नेछ।

(३) प्रदेश सरकारले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसायको कार्यालय वा त्यसको काम कारवाही हुने ठाउँ निरीक्षण गर्न, गराउन र त्यसको हिसाव किताव तथा अन्य अभिलेख जाँच्न जँचाउन सक्नेछ।

३५. __अरूलाई काम गर्न दिन नहुने__ः ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्र प्राप्त व्यक्ति वा दफा १२ बमोजिम होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय अरूलाई बन्धक दिन वा अरू कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरू कसैलाई काम गर्न दिन हुँदैन।

तर, त्यस्तो ट्राभल वा ट्रेकिङ्ग एजेन्सी तथा होटल वा लज वा दफा २६ बमोजिमको पर्यटन व्यवसायले कुनै वित्तीय संस्थासंग कारोबार गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

३६. __आन्तरिक पर्यटक सम्बन्धी विशेष व्यवस्था__ः (१) आन्तरिक पर्यटक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था नेपाली पर्यटकहरूको सम्बन्धमा लागू नहुने गरी तोकिदिन सक्नेछ।

३७. __विवरणमा हेरफेर भएमा सूचना दिनु पर्ने__ः ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजत पत्रका लागि वा होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसायको दर्ताको लागि वा प्रदेश भित्र काम गर्न पाउने माग गरी दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको पन्ध्र दिनभित्र उक्त कुराको सूचना ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्ति वा होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले प्रदेश सरकार समक्ष सूचना दिनु पर्नेछ।

३८. __व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्ने__ः ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र प्राप्त व्यक्तिले वा दफा १२ बमोजिम होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय दर्ता गराउने व्यक्तिले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले पन्ध्र दिनभित्र प्रदेश सरकार समक्ष सूचना दिनु पर्नेछ।

३९. **निर्देशन दिने अधिकारः** ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा दफा १२ बमोजिम दर्ता भएको वा प्रदेश भित्र काम गर्न सूचिकृत भएको होटल, लज, रेष्टुराँ तथा रिजर्ट बार वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय गर्ने व्यक्तिलाई प्रदेश सरकारले पर्यटन विकास सम्बन्धी विषयलाई लिएर आवश्यक निर्देशन दिन सक्नेछ।

४०. **सजायः** (१) देहायको कुनै काम गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले पाँच हजार रूपैयाँ जरिवाना गर्नेछ।

(क) दफा ३४ बमोजिम पेश गर्नु पर्ने प्रतिवेदन तोकिए बमोजिम पेश नगरेमा वा कार्यालय वा अभिलेख निरीक्षण गर्न वा जाँच्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(ख) दफा ३५ बमोजिमको निर्देशनको पालना नगरेमा।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिनभित्र उच्च अदालत समक्ष पुनरावेदन गर्नसक्नेछ।

४१. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** यो ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त सबै वा कुनै अधिकार प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै कार्यालय, निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

४२. **पर्यटन विकास परिषदः** (१) पर्यटकीय गन्तव्यहरुको पहिचान, अध्ययन, अनुसन्धान, संरक्षण, विकास र प्रचार प्रसार गर्न प्रदेश सरकारले पर्यटन विकास परिषद गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको परिषदको संगठन संरचना, कार्यविधि तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **यो ऐन लागू नहुनेः** नेपाल सरकार वा प्रदेश सरकारले चलाएको कुनै ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, होटल वा दफा २६ बमोजिमको पर्यटन व्यवसाय सरकार स्वयम् वा स्थानीय तह वा निजीक्षेत्र वा सहकारी क्षेत्रसँगको सहकार्यमा संचालन हुने अवस्थामा यो ऐनको कुनै वा सबै व्यवस्था लागू नहुने गरी प्रदेश सरकारले आदेश जारी गर्न सक्नेछ।

४४. **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

४५. <u>बचाउः</u> (१) नेपाल सरकारले प्रचलित कानून बमोजिम पर्यटन उद्योग व्यवसाय संचालन गर्नेगरी इजाजत दिएका संस्थाहरुले यो ऐन लागू भैसकेपछि प्रदेश क्षेत्रभित्र समेत काम गर्नेगरी अनुमतिको कारवाही प्रारम्भ गरिसकेको अवस्थामा यो ऐन जारी हुनु भन्दा पूर्व गरेका कामहरुलाई निरन्तरता दिन सक्नेछन्।

(२) यो ऐन जारी हुनुपूर्व प्रचलित कानूनअन्तर्गत ट्राभल एजेन्सी तथा पथ प्रदर्शकले पाएको इजाजत पत्रलाई प्रदेश भित्र समेत कामगर्न पाउने गरी अनुमति लिएमा सो अनुमति पत्र यसै ऐन बमोजिम पाएको मानिनेछ।

(३) यो ऐन जारी हुनुपूर्व प्रचलित कानून अन्तर्गत पर्यटक स्तरको होटल भनी दर्ता भएको होटल यसै ऐन अन्तर्गत दर्ता भएको मानिनेछ।

# खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५

प्रमाणीकरण मितिः २०७६/०१/२४

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मितिः २०७८/०९/०१

✖ ......

## खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी बनेको ऐन

प्रस्तावनाः संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक, समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार तयार गर्दै सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्न र प्रदेशको द्रुततर आर्थिक विकासका लागि प्रदेशमा खानी तथा खनिज पदार्थको अन्वेषण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

*लुम्बिनी प्रदेशको, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "*....खानी अन्वेषण र व्यवस्थापन सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अनुमति प्राप्त व्यक्ति" भन्नाले दफा ५ बमोजिम खनिज कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ।

(ख) "खनिज कार्य" भन्नाले खनिज पदार्थको खोज तलास, संरक्षण र प्रवर्धनको कार्य सम्झनुपर्छ।

(ग) "खनिज पदार्थ" भन्नाले जमीनको सतह वा भूगर्भभित्र पाइने पेट्रोलियम र ग्याँस पदार्थ बाहेक कुनै निश्चित भौतिक गुण तथा तत्वको रासायनिक सम्मिश्रणयुक्त अप्राङगारिक (इनअर्गानिक) पदार्थ सम्झनुपर्छ।

(घ) "खनिज क्षेत्र" भन्नाले खनिज कार्य गर्ने अनुमति पत्रमा उल्लेखित क्षेत्र सम्झनुपर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा संशोधित

(ङ) **"खोज तलास कार्य"** भन्नाले खानी वा खनिज पदार्थ पत्ता लगाउन वा खनिज पदार्थको प्रकार, गुणस्तर, परिमाण आदि निर्धारण गर्न गरिने सबै प्रकारको जाँचपड्ताल एवम् संभाव्यता अध्ययन कार्य सम्झनुपर्छ।

(च) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनुपर्छ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको खानी तथा भूगर्भ सम्बन्धी कार्य हेर्ने मन्त्रालय सम्झनुपर्छ।

३. <u>प्रदेश सरकारको सम्पत्ति</u>ः निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमीनको सतह वा जमिनमुनि रहेको वा पाइएको सम्पूर्ण खनिज पदार्थ प्रदेश सरकारको सम्पत्ति हुनेछ।

४. <u>खनिज पदार्थको वर्गीकरण</u>ः (१) यस ऐनको प्रयोजनका लागि खनिज पदार्थको प्रकृति एवम् महत्वको आधारमा खनिज पदार्थलाई देहाय बमोजिम वर्गीकरण गरिएकोछ :-

(क) खनिज पदार्थको प्रकृतिको आधारमा वर्गीकरण :

(१) धातु खनिज,र

(२) अधातु खनिज।

(ख) खनिज पदार्थको महत्वको आधारमा वर्गीकरण :

(१) अति महत्वपूर्ण खनिज,

(२) महत्वपूर्ण तथा बहुमूल्य खनिज,र

(३) सामान्य खनिज।

(२) उपदफा (१) मा उल्लिखित वर्गहरु भित्र तोकिए बमोजिमका खनिज पदार्थ रहनेछन्।

५. <u>खनिज कार्य गर्ने अधिकार</u>ः (१) खनिज कार्य गर्ने अधिकार प्रदेश सरकारलाई हुनेछ।

(२) यस ऐनको अधीनमा रही मन्त्रालयले खनिज कार्य आफैले गर्ने वा अरु कुनै संस्था वा व्यक्तिलाई अनुमति प्रदान गरी गराउन सक्नेछ।

(३) प्रदेश सरकारलाई खनिज कार्यमा पूंजी लगानी गरी वा अन्य कुनै प्रकारले हिस्सेदार बन्ने अधिकार हुनेछ।

६. <u>खनिज कार्य गर्ने अनुमति</u>ः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही खनिज कार्य गर्न चाहने व्यक्ति वा संस्थाले गुणस्तर तथा परिमाण यकीन भई नसकेको खनिज पदार्थको हकमा सर्वप्रथम खोजतलास कार्य गर्ने अनुमतिका लागि र गुणस्तर तथा परिमाण यकीन भई सकेको खनिज पदार्थको हकमा खनिज कार्यको

प्रस्तावित योजना समेत संलग्न गरी अनुमतिका लागि तोकिएको ढाँचामा तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी निवेदन दिने व्यक्ति आर्थिक एवम् प्राविधिक क्षमता भएको र खनिज कार्य गर्न आवश्यक योग्यता भएको देखिएमा निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास खनिज पदार्थको सम्बन्धमा मन्त्रालयले उपयुक्त देखेमा खनिज कार्यका लागि आवश्यक आर्थिक एवम् प्राविधिक क्षमता तथा योग्यता भएको व्यक्ति वा संस्थासँग खनिज सम्झौता गरी निजलाई तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(४) यस दफा बमोजिम खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्तिले खनिज कार्य गर्ने अनुमति लिन चाहेमा खोजतलास अवधि समाप्त हुनु अगावै खोजतलास कार्यको विस्तृत प्रतिवेदन तथा खनिज कार्यको योजना समेत संलग्न गरी तोकिएको ढाँचामा मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा खनिज कार्यको योजना उपयुक्त देखेमा तोकिएको ढाँचामा तोकिएको दस्तुर लिई खनिज कार्य गर्ने अनुमति दिनेछ।

(६) मन्त्रालयले खोजतलास कार्य गरी पत्ता लगाएको गुण र परिमाणसमेत यकीन भई सकेको खनिज पदार्थको खनिज कार्य गर्ने अनुमति लिन चाहने व्यक्ति वा संस्थासंग प्रदेश सरकारले चाहेमा त्यस्तो खोजतलास कार्यमा लागेको प्रत्यक्ष खर्च बराबरको रकम वा शेयर लिन सक्नेछ।

(७) यस दफा बमोजिम खनिज कार्य गर्ने अनुमति दिंदा मन्त्रालयले खनिज कार्यको क्षेत्र अवधि र त्यस्तो खनिज कार्यमा प्रदेश सरकार हिस्सेदार बन्ने भएमा तत्सम्बन्धी कुराहरुसमेत उल्लेख गर्नुपर्नेछ।

७. <u>खनिज कार्य गर्ने अधिकार</u>: (१) कुनै क्षेत्रमा कुनै खनिज पदार्थको खोज तलास कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्थालाई सो क्षेत्रमा सोही खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार हुनेछ।

(२) खोजतलास कार्य गर्ने अनुमति प्राप्त व्यक्ति वा संस्थाले खोजतलास कार्य गर्दा अनुमतिपत्रमा उल्लिखित खनिज पदार्थबाहेक अन्य खनिज पदार्थ पत्ता लागेमा

त्यसको जानकारी तीस दिनभित्र मन्त्रालयलाई दिनु पर्नेछ र निजलाई त्यस्तो खनिज पदार्थको खनिज कार्य गर्न प्राथमिकता दिइनेछ।

तर, त्यस्तो व्यक्ति वा संस्थालाई दफा १४ को उपदफा (३) बमोजिम तोकिएको खनिज पदार्थको खनिज कार्य गर्न अनुमति पाउने अधिकार हुनेछैन।

८. <u>अनुमतिपत्रको नवीकरण</u> : अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रत्येक वर्ष खनिज कार्य गर्ने अनुमतिपत्र तोकिएको दस्तुर तिरी तोकिएको समयमा नवीकरण गराउनु पर्नेछ।

९. <u>खनिज क्षेत्रको आकार तथा क्षेत्रफल</u>ः खनिज क्षेत्रको आकार तथा क्षेत्रफल तोकिए बमोजिम हुनेछ।

१०. <u>खोज तलास अवधि</u>ः खोजतलास कार्यको अवधि खानीको प्रकृति अनुसार तोकिए बमोजिम हुनेछ।

११. <u>खनिज अवधि</u>ः खनिज अवधि खनिज पदार्थको प्रकृति, परिमाण र सो कार्यका लागि चाहिने प्रविधि, पूँजी र लगानीको प्रक्षेपित प्रतिफलको आधारमा तोकिए बमोजिम हुनेछ।

१२. <u>खनिज कार्यको संचालन</u>ः (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्यको संचालन खनिज कार्य गर्ने अनुमतिमा तोकिएको अवधि भित्र गर्नुपर्नेछ।

(२) अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा अपनाउनु पर्ने कार्यविधि र प्रक्रिया तथा पालन गर्नुपर्ने शर्तहरु तोकिए बमोजिम हुनेछ।

१३. <u>खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने</u>ः (१) खनिज कार्य गर्ने व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ। साथै, त्यस्तो खनिज कार्य गर्ने व्यक्ति वा संस्थाले वातावरण संरक्षणका सम्बन्धमा तोकिए बमोजिमका बचाउका उपायहरु अपनाउनु पर्नेछ।

(२) खनिज कार्य गर्ने व्यक्ति वा संस्थाले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्ने कार्य गरेको देखिएमा त्यस्तो कार्यमा सुधार ल्याउन मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिनेछ।

(३) उपदफा (२) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

<u>स्पष्टीकरण</u>ः यस दफाको प्रयोजनका लागि "वातावरणमा उल्लेखनीय प्रतिकूल असर" भन्नाले कुनै खनिज कार्य गर्दा वातावरणमा पर्नसक्ने तोकिए बमोजिमको असर सम्झनुपर्छ।

१४. <u>विशेष व्यवस्था</u> : (१) मन्त्रालयले राष्ट्रिय सुरक्षा, सार्वजनिक हित वा ऐतिहासिक महत्वको दृष्टिकोणबाट कुनै क्षेत्रलाई खनिज कार्यको लागि निषेधित क्षेत्र घोषित गर्न वा कुनै क्षेत्रको सम्बन्धमा विशेष शर्तहरु तोकी खनिज कार्य गर्ने अनुमति दिन सक्नेछ।

(२) मन्त्रालयले खनिज कार्य गर्ने अनुमति दिइसकेको क्षेत्रमा अनुमति प्राप्त व्यक्ति वा संस्थाको खनिज कार्यमा कुनै बाधा अड्चन नपर्ने गरी खनिज कार्यको लागि अनुमति दिइसकेको खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको खनिज कार्य आफैले गर्न वा अरु कुनै व्यक्ति वा संस्थालाई अनुमति प्रदान गरी गराउन सक्नेछ।

(३) प्रदेश सरकारले कुनै खास खनिज पदार्थको खनिज कार्य मन्त्रालय वा मन्त्रालयले तोकेको अन्य सरकारी निकायले मात्र गर्न पाउने गरी तोक्न सक्नेछ।

(४) सर्वसाधारणले निजी प्रयोगका निमित्त उपयोग गरी आएको प्रचलनमा प्रतिकूल असर नपर्ने गरी प्रदेश सरकारले निर्माण कार्यको प्रयोगमा आउने साधारण माटो, ढुङ्गा र बालुवा, रोडा (गिट्टी) लगायतका खनिज पदार्थका सम्बन्धमा छुट्टै कार्यविधि वा निर्देशिका जारी गर्न सक्नेछ।

१५. <u>आदेश दिन सक्ने</u>: मन्त्रालयले खनिज कार्यबाट खानी वा खनिज पदार्थको भण्डारलाई हुनसक्ने क्षति, कसैको जीउ वा सम्पत्तिमा पर्न सक्ने चोटपटक वा नोक्सानी रोकथाम गर्न, कुनै प्रतिष्ठानमा हानी नोक्सानी हुन नदिन र भू-क्षय हुन नदिन आवश्यक आदेश दिन सक्नेछ।

१६. <u>खनिज पदार्थको निर्यात</u>: खनिज पदार्थको निर्यात सम्बन्धी व्यबस्था प्रचलित कानून बमोजिम हुनेछ।

१७. <u>सुरक्षाको लागि हातहतियार राख्न सक्ने</u>:अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्यको सिलसिलामा जीउज्यान तथा धन सम्पत्तिको सुरक्षाका लागि प्रचलित कानूनको अधीनमा रही आवश्यक हातहतियार राख्न सक्नेछ।

१८. <u>सञ्चार उपकरण राख्न सक्ने</u>: (१) अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रचलित कानूनको अधीनमा रही खनिज कार्यका लागि आवश्यक सञ्चार उपकरणहरु राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चार उपकरण राख्ने सम्बन्धी व्यवस्था अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>सुविधा तथा सहुलियत</u>: अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा पाउने सुविधा तथा सहुलियत तोकिए बमोजिम हुनेछ।

२०. <u>रोयल्टी तथा अन्य दस्तुर</u>: अनुमति प्राप्त व्यक्ति वा संस्थाले मन्त्रालयलाई खनिज पदार्थको प्रकार, गुणस्तर र परिमाणको आधारमा तोकिएको दरमा रोयल्टी तथा अन्य दस्तुर बुझाउनु पर्नेछ।

२१. <u>स्थानीय विकास शुल्क</u>: अनुमति प्राप्त व्यक्ति वा संस्थाले रोयल्टीको आधारमा तोकिएको दरमा सम्बन्धित तहमा तोकिए बमोजिम शुल्क बुझाउनु पर्नेछ।

२२. <u>सूचना तथा प्रतिवेदन</u>ः अनुमति प्राप्त व्यक्ति वा संस्थाले तोकिए बमोजिम सूचना तथा प्रतिवेदन मन्त्रालयमा दिनुपर्नेछ।

२३. <u>जग्गा प्राप्त गर्ने वा जग्गामा प्रवेश गर्ने</u>ः (१) दफा १४ को उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा रहेको कुनै जग्गा खनिज कार्यका लागि अस्थायी वा स्थायी तवरले आवश्यक पर्ने भएमा देहायको कुराको अधीनमा रही उपयोग गर्न वा प्राप्त गर्न सकिनेछः-

(क) त्यस्तो जग्गा प्रदेश सरकारको भए अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेश सरकारलाई तोकिए बमोजिम भू-बहाल बुझाई उपयोग गर्न सक्नेछ।

(ख) त्यस्तो जग्गा निजी स्वामित्वको भए प्रदेश सरकारले अनुमति प्राप्त व्यक्ति वा संस्थालाई निजकै खर्चमा प्रचलित कानून बमोजिम प्राप्त गराई दिन वा भू-वहालमा दिलाईदिन सक्नेछ।

(२) खनिज कार्यका लागि कुनै जग्गामा केही समयको लागि कुनै यन्त्र, उपकरण, औजार जडान गर्न वा नाप नक्शा वा खनिज कार्य सम्बन्धी अन्य कुनै काम गर्न आवश्यक भएमा उपदफा (३) को अधीनमा रही त्यस्तो जग्गामा प्रवेश गरी त्यस्तो काम गर्न सक्नेछ।

(३) मन्त्रालय वा अनुमति प्राप्त व्यक्ति वा संस्थाले खनिज कार्य गर्दा कुनै जग्गावालाले आफ्नो जग्गा उपभोग गर्न नपाएमा वा त्यस्तो जग्गामा रहेको बाली, रुख, घर,वस्तु वा अन्य सम्पत्ति नोक्सानी भएमा गाउँपालिका, नगरपालिका वा उपमहानगरपालिकाको सिफारिसमा प्रचलित दरभाउलाई समेत ध्यानमा राखी सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिइनेछ।

२४. <u>विष्फोटक पदार्थको प्रयोग</u>ः खनिज कार्यका लागि चाहिने विष्फोटक पदार्थहरु अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेश सरकारले समय समयमा निर्णय गरे बमोजिमको शर्त तथा प्रचलित कानूनको अधीनमा रही पैठारी, सञ्चय, ओसार–पसार र प्रयोग गर्न सक्नेछ।

२५. <u>निरीक्षण तथा जाँचबुझ</u>ः (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खनिज कार्य भए नभएको निरीक्षण तथा जाँचबुझ गर्न प्रदेश सरकारले मन्त्रालय वा कुनै विशेषज्ञ, अधिकारी वा निकायलाई तोक्न सक्नेछ।

(२) उपदफा(१) बमोजिम तोकिएको विशेषज्ञ, अधिकारी वा निकायलाई निरीक्षण तथा जाँचबुझको सिलसिलामा खनिज कार्य भइरहेको वा हुने जुनसुकै ठाउँमा प्रवेश गर्न दिनु र निजले मागेको कागजात तथा विवरण उपलब्ध गराउनु अनुमति प्राप्त व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ।

२६. <u>खनिज पदार्थ प्रवर्धन केन्द्र</u>ः (१)खानी तथा खनिज पदार्थको प्रबर्द्धन गर्न एवम् खनिज कार्यमा सहयोग पुऱ्याउन प्रदेश सरकारले खनिज पदार्थ प्रबर्धन कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम संचालन गर्नका लागि प्रदेश सरकारले खनिज पदार्थ प्रबर्धन केन्द्र स्थापना गर्न सक्नेछ। यस्तो केन्द्र स्थापना नभएसम्मका लागि मन्त्रालयको सम्बन्धित महाशाखाले यस्तो कार्य गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थापित खनिज पदार्थ प्रबर्धन केन्द्रको काम, कर्तव्य र अधिकार एवम् कार्यविधि तोकिए बमोजिम हुनेछ।

२७. <u>जरिवाना</u>ः (१) कसैले यस ऐन बमोजिम खनिज कार्य गर्ने अनुमति नलिई खनिज कार्य गरेमा प्रदेश सरकारले त्यस्तो खनिज कार्य बन्द गरी खनिज कार्यमा प्रयोग गरिएको यन्त्र, उपकरण, औजार र मालसामान तथा अनधिकृत तवरले उत्खनन् गरेको खनिज पदार्थ समेत जफत गर्नुको साथै त्यस्तो व्यक्तिलाई एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कार्यबाट नोक्सान भएको धनसम्पत्तिको क्षति पनि भराउन सक्नेछ।

(२) अनुमति प्राप्त व्यक्ति वा संस्थाले दफा १३ को उपदफा (२) बमोजिम दिइएको निर्देशन वा दफा १५ बमोजिमको आदेश पालन नगरेमा त्यस्तो निर्देशन वा आदेश पालन नगरेसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न वा खनिज कार्य गर्ने अनुमति नै रद्द गर्न सक्नेछ। त्यस्तो निर्देशन वा आदेश पालन नगरेको कारणबाट खानी वा खनिज पदार्थको भण्डारमा क्षति पुग्न गएमा, भू-क्षय भएमा वा कसैको जीउ वा धन सम्पत्तिमा चोटपटक वा नोक्सानी पर्न गएमा एकलाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र नोक्सानीको आधारमा मनासिब क्षतिपूर्ति समेत अनुमति प्राप्त व्यक्तिबाट भराउनु पर्नेछ।

(३) अनुमति प्राप्त व्यक्ति वा संस्थाले दफा २२ बमोजिम मन्त्रालयमा दिनुपर्ने सूचना वा प्रतिवेदन नदिएमा त्यसरी सूचना वा प्रतिवेदन नदिएसम्म मन्त्रालयले खनिज कार्य स्थगित गर्न सक्नेछ।

(४) अनुमति प्राप्त व्यक्ति वा संस्थाले यस दफामा लेखिएदेखि बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै काम गरेमा मन्त्रालयले निजलाई एकलाख रुपैयाँ जरिवाना गर्न वा खनिज कार्य गर्न दिइएको अनुमति रद्द गर्न सक्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम कारवाही गर्नु भन्दा अगाडि मन्त्रालयले सम्बन्धित व्यक्ति वा संस्थालाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(६) मन्त्रालयबाट अनुमति प्राप्त व्यक्ति वा संस्थाले यस ऐन बमोजिम खनिज कार्य गर्दा कसैले बाधा विरोध वा रोकटोक गरेमा निजलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको अधिकारीको आदेशले  पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(७) उपदफा (१), (२), (३), (४) र (६) बमोजिम भएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले पैंतीस दिन भित्र उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

२८. <u>मध्यस्थता</u>ः प्रदेश सरकार र अनुमति प्राप्त व्यक्ति वा संस्थावीच खनिज कार्यसँग सम्बन्धित कुनै कुराको सम्बन्धमा उठेको कुनै विवाद दुवै पक्षले आपसी सरसल्लाहबाट सुल्झाउन नसकेमा दुवै पक्षबीचमा भएको सम्झौतामा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र सम्झौतामा उल्लेख नभएकोमा तोकिए बमोजिम मध्यस्थताद्वारा समाधान गरिनेछ।

२९. <u>विशेष अधिकार</u>ः (१) प्रदेश सरकारले प्रादेशिक सुरक्षा वा सार्वजनिक हितका लागि आवश्यक देखेमा तुरुन्त खनिज कार्य रोक्का गरी खनिज कार्य गर्ने अनुमति रद्द गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले खनिज कार्य गर्ने अनुमति रद्द गर्दा अनुमति प्राप्त व्यक्ति वा संस्थालाई पर्न गएको प्रत्यक्ष हानी नोक्सानीको निमित्त मनासिव माफिकको क्षतिपूर्ति दिनेछ।

३०. <u>नियम बनाउने अधिकार</u>ः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानूनको प्रतिकूल नहुने गरी प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३१. <u>बचाउ</u> (१) यसपूर्व खानी अन्वेषण तथा व्यवस्थापन सम्बन्धमा कानून बमोजिम भएका काम कारवाहीलाई यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

# बीउ बिजन ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/०८

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

*.......

प्रमाणीकरण मिति २०७८/०९/०१

## बीउ बिजन सम्बन्धी व्यवस्था गर्ने बनेको ऐन

<u>प्रस्तावना:</u> विभिन्न बालीको उत्पादनमा वृद्दि गराउन उच्च गुणस्तरको बीउ बिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी गुणस्तरयुक्त बीउ बिजन सुव्यवस्थित रूपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्न वाञ्छनीय भएकोले,

⊛लुम्बिनी प्रदेश, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस ऐनको नाम "*....बीउ बिजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-,

(क) "कृषि कार्य" भन्नाले खाद्यान्न, फलफूल, दलहन, तेलहन, तरकारी, नगदेबाली तथा घाँस उत्पादन गर्ने कार्य सम्झनु पर्छ ।

(ख) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जात मूल (स्पेसिज्) तथा उपजात मूल (सबस्पेसिज्) सम्झनु पर्छ ।

(ग) "जात (भेराईटी)" भन्नाले वनस्पति शास्त्रीय वर्गीकरणमा सबै भन्दा तल्लो श्रेणी भित्र पर्ने समान आनुवंशिक लक्षणहरू देखिने, अन्य समूहसँग कम्तीमा एउटा लक्षणद्वारा भिन्नता छुट्टिने र पुनरूत्पादन (प्रोपागेसन) हुँदा लक्षणहरू परिवर्तन नहुने लक्षण भएका कुनै वनस्पतिको समूह सम्झनु पर्छ ।

(घ) "प्रजनक (ब्रीडर)" भन्नाले बालीको कुनै जातलाई पहिलो पटक प्रजनन वा छनौट गरी प्रयोगमा ल्याउने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

⊛ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(ङ) "प्रयोगशाला" भन्नाले संघीय सरकारले मान्यता दिए अनुसार स्थापना भएको बीउ बिजन परीक्षण प्रयोगशाला सम्झनु पर्छ ।

(च) "भाँडो (कन्टेनर)" भन्नाले वाकस, टिनको बट्टा, शीशी, थैली, बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ ।

(छ) *"मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "बाली" भन्नाले फलफूल, खाद्यान्न, तरकारी, नगदेबाली तथा घाँसबाली जस्ता बाली सम्झनु पर्छ ।

(झ) "बाली निरिक्षक" भन्नाले दफा १५ बमोजिम नियुक्त भएको बाली निरीक्षक सम्झनु पर्छ।

(ञ) "बीउ बिजन" भन्नाले भ्रौण बिरूवा (इम्ब्रोयनिक प्लान्ट) खाद्य पदार्थ सुरक्षात्मक आवरण भएको परिपक्व ओभ्यूल (म्याचोर्ड ओभ्यूल) वा यौनिक वा वानस्पतिक तरीकाले पुनरोत्पादन (रिप्रोडक्सन) गरी बाली उत्पादन गर्नका लागि छर्ने वा रोप्ने काममा प्रयोग गर्न सकिने बीउ बिजन वा बीज सम्झनु पर्छ।

(ट) *"सचिव" भन्नाले मन्त्रालयका सचिव सम्झनु पर्छ ।

(ठ) "समिति" भन्नाले दफा ३ बमोजिम गठित प्रदेश बीउ बिजन समिति सम्झनु पर्छ।

(ड) "सूचित बीउ बिजन" भन्नाले प्रचलित कानूनमा व्यवस्था भए अनुसार तोकिएको बीउ बिजन सम्झनु पर्छ।

(ढ) "सङ्केतपत्र" भन्नाले भाँडोमा देखिने गरी राखिएको बीउ बिजन सम्बन्धी विवरण (लेबल) सम्झनु पर्छ।

(ण) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. <u>प्रदेश बीउ बिजन व्यवस्थापन तथा नियमन समितिको गठन</u> : (१) बीउ बिजन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्न र बीउ बिजन सम्बन्धी विषयमा प्रदेश सरकारलाई आवश्यक परामर्श दिन एक प्रदेश बीउ बिजन व्यवस्थापन तथा नियमन समितिको गठन हुनेछ ।

(२) समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्:

(क) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(ख) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य

(ग) प्रमुख, प्रदेश स्तरीय नेपाल कृषि अनुसन्धान परिषद् -सदस्य

(घ) *प्रमुख, बीउ बिजन सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय -सदस्य

(ङ) प्रमुख, प्रदेश बीउ बिजन कम्पनी लिमिटेड -सदस्य

(च) मन्त्रालयद्वारा तोकिएका बीउ बिजन उद्यमीहरू मध्येबाट एकजना -सदस्य

(छ) मन्त्रालयद्वारा तोकिएका बीउ बिजन उत्पादक कृषक मध्ये एकजना -सदस्य

(ज) *प्रमुख, प्रदेश स्तरीय बीउ बिजन प्रयोगशाला, -सदस्य-सचिव

(३) उपदफा (२) (च) र (छ) बमोजिम तोकिएका सदस्यको पदावधी दुई वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (२) (च) र उपदफा (छ) बमोजिमका मनोनित सदस्यलाई निजको पदावधि पूरा नहुँदै मन्त्रालयले हटाउन सक्नेछ।

(५) समितिले आवश्यक देखेमा विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) बीउ बिजन सम्बन्धी नीति तर्जुमा गर्न मन्त्रालयलाई परामर्श दिने ।

(२) बीउ बिजन उत्पादन तथा वितरण कार्यमा सरकारी तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) बीउ बिजन उद्योगमा लगानी गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने,

(४) प्रदेश भित्र उत्पादन वा अन्य प्रदेश वा बाहिरबाट आयात भई बिक्री वितरण हुने बीउ बिजनको गुणस्तर परीक्षण तथा नियन्त्रण गर्ने गराउने,

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(५) बीउ बिजन सम्बन्धी सेवा शुल्कको सम्बन्धमा मन्त्रालयलाई परामर्श दिने,

(६) बालीको किसिम र जात सूचित गर्ने सम्बन्धमा प्रदेश मन्त्रालयलाई सिफारिस गर्ने,

(७) कसैले अनुमति पत्र नवीकरण नगराई प्रयोगशाला सञ्चालन गरेको पाइएमा सोको अनुमति पत्र खारेज सम्बन्धी सिफारिस गर्ने,

(८) बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको रूपमा काम गर्न अनुमति दिनको लागि परीक्षा संचालन गर्ने गराउने,

(९) बाली, जात अनुसार प्रदेशलाई आवश्यक पर्ने बीउ बिजन प्रक्षेपण गर्ने,

(१०) प्रजनन्, मूल र उन्नत बीउ बिजनहरुको वासलात तयार गर्ने,

(११) बीउ बिजन सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्ने ।

५. <u>उपसमिति गठन गर्न सक्ने</u> : (१) बीउ बिजनको उत्पादन, प्रशोधन तथा बिक्री वितरण गर्ने कार्यलाई सुचारू रूपले संचालन गरी गुणस्तरयुक्त बीउ बिजन उपलब्ध गराउने प्रयोजनका लागि समितिले आवश्यकतानुसार विभिन्न उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उप–समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

६. <u>प्रादेशिक बीउ बिजन परीक्षण प्रयोगशाला</u> : (१) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि प्रदेशमा बीउ बिजन परीक्षण प्रयोगशाला संचालन हुनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको रेखदेख र नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार प्रदेशका अन्य ठाउँमा बीउ बिजन परीक्षण प्रयोगशाला स्थापना गर्न सकिनेछ।

(३) कुनै व्यक्ति वा संस्थाले निजी क्षेत्रमा प्रयोगशाला स्थापना र सञ्चालन गर्न चाहेमा अनुमतिका लागि तोकिए बमोजिम समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदन उपर छानबिन गरी उपयुक्त देखेमा तोकिए बमोजिमका शर्तको अधीनमा रही समितिले प्रयोगशाला स्थापना र सञ्चालन गर्न अनुमति पत्र दिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुनु अघि स्थापना भएका निजी क्षेत्रका प्रयोगशालाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र यस ऐनबमोजिम अनुमति पत्र लिइसक्नु पर्नेछ ।

७. प्रयोगशालाको काम, कर्तव्य र अधिकार : प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. बीउ बिजनको किसिम वा जात सूचित गर्ने अधिकार : बीउ बिजनको किसिम वा जात सूचित गर्ने व्यवस्था प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

९. अनुमति पत्र लिनु पर्ने : (१) कुनै व्यक्ति वा संस्थाले बीउ बिजनको बिक्री वितरणसम्बन्धी कारोबार गर्न चाहेमा तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(२) कसैले उपदफा (१) बमोजिम अनुमति नलिई बीउ बिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन बाली निरीक्षकको सिफारिसमा तोकिए बमोजिम कारवाही गरिनेछ ।

१०. सूचित नभएका बीउ बिजन बिक्री वितरण गर्न नपाइने : (१) कृषि अनुसन्धान प्रयोजनको लागि बाहेक कसैले पनि यस ऐनबमोजिम सूचित नभएका बीउ बिजन बिक्री वितरण गर्न पाउने छैन ।

(२) कसैले उपदफा (१) बमोजिम सूचित नभएका बीउ बिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बीउ बिजन बाली निरीक्षकले जफत गर्नेछ ।

११. बीउ बिजनको न्यूनतम गुणस्तर : बीउ बिजनको न्यूनतम गुणस्तर सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१२. सूचित बीउ बिजनको बिक्री वितरण : (१) सूचित बीउ बिजनको बिक्री वितरण गर्ने व्यक्ति वा संस्थाले आफूले बिक्री वितरण गर्ने बीउको भाँडोमा देहायको विवरण उल्लेख गर्नुपर्नेछ:

(क) बीउ बिजनको किसिम र जात,
(ख) दफा ११ बमोजिम तोकिएको न्यूनतम गुणस्तर सम्बन्धी जानकारी,
(ग) रासायनिक पदार्थ प्रयोग गरी उपचार गरिएको भए सोको विवरण,
(घ) तोकिए बमोजिमका अन्य कुराहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खास क्षेत्रको लागि मात्र उपयुक्त हुने भनी प्रजनकले निर्धारण गरेको किसिम र जातको सूचित बीउ बिजन त्यसरी निर्धारण गरिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा बिक्री वितरण गर्न वा गराउन पाइने छैन ।

१३. <u>सूचित बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्था</u> : सूचित बीउ बिजन निकासी वा पैठारी सम्बन्धी व्यवस्था प्रचलित कानून वमोजिम हुनेछ।

१४. <u>बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषक सम्बन्धी व्यवस्था</u> : (१) मन्त्रालयले आवश्यकता अनुसार तोकिएको योग्यता पुगेका निजामती कर्मचारी वा अन्य कुनै विज्ञलाई बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषक नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित अवस्थामा बाहेक कसैले पनि यस ऐनबमोजिम अनुमति पत्र नलिई बाली निरीक्षण गर्न, बीउ बिजनको नमूना सङ्कलन गर्न तथा बीउ बिजन विश्लेषण गर्न पाइने छैन ।

(३) उपदफा (२) बमोजिमको अनुमति पत्र लिन चाहने तोकिए बमोजिमको योग्यता पुगेको सरकारी वा निजीस्तरका व्यक्तिले समितिबाट लिइने परीक्षा उत्तीर्ण गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको परीक्षा उत्तीर्ण भएको व्यक्तिले बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक वा बीउ बिजन विश्लेषकका रूपमा व्यवसाय सञ्चालन गर्ने अनुमति पत्र प्राप्त गर्न तोकिए बमोजिम निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन पर्न आएमा समितिले अनुमति पत्र दिनेछ यसरी दिइएको अनुमति पत्र दुई वर्षसम्म बहाल रहनेछ ।

(६) उपदफा (५) बमोजिम दिइएको अनुमति पत्र तोकिए बमोजिम नवीकरण गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको परीक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार : बाली निरीक्षक, बीउ बिजन नमूना सङ्कलक तथा बीउ बिजन विश्लेषकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१६. स्वामित्व कायम रहने : नेपालमा परम्परादेखि नै प्रयोग गरिंदै आएको स्थानीय जातको बालीको बीउ बिजनमा तोकिए बमोजिम स्वामित्व कायम रहनेछ ।

१७. अनुदानको व्यवस्थाः अनुदानमा बीउ विजन उपलब्ध गराउन सक्ने हिस्सा तोके बमोजिम हुनेछ ।

१८. दण्ड सजायः (१) दफा ६ बमोजिम अनुमति पत्र नलिई प्रयोगशाला सञ्चालन गरेमा पचास हजार रूपैयाँ जरिवाना हुनेछ।

(२) दफा ८, ९ र १० विपरीत बीउ बिजन बिक्री वितरण गरे वा गराएमा दश हजार रूपैयाँदेखि बीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(३) दफा १२ बमोजिमको विवरण नखुलाई बीउ बिजन बिक्री वितरण गरे वा गराएमा दश हजार रूपैयाँदेखि पन्ध्र हजार रूपैयाँसम्म जरिवाना हुनेछ ।

(४) दफा १४ को उपदफा (२) विपरीत कुनै कार्य गरेमा पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

(५) माथि लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थालाई दश हजार रूपैयाँदेखि बीस हजार रुपैंयासम्म जरिवाना हुनेछ ।

(६) यस ऐनमा जुनसुकै कुरा लेखिएको भएता पनि बीउ बिजन उत्पादन तथा बजारी करणसम्म तोके बमोजिमको गुणस्तर कायम नभएको पाइएमा सम्बन्धित मूल्य श्रृंखलामा संलग्न व्यक्ति वा संस्थाको पहिचान गरी दश हजारदेखि पचास हजारसम्म जरिवाना हुनेछ ।

(७) गुणस्तरको बीउ बीजन नभई कृषकलाई पर्न गएको हानी नोक्सानीको सम्बन्धमा बीउ वितरक व्यक्ति वा संस्थालाई समितिले निर्धारण गरे वमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

१९. सरकार वादी हुनेः यो ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ ।

२०. <u>मुद्दा तहकिकात र दायरी</u>ः (१) यस ऐन बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दाको तहकिकात बीउ बिजन नमूना सङ्कलकको प्रतिवेदनको आधारमा मन्त्रालयले तोकेको अधिकारीले गर्नेछ र त्यस्तो तहकिकातको काम पूरा भएपछि तोकिएको मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) यो ऐन अन्तर्गतको मुद्दा हेर्ने अधिकार तोकिए बमोजिमको अधिकारीलाई हुनेछ।

२१. <u>असल नियतले गरेको कामको बचाउ</u> : बाली निरीक्षक वा बीउ बिजन नमूना सङ्कलक वा बीउ बिजन विश्लेषक वा यस ऐन अन्तर्गत काम गर्ने अधिकार प्राप्त कुनै कर्मचारीले यस ऐन बमोजिम आफ्नो कर्तव्यको पालन गर्दा असल नियतले गरेको काम कारवाहीमा निज व्यक्तिगत रूपमा जवाफदेही हुनेछैन ।

तर, कसैलाई अनावश्यक दुःख, हैरानी वा झण्झट दिने नियतले काम गरेमा सम्बन्धित व्यक्ति त्यसको लागि जवाफदेही हुनेछ।

२२. <u>नियम बनाउने अधिकार</u> : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम, मापदण्डहरू बनाउन सक्नेछ ।

# पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/२९

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

×.......,

## पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : पशुपालन व्यवसायलाई आधुनिक, व्यवस्थित र व्यवसायिक तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणले पनि पशु वा पशुजन्य पदार्थ गुणस्तरीय उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले,

⊛लुम्बिनी प्रदेश, प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "×......., पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) "आनुवांशिकी स्रोत" भन्नाले पशुपन्छी पालनको दृष्टिकोणले महत्वपूर्ण स्थानीय पशुपन्छी तथा घाँसका प्रजातीहरू सम्झनु पर्छ ।

(ख) "जैविक पदार्थ" भन्नाले पशु विकास वा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाणु वा विषाणुयुक्त औषधि खोप वा जैविक रसायन सम्झनु पर्छ ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

⊛ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(घ) "निकासी कर्ता" भन्नाले देशको जुनसुकै स्थानबाट पशु, पशुजन्य पदार्थ वा पशु उत्पादन सामग्री निकासी गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ङ) "पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्दछ र सो शव्दले पन्छी र माछालाई समेत जनाउँछ ।

(च) "पशुजन्य उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्यमा कृत्रिम गर्भाधानमा वा जैविक पदार्थ उत्पादनमा उपयोग हुने प्रशोधित सामग्री सम्झनु पर्छ ।

(छ) "पशुजन्य पदार्थ" भन्नाले पशुको मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिङ, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल-मूत्र वा सो बाट बनाइएको अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(ज) "पशु सेवा" भन्नाले पशुपालन र यससँग सम्बन्धित सम्पूर्ण कार्यहरु, अनुसन्धान र प्रसार समेतलाई जनाउँछ।

(झ) "पैठारी कर्ता" भन्नाले नेपाल बाहिरबाट पशु, पशुजन्य वा पशु उत्पादन सामग्री पैठारी गर्ने व्यक्ति सम्झनु पर्छ।

(ञ) "भेटेरिनरी निरीक्षक" भन्नाले दफा १८(१) बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकृत सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ।

(ठ) "संक्रामक रोग" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी समय समयमा तोकेका रोगहरुलाई समेत जनाउँदछ ।

(ड) "महामारी रोग" भन्नाले पशुपन्छीबाट पशुपन्छीमा तथा मानिसमा समेत छिटोछिटो सर्ने खालका रोगहरू र समय-समयमा प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित भएका रोगहरू सम्झनु पर्छ ।

## परिच्छेद-२

## पशु नश्ल सुधार र संरक्षण सम्बन्धी व्यवस्था

३. **सूचना जारी गर्न सक्नेः** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशमा रहेका कुनै जातका पशुको वंश लोप हुनबाट बचाउन वा तिनीहरुको नश्ल सुधार गर्ने दृष्टिले प्रदेश अन्तर्गत कुनै क्षेत्रमा सोही सूचनामा तोकेको जातको भाले पशु बन्ध्याकरण नगरी राख्नु पर्नेगरी सूचना जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको जातको पशु पालेको पाइएमा सम्बन्धित क्षेत्रको स्थानीय तहले पशु सेवा सम्बन्धी कार्य हेर्ने अधिकृतलाई त्यस्तो भाले पशुलाई खसी नपार्ने गरी संरक्षण गर्न आदेश दिन सक्नेछ ।

(३) उच्च जातका पशु विकासका लागि विभिन्न पशुबाट नश्ल सुधारको कानूनमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## उद्योग स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

४. उद्योग स्थापना गर्न सिफारिश पत्र लिनुपर्ने : जैविक पदार्थ, अण्डा, चल्ला उत्पादनका लागि पन्छीका माउ पोथी, माछा, पशु पाल्ने गरी वा पशु दाना वा मासु प्रशोधन तथा ठूलो डेरी सम्बन्धी उद्योग स्थापना गर्न चाहने व्यक्तिले तोकिए बमोजिम तोकिएको निकायबाट सिफारिश पत्र लिई प्रारम्भिक वातावरणीय परीक्षण (आई. ई. ई.) गर्नु पर्नेछ ।

५. निकासी तथा पैठारी गर्न सिफारिस लिनुपर्ने: जैविक पदार्थ, अण्डा, चल्ला, माछाका भूरा, पशु दाना, मासु तथा दूध निकासी वा पैठारी गर्न चाहने व्यक्तिले तोकिए बमोजिम निकासी पैठारीको लागि सिफारिश पत्र लिनुपर्नेछ ।

६. अनुमति-पत्र लिनुपर्ने: (१) पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीहरुको विक्री वितरण गर्न चाहने व्यक्ति वा संस्थाले तोकिएको निकायबाट तोकिए बमोजिम अनुमति-पत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विक्री वितरण गरिने जैविक पदार्थ, अण्डा, चल्ला, माछाका भूरा, मासु तथा दूधको गुणस्तर तथा मापदण्ड प्रदेश सरकारबाट तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-४

## महामारी रोगको नियन्त्रण

७. महामारी रोग: (१) महामारी रोग नियन्त्रण गर्न प्रदेशमा "प्रदेश स्तरीय पशुपन्छी रोगको महामारी नियन्त्रण समिति" र स्थानीय तहमा "पशुपन्छी रोगको महामारी नियन्त्रण स्थानीय समिति" गठन गर्न सकिनेछ र सो समितिले जैविक सुरक्षा र निसंक्रमणको व्यवस्था गर्नेछ ।

(२) उपदफा (२) अनुसार कार्यान्वयनका लागि प्रदेश सरकार र स्थानीय तहले पशुपन्छी रोगको महामारी नियन्त्रण कार्यविधी, निर्देशिका र मापदण्ड तयार गरि लागु गर्न सक्ने छन्।

## परिच्छेद-५

## पशु सेवा तथा पशु स्वास्थ्य सम्बन्धी व्यवस्था

८. दुग्ध विकास: (१) दुग्ध डेरी र अन्य दुग्धजन्य व्यवसायलाई व्यवस्थित गर्नका लागि मन्त्रालय मातहत दुग्ध विकास बोर्ड स्थापना हुनेछ। वोर्डको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(२) दूध तथा दुग्धजन्य पदार्थको बिक्री बितरणको नियमन तथा अनुगमन गर्न मन्त्रालयबाट तोकिएका महाशाखा प्रमुखको संयोजकत्वमा विशेषज्ञ सहितको अनुगमन समिति गठन हुनेछ।

९. पाराभेटको दर्ता, अनुमति, नवीकरण, नियमन र खारेजी: (१) स्थानीय स्तरमा रही पशुपन्छी उत्पादनका क्षेत्रमा उपचार, भ्याक्सिनेशन, पशुपन्छीजन्य सामग्री विक्री वितरण गर्ने प्राईभेट पाराभेटहरुको बर्गीकरण तोकिए बमोजिम हुनेछ।

(२) प्राईभेट पाराभेटहरुको दर्ता सम्बद्ध स्थानीय तहमा हुनेछ र सोको अभिलेख मन्त्रालयमा राखिनेछ । प्राईभेट पाराभेटहरुको नियमन र खारेजी मन्त्रालय आफै वा सम्बद्ध स्थानीय तह मार्फत गर्न वा गराउन सक्नेछ।

१०. औषधी पसल नियमन: प्रदेश स्तरमा पशुपन्छीहरुको रोगको रोकथाम, उपचार तथा फिड सप्लिमेन्टको रुपमा प्रयोग गरिने औषधिलाई व्यवस्थित गर्न तथा सोही प्रकृतिका औषधि तथा फिड सप्लिमेन्टको विक्री वितरण तोकिए बमोजिम व्यवस्थित गरिनेछ।

११. <u>स्थानीय जातका पशु र घाँसेबालीको संरक्षणः</u> स्थानीय स्तरमा रहेका पशुपन्छी, माछा तथा घाँसे वालीहरुको उचित व्यवस्थापन, स्याहार सुसार र संरक्षण तोकिए बमोजिम गरिनेछ।

१२. <u>चरन तथा खर्क विकासः</u> (१) चरन तथा खर्क विकासका कार्यक्रमहरु गर्न स्थानीयस्तर वा समुदायस्तरमा खर्क उपभोक्ताहरुको समूह वा समिति गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने खर्क उपभोक्ता समूह वा समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-६
## सजाय र पुनरावेदन

१३. <u>सजाय र पुनरावेदनः</u> (१) दफा ४ वा दफा ५ को उल्लंघन गर्ने व्यक्तिलाई पच्चीस हजारदेखी पचास हजार रुपैयासम्म जरिवाना हुनेछ। त्यसरी पैठारी गर्दा पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग भएको पाइएमा दोब्बर जरिवाना हुनेछ।

(२) दफा ६ (१) को उल्लंघन गर्ने व्यक्तिलाई पच्चीस हजार रुपैयासम्म जरिवाना हुनेछ।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावलीको उल्लंघन गर्ने व्यक्तिलाई कसूरको मात्रा हेरी पच्चीस हजार देखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

१४. <u>मुद्दाको तहकिकात र दायरीः</u> (१) यस ऐन अन्तरगतको कसूरको तहकीकात मन्त्रालयले तोकेको कम्तिमा राजपत्राङ्कित तृतिय श्रेणीको प्राविधिकले गर्नेछ र त्यस्तो तहकीकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा तहकीकात गर्ने कर्मचारीले सरकारी वकीलसँग राय सल्लाह लिनु पर्नेछ।

१५. <u>मुद्दा हेर्ने अधिकारीः</u> दफा १४ अन्तर्गतको मुद्दा हेर्ने अधिकारी मन्त्रालयले तोकेबमोजिम हुनेछ।

१६. <u>प्रदेश सरकार वादी हुनेः</u> यस ऐन अन्तरगतको मुद्दा प्रदेश सरकार वादी हुनेछ।

१७. <u>पुनरावेदनः</u> दफा १५ बमोजिमको अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले पैंतिस दिन भित्र मन्त्रालयका सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-७
## <u>विविध</u>

१८. <u>भेटेरीनरी निरीक्षकको नियुक्तिः</u> (१) मन्त्रालयले पशु औषधि वा जैविक पदार्थको गुणस्तर निर्धारित मापदण्ड अनुसार भए नभएको जाँच गर्न आवश्यक स्थान तथा संस्थामा कम्तीमा भेटेरीनरी विषयमा स्नातक उपाधि हासिल गरेको भेटेरीनरी निरीक्षकको नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने भेटेरीनरी निरीक्षकको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१९. <u>अधिकार प्रत्यायोजनः</u> यस ऐन बमोजिम अधिकार प्राप्त व्यक्तिले, मुद्दा हेर्ने अधिकार बाहेक अन्य अधिकार आवश्यकता अनुसार निजले आफू-मातहतका कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२०. <u>पशुप्रति निर्दयी व्यवहार गर्न रोक लगाउन सक्नेः</u> (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी पशु प्रति हुने निर्दयी व्यवहारमा रोक लगाउन र पशु ढुवानी मापदण्ड तयार गरी लागु गर्न सक्नेछ।

(२) बजार क्षेत्र तथा सडकमा चौपाया र पशुपन्छी छाडा रूपमा छोड्न पाइने छैन । यदि त्यसो गरेको पाईएमा चौपाया र पशुपन्छी धनीलाई कसुर हेरी क्षतिपूर्ति सहित जरिवाना हुनेछ।

२१. <u>जाँचबुझ गर्न सक्नेः</u> (१) अधिकार प्राप्त व्यक्ति वा शाखा प्रमुखलाई कुनै पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग लागेको छ भन्ने शंका लागेमा त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री रहेको जुनसुकै स्थानमा प्रवेश गरी जाँचबुझ गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीको जाँचबुझ गर्दा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका र प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका रोगहरु लागेको पाइएमा अधिकार प्राप्त व्यात्तिले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीलाई हटाउन वा नष्ट गर्न आदेश दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित धनीले पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री नहटाएमा वा नष्ट नगरेमा अधिकार प्राप्त व्यक्तिले त्यस्तो पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री नष्ट गर्ने तोकिए बमोजिम हुने छ।

(४) उपदफा (३) बमोजिम पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री हटाउँदा वा नष्ट गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित धनीबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२२. क्षतिपूर्ति सम्बन्धी व्यवस्थाः (१) संक्रामक रोग भएको पशु, पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्री पैठारी गर्दा कसैलाई हानी नोक्सानी हुन गएमा जाँचबुझ समितिको प्रतिवेदनको आधारमा पीडितलाई पैठारीकर्ताले क्षतिपूर्ति दिनुपर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि मन्त्रालयले तोकिएबमोजिम जाँचबुझ समिति गठन गर्नेछ।

२३. बाधा नहुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै प्रशोधित पशुजन्य पदार्थ वा पशुजन्य उत्पादन सामग्रीमा संक्रामक रोग लागेको आशंका भएमा त्यस्तो प्रशोधित पशुजन्य पदार्थ वा पशुजन्य उत्पादित सामग्रीलाई क्वारेन्टाइनमा राखी परीक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

२४. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा उल्लेखित भए जति सबै कुरामा यसै ऐन बमोजिम हुने र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

२५. *प्रत्यायोजित अधिकारः (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी मन्त्रालयले आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

# पशु वधशाला तथा मासु जाँच ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/२९

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

[×]............

## प्रदेश पशु वधशाला तथा मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक

**प्रस्तावना:** सबै उपभोक्ताहरुले स्वच्छ र गुणस्तरीय मासु तथा मासुजन्य खाद्य पदार्थ उपभोग गर्न पाउने अवस्था कायम गर्न वातावरण संरक्षण सहित पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[⁂]लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " [×]........, पशु वधशाला तथा मासु जाँच ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "पशु" भन्नाले गाई, गोरु, साँढे बाहेक भाले जातको खसी वा बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल, राँगो, खरायो वा मासुको लागि योग्य देखिएको प्रजनन् अयोग्य भैंसी, बाखा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल वा खरायो सम्झनु पर्छ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की, बट्टाई, कालिज वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपन्छी र माछा समेतलाई जनाउने छ ।

(ख) "पशु वधशाला" भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको घर वा ठाउँ सम्झनु पर्छ ।

(ग) "पशु वध स्थल" भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको सानो घर वा ठाउँ सम्झनु पर्छ ।

---

[×] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

[⁂] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(घ) [*]“मन्त्रालय” भन्नाले लुम्बिनी प्रदेशको पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ङ) “मासु” भन्नाले मानिसले खान योग्य स्वस्थकर माछा र पशुपन्छीको मासु सम्झनु पर्छ ।

(च) “मासु निरीक्षक” भन्नाले दफा ६ बमोजिम नियुक्ति गरिएको वा तोकिएको मासु निरीक्षक सम्झनु पर्छ ।

(छ) “मासु सुपरीवेक्षक” भन्नाले दफा ७ बमोजिम तोकिएको मासु सुपरीवेक्षक सम्झनु पर्छ ।

(ज) “मासु बिक्रेता” भन्नाले व्यावसायिक रुपमा मासु बिक्री गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(झ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **इजाजत पत्र नलिई पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु बिक्री गर्न नपाइने:** यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले पनि पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु विक्री गर्न पाउने छैन ।

४. **पशु वधशाला र वध स्थलको स्थापना:** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशको कुनै पनि क्षेत्रमा पशु वधशाला र वध स्थल स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैर सरकारी नीजि समूह र सहकारी क्षेत्रमा पशु वधशाला र वध स्थल स्थापना गर्न मन्त्रालयले तोकिए बमोजिम इजाजत दिन सक्नेछ ।

५. **इजाजत पत्र:** (१) पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु बिक्रेताको काम गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ ।

(२) पशु वधशाला र वध स्थल उद्योगको रुपमा स्थापना तथा सञ्चालन गर्न मन्त्रालयमा र व्यवसायको रुपमा स्थापना तथा सञ्चालन गर्न सम्बन्धित स्थानीय तह समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दरखास्त पर्न आएमा तोकिएको अधिकारीले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी  दरखास्तवालालाई पशु वधशाला र वध स्थल स्थापना गर्न वा मासु बिक्री गर्न इजाजत पत्र दिनेछ ।

(४) मासु उद्योग वा व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्तहरु तोकिए बमोजिम हुनेछन ।

---

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

६. **मासु निरीक्षकको नियुक्ति:** (१) मन्त्रालयले पशुपन्छी र मासु जाँच गर्नका लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको व्यक्तिलाई मासु निरीक्षकको पदमा नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

**स्पष्टीकरण:** पशु वधशाला र वध स्थल स्थापना गर्ने इजाजत दिनु पूर्व सम्बन्धित स्थानीय तहको सिफारिस लिन सकिनेछ ।

(२) यस ऐनमा लेखिएका काम, कर्तव्य तथा अधिकारको अतिरिक्त मासु निरीक्षकको सेवा सुविधा, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

७. **मासु सुपरीवेक्षक तोक्न सक्ने:** (१) पशु वधशाला र वध स्थल व्यवस्थापन र मासु निरीक्षकको काममा सुपरीवेक्षण गर्नको लागि पशु चिकित्सा विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको कुनै कर्मचारीलाई मन्त्रालयले मासु सुपरीवेक्षक तोक्न सक्नेछ ।

(२) मासु निरीक्षक नियुक्त नभएको अवस्थामा मन्त्रालयले मासु सुपरीवेक्षकलाई नै मासु निरीक्षकको काम समेत गर्ने गरी तोक्न सक्नेछ ।

(३) मासु सुपरीवेक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८. **पशु वध गर्नु अघि जचाउनु पर्ने:** (१) कुनै पशु वध गर्नुभन्दा अघि पशु वधशाला र वध स्थल स्थापना भएको क्षेत्रमा पशु वधशाला र वध स्थलमा र पशु वधशाला र वध स्थल स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले तोकेको स्थानमा त्यस्तो पशु जँचाउनु पर्नेछ । पशु जाँच गर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गरिएको पशुपन्छी वध गर्न उपयुक्त देखिएमा मासु निरीक्षकले तोकिए अनुसार चिन्ह समेत अंकित गरी त्यस्तो पशुपन्छी वध गर्ने अनुमति दिनेछ ।

(३) उपदफा (१) बमोजिम जाँच गरिएको पशुपन्छी रोगी देखिएमा त्यस्तो पशुपन्छी वध गर्न मासु निरीक्षकले रोक लगाउनेछ ।

९. **पशु वधशाला र वध स्थलमा पशु वध गर्नुपर्ने:** (१) दफा ८ बमोजिम वध गर्न उपयुक्त देखिएको पशुपन्छीलाई पशु वधशाला र पशु वध स्थलमा वध गर्नु पर्नेछ तर प्रचलित कानून बमोजिम निषेध गरिएका दिनमा पशुपन्छी वध गर्न पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पशु वधशाला र वध स्थल स्थापना नभएको क्षेत्रमा मासु सुपरीवेक्षकले स्थानीय तहको समन्वयमा तोकेको समय र स्थानमा त्यस्तो पशुपन्छी वध गर्नु पर्नेछ ।

१०. **वध गरिएको पशुपन्छीको मासु जाँच गर्नु पर्ने:** (१) दफा ९ बमोजिम वध गरिएको पशुपन्छीको मासु निरीक्षकले तोकिए बमोजिम जाँच गर्नु पर्नेछ ।

(२) मासु निरीक्षकले उपदफा (१) बमोजिम वध गरिएको पशुपन्छीको मासु जाँच गर्दा त्यस्तो मासुमा केही खराबी वा रोग भएको पाइएमा त्यस्तो मासु आंशिक वा पूर्ण रुपमा बिक्री वितरणको लागि निषेध गर्नेछ ।

(३) यस दफाको प्रयोजनको लागि मन्त्रालयले मासु जाँच गर्ने प्रयोगशाला तोक्ने छ ।

**११. मासु बिक्री गर्न नपाइने:** (१) दफा २ को खण्ड (क) मा उल्लेखित पशु बाहेक अन्य पशुको मासु बिक्री गर्न पाइने छैन ।

(२) रोग लागी वा कालगतिले मरेको पशुको मासु बिक्री गर्न पाइने छैन ।

(३) छाला सहितको मासु बिक्री गर्न पाइने छैन । तर पन्छी, सुंगुर, बंगुर वा बँदेलको मासु र पशुको जात चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा पशुको टाउको वा खुट्टा छाला सहित बिक्री गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) आफ्नो परम्परा र संस्कृतिको लागि यस दफाले बाधा पुऱ्याउने छैन ।

**१२. मासुमा छाप वा चिह्न लगाउनु पर्ने:** (१) मासु निरीक्षकले पशुपन्छीको मासु जाँच गरी मासु बिक्री गर्न अनुमति दिंदा त्यस्तो मासुमा तोकिए बमोजिमको छाप वा चिह्न स्पष्ट देखिने गरी लगाउनु पर्नेछ ।

(२) मासु बिक्रेताले उपदफा (१) बमोजिम छाप वा चिह्न नलगाएको मासु बिक्री गर्न पाउने छैन ।

**१३. मिसावट गरी मासु बिक्री गर्न नहुने:** (१) एक प्रकारको पशुपन्छीको मासुलाई अर्को प्रकारको पशुपन्छीको मासु हो भनी वा एक प्रकारको पशुपन्छीको मासु र अर्को प्रकारको पशुपन्छीको मासु मिसावट गरी बिक्री गर्न पाइने छैन ।

(२) मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाई बिक्री गर्न पाइने छैन ।

**१४. दस्तुर लाग्ने:** यस ऐन बमोजिम पशुपन्छी वा मासु जाँच गराउँदा लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

**१५. प्रवेश गर्न सक्ने:** मासु निरीक्षक वा मासु सुपरीवेक्षकले जुनसुकै बेला पशु वधशाला र वध स्थल वा मासु बिक्री गरिने स्थानमा प्रवेश गरी पशुपन्छी वा मासु जाँच गर्न वा मासुको नमूना लिन सक्नेछ । सो कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१६. बाधा नहुने:** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परम्परादेखि चलिआएको चाडपर्व, धार्मिक पूजा आजा, कुनै भोज भतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पशु वधशाला र वध स्थल बाहेकका स्थानमा पशुपन्छी वध गर्न बाधा पुऱ्याएको मानिने छैन ।

**१७. <u>दण्ड सजायः</u>** (१) दफा ३, दफा ८ को उपदफा (१) वा (३), दफा ९, दफा १० को उपदफा (२), दफा ११ को उपदफा (१) वा (२) वा (३) वा दफा १२ को उपदफा (२), दफा १३ को उपदफा (१) वा (२) र दफा १४ उल्लंघन गर्ने व्यक्तिलाई पहिलो पटक भए दश हजार देखि पचास हजार रुपैयाँसम्म र दोस्रो पटक सो को दोब्बर वा कसुरको प्रकृति हेरी लाईसेन्स खारेज र एक महिना जेल सजाय वा दुवै सजाय हुनेछ ।

**१८. <u>अधिकार प्रत्यायोजनः</u>** यस ऐन बमोजिम मन्त्रालयले केही अधिकार आवश्यकता अनुसार कुनै निकाय वा व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. <u>प्रदेश सरकार वादी हुने</u>**: यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ ।

**२०. <u>मुद्दाको तहकिकात र दायरीः</u>** (१) यस ऐन अन्तर्गतको कसूरको तहकिकात मासु निरीक्षकले गर्नेछ र तहकिकातको काम पूरा भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्दा मुद्दाको तहकिकात गर्ने कर्मचारीले सरकारी वकिलसित राय सल्लाह लिन सक्नेछ ।

**२१. <u>मुद्दा हेर्ने अधिकारीः</u>** (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दा हेर्ने अधिकारी मन्त्रालयबाट तोकिने छ ।

(२) पुनरावेदन सुन्ने अधिकारी मन्त्रालयको सचिव हुनेछ ।

**२२. <u>प्रचलित कानून बमोजिम हुने</u>**: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

**२३. <u>नियम बनाउने अधिकारः</u>** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

**२४. <u>बचाउ</u> :** यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

# दाना पदार्थ ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/१२/१२

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

×........

## दाना पदार्थको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : दाना पदार्थमा अवान्छनीय मिसावट रोक्न र दाना पदार्थमा रहेको कुनै स्वाभाविक गुण र उपयोगिता घटाउन वा झिक्न नपाउने गरी दाना पदार्थको उचित गुणस्तर बनाई राख्न वाञ्छनीय भएकोले,

❋लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "×......, दाना पदार्थ ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "दाना पदार्थ" भन्नाले पशु, पन्छी र माछाले खाने, पिउने वस्तु वा त्यस्ता वस्तुहरुको सम्मिश्रणबाट बनेको अरु कुनै खाने पिउने वस्तु सम्झनु पर्छ ।

(ख) "दाना निरीक्षक" भन्नाले दफा ५ बमोजिम नियुक्त भएको वा तोकिएको दाना निरीक्षक सम्झनु पर्छ ।

(ग) "दूषित दाना पदार्थ" भन्नाले देहायको कुनै अवस्थाको दाना पदार्थ सम्झनु पर्छः

(१) दफा १० बमोजिम निर्धारित गरिएको गुणस्तर भन्दा कमसल हुनेगरी प्रमुख अंकको परिमाण घटाइएको वा अर्को कुनै पदार्थ संमिश्रण गरिएको दाना पदार्थ,

---

× प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

❋ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(२) पशु, पन्छी र माछालाई हानीकारक हुने गरी सडेको, गलेको वा फोहोर मैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको दाना पदार्थ,

(३) केही वा सम्पूर्ण भाग कुनै रोगी वा रोग कारक पशु, पन्छी वा हानीकारक वनस्पतिबाट बनेको दाना पदार्थ,

(४) यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको न्यूनतम आवश्यक गुणस्तर भन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको दाना पदार्थ ।

*(ग१) ‘‘प्रदेश’’ भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्दछ ।

(घ) “मन्त्रालय” भन्नाले *प्रदेश सरकारको कृषि, पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कार्य जिम्मेवारी रहेको मन्त्रालय सम्झनु पर्छ ।

(ङ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) “सचिव” भन्नाले *मन्त्रालयको सचिव सम्झनु पर्छ ।

३. **दूषित दाना पदार्थको उत्पादन, बिक्री, वितरण, निकासी, पैठारी तथा संचय गर्न नपाइने** : कुनै व्यक्तिले दूषित दाना पदार्थको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी वा संचय गर्न हुँदैन ।

४. **ढाँटी झुक्याई दाना पदार्थको बिक्री वितरण गर्न नहुने** : कसैले कुनै दाना पदार्थलाई अर्को दाना पदार्थ हो भनी वा कुनै कम गुणस्तरको दाना पदार्थलाई माथिल्लो स्तरको दाना पदार्थ हो भनी ढाँटी वा झुक्याई बिक्री वा वितरण गर्न हुँदैन ।

५. **दाना निरीक्षकको नियुक्ति र अधिकार** : (१) यो ऐनको प्रयोजनका निमित्त मन्त्रालयले दाना निरीक्षक नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) यस ऐनको अन्य दफाहरुमा लेखिएदेखि बाहेक दाना निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

६. **दाना पदार्थ रोक्का राख्न सकिने** : (१) कुनै दाना पदार्थ दूषित हो भन्ने शंका लागेमा दाना निरीक्षकले त्यस्तो दाना पदार्थ सिलवन्दी गरी सोको धनीलाई नै जिम्मा लगाई त्यसको भरपाई निजबाट लिई रोक्का राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का भएको दाना पदार्थ दुषित हो भन्ने अनुसन्धान प्रयोगशालाको परीक्षणबाट ठहरिएपछि दाना निरीक्षकको आदेशले सो दाना

---

*प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

पदार्थ जफत हुन सक्नेछ र त्यस्तो दाना पदार्थ नष्ट गर्नुपर्ने रहेछ भने त्यसको नष्ट गर्न लाग्ने खर्च समेत दाना पदार्थको धनीले व्यहोर्नु पर्नेछ।

७. **अनुज्ञापत्र लिनुपर्ने** : (१) तोकिएको दाना पदार्थ उत्पादन वा बिक्री वितरण गर्न चाहने व्यक्तिले तोकिएको अधिकारीबाट तोकिए बमोजिम अनुज्ञापत्र लिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सिलवन्दी भएका दाना पदार्थका हकमा अनुज्ञापत्र प्राप्त उत्पादक वा थोक बिक्रेताबाट तोकिए बमोजिम जमानतपत्र प्राप्त खुद्रा बिक्रेताले यस दफा बमोजिम अनुज्ञापत्र लिनु पर्नेछैन।

८. **दण्ड सजाय** : यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेशको उल्लघंन गर्ने व्यक्तिलाई पहिलो पटक पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक पटक पच्चीस हजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

९. **फर्म वा संगठित संस्थाले गरेको अपराधको दायित्व** : कुनै फर्म वा संगठित संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम वा आदेश उल्लघंन गरेमा फर्मको हकमा सो फर्मको धनी वा साझेदार र कुनै संगठित संस्था भए सो संस्थाको कामकाज गर्ने मुख्य प्रशासकीय अधिकारी दफा ८ को प्रयोजनका लागि सजायको भागी हुनेछ।

तर आफू धनी, साझेदार वा त्यस्तो प्रशासकीय अधिकारी हुनुभन्दा अगावै गरेको काम कुराका हकमा वा सो उल्लघंन भएको कुरा थाहा पाउन नसक्ने स्थिति थियो भन्ने प्रमाणित गरेमा सो व्यक्ति त्यस्तो सजायको भागी हुने छैन।

१०. **दाना पदार्थको गुणस्तर तोक्ने अधिकार** : कुनै दाना पदार्थमा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधिभित्रको हुनुपर्छ भन्ने कुराका सम्बन्धमा प्रदेश सरकारले समय समयमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी आदेश दिन सक्नेछ।

११. **दाना पदार्थको जाँच** : कुनै दाना पदार्थ दूषित हो वा होइन भन्ने कुराको परीक्षण तोकिएको अनुसन्धानशालामा समयमै गराई सो अनुसन्धानशालाको सम्बन्धित अधिकारीबाट प्रतिवेदन लिइनेछ।

१२. **दानाको गुणस्तर निर्धारण समिति** : मन्त्रालयले आवश्यकता अनुसार दानाको गुणस्तर निर्धारण गर्न तोकिए बमोजिम एक दानाको गुणस्तर निर्धारण समिति गठन गर्न सक्नेछ। उक्त समितिको काम कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ।

१३. **प्रदेश सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा प्रदेश सरकार वादी हुनेछ।

१४. **मुद्दाको तहकिकात र दायरी** : (१) यस ऐन अन्तर्गतको मुद्दाको तहकिकात दाना निरीक्षकले गर्नेछ र तहकिकात पूरा गरी निजले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा दाना निरीक्षकले सरकारी वकिलको राय लिन सक्नेछ ।

**१५.** **<u>मुद्दा हेर्ने अधिकारी</u>** : यस ऐन अन्तर्गतको मुद्दा मामिलाको शुरु कार्वाही र किनारा गर्ने अधिकार मन्त्रालयले तोकेको अधिकारीलाई हुनेछ ।

**१६.** **<u>पुनरावेदन</u>** : दफा १५ बमोजिमको मुद्दा हेर्ने अधिकारीले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले एक्काईस दिनभित्र सो निर्णय उपर मन्त्रालयका सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ ।

**१७.** **<u>नियम बनाउने अधिकार</u>** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

**१८.** **<u>बचाउ</u>** : यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

# मल ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/२९

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

*.......

## मल व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः गुणस्तरीय मल उत्पादन, बिक्री वितरण तथा आपूर्तिलाई व्यवस्थित तथा नियमन गर्न, कृषि उत्पादनमा बृद्धि गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम * .... मल ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा:-

(क) "जिल्ला मल व्यवस्थापन समिति" भन्नाले यस ऐनको दफा ७ अनुसारको समितिलाई सम्झनु पर्छ

(ख) "निरीक्षक" भन्नाले यस ऐनको दफा १९ अनुसार नियुक्त मल निरीक्षकलाई सम्झनु पर्छ।

(ग) "प्रदेश मल व्यवस्थापन समिति" भन्नाले दफा १२ अनुसारको प्रदेश मल व्यवस्थापन समितिलाई सम्झनु पर्छ।

(घ) "प्राङ्गारिक तथा जैविक मल" भन्नाले कृषि वालीका लागि आवश्यक पोषणतत्त्व उपलव्ध गराउनका लागि बोट विरुवा वा जीवजन्तुका मलमूत्र कुहाएर वा सुक्ष्म जीव प्रयोग गरेर तयार गरिएका कार्वनयुक्त पदार्थलाई जनाउँछ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(ङ) * "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(च) "मल" भन्नाले ठोस वा तरल रुपमा रहेका प्राङ्गारिक ,जैविक, सूक्ष्म तत्वयूक्त मल तथा रासायनिक मललाई सम्झनु पर्छ।

(छ) "मान्यता प्राप्त प्रयोगशाला" भन्नाले प्रदेश माटो परीक्षण प्रयोगशालाबाट माटो तथा मल परीक्षण गर्ने मान्यता पाएको प्रयोगशाला सम्झनु पर्छ ।

(ज) "आधुनिक प्रयोगशाला" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्थाकृषि तथा , सहकारी मन्त्रालय मातहत रहेको प्रयोगशाला सम्झनु पर्छ ।

(झ) "विश्लेषक" भन्नाले प्रदेश मन्त्रालयबाट तोकिएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ञ) "रासायनिक मल" भन्नाले कृषि वालीमा आवश्यक पोषणतत्त्व उपलव्ध गराउनका लागि बोटविरुवा वा माटोमा प्रयोग गर्न कृत्रिम रासायनिक प्रकृयावाट उत्पादन गरिएको मल सम्झनु पर्छ ।

(ट) *"सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ।

## परिच्छेद-२

## मल उत्पादन र आयात

३. आयात अनुमतिः मल आयात सम्बन्धी पुरा गर्नु पर्ने सबै प्रावधानहरु प्रचलित कानून बमोजिम हुनेछ।

४. मल उत्पादन अनुमति लिनुपर्नेः (१) मल उत्पादकले अनुमति लिएर मात्र मल उत्पादन गर्न पाउने छ।

(२) मल उत्पादन गर्न चाहने फर्म वा कम्पनिले मन्त्रालयवाट अनुमति लिनु पर्नेछ ।

(३) अनुमती सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ।

## परिच्छेद-३

## मल बितरण तथा मौज्दात सम्वन्धी व्यवस्था

५. अनुमति सम्बन्धी व्यवस्थाः मल बिक्री वितरण गर्न चाहने इच्छुक व्यक्ति वा संस्थाले सम्बन्धित स्थानीय तहबाट तोकिए वमोजिम मल बिक्रिको अनुमति लिनु पर्नेछ ।

६. अनुमति पत्रको नविकरणः (१) मल बिक्री वितरण अनुमति पत्र प्रत्येक दुई वर्षमा नविकरण गर्नुपर्नेछ ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(२) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>जिल्ला मल व्यवस्थापन समितिको गठनः</u> जिल्ला भित्र देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी जिल्ला मल व्यवस्थापन समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला समन्वय समिति | -अध्यक्ष |
| (ख) | अधिकृतस्तरको प्रतिनिधि जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| (ग) | अध्यक्ष जिल्ला सहकारी संघ | -सदस्य |
| (घ) | मन्त्रालयले तोकेको सम्बन्धित जिल्लाका एकजना विज्ञ | -सदस्य |
| (ङ) | व्यवसायिक किसानका तर्फबाट महिला/पुरुष एक/एक जना | -सदस्य |
| (च) | *प्रमुख, जिल्लाको कृषि सम्बन्धी विषय हेर्ने लुम्बिनी प्रदेश कार्यालय | सचिव-सदस्य |

८. <u>जिल्ला मल व्यवस्थापन समितिको काम</u> <u>कर्तव्य र अधिकारः</u> यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लालाई आवश्यक पर्ने मलखादको आधार क्षेत्र निर्धारण गरी समयमै प्रक्षेपण गर्ने,

(ख) अनुदान प्राप्त भएको वा अन्य तरिकाले प्राप्त भएको मलको वितरण व्यवस्था मिलाउने,

(ग) जिल्ला भित्र मल ढुवानीका लागि ढुवानी दर निर्धारण गर्ने,

(घ) बिक्री प्रयोजनको प्राङ्गारिक, रासायनिक वा अन्य मलको गुणस्तर जाँचको व्यवस्था मिलाउने,

(ङ) मलखाद नियमानुसार वितरण भए नभएको अनुगमन गर्ने,

(च) मलखाद सम्बन्धी अन्य आवश्यक कार्यहरु गर्ने गराउने।

९. <u>मल वितरण सम्बन्धी व्यवस्थाः</u> (१) गैह्र अनुदानित मलको हकमा प्रदेशस्थित तोकिए बमोजिमका थोक विक्रेतालाई प्राप्त हुने मल बिक्रेताको अनुमति प्राप्त व्यक्ति डिलर वा सहकारी मार्फत विक्री वितरणको व्यवस्था गरिनेछ।

(२) अनुदानित मलको हकम समितिले जिल्लागत रुपमा छुट्याएका अनुदानका मलहरुको परिमाणात्मक कोटालाई सम्बन्धित जिल्ला मल व्यवस्थापन समितिको सिफारिसको आधारमा कृषि सहकारी संस्था मार्फत वितरण गरिनेछ।

तर, कृषि सहकारी संस्था उपलव्ध नभएमा कृषक समूहहरुद्वारा समेत वितरण गर्न सकिनेछ।

**(**३) एकै समयावधिमा कुनै एक मल वितरक संस्थाले अनुदानको मल र गैर अनुदानको मल विक्री गर्न पाउने छैन ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित गरिएको।

(४) दुर्गम र भौगोलिक रूपमा विकट स्थानको लागि अनुदान र वितरणको विशेष व्यवस्था गरिने छ ।

(५) अनुदान दिने मलका प्रकार र अनुदानको मलको परिमाण र अन्य आवश्यक विषयहरू प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

१०. <u>अनुदानको मल वितरण सम्बन्धी विशेष व्यवस्थाः</u> (१) अनुदानित मल विक्री गर्न सहकारी संस्थाले थप गर्ने ढुवानी र लोड अन्लोडको अधिकतम् खर्च जिल्ला मल व्यवस्थापन समितिले तोक्नेछ।

(२) तोकिएको ढुवानी र लोड अन्लोडको अधिकतम् खर्चभन्दा वढी रकम लिई अनुदानित मल विक्री वितरण गर्ने सहकारी संस्थाको इजाजत पत्र खारेज गरिनेछ।

११. <u>मौज्दात राख्नु पर्नेः</u> दफा ९ (१) बमोजिम तोकिएका थोक विक्रेताले अघिल्लो आर्थिक वर्षको विक्री परिमाणको न्यूनतम् पन्ध्र प्रतिशत मल मौज्दातको रुपमा राख्नु पर्नेछ।

## परिच्छेद ४

## <u>समिति तथा सङ्गठन सम्बन्धी व्यवस्था</u>

१२. <u>मलको आपूर्ति तथा वितरणः</u> प्रदेशभित्र मलको आपूर्ति तथा वितरण कार्यलाई व्यवस्थापन र नियमन गर्न तथा मलको मापदण्ड सम्बन्धी बिषयमा प्रदेश सरकारलाई सिफारिस गर्न एक प्रदेश मल व्यवस्थापन समिति रहनेछ ।

१३. <u>प्रदेश मल व्यवस्थापन समितिको गठनः</u> प्रदेश मल व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) दफा ९ (१) बमोजिम तोकिएका थोक विक्रेताका प्रतिनिधिहरु मध्येबाट एक जना -सदस्य

(घ) व्यवसायिक कृषक एक जना - सदस्य

(ङ) प्रतिनिधि, प्रादेशिक उद्योग वाणिज्य महासंघ - सदस्य

(च) प्रतिनिधि, कृषि सहकारी संघबाट महिला प्रतिनिधि एक जना - सदस्य

(छ) मल विज्ञ र माटो विज्ञ एक/एक जना - सदस्य

(ज) महाशाखा प्रमुख, मन्त्रालयबाट तोकिए बमोजिम एक जना -सदस्य सचिव

१४. <u>समितिको वैठक सम्बन्धी व्यवस्थाः</u> (१) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१५. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्रदेश स्तरमा आवश्यक पर्ने मलको माग अनुसारको परिमाणको प्रक्षेपण गर्ने।

(ख) अनुदानमा प्राप्त मलको न्यायोचित एवम् समानुपातिक वितरण सम्बन्धी मापदण्ड तयार गर्ने।

(ग) प्रदेश भित्रका जिल्लाहरुमा वितरण हुने मलको जिल्लागत परिमाणको कोटा निर्धारण गर्ने ।

(घ) प्रदेश सरकारले अवलम्वन गर्नुपर्ने मल सम्बन्धी नीति, कानून र मापदण्डहरुको तर्जुमा तथा संसोधन सम्बन्धी बिषयमा मन्त्रालयलाई राय सहित सिफारिस गर्ने ।

(ङ) मलको गुणस्तर परीक्षणको व्यवस्था मिलाई वितरण गर्ने ।

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## परिच्छेद ५
## <u>मलको गुणस्तर मापदण्ड र निरीक्षण</u>

१६. <u>मलको गुणस्तरः</u> मलको गुणस्तरको मापदण्ड प्रदेश सरकारले तोके अनुसार हुनेछ ।

१७. <u>मलको निरीक्षणः</u> (१) मलको निरिक्षण दफा १९ अनुसारको योग्यता प्राप्त निरिक्षकद्वारा गरिनेछ ।

(२) *जिल्लाको कृषि सम्बन्धी विषय हेर्ने प्रदेशको कार्यालयले समय-समयमा अनुगमन र निरीक्षण गरी rf}मासिक प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) ऐनको व्यवस्था पालना भए नभएको निरीक्षण मल निरीक्षकले गर्नेछ।

१८. <u>प्रयोगशाला सम्बन्धी व्यवस्थाः</u> मलको गुणस्तर परीक्षण आधिकारीक प्रादेशिक स्तरको माटो परिक्षण प्रयोगशाला वा अन्य मान्यता प्राप्त प्रयोगशालामा गरिनेछ ।

१९. <u>मल निरीक्षकको व्यवस्थाः</u> (१) मल निरीक्षकको नियुक्ती तथायोग्यता सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ ।

(क) मलको बिक्री वितरण तथा नियमनका लागि तोकिए बमोजिम मल निरीक्षक रहनेछन्।

(ख) मल निरीक्षकको नियुक्ती मन्त्रालयले गर्नेछ ।

(ग) मल निरीक्षक कम्तिमा अधिकृत स्तरको स्थायी कर्मचारी हुनु पर्नेछ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(घ) मल निरीक्षकको न्यूनतम् शैक्षिक योग्यता कृषि बिज्ञानमा स्नातक पास गरेको हुनु पर्नेछ।

(ङ) मल निरीक्षकले मन्त्रालयले तोके अनुसारको तालिम लिएको हुनु पर्नेछ ।

(च) माथि जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालयले प्रभावकारी नियमनका लागि उल्लिखित योग्यता पुगेका जुनसुकै अधिकृतलाई मल निरीक्षक तोक्न सक्नेछ।

२०. मल निरिक्षकको काम, कर्तव्य र अधिकारः मल निरिक्षकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## मल विक्री वितरण सम्बन्धी व्यवस्था

२१. मापदण्ड पुगेको मल मात्र बिक्री वितरण गर्नु पर्नेः (१) प्रत्येक मल उत्पादक, वितरक फर्म, कम्पनी वा संस्थाले सरकारले तोके अनुसारको मापदण्ड पुगेको मलमात्र विक्री वितरण गर्नुपर्नेछ ।

(२) मल वितरक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले मलको कृत्रिम अभाव सिर्जना हुने गरी मलको मौज्दात लुकाउने वा मनपरी मूल्य बढाउन पाइनेछैन ।

## परिच्छेद ७

## अनुसन्धान तथा तहकिकात

२२. मुद्दाको तहकिकात र दायरीः (१) मुद्दको प्रारम्भिक अनुसन्धान गर्ने अधिकार मल निरीक्षकलाई हुनेछ ।

(२) यस ऐन अनुसारको मुद्दा प्रदेश सरकार बादी हुनेछ।

(३) मुद्दाको प्रारम्भिक सुनुवाई गर्ने अधिकार मन्त्रालयबाट तोकिएको अधिकारीलाई हुनेछ।

(४) तोकिएको अधिकारीले गरेको फैसला उपर चित्त नबुझे मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद ८

## दण्ड सजाय

२३. दण्ड सजायः (१) दफा ४ को उपदफा (१) बमोजिम अनुमति नलिई मल उत्पादन गरेमा त्यस्तो संस्था वा फर्म बन्द गरी पचास हजार रुपैया जरिवाना गरिनेछ।

(२) दफा ५ बमोजिम कसैले अनुमति नलिई मल बिक्री वितरण गरेमा दश हजार रुपैया देखी पचास हजार रुपैयासम्म जरिवाना हुनेछ।

(३) दफा २१ को उपदफा (१) वा (२) को कसुरमा मल उत्पादक वितरक कम्पनी वा संस्थालाई पच्चिस हजार देखी पचास हजार रुपैयासम्म जरिवाना हुनेछ।

**परिच्छेद ९**

**विविध**

२४. आवश्यक सहयोग गर्नुपर्नेः यस ऐन बमोजिम कार्य गर्दा निरीक्षकले सहयोगका लागि अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा सम्बन्धित निकाय तथा अधिकारीको आवश्यक सहयोग गर्नु कर्तव्य हुनेछ।

२५. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य हासिल गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

# वातावरण संरक्षण ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०३/१६

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: वातावरण र विकास बीच सन्तुलन कायम गर्दै विकासको क्रममा प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल प्रभाव र जोखिम कम गर्न तथा वातावरणीय प्रदुषणबाट पीडितलाई क्षतिपूर्ति समेत उपलब्ध गराउन र जलवायु परिवर्तनका सम्भावित चुनौतिको व्यवस्थापन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक अधिकारको सुनिश्चितताको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

*प्रारम्भिक*

१. सक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "वातावरण संरक्षण ऐन, २०७७ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानी नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनुपर्छ।

(ख) "उत्सर्जन" भन्नाले कुनै स्रोतबाट कुनै निश्चित समयमा वातावरणमा हरितगृह ग्यास वा अन्य कुनै ग्यास, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनुपर्छ।

(ग) "कार्यसूची" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नको लागि गर्नुपर्ने कार्यहरुको विवरण सम्झनु पर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(घ) "जलवायु परिवर्तन" भन्नाले लामो समयको अन्तरालमा प्राकृतिक वा मानवीय क्रियाकलापका कारणले वायुमण्डलीय बनावटमा हुने फेरबदलबाट पृथ्वीको जलवायुमा हुने परिवर्तन सम्झनु पर्छ।

(ङ) "जैविक विविधता" भन्नाले प्राणी र वनस्पतिको विविधता सम्झनुपर्छ र सो शब्दले पारिस्थितिकीय, प्रजातीय तथा आनुवांशिक विविधतालाई समेत जनाउँछ ।

(च) "जोखिम पूर्णपदार्थ" भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विसर्जन सम्बन्धी वासेल महासन्धिमा सूचीकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षरक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्यासको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनुपर्छ।

(झ) "परिषद्" भन्नाले दफा २२ बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनुपर्छ।

(ञ) "पूरक प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले एक पटक स्वीकृत भइसकेको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न वा आयोजनाको क्षमतावृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर थप गरिने प्रारम्भिक वातावरणीय परीक्षण सम्झनुपर्छ।

(ट) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एकपटक स्वीकृत भईसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार, डिजाईन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमतावृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर थप गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ।

(ठ) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी

वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्यातउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी पुर्याणउने कार्य सम्झनुपर्छ।

(ड) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(ढ) "प्रस्तावक" भन्नाले प्रस्तावको स्वीकृतिको लागि निवेदन दिने वा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति, सरकारी, अर्ध-सरकारी वा गैर-सरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ण) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(त) "फोहरमैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनुपर्छ।

(थ) * "मन्त्रालय" भन्नाले प्रदेश सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(द) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ।

(ध) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातारणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(न) "वातावरणीय पार्श्वचित्र" भन्नाले कुनै निश्चित क्षेत्रको वातावरणीय पक्षहरू को विश्लेषण तथा नक्सांकनको आधारमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(प) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकुलप्रभाव पार्ने वा नपार्ने सम्बन्धमा एकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(फ) "वातावरणीय सम्परीक्षण" भन्नाले प्रस्ताव कार्यान्वयन भएको निश्चित अवधि पछि वा प्रस्ताव कार्यान्वयनको अवधि समाप्त भए पछि वातावरणीय अध्ययन प्रतिवेदनमा प्रक्षेपित प्रभाव र वास्तविक प्रभावहरुको लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ।

(ब) "व्यवस्थापन" भन्नाले जलवायु परिवर्तनका कारक तत्वको न्यूनीकरण तथा यसको नकारात्मक प्रभावको न्यूनीकरण, सकारात्मक प्रभावको वृद्धि तथा अनुकूलन गर्ने कार्य सम्झनुपर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, विज्ञव्यवस्था, क्षमता अभवृद्धि लगायतका समष्टिगत कार्यसमेतलाई जनाउँछ।

(भ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(म) "स्थानीय तह" भन्नाले नगरपालिका वा गाउँपालिकालाई सम्झनुपर्छ ।

(य) "हरीतगृह ग्यास" भन्नाले वायूमण्डलको तापक्रम परिवर्तन गर्न सक्ने कण र ग्यासहरु अथवा तिनको समष्टिगत रुपलाई सम्झनुपर्छ।

(र) "क्षेत्र निर्धारण" भन्नाले वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु भन्दा पहिले कुनैपनि प्रस्ताव कार्यान्वयनबाट हुने प्रभाव तथा असरहरुका क्षेत्रहरुको विवेचनात्मक दस्तावेज सम्झनु पर्छ।

## परिच्छेद २
## वातावरणीय अध्ययन प्रतिवेदन

३. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेः** (१) प्रस्तावकले तोकिए बमोजिमको प्रस्ताव कार्यान्वयन गर्नुपूर्व तोकिए बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रक्रिया पूरा गरी देहायका निकाय समक्ष पेश गर्नु पर्नेछ।

(क) प्रदेश प्राथमिकता प्राप्त विकास आयोजना,प्रदेश गौरवका आयोजना, प्रदेश लगानी बोर्डबाट स्वीकृत भई कार्यान्वयन गरिने आयोजना,प्रचलित कानून बमोजिम प्रदेशको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना, एक भन्दा बढी स्थानीय तहहरुमा संचालन गर्नु पर्ने आयोजना वा प्रदेश सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदनको हकमा मन्त्रालय समक्ष।

(ख) स्थानीय तहको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजनाको प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको हकमा मन्त्रालय समक्ष।

(ग) प्रचलित कानून बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनवा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको हकमा स्थानीय तहको कानूनले तोकेको निकाय समक्ष।

(घ) प्रचलित कानून बमोजिम तोकिएका अन्य प्रस्तावहरूको हकमा सोही बमोजिम।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत स्वीकृतिका लागि पेश भएका वातावरणीय अध्ययन प्रतिवेदन त्यस्तो प्रतिवेदन पेश गर्दाका बखत प्रचलनमा रहेको कानूनी व्यवस्था अनुसार स्वीकृत गर्न बाधा पर्ने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक नपर्ने कार्य वा आयोजना संचालन गर्दा यस दफा बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक पर्ने छैन।

(५) प्रस्तावकले तोकिदिएको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(६) वातावरण अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. <u>विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने</u>: (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावको विकल्पहरु विश्लेषण गर्दा त्यस्ता विकल्पहरु मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले प्रस्ताव बमोजिमको आयोजना कार्यान्वयन गर्दा विकल्प विश्लेषणबाट प्राप्त भएको सबैभन्दा उत्तम विकल्प कार्यान्वयनको लागि छनौट गर्नुपर्नेछ।

५. <u>क्षेत्र निर्धारण तथा कार्यसूचीः</u> (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पूर्व मन्त्रालयबाट त्यस्तो प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा कार्यसूची र वातावरणीय प्रभाव मूल्यांकनको हकमा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. <u>वातावरणीय व्यवस्थापन योजनाः</u> (१) प्रस्तावकले वातावरणीय अध्ययन गर्दा पाईएका प्रतिकूल प्रभावहरुको न्यूनिकरण तथा नियन्त्रण एवम् अनुकुल प्रभावहरुको प्रबर्द्धन गर्नको लागिप्रस्ताव कार्यान्वयनका चरणहरु अनुसार तोकिए बमोजिम निरीक्षण अनुगमन तथा सम्परीक्षण व्यवस्था सहितको वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावक आफैले व्यहोर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको क्षेत्र निर्धारण र कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गर्दा प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने स्थानीय समुदाय मार्फत कार्यक्रम संचालन गर्न प्राथमिकता दिनुपर्नेछ।

७. <u>वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्नेः</u> (१) म कसैले पनि यस ऐन बमोजि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई कुनै पनिप्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

(२) दफा ३ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन पेश गरिएको निकायले जाँचबुझ गरी स्वीकृत गर्न सकिनेछ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. <u>पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेः</u> (१) दफा ७ बमोजिम स्वीकृत भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको प्रस्तावको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, आयोजनाको क्षमता वृद्धि गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको पूरक प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्नेछ।

(२) बमोजिम स्वीकृत भएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले ७दफा वको भौतिक पूर्वाधारतोकेको प्रस्ता, डिजाइन वा स्वरुपमा परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, आयोजनाको क्षमता वृद्धि गर्नु परेमा वा वन क्षेत्र थप गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले सोको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

तर पूरक वातावरणीय प्रभाव मूल्याङ्कन पर्याप्त नहुने देखिएमा मन्त्रालयले पुनः वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आदेश दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पहिलो पटक प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भएको प्रस्तावमा फेरबदलका कारण तोकिए बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अवस्था देखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(४) पूरक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>वातावरणीय सम्परीक्षण गर्नुपर्नेः</u> (१) यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङकन स्वीकृत भएको र कार्यान्वयन तथा संचालनमा आएको दुई वर्ष पुगेको मितिले छ महिना भित्र प्रस्ताव कार्यान्वयनबाट भएको वातावरणीय प्रभावको सम्परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय सम्परीक्षण गर्दा प्रस्तावमा उल्लेख भएका प्रभाव र न्यूनिकरणका उपायहरु पर्याप्त भए नभएको न्यूनिकरण कार्यान्वयनमा आई

परेका वाधा व्यवधानहरुको विश्लेषणात्मक अध्ययन गरी सुझाव सहितको वातावरणीय सम्परीक्षण प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको वातावरणीय सम्परीक्षण प्रतिवेदन अनुसार उल्लेख भएका सुझावहरु कार्यान्वयनको लागि मन्त्रालयले आदेश दिनेछ र सोको पालना गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

१०. रणनीतिक योजना बनाउन सक्नेः (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नु अघि त्यसको रणनीतिक वातावरणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११. रोक लगाउन सक्नेः (१) यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन भन्दा विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकायले सो प्रस्ताव कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको कारणबाट प्रस्तावकलाई हुन जाने क्षति वापत प्रस्तावकले क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिम रोक लगाइएकोमा प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार कार्यान्वयन गरेमा रोक्का गर्ने निकायले फुकुवा गर्न सक्नेछ।

१२. वातावरणीय पार्श्वचित्र बनाउन सक्नेः (१) प्रदेश सरकारले प्रदेश भित्रको कुनै क्षेत्र वा स्थानको वातावरणीय अध्ययन तथा विश्लेषण गरी सो क्षेत्रको वातावरणीय पार्श्वचित्र बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वातावरणीय पार्श्वचित्र बनाउँदा अध्ययन क्षेत्रको यनगरी सो क्षेत्रमा गर्न सकिने विकास नक्साङ्कन गर्ने र वातावरणीय वहन क्षमताको अध्य निर्माण कार्य वा आयोजनाको सीमा तोक्न सक्नेछ ।

(३) यस दफा बमोजिम बनेको वातावरणीय पार्श्वचित्रको सबैले पालना गर्नु पर्नेछ ।

(४) पार्श्वचित्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-३

## प्रदूषण नियन्त्रण तथा नियमन

१३. प्रदूषण नियन्त्रणः (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटल, रेष्टुरेन्टवा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा फोहरमैला निष्काशन वा उत्सर्जनबाट हुने नकारात्मक प्रभाव न्यूनिकरण वा नियन्त्रण गर्नतथा स्वच्छ र स्वस्थ वातावरण कायम गर्नको लागि जल, माटो, वायुको गुणस्तर कायम गर्न मापदण्ड निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको मापदण्ड विपरित कसैले पनि गरी प्रदूषण वा फोहरमैला निष्कासन वा जनजीवन वा वातावरणमा नकारात्मक प्रभाव पार्ने उत्सर्जन गर्ने कार्यगर्नु गराउनु हुँदैन ।

(३) उपदफा (१) र (२) बमोजिम कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको ठहरेमा मन्त्रालयले सम्बद्ध व्यक्ति, समूह, संस्था वा निकायलाई प्रदूषण न्यूनिकरण वा नियन्त्रण गर्न, निर्देशन दिन, शर्त तोक्न वा प्रदूषण हुन जाने कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(४) प्रदूषण तथा नकारात्मक प्रभाव नियन्त्रणको लागि मन्त्रालयको कुनै पदार्थ, ईन्धन, औजार, यन्त्र वा उपकरण सम्बन्धी प्रयोग, उत्पादन, आयात, बिक्री वितरण वा भण्डारमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(५) मन्त्रालयले प्रदूषण नियन्त्रणमा उल्लखनीय योगदान गर्ने उद्योगलाई तोकिए बमोजिम प्रदूषण नियन्त्रण प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ ।

(६) व्यवस्था तोकिए बमोजिम हुनेछ । प्रदूषण नियन्त्रण सम्बन्धी अन्य

१४. वातावरणीय सहुलियत तथा वातावरणीय प्रतीक चिन्हः (१) प्रदेश सरकारले वातावरण वा जैविक विविधता वा जलवायू परिवर्तन अनुकूलन तथा न्यूनिकरणका पक्षमा सकारात्मक प्रभाव पार्ने उद्योग, व्यवसाय, प्रविधिवा प्रकृयालाई प्रोत्साहित गर्न सहुलियत वा सुविधा दिन सक्नेछ।

(२) मन्त्रालयले प्रदेश भित्रको औद्योगिक उत्पादनलाई वातावरणीय चिन्ह तथा प्रमाणपत्र उपलब्ध गराउन सक्नेछ।

(३) प्रदूषण नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१५. <u>वातावरण निरीक्षकः</u> (१) यस ऐन बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको, प्रदूषण नियन्त्रण तथा वातावरण सम्बन्धी मापदण्डको पालना भए नभएको र स्वस्थ तथा स्वच्छ वातावरण कायम भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वातावरण निरीक्षक उपलब्ध नभएको अवस्थामा मन्त्रालयले प्रदेश सरकारको कुनै अधिकृतस्तरको कर्मचारीलाई वातावरण निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(३) दफा ३ को उपदफा (२) को खण्ड (ग) बमोजिम स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन पालना भए नभएको अनुगमन तथा निरीक्षण गर्न सम्बन्धित स्थानीय तहले आफ्नो कुनै कर्मचारीलाई वातावरण निरीक्षक तोक्न सक्नेछ ।

१६. <u>वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकारः</u> (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यो ऐन वा यस अन्तर्गत बनेको नियम तथा मापदण्ड बमोजिम प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्यहरु भए नभएको निरीक्षण गर्ने,

(ख) यसऐन बमोजिम स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय पार्श्वचित्रलगायतका प्रतिवेदन अनुसार कार्यहरु भएनभएको निरीक्षण गर्ने,

(ग) वातावरणीय चिन्ह र प्रमाणपत्र सम्बन्धमा उत्पादन तथा उत्पादन प्रकृया वातावरण मैत्री भए नभएको निरीक्षण गर्ने,

(घ) यस ऐन अनुसार दिइएको निर्देशन, शर्तहरुको पालना भए नभएको निरीक्षण गर्ने,

(ङ) दफा ११ बमोजिम रोक लगाईएको विषय पालना भए नभएको निरीक्षण गर्ने,

(२) उपदफा (१) तावरण निरीक्षकले बमोजिम निरीक्षण गर्ने सिलसिलामा वा सम्बन्धित, व्यक्तिसंस्था वा प्रस्तावकलाई जानकारी दिई कुनै घर, जग्गा, भवन, कारखाना, उद्योग, सवारी साधन, औद्योगिक संयन्त्र, औजार, मेशिनरी, जीव, वस्तु, अभिलेख, कागजात वा अन्य मालसामान वा वस्तुहरुको निरीक्षण, परीक्षण वा प्रकृयाको जाँचबुझ गर्न तथा सो सम्बन्धी बयान लिन सक्नेछ।

(३) वातावरण निरीक्षकले उपदफा (२) बमोजिम जाँचबुझको सिलसिलामा यस ऐन विपरीत भए गरेको कुनै काम कारवाही तुरुन्त रोक्का गर्नु पर्ने भएमा त्यस्तो काम कारवाही रोक्का राखी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम वातावरण निरीक्षकले कुनै काम कारवाही रोक्का राखु परेको वा राखेको जानकारी प्राप्त भएमा मन्त्रालयले सो सम्बन्धमा तुरुन्त जाँचबुझ गर्न लगाई उपयुक्त आदेश दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम निरीक्षणको सिलसिलामा वातावरण निरीक्षकले माग गरेको विवरण वा जानकारी उपलब्ध गराई आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति, संस्था वा प्रस्तावकको कर्तव्य हुनेछ ।

(६) यस दफा बमोजिम वातावरण निरीक्षक निरीक्षण गर्न जाँदा कुनै व्यक्ति वा संस्थाले निरीक्षण गर्न नदिएमा, झुट्टा विवरण दिएमा, निरीक्षणको क्रममा बाधा विरोध उत्पन्न गरेमा वा निरीक्षणमा सहयोग नगरेमा त्यस्तोव्यक्ति वा संस्थालाई वातावरण निरीक्षकले तत्काल देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) निरीक्षण गर्न नदिएमा वा निरीक्षणमा वाधा अवरोध उत्पन्न गरेमा बीस हजार रुपैयाँ सम्म,

(ख) निरीक्षणको क्रममा मागेको विवरण वा जानकारी जानी जानी उपलब्ध नगराएमा वा निरीक्षणमा सहयोग नगरेमा पन्ध्र हजार रुपैयाँ सम्म ।

(७) उपदफा (६) बमोजिम भएको जरिवानामा चित्त नबुझेमा चित्त सम्बन्धित पक्षले मन्त्रालयको सचिव समक्ष पन्ध्र दिन भित्र निवेदन गर्न सक्नेछ।

(८) उपदफा (७) य अन्तिम बमोजिमको निवेदन उपर मन्त्रालयको सचिवको निर्ण हुनेछ।

(९) यस दफा बमोजिम गरिएको निरीक्षणको प्रतिवेदन मन्त्रालयले तोकेको वातावरण निरीक्षकले मन्त्रालय समक्ष र स्थानीय तहले तोकेको वातावरण निरीक्षकले सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्नेछ ।

(१०) वातावरण निरीक्षकको अन्य काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

१७. <u>नमूना सङ्कलन गर्न दिनु पर्ने</u>: (१) वातावरण प्रदूषण तथा फोहरमैलाको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण गर्नको लागि आधिकारिक व्यक्ति वा निकायले कुनै उद्योग, यन्त्र, सवारी साधन, उपकरण वा प्रकृयाबाट उत्सर्जन हुने वा हुन सक्ने पदार्थ तथा जल, वायू वा माटोको नमूना लिन चाहेमा सम्बन्धित धनि वा व्यक्ति वा निकायले नमूना सङ्कलन गर्न दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नमूना संकलन र सोको अध्ययन, जाँच, परीक्षण वा विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१८. <u>प्रयोगशाला:</u> (१) वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी नमुना जाँच वा परीक्षण गर्न प्रदेश सरकारले वातावरण प्रयोगशाला स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना नभएसम्म मन्त्रालयले नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त कुनै प्रयोगशालामा नमूना जाँच वा परीक्षण गर्न गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशाला संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४

## <u>जलवायू परिवर्तन सम्बन्धी व्यवस्था</u>

१९. <u>अनुकूलन योजना बनाउन सक्ने:</u> (१) जलवायू परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि प्रदेश स्तरमा मन्त्रालयले र स्थानीय स्तरमा स्थानीय तहले अनुकूलन योजना बनाई कार्यान्वियन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको अनुकुलन योजना बनाउँदा जलवायू परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायू परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई बिशेष प्रथमिकता दिनु पर्नेछ।

२०. <u>जलवायू परिवर्तनको असर तथा जोखिम व्यवस्थापन:</u> (१) प्रचलित कानून बमोजिम जलवायू परिवर्तनको असर तथा जोखिम व्यवस्थापन सम्बन्धमा जारी गरेको आदेश प्रदेश सरकारले कार्यान्वियन गर्नु गराउनु पर्नेछ।

## परिच्छेद ५

## <u>वातावरण संरक्षण सम्वन्धी व्यवस्था</u>

२१. <u>वातावरणीय संरक्षण क्षेत्र:</u> (१) मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले स्वच्छ र स्वस्थ वातावरण कायम गर्न वा कुनै स्थान, धार्मिक र सांस्कृतिक क्षेत्रको वातावरणीय विशेषता संरक्षण गर्न स्थानीय तहको वा प्रदेशको कुनै क्षेत्रलाई वातावरणीय संरक्षण क्षेत्र तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा मन्त्रालयले मानवीय क्रियाकलापहरुमा नियन्त्रण गर्न सक्नेछ।

(३) मन्त्रालयले तोकिएको वातावरणीय संरक्षण क्षेत्रमा वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी योजना वा कार्यक्रम लागू गर्न सक्नेछ।

(४) प्रदेश सरकारले वातावरणीय प्रदूषणका दृष्टिले जोखिमयुक्त कुनै स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(५) कुनै क्षेत्र वा स्थान विशेषमा वातावरणीय ह्रासका कारण वातावरणमा वा जनस्वास्थयमा प्रतिकुल असर पर्ने सम्भावना देखिएमा त्यस्तो क्षेत्रलाई वातावरणीय दृष्टिले संवेदनशील क्षेत्र तोकी वातावरणीय पूनर्स्थापनाको लागि प्रदेश सरकारले विशेष व्यवस्था गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिमको क्षेत्रमा वातावरणीय दृष्टिले उल्लेखनीय सुधार भएमा त्यस्तो क्षेत्रलाई प्रदूषणयुक्त क्षेत्र र संवेदनशील क्षेत्रबाट हटाउन सक्नेछ ।

(७) वातावरणीय संरक्षण क्षेत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२२. <u>वातावरण संरक्षण परिषद्को गठन</u> : (१) वातावरण संरक्षण, प्रदूषण नियन्त्रण तथा जलवायू परिवर्तन सम्बन्धी कार्यलाई प्रदेश तथा अन्तर प्रदेश र स्थानीय तहमा प्रभावकारी रुपमा संचालन गर्न एक प्रदेश वातावरण संरक्षण परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन।

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) *मन्त्री, मन्त्रालय - उपाध्यक्ष

(ग) *मन्त्री, प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्रालय - सदस्य

(घ) *मन्त्री, प्रदेश सरकारको उद्योग हेर्ने मन्त्रालय- सदस्य

(ङ) *मन्त्री, प्रदेश सरकारको कृषि तथा भूमी व्यवस्था हेर्ने मन्त्रालय - सदस्य

(च) * मन्त्री, प्रदेश सरकारको भौतिक पूर्वाधार विकास हेर्ने मन्त्रालय - सदस्य

(छ) * मन्त्री, प्रदेश सरकारको जलस्रोत तथा सिँचाई हेर्ने मन्त्रालय - सदस्य

(ज) * मन्त्री, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय - सदस्य

(झ) * प्रदेश सभाको वातावरण विषय हेर्ने समितिको सभापति -सदस्य

(ञ) मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयको प्रमुख सचिव - सदस्य

(ट) फरक भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समावेशिताका आधारमा अध्यक्षबाट मनोनित स्थानीय तहका प्रमुख वा उपप्रमुख गरी दुई जना

(ठ) प्रदेश योजना आयोगको सम्वन्धित क्षेत्र हेर्ने सदस्य - सदस्य

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा संशोधित

(ड) प्राकृतिक श्रोत व्यवस्थापन, वातावरण,जलवायु परिवर्तन तथा विपद्जोखिम व्यवस्थापन विषयमा विज्ञता हासिल गरी सो क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त गरेका व्यक्तिहरु मध्ये अध्यक्षबाट मनोनित कम्तिमा एकजना महिला सहित दुई जना - सदस्य

(ढ) संकटासन्न क्षेत्र र समुदायको प्रतिनिधित्व हुनेगरी समावेशिताका आधारमा अध्यक्षबाट मनोनित कम्तिमा एकजना महिला सहित तीन जना - सदस्य

(ण) सचिव,मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम अध्यक्षबाट मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनित सदस्यले पदीय जिम्मेवारी पूरा नगरेमा अध्यक्षले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनुअघि निजलाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

२३. <u>परिषद्को बैठकः</u> (१) परिषद्को बैठक वर्षमा कम्तिमा एक पटक बस्नेछ।

(२) परिषदको सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समय भन्दा कम्तीमा अढचालीस घण्टा अगाडी सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर आकस्मिक परिस्थितिमा अध्यक्षवाट तत्काल बैठकको आह्वान हुन सक्नेछ।

(३) परिषदको बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को बरिष्ठ सदस्यले गर्नेछ।

(४) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ सस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(५) परिषद्को निर्णय परिषद्को सदस्य सचिवबाट प्रमाणित हुनेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२४. <u>परिषद्को काम कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा वातावरण, जलवायू परिवर्तन तथा विपद् जोखिम सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान मन्त्रालय तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदूषण नियन्त्रण, जोखिमयूक्त पदार्थ, फोहरमैला व्यवस्थापन, वातावरणीय सम्पदा तथा अन्य क्षेत्रहरुको संरक्षण तथा संबर्द्धनको प्रणाली विकासको लागि नीति तय गर्ने,

(ग) प्रदेशको वातावरण विषयक कार्यहरुमानेपाल सरकार एवं अन्य प्रदेश, स्थानीय तह र अन्य निकायसँग आवश्यक समन्वयतथा वातावरणीय सम्बन्ध स्थापित गर्न भूमिका निर्वाह गर्ने,

(घ) वातावरण संरक्षण, जलवायू परिवर्तन तथा विपद् जोखिम व्यवस्थापनको लागि आर्थिक स्रोतको व्यवस्थापन तथा सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि मन्त्रालयलाई मार्गदर्शन गर्ने र

(च) यस ऐन बमोजिम भएका कार्यहरुको मूल्यांकन गर्ने ।

## परिच्छेद-६
## <u>जरिवाना तथा क्षतिपूर्ति</u>

२५. <u>जरिवानाः</u> (१) कसैले देहायको कार्य गरेमा वा गराएमा मन्त्रालयको सचिवले देहाय बमोजिमको जरिवाना गर्नेछ।

(क) दफा ३ बमोजिम संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पाँच लाख रुपैयाँ सम्म,

(ख) दफा ३ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा दश लाख रुपैयाँ सम्म,

(ग) दफा ३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा पचास लाख रुपैयाँ सम्म,

(२) कसैले उपदफा (१) बमोजिम कार्य गरेमा मन्त्रालयले त्यस्तो कार्य रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा स्वीकृत गराउन तथा स्वीकृत प्रतिवेदन विपरीत प्रस्ताव कार्यान्वयन गरेमा सो कार्यलाई सुधार गर्न आदेश दिनेछ र यसरी दिएको आदेश कार्यान्वयन गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) बमोजिम दिएको आदेश कार्यान्वयन नगरेमा मन्त्रालयको सचिवले उपदफा (१) बमोजिमको जरिवानाको तेब्बर सम्म जरिवाना गर्न सक्नेछ।

(४) उपदफा (१) मा उल्लेखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै क्रियाकलाप गरेमा मन्त्रालयको सचिवले त्यस्तो कार्य गर्न बन्देज लगाई तीन लाख रुपैयाँसम्म जरिवाना गरी दुई महिना भित्र यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको कार्य गर्न आदेश दिन सक्नेछ र यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा बमोजिमको जरिवानाको तेब्बर सम्म जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (२) वा (४) बमोजिम दिएको आदेश कार्यान्वयन नभएमा त्यस्तो क्रियाकलापमा बन्देज लगाईनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई मन्त्रालयको सचिवले कालो सूचीमा राख्नेछ ।

(६) उपदफा (५) बमोजिम कालो सूचीमा परेको व्यक्ती वा संस्थाले कालो सूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासंग सम्बन्धित जुनसुकै नैपनि प्रस्ताव पेश गर्न सक्ने छैन । नाममा कु

(७) यस दफा बमोजिम जरिवाना गर्नु अघि सम्बन्धित पक्षलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(८) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहबाट स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदन विपरित कार्य भएमा सम्बन्धित स्थानीय तहको कानून नबनेसम्म यस दफा बमोजिम सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले कारवाही र जरिवाना गर्न सक्नेछ।

तर कालो सूचीमा राख्नु पर्ने भएमा सिफारिस सहित मन्त्रालयमा पठाउनु पर्नेछ ।

२६. <u>निवेदन दिन सक्ने</u>ः (१) कसैले यस ऐन विपरीत संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा मन्त्रालय समक्ष जोसुकैले निवेदन दिन सक्नेछ।

(२) कसैले यस ऐन वा यस अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत प्रदूषण गरेको वा जोखिमपूर्ण फोहर निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदूषणका कारणबाट कुनै व्यक्ति वा वातावरणमा हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संघ संस्थाले आफूलाई पुग्न गएको क्षति बापत मन्त्रालयसमक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम परेको निवेदनका सम्बन्धमा छानबिन, जाँचबुझ तथा निरीक्षण गर्दा निवेदकलाई हानी नोक्सानी पुग्न गएको ठहर भएमापीडित पक्षलाई त्यस्तो हानी नोक्सानी  पुर्याउने व्यक्ति वा संस्था वा प्रस्तावकवाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

(४) यस दफा बमोजिम हानी नोक्सानी वा क्षति सम्बन्धमा छानबिन एवं निरीक्षण तथा क्षतिपूर्तिको सिफारिस गर्नको लागि मन्त्रालयले तीन जना विज्ञ रहेको समिति गठन गर्न सक्नेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. <u>पुनरावेदन गर्न सकिने:</u> (१) दफा २५ बमोजिम भएको कारवाही उपर चित्त नबुझ्ने पक्षले स्थानीय तहबाट भएको कारवाही उपर सम्बन्धित जिल्ला अदालतमा र मन्त्रालयको सचिवबाट भएको कारवाही उपर सम्बन्धित उच्च अदालतमा पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा २६ बमोजिम भएको क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पैंतीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद ७
## विविध

२८. <u>अनुगमन तथा निरीक्षण गर्न सक्ने:</u> (१) यो  ऐन वा यस अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डको कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालयले र आफ्नो क्षेत्र भित्रको वातावरण संरक्षण र संबर्द्धन गर्ने उद्देश्य अनुसार स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वच्छ र स्वस्थ वातावरण कायम भए नभएको सम्बन्धमा मन्त्रालयलेअनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

(३) यस दफा बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२९. अधिकार प्रत्यायोजनः मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार मातहत निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारी वा अन्य निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३०. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३२. निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

# प्रदेश वन ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०८/०१

## वन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना:** नेपालको संविधान बमोजिम प्रदेशको एकल अधिकारको सूचीमा रहेको राष्ट्रिय वनको दीगो विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न उपयुक्त वन व्यवस्थापन पद्धति अपनाई वन, वन्यजन्तु, वातावरण, जलाधार एवम् जैविक विविधताको संरक्षण, सम्वर्द्धन र स्वस्थ पर्यावरणको प्रवर्द्धन गरी जनताको आधारभुत आवश्यकता पुरा गर्दै वन क्षेत्रलाई प्रदेशको आर्थिक विकासको महत्वपूर्ण श्रोतको रुपमा प्रभावकारी नियमन गरी प्रदेशको समृद्धिमा योगदान पुऱ्याउन वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "प्रदेश वन ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिन देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"औजार"** भन्नाले वन क्षेत्रमा आवाद वा खनजोत वा वृक्षारोपण गर्न प्रयोग गरिने सबै किसिमका औजार, मेशिनरी तथा रुख विरुवा काट्ने, ताछ्ने, टुक्रा पार्ने, खुकुरी, बन्चरो, हँसिया, आरा, मेशिन तथा उपकरण समेत सम्झनु पर्छ ।

(ख) **"कबुलियती वन"** भन्नाले परिच्छेद ७ बमोजिम कबुलियती वनको रूपमा व्यवस्थापन गरिने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(ग) **"कार्ययोजना"** भन्नाले वातावरणीय सन्तुलन कायम राखी वनको विकास, संरक्षण, तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको यस ऐन बमोजिम स्वीकृत सम्वर्द्धन प्रणालीमा आधारित वन सम्बन्धी कार्ययोजना सम्झनुपर्छ ।

(घ) **“कोष"** भन्नाले दफा ९८ बमोजिमको वन विकास कोष सम्झनुपर्छ ।

(ङ) **"चक्ला वन"** भन्नाले दफा १० को उपदफा (२) बमोजिम चक्ला वनको रूपमा व्यवस्थापन गर्न स्वीकृति प्राप्त सरकारद्वारा व्यवस्थित वनको भागलाई सम्झनुपर्छ।

(च) **"जलाधार"** भन्नाले वर्षाको वा अन्य पानी एकीकृत भई एउटै निकासबाट बग्ने पानी ढलो क्षेत्र सम्झनुपर्छ र सो शब्दले कुनै नदी, खोला, खोल्सा आदिलाई निकासको आधार मानी त्यस्तो बहाव संगसंगैको र सो भन्दा माथिल्लो क्षेत्र समेतलाई जनाउँछ ।

(छ) **"जैविक मार्ग"** भन्नाले वन्यजन्तुहरु एक बासस्थानबाट अर्को बासस्थानमा आवतजावत गर्ने बाटो सम्झनु पर्छ ।

(ज) **"टाँचा"** भन्नाले काठ वा रुखमा लगाइने छाप, चिन्ह वा निशाना सम्झनुपर्छ र सो शब्दले उक्त निशाना लगाउन प्रयोग गरिने निशाना अंकित फलामे औजारलाई समेत जनाउँछ ।

(झ) **"डिभिजन वन कार्यालय"** भन्नाले मन्त्रालय मातहतको डिभिजन वन कार्यालय सम्झनुपर्छ।

(ञ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ट) **"धार्मिक वन"** भन्नाले परिच्छेद ८ बमोजिम धार्मिक वनको रूपमा संरक्षण गरिएको राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(ठ) **"नदीजन्य पदार्थ"** भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा जम्मा भएको ढुंगा, ग्राभेल, वालुवा, गिट्टी, मिस्कट, गेग्रान, माटो, दहत्तर, बहत्तर समेत सम्झनुपर्छ।

(ड) **"निजी वन"** भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा रूख विरूवा लगाई हुर्काएको वा संरक्षण र व्यवस्थापन गरिएको वन सम्झनुपर्छ ।

(ढ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको प्रदेश वन निर्देशनालयलाई सम्झनुपर्छ ।

(ण) **"निर्देशक"** भन्नाले निर्देशनालयको प्रमुखलाई सम्झनुपर्छ।

(त) **"राष्ट्रिय वन"** भन्नाले निजी स्वामित्वको जग्गा वाहेक प्रदेश भित्रको सबै वन सम्झनुपर्छ र सो शब्दले वनले घेरिएको वा वन क्षेत्रसँग जोडिएको पर्ती वा ऐलानी जग्गा तथा वनभित्र रहेका बाटो, पोखरी, ताल वा खोलानाला र बगर समेतलाई जनाउँछ।

(थ) **"पर्यापर्यटन"** भन्नाले वन, वन्यजन्तु, वातावरण, सिमसार, पर्वतारोहण, ट्रेकिङ्ग लगायत प्राकृतिक र साँस्कृतिक सम्पदामा आधारित प्रकृतिमैत्री पर्यटन गतिविधिलाई सम्झनु पर्छ र सो शब्दले पर्यापर्यटनलाई लक्षित गरी सञ्चालन गरिने साहसिक खेल जस्ता क्रियाकलापलाई समेत जनाउँछ। तर बन क्षेत्र भित्रको हकमा सम्बन्धित डिभिजन वन कार्यालयले पूर्वाधार निर्माण गर्न वा संचालन गर्न अनुमति दिएको क्रियाकलापलाई जनाउनेछ।

(द) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकारको वन सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ।

(ध) **"वन"** भन्नाले पूर्ण वा आंशिक रुपमा रुख वा बुट्यानले ढाकिएको क्षेत्र सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिमको वन क्षेत्रलाई समेत जनाउँछ।

(न) **"वन पैदावार"** भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार सम्झनु पर्छः-

(१) काठ, दाउरा, लगायतका काष्ठजन्य पैदावार

(२) रुख, बिरुवा, गोल, पात, डाँठ, फल, बीज, फूल, भूवा, जरा, गानो, बोक्रा, गमरेजीन लोहवान, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, र सबै प्रकारका जङ्गली जडीबुटी, वनस्पति तथा तिनका विभिन्न भाग वा सूक्ष्म अङ्ग, लगायतका गैरकाष्ठ जन्य पैदावार

(३) गिट्टी, बालुवा लगायतका नदिजन्य र ढुङ्गा, चट्टान, माटो, पत्थर कोइला, सुन चाँदी, तामा, फलाम, कच्चा तेल लगायतका खानी तथा खनिजजन्य पदार्थ

(४) पशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार ।

(प) **"वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सीमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वन भित्र रहेको वा वन सीमाना संग जोडिएको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले यस ऐन वा प्रचलित कानून बमोजिम वनक्षेत्रको रुपमा परिभाषित गरिएको क्षेत्र समेतलाई जनाउँछ ।

(फ) **"वन सम्वर्द्धन प्रणाली"** भन्नाले वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली, माउरूख

प्रणाली, छत्र प्रणाली, सरपट कटान प्रणाली लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) लाई सम्झनुपर्छ।

(ब) **"वन सीमाना चिन्ह"** भन्नाले राष्ट्रिय वनको सीमाना छुट्याउन लगाइएका काठ, ढुङ्गा, सिमेन्ट वा अरु कुनै बस्तुका खम्बा वा चिन्हपट सम्झनुपर्छ र सो शव्दले प्रचलित कानून बमोजिम तयार गरेको नक्सामा अंकित वन सीमाना चिन्हलाई समेत जनाउँछ ।

(भ) **"वन व्यवस्थापन पद्धति"** भन्नाले राष्ट्रिय वनको व्यवस्थापनका लागि अपनाइएका सरकारद्धारा व्यवस्थित वन, संरक्षित वन, चक्ला वन, साझेदारी वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन व्यवस्थापन पद्धतिलाई सम्झनुपर्छ ।

(म) **"वन्यजन्तु"** भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी प्राणी (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने प्राणी (रेप्टायल्स), माछा (पीसीज), भ्यागुता प्रजाती (एम्फिवियन्स) र कीरा फट्याङ्ग्रा (इन्सेक्ट्स) लगायतका प्राणीलाई सम्झनुपर्छ र सो शव्दले फुल पार्ने प्राणीको फुल समेतलाई जनाउँछ।

(य) **"वनस्पति"** भन्नाले हरितकण भएका वा नभएका तर, आफ्नै प्रजनन् क्षमता भएका प्राकृतिक रुख, बिरुवा, झाडी, बुट्यान, झारपात, लहरा तथा उन्यूका विभिन्न प्रजाति सम्झनु पर्छ र सो शव्दले लेउ, ढुसी, च्याउ वा यस्तै प्रकारका अन्य वनस्पति समेतलाई सम्झनुपर्छ ।

(र) **"वनस्पति स्रोत"** भन्नाले जीवित वा निर्जीव अवस्थामा रहेका फूल फुल्ने वा नफुल्ने कुनै पनि प्रकारका बनस्पतिको हाँगा विँगा, बोक्रा, जरा, पात, काण्ड, फूल, कुनै अंश, बीउ, जर्मप्लाज्म वा आनुवंशिक पदार्थ सम्झनुपर्छ ।

(ल) **"वातावरणीय परीक्षण"** भन्नाले प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन वा रणनितिक वातावरणीय विश्लेषणलाई सम्झनुपर्छ ।

(व) **"वातावरणीय सेवा"** भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनुपर्छः-

(१) कार्बन सञ्चिषण सेवा,

(२) जैविक विविधताको संरक्षण,

(३) जलाधार तथा जलचक्र प्रणाली,

(४) पर्यापर्यटन,

(५) तोकिए बमोजिमको अन्य वस्तु, सेवा तथा लाभ।

(श) **"सव-डिभिजन वन कार्यालय"** भन्नाले डिभिजन वन कार्यालय मातहतको सव डिभिजन वन कार्यालय सम्झनुपर्छ।

(ष) **"सम्बन्धित अधिकारी"** भन्नाले वन सेवाको जनरल फरेष्ट्रि समूहको डिभिजन वन कार्यालयको प्रमुख सम्झनुपर्छ।

(स) **"सरकारद्वारा व्यवस्थित वन"** भन्नाले परिच्छेद ३ बमोजिम प्रदेश सरकारले व्यवस्थापन गर्ने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ ।

(ह) **"साझेदारी वन"** भन्नाले परिच्छेद ५ बमोजिम साझेदारी वनको रूपमा व्यवस्थापन गरिने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ।

(क्ष) **"सामुदायिक वन"** भन्नाले परिच्छेद ६ बमोजिम सामुदायिक वनको रूपमा व्यवस्थापन गरिएको राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ।

(त्र) **"सिमसार क्षेत्र"** भन्नाले भूमिगत जलस्रोतबाट वा वर्षातका कारण पानीको परिमाण रहने वा प्राकृतिक वा मानव निर्मित, स्थायी वा अस्थायी, जमेको वा बगेको, स्वच्छ वा नुनिलो पानी भएको धापिलो जमिन (स्वाम्प), दलदले जमिन (मार्स), नदिबाट प्रभावित जमिन (रिभराईन फ्लड प्लेन), ताल (लेक), पोखरी (पोण्ड) र जलभण्डार क्षेत्र (बाटर स्टोरेज एरिया) समेतलाई सम्झनुपर्छ र सो शव्दले साबिकमा सिमसार क्षेत्रले ओगटेको सिमसार क्षेत्र वरिपरिको सुख्खा जमिनलाई समेत जनाँउछ।

(ज्ञ) **"संरक्षित वन"** भन्नाले परिच्छेद ४ बमोजिम संरक्षित वनको रूपमा व्यवस्थापन तथा संरक्षण गरिने राष्ट्रिय वनको भागलाई सम्झनुपर्छ।

## परिच्छेद २

## राष्ट्रिय वनको भू-स्वामित्व, भू-उपयोग तथा सीमा निर्धारण सम्बन्धी व्यवस्था

३. **राष्ट्रिय वनको भू-स्वामित्व तथा भू-उपयोगः** (१) राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व तथा भू-उपयोग सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन क्षेत्र नघट्ने गरी प्रदेश सरकारले कुनै खास वन क्षेत्रमा तोकिए बमोजिम भू-उपयोग योजना बनाई लागु गर्न सक्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रलाई मानव बसोबास वा पुनर्वासका लागि प्रयोग गरिने छैन।

(४) राष्ट्रिय वन क्षेत्रको भू-उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. <u>वन सीमाना निर्धारण र विवरण अद्यावधिक गर्नुपर्नेः</u>(१) प्रदेश सरकारले प्रदेश भित्रको राष्ट्रिय वनको सीमा निर्धारण गर्नेछ।

(२) उपदफा (१) बमोजिमको राष्ट्रिय वन क्षेत्रको नक्शा, वनको किसिम, वनको अवस्था र प्रजाति, वन व्यवस्थापन पद्धति र सीमा निर्धारण गरेको तथ्याङ्क लगायतको सम्पूर्ण विवरण सम्बन्धित अधिकारीले अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारित सीमा छुट्याई सम्बन्धित अधिकारीले आफ्नो कार्यक्षेत्रको वन सीमाना चिन्ह लगाउन सक्नेछ ।

५. <u>निजी जग्गा प्राप्त गर्न सक्नेः</u> (१) दफा ४ बमोजिम राष्ट्रिय वनको सीमाना छुट्टयाउँदा वन संरक्षण, सुरक्षा वा अन्य पर्यावरणीय कारणबाट राष्ट्रिय वनसँग सीमाना जोडिएका निजी हकभोगका घरजग्गा हटाउन आवश्यक देखिएमा प्रदेश सरकारले प्रचलित कानून बमोजिम त्यस्तो घरजग्गा प्राप्त गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त गरिने घर जग्गाको क्षतिपूर्ति वा मुआब्जा रकमको निर्धारण प्रचलित कानून बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त गरिएको घरजग्गा दर्ताको लगत कट्टा गर्न सम्बन्धित अधिकारीले मालपोत कार्यालयलाई र करको लगत कट्टा गर्न स्थानीय तहलाई तत्काल लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा गर्न लेखी आएको सात दिनभित्र मालपोत कार्यालय र स्थानीय तहले लगत कट्टा गरी सम्बन्धित अधिकारीलाई जानकारी दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम लगत कट्टा भएको विवरण प्राप्त भएको तीन दिनभित्र मन्त्रालयमा पठाउनुपर्नेछ।

(६) यस दफा बमोजिम प्राप्त गरिएको घरजग्गा स्वतः राष्ट्रिय वन क्षेत्र कायम हुनेछ।

६. <u>राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थाको स्वामित्व नहुने:</u> (१) राष्ट्रिय वनमा कुनै व्यक्ति वा संस्थालाई स्वामित्व प्राप्त हुने छैन र राष्ट्रिय वन भित्रको जग्गा कसैले दर्ता गरे गराएमा स्वतः बदर हुनेछ ।

(२) प्रचलित कानून बमोजिम पट्टा, पूर्जी वा प्रमाणपत्र प्राप्त गरी वा यस ऐनको व्यवस्था बमोजिम कुनै हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्ति वा संस्थालाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन।

(३) प्रचलित कानून बमोजिम अनुमति लिइएकोमा बाहेक कुनै व्यक्ति वा संस्थाले उपदफा (२) बमोजिम प्रदेश भित्रको राष्ट्रिय वनमा आफूले पाएको हक वा सहुलियत अरु कसैलाई बिक्री बन्धक, दान दातव्य वा सट्टापट्टा गरी वा अरु कुनै प्रकारले हक हस्तान्तरण गर्न सकिने छैन ।

(४) यस ऐनमा भएको व्यवस्था बाहेक वन क्षेत्रलाई कार्यस्थल बनाई कुनै संघ संस्था दर्ता गर्न वा त्यस्तो दर्ताको नाताले वन क्षेत्रमा कुनै किसिमको संरचना निर्माण वा अन्य क्रियाकलाप गर्न हुदैन ।

(५) उपदफा (४) विपरित कुनै संस्था दर्ता भएको भए त्यस्तो संस्थाको दर्ता खारेजीको लागि सम्बन्धित अधिकारीले सम्बन्धित निकायमा लेखि पठाउनेछ ।

(६) उपदफा (४) विपरित कुनै संस्थाले कुनै किसिमको संरचना निर्माण गरेको वा कुनै क्रियाकलाप संचालन गरेको भए सम्बन्धित अधिकारीले त्यस्तो संरचना हटाउन वा त्यस्ता क्रियाकलाप संचालनमा रोक लगाउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम संरचना हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. <u>राष्ट्रिय वन क्षेत्रमा प्रवेश निषेध गर्ने:</u> (१) वन वा वन्यजन्तुको संरक्षण वा मानव सुरक्षाको दृष्टिकोणबाट आवश्यक देखिएमा सम्बन्धित अधिकारीले राष्ट्रिय वनको सबै वा केही भागमा निश्चित समयका लागि सार्वजनिक सूचना प्रकाशन गरी प्रवेश निषेध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा उल्लिखित शर्तको अधीनमा रही मानिस आवत जावतको लागि बाटो प्रयोग गर्न र प्रचलित कानून बमोजिमका आयोजना संचालन गर्न कुनै बाधा पर्ने छैन।

(३) वन संरक्षणको दृष्टिकोणबाट आवश्यक देखिएमा सम्बन्धित अधिकारीले राष्ट्रिय वनको सबै वा केही भागमा कुनै प्रकारको घर पालुवा जनावर वा चौपाया प्रवेश निषेध गर्न सक्नेछ।

८. <u>राष्ट्रिय वनको व्यवस्थापनः</u> (१) प्रदेश सरकारले राष्ट्रिय वनको व्यवस्थापन, संरक्षण, संवर्द्धन, विकास र सदुपयोग गर्न रणनीतिक योजना बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रणनितिक योजनाको अधिनमा रहि सम्बन्धित अधिकारीले आफ्नो कार्य क्षेत्र भित्रको वनको तोकिए बमोजिम आवधिक वन व्यवस्थापन योजना बनाई स्वीकृतिका लागि निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको योजनामा कुनै हेरफेर गर्न आवश्यक देखेमा निर्देशनालयले त्यस्तो योजना सुझाव सहित डिभिजन वन कार्यालयमा फिर्ता पठाउन सक्नेछ र डिभिजन वन कार्यालयले आवश्यक हेरफेर गरी आफ्नो राय सहित निर्देशनालयमा पठाएपछि त्यस्तो योजना निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृत भएको योजना सम्बन्धित अधिकारीले कार्यान्वयन गर्नु पर्नेछ।

(५) प्रदेश भित्रको राष्ट्रिय वनको कुनै क्षेत्रलाई प्रदेश सरकारले वन सम्बन्धी प्रादेशिक आयोजनाको रुपमा व्यवस्थापन गर्न सक्नेछ।

(६) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि रणनितिक योजना स्वीकृत नभएसम्म मन्त्रालयबाट वन व्यवस्थापन योजना स्वीकृत गर्न कुनै बाधा पर्ने छैन ।

९. <u>अनुमतिपत्र लिनु पर्नेः</u> (१) राष्ट्रिय वन भित्र अनुमति बिना कसैले अध्ययन, अनुसन्धान वा नमूना संकलन गर्न हुँदैन ।

(२) वन क्षेत्र भित्र वन, वनस्पति तथा वन्यजन्तुका लागि अध्ययन, अनुसन्धान र नमूना सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमको दस्तुर बुझाई मन्त्रालयबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(३) कसैले अध्ययन, अनुसन्धान वा शैक्षिक प्रदर्शनीको प्रयोजनको लागि राष्ट्रिय वनको कुनै क्षेत्र माग गरेमा मन्त्रालयले निर्धारण गरेको शर्त बमोजिम कार्य गर्ने गरी तोकिएको दस्तुर लिई निश्चित अवधिका लागि अनुमति दिन सक्नेछ ।

(४) यस दफा बमोजिम अनुमति पत्र दिने र वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिम अनुमति पत्र लिएको व्यक्ति वा संस्थाले अध्ययन अनुसन्धान प्रतिवेदन मन्त्रालय र सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद ३
## सरकारद्वारा व्यवस्थित वन सम्बन्धी व्यवस्था

१०. सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनः (१) प्रदेश सरकारले बनाएको रणनीतिक योजनाको अधिनमा रही सम्बन्धित अधिकारीले संरक्षित वन, साझेदारी वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वन बाहेकको राष्ट्रिय वनको भागलाई आवधिक वन व्यवस्थापन योजना अनुसार सरकारद्वारा व्यवस्थित वनको रुपमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको वनको कम्तिमा दुई सय हेक्टर क्षेत्रफलमा नघट्ने गरी प्रदेश सरकारको रणनितिक योजना र आवधिक वन व्यवस्थापन योजनाको अधिनमा रहि मन्त्रालयले वनको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि हुने गरी वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति बमोजिम चक्ला वनको रूपमा व्यवस्थापन गर्न स्वीकृति दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको चक्ला वनको व्यवस्थापन प्रदेश सरकार आफैले वा वनको हैसियतमा तोकिए बमोजिम अभिवृद्धि हुने गरी प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका संगठित संस्थाहरु तथा निजी क्षेत्रसँगको साझेदारीमा गर्न सक्नेछ ।

(४) सरकारद्वारा व्यवस्थित वन एवम् चक्ला वनको क्षेत्र निर्धारण, कार्ययोजना निर्माण र व्यवस्थापन साझेदारी सगँ सम्बन्धित अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

११. सरकारद्वारा व्यवस्थित वनमा अन्य कार्य गर्नमा प्रतिबन्धः रणनितिक योजना र आवधिक वन व्यवस्थापन योजनाले निर्दिष्ट गरेका कार्य तथा वन विकास सम्बन्धी कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न पाइने छैन ।

## परिच्छेद ४

## संरक्षित वन सम्बन्धी व्यवस्था

१२. **संरक्षित वनः** (१) संरक्षित क्षेत्र बाहिर रहेका वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा साँस्कृतिक महत्वको, जलाधार संरक्षणको हिसाबले संवेदनशिल देखिएको, वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको वा पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको राष्ट्रिय वनको कुनै भागलाई प्रदेश सरकारले संरक्षित वन घोषणा गर्न सक्नेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि संरक्षित क्षेत्र भन्नाले प्रचलित कानून बमोजिमको राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष जस्ता संरक्षित क्षेत्र सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम संरक्षित वन घोषणा गरेपछि मन्त्रालयले प्रदेश राजपत्रमा त्यसको सूचना प्रकाशित गर्नेछ।

(३) संरक्षित वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. **संरक्षित वनको व्यवस्थापनः** (१) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन गर्न देहाय बमोजिमको संरक्षित वन परिषद् रहनेछः

(क) पदेन सदस्यहरू मध्येहरूबाट निर्वाचित एक जना -संयोजक

(ख) संरक्षित वन क्षेत्र पर्ने प्रत्येक स्थानीय तहबाट एक महिला सहित दुई जनाका दरले प्रमुख वा अध्यक्षले तोकेका जनप्रतिनिधि -पदेन सदस्य

(ग) संरक्षित वन क्षेत्र भित्रका सामुदायिक/ कवुलियती/ धार्मिक वन उपभोक्ता समूहका अध्यक्ष -पदेन सदस्य

(घ) वन संरक्षण र प्रवर्द्धन कार्यमा योगदान गर्ने व्यक्ति र सरोकारवाला संघ सस्थाका प्रतिनिधित्व हुने गरी मन्त्रालयले तोकेको कम्तिमा २ जना महिला सहित ४ जना -सदस्य

(ङ) डिभिजन वन कार्यालयले तोकेको अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको संरक्षित वन परिषद् संचालन मन्त्रालयबाट स्वीकृत विनियमावली बमोजिम हुनेछ।

(३) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन गर्दा प्राप्त हुने आम्दानीको बाँडफाट तोकिए बमोजिम हुनेछ ।

(४) परिषद्को एक छुट्टै कोष हुनेछ र कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) संरक्षित वनको संरक्षण तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. <u>संरक्षित वनको कार्ययोजनाः</u> (१) दफा १२ को उपदफा (१) अनुसार घोषित संरक्षित वनको दिगो संरक्षण तथा व्यवस्थापनका लागि आवधिक वन व्यवस्थापन योजनाको अधिनमा रही संरक्षित वन परिषदले कार्ययोजना तयार गर्नु पर्नेछ

(२) संरक्षित वनको भू-उपयोग र अवस्थितिमा परिवर्तन नहुने सुनिश्चितता कार्ययोजनामा गरी संरक्षित वनमा वातावरणमैत्री पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्ययोजना स्वीकृतिको लागि सम्बन्धित अधिकारीले सिफारिश सहित निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(४) संरक्षित वनको कार्ययोजना कार्यान्वयनको जिम्मेवारी संरक्षित वन परिषद्को हुनेछ ।

(५) संरक्षित वनभित्र पर्ने सामुदायिक वन, धार्मिक वन, कबुलियती वनको कार्ययोजना उपदफा (१) बमोजिमको कार्ययोजनासँग नबाझिने गरी स्वीकृत र सञ्चालन गर्नुपर्नेछ।

१५. <u>संरक्षित वनमा रूपान्तरण हुनेः</u> (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम संरक्षित वन वा वन संरक्षण क्षेत्रको रूपमा कायम भएका वन स्वतः यस ऐन बमोजिमको संरक्षित वनमा रुपान्तरण हुनेछन्।

(२) संरक्षित वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ५
## <u>साझेदारी वन सम्बन्धी व्यवस्था</u>

१६. <u>साझेदारी वनः</u> वनको दिगो व्यवस्थापन गरी स्थानीय, प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउन, वनको हैसियतमा सुधार गर्न, वन क्षेत्रबाट टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराउन, उपभोक्तालाई वन

पैदावार आपूर्तिको व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्बर्द्धन गरी स्थानीय जनताको जिविकोपार्जनमा सुधार ल्याउन प्रदेश सरकारको रणनितिक योजनाको अधिनमा रहि सम्बन्धित अधिकारीको सिफारिसमा राष्ट्रिय वनको कुनै भागलाई आवधिक वन व्यवस्थापन योजना बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा व्यवस्थापन गर्न सकिनेछ।

१७. <u>साझेदारी वनको कार्ययोजनाः</u> (१) साझेदारी वनको व्यवस्थापनको लागि तोकिए बमोजिम स्थानीय तह तथा साझेदारी वन उपभोक्ता समूहको परामर्शमा सम्बन्धित अधिकारीले वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी स्वीकृतिको लागि निर्देशनालयमा पेश गर्नेछ र निर्देशकले त्यस्तो कार्ययोजना स्वीकृत गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना कार्यान्वयन गर्ने दायित्व डिभिजन वन कार्यालय, स्थानीय तह र दफा १८ बमोजिमको साझेदारी वन उपभोक्ता समूहको हुनेछ।

(३) उपदफा (१) बमोजिमका साझेदारले कार्ययोजना बमोजिम कार्य संचालन गर्न नसकेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा निर्देशकले त्यस्तो साझेदारी वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्नेछ र त्यस्तो वन स्वतः सरकारद्वारा व्यवस्थित वनको रुपमा रुपान्तरित हुनेछ ।

तर, त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी साझेदारी वन फिर्ता लिने निर्णय गर्नुअघि उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्देशकले गरेको निर्णय चित्त नबुझेमा सम्बन्धित समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिन भित्र मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सक्नेछ र मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(५) उपदफा (३) बमोजिम कुनै साझेदारी वन फिर्ता लिने गरी भएको निर्णय उपर उपदफा (४) बमोजिम उजुरी परी मन्त्रालयबाट त्यस्तो निर्णय बदर भएमा सम्बन्धित अधिकारीले साविककै साझेदारी वन उपभोक्ता समूह मध्येबाट कार्य समिति गठन गर्न लगाई त्यस्तो वन सोही समूहलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ ।

१८. <u>साझेदारी वन उपभोक्ता समूह गठन गरिनेः</u> (१) साझेदारी वनको विकास र संरक्षणको लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्थापन गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको व्यवस्थापन र उपयोग गर्न साझेदारी वन

व्यवस्थापन क्षेत्र भित्र पर्ने सम्बन्धित परम्परागत उपभोक्ताले साझेदारी वन उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूहको गठन, सञ्चालन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) साझेदारी वनको संरक्षण तथा व्यवस्थापन गर्न प्रदेश सरकारले स्थानीय तह र अन्य सरोकारवालासँग आवश्यक समन्वय गर्नेछ ।

(४) कार्ययोजनामा व्यवस्था गरी समूहले साझेदारी वन क्षेत्रमा तोकिए बमोजिम वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

१९. <u>साझेदारी वनको वन पैदावार उपयोग तथा बिक्री वितरणः</u> (१) साझेदारी वनबाट उत्पादित काठ दाउराको हकमा सबै गुणस्तर (ग्रेडिङ) को आधारमा पचास प्रतिशत प्रदेश सरकारको र पचास प्रतिशत साझेदारी वन उपभोक्ता समूहको हुनेछ र गैरकाष्ठ वन पैदावारको हकमा तोकिए बमोजिम बाँडफाँट हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले प्राप्त गरेको पचास प्रतिशत काठ दाउरा मध्ये जिल्ला भित्रको आपुर्तिका लागि आवश्यक काठ दाउरा छुट्याई बाँकी रहने काठ दाउरा डिभिजन वन कार्यालयले लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम साझेदारी वन उपभोक्ता समूहले साझेदारी वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनबाट सो समूहलाई प्राप्त हुने वन पैदावार आन्तरिक खपतको लागि प्राथमिकता दिई बाँकी रहेको वन पैदावार मात्र समूह बाहिर बिक्रि गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको वन पैदावार आन्तरिक बिक्रि वितरण र समूह वाहिर बिक्रि गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) साझेदारी वनबाट उपभोक्ता समूहलाई प्राप्त हुने वन पैदावार बिक्री वितरणबाट प्राप्त रकम मध्ये कम्तीमा पचास प्रतिशत रकम वनको विकास, संरक्षण तथा व्यवस्थापन कार्यमा र बाँकी रहेको रकममा सस्थागत सशक्तिकरण र प्रशासनिक खर्च छुट्याई स्थानीय तहहरूसँग तोकिए बमोजिम समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण, उद्यम विकास, भौतिक पूर्वाधार विकास तथा समुदायको हितमा खर्च गर्न सकिनेछ ।

(६) साझेदारी वनबाट उत्पादित वन पैदावारको बाडँफाट र वन पैदावार बिक्री वितरणबाट प्राप्त रकमको सदुपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. <u>साझेदारी वन उपभोक्ता समूहको कोष:</u> (१) साझेदारी वन उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) वन पैदावारको बिक्री वितरणबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(ख) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिवानाबाट प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम समेत,

(घ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता, ऋण वा दान दान्तव्यको रकम,

(ङ) कार्ययोजना बमोजिम अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) दफा १९ को उपदफा (५) बमोजिम उपभोक्ता समूहले गर्ने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोर्नु पर्नेछ ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।

(५) यस दफा बमोजिम उपभोक्ता समूहले गर्ने आर्थिक कारोबार नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त बैंक मार्फत गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धित अधिकारी वा निजले तोकेको कर्मचारी अनिवार्य रहने गरी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२१. <u>साझेदारी वन व्यवस्थापन समिति गठन गर्न सक्नेः</u> (१) साझेदारी वनको विकास र संरक्षणका लागि उपभोक्ताको तर्फबाट आवश्यक व्यवस्था गर्न एवम् त्यस्तो वनबाट उपभोक्तालाई प्राप्त हुने वन पैदावारको उपयोग गर्न सम्बन्धित उपभोक्ताहरुले साझेदारी वन व्यवस्थापन समिति गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको साझेदारी वन व्यवस्थापन समितिको गठन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६
## सामुदायिक वन सम्बन्धी व्यवस्था

२२. **सामुदायिक वनको व्यवस्थापनः** (१) रणनीतिक योजनाको अधिनमा रहि स्वीकृत आवधिक वन व्यवस्थापन योजना अनुरूप निर्धारित राष्ट्रिय वनको कुनै भागमा वनको विकास, संरक्षण, सदुपयोग, व्यवस्थापन गर्न पाउने गरी सामुदायिक वनको रुपमा सामुदायिक वन उपभोक्ता समूह मार्फत वन व्यवस्थापन गर्न सकिने छ।

(२) दफा ३० बमोजिम गठित उपभोक्ता समूहले विधान बनाई उपदफा (१) बमोजिमको वन व्यवस्थापनका लागि सम्बन्धित डिभिजन वन कार्यालयसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपभोक्ता समूहले पेश गरेको विधान उपयुक्त देखिएमा सम्बन्धित अधिकारीले स्वीकृत गरी तोकिए बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ र स्वीकृत विधानको एक एक प्रति सम्बन्धित समूह, स्थानीय तह र निर्देशनालयमा पठाउनु पर्नेछ।

(४) सामुदायिक वनको संरक्षण र व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समूहको हुनेछ।

(५) सामुदायिक वन व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. **कार्ययोजना सम्बन्धी व्यवस्थाः**(१) दफा २२ बमोजिम वन व्यवस्थापन गर्ने उपभोक्ता समूहले तोकिएको ढाँचामा वनको हैसियत र उपभोक्ताको चाहना अनुरूप कार्ययोजना तयार गरी स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्ययोजना तयार गर्न डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (१) बमोजिम पेश हुन आएको कार्ययोजना आवश्यक जाँचवुझ गरी उपयुक्त देखिएमा सम्बन्धित अधिकारीले स्वीकृत गर्नुपर्नेछ।

(४) सामुदायिक वनको कार्ययोजनाको अवधि वनको अवस्था हेरी पाँच वर्ष वा दश वर्षको हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादनशील वनको हकमा उपभोक्ता समूहको चाहनामा समूहले वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ।

(६) उपदफा (५) बमोजिमको कार्ययोजना तयार गर्नुपूर्व उपभोक्ता समूहले यसको अवधारणा पत्र डिभिजन वन कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ र डिभिजन वन कार्यालयले सो को जानकारी निर्देशनालयमा पठाउनु पर्नेछ।

२४. <u>कार्ययोजनामा संशोधनः</u> (१) दफा २३ बमोजिम स्वीकृत कार्ययोजनाको अवधि समाप्त भएमा वा संशोधन गर्नु पर्ने भएमा उपभोक्ता समूहले संशोधित कार्ययोजना बनाई स्वीकृतिको लागि सम्बन्धित अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्ययोजना उपयुक्त देखिएमा सम्बन्धित अधिकारीले स्वीकृत गर्नसक्नेछ।

तर, विशेष अवस्था परी निर्देशकले लिखित सहमति दिएमा बाहेक दुई वर्ष पुरा नभई कार्ययोजना संशोधन गरिनेछैन।

(३) यस दफा बमोजिमको कार्ययोजना संशोधन गर्न उपभोक्ता समूहले अनुरोध गरेमा सम्बन्धित अधिकारीले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कार्ययोजना संशोधन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. <u>सामुदायिक वन फिर्ता लिन सकिनेः</u> (१) दफा २२ बमोजिम व्यवस्थापन गरिएको सामुदायिक वनमा उपभोक्ता समूहले कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा वा कार्ययोजना विपरीत काम गरेमा वा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा वा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम उल्लङ्घन गरेमा वा पालना गर्नु पर्ने शर्त पालना नगरेमा सम्बन्धित अधिकारीले तोकिए बमोजिम त्यस्तो उपभोक्ता समूहको दर्ता खारेज गर्न र त्यस्तो सामुदायिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।

तर, त्यसरी उपभोक्ता समूहको दर्ता खारेज गरी सामुदायिक वन फिर्ता लिने निर्णय गर्नु अघि त्यस्तो उपभोक्ता समूहलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले त्यस्तो निर्णयको जानकारी पाएको मितिले २१ दिन भित्र निर्देशक समक्ष उजूरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उजूरी परेमा निर्देशकले ३५ दिन भित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै सामुदायिक वन फिर्ता लिने गरी भएको निर्णय उपर सोही उपदफा (२) बमोजिम उजुरी परी उपदफा (३) बमोजिम निर्देशकले निर्णय गर्दा त्यस्तो निर्णय बदर भएमा सम्बन्धित अधिकारीले साविककै उपभोक्ता समूहमध्येबाट नयाँ कार्यसमिति गठन गर्न लगाई त्यस्तो वन सोही समुदायलाई पुनः हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको निर्णय उपर उपदफा (२) बमोजिम उजुरी नपरेमा वा त्यस्तो उजुरी परी सो निर्णय सदर भएमा सम्बन्धित अधिकारीले दफा ३० बमोजिमको प्रकृया पुरा गरी उपभोक्ता समूह पुनर्गठन गरी सो सामुदायिक वन हस्तान्तरण गर्न यो दफाले कुनै वाधा परेको मानिने छैन ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विकास आयोजना संचालन गर्न आवश्यक परेको बखत उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको सामुदायिक वनको पुरै वा केही भाग फिर्ता लिन सक्नेछ र त्यस्ता वनको उपभोक्तालाई सम्भव भए सम्म अन्यत्र नजिकैको सामुदायिक वनमा व्यवस्थापन गर्न सकिनेछ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जुनसुकै अवस्थामा सामुदायिक वनको संरक्षण गर्ने अन्तिम दायित्व सम्बन्धित उपभोक्ता समूहको हुनेछ ।

२६. <u>कार्ययोजना विपरीत काम गरेमा सजाय हुनेः</u> (१) सामुदायिक वनको उपभोक्ता समूहका सदस्य वा समितिका पदाधिकारीले विधान र कार्ययोजना विपरीत हुने कुनै काम कारवाही गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले विधान र कार्ययोजना बमोजिम जरिवाना गर्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समूह आफैले कारबाही गर्न नसकेमा सो समूहले कारबाहीको लागि सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्न सक्नेछ र यसरी सिफारिस भई आएमा सम्बन्धित अधिकारीले आवश्यक जाँचवुझ गरी यस ऐन बमोजिम कारबाही गर्नेछ ।

(३) उपदफा (१) बमोजिम जरिवाना गरेको कारणले मात्र त्यस्तो समितिका पदाधिकारीलाई प्रचलित कानून बमोजिम अन्य कारबाही गर्न बाधा पुऱ्याएको मानिने छैन।

२७. <u>सामुदायिक वनको आम्दानीको व्यवस्थापनः</u> (१) उपभोक्ता समूहले कार्ययोजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तिमा चालीस प्रतिशत रकम वनको विकास, संरक्षण र व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी कार्यक्रममा दोहोरोपना नपर्ने गरी गरिबी न्यूनीकरण, महिला सशक्तिकरण तथा उद्यम विकासमा खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकम सम्बन्धित स्थानीय तहलाई जानकारी गराई समूहको हितका लागि गरिने सामाजिक वा भौतिक पूर्वाधार विकासको कार्यमा प्रयोग गरिनेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि उपभोक्ता समूहले आफ्नो कुल आम्दानीको दश प्रतिशत नबढ्ने गरी प्रशासनिक खर्च गर्न सक्नेछन् ।

२८. <u>सामुदायिक वनको वन पैदावार बिक्री वितरणः</u> (१) सामुदायिक वनको कार्य योजना बमोजिम प्राप्त हुने वनपैदावार मध्ये समूहले आफ्ना सदस्यलाई तोकिए बमोजिम बिक्री वितरण गरी खपत नभएको वनपैदावार तोकिए बमोजिम समूहबाहिर बिक्री वितरण गर्न सक्नेछन् ।

(२) समूह भन्दा बाहिर बिक्री वितरण गर्दा प्रचलित कानून बमोजिम तोकिएको दररेट भन्दा कम दरमा विक्री गर्न सकिने छैन र यसरी वन पैदावार विक्रीबाट प्राप्त रकमको पच्चीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको रकम प्रचलित कानून बमोजिम प्रदेश सरकार र सम्बन्धित वन भएका स्थानीय तह बीच बाँडफाँट हुनेछ।

(४) उपदफा (२) बमोजिमको रकम जम्मा भई सकेपछि स्थानीय तह वा कुनै निकायले यस सम्बन्धी कुनै किसिमको सेवा शुल्क वा दस्तुर उठाउने छैन।

(५) यस दफा बमोजिमको वन पैदावार बिक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. <u>कबुलियतनामा गरी वन उपलब्ध गराउन सकिनेः</u> (१) सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत वन कार्ययोजनाको अधिनमा रही सामुदायिक वनको कुनै भाग समूह भित्रका विपन्न वर्गका उपभोक्ताले सामुहिक रूपमा आयआर्जनका लागि वनजन्य क्रियाकलाप संचालन गर्न समूह बनाई एक पटकमा वढीमा दश वर्षका लागि कबुलियतनामा गरी उपलब्ध गराउन सक्नेछ ।

<u>स्पष्टिकरणः</u> यस दफाको प्रयोजनको लागि वनजन्य क्रियाकलाप भन्नाले वनमा आधारित कृषि वन प्रणाली समेतलाई जनाउनेछ।

(२) कबुलियतनामा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. <u>सामुदायिक वन उपभोक्ता समूह सम्बन्धी व्यवस्थाः</u> (१) दफा २२ को प्रयोजनको लागि सामुदायिक वनका सम्बन्धित उपभोक्ताले सामुदायिक वन उपभोक्ता समूह गठन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको समूहमा वन क्षेत्र नजिक स्थायी बसोबास रहेका, वनको संरक्षणमा योगदान वा उपभोगमा प्रत्यक्ष संलग्न हुने, अन्यत्र वन उपभोक्ता समूहको सदस्य नरहेका इच्छुक प्रति घरधुरी एक सदस्य हुनेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि कुनै घरधुरी एक भन्दा बढी उपभोक्ता समूहमा सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको एक वर्ष भित्र कुनै एक उपभोक्ता समूहको मात्र सदस्य कायम रहने गरी समूह छनौट गर्नु पर्नेछ।

(४) डिभिजन वन कार्यालयले उपभोक्ताको सहभागितामा उपभोक्ता समूह गठन गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(५) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका उपभोक्ता समूहहरू एक आपसमा गाभिन चाहेमा सम्बन्धित अधिकारीले स्वीकृति दिएमा गाभिन सक्नेछन।

(६) उपदफा (५) बमोजिम उपभोक्ता समूह एक आपसमा गाभिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. <u>उपभोक्ता समूह सङ्गठित संस्था हुने</u>: (१) दफा ३० बमोजिम गठित उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह आर्जित चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, आर्जित सम्पत्ती बेच बिखन गर्न, वनजन्य उद्यम संचालन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

३२. <u>उपभोक्ता समूहको पदाधिकारी सार्वजनिक पद धारण गरेको व्यक्ति हुने</u>: सामुदायिक वन उपभोक्ता समूहको पदाधिकारी प्रचलित कानून बमोजिमको सार्वजनिक पद धारण गरेको व्यक्ति मानिनेछ।

३३. <u>उपभोक्ता समूहको कोष</u>:(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम जम्मा गरिनेछः-

(क) उपभोक्ता समूहको सदस्यता शुल्क र जरिवानाबाट प्राप्त रकम,

(ख) वन पैदावारको बिक्री वितरण र अन्य आयबाट उपभोक्ता समूहलाई प्राप्त रकम,

(ग) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम समेत,

(घ) कुनै स्वदेशी व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता, ऋण वा दान दातव्यको रकम,

(३) उपभोक्ता समूहको तर्फबाट कार्ययोजना बमोजिम गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) उपभोक्ता समूहले व्यवस्थापन गरेको वनमा रहेका वन्यजन्तु वा वन डढेलो नियन्त्रण वा वन व्यवस्थापन गर्ने क्रममा त्यस्तो समूहका सदस्यको जनधनको क्षति भएमा उपदफा (१) बमोजिमको कोषबाट प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराइनेछ ।

(५) यस दफा बमोजिम उपभोक्ता समूहले आर्थिक कारोबार संचालन गर्दा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक मार्फत मात्र गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३४. <u>प्रतिवेदन दिनु पर्ने</u>:(१) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा वनको स्थिति समेत खुलाई आफ्ना क्रियाकलापको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह र सम्बन्धित वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा सम्बन्धित स्थानीय तह र सम्बन्धित वन कार्यालयले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निर्देशन उपभोक्ता समूहले पालना गर्नु पर्नेछ।

## परिच्छेद ७

## <u>कबुलियती वन सम्बन्धी व्यवस्था</u>

३५. <u>व्यवसायिक कबुलियती वन प्रदान गर्ने</u>: (१) नेपाल सरकारको सहमति लिई प्रदेश सरकारले रणनितिक योजनाको अधिनमा रहि आवधिक वन व्यवस्थापन योजनाले निर्धारण गरेको औसत बीस प्रतिशत वा सो भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भागमा सरकार आफैले वा प्रतिस्पर्धाको आधारमा सङ्गठित संस्था, उद्योग वा

समुदायलाई वनको संरक्षण र विकास हुने गरी बढीमा चालिस वर्ष अवधिको लागि देहायका उद्देश्यहरू प्राप्त गर्न कबुलियती वनको रुपमा प्रदान गर्न सक्नेछः-

(क) वन पैदावारमा आधारित उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न,

(ख) वृक्षारोपण गरी वनपैदावारको उत्पादनमा अभिवृद्धि गरी बिक्री वितरण गर्न वा उपयोग गर्न,

(ग) जडीबुटी खेती वा कृषि वन बाली वा वागवानी वा पशु फर्म सञ्चालन गर्न,

(घ) कीटपतङ्ग तथा वन्यजन्तु फर्म सञ्चालन गर्न,

(ङ) हिल स्टेशन, साहसिक पर्यटन, केबलकार, रिसोर्ट, प्राकृतिक संग्राहलय लगायतका पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न।

(२) उपदफा (१) बमोजिम कबुलियती वन प्राप्त गर्नेले तोकिए बमोजिमको रकम प्रदेश सरकारलाई तिर्नु पर्नेछ।

(३) कबुलियती वनमा उत्पादन गरेको वन पैदावारको संकलन र विक्री वितरणका लागि कुनै इजाजत लिई रहनुपर्ने छैन ।

(४) कबुलियती वन प्रदान गर्ने प्रकृया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३६. <u>गरिबका लागि कबुलियती वन प्रदान गर्न सकिनेः</u> (१) आवधिक वन व्यवस्थापन योजनाले निर्धारण गरेको क्षेत्रमा सम्बन्धित अधिकारीले वनको संरक्षण र विकासमा वाधा नपर्ने गरी गरिबीको रेखामुनि रहेका घर परिवारको गरिबी न्यूनीकरण गर्न सामुहिक रूपमा आयआर्जनका लागि वनजन्य क्रियाकलाप संचालन गर्न समूह गठन गरी बीस प्रतिशत भन्दा कम छत्र घनत्व भएको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिमको प्रकृया पुरा गरी कबुलियती वन प्रदान गर्न सक्नेछ।

(२) ठुला रुख बिरुवा राख्न जोखिम हुने विद्युत प्रसारण लाइन मुनिका जग्गाहरुमा उपदफा (१) बमोजिम समूह गठन गरी तुलनात्मक लाभ बढी हुने कम उचाइका नगदे घुसुवा वाली, फलफुल, जडिबुटी, घाँसबाली लगाउन सम्बन्धित अधिकारीले कबुलियती वन प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) को जग्गामा उपदफा (१) बमोजिम समूह गठन नभएमा सम्बन्धित अधिकारीले तोकिए बमोजिम व्यवसायिक कबुलियती वनको रूपमा प्रदान गर्न सक्नेछ।

३७. <u>मौजुदा रहेका रुखहरुको व्यवस्थापन सम्बन्धमा:</u> (१) दफा ३५ बमोजिम कबुलियती वन प्रदान गर्दाका वखत उक्त क्षेत्रमा मौजुदा रहेका रुखहरुको स्वामित्व प्रदेश सरकारको हुनेछ र नहटाई नहुने रुखहरुको व्यवस्थापन सम्बन्धित अधिकारीले गर्नेछ ।

(२) दफा ३६ बमोजिम उपलब्ध गराइएको क्षेत्रमा मौजुदा रहेका नहटाई नहुने रुखहरु व्यवस्थापन सम्बन्धित अधिकारीले सम्बन्धित समूहलाई प्रयोग गर्ने गरी दिन सक्नेछ।

३८. <u>कबुलियती वन फिर्ता लिन सक्ने:</u> (१) दफा ३५ बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौता विपरित कुनै काम गरे गराएको पाइएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो वन फिर्ताको लागि निर्देशनालयमा लेखि पठाउनेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा निर्देशकले २१ दिन भित्र आवश्यक जाँचबुझ गरी निर्णय गर्नेछ।

तर, त्यसरी फिर्ता लिने निर्णय गर्दा सम्बन्धित पक्षलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको २१ दिन भित्र मन्त्रालय समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम परेको पुनरावेदन उपर मन्त्रालयले १५ दिन भित्र निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(५) दफा ३६ बमोजिम प्रदान गरिएको कबुलियती वनमा सम्झौता विपरित कुनै काम गरे गराएको पाइएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम कारवाही गरी त्यस्तो वन फिर्ता लिने निर्णय गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने सम्बन्धित पक्षले २१ दिन भित्र निर्देशक समक्ष पुनरावेदन गर्न सक्नेछ र निर्देशकको निर्णय अन्तिम हुनेछ।

(७) कबुलियती वन फिर्ता लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ८

## धार्मिक वन सम्बन्धी व्यवस्था

३९. धार्मिक वनः (१) परापुर्वकालदेखिको ऐतिहासिक पवित्र धार्मिक स्थलको र त्यस वरिपरिको वनको संरक्षणका लागि प्रचलित कानून बमोजिम स्थापित कुनै धार्मिक निकाय, समूह वा समुदायले स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनको रुपमा संरक्षण गर्नेछ।

तर, यस उपदफा बमोजिम धार्मिक वन संरक्षण गर्ने जिम्मेवारी पाएको कारणले मात्र त्यस्तो वनको हक हस्तान्तरण भएको मानिने छैन र त्यस्तो धार्मिक निकाय, समूह वा समुदायको नाममा जग्गाको स्वामित्व हस्तान्तरण हुनेछैन।

(२) उपदफा (१) बमोजिम धार्मिक वन संरक्षण गर्ने जिम्मेवारी दिँदा लिदा अन्य उपभोक्ताको परम्परागत हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको धार्मिक वन वा त्यसको कुनै भाग धार्मिक निकाय, समूह वा समुदायले पुनः अर्को धार्मिक निकाय, समूह वा समुदायलाई दिन पाइने छैन।

(४) धार्मिक वनको संरक्षण गर्दा संरक्षणको जिम्मेवारी पाएको परम्परागत धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनमा संचालन गरिने संरक्षण सम्बन्धी क्रियाकलापको विवरण खुलेको कार्ययोजना सम्बन्धित वन कार्यालयमा पेश गर्नुपर्नेछ र त्यस्तो कार्ययोजना सम्बन्धित अधिकारीले स्वीकृत गर्न सक्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका धरोहर तथा सम्पदाहरूको मर्मत, सम्भार र जिर्णोदार गर्न र धार्मिक वनको संरक्षणको लागि आबश्यक पर्ने बाहेक कुनै पनि किसिमको भौतिक संरचना निर्माण गर्न पाइने छैन ।

(६) धार्मिक वनमा रहेका वन पैदावार सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले सोही धार्मिक स्थलमा हुने धार्मिक कार्यमा मात्र उपयोग गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम वन पैदावार उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानि नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू-क्षय हुन सक्ने गरी रुख कटान गर्न पाइने छैन ।

४०. धार्मिक वन फिर्ता लिन सकिने: (१) दफा ३९ बमोजिमको धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले कार्ययोजना विपरीतको कार्य गरेमा वा स्वीकृत कार्ययोजना बमोजिम धार्मिक वनमा गर्नुपर्ने कार्य सञ्चालन गर्न नसकेमा वा यो ऐन र

यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्त पालना नगरेमा सम्बन्धित अधिकारीले त्यस्तो धार्मिक वन फिर्ता लिन सक्नेछ ।

तर, धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्ति, धार्मिक निकाय, समूह वा समुदायले सूचना पाएको मितिले एक्काइस दिनभित्र निर्देशक समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको उजूरीमा निर्देशकले पन्ध्र दिनभित्र आवश्यक निर्णय गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

(४) यस दफा बमोजिम फिर्ता भएको धार्मिक वनको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ९

## बेवारिसी वा दरिया बुर्दी काठ सम्बन्धी व्यवस्था

४१. <u>बेवारिसी काठ व्यवस्थापनः</u> (१) बेवारिसी तथा दरिया वुर्दी काठको स्वामित्व प्रदेश सरकारको हुनेछ ।

(२) उपदफा (१) बमोजिमका काठ सम्बन्धित अधिकारीले सुरक्षित स्थानमा घाटगद्दी गराउन सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नदी वा खोला किनारमा स्थायी बसोबास गर्ने कुनै व्यक्तिले बर्षादको बखत नदी किनारबाट संकलन गरेको उपदफा (१) बमोजिमको बेवारिसे काठ दफा ४२ बमोजिम कसैको हकदावी पुग्ने नदेखिएमा त्यस्तो संकलित काठको तोकिए बमोजिमको परिमाण वा संकलन खर्च सम्बन्धित संकलनकर्तालाई उपलब्ध गराइने छ ।

(४) उपदफा (१) बमोजिमको काठको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४२. <u>हकदावी उपर कारवाहीः</u> (१) दफा ४१ बमोजिमको बेबारिसी वा दरिया बुर्दी अवस्थामा रहेको काठको स्वामित्व रहेको प्रमाण सहित कसैले डिभिजन वन कार्यालय समक्ष माग गरेमा र सो सम्बन्धमा त्यस्तो व्यक्तिको हकदाबी पुग्ने देखिएमा त्यस्तो काठ सम्बन्धित अधिकारीले निजलाई हस्तान्तरण गरी सोको जानकारी निर्देशनालयलाई दिनुपर्नेछ।

(२) बेबारिसी वा दरियाबुर्दी काठको हकदाबी तथा सो उपरको कारबाही सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**स्पष्टीकरणः** यस परिच्छेदको प्रयोजनको लागि **"दरिया वुर्दी"** भन्नाले नदी वा खोलाले बगाई ल्याएको वा किनारा लागेको वा अड्केको वा डुबेको वा पुरिएको सबै काठ टाँचा निशानाहरु लागेको वा टाँचा निशाना खुर्केको वा बदलेको वा उडेको वा कुनै तरहबाट मेटिएको काठ वा टाँचा निशाना नलागेको काठ सम्झनुपर्छ ।

## परिच्छेद १०

## विकास आयोजना र खनिज पदार्थ सम्बन्धी व्यवस्था

४३. **वन क्षेत्र प्रयोग सम्बन्धी व्यवस्था:** (१) कसैले कुनै विकास आयोजना संचालन गर्दा वन क्षेत्रको जग्गा प्रयोग गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त भएमा मन्त्रालयले त्यस्तो वन क्षेत्रमा रहेका रुखहरु हटाउन अनुमति दिन सक्नेछ र त्यस्तो वन क्षेत्रमा रहेको वन पैदावारको स्वामित्व प्रदेश सरकारको हुनेछ।

(३) विकास आयोजना संचालनमा वन क्षेत्रको सिफारिस, प्रयोग गर्ने र वन क्षेत्रमा रहेका रुखहरु हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४४. **खनिज पदार्थको अध्ययन, अन्वेषण र उत्खनन् कार्यका लागि वन क्षेत्र प्रयोग गर्न सक्नेः** (१) राष्ट्रिय वनभित्र खनिज पदार्थको अध्ययन, अन्वेषण र उत्खनन् गर्नुपर्ने भएमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(२) राष्ट्रिय वन क्षेत्र भित्र खानी वा खनिज पदार्थको प्रचलिन कानून बमोजिम उत्खनन् वा व्यवस्थापनको अनुमति प्राप्त व्यक्ति वा निकायले यस परिच्छेद बमोजिम जग्गा प्राप्ति गर्नुपर्नेछ ।

(३) राष्ट्रिय वन क्षेत्रभित्रको खनिज पदार्थको अध्ययन अन्वेषणको अनुमति र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद ११

## चराचुरुङ्गी तथा वन्यजन्तु संरक्षण र व्यवस्थापन सम्बन्धी व्यवस्था

४५. बर्ड स्यान्चुअरी वा जैविकमार्ग तोक्न सक्नेः (१) प्रदेश सरकारले रैथाने तथा आगन्तुक पन्छी र संकटापन्न वन्यजन्तुको वासस्थान संरक्षण तथा वन्यजन्तुको आवत जावत गर्ने प्रदेश भित्रको कुनै क्षेत्रलाई प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी बर्ड स्यान्चुअरी वा जैविकमार्ग घोषणा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा पर्यापर्यटनका क्रियाकलापहरू संचालन गर्न मन्त्रालयले अनुमति दिन सक्नेछ।

(३) बर्ड स्यान्चुअरी वा जैविक मार्ग व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४६. समस्याग्रस्त वन्यजन्तु व्यवस्थापनः (१) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास क्षेत्रमा खास समयका लागि कुनै वन्यजन्तुलाई समस्याग्रस्त वन्यजन्तु घोषणा गर्नसक्नेछ र त्यसरी समस्याग्रस्त घोषणा गरिएका वन्यजन्तुलाई सोही सूचनामा तोकिएको शर्त र बन्देजको अधिनमा रही खेत, खला, बारी र तोकिएको क्षेत्रमा विना अनुमति लखेट्न, धपाउन, पक्रन वा अन्य व्यवस्था गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा कुनै वन्यजन्तुको मृत्यु भएमा प्रचलित कानून बमोजिम कुनै कसुर गरेको मानिने छैन ।

(३) उपदफा(१) बमोजिम पक्रिएको वा मरेको कुनै वन्यजन्तु सम्बन्धित नजिकको वन कार्यालयमा बुझाउनु पर्नेछ ।

(४) कुनै क्षेत्र विशेषमा सम्बन्धित अधिकारीले बँदेलको सख्या बहन क्षमता भन्दा बढी भएको सिफारिस गरेमा तोकिएको प्रकृया पुरा गरी मन्त्रालयले सो क्षेत्रमा बँदेलको शिकार गर्न अनुमति दिन सक्नेछ ।

(५) समस्याग्रस्त वन्यजन्तु व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि समस्याग्रस्त वन्यजन्तु भन्नाले नियमित वा बारम्बार रूपमा कुनै वन्यजन्तुले मानिस वा घरपालुवा जनावरलाई आक्रमण गरी सुरक्षामा खतरा वा बालीनालीमा क्षति पुर्याउने वन्यजन्तु सम्झनुपर्छ ।

४७. चिडियाखाना वा प्राणी उद्यान स्थापना सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकार आफै वा कुनै संस्था, निकाय वा स्थानीय तह, समुदायले संरक्षण, शिक्षा, मनोरञ्जन, प्रजनन्, वंशाणु

श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धानका लागि तथा उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापन गर्ने प्रयोजनका लागि तोकिए बमोजिम अनुमति लिई चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा विशेष आरक्षण गरिने वन्यजन्तु राख्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान स्थापना गरी सञ्चालन गर्दा प्राप्त वन्यजन्तुको संरक्षण हुन सक्ने वासस्थान, आहार र उपचारको सुनिश्चितता भएको हुनुपर्नेछ ।

(४) यस दफा बमोजिम अनुमति नलिई चिडियाखानाको रुपमा सञ्चालन गरेका चिडियाखाना वा प्राणी उद्यानले तोकिए बमोजिम अनुमति लिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गर्न चाहनेले तोकिएको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिम अनुमति नलिई वा मापदण्ड पुरा नगरी चिडियाखाना वा प्राणी उद्यान सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(७) यस दफा बमोजिम चिडियाखाना, खुला चिडियाखाना वा प्राणी उद्यान स्थापनाको अनुमति मन्त्रालयले दिनेछ ।

४८. <u>वन्यजन्तु अस्पताल, उद्धार केन्द्र र पालन सम्बन्धी व्यवस्था</u>: (१) कुनै व्यक्ति वा निकायले समस्याग्रस्त, असहाय, नरभक्षी, घाइते, टुहुरा र उद्धार गरिएका वन्यजन्तुको संरक्षण र व्यवस्थापनका लागि मन्त्रालयबाट तोकिए बमोजिम अनुमति लिई वन्यजन्तु अस्पताल वा वन्यजन्तु उद्धार केन्द्र स्थापना गर्न सक्नेछ ।

(२) वन्यजन्तु अस्पताल तथा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कुनै व्यक्ति वा निकायले संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु पालन गर्न चाहेमा मन्त्रालयको स्वीकृति लिई पालन गर्न सक्नेछ ।

(४) वन्यजन्तु पालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-१२

## कसुर र सजाय

४९. कसुरः कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था गरेकोमा बाहेक देहायका काम कारबाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ ।

(क) दफा ६ को उपदफा (१) विपरीत राष्ट्रिय वनभित्रको जग्गा दर्ता गरेमा वा गराएमा।

(ख) दफा ७ बमोजिम निषेध गरिएको क्षेत्रमा प्रवेश गरेमा

(ग) राष्ट्रिय वन फाँड्ने वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय संचालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(घ) राष्ट्रिय वनमा आगो लगाउने वा आगलागि हुन जाने कुनै कार्य गरेमा,

(ङ) निषेध गरिएको वनक्षेत्रभित्र चौपाया प्रवेश गराएमा वा चराएमा,

(च) राष्ट्रिय वनक्षेत्रबाट वन पैदावार हटाउने, विना इजाजत वन पैदावार ओसारपसार गर्ने वा संकलन गरी राख्ने वा बिक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(छ) राष्ट्रिय वनक्षेत्रको रुख वा बिरुवा काट्ने, हाँगा काट्ने, खोटो वा बोक्रा झिक्ने वा कुनै पनि प्रकारले नोक्सानी गरेमा,

(ज) ईजाजत प्राप्त गरी राष्ट्रिय वनबाट रुख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरबाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(झ) वनक्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चून पोल्ने वा यी वस्तुहरुबाट अरु तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने काम गरेमा,

(ञ) वन पैदावारको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ट) विदेश निकासी गर्न प्रतिबन्ध लागेको वन पैदावार विदेश निकासी गरेमा,

(ठ) वन सीमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(ड) टाँचा वा सीमाना किर्ते गर्ने वा काठ वा खडा रुखमा लगाईएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(ढ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका बिरुवा काट्ने, भाँच्ने उखेल्ने, अरु कुनै प्रकारले नोक्सान गरेमा वा प्राकृतिक रूपमा उम्रेका विरूवा मासेमा,

(ण) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका बार वा त्यस्ता अरु सम्पत्ति बिगारे वा चोरी गरेमा,

(त) इजाजत विना वन्यजन्तुको शिकार गर्ने, वन्यजन्तुको शिकारका लागि हतियार वा अन्य सामग्री लिई वन क्षेत्रमा प्रवेश गर्ने, वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गर्ने,

(थ) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरीत वन पैदावार राखेमा,

(द) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हितको नाममा कोषको रकम हिनामिना गर्ने वा समूहको विधान तथा कार्ययोजना विपरित कुनै कार्य गरेमा,

(ध) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा।

**५०.** <u>सजायः</u> (१) दफा ४९ को खण्ड (क) अन्तर्गतको कसुर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्ष सम्म कैद वा पचास हजार रुपैयाँ सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

२) दफा ४९ को खण्ड (ख) अन्तर्गतको कसुर गर्नेलाई एक महिना सम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(३) दफा ४९ को खण्ड (ग) अन्तर्गतको कसुर गर्नेलाई पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गरी त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार,

साधन समेत जफत हुनेछ । त्यस्तो कसुर गर्दा वन पैदावार हटाएको वा नोस्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ ।

(४) दफा ४९ को खण्ड (घ) अन्तर्गतको कसुर गर्नेलाइ क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

(५) दफा ४९ को खण्ड (ङ) अन्तर्गतको कसुर गर्नेलाई प्रत्येक चौपायाको लागि देहायको दरले जरिवाना हुनेछः-

(क) भेडा, बाख्रा जातको भए पचास रुपैयाँ देखि पाँच सय रुपैयाँसम्म,

(ख) हात्ती भए एक हजार रुपैयाँ देखि पाँच हजार रुपैयाँसम्म,

(ग) अन्य चौपाया भए एक सय रुपैयाँ देखि एक हजार रुपैयाँसम्म ।

(६) दफा ४९ को खण्ड (च), (छ), (ज), (झ) वा (ञ) अन्तर्गतको कसुर गर्नेलाई कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछः-

(क) एक हजार रुपैयाँसम्मको बिगो भए एक हजार रुपैयाँसम्म जरिवाना,

(ख) एक हजार रुपैयाँदेखि माथि पाँच हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा एक महिनासम्म कैद वा दुवै,

(ग) पाँच हजार रुपैयेंखि पचास हजार रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा तीन महिनासम्म कैद वा दुवै,

(घ) पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा छ महिनासम्म कैद वा दुवै,

(ङ) एक लाख रुपैयाँदेखि पाँच लाख रुपैयाँसम्मको बिगो भए बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै,

(च) पाँच लाख रुपैयाँभन्दा बढी जतिसुकै बिगो भए पनि बिगोको दोब्बर जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै ।

(७) दफा ४९ को खण्ड (ट) अन्तर्गतको कसुरसँग सम्बन्धित वन पैदावार जफत गरी बिगोको दोब्बर जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(८) दफा ४९ को खण्ड (ठ) वा (ड) अन्तर्गतको कसुर गर्नेलाई बीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(९) दफा ४९ को खण्ड (ढ) अन्तर्गतको कसुर गर्नेलाई प्रति बिरुवाको पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र सोही कसुर पुनः गर्नेलाई कसुरको मात्रा अनुसार प्रत्येक पटक बीस हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(१०) दफा ४९ को खण्ड (ण) अन्तर्गतको कसुर गर्नेलाई बिगो असुल गरी दस हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

(११) दफा ४९ को खण्ड (त) अन्तर्गतको कसुर गर्नेलाई वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

(१२) दफा ४९ को खण्ड (थ) अन्तर्गतको कसुर गर्नेलाई त्यस्तो कसुरमा हुने सजायमा थप दुई लाख रुपैयाँसम्म जरिवाना हुनेछ ।

(१३) दफा ४९ को खण्ड (द) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी एक वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(१४) दफा ४९ को खण्ड (ध) अन्तर्गतको कसुर गर्नेलाई बिगो भए बिगो असुल गरी छ महिनासम्म कैद वा दस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

५१. <u>हैरानी गर्ने नियतले कब्जा वा पक्राउ गर्नेलाई सजायः</u> मनासिब माफिकको कारण नभई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले रिसइविले वा हैरानी गर्ने नियतले मालवस्तु कब्जा गरेमा वा कसैलाई पक्राउ गरेमा त्यस्ता कर्मचारीलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

५२. <u>कर्तव्य पालन गर्दा बाधा अड्चन पुर्‍याउनेलाई सजायः</u> यस ऐन बमोजिम सरकारी कर्मचारीले आफ्नो पदीय कर्तव्य पालना गर्दा कसैले बाधा अड्चन पुर्‍याएमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन महिना सम्म कैद वा दुवै सजाय हुनेछ ।

५३. <u>कसुरदारलाई भाग्न सहयोग गर्नेलाई सजायः</u> यस ऐन अन्तर्गतको कसुर गर्ने व्यक्तिलाई भाग्न सहयोग गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सरहको सजाय हुनेछ ।

५४. <u>दुरुत्साहन दिने वा मिलेमतो गर्नेलाई सजायः</u> यस ऐन अन्तर्गतको कसुर गर्न दुरुत्साहन दिने वा मिलेमतो गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

५५. <u>कसुरको उद्योग गर्नेलाई सजायः</u> यस ऐन बमोजिम वन्यजन्तु संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिमको संरक्षित वन्यजन्तु सम्बन्धी कसुरको उद्योग भएमा कसुरदारलाई भए सरह र अन्य कसुरको उद्योग भएमा कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

## परिच्छेद १३

## कसुरको जाँचबुझ र कार्यविधि

५६. **कसुर रोक्न आवश्यक कारबाही गर्नेः** कसैले यो ऐन बमोजिम हुने कसुर गर्न लागेको छ भन्ने शङ्का लागेमा वा कसुर गर्दैका अवस्थामा फेला पारेमा वन सम्बन्धी काम गर्ने कर्मचारी वा सुरक्षाकर्मीले त्यस्तो कसुर हुन नपाउने प्रबन्ध गर्नु पर्नेछ र सो कामका लागि आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

५७. **विशेष अधिकारः** (१) यस ऐन अन्तर्गतको वन तथा वन्यजन्तु सम्बन्धी कसुरमा संलग्न कसुरदारलाई वनक्षेत्रभित्र वा बाहिर पक्राउ गर्न लाग्दा पक्राउ गर्न नदिने वा पक्राउ परिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हुलहुज्जल गरी कसुरदारलाई भगाई लैजाने अवस्था परेमा वा पक्राउ गर्ने व्यक्तिकै ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था उत्पन्न भएमा सम्बन्धित अधिकारीको आदेशले वन सुरक्षाको लागि खटिएका कर्मचारी वा सुरक्षाकर्मीले घुँडा मुनी लाग्ने गरी गोली चलाउन सक्नेछ।

(२) राष्ट्रिय वनक्षेत्रको जग्गा कसैले आवाद गरेको वा त्यस्तो जग्गामा घर, छाप्रो बनाइसकेको भए पनि सम्बन्धित अधिकारी वा निजले तोकेको वन सम्बन्धी कर्मचारीले सो आवादी हटाउन वा घर छाप्रो भत्काउन सक्नेछ र त्यस्तो क्षेत्रमा लगाएको बाली समेत जफत गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनले हुने अरु सजायमा सो उपदफामा लेखिएको कुराले कुनै असर पार्ने छैन ।

५८. **पक्राउ गर्ने अधिकारः** (१) यस ऐन बमोजिमको कुनै कसुरको अनुसन्धानको सिलसिलामा कुनै व्यक्तिलाई पक्राउ गर्नुपर्ने भएमा अनुसन्धान अधिकृतले सोको कारण र त्यस्तो व्यक्तिको पहिचान खुल्ने विवरण सहित मुद्दा हेर्ने अधिकारी समक्ष पक्राउ गर्ने अनुमतिको लागि निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनबाट पक्राउ गर्नु पर्ने कारण मनासिब देखिएमा मुद्दा हेर्ने अधिकारीले पक्राउ पूर्जी जारी गर्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पक्राउ पूर्जी जारी गरिएको व्यक्तिलाई अनुसन्धान अधिकृत, वन सम्बन्धी कर्मचारी वा सुरक्षाकर्मीले पक्राउ गरी बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुर गर्ने व्यक्ति तत्काल पक्राउ नगरिएमा त्यस्तो व्यक्ति भाग्ने, उम्कने वा निजले प्रमाण दसी वा सबुद नष्ट गर्ने मनासिब कारण भएमा वा कसुरसँग सम्बन्धित फरार रहेको व्यक्ति फेला परेमा

वा कसुर गरिरहेको अवस्थामा फेला परेमा अनुसन्धान अधिकृत, वन सम्बन्धी कर्मचारी वा सुरक्षाकर्मीले त्यस्तो व्यक्तिलाई तत्कालै जरुरी पक्राउ पूर्जी जारी गरी पक्राउ गरी मुद्दा हेर्ने अधिकारी समक्ष स्वीकृतिको लागि पक्राउ परेको व्यक्ति सहित उपस्थित गराउनु पर्नेछ ।

तर, यसरी पक्राउ गरिनु पर्ने व्यक्ति महिला भएमा सम्भव भएसम्म वन सम्बन्धी महिला कर्मचारी वा महिला सुरक्षाकर्मीको प्रयोग गर्नुपर्नेछ ।

(५) कुनै कसुरको सिलसिलामा पक्राउ गरिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पुरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमति माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखि तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भइसकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम थुनामा अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भइरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ।

५९. <u>खानतलासी अधिकारः</u> (१) यस ऐन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिब कारण भएमा कम्तीमा पाचौं तहको वन प्राविधिक कर्मचारी वा सहायक प्रहरी निरीक्षक दर्जाका कर्मचारीले प्रचलित कानून बमोजिम कुनै स्थानको खानतलासी गर्न सक्नेछ।

**स्पष्टीकरणः** यो दफाको प्रयोजनको लागि "स्थान" भन्नाले स्थायी वा अस्थायी भवन वा टहरा सम्झनु पर्छ र सो शब्दले खाली जग्गा, पाल, डुङ्गा तथा विभिन्न किसिमका सवारी साधनलाई समेत जनाउँछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्ने व्यक्तिले खानतलासी गर्दा सम्बन्धित स्थानीय तहको कम्तीमा एक जना पदाधिकारी वा सदस्य तथा कम्तीमा दुईजना साक्षी राखी निजहरुको रोहबरमा गर्नु पर्नेछ ।

(३) मानिस बसोबास गरेको घरमा खानतलासी गर्नु परेमा सो घरमा महिला भए निजलाई घर वाहिर निस्कने सूचना र मौका दिनु पर्नेछ ।

(४) यस दफामा लेखिएका कुनै कुराले खानतलासी गर्ने कर्मचारीलाई सूर्यास्त देखि सूर्योदय नभएसम्म मानिस बमोबास गरेको घरमा प्रवेश गर्न पाउने अधिकार हुने छैन।

६०. वन पैदावार र तत्सम्बन्धी मालवस्तु बरामद गर्न सक्नेः (१) कुनै वन पैदावार भण्डारण वा ओसार पसारका क्रममा यो ऐन उल्लङ्घन भएको छ भन्ने भरपर्दो कारण देखिएमा त्यस्ता वन पैदावार र कसुरसँग सम्बन्धित हतियार, डुङ्गा, सवारी साधन तथा चौपायालाई वन सम्बन्धी कार्य गर्ने कुनै कर्मचारी वा सुरक्षाकर्मीले बरामद गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमकै वन पैदावार वा वस्तु बरामद गरिएमा त्यसरी बरामद गर्ने कर्मचारी वा सुरक्षाकर्मीले बरामद गरेको वन पैदावार वा वस्तुको विवरण खोली सम्बन्धित व्यक्तिलाई सोको भरपाई दिनु पर्नेछ र त्यस्तो वन पैदावार वा वस्तुमा खास चिन्ह लगाई नाप जाँच गरी यथाशक्य चाँडो डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरामद गरिएका वन पैदावार र हतियार बाहेकका कसुरसँग सम्बन्धित डुङ्गा, सवारी साधन वा चौपायालाई कम्तीमा पाचौ तहको वन प्राविधिक कर्मचारी वा सो सरहका सुरक्षाकर्मीले तोकेको दिन र स्थानमा दाखिला गर्ने शर्तमा सम्बन्धित स्थानीय तहको कम्तीमा एकजना पदाधिकारी वा सदस्य वा कम्तीमा दुईजना स्थानीय व्यक्तिको उपस्थितिमा मालधनीलाई कागज गराई छाडिदिन सक्नेछ ।

६१. दसी प्रमाण पेश गर्ने सम्बन्धी व्यवस्थाः (१) यस ऐन बमोजिमको कसुरको सम्बन्धमा बरामद भएका वन पैदावार वा त्यस्तो कसुर हुने कार्य गर्नको लागि प्रयोग भएका औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी बरामद भएका वन पैदावार, औजार तथा अन्य साधन दसी प्रमाणको रुपमा मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्न नसकिने भएमा त्यस्तो दसी प्रमाण नजिकको वन कार्यालयको जिम्मामा राखी सोको मुचुल्का पेश गरेमा दसी प्रमाण पेश गरे सरह मानिनेछ ।

(३) उपदफा (२) बमोजिम दसी प्रमाण राखेको ठाउँमा मुद्दा हेर्ने अधिकारीले डोर खटाई प्रतिवेदन लिई कारवाही गर्न सक्नेछ ।

६२. मुद्दाको अनुसन्धान र दायरीः (१) यस ऐन बमोजिमको एक वर्ष सम्म कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकातको कार्य प्रदेश सरकारको वन सेवा जनरल फरेष्ट्री समूहको कम्तिमा पाचौ तहको कर्मचारीले गर्नेछ ।

(२) यस ऐन बमोजिम एक वर्ष भन्दा बढी कैद सजाय हुने कसुर सम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात कार्य प्रदेश सरकारको वन सेवा जनरल फरेष्ट्री समूहको कम्तिमा सातौं तहको कर्मचारीले गर्नेछ ।

(३) एउटै कसुरमा कुनै व्यक्तिलाई एक वर्ष सम्म र कुनै व्यक्तिलाई एक वर्षभन्दा बढी कैद सजाय हुने रहेछ भने सो मुद्दाको अनुसन्धान तथा तहकिकात उपदफा (२) बमोजिमको कर्मचारीले गर्नेछ ।

(४) यस ऐन बमोजिमको कसुरको अनुसन्धान तथा तहकिकातको कार्य सम्पन्न भई मुद्दा दायर गर्नु पर्ने देखिएमा अनुसन्धान अधिकृतले आफ्नो राय सहित अनुसन्धानसँग सम्बन्धित सबुद र प्रमाण संलग्न मिसिल मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मिसिल प्राप्त भएमा सम्बन्धित सरकारी वकील कार्यालयले उक्त विषयमा मुद्दा नचल्ने भए सोही व्यहोरा उल्लेख गरी र मुद्दा चलाउनु पर्ने भए मुद्दा चलाउनु पर्ने व्यक्ति तथा निज उपरको अभियोग, सजाय र अभियोगपत्रमा लिनु पर्ने दावी समेत उल्लेख गरी मुद्दा दायर गर्न म्याद ननाघ्ने गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वकीलको कार्यालयले प्राप्त मिसिल अध्ययन गर्दा यो विषयमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप अनुसन्धान गर्नु पर्ने विषयवस्तु यकिन गर्न सोको आधार र कारण सहित अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम कुनै विषयमा थप अनुसन्धान गर्ने गरी मिसिल प्राप्त भएकोमा अनुसन्धान अधिकृतले सो विषयमा थप अनुसन्धान गरी मुद्दा दायर गर्न प्रस्तावित अभियोगको मागदावी तथा मिसिल पुनः सरकारी वकीलको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिम मिसिल प्राप्त भएपछि सम्बन्धित सरकारी वकील कार्यालयले उपदफा (५) बमोजिम मुद्दा चल्ने वा नचल्ने निर्णय गरी अनुसन्धान अधिकृत समक्ष मिसिल फिर्ता पठाउनु पर्नेछ ।

(९) उपदफा (५) वा (८) बमोजिम सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने निर्णय भई मिसिल प्राप्त भएपछि अनुसन्धान अधिकृतले मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्नु पर्नेछ ।

६३. <u>सरकार वादी हुनेः</u> यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ।

६४. **बरामद गरिएका मालवस्तुको व्यवस्थापनः** (१) यो ऐन बमोजिम सजाय हुने कसुरसँग सम्बन्धित भई बरामद गरिएका र धनी पत्ता नलागेका वन पैदावार, औजार, हतियार, सवारी साधन, चौपाया लगायतका मालवस्तुको हकदार कुनै भए हकदाबी गर्न आउनु भनी अनुसन्धान अधिकृतले सबैले देख्ने ठाउँमा सात दिनको म्याद दिई सूचना टाँस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मालवस्तु उपर हकदाबी परेमा निर्णयको लागि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको  मालवस्तु उपर हकदावी नपरेमा वा हकदाबी नपुग्ने ठहरी फैसला भएमा त्यस्तो मालवस्तु प्रदेश सरकारको हुनेछ ।

६५. **सडी गली जाने वन पैदावार, मालवस्तु र चौपाया लिलाम गर्न सकिनेः** (१) यस ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा बरामद गरिएका सडी गली जाने वन पैदावार, मालवस्तु वा संरक्षण प्रदान गरिन नसकिने अवस्थाको वन पैदावार, मालवस्तु वा चौपायालाई नजिकको वन कार्यालय वा सुरक्षित स्थानमा ल्याई मुद्दा हेर्ने अधिकारीको अनुमति लिई लिलाम बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लिलाम बिक्रीबाट प्राप्त हुन आएको रकम त्यस्तो मुद्दा फैसला हुँदाका बखत ठहरे बमोजिम हुने गरी धरौटीमा आम्दानी बाँधिनेछ ।

६६. **पूर्पक्ष सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम पक्राउ गरिएको र एक वर्ष भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दाको अभियोग लागेको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसुरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसुरदार देखिन मनासिब माफिकको आधार देखिएमा त्यस्तो व्यक्तिलाई पूर्पक्षका लागि थुनामा राखी कारवाही गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिए देखि बाहेकका अरु व्यक्तिको हकमा निजलाई हुन सक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौटी वा जेथा जमानी दिए तारिखमा राखी र त्यस्तो धरौटी वा जमानी दिन नसकेमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नुपर्नेछ ।

तर, पटके कसुर गरी छ महिना भन्दा बढी कैद हुने कसुरदारलाई थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्दा निजलाई हुनसक्ने सजायको उपल्लो हदभन्दा बढी अवधि थुनामा राख्न पाइने छैन।

६७. <u>मुद्दा हेर्ने अधिकारीः</u> (१) यस ऐन अन्तर्गत दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा सम्बन्धित अधिकारीले कारवाही र किनारा गर्नेछ।

(२) उपदफा (१) बमोजिम मुद्दाको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाईनेछ ।

(३) यस ऐन अन्तर्गत पाँच हजार रुपैयाँसम्म जरिवाना हुने कसुरमा वन सेवा जनरल फरेष्ट्री समूहको कम्तीमा पाचौं तहको कर्मचारीले घटनास्थलमै मुचुल्का खडा गरी तत्काल जरिवाना गरी छाडिदिन सक्नेछ र यसरी गरिएको सजायको लिखित जानकारी र आवश्यक कागजात सम्बन्धित सव डिभिजन वन कार्यालयले चौविस घन्टा भित्र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैतिस दिनभत्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६८. <u>बरामद भएका मालवस्तु जफत हुनेः</u> (१) कसैले यो ऐन बमोजिम सजाय हुने कसुर गरेको ठहरेमा त्यस्तो कसुरसँग सम्बन्धित बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरु जफत हुनेछन् ।

(२) यस ऐन बमोजिम सजाय हुने कसुरको अनुसन्धानको सिलसिलामा बरामद भएका बोझबाहक, औजार, हतियार, चौपाया र अन्य साधनहरु मुद्दा हेर्ने अधिकारीको अनुमतिमा लिलाम बिक्री गरी प्राप्त रकम मुद्दा किनारा नलागुन्जेल सम्म धरौटी खातामा राख्न सकिनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसुरदार बाहेक अन्य व्यक्तिले जानी-जानी कसुरदारलाई सघाउ पुऱ्याउन त्यस्तो सवारी साधन प्रयोग गरेको वा प्रयोग गर्न दिएको अवस्था अनुसन्धानबाट नदेखिएमा वा पचास हजार रुपैयाँभन्दा कम मोल पर्ने बोझवाहक जफत गरिने छैन र त्यस्तो कार्य गर्नेलाई यस ऐन बमोजिम हुने सजायमा बिगो बमोजिम वा पचास हजार रुपैयाँसम्म थप जरिवाना हुनेछ।

६९. <u>जफत भएका वनस्पति तथा वनस्पति स्रोतको व्यवस्थापनः</u> प्रदेश सरकारले यस ऐन बमोजिम कसुरमा जफत भएको कुनै वनस्पति तथा वनस्पति स्रोतलाई शैक्षिक तथा वैज्ञानिक अध्ययन, अनुसन्धान वा औषधिजन्य प्रयोगका लागि सार्वजनिक संस्था वा निकायलाई उपलब्ध गराउन वा नष्ट गर्न सक्नेछ ।

## परिच्छेद १४

## निजी तथा सार्वजनिक जग्गामा वन सम्बन्धी व्यवस्था

७०. **निजी वनको दर्ता तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन परेमा सम्बन्धित सव डिभिजन वन कार्यालय सँगको समन्वयमा आवश्यक जाँचबुझ गरी सम्बन्धित स्थानीय तहले निजी वन दर्ता गरी प्रमाणपत्र दिनेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गरेको निजी वनको विवरण सम्बन्धित स्थानीय तहले तोकिए बमोजिम अद्यावधिक गरी सम्बन्धित सव डिभिजन वन कार्यालयमा समेत पठाउनु पर्नेछ।

(३) यस ऐन बमोजिमका निजी वन राष्ट्रियकरण गरिने छैन।

(४) निजी वन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७१. **निजी वनको व्यवस्थापन र वन पैदावार ओसारपसारः** (१) दफा ७० बमोजिमको निजी वनमा निजी वन धनीले कृषि वन, पूर्ण वन वा जडीबुटी खेती गर्न सक्नेछ ।

(२) निजी वनको धनीले आफ्नो इच्छा अनुसार निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वनपैदावारको उपयोग गर्न वा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न
सक्नेछ ।

(३) निजी नम्बरी दर्ता जग्गा वा निजी वनबाट फलफुल, डालेघाँस र अन्य तोकिए बमोजिमको जातको रुखबाट उत्पादित काठ दाउरा कटान, संकलन, ओसारपसार, विक्री, चिरान र प्रयोगमा कुनै पनि निकायबाट कटान आदेश वा चिरान आदेश वा स्थानान्तरण इजाजत लिनुपर्ने छैन। तर तोकिए बमोजिमको प्रक्रिया पुरा गरी लागत प्रमाणित गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम उत्पादित काठ दाउरा गैह्र कानूनी रुपमा कटान, मुछान, ओसारपसार, चिरान वा प्रयोग गरेको भनी उजूरी परेमा सम्बन्धित सव-डिभिजन वन कार्यालयले जाँचबुझ गर्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्दा निजी दर्ता जग्गा वा निजी वनबाट नै काठ दाउरा उत्पादन गरेको ठहरेमा यही विषयलाई लिएर कुनै निकायमा मुद्दा चलाइने छैन र त्यस्ता काठ दाउरा सम्बन्धित धनीलाई फिर्ता दिनु पर्नेछ ।

(६) निजी बन पैदावरको व्यवसायिक प्रयोजनको लागि बिक्री गर्दा तोकिए बमोजिमको प्रक्रिया पुरा गर्नु पर्नेछ। यसरी बिक्री गरेको काठ, दाउराको शुल्क तोकिए बमोजिम प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिम वन पैदावार बिक्रि वितरण गर्दा प्रचलित कानून बमोजिम कर, दस्तुर लाग्नेछ।

७२. <u>निजी वन धनीलाई सहुलियत:</u> (१) निजी वनका धनीलाई निजी वन लगाउन, हुर्काउन, संरक्षण गर्न, सिंचाईको व्यवस्थापन गर्न, रोग, किरा आदिको उपचार गर्न लाग्ने खर्चमा प्रदेश सरकारले उत्प्रेरणात्मक सहयोग स्वरुप विशेष सुविधा, छुट, विमा लगायतका तोकिए बमोजिमको आर्थिक र प्राविधिक सहुलियत उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहुलितयका लागि प्रदेश सरकारले सहकारी, संघ संस्था, निजी क्षेत्र, वित्तिय संस्था तथा स्थानीय तहसँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।

७३. <u>सार्वजनिक जग्गामा रूख विरूवाको व्यवस्थापन:</u> (१) प्रचलित कानूनको अधिनमा रही स्थानीय तहले आफ्नो क्षेत्र भित्र खाली रहेको राष्ट्रिय वन बाहेकको ऐलानी, पर्ति, सार्वजनिक जग्गामा सार्वजनिक उपयोगका लागि वन वाटिका, उद्यान, हरित पार्क र सहरी वनको रूपमा विकास, संरक्षण र व्यवस्थापन गर्न सक्नेछ ।

(२) कसैले पनि सार्वजनिक सडक, नहर, कुलो, पोखरीको किनार, पार्क, चौर, चौतारो, धार्मिक स्थल, अन्त्येष्टी स्थल वा यस्तै अन्य संवेदनशील ठाउँ वा सरकारी निकायको परिसरमा लगाएका रुख विरूवाहरु काट्न मास्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिमको रूख विरूवाको सम्बर्द्धन गर्न वा रूख विरूवा ढली मानवीय वा अन्य भौतिक क्षती हुनबाट बचाउन वा अन्य कुनै विपदका कारण ढलेको, सुकेको रुखको काठ दाउराको व्यवस्थापन तथा विक्रि वितरणको व्यवस्था सम्बन्धित स्थानीय तहको कानून बमोजिम गर्न सकिनेछ।

(४) यस दफा बमोजिम रूख विरूवाको विकास र उपयोग सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ ।

(५) राष्ट्रिय लोकमार्ग, प्रादेशिक सडक र एक भन्दा वढी स्थानीय तह जोड्ने सडकको स्तरवृद्धि गर्नेक्रममा सडक किनारामा रहेका रूखहरू हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद १५

## वन पैदावारको सदुपयोग, ओसार पसार र आपुर्ति सम्बन्धी व्यवस्था

७४. राष्ट्रिय वनबाट उत्पादित काठ, दाउरा लगायतका वन पैदावारको स्वामित्व र मूल्य निर्धारणः (१) यस ऐनमा अन्यत्र व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनबाट उत्पादित वन पैदावारमा प्रदेश सरकारको स्वामित्व रहनेछ ।

(२) उपदफा (१) बमोजिमको वन पैदावार उपयोग गर्न, संकलन तथा विक्रि वितरण गर्नको लागि राजश्व संकलन तथा शुल्क, दस्तुर र दर निर्धारण गर्ने अधिकार प्रदेश सरकारमा रहने छ ।

७५. वन पैदावारको संकलन र बिक्री वितरणः (१) वन पैदावारको संकलन स्वीकृत कार्ययोजना बमोजिम हुनेछ र यसको उपयोग, बिक्री वितरण, निकासी, ओसारपसारको इजाजत सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय वन क्षेत्रमा हावाहुरी, वाढी पहिरो, नदी कटान वा अन्य प्राकृतिक प्रकोपका कारण कार्ययोजनाले निर्धारण गरेको परिमाण भन्दा वढी रुखहरु ढल्न गएमा निर्देशनालयको सिफारिशमा मन्त्रालयले त्यस्तो ढलापडा रुखहरु तोकिए बमोजिम संकलन र व्यवस्थापनका लागि स्वीकृति दिन सक्नेछ।

(३) घरकाज, विकास निर्माण, दाह संस्कार, प्राकृतिक प्रकोप पीडितका लागि आवश्यक पर्ने काठ तथा दाउराको आपूर्तिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम इजाजत दिइने वन पैदावारको मूल्य, शुल्क, दस्तुर वा दर तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमका नरम प्रजातीको काठ दाउरा संकलन तथा बिक्री बितरण तोकिए बमोजिम विशेष व्यवस्था हुनेछ ।

(६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसायीले लिलाम सकारबाट प्राप्त गोलिया काठलाई कम्तिमा एक चरण प्रशोधन गरी बिक्री गर्नु पर्नेछ र यसरी प्रशोधन नगरी बिक्री गर्न चाहेमा तोकिए बमोजिमको रकम प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि प्रशोधन भन्नाले गोलिया काठको चिरान गर्ने, फर्निचरको सामग्री निर्माण गर्ने, खयरको चिप्स उत्पादन गर्ने लगायतका कार्यलाई बुझिन्छ।

(७) वन पैदावार संकलन तथा विक्री वितरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७६. <u>वन पैदावारको निकासी पैठारी सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित कानूनको अधिनमा रही सम्बन्धित अधिकारीले काठ बाहेकका अन्य गैर काष्ठजन्य वन पैदावार विदेश निकासीको लागि सम्बन्धित भन्सारलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि काष्ठ र गैर काष्ठजन्य वनपैदावार वा उत्पादित वस्तुको सम्बन्धमा मापदण्ड निर्धारण गरी विदेश निकासीको व्यवस्था प्रदेश सरकारले मिलाउन सक्नेछ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले प्रदेशभित्र अन्य देशबाट पैठारी हुने काठको प्रयोगमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(४) वन पैदावारको निकासी र पैठारी सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

७७. <u>वन पैदावारको मूल्यमा सहुलियत प्रदान गर्न सक्नेः</u> प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी प्राकृतिक प्रकोपबाट राहत, उद्दार वा कुनै विशेष कार्यको लागि वन पैदावारको मूल्यमा सहुलियत प्रदान गर्न सक्नेछ।

७८. <u>वन पैदावारमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन सकिनेः</u> (१) प्रदेश सरकारबाट इजाजत प्राप्त कागज तथा अन्य काष्ठजन्य उद्योगलाई आवधिक कार्ययोजनाको अधिनमा रहि तोकिए बमोजिमको वन पैदावार कच्चा पदार्थको रूपमा उपलब्ध गराउन सकिनेछ ।

(२) प्रदेश सरकारबाट इजाजत प्राप्त उद्योगलाई सम्बन्धित अधिकारीले आवधिक कार्ययोजनाको अधिनमा रहि गैर काष्ठजन्य वन पैदावार तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ ।

७९. <u>जोखिम हुने रुखहरु हटाउने सम्बन्धी व्यवस्थाः</u>(१) वन व्यवस्थापन गरिने क्षेत्र भन्दा बाहिर रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका, रुख नहटाएमा अन्य भौतिक संरचना वा जनधन वा मानव बस्ती तथा आवागमनमा मानवीय हिसाबले जोखिममा रहेको पाइएमा सम्बन्धित अधिकारीले त्यस्ता रूखहरू हटाउन सक्नेछ।

(२) जोखिमयुक्त रुख हटाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८०. <u>पुरानो घर गोठमा प्रयोग भएको काठ वा काठजन्य सामाग्री ओसार पसार सम्बन्धी व्यवस्था:</u> कसैले निजी स्वामित्वको जग्गामा रहेको पुरानो घरगोठमा प्रयोग भएको काठ वा काठजन्य सामग्री अन्यत्र लैजान चाहेमा सम्बन्धित वडा कार्यालयको सिफारिसमा स्थानान्तरण गर्न सकिनेछ ।

**स्पष्टिकरणः**-यस दफाको प्रयोजनको लागि पुरानो घरगोठमा प्रयोग भएको काठ भन्नाले कम्तिमा दस वर्ष पुरानो घरमा प्रयोग भएको काठलाई सम्झनुपर्छ ।

८१. <u>काठजन्य वस्तुहरूको मापदण्ड निर्धारण गर्नेः</u> प्रदेश सरकारले प्रदेश भित्रका सरकारी कार्यालयमा उपयोग हुने फर्निचर लगायतका काठजन्य बस्तुहरूको प्रयोग सम्बन्धी मापदण्ड निर्धारण गरी लागु गर्न सक्नेछ ।

८२. <u>जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको विक्री वितरणः</u> (१) स्वीकृत आवधिक योजनाको अधिनमा रही डिभिजन वन कार्यालयले तोकिएको जडीबुटी प्रजातिहरुको सङ्कलन तथा विक्री वितरणको इजाजत दिन सक्नेछ ।

(२) जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको सङ्कलन, विक्री वितरणको इजाजत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८३. <u>प्रतिवन्ध लगाउन वा फुकुवा गर्न सक्नेः</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले कुनै पनि प्रजातिको कटान, संकलन, विक्री वितरण, ओसारपसार वा उपभोगमा प्रतिबन्ध लगाउन वा प्रतिवन्ध फुकुवा गर्न सक्नेछ ।

८४. <u>वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्नेः</u> (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले सम्बन्धित डिभिजन वन कार्यालयमा उत्पादन गर्ने वस्तु र सेवाको बारेमा वार्षिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको जानकारीका आधारमा डिभिजन वन कार्यालयले आवश्यकता अनुसार अनुगमन गरी वन पैदावारमा आधारित उद्योगहरुको आर्थिक योगदान देखिने अभिलेख राखी सोको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद १६

## वनस्पति तथा वनस्पति स्रोतको संरक्षण सम्बन्धी व्यवस्था

८५. <u>जडिबुटी अनुसन्धान केन्द्र तथा वनस्पति उद्यान स्थापना गर्न सकिनेः</u> (१) प्रदेश सरकारले दुर्लभ, लोपोन्मुख, रैथाने, संकटापन्न जडिबुटीजन्य वनस्पतिको अध्ययन, अनुसन्धान,

प्रदर्शनी वा व्यवसायिक खेती प्रवर्द्धनका लागि प्रयोगशाला सहितको जडिबुटी अनुसन्धान केन्द्र स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने जडिवुटी अनुसन्धान केन्द्र संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(३) वनस्पति प्रजातीको संरक्षण शिक्षा, मनोरञ्जन, पर्यापर्यटन, प्रजनन्, वंशाणु श्रोत संरक्षण तथा अध्ययन, अनुसन्धान गर्ने प्रयोजनका लागि मन्त्रालयले वनस्पति उद्यान स्थापनाको अनुमति दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम स्थापित वनस्पति उद्यानले वनस्पति प्रजातिको आनुवंशिक स्रोतको संरक्षणका लागि सिड बैंकको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम स्थापना हुने वनस्पति उद्यानको मापदण्ड निर्धारण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम स्थापना हुने बनस्पति उद्यानको संचालन र व्यवस्थापन प्रदेश सरकार, स्थानीय तह, संगठित संघ सस्था वा निजी क्षेत्रबाट एकल वा सार्वजनिक निजी साझेदारीबाट गर्न सकिनेछ ।

८६. <u>हर्वेरियम सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश भित्र पाइने विभिन्न प्रजातिका वनस्पति तथा वनस्पति स्रोतको आधिकारिक अभिलेख सहितको नमूना सङ्ग्रहका लागि हर्वेरियम केन्द्र स्थापना गर्न प्रदेश सरकारले अनुमति दिनेछ।

(२) हर्वेरियम केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८७. <u>प्रयोगशाला सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश सरकारले वनस्पति तथा वनस्पति स्रोतको पहिचान, जैविक तथा रासायनिक परीक्षण, स्तरीकरण, गुणस्तर निर्धारण तथा प्रविधि विकासका लागि आवश्यकता अनुसार प्रयोगशालाको स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाबाट कुनै व्यक्ति वा संस्थाले वनस्पति तथा वनस्पति स्रोतको पहिचान, गुणस्तर निर्धारण, रासायनिक विश्लेषण वा प्रमाणीकरण गर्न चाहेमा तोकिए बमोजिमको दस्तुर बुझाइ त्यस्तो सेवा लिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको प्रयोगशालाको सिफारिसमा तोकिएको कार्यालयले कुनै पनि वनस्पति तथा वनस्पति स्रोत प्रयोग गरी उत्पादित वस्तुहरुमा तोकिए बमोजिमको गुणस्तर भए नभएको वा मिसावट, हानिकारक तत्व र हानिकारक जीव भए नभएको यकिन गरी प्रमाणित गर्न सक्नेछ ।

(४) मन्त्रालयको स्वीकृतिमा कुनै संघ सस्था वा निजी क्षेत्रले समेत उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-१७

## विविध

८८. **वन क्षेत्रभित्रको खोला खोल्सी व्यवस्थापनः**(१) राष्ट्रिय वन क्षेत्रबाट नदीजन्य पदार्थले वन क्षेत्र, वातावरण, वस्ती, खेतीपातीमा नकारात्मक प्रभाव पार्ने अवस्था पहिचान भई वनक्षेत्र भित्र रहेका खोला खोल्सी खहरेको व्यवस्थापन गर्नुपर्ने भएमा यस खालको व्यवस्थापनबाट उत्पादन हुने नदीजन्य पदार्थको संकलन व्यवस्थापन र विक्री वितरण डिभिजन वन कार्यालयबाट गरिनेछ ।

(२) उपदफा (१) बमोजिम वनक्षेत्र भित्र रहेका खोला खोल्सी खहरेको व्यवस्थापनका लागि तयार पारिएको वातावरणीय अध्ययन प्रतिवेदन निर्देशनालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ र स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा औल्याएका सुझाव कार्यान्वयन गर्ने गराउने जिम्मेवारी सम्बन्धित डिभिजन वन कार्यालयको हुनेछ ।

(३) उपदफा (१) बमोजिम व्यवस्थापन गर्दा संकलित नदीजन्य पदार्थको विक्री वितरणको लागि लिइने शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ र त्यस्तो आय डिभिजन वन कार्यालय मार्फत प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

(४) वन क्षेत्र भित्रको खोला खोल्सी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८९. **वृक्षारोपण सम्बन्धी व्यवस्थाः**(१) आवधिक योजनाको अधिनमा रही डिभिजन वन कार्यालयले आफ्नो क्षेत्र भित्रको शुन्य प्रतिशत वा तोकिएको मापदण्ड भन्दा कम वनक्षेत्र रहेका स्थानलाई प्राथमिकता दिइ वृक्षारोपण गर्न सकिने सार्वजनिक खाली पर्ति जग्गा, नदी उकास र राष्ट्रिय वनक्षेत्र भित्र रहेका अन्य अनुत्पादित बुट्यान क्षेत्रहरुको आंकलन गरी विरुवा उत्पादनको योजना सहित बृक्षारोपण योजना तयार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन गर्ने कार्यक्रममा प्रदेश सरकारले लगानी, पूँजी, सीप र प्रविधिका क्षेत्रमा सहकार्य गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको बृक्षारोपणको लागि स्थानीय वा रैथाने प्रजातिलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) वन क्षेत्र भित्र बाह्य प्रजातिको वृक्षारोपण गर्नु पर्दा वृक्षारोपण सम्बन्धी अनुसन्धानलाई आधार लिई गर्नु पर्नेछ।

(५) वृक्षारोपणको संरक्षण तथा सम्वर्द्धन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९०. <u>बीउ उत्पादन क्षेत्र व्यस्थापन:</u>(१) मन्त्रालयले राष्ट्रिय वनमा पाइने बृक्षारोपणका लागि उपयोगी प्रजाति भएको वन मध्ये औसत भन्दा उच्च गुणस्तर भएका वन क्षेत्र पहिचान गरी बीउ उत्पादन क्षेत्र तोक्न सक्नेछ ।

(२) मन्त्रालयले कुनै उपयोगी प्रजातिको प्राकृतिक बासस्थानमा उच्च गुणस्तरीय माउ रुखको संख्या न्यून, लोपोन्मुख वा संकटापन्न अवस्थामा रहेमा तोकिए बमोजिमको अन्य स्थानमा बीउ उत्पादन वन विकास गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमका बीउ उत्पादन क्षेत्र वा बीउ उत्पादन वनको गुणस्तर वृद्धिका लागि स्याहार संभार, सम्वर्द्धन, बीउ संकलन र वितरण गर्न मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु भन्दा अघि प्रदेशभित्र पहिचान भएका वन बीउ उत्पादन क्षेत्र वा बीउ उत्पादन वन यसै ऐन अन्तर्गत भए सरह अभिलेख राखी अद्यावधिक गरिनेछ ।

९१. <u>वन डढेलो रोकथाम र नियन्त्रणः</u> (१) प्रदेशमा वन डढेलो रोकथाम तथा नियन्त्रण गर्न मन्त्रालयले रणनीतिक योजना तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको योजनामा सुख्खाग्रस्त क्षेत्रमा पानी पोखरीहरुको मर्मत, संभार र बर्षातको पानी संकलन गरी वा अन्य स्रोतको पानी उपयोग गरी नयाँ पोखरी निर्माण गर्ने जस्ता कार्य समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको योजनाको अनुगमन मूल्याङ्कन गरी आवश्यक भए परिमार्जन र अद्यावधिक गरी लागु गर्नु पर्नेछ ।

(४) डिभिजन वन कार्यालयले उपदफा (२) र (३) बमोजिम पहिचान गरिएका वन डढेलोको अति जोखिम क्षेत्रहरुको नक्साङ्कन एवं चारकिल्ला तोकी सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा वन डढेलो रोकथामका लागि पूर्व सावधानी अपनाउनु पर्ने बिषय र सो क्षेत्रमा निषेध गरिएका कार्यहरु उल्लेख गरी सार्वजनिक सूचना जारी गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचना पालना गर्नु सबैको कर्तव्य हुनेछ । कसैले निषेध गरेका कार्यहरु गरेमा प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

(६) वन डढेलो नियन्त्रणको सिलसिलामा खटिएका सुरक्षाकर्मी, कर्मचारी, वा उपभोक्तालाई क्षति पुग्न गएमा क्षतिको मूल्याङ्कन गरी तोकिए बमोजिमको राहत उपलब्ध गराइनेछ ।

(७) वन डढेलो रोकथाम, नियन्त्रण तथा पुर्नस्थापना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि हरेक सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, चक्ला वन, संरक्षित वनको कार्ययोजनामा वन डढेलो नियन्त्रण सम्बन्धी योजना समावेश गर्नुपर्नेछ र त्यस्तो योजनामा वन डढेलो नियन्त्रणका लागि अनिवार्य रूपमा अग्नी रेखा निर्माण, मर्मत सम्भार, संरक्षण पोखरी निर्माण, ज्वलनशिल पदार्थको व्यवस्थापन, नियमित गस्ती तथा सचेतना सम्बन्धी क्रियाकलापहरू समावेश गरी सम्बन्धित समूह, व्यवस्थापक वा परिषद्ले कार्यान्वियन गर्नुपर्नेछ ।

(९) उपदफा (८) बमोजिमको डढेलो नियन्त्रण योजना कार्यान्वियनका लागि लाग्ने खर्च सम्बन्धित समूह, व्यवस्थापक वा परिषद्ले व्यहोर्नु पर्नेछ ।

९२. <u>राष्ट्रिय वन क्षेत्रभित्र विज्ञापन सम्बन्धी प्रचारप्रसार सामग्रीको प्रयोग गर्न नपाइनेः</u> (१) वन क्षेत्रभित्र कुनै पनि व्यक्ति, संस्था वा निकायले विज्ञापन सम्बन्धी होर्डिगं बोर्ड, व्यानर वा अन्य प्रचार सामग्री राख्न पाइने छैन ।

(२) यो ऐन प्रारम्भ हुनुअघि वन क्षेत्रमा राखिएका उपदफा (१) बमोजिमका प्रचार सामग्री यो ऐन प्रारम्भ भएको मितिले पैंतिस दिन भित्र हटाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रचार सामग्री नहटाएमा सम्बन्धित अधिकारीले हटाउन सक्नेछ ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत प्राप्त गरी तोकिए बमोजिमका वन सम्बन्धी जनचेतनामुलक प्रचारप्रसारका कार्यक्रम सञ्चालन गर्न यसले बाधा पुऱ्याएको मानिने छैन ।

९३. <u>वनक्षेत्रभित्र सवारी साधनको गति नियन्त्रण सम्बन्धी व्यवस्थाः</u> राष्ट्रिय वन क्षेत्रभित्र संचालनमा रहेको राजमार्ग र अन्य सडकहरुमा सडक दुर्घटनामा परी वन्यजन्तुको मृत्यु हुने दरलाई न्यूनीकरण गर्न मन्त्रालयले सवारी साधनको गति सीमित गर्ने गरी सम्बन्धित निकाय मार्फत आवश्यक व्यवस्था गर्न सक्नेछ।

९४. <u>वनक्षेत्र भित्र फोहोर फाल्न प्रतिवन्धः</u> राष्ट्रिय वन क्षेत्रभित्र कसैले पनि प्लाष्टिक वा प्लाष्टिकजन्य फोहोर वा अन्य कुनै प्रकारको फोहोर फाल्न पाइने छैन ।

९५. <u>रोग किराको नियन्त्रण तथा व्यवस्थापन:</u> (१) कुनै वन वा वनका रुखमा लागेको रोग किराको नियन्त्रण गर्न त्यस्तो वनमा तोकिए बमोजिमका वन सम्बर्द्धन प्रणाली अपनाई सम्बन्धित अधिकारीले व्यवस्थापन गर्नु पर्नेछ ।

(२) वनमा रोग किरा नियन्त्रण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९६. <u>वन उद्यम वा पर्यापर्यटन कार्यक्रम सञ्चालनः</u> (१) संरक्षित, सामुदायिक, कबुलियती र साझेदारी वनमा आवधिक वन व्यवस्थापन योजनाले निर्दिष्ट गरेका वन उद्यम वा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम संचालन गर्दा वनको भू-उपयोग तथा भू बनोटमा परिवर्तन नहुने गरी गर्नुपर्नेछ।

(३) सामुदायिक वन क्षेत्र भित्र बढीमा पाँच हेक्टर वा पाँच प्रतिशत मध्ये जुन कम हुन्छ सो हुनेगरी पर्यापर्यटनको लागि सम्बन्धित डिभिजन बन कार्यालयले बन कार्य योजनामा उल्लेख पूर्वाधार निर्माण गर्न वा अनुमति दिन सक्नेछ।

(४) वन उद्यम तथा पर्यापर्यटन कार्यक्रमसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९७. <u>वन विकास कोष सम्बन्धी व्यवस्था:</u> (१) राष्ट्रिय वनको संरक्षण र संवर्द्धन गर्न एवं अन्य प्रवर्द्धनात्मक कार्यका लागि प्रदेश सरकारले एक कोष स्थापना गर्न सक्नेछ ।

(२) यस कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछः

(क) वन क्षेत्र प्रयोग भए बापत प्राप्त हुने क्षतिपूर्ति वृक्षारोपण बापतको रकम,

(ख) सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन समूहले वन संरक्षणमा खर्च गर्नुपर्ने भनी तोकिएको रकम मध्ये खर्च नभई बाँकी रहेको रकम,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(घ) अन्य श्रोतबाट प्राप्त हुने रकम ।

(३) उपदफा (१) बमोजिम स्थापना भएको कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९८. <u>अभिलेख व्यवस्थित गर्नुपर्ने:</u> (१) सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र पर्ने राष्ट्रिय वन र वन व्यवस्थापनसँग सम्बन्धित विषयको अभिलेखीकरण तोकिए बमोजिम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थित गरिएको अभिलेखको जानकारी निर्देशनालय मार्फत मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

९९. <u>कृषि वन प्रणाली अवलम्बन गर्न सकिने:</u> वन क्षेत्रको जग्गाको भू-उपयोगमा परिवर्तन नहुने गरी तोकिए बमोजिम कृषि वन प्रणाली अवलम्बन गर्न सकिने छ ।

१००. <u>प्राविधिक सहयोग उपलब्ध गराउन सक्ने:</u> कुनै उपभोक्ता समूह, कबुलियती वनको व्यवस्थापक, धार्मिक निकाय, समूह वा समुदाय वा निजी वनको धनीले वनको विकास र संरक्षणका लागि कुनै प्राविधिक सहयोग माग गरेमा सम्बन्धित अधिकारीले त्यस्तो प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१०१. <u>राहत सम्बन्धी व्यवस्था:</u> (१) वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धी कुनै कामको सिलसिलामा कुनै उपभोक्ता, श्रमिक वा कर्मचारीको मृत्यु वा घाईते भएमा तोकिए बमोजिम प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ ।

(२) प्रदेशभित्रको राष्ट्रिय वन क्षेत्रमा तोकिएका वन्यजन्तुको कारणले कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई प्रदेश सरकारले राहत उपलब्ध गराउनेछ ।

१०२. <u>वातावरणीय सेवाको व्यवस्थापन:</u> वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग, तथा लाभांश वितरण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

१०३. <u>सशस्त्र वन रक्षक सम्बन्धी व्यवस्था:</u> नेपाल सरकारले वनको सुरक्षाका लागि व्यवस्था गरेको सशस्त्र वन रक्षकको परिचालन तथा व्यवस्थापन प्रदेश सरकारले तोकिए बमोजिम गर्नेछ ।

१०४. <u>वन कामदारको सुरक्षा:</u> (१) यस ऐन बमोजिम वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले त्यस सम्बन्धी काम गर्ने दक्ष वा अदक्ष कामदारहरुको न्यूनतम सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

(२) वनमा काम गर्ने कामदारको सुरक्षा सम्बन्धी मापदण्ड मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(३) सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयले उपदफा (२) बमोजिमको सुरक्षा मापदण्डको पालना भए नभएको अनुगमन गर्नेछ ।

(४) कार्यस्थलमा कामदारको कुनै किसिमको क्षति हुन गएमा वन क्षेत्रमा काम गर्न अनुमति प्राप्त रोजगारदाता व्यक्ति, संस्था, समूह वा निकायले प्रचलित कानून बमोजिमको क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(५) वन कामदार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०५. ड्रेस कोड सम्बन्धी व्यवस्थाः (१) प्रदेश सरकारले वन सेवामा कार्यरत कर्मचारीको पहिचान र विशिष्टताका लागि ड्रेस कोड लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लागु गर्ने ड्रेस कोड मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

१०६. सुराकीलाई पुरस्कार दिनेः (१) यस ऐन बमोजिम कसूर हुन लागेको वा भइरहेको सुराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्ने संस्था वा व्यक्तिलाई कसूरदारलाई हुने जरिवानाको दश प्रतिशत वा पाँच लाख मध्ये जुन घटी हुन्छ सोही रकम पुरस्कार स्वरुप दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कार दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०७. लेखापरीक्षण सम्बन्धी व्यवस्थाः सामुदायिक वन उपभोक्ता समूह र साझेदारी वन व्यवस्थापन समूहको लेखा परीक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०८. असल नियतले काम गरेकोमा बचाउः यस ऐनले दिएको अधिकारको प्रयोग गरी असल नियतले गरेकोमा कुनै पनि सरकारी कर्मचारी व्यक्तिगत तवरले उत्तरदायी हुने छैन ।

१०९. अनुगमन तथा मूल्याङ्कनः (१) यस ऐन बमोजिम हुने वनको संरक्षण, विकास र उपयोग सम्बन्धमा निर्देशनालयले चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) सम्बन्धित अधिकारीले जिल्ला भित्र विभिन्न वन व्यवस्थापन पद्दति अपनाई व्यवस्थापन भएका वनको प्रत्येक महिना अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११०. अधिकार प्रत्यायोजनः कुनै निकाय वा अधिकारीले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफू मातहतको कुनै निकाय वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१११. <u>नियम बनाउने अधिकारः</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

११२. <u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः</u> (१) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको प्रतिकुल नहुने गरि मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि, निर्देशिका तथा मापदण्ड प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

११३. <u>बचाउः</u> यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भएको काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# औद्योगिक व्यवसाय ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०२/२१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

*.............

## औद्योगिक व्यवसाय सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना**ः प्रदेशको औद्योगिक वातावरणलाई लगानीमैत्री बनाई उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, प्रदेशमा उपलब्ध प्राकृतिक,भौतिक तथा मानवीय स्रोतको सन्तुलित तथा अधिकतम उपयोग गरी उद्यमशीलता तथा लगानी प्रबर्द्धन एवम् दिगो औद्योगिक विकासको माध्यमबाट उत्पादनशील, प्रतिस्पर्धी र दिगो अर्थतन्त्र निर्माण गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद – १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "*....औद्योगिक व्यवसाय ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले प्रदेशको उद्योग हेर्ने मन्त्रालयले तोकेको महाशाखा वा निकाय सम्झनु पर्छ र सो शब्दले उद्योग दर्ता गर्ने प्रयोजनको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकायलाई समेत जनाउँछ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(ग) “कार्यालय” भन्नाले यस ऐन बमोजिमको कामका लागि तोकेको निकाय सम्झनु पर्छ ।

(घ) “घरेलु उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(ङ) “ठूला उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनुपर्छ ।

(च) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) “निर्देशनालय” भन्नाले मन्त्रालय मातहतमा रहने उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयमा सम्झनुपर्छ।

(ज) “निर्यातमूलक उद्योग” भन्नाले उर्जामूलक बाहेक आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ ।

(झ) “बौद्धिक सम्पत्ति” भन्नाले पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सेवामार्क, भौगोलिक संकेत चिन्ह, व्यापारिक गोपनीयता लगायत सोसँग सम्बन्धित अन्य बौद्धिक सम्पत्ति सम्झनु पर्छ र सो शब्दले प्रचलित कानूनले प्रतिलिपि अधिकारको रुपमा परिभाषित गरेको विषयलाई समेत जनाउँछ ।

(ञ) “विद्युतीय माध्यम”भन्नाले उद्योग दर्ताका समयमा उद्यमीले उल्लेख गरेको आधिकारिक इमेल ठेगानाबाट उद्योग दर्ता गर्ने निकायको आधिकारिक इमेल ठेगानामा पठाइएको सूचना वा अभिलेख सम्झनु पर्छ ।

(ट) “मझौला उद्योग” भन्नाले दफा १४ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ।

(ठ) “मन्त्रालय” भन्नाले प्रदेशको उद्योग हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) “प्राथमिकता प्राप्त उद्योग” भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ढ) “समिति” भन्नाले दफा १८ बमोजिम गठित प्रदेशस्तरीय उद्योग तथा लगानी प्रबर्द्धन समिति सम्झनु पर्छ।

(ण) “साना उद्योग” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ।

(त) “लघु उद्यम” भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ।

(थ) "वातावरणीय मूल्याङ्कन" भन्नाले प्रचलित कानून बमोजिम गरिने वातावरणीय प्रभाव मूल्याँकन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव सम्बन्धी सुक्ष्म वा बृहत् प्रकृतिका अध्ययन सम्झनु पर्छ ।

(द) "वातावरणीय मूल्याङ्कन प्रतिवेदन" भन्नाले खण्ड (थ) बमोजिम वातावरणीय परीक्षण गरी तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(ध) "स्थीर पूँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ ।

## परिच्छेद – २

## उद्योग दर्ता तथा नवीकरण नियमन सम्बन्धी व्यवस्था

३. उद्योग दर्ता तथा नवीकरण गराउनुपर्नेः (१) कसैले यस ऐनबमोजिम दर्ता नगराई प्रदेशमा उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानूनबमोजिम स्थापना भई संचालनमा रहेका तरहाल प्रदेशको क्षेत्राधिकार भित्र रहेका उद्योगयस ऐनबमोजिम स्वतः दर्ता भएको मानिनेछ। यस्ता उद्योगले यस प्रदेशको उद्योग दर्ता गर्ने निकायमा अभिलेखीकरण गरी प्रदेश सरकारले तोकेबमोजिम प्रमाण पत्र अध्यावधिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्नु पर्नेछ ।

(४) प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगहरूले प्रत्येक तीन वर्षमा नियमानुसार लाग्ने शुल्क बुझाई नवीकरण गराउनु पर्नेछ

(५) उपदफा (४) बमोजिम नवीकरण गराउने अवधि सकिएको मितिले तीन महिना भित्र गराउन सकिनेछ ।

तर प्रचलित कानून बमोजिम दर्ता भइ संचालनमा रहेका नियमित कर चुक्ता गरेका र तोकिएको अवधिभित्र नवीकरण गराउन छुट भएका उद्योगहरुको हकमा प्रत्येक वर्षको लागि बुझाउनु पर्ने नवीकरण दस्तुरको दोव्वर दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

४. <u>उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने</u>ः (१) यस ऐनबमोजिम उद्योग स्थापना गर्न तोकिए बमोजिम उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उद्योग दर्ताको निवेदन तथा स्वीकृती सम्बन्धी कागजातहरु प्रमाणीकरण गर्दा विद्युतीय हस्ताक्षर समेत मान्य हुनेछ र यस्ता कागजातहरु विद्युतीय माध्यमबाट समेत आदान प्रदान गर्न सकिनेछ ।

५. <u>उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने</u>ः (१) दफा ४ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको पन्ध्र दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भएबमोजिमको उद्योग दर्ता गरी तोकिएबमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) उद्योग दर्ता गरेपछि उद्योग सञ्चालन गर्नपूर्व वातावरण सम्बन्धी प्रचलित कानूनले निर्दिष्ट गरेबमोजिम वातावरणीय परिक्षण प्रक्रिया पूरा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछः-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति, उद्योगको उत्पादन क्षमता,
(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,
(ग) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका शर्तहरु ।

(५) उपदफा (३) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेश नगरेमा वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा उद्योग दर्ता गर्ने निकायले कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ र सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(६) यस दफाबमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

(७) यस ऐन बमोजिम उद्योग दर्ता गर्न सो उद्योग स्थानीय तहको भू-उपयोग योजना अनुसार उद्योगका लागि स्थानीय तहले तोकेको भू-क्षेत्रमा स्थापना गर्नु पर्नेछ ।

भू-उपयोग योजना नभएका क्षेत्रमा स्थानीय तहले तोकिदिएको स्थानमा उद्योग स्थापना गर्नु पर्नेछ ।

(८) उपदफा (७) मा जुनसुकै विषय लेखिएको भए तापनि प्राविधिक दृष्टिकोणले अलग राख्नु पर्ने उद्योगको हकमा स्थानीय तहले तोकेको अन्य क्षेत्रमा उद्योग संचालन गर्न बाधा पुग्ने छैन ।

६. <u>वातावरणमा प्रतिकूल असरको निराकरण गर्नुपर्ने</u>: उद्योग सञ्चालनका क्रममा वातावरणमा परेको वा पर्न सक्ने प्रतिकूल वातावरणीय असरको निराकरण गर्ने जिम्मेवारी सम्बन्धित उद्योगको हुनेछ । वातावरण परीक्षणबाट सो उद्योग प्रचलित वातावरण कानून तथा वातावरण मापदण्ड विपरित देखिएमा दर्ता गर्ने निकायले सो उद्योगको दर्ता खारेज गर्न सक्नेछ।

तर, यसरी खारेज गर्नु अघि वातावरण कानून तथा मापदण्ड पूरा गर्ने मनासिव माफिकको समय दिनु पर्नेछ।

७. <u>व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने</u> : (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम अवधि बढाइएमा सम्बन्धित उद्योगले सो अवधिभित्र उद्योगको सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले

उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र उद्योग दर्ता गर्ने निकायले रद्द गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

८. <u>उजूरी गर्न सक्ने</u>: (१) उद्योग दर्ता गर्ने निकायले दफा ५ को उपदफा (५) बमोजिम उद्योग दर्ता गर्न अस्वीकृत गरेमा सो उपर चित्त नबुझ्ने निवेदकले त्यसको जानकारी पाएको तीस दिनभित्र मन्त्रालय समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मन्त्रालयले उजूरी उपर आवश्यक जाँचबुझ गरी उजूरी परेको मितिले तीस दिनभित्र सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

९. <u>अनुगमन गर्ने</u>: (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योगले पालना गर्नु पर्ने मापदण्ड तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तको पालना गरे नगरेको सम्बन्धमा उद्योगको नियमित अनुगमन गर्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्बन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

१०. <u>उद्योग स्थानान्तरणका लागि स्वीकृती लिनुपर्ने</u>: (१) प्रदेशको कुनै एक ठाउँमा सञ्चालन गर्नेगरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेशभित्र अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा प्रचलित कानून बमोजिम वातावरणीय मूल्याङ्कन गर्नुपर्ने भएमा सो समेत सम्पन्न गरी उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम उद्योग स्थानान्तरणको स्वीकृती दिन सक्नेछ ।

(३) उप दफा (१) बमोजिम प्रदेश भित्रको कुनै एक स्थानबाट अर्को स्थानमा उद्योग स्थानान्तरण गर्नु परेमा सम्बन्धित स्थानीय तहको सहमति लिनु पर्नेछ ।

११. <u>विवरण उपलब्ध गराउनु पर्ने</u> : (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्नुपर्ने विवरण तोकिए बमोजिम विद्युतीय माध्यमबाट समेत पेश गर्न सकिनेछ।

१२. <u>उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने</u>ः यस ऐनबमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई तोकिएबमोजिम दिनु पर्नेछ ।

१३. <u>उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने</u>ः (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिम निवेदन दिन सकिनेछ । तर, प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानूनबमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारक गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिएबमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

१४. <u>अनुमति लिनु पर्ने उद्योग</u>ः (१) अनुसूची १ बमोजिमका उद्योगले उद्योग दर्ता गर्नु पूर्व उद्योग दर्ता गर्ने निकाय मार्फत दफा १८ बमोजिमको समितिबाट अनुमति लिनुपर्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी लगानी वा विदेशी साझेदारीमा स्थापना गर्न चाहने उद्योगले प्रचलित कानून बमोजिमको प्रकृया पुरा गर्नु पर्नेछ ।

(३) समितिले यस दफा बमोजिम उद्योग दर्ता गर्न अनुमति दिने वा नदिने सम्बन्धमा प्रकृया पुरा भएको मितिले सात दिनभित्र निर्णय गरी सक्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम समितिबाट अनुमति दिने निर्णय भएकोमा त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले तीन दिनभित्र उद्योग दर्ता गर्ने निकायले तोकिएको ढाँचामा अनुमितपत्र दिनु पर्नेछ । अनुमति नदिने निर्णय भएकोमा सोही व्यहोराको जानकारी निवेदकलाई दिनुपर्नेछ ।

(५) अनुमति प्राप्त गरेपछि अनुमति पत्रमा उल्लेख भएको समयभित्र उद्योग दर्ता गर्नका लागि निवेदन दिनुपर्नेछ ।

## परिच्छेद– ३

## उद्योगको वर्गीकरण तथा स्थीर पूँजी

१५. उद्योगको वर्गीकरणः(१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ :-

(क) लघुउद्यमः देहायको अवस्था भएको उद्योगलाई लघुउद्यम मानिनेछ।

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्म स्थिर पूँजी रहेको,
(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,
(३) उद्यमी सहित बढीमा नौं जनासम्म कामदार रहेको,
(४) बार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको,
(५) इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन उपकरण वा मेसिनमा खपत हुने विधुतीय उर्जा इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सो भन्दा कम रहेको।

तर यस खण्डमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम अनुमति लिनुपर्ने उद्योगलाइ लघुउद्यम मानिने छैन।

(ख) घरेलु उद्योगः देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ ।

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि कला तथा संस्कृतिमा आधारित,

(३) इन्जिन उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय उर्जा प्रयोग गरेको र

(४) अनुसूची २ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(ग) साना उद्योगः लघु उद्यम र घरेलु उद्योग बाहेकको रु. एक करोड भन्दा बढी दश करोड रुपैयाँसम्म स्थीर पूँजी भएको उद्योग ।

(घ) मझौला उद्योगः दश करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थीर पूँजी भएको उद्योग ।

(ङ) ठूला उद्योगः पचास करोड रुपैयाँभन्दा बढी स्थीर पूँजी भएको उद्योग ।

(२) उपदफा (१) मा उल्लिखित उद्योगलाई त्यस्ता उद्योगबाट उत्पादन हुने वस्तु वा सेवाको प्रकृतिको आधारमा देहायबमोजिम वर्गीकरण गरिनेछ :-

(क) ऊर्जामूलक उद्योगः ऊर्जा उत्पादन गर्ने व्यवसायमा संलग्न अनुसूची–३ मा उल्लिखित उद्योगहरु ।

(ख) उत्पादनमूलक उद्योगः कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योगहरु ।

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योगः कृषि वा वन पैदावारमा आधारित कच्चा पदार्थबाट कुनै वस्तु उत्पादन गर्ने वा कृषि वा वन पैदावारसँग सम्बन्धित अनुसूची–४ मा उल्लिखित उद्योगहरु ।

(घ) खनिज उद्योगः खनिज उत्खनन् वा प्रशोधन गरी कुनै धातु वा धातु बाहेकका खनिज पदार्थ उत्पादन गर्ने उद्योगहरु ।

(ङ) निर्माण उद्योगःभौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्ने अनुसूची–५ मा उल्लेख गरिएका उद्योगहरु ।

(च) पर्यटन उद्योगः पर्यटन सेवासँग सम्बन्धित अनुसूची–६ मा उल्लिखित उद्योगहरु ।

(छ) सूचना,प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योगः सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची–७ मा उल्लिखित उद्योगहरु ।

(ज) सेवामूलक उद्योगः सेवा उत्पादन वा प्रदान गर्ने अनुसूची–८ मा उल्लिखित उद्योगहरु ।

(३) कुनै उद्योगले उपदफा (१) मा उल्लेख भए बमोजिमको पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न चाहेमा उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम उद्योगको पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भएमा त्यस्तो उद्योग पूँजी, क्षमता वा उद्देश्य परिवर्तन वा हेरफेर भई कायम भए अनुसार उपदफा (१) बमोजिमको जुन वर्गमा पर्ने हो सोही वर्गमा वर्गीकृत भएको मानिनेछ ।

१६. <u>उद्योगको स्थिर पूँजी</u>ः (१) यस ऐनको प्रयोजनको लागि उद्योगको स्थीर पूँजीको मूल्याङ्कन गर्दा देहायको सम्पत्तिलाई आधार मानी मूल्याङ्कन गरिनेछः-

(क) जमिन तथा जमिनमुनि (अण्डरग्राउण्ड), अन्तरिक्ष, जल, वा जलमुनि निर्माण वा सुधार भएका भौतिक संरचना,

(ख) जमिनमा निर्माण भएका भौतिक संरचना (जस्तैः ढल निकास, आन्तरिक सडक, खानेपानीका संरचना, पानी आपूर्ति गर्ने प्रणाली)

(ग) उद्योगको कार्यालय, कारखाना, भवन वा गोदाम घर,

(घ) कर्मचारी वा कामदारका लागि निर्माण भएको आवास भवन,

(ङ) विद्युत आपूर्ति तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली,

(च) मेसिनरी, उपकरण, औजार तथा तिनका जगेडा पार्टपूर्जा,

(छ) परिवहनका साधन,

(ज) कार्यालय सामग्री तथा उपकरण,

(झ) फिक्स्चर तथा फर्निचर,

(ञ) सञ्चार सामग्री तथा सोसँग सम्बन्धित उपकरण र प्रणाली ।

(२) उपदफा (१) मा उल्लिखित सम्पत्तिका अतिरिक्त उद्योग स्थापना हुनुभन्दा अघि वा निर्माणको विभिन्न चरणमा भएको देहायका खर्चलाई पनि उद्योगको स्थिर पूँजीको रुपमा मूल्याङ्कन गरिनेछः-

(क) पूँजीकृत गरिने प्राविधिक तथा सुपरिवेक्षण खर्च,

(ख) पूर्व लगानी तथा पूर्व सञ्चालन खर्च,

(ग) पूँजीकृत हुने ब्याज खर्च ।

१७. <u>प्राथमिकता प्राप्त उद्योग</u>: अनुसूची–९ मा उल्लिखित उद्योगहरुलाई प्राथमिकता प्राप्त उद्योग मानिनेछ ।

## परिच्छेद–४

## उद्योग तथा लगानी प्रबर्द्धन समितिसम्बन्धी व्यवस्था

१८. <u>उद्योग तथा लगानी प्रबर्द्धन समितिको गठन</u>: (१) प्रदेशमा उद्योग विकास र औद्योगिकीकरणका लागि आवश्यक सजहीकरण, समीक्षा, तथा नीतिगत पृष्ठपोषण आदिका लागि देहाय बमोजिमको एक उद्योग तथा लगानी प्रवर्द्धन समिति गठन गरिएको छः-

| | | |
|---|---|---|
| (क) | *मन्त्री, मन्त्रालय | -अध्यक्ष |
| (ख) | प्रदेशका प्रमुख सचिव | -सदस्य |
| (ग) | *सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (घ) | *सचिव, कृषि तथा भूमि व्यवस्था विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ङ) | *सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (च) | प्रदेश अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (छ) | सचिव, वन हेर्ने मन्त्रालय | -सदस्य |
| (ज) | प्रदेश अध्यक्ष, नेपाल उद्योग परिसंघ | -सदस्य |
| (झ) | प्रदेश अध्यक्ष, नेपाल राष्ट्रिय उद्योग व्यापार संगठन | -सदस्य |
| (ञ) | अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ | -सदस्य |
| (ट) | *सचिव, मन्त्रालय | -सदस्य-सचिव |

(२) समितिले आवश्यक देखेमा विषयसँग सम्बन्धित प्रदेश सरकारको कुनै सचिव वा कुनै अधिकृत कर्मचारी वा कुनै विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(३) समिति सचिवालयलाई अवश्यक सेवा उद्योग हेर्ने मन्त्रालयले तोकेको सम्बन्धित महाशाखाले पुयाउनेछ।

(४) समितिको बैठकसम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा संशोधित

(५) समितिले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नु पर्नेछ ।

१९. **समितिको काम, कर्तव्य र अधिकार**ः यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णयका लागि सिफारिश गर्ने,

(ख) उद्योगसम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) प्रदेशको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवम् कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णयका लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ङ) प्रादेशिक औद्योगिक विकास तथा उद्यमशीलता विकासको स्थितिको समग्र मूल्याङ्कन तथा समीक्षा गरी आवश्यक कदम चाल्न प्रदेश सरकार समक्ष सुझाव तथा सिफारिस गर्ने,

(च) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्न सहजीकरण गर्ने,

(छ) उद्योगको स्तर र वर्गीकरण तथा प्रकृतिमा थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) औद्योगिक लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन दिन आवश्यकता अनुसार अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(झ) सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा प्रतिस्पर्धात्मक औद्योगिक वातावरण निर्माण गर्न आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेशमा औद्योगिकरणको गतिलाई तीब्रता दिन आवश्यक समन्वय गर्ने,

(ट) सहजीकरण, समीक्षा तथा समन्वयसम्बन्धी अन्य कार्यहरु गर्ने ।

## परिच्छेद –५

## उद्योगलाई प्रदान गरिने सहुलियत सम्बन्धी व्यवस्था

२०. थप सुविधा तथा सहुलियतः (१) उद्योगलाई प्रदान गरिने सुविधा तथा सहुलियत प्रचलित कानूनअनुसार हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित सुविधा तथा सहुलियतका अलावा प्रदेशबाट उद्योगहरुले पाउने थप सुविधा तथा सहुलियत देहाय बमोजिम हुनेछन् :-

(क) यस ऐनको परिधिभित्र रही निर्यातमूलक उद्योग, संघीय वा प्रादेशिक वा निजी औद्योगिक क्षेत्रमा स्थापना हुने तोकिए बमोजिमका उद्योगलाई प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत उपलव्ध गराउन सक्नेछ ।

(ख) प्राथमिकता प्राप्त उद्योग वा स्वदेशी कच्चा पदार्थ, श्रम र सीपको अधिकतम् उपयोग वा नेपालभित्रै प्रविधि वा वस्तुको आविष्कार गरी स्थापना भएका उद्योगहरुको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी थप सुविधा तथा सहुलियत दिन सक्नेछ ।

२१. रुग्ण उद्योग सम्बन्धी व्यवस्थाः(१) रुग्ण उद्योगको पहिचान र बर्गीकरण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान र वर्गिकरण भएका उद्योगलाई प्रचलित कानून र तोकिए बमोजिमका सुविधा प्रदेश सरकारले उपलव्ध गराउन सक्नेछ ।

२२. जग्गासम्बन्धी व्यवस्थाः यस ऐन वा प्रचलित कानून बमोजिम दर्ता भएका उद्योगका लागि आवश्यक जग्गा सम्बन्धित उद्यमीले प्रचलित कानून बमोजिम आफैले खरिद गर्न वा लिजमा लिन सक्नेछ । उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद गर्न वा जग्गा लिजमा उपलब्ध गराइदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

२३. औद्योगिक सुरक्षासम्बन्धी व्यवस्थाः प्रचलित कानून बमोजिम स्थापना भएका तोकिए बमोजिमका उद्योगकालागि आवश्यकता अनुसार प्रदेश सरकारले तोकिए बमोजिम औद्योगिक सुरक्षा उपलब्ध गराउनेछ।

२४. छुट, सुविधा वा सहुलियतको सदुपयोगः यस ऐन बमोजिम उद्योगले प्राप्त गर्ने छुट, सुविधा वा सहुलियत जुन प्रयोजनका लागि दिइएको हो सोही प्रयोजनका लागि मात्र प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद–६

## सजाय र पुनरावेदनसम्बन्धी व्यवस्था

२५. सजायः (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिम आवश्यक अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी कारबाहीका लागि मन्त्रालयमा पठाउनु पर्नेछ र सोको जानकारी प्रदेशस्थित आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई समेत दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा तीन महिनाको समय दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई उद्योग दर्ता गर्ने कार्यालयको सिफारिशमा मन्त्रालयले देहायको कारबाही गर्न सक्नेछः-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने।

(ख) उद्योगको स्तर यकिन गरी लघु उद्यम स्तरको भए दशहजार देखी पच्चीस हजार रुपैयाँसम्म घरेलु तथा साना उद्योग तथा साना उद्योग स्तर भए पच्चीसहजार देखि पचास हजार रुपैयाँ सम्म र मझौला र ठुला उद्योगस्तरको भए एक लाखदेखि दुई लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(ग) लघु र घरेलु उद्योगको हकमा स्थापना गरेको छ महिनाभित्र दर्ता गराउने व्यवस्था भएकोले त्यस्ता उद्योगको हकमा सो अवधिसम्मका लागि यो उपदफा लागु हुने छैन ।

(४) दफा (११) बमोजिमको तोकिएको विवरण तोकिएको अवधिभित्र उपलव्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहाय बमोजिमको जरिवाना गर्न सक्नेछः-

(क) लघु उद्यमलाई पाँच हजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैयाँको दरले,

(घ) मझौला उद्योगलाई चालीस हजार रुपैयाँको दरले,

(ङ) ठूला उद्योगलाई पचहत्तर हजार रुपैयाँको दरले ।

(५) देहायको कार्य गरेमा उद्योग दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिमको सजाय गर्न सक्नेछ।

(क) दफा २४ विपरित कार्य गर्ने उद्योगलाई यस ऐन बमोजिमको छुट सुविधा वा सहुलियत प्राप्त गरिसकेको भए प्राप्त गरेको छुट सुविधा वा सहुलियतको रकम असूल गर्ने वा सो बराबरको रकम जरिवाना गर्ने वा दुवै सजाय गर्ने,

(ख) दफा ३५ बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन नगरेमा त्यस्तोउद्योगको कूल मुनाफाको कम्तीमा १.५ प्रतिशतले हुन आउने रकम जरिवाना गर्ने,

(ग) दफा ५ को उफदफा (५) बमोजिमको विवरण पेश नगरेमा उफदफा (६) बमोजिम दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाण-पत्रमा उल्लेखित शर्तहरुको पालना नगरेमा देहायका उद्योगलाई मन्त्रालयले देहाय बमोजिमको जरिवाना गर्न सक्नेछ:

(१) लघु उद्यमको हकमा पच्चीस हजारदेखि पचास हजार रुपैयाँसम्म,

(२) घरेलु तथा साना उद्योगको हकमा तीन लाखदेखि पाँच लाख रुपैयाँसम्म,

(३) मझौला उद्योगको हकमा सात लाखदेखि दश लाख रुपैयाँसम्म,

(४) ठूला उद्योगको हकमा पच्चीस लाखदेखि तीस लाखरुपैयाँसम्म,

(घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको प्रावधान उल्लंघन गरेमा साना उद्योग भए पन्ध्र हजार देखि तीस हजार रुपैयासम्म मझौला भए तीस हजार देखि पचास हजार रुपैयाँसम्म र ठूला उद्योग भए पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना गर्ने ।

(ङ) औद्योगिक पार्क, औद्योगिक क्लष्टर वा औद्योगिक क्षेत्रभित्रको उद्योगस्थापना तथा सञ्चालनका लागि लिजमा लिएको जग्गामा उद्योग स्थापना वाहेक अन्य प्रयोजनमा प्रयोग गरेमा मन्त्रालयले दश लाख देखि बीस लाख रूपैयाँसम्म जरिवाना गर्नेछ र कुनै भवन वा पूर्वाधार वनाएको भएमा सो समेत जफत हुनेछ ।

२६. <u>अदालतको अधिकार हुने</u>: (१) यस परिच्छेद बमोजिम सजाय गर्नुभन्दा अघि तोकिएको अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाइ तथा सबुत पेश गर्न पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(२) यस परिच्छेद बमोजिम सजायको निर्णय गर्नका लागि तोकिएको अधिकारीलाई सरोकारवाला व्यक्तिहरु र निजहरुका साक्षीहरुलाई झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ ।

२७. <u>पुनरावेदन सम्बन्धी व्यवस्था</u>ः(१) दफा २५ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) यस परिच्छेद बमोजिम सजायको निर्णय गर्नका लागि तोकिएको अधिकारीलाई सरोकारवाला व्यक्तिहरु र निजहरुका साक्षीहरुलाई झिकाउने बुझ्ने म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ ।

## परिच्छेद ७

## <u>विविध</u>

२८. <u>औद्योगिक जनशक्ति</u>ः (१) उद्योगलाई आवश्यक पर्ने जनशक्ति नेपाली नागरिकबाटै पूर्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रदेश स्तरको सार्वजनिक पत्रपत्रिकामा विज्ञापन प्रकाशन गर्दा पनि उद्योगको लागि चाहिने कुनै खास सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकमध्येबाट उपलव्ध हुन नसकेमा वा उच्च व्यवस्थापन तहको पदमा उपदफा (३) बमोजिम दर्ता गर्ने निकायको सिफारिसमा श्रम स्वीकृती लिई बढीमा पाँच वर्षसम्मको लागि त्यस्तो उद्योगले विदेशी नागरिक नियुक्त गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि दर्ता गर्ने निकायले सिफारिस गर्दा त्यस्तो उद्योगले माग गरे बमोजिमको सीप वा दक्षता भएको जनशक्ति नेपाली नागरिकबाट पूर्ति गर्न प्रयास गरे वा नगरेको, त्यस्तो सीप वा दक्षता भएको जनशक्ति उद्योगलाई आवश्यक भए वा नभएको र त्यस्तो जनशक्ति नेपालमा उपलव्ध हुन सक्ने वा नसक्ने सम्बन्धमा यकिन गरी त्यस्तो जनशक्ति सम्बन्धित उद्योगलाई आवश्यक भएको र नेपालमा उपलव्ध हुन नसक्ने अवस्था रहेको देखिएमा श्रम स्वीकृतिका लागि सिफारिस गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम नियुक्त गरिएको विदेशी नागरिक विशिष्ट प्रकारको प्राविधिक भई त्यस्तो जनशक्ति नेपालभित्र उपलव्ध हुन नसक्ने भएमा उपदफा (३)

बमोजिम स्वीकृती लिई त्यस्तो जनशक्तिलाई थप दुई वर्षसम्मको लागि पुनः नियुक्त गर्न सकिनेछ ।

(५) उपदफा (२) बमोजिम कुनै उद्योगमा विदेशी नागरिक नियुक्त भएमा निजको देशमा परिवर्त्य विदेशी मुद्रा प्रचलनमा रहेको भए विदेशी नागरिकले प्राप्त गरेको तलब, भत्ता, पारिश्रमिक रकमको बढीमा पचहत्तर प्रतिशतसम्म परिवर्त्य विदेशी मुद्रामा लैजान पाउनेछ।

(६) सुदृढ औद्योगिक सम्बन्धलाई उत्पादकत्व वृद्धिको प्रवल आधार मानी काम नगर्दाको अवधिको पारिश्रमिक दिनु पर्ने छैन । यस सम्बन्धमा श्रम वा प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम हुनेछ ।

(७) उद्योगमा कार्यरत कामदार तथा कर्मचारीले उद्योगको सञ्चालन तथा त्यसको उत्पादनमा बाधा अवरोध पुग्नेगरी बन्द हड्ताल जस्ता कुनै पनि काम कारबाही गर्न पाउने छैनन् । तरकामदार तथा कर्मचारीले आफ्ना जायज मागहरु शान्तिपूर्ण ढंगले व्यवस्थापन समक्ष राख्न र आपसी समझदारीमा समाधान गर्न यो उपदफाले बाधा पुर्‍याएको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम विवाद समाधान हुन नसकेमा विवाद समाधान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम गठन भएको ट्राइब्युनलमा त्यस्ता विवाद पेश गर्न सकिनेछ । त्यस्तो ट्राइब्युनलबाट भएको निर्णय अन्तिम हुनेछ र दुवै पक्षलाई मान्य हुनेछ ।

२९. <u>**औद्योगिक क्षेत्र घोषणा गर्न सक्ने**</u>: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी औद्योगिक विकासको लागी पर्याप्त सम्भावना र अवसर उपलव्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डको अधिनमा रही औद्योगिक करिडोर औद्योगिक पार्क, औद्योगिक क्लष्टर तथा औद्योगिक क्षेत्र घोषणा गरी आवश्यक पूर्वाधार विकासका साथै तोकिए बमोजिमको सेवा सुविधा तथा सहुलियत उपलव्ध गराउन सक्नेछ।

३०. <u>**स्थानीय औद्योगिक क्षेत्र/ग्राम**</u>: (१) स्थानीय तहले भू-उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाइ औद्योगिकक्षेत्र/ग्राम भनि भू-वर्गीकरण गरेमा सोही क्षेत्रमा मात्र यो ऐन अन्तर्गतका उद्योग स्थापना गर्न सकिनेछ।

तर, सेवा उद्योग वा प्राविधिक दृष्टिकोणले अलग राख्नु पर्ने खास प्रकृतिका उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा उद्योग स्थापना गर्न वाधा पुग्ने छैन।

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भएतापनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रतिकूल हुने वा खानी तथा भू-गर्भ विभागले भू-जोखिमका आधारमा निषेध गरेको क्षेत्रमा उद्योग स्थापना गर्न सकिने छैन ।

३१. <u>विशेष आर्थिक क्षेत्र सम्बन्धी व्यवस्था</u>:औद्योगिक क्रियाकलापलाई सघन रुपमा संचालन गर्नका लागि विशेष आर्थिक क्षेत्र वा विशेष व्यापारिक क्षेत्र वा पर्यटकीय क्षेत्र वा अन्य कुनै क्षेत्र रहने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेशभित्रको कुनै स्थान वा क्षेत्रलाई तोक्न सक्नेछ ।

३२. <u>कोषको स्थापना र सञ्चालन</u>: (१) औद्योगिक विकास प्रबर्द्धन विस्तार र संरक्षणका लागि निजी तथा सहकारी क्षेत्र समेतको सहभागितामा प्रदेश सरकारले आवश्यकता अनुसारका कोषहरु स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा जम्मा हुने रकम र त्यस्तो कोषको व्यवस्थापन र सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. <u>स्थानीय उद्योग प्रबर्द्धन समितिको गठन</u>: (१) स्थानीय तहमा उद्योग प्रबर्द्धन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन स्थानीय तहका प्रमुखको अध्यक्षतामा सम्बन्धित निकाय र सरोकारवालाको समेत प्रतिनिधित्व हुने गरी उद्योग प्रबर्द्धन समिति गठन गरिनेछ ।

(२) स्थानीय उद्योग प्रबर्द्धन समितिको गठन तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३४. <u>करार गरी उत्पादन गर्न सक्ने</u>: (१) प्रचलित कानून बमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सव–कन्ट्र्याक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रबर्द्धन गृहका लागि तोकिए बमोजिमको मापदण्ड पूरा गरी करार (कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग) वा उपकरार (सव–कन्ट्र्याक्ट म्यानुफ्याक्चरिङ्ग) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाई तोकिए बमोजिमको छुट, सुविधा र सहुलियत उपलब्ध गराउन सकिनेछ ।

३५. <u>व्यावसायिक सामाजिक जिम्मेवारी</u>: (१) मझौला वा ठूला उद्योग वा वार्षिक पन्ध्र करोड रुपैयाँ भन्दा बढी कारोबार गर्ने घरेलु वा साना उद्योगले वार्षिक कूल मुनाफाको कम्तीमा एक प्रतिशत रकम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनार्थ प्रत्येक आर्थिक वर्षका लागि छुट्याउनु पर्नेछ । सो बमोजिम छुट्याइएको रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रत्येक उद्योगले प्रत्येक आर्थिक वर्षमा भएको कारोबारको रकम र सो आर्थिक वर्षका लागि पेश गरिएको व्यावसायिक सामाजिक जिम्मेवारी बहन अन्तर्गतको योजना तथा कार्यक्रमको प्रगति विवरण सो आर्थिक वर्ष व्यतित भएको तीन महिनाभित्र सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ। सो विवरणसाथ चालू आर्थिक वर्षको व्यावसायिक सामाजिक जिम्मेवारी बहनको योजना तथा कार्यक्रम समेत संलग्न गरिएको हुनु पर्नेछ ।

३६. औद्योगिक करिडोर, औद्योगिक पार्क तथा औद्योगिक क्लष्टर घोषणा गर्न सक्नेः औद्योगिक विकासको लागि पर्याप्त सम्भावना र अवसर उपलब्ध रहेको प्रदेशको कुनै भाग वा स्थानलाई तोकिए बमोजिमका मापदण्डका अधिनमा रही प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रादेशिक औद्योगिक करिडोर, प्रादेशिक औद्योगिक पार्क तथा प्रादेशिक औद्योगिक क्लष्टर घोषणा गरी तोकिए बमोजिमको सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउन सक्नेछ।

३७. आवासीय भवन, अन्य भवन बनाउन वा बस्ति बसाउन नसकिनेः (१) यो ऐन प्रारम्भ भएपछि स्थापना हुने प्रादेशिक औद्योगिक क्षेत्र, प्रादेशिक औद्योगिक कोरिडोर, प्रादेशिक औद्योगिक पार्क तथा प्रादेशिक औद्योगिक क्लष्टर अन्तर्गत प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको क्षेत्र र दूरीभित्र कुनै पनि किसिमको आवासीय भवन वा अन्य भवन बनाउन वा बस्ति बसाउन सकिने छैन । त्यसैगरी प्रचलित कानूनले आवासक्षेत्र एवम् विशेष प्रयोजनको लागि भनी तोकिएको क्षेत्रमा उद्योग स्थापना गर्न पाइने छैन ।

(२) स्थानीय तहले भू–उपयोग योजनाको आधारमा आफ्नो कुनै क्षेत्रलाई औद्योगिक क्षेत्र भनी भू–वर्गीकरण गरेमा सोही क्षेत्रमा मात्र यो ऐन अन्तरगतका उद्योग स्थापना गर्न सकिनेछ । तर, सेवा उद्योग वा प्राविधिक दृष्टिकोणले अलग राख्नुपर्ने खास प्रकृतिका उद्योगको हकमा स्थानीय तहले तोकेका अन्य क्षेत्रमा उद्योग स्थापना गर्न बाधा पुग्ने छैन।

(३) उपदफा (२) मा जनुसुकै कुरा लेखिएता पनि नेपाल सरकारबाट स्वीकृत बस्ती विकास तथा भवन निर्माणसम्बन्धी मापदण्डको प्रतिकूल हुने वा प्रचलित कानून बमोजिम भू–जोखिमका आधारमा निषेध गरिएका क्षेत्रमा उद्योग स्थापना गर्न सकिने छैन।

३८. एकल विन्दु सेवा केन्द्रको स्थापनाः (१) यस ऐन तथा प्रचलित अन्य कानून बमोजिम उद्योग वा लगानीकर्तालाई प्राप्त हुने छुट, सुविधा वा सहुलियत र उद्योगको लागि आवश्यक पर्ने पूर्वाधारसम्बन्धी सेवा समयमै सरल र सहज रुपमा एकै थलोबाट उपलब्ध

गराउने सम्बन्धमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकल बिन्दु सेवा केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याउन सक्नेछ ।

(२) एकल बिन्दु सेवा केन्द्रको स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३९. अधिकार प्रत्यायोजनः (१) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम प्रदेश सरकारलाई प्राप्त भएको अधिकारमध्ये कुनै वा सबै अधिकार प्रदेश सरकारले आवश्यकता अनुसार स्थानीय तहका उद्योगसँग सम्बन्धित कार्यालय,प्रदेश सरकारका कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमावली बमोजिम सम्बन्धित निकायलाई प्राप्त भएको अधिकारमध्ये सबै वा कुनै अधिकार आवश्यकता अनुसार कुनै कार्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको राजपत्राङ्कितस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ ।

४०. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४१. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर, थपघट वा परिमार्जन गर्न सक्नेछ ।

४२. यसै ऐन बमोजिम हुनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम हुनेछ ।

४३. नियम बनाउने अधिकारः यस ऐनलाई कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

४४. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेः प्रदेश सरकारले उद्योगको दर्ता, नियमनसम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

४५. खारेज हुनेः यस ऐनको कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छ ।

४६. बचाउः यस अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

अनुसूची १

(दफा१४ सँग सम्वन्धित)

<u>अनुमति लिनु पर्ने उद्योग</u>

१. चुरोट, बिडी, खैनी, सिङ्गार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग,

२. मदिराजन्य वस्तु उत्पादन गर्ने उद्योग,

३. ढुङ्गा गिट्टी, बालुवा उत्खनन्, प्रशोधन गर्ने मझौला तथा ठूला उद्योग,

४. रेडियो सञ्चार उपकरण उत्पादन गर्ने उद्योग,

५. बहुमूल्य खनिज उत्खनन्, पेट्रोलियम पदार्थ उत्खनन् जस्ता उद्योग,

६. व्यवसायिक प्रयोजनका लागि उत्पादन गर्ने घरायसी हतियारहरु जस्तैः खुकुरी, कर्द, चुप्पी, चुलेसी, स्याङ्गी, बञ्चरो आदि,

७. प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने अन्य उद्योग ।

## अनुसूची-२

(दफा १५ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

### घरेलु उद्योग

१. ह्याण्डलूम, पेडल लूम, सेमीअटोमेटिक-टिक लूम, कपडा वार्पिङ्ग, परम्परागत प्रविधिबाट गरिने रङ्गाई, छपाई, सिलाई  र (तयारी पोशाक बाहेक)बुनाई,

२ . ऊन र रेशममा आधारित हाते बुनाईका राडी, पाखी, गलैंचा, पश्मिना, पोशाक, हातेकागज र सोमा आधारित वस्तु,

३ . परम्परागत कलामा आधारित वस्तु,

४ . परम्परागत मूर्तिकला,

५ . तामा, पित्तल, ढलौट, कासर जर्मन सिल्भर जस्ता धातुबाट हस्तनिर्मित भाडा वर्तन तथाहस्तकलाका सामान,

६. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालो जस्ता परम्परागत औजारहरु,

७. सुन, चाँदीबाट हस्त निर्मित गरगहना, वस्तु, भाँडावर्तनहरु बहुमूल्य, अर्ध-बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत,

८. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाई उद्योग, ग्रामीण ट्यानिङ्ग/छालाबाट हस्त निर्मित वस्तुहरु,

९. जुट, सवाइ घास, चोया, बाबियो, सुती धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग

१०. पत्थरकला (ढुङ्गा कुँदी बनाइएका सामानहरू)

११ . पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला,

१२. मुकुण्डो तथा परम्परागत संस्कृति दर्शाउने पुतली र खेलौना (मास्त)

१३. परम्परागत संस्कृति, बाजागाजा र कला दर्शाउने विभिन्न प्रकारका हस्तकलाका वस्तु,

१४. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरु, सेरामिक्स तथा माटोका भाँडाकुडा,

१५. हातले छाप्ने ईटा उद्योग ।

## अनुसूची–३

(दफा १५ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

<u>ऊर्जामूलक उद्योग</u>

१. जलस्रोत, वायू, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल र इन्धन वा ग्यास, वायोमास वा अन्य स्रोतहरुबाट ऊर्जा उत्पादन गर्ने उद्योग, त्यस्तो उर्जा उत्पादन गर्न प्रयोग गरिने मेसिन/उपकरण निर्माण गर्ने उद्योग,

२. प्रादेशिक विद्युत प्रसारण लाइन,

३. प्रादेशिक विद्युत वितरण प्रणाली ।

## अनुसूची–४

(दफा १५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

**कृषि तथा वन पैदावारमा आधारित उद्योग**

१. व्यावसायिक फलफूल खेती वा फलफूल प्रशोधन,

२. खाद्यान्न तथा फलफूलबाट आदिवासी जनजातीहरूले परम्परागत रूपमा उत्पादन गर्ने मदिराजन्य खाद्य वस्तु समेतका अन्य खाद्यान्न प्रशोधन,

३. व्यावसायिक पशुपालन, पंक्षीपालन (अष्ट्रिच समेत), पशुपंक्षी प्रजनन र मासु उत्पादन तथा प्रशोधन,

४. दूध उद्योग (दूधका परिकार उत्पादन समेत),

५. मत्स्यपालन, माछाभुरा उत्पादन, प्रशोधन एवं प्याकेजिङ्ग,

६. रेशम खेती तथा रेशम प्रशोधन,

७. चिया बगान, चिया प्रशोधन,

८. कफी खेती, कफी प्रशोधन,

९. जडिबुटी खेती, जडिबुटी प्रशोधन,

१०. तरकारी बीउ बिजन उत्पादन,

११. तरकारी खेती, तरकारी प्रशोधन,

१२. हरित गृह स्थापना र सञ्चालन,

१३. मौरीपालन (मौरी प्रजनन, मह उत्पादन र प्रशोधन),

१४. पुष्प खेती, पुष्प प्रशोधन (माला बनाउने, सजावट गर्ने, गुच्छा बनाउने र बीउ बिजन उत्पादन समेत),

१५. नर्सरी व्यवसाय,

१६. रबर खेती, रबरको प्रारम्भिक प्रशोधन र सञ्चालन,

१७. शीत भण्डार, कृषि बजार

१८. सामुदायिक, कबुलियति, साझेदारी र निजी वनको स्थापना र व्यवस्थापन,

१९. नगदेबालीको व्यावसायिक खेती तथा प्रशोधन (जस्तैः ऊखु, कपास, सनपाट, सजिवन, स्वीट सरघम, स्टेभिया रेवौडिएन, सुर्ती, जुट, अलैंची, अदुवा, केशर, तेलहन र यस्तै मसलावाली, दलहन आदि),

२०. वेत, बाँस खेती र वेत बाँसजन्य उत्पादनहरु,

२१. वनस्पति उद्यान स्थापना र व्यवस्थापन,

२२. वनस्पति प्रजनन व्यवसाय (टिस्सु कल्चर समेत),

२३. बीउबिजन प्रशोधन,

२४. अन्य गैर काष्ठजन्य वन पैदावारमा आधारित ।

## अनुसूची–५

(दफा १५ को उपदफा (२) को खण्ड (ङ) सँग सम्बन्धित)

<u>निर्माण उद्योग</u>

१. सडक, पुल,सुरुङ्ग,

२. रोपवे, रेलवे, ट्राम, ट्रलिबस, केबुल कार, मोनोरेल र स्लाईडिङ्गकार,

३. औद्योगिक संरचना एवं पूर्वाधार कम्प्लेक्स,

४. सभा सम्मेलन केन्द्र,

५. ढल तथा ढल निकास,

६. खानेपानी आपूर्ति तथा वितरण,

७. सिँचाइ पूर्वाधार,

८. खेलकूद गृह, रङ्गशाला,

९. सवारी पार्किङ्ग स्थल, पार्किङ्ग गृह,

१०. कार्गो कम्प्लेक्स,

११. दूषित पानी प्रशोधन केन्द्र,

१२. घर तथा आवास भवन,

१३. फिल्म सिटि निर्माण, फिल्म स्टुडियो निर्माण,

१४. व्यापारिक कम्प्लेक्स ।

अनुसूची–६

(दफा १५ को उपदफा (२) को खण्ड (च) सँग सम्बन्धित)

<u>पर्यटन उद्योग</u>

१. पर्यटक आवास, मोटेल, होटेल, रिजोर्ट तथा रेष्टुराँ,

२. ट्राभल एजेन्सी, टुर अप्रेटर, हिलिङ्ग सेन्टर, क्यासिनो, अन्लाईन गेमिङ्ग, +रोवोटिक थियटर, मसाज, स्पा,

३. साहसिक पर्यटनः स्किइङ्ग, ग्लाइडिङ्ग, वाटर र्‍याफ्टिङ्ग, हट एयर व्यालुनिङ्ग, क्यानोनिङ, प्यारासेलिङ्ग, घोडचढी, हात्तीचढी, बन्जी जम्पिङ्ग, +जिप लाइन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ्गपदयात्रा,

४. ग्रामीण पर्यटन, होम-स्टे तथा पर्यावरणीय पर्यटन,

५. साँस्कृतिक, धार्मिक, सभा सम्मेलन तथा खेलकूद, पर्यटन,

६. मनोरञ्जन पार्क,

७. वन्यजन्तु आरक्ष ।

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा थप

## अनुसूची–७

(दफा १५ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित)

**<u>सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग</u>**

### खण्ड (क)

**सूचना प्रविधि उद्योग**

(१) टेक्नोलोजी पार्क,
(२) आई.टि. पार्क,
(३) वायोटेक पार्क,
(४) सफ्टवेयर विकास,
(५) कम्प्यूटर तथा सम्बन्धित सेवाहरु,
(६) तथ्याङ्क प्रशोधन,
(७) साइवर क्याफे,
(८) डिजिटल म्यापिङ्ग,
(९) विजिनेस प्रोसेस आउटसोर्सिङ्ग (वि.पि.ओ.),
(१०) डाटा माइनिङ्ग, क्लाउड कम्प्यूटिङ्ग ।

### खण्ड (ख)

**सूचना, प्रसारण प्रविधिमा आधारित उद्योग**

(१) एफ.एम. रेडियो, डिजिटल रेडियो सेवा,

(२) डिजिटल भू–सतही टेलिभिजन, स्याटलाइट टेलिभिजन, केबुल टेलिभिजन,

(३) आइपिटिभी, अनलाइन सेवा,

(४) डिजिटल केबुल टि.भी. नेटवर्क, डाइरेक्ट–टू–होम स्याटलाइट सेवा, एम.एम.डि.एस. नेटवर्क,

(५) रेकर्डिङ्ग स्टुडियो, प्रसारण स्टुडियो,

(६) प्रिन्ट मिडिया उद्योग, अडियो भिजुअल सामग्री उत्पादन उद्योग, विज्ञापन निर्माण उद्योग,

(७) सिनेमा उत्पादन, सिनेमाहल, मल्टिप्लेक्स सिनेमा हल, फिल्म सिटी निर्माण, फिल्म स्टूडियो निर्माण ।

अनुसूची–८

(दफा १५ को उपदफा (२) को खण्ड (ज) सँग सम्बन्धित)

<u>सेवामूलक उद्योग</u>

१. यान्त्रिक कार्यशाला (वर्कशप),

२. छापाखाना तथा छपाई सम्बन्धी सेवा,

३. पेशागत अनुसन्धान तथा विकास, व्यवस्थापन, ईन्जिनियरिङ्ग तथा डिजाइन, कानूनी, लेखा, लेखापरीक्षण, शिक्षण प्रशिक्षण, शैक्षिक तथा प्राविधिक परामर्श सेवाहरु,

४. जिनिङ्ग तथा बेलिङ्ग व्यवसाय,

५. प्रदर्शनी सेवा,

६. सांस्कृतिक तथा मनोरञ्जनात्मक व्यवसाय,

७. निर्माण व्यवसाय,

८. सार्वजनिक यातायात व्यवसाय,

९. फोटोग्राफी,

१०. अस्पताल,

११. नर्सिङ्ग होम,

१२. शिक्षण एवं प्रशिक्षण संस्था,

१३. पुस्तकालय, अभिलेखालय तथा संग्रहालय सेवा,

१४. प्रयोगशाला,

१५. खेलकूद सेवा,

१६. शीत भण्डार सञ्चालन (गैह्र कृषिजन्य),

१७. हाउस वायरिङ्ग इलेक्ट्रीकल फिटिङ्ग र मर्मत,

१८. फोहोरमैला संकलन तथा सरसफाई, फोहरमैला पुनःप्रशोधन,

१९. घर जग्गा खरिद गरी भूमि विकास गरी बिक्री गर्ने व्यवसाय,

२०. निर्माण सम्बन्धी भारी उपकरण (हेभी इक्वीपमेण्ट) भाडा, मर्मत तथा सञ्चालन,

२१. पशु चिकित्सा सेवा,

२२. व्याट्री रिचार्जिङ्ग,

२३. स्वास्थ्य परीक्षण (एक्स–रे, सिटी स्क्यान, एम.आर.आइ, अल्ट्रासाउन्ड जस्ता सेवाहरु) तथा स्वास्थ्य परीक्षण प्रयोगशाला,

२४. निर्माण भइसकेका पूर्वाधारहरुको सञ्चालन गर्ने (जस्तैः सभा सम्मेलन भवन, खानेपानी आपूर्ति, इन्धन तथा इन्धनजन्य ग्यास आपूर्ति सम्बन्धी पाइप लाइन, गोदामघर तथा भण्डारण, बसपार्क, रङ्गशाला, स्पोर्टस्कम्प्लेकस, रोपवे, सडक, सिँचाइ,

विद्युत प्रशारण, विद्युत गृह, रेलवे सेवा, कार्गो कम्प्लेक्स, इनल्याण्ड क्लियरेन्स डिपो (आई.सि.डि.) आदि सेवा सञ्चालन गर्ने) व्यवसायहरु,

२५. खाद्यान्न कुटानी, पिसानी, पेलानी र प्याकिङ्ग गर्ने कार्य,

२६. कपडा तथा धागो रङ्गाई, साइजिङ्ग र कपडा छपाई (कपडा बुन्ने उद्योगले आफ्नो प्रयोजनको लागि गरेकोमा बाहेक),

२७. कार्गो व्यवसाय,

२८. प्याकेजिङ्ग, रिफिलिङ्ग सेवा (एल.पी.जी. ग्यांस रिफिलिङ्ग र सवारी ग्यांस रिफिलिङ्ग गर्ने स्टेशन समेत),

२९. कुरियर सेवा,

३०. ड्राइक्लिनिङ्ग व्यवसाय,

३१. व्यूटी पार्लर,

३२. आन्तरिक सजावट (इण्टेरियर डेकोरेशन),

३३. सुरक्षा सेवा प्रदान गर्ने व्यवसाय,

३४. प्रकाशन सेवा,

३५. विज्ञापन सेवा,

३६. विज्ञापन सामग्री तयार गर्ने सेवा,

३७. समाचार सम्प्रेषण सेवा,

३८. टेलिभिजनबाट प्रसारण गर्न बनाइएका कार्यक्रम र डकुमेन्ट्री टेलीफिल्म उत्पादन तथा प्रसारण,

३९. स्वायल टेष्टिङ्ग सेवा,

४०. स्वास्थ्य (हेल्थ) क्लव,

४१. पानी ढुवानी तथा वितरण सेवा,

४२. जुलोजिकल पार्क सञ्चालन,

४३. जियोलोजिकल पार्क सञ्चालन,

४४. व्यवसाय सम्वर्द्धन सेवा (विजिनेस इन्क्यूवेसन सर्भिस),

४५. व्यापारिक कम्प्लेक्स सञ्चालन,

४६. वायोटेक पार्क,

४७. सिनेमा हल,

४८. मल्टिप्लेक्स थियटर,

४९. सिलाई बुनाई,

५०. अनुसन्धान तथा विकास सेवा ।

## अनुसूची–९

(दफा १७ सँग सम्बन्धित)

**प्राथमिकता प्राप्त उद्योग**

१. उर्जामूलक उद्योगहरु,

२. कृषि तथा वन पैदावारमा आधारित उद्योग,

३. निर्माण उद्योग,

४. निर्यातमूलक उद्योग,

५. पूर्वाधारसहितको साहसिक पर्यटन, ग्रामीण पर्यटन, पर्यावरणीय पर्यटन, गल्फ कोर्स, पोलो, पोनी ट्रेकिङ, पदयात्रा पर्यटन, वाटर न्याफ्टिङ, सभा सम्मेलन पर्यटन, खेलकूद पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, मनोरञ्जन पार्क निर्माण तथा सञ्चालन, वन्यजन्तु आरक्षण,

६. सर्पदंश उपचार सम्बन्धी उद्योग,

७. स्वदेशी चुनढुङ्गा प्रयोग गरी क्लिङ्कर तथा सिमेन्ट उत्पादन गर्ने उद्योग, पल्प तथा कागज, चिनी, रासायनिक मल (मिश्रणबाहेक), प्राङ्गारिक मल, धूलो दूध, औषधि उत्पादन, फोहोरमैला तथा खेर गएको वस्तुको प्रशोधन, इन्धन बचत गर्ने उपकरण उत्पादन गर्ने उद्योग, प्रदूषण कम गर्ने उपकरण उत्पादन गर्ने उद्योग र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने साधन तथा उपकरण उत्पादन गर्ने उद्योग, कृषि यन्त्र उपकरण तथा औद्योगिक मेसिनरी बनाउने उद्योग, विद्युतबाट चल्ने सवारी साधनहरु उत्पादन गर्ने उद्योग,

८. तराई क्षेत्रका उपमहानगरपालिका तथा नगरपालिका क्षेत्र बाहिर स्थापना हुने अस्पताल, नर्सिङहोम, पशु अस्पताल एवं चिकित्सालय, स्वास्थ्य परीक्षण सेवा, स्वास्थ्य प्रयोगशाला, जैविक अनुसन्धानशाला र शिक्षण एवं प्रशिक्षण संस्थाहरु

# प्राइभेट फर्म दर्ता ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०५/०४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## प्राईभेट फर्म दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः व्यापार र उद्योग व्यवसाय गर्ने प्राइभेट फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी प्रदेशको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "प्राइभेट फर्म दर्ता ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "अदालत" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "प्राइभेट फर्म" भन्नाले निजी वा अन्य नामबाट कुनै एक व्यक्तिले उद्योग, व्यापार वा व्यवसाय गर्ने फर्म सम्झनु पर्छ।

(घ) "सम्बन्धित निकाय" भन्नाले प्राईभेट फर्मको दर्ता, नियमन र सहजीकरण गर्नका लागि प्रदेश सरकारले तोकेको निकाय सम्झनुपर्छ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

३. <u>दर्ता नगरी प्राइभेट फर्म खोल्न नहुने:</u> (१) यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगराई कसैले पनि प्राइभेट फर्म खोल्न पाइने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका फर्मले एक वर्षभित्र सम्बन्धित निकायमा दर्ता अद्यावधिक गर्नु पर्नेछ ।

४. <u>प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनुपर्ने:</u> (१) कुनै प्राइभेट फर्म दर्ता गर्न चाहने व्यक्तिले देहायको विवरण र तोकिएको दस्तूर सहित तोकिएको ढाँचामा सम्बन्धित निकाय समक्ष दरखास्त दिनु पर्नेछ-

(क) फर्मको नाम,
(ख) फर्मको ठेगाना, सम्पर्क नं. र इमेल,
(ग) फर्मको उद्देश्य तथा त्यसले कारोवार गर्ने वस्तु तथा सेवाको विवरण,
(घ) फर्मको धनीको नाम, ठेगाना तथा बाबु, आमा र बाजे, बज्यैको नाम,
(ङ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(च) तोकिए वमोजिमको अन्य विवरण।

(२) उपदफा (१) बमोजिम कसैको दरखास्त परेपछि सम्बन्धित निकायले सात दिन भित्र तोकिए बमोजिम आवश्यक जाँचबुझ गरी फर्म दर्ता गर्न मनासिव देखेमा तोकिए बमोजिमको दर्ता किताबमा त्यस्तो फर्म दर्ता गरी तोकिएको ढाँचाको प्रमाणपत्र दरखास्तवालालाई दिनुपर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्तिको नाममा समान उद्देश्य भएको एक भन्दा बढी वाणिज्य सम्बन्धी प्राइभेट फर्म दर्ता गरिने छैन,

तर सोही उद्देश्यको लागि वाणिज्य सम्बन्धी प्राइभेट फर्मको शाखा खोली संचालन गर्न पाईने छ ।

(४) उपदफा (१) बमोजिम दरखास्त जाँचबुझ गर्दा प्राइभेट फर्म दर्ता गर्न नसकिने भएमा सम्बन्धित निकायले सात दिन भित्र सो को कारण सहितको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्ने छ।

५. <u>प्राइभेट फर्मको प्रमाण-पत्रको अवधि र नवीकरण:</u> (१) यो ऐन बमोजिम दर्ता र अध्यावधिक भएका प्राइभेट फर्मको प्रमाण-पत्रको अवधि र नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) यो दफा प्रारम्भ हुनु अघि कुनै कारणवस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले *तीन बर्ष भित्र तोकिए बमोजिम शुल्क बुझाई नवीकरण गर्न सकिने छ।

+(३) उपदफा (२) बमोजिमको अवधिभित्र नवीकरण नहुने प्राइभेट फर्म स्वतः खारेज हुनेछ र त्यस्तो फर्मले बुझाउनु पर्ने बाँकी रकम सरकारी बाँकी सरह त्यस्तो फर्मको फर्मधनीबाट असुल उपर गरिनेछ ।

६. <u>स्थानीय तहमा प्राइभेट फर्म दर्ता:</u> स्थानीय तहमा प्राइभेट फर्मको दर्ता, नवीकरण र तत्सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

७. <u>अनुमति वा इजाजतपत्र लिनुपर्ने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम प्राइभेट फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चालन गर्न अनुमति प्राप्त गरेको मानिने छैन।

८. <u>विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्ने:</u> दफा ४ को उपदफा (१) बमोजिमको विवरणमा कुनै हेरफेर गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

९. <u>कानूनी मान्यता नपाउने:</u> यो ऐन प्रारम्भ भएपछि यो ऐन बमोजिम दर्ता नगरी प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारले कानूनी मान्यता पाउने छैन।

१०. <u>सम्बन्धित निकायले विवरण माग गर्न सक्ने:</u> (१) यो ऐन बमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मसँग सम्बन्धित निकायले आवश्यक विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको समय भित्र पेश गर्नु त्यस्तो प्राइभेट फर्मको कर्तव्य हुनेछ ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा संशोधित

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा थप

११. **<u>प्राइभेट फर्म खारेज गर्न सकिने:</u>** (१) देहायको अवस्थामा सम्बन्धित निकायले प्राइभेट फर्म खारेज गर्न सक्नेछ:

(क) तोकिएको अवधि भित्र नवीकरण नगराएमा,

(ख) फर्मको धनीले मनासिब कारण दर्शाई आफनो फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी फर्म दर्ता गरेको ठहरिएमा,

(घ) सम्बन्धित निकायले माग गरेको दफा १० बमोजिमको विवरण तोकिएको अवधि भित्र पेश नगरेमा,

(ङ) उद्योग सम्बन्धी प्राइभेट फर्मले सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी फर्मले इजाजतको शर्त बमोजिम उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशिनरी औजार वा उपकरणका खरीद गरेको वा उद्योग सञ्चालनको लागि आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा पेश नगरेमा, वा

(छ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरीत हुने गरी अन्य कुनै कार्य गरेमा,

(२) उपदफा (१) खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम सम्बन्धित निकायले फर्म खारेज गर्नु अघि सफाईको उचित अवसर दिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्बन्धित निकायबाट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्मका धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म दर्ता गरिने छैन।

१२. **<u>जरिवाना हुने:</u>** (१) यो ऐन बमोजिम दर्ता नगराई खोलिएको फर्मको धनीलाई सम्बन्धित निकायको प्रमुखले पाँच हजार देखि दशहजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र सोही कसुर पुनः दोहोरिएमा पटकै पिच्छे शुरुमा हुने जरिवानामा थप दश हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) दफा ४ बमोजिम दरखास्त दिँदा झुट्टा विवरण दाखिल गर्ने वा दफा १० को उपदफा (२) बमोजिम विवरण पेश नगर्ने वा झुट्टा विवरण पेश गर्ने फर्मको धनीलाई सम्बन्धित निकायको प्रमुखले पन्ध्र हजार रुपैयाँ देखी पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) यो दफा बमोजिम सम्बन्धित निकायले गरेको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले सो गरे भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित निकाय उपर अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१३. <u>नियम बनाउने अधिकारः</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१४. <u>बचाउः</u> यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम भए गरेका काम यसै ऐन बमोजिम भए गरेको मानिने छ।

# साझेदारी ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०६/०१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्ने ऐन २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## साझेदारी सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः व्यापार र उद्योग व्यवसाय गर्ने साझेदारी फर्महरुको दर्ता, नियमन, सहजीकरण र तत्सम्बन्धी अन्य व्यवस्था गरी प्रदेशको आर्थिक समृद्धि र आम जनताको हित प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यस ऐनको नाम "साझेदारी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको अदालतको वाणिज्य इजलास सम्झनु पर्छ।

(ख) "तेस्रो पक्ष" भन्नाले साझेदारी फर्मका सम्बन्धमा साझेदार बाहेकका अरु कुनै व्यक्ति सम्झनु पर्छ।

(ग) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(घ) "व्यवसाय" भन्नाले कानून बमोजिम कुनै उद्योग, व्यापार वा अन्य पेशा सञ्चालन गर्ने काम सम्झनु पर्छ।

(ङ) "फर्म" भन्नाले दफा ६ बमोजिम दर्ता भएको साझेदारी फर्म सम्झनु पर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा संशोधित

(च) "सम्बन्धित निकाय" भन्नाले साझेदारी फर्मको दर्ता, नियमन र सहजीकरण गर्ने निकायलाई जनाउँछ।

(छ) "साझेदारी" भन्नाले दफा ६ बमोजिम दर्ता भएको फर्मबाट गरिने व्यवसाय सम्झनु पर्छ।

३. <u>साझेदारी कायम हुनेः</u> (१) दुई वा दुई भन्दा बढी व्यक्तिले मुनाफाको उद्देश्य लिई एउटै साझा नाम राखी कुनै साझेदारले सबै साझेदारका लागि वा सबै साझेदारले प्रत्येक साझेदारका लागि कुनै व्यवसाय सञ्चालन गर्ने गरी कबुलियत गरेमा साझेदारी कायम भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिम कबुलियत गर्ने व्यक्तिलाई एक अर्काको सम्बन्धमा साझेदार भनिनेछ।

(३) साझेदारले सामुहिक रुपमा व्यवसाय सञ्चालन गर्दा फर्मको नामबाट गर्नु पर्नेछ र त्यस्तो फर्म दफा ६ वमोजिम दर्ता गराउनु पर्ने छ।

४. <u>संगठित संस्था साझेदार नहुनेः</u> दफा ३ मा जुन सुकै कुरा लेखिएको भएता पनि संगठित संस्था कुनै साझेदारी फर्मको साझेदार हुन सक्ने छैन।

५. <u>एकाघर सगोलको साझेदार सम्बन्धमाः</u> एकाघर सगोलका अंशियारले आपसमा कबुलियत गरी साझेदारी व्यवसाय संचालन गर्न सक्ने छन्।

## परिच्छेद- २

## <u>फर्महरु सम्बन्धित निकायमा दर्ता गनुपर्ने</u>

६. <u>साझेदारी फर्म दर्ता गर्नु पर्नेः</u> (१) दफा ३ बमोजिम साझेदारी फर्म स्थापना भएको एक महिनाभित्र त्यस्तो फर्म दर्ताको लागि दफा (७) बमोजिम सम्बन्धित निकायमा तोकिए बमोजिमको दरखास्त दिनुपर्ने छ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले सातदिन भित्र दरखास्तसँग सम्बन्धित विवरण जाँची फर्म दर्ता हुन सक्ने देखिएमा यस ऐन बमोजिम फर्म दर्ता गर्नुपर्ने छ।

(३) यस दफा बमोजिम साझेदारी फर्म दर्ता नगरी कुनै व्यवसाय सञ्चालन गरेमा त्यस्तो व्यवसायले यस ऐन बमोजिम कानूनी मान्यता प्राप्त गर्ने छैन।

(४) उपदफा (२) बमोजिम दरखास्त जाँच गर्दा फर्म दर्ता हुन नसक्ने देखिएमा सम्वन्धित निकायले सो को कारण सहित सात दिन भित्र दरखास्तवालालाई जानकारी दिनुपर्ने छ।

७. <u>फर्म दर्ताको निवेदन र दस्तुरः</u> (१) दफा ६ बमोजिम फर्म दर्ताको लागि दिने दरखास्तमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः

(क) फर्मको पूरा नाम,

(ख) फर्मको व्यवसाय गर्ने मुख्य ठेगाना,

(ग) फर्मले आफ्नो उद्देश्य र कार्यान्वयन गर्न खोजेको व्यवसायको छोटकरी विवरण,

(घ) प्रत्येक साझेदारको पूरा नाम, थर र निजको स्थायी ठेगाना,

(ङ) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पूँजी रकम,

(च) कुनै साझेदारको अधिकार उपर कुनै बन्देज लगाएको भए सो कुरा,

(छ) सीमित दायित्व भएको साझेदारी भए प्रत्येक साझेदारको दायित्वको विवरण र त्यसको सीमा,

(ज) फर्मको सञ्चालन वा व्यवस्थापन गर्ने र प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

(झ) मुनाफा निर्धारण गर्ने तरिका,

(ञ) साझेदारहरु बीच मुनाफा तथा नोक्सान बाँडफाँड गर्ने तरिका,

(ट) तोकिए वमोजिमको अन्य विवरण।

(२) दफा ६ बमोजिम फर्म दर्ताको लागि लाग्ने दस्तुर तोकिए बमोजिम हुनेछ।

८. <u>फर्मको नाम भ्रमपूर्ण नहुनेः</u> (१) कुनै फर्मको नाम राख्दा पहिले दर्ता भईसकेको कुनै फर्म, कम्पनी, रजिष्ट्रर्ड, ट्रेडमार्क, पेटेण्ट, डिजाइन वा अन्तर्राष्ट्रिय रुपमा ख्याती प्राप्त व्यापारिक नाम वा चिन्हसँग मिल्ने वा भ्रम सृजना हुने गरी वा सार्वजनिक हित, नैतिकता,

सदाचार, शिष्टाचारको दृष्टिले अनुपयुक्त हुने वा राष्ट्रिय चिन्ह, राष्ट्रिय विभूति, राष्ट्रिय सम्पदा आदिसँग भ्रम सिर्जना हुने गरी राख्न हुँदैन।

(२) उपदफा (१) बमोजिम भ्रमपूर्ण हुने वा अनुपयुक्त हुने नाम राखी कुनै फर्म दर्ता गर्न दफा ७ बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो नाम राखी फर्म दर्ता गर्न इन्कार गर्न सक्नेछ र त्यसको जानकारी दरखास्तवालालाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएमा दरखास्तवालाले सच्याई फर्म दर्ता गर्न पुनः दरखास्त दिएमा दफा ७ बमोजिम सम्बन्धित निकायले फर्म दर्ता गर्नु पर्नेछ।

(४) दर्ता भइसकेको कुनै फर्मको नाम उपदफा (१) बमोजिम भ्रमपूर्ण रहेको भनी सम्बन्धित सरोकारवालाको दरखास्त परेमा सम्बन्धित निकायले तोकिए बमोजिम त्यसको छानबिन गर्नेछ र त्यसरी छानविन गर्दा फर्मको नाम भ्रमपूर्ण रहेको देखिएमा त्यस्तो नाम परिवर्तन गर्न सम्बन्धित साझेदारलाई आदेश दिन सक्नेछ।

९. <u>फर्म दर्ताको प्रमाण पत्र दिनुपर्ने:</u> (१) दफा ७ बमोजिम फर्म दर्ताको लागि दरखास्त परेमा यस ऐन बमोजिम सम्बन्धित निकायको दर्ता किताबमा फर्मको नाम दर्ता गरी साझेदारको नाममा तोकिएको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फर्म दर्ताको लगत विद्युतीय स्वरुपमा पनि राख्न सकिनेछ।

१०. <u>अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने:</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम दर्ता भएको कुनै फर्मले कुनै व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम कुनै अधिकारी वा निकायको अनुमतिपत्र वा इजाजतपत्र लिनुपर्ने रहेछ भने त्यस्तो अनुमतिपत्र वा इजाजतपत्र नलिई आफ्नो व्यवसाय शुरु गर्न सक्ने छैन र यस ऐन बमोजिम साझेदारी फर्म दर्ता भएकै आधारमा त्यस्तो व्यवसाय सञ्चान गर्न अनुमति प्राप्त गरेको मानिने छैन।

११. <u>यस ऐन बमोजिम व्यवसाय गर्नुपर्ने:</u> (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका साझेदारी फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ ।

तर यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र सम्बन्धित निकायमा अभिलेखीकरण हुनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम अभिलेखीकरणको लागि पेश भएकोमा सम्बन्धित निकायले सात दिनभित्र अभिलेखीकरण गरी जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अभिलेखिकरण नगरे त्यस्तो फर्मले यस ऐन बमोजिम कुनै व्यवसाय सञ्चालन गर्न सक्ने छैन ।

१२. <u>विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनुपर्नेः</u> फर्म दर्ता गर्नको लागि दफा ७ बमोजिम पेश गरेको दरखास्त र कबुलियतको विवरणमा पछि कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई सम्बन्धित निकायमा दरखास्त दिनुपर्ने छ र सम्बन्धित निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र त्यस्तो विवरण हेरफेर भएको मानिने छ।

१३. <u>नवीकरण गर्नु पर्नेः</u> (१) यस ऐन बमोजिम दर्ता भएको फर्म प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण गर्नु पर्नेछ।

(२) फर्म नवीकरणका लागि तोकिएको दस्तुर साथ तोकिएका कागजात र विवरण संलग्न राखी तोकिएको ढाँचाको फारममा सम्बन्धित निकायमा दरखास्त दिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त परेमा सम्बन्धित निकायले त्यस्तो फर्मको दर्ता किताब, दर्ता लगत र दर्ता प्रमाण पत्रमा नवीकरणको व्यहोरा जनाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम फर्म नवीकरण नगराई सोही नामबाट कुनै फर्म वा व्यवसाय सञ्चालन गर्न सकिने छैन।

(५) फर्म नवीकरण गर्नको लागि तोकिएको आर्थिक विवरण सहित लेखा परीक्षण प्रतिवेदन समेत पेश गर्नुपर्नेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि फर्म नवीकरणको लागि तोकिएको दस्तुर तिरी बढीमा पाँच वर्षसम्मको लागि एकै पटक फर्मको दर्ता नवीकरण गर्न सकिनेछ।

(७) उपदफा (६) बमोजिम एक वर्ष भन्दा बढी अवधिको लागि नवीकरण भएको फर्मले प्रत्येक वर्षको तोकिएको अवधिभित्र उपदफा (५) बमोजिमको विवरण पेश गर्नुपर्नेछ र नवीकरण भएको कारणले दफा १४ बमोजिमको विवरण पेश गर्नबाट छुट पाएको मानिने छैन।

(८) यस दफा बमोजिम तोकिएको अवधिमा फर्म नवीकरण नगरेमा वा दफा १४ बमोजिम तोकिएको विवरण पेश नगरेमा त्यस्तो फर्मले प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको दोब्वर दस्तुर बराबरको विलम्ब दस्तुर तिरी आवश्यक विवरण संलग्न गरी नवीकरण गर्नुपर्ने मिति व्यतित भएको पाँच वर्षभित्र फर्म नवीकरणका लागि दरखास्त दिन सक्नेछ।

(९) उपदफा (८) बमोजिम दरखास्त दिएमा सम्बन्धित निकायले त्यस्तो फर्म नवीकरण गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिमको अवधिभित्र पनि नवीकरण नगराएको फर्म स्वतः रद्द भएको मानिने छ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका फर्म भए जतिसुकै अवधि व्यतित भएको भए तापनि एक पटकका लागि यो ऐन प्रारम्भ भएको मितिले *तीन वर्षभित्र तोकिए बमोजिम नवीकरण गर्न सकिने छ।

१४. __सम्बन्धित निकायमा विवरण पेश गर्नुपर्ने:__ (१) यस ऐन बमोजिम दर्ता भएको फर्मले तोकिएको ढाँचामा प्रत्येक वर्ष आर्थिक विवरण र लेखा परीक्षण गराई वार्षिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको रकम भन्दा कम रकमको कारोवार गर्ने फर्मले सम्बन्धित निकायमा वार्षिक आर्थिक विवरण मात्र पेश गर्न सक्नेछ।

१५. __फर्म खारेज गर्न सक्ने:__ (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको फर्म सम्बन्धित निकायले खारेज गर्न सक्ने छ।

(क) कुनै फर्मले दफा १३ को अधीनमा रही तोकिएको अवधिभित्र फर्म नवीकरण नगराएमा,

(ख) साझेदारहरुले मनासिव कारण दर्शाइ फर्म खारेज गरी पाउँ भनी सम्बन्धित निकायमा निवेदन दिएमा,

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्धारा संशोधित

(ग) कुनै फर्मले दफा १४ बमोजिमको विवरण सम्बन्धित निकायमा पेश नगरेमा,

(घ) कुनै फर्मले फर्म दर्ता हुँदा पेश गरेको कबुलियतमा उल्लेखित उद्देश्य भन्दा फरक उद्देश्यको व्यवसाय सञ्चालन गरेमा,

(ङ) उद्योग सम्बन्धी फर्मले कार्य सञ्चालन गरी सम्बन्धित निकायलाई जानकारी दिई वा नदिई उद्योग बन्द गरेमा,

(च) उद्योग सम्बन्धी फर्मले नवीकरण गराए पनि ईजाजतको शर्त अनुसार उद्योग स्थापना र सञ्चालन गर्नको लागि कारखाना निर्माण, मेशीनरी औजार, उपकरणको खरीद वा उद्योग सञ्चालनको लागी आवश्यक कार्य गरेको लिखित प्रगति विवरण सम्बन्धित निकायमा नदिएमा, र

(छ) फर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित हुने गरी अन्य काम गरेमा,

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) र (छ) बमोजिम सम्बन्धित निकायवाट फर्म खारेज गर्नु अघि सम्बन्धित फर्मलाई सवुत पेश गर्न उचित अवसर दिनुपर्ने छ।

(३) उपदफा (१) को खण्ड (२) को (क), (ग), (घ), (ङ.), (च) र (छ) बमोजिम सम्बन्धित निकायवाट फर्म खारेज भएका साझेदारहरु कसैको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को फर्म दर्ता गरिने छैन।

## परिच्छेद- ३

## साझेदारहरुको आपसी सम्बन्ध

१६. <u>साझेदारहरुको आपसी सम्बन्धः</u> (१) साझेदारहरुको आपसमा भएको कबुलियतद्वारा साझेदारीहरुमा हक र दायित्व कायम हुनेछ। यस्तो कबुलियत आपसको व्यवहारमा अंकित भएको वा लिखित रुपमा भएको पनि हुन सक्छ।

(२) साझेदारीको कबुलियतमा उल्लेख भएका विषयको हकमा सोही बमोजिम र नलेखिएकोमा यस ऐन बमोजिमको व्यवस्था लागु हुन्छ।

१७. <u>साझेदारको दायित्व निर्वाह गर्नेः</u> कसैले आफ्नो बचन, लिखत वा आचरणबाट जानी जानी कुनै साझेदारी फर्मको साझेदारको रुपमा आफूलाई प्रतिनिधित्व गरेकोमा निजले गरेको प्रतिनिधित्वमा विश्वास गरी कसैले त्यस्तो साझेदारी फर्मलाई ऋण प्रदान गरेकोमा निज त्यस्तो साझेदारीको साझेदार नभए तापनि त्यस्तो ऋण निज आफैले वा फर्म जोसुकैले लिएको भएतापनि त्यस्तो व्यक्तिले त्यस उपरको दायित्व व्यहोर्नु पर्नेछ।

तर त्यसरी विश्वासमा पारी ऋण लिने व्यक्तिको दायित्व उपर प्रतिकूल नहुने गरी त्यस्तो फर्म आफैले लिएको वा त्यस्तो ऋणबाट कुनै आर्थिक लाभ लिएको हदसम्म सम्बन्धित फर्मले दायित्व व्यहोर्नु पर्नेछ।

१८. <u>प्रत्येक साझेदार प्रतिनिधि हुनेः</u> कबुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक साझेदारी फर्मको प्रत्येक साझेदार, त्यस्तो फर्मको व्यवसाय सञ्चालनको प्रयोजनका लागि त्यस्तो साझेदारीको प्रतिनिधि (एजेन्ट) भएको मानिनेछ।

१९. <u>साझेदारीमा रहेको जायजेथाः</u> साझेदारीको जायजेथा देहाय बमोजिम हुनेछ-

(क) साझेदारी कारोबार सुरु हुँदाको सम्पूर्ण जायजेथा,

(ख) साझेदारीको लागि वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारीले कारोबार गरी कमाएको धन, र

(घ) साझेदारीमा चलाएको कारोबारबाट प्राप्त हुन आएको ख्याती (गुड विल)

**स्पष्टीकरणः** अन्यथा प्रमाणित भएकोमा बाहेक फर्मको रकम लगानी गरी प्राप्त भएको सबै सम्पत्ति र हक फर्मको मानिने छ।

२०. <u>साझेदारको मृत्यु भए पछिको दायित्वः</u> कुनै साझेदारको मृत्युभए पछि पनि साझेदारी फर्मको व्यवसाय सञ्चालन जारी रहेकोमा त्यस्तो साझेदारको मृत्यु पछि भएको कुनै काम, कारवाही वा कारोवारको कारणबाट सिर्जना भएको दायित्व मृतक साझेदारको हकवालाले व्यहोर्नु पर्ने छैन।

२१. <u>साझेदारी सम्पत्तिको प्रयोगः</u> साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारीको सम्पत्ति साझेदारहरुले अरु काममा लगाउन वा लगाउन दिन हुँदैन।

२२. <u>पूँजी थप्न बाध्य नहुनेः</u> अरु साझेदारले माग गरे पनि साझेदारीको कबुलियतमा तोकेको अंक भन्दा बढी पूँजी थप्न कुनै साझेदारलाई वाध्य गर्न हुँदैन।

२३. <u>सट्टामा राख्न नपाउनेः</u> कुनै साझेदारले अन्य साझेदारको मञ्जुरी विना अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख्न पाउँदैन।

२४. <u>कारोबारको व्यवस्थापनमा भाग लिन पाउनेः</u> (१) कबुलियतद्वारा साझेदारी कारोबारको बन्दोबस्तमा भाग लिन नपाउने साझेदार बाहेक प्रत्येक साझेदारले साझा कारोबारको व्यवस्थापनमा भाग लिन पाउँछ।

तर, सबै साझेदारको मञ्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न हुँदैन।

(२) साझेदारीको सबै वा कुनै काम सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुई भन्दा बढी साझेदारहरुले संयुक्त रुपमा गर्ने कबुलियत भएकोमा कुनै मनासिब माफिकको कारण परी कबुलियत बमोजिम यस्ता सबै साझेदारहरुले सो काम गर्न नभ्याउने भएमा निजहरुले आफू मध्ये कसैलाई सो काम गर्न अख्तियारी दिन सक्नेछन।

२५. <u>श्रेस्ता हेर्न नक्कल लिन पाउने</u>: साझेदारीको हिसाब किताबको श्रेस्ता हेर्न चाहेमा हरेक साझेदारले त्यस्तो श्रेस्ता हेर्न पाउँछन र नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सो श्रेस्ताको सक्कल बमोजिमको नक्कल उतारी आफ्नो सहिछाप गरी दिनुपर्छ।

२६. <u>पारिश्रमिक र ब्याज</u>: (१) साझा कामको व्यवस्थापनको काम गरे बापतको पारिश्रमिक कबुलियतमा तोकिए बमोजिम त्यस्तो काम गर्ने साझेदारले पाउनेछ।

(२) कुनै साझेदारले कबुल गरे भन्दा बढी पूँजी लगाएको भए दश प्रतिशतमा नबढाई लिखत बमोजिमको ब्याज पाउँछ।

(३) कुनै साझेदारले जानी-जानी लापरवाही गरी साझेदारी व्यवसायमा हानी नोक्सानी पुऱ्याएमा त्यसको बिगो निजले व्यहोर्नु पर्नेछ।

२७. <u>साझेदारले आर्जेको मुनाफा फर्मको हुने</u>: फर्मको कुनै करोबारको सिलसिलामा वा फर्मको धनमालको उपयोग गरी वा फर्मको कारोबारको सम्बन्धबाट वा फर्मको नाममा कुनै साझेदारले नाफा आर्जन गरेमा सो नाफा र त्यसको हिसाब समेत फर्मलाई बुझाउनु पर्छ।

२८. <u>साझेदारले बुझाएको रकम हिसावमा देखाउनु पर्ने</u>: दफा २६ र २७ वमोजिम कुनै साझेदारले तिरे बुझाएमा सो रकम फर्मको आर्थिक वर्षको नाफा नोक्सानको हिसाव श्रेस्तामा स्पष्ट देखाउनु पर्छ।

२९. <u>नाफा नोक्सानको बाँडफाँड</u>: (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँड गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा बराबर दरले वण्डा लाग्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पूँजीमा व्याज दिने लिने कबुलियत भए सो व्याज मुनाफाबाट मात्र तिर्नु पर्छ।

३०. <u>मुनाफा पाउन नसक्ने</u>: (१) कुनै साझेदारले आफ्नो भागको बुझाउन पर्ने पूँजी फर्मलाई तिरी बुझाइ सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी रकम चुक्ता नभएसम्म निजले पाउनु पर्ने मुनाफा बुझिलिन पाउनेछैन।

(२) उपदफा (१) मा लेखिएको कुराले कुनै साझेदारले बुझाएको पूँजी रकम बराबर हुन आउने मुनाफाको हिस्सा निजलाई बाँडफाँड गर्न रोक लगाएको मानिने छैन।

## परिच्छेद- ४

## फर्म र तेस्रो पक्ष बीचको सम्बन्ध

३१. फर्मको दायित्व हुने: (१) दफा १८ को अधीनमा रही प्रत्येक साझेदारले फर्मको प्रतिनिधित्व गर्न सक्नेछ र कुनै साझेदारले फर्मको तर्फबाट गरेको कारोवारका सम्बन्धमा सिर्जना भएको दायित्व फर्मको हुनेछ।

(२) उपदफा (१) बमोजिमको कारोवार गर्दा कुनै साझेदारले जालसाजी गरेमा त्यस्तो साझेदारलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न कुनै साझेदारको उजुरी परेमा अदालतले निजलाई फर्मको प्रतिनिधित्व गर्नबाट वञ्चित गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै साझेदारले साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा कबुलियत बमोजिम बन्देज लगाउन सकिनेछ।

(४) उपदफा (२) र (३) बमोजिम बन्देज लगाएकोमा सो कुराको जानकारी नपाउने तेस्रो पक्षले फर्मसँग गरेको कारोवारको सम्बन्धमा फर्मको दायित्व हुनेछ।

३२. नयाँ साझेदार जवाफदेही नहुने: (१) आफू साझेदार हुनुभन्दा अगाडि भए गरेको साझेदारी कामको सम्बन्धमा नयाँ हुने साझेदार जवाफदेही हुनेछैन।

(२) साझेदारीबाट अलग हुने साझेदारलाई निज अलग हुनु अघि फर्मबाट भएको काममा तेस्रोपक्ष प्रतिको दायित्वबाट उक्त तेस्रो पक्षको लिखित सहमति भएमा उन्मुक्ति प्राप्त हुनेछ।

(३) तेस्रो पक्ष लाई कुनै साझेदार साझेदारीबाट अलग भएको छ भन्ने थाहा भएमा अलग हुने साझेदार आफू अलग भई सकेपछि अरु साझेदारले फर्मको नामबाट भए गरेका कामप्रति निजको जवाफदेही हुने छैन।

३३. साझेदारले आफ्नो हक बिक्री गर्ने: कुनै साझेदारले फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा बन्धक राखी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर त्यस्तो व्यक्ति सो फर्मको साझेदार मानिने छैन, र सबै साझेदारहरुको मञ्जूरी विना निजलाई सो फर्मको हिसाब किताब जाँच्ने अधिकार हुने छैन।

३४. <u>जवाफदेही हुनेः</u> आफू साझेदार छँदा फर्मको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगत रुपमा प्रत्येक साझेदार जवाफदेही हुनेछन।

### परिच्छेद- ५

### <u>सीमित दायित्व भएको साझेदारी स्थापना र सञ्चालन</u>

३५. <u>सीमित दायित्व भएको साझेदारी स्थापना गर्न सकिनेः</u> (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रत्येक साझेदारको दायित्व निजले साझेदारीमा गरेको लगानीको हिस्साको अनुपातमा हुने गरी सीमित दायित्व भएको साझेदारी स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम साझेदारीमा लगानी गर्ने साझेदारको दायित्व निजले लगानी गरेको वा लगानी गर्न कबुल गरेको साझेदारीको रकमको हदसम्म सीमित हुनेछ।

(३) उपदफा (२) बमोजिमको साझेदारले निजले गरेको लगानीको अनुपातमा मुनाफा प्राप्त गर्नेछ।

(४) सीमित दायित्व भएको साझेदारी फर्मले कुनै व्यवसाय सञ्चालन गर्दा त्यस्तो फर्मको नामको पछाडि "(सीमित दायित्व भएको)" वाक्यांश लेख्नु पर्नेछ।

३६. <u>सीमित दायित्व भएको साझेदारी सञ्चालनः</u> (१) सीमित दायित्वको साझेदारीको व्यवस्थापन तथा सञ्चालन कबुलियतमा उल्लेख भए बमोजिम हुनेछ।

(२) फर्म दर्ता भइसके पछि उपदफा (१) बमोजिमको कबुलियतमा कुनै कुरा हेरफेर भएमा त्यसको जानकारी सम्बन्धित निकायमा दिनु पर्नेछ।

३७. <u>सीमित दायित्व भएको साझेदारीको ठेगानाः</u> (१) सीमित दायित्व भएको साझेदारी फर्मले आफ्नो रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना सम्बन्धित निकायमा पेश गर्नु पर्नेछ र त्यस्तो ठेगानामा गरिएको पत्राचार साझेदारी फर्मको नाममा भएको मानिनेछ।

(२) उपदफा (१) बमोजिमको ठेगानामा परिवर्तन वा हेरफेर भएमा परिवर्तन वा हेरफेर भएको पन्ध्र दिन भित्र सम्बन्धित निकायमा त्यसको जानकारी गराउनु पर्नेछ।

३८. **सीमित दायित्व भएको साझेदारीमा परिवर्तन गर्न सकिने:** यस ऐन बमोजिम असीमित दायित्व भएको साझेदारीको रुपमा दर्ता भएको कुनै फर्मसँग सम्बन्धित कबुलियतमा संशोधन गरी सीमित दायित्वको साझेदारीमा संलग्न गराउने गरी साझेदारहरु बीच सहमति भएमा त्यस्तो साझेदारी सीमित दायित्वको साझेदारीमा परिवर्तन गर्न सकिनेछ।

३९. **कबुलियतनामा लिखित हुनुपर्ने:** प्रचलित कानून वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सीमित दायित्व भएको साझेदारी फर्म दर्ता गर्न साझेदार वीच हुने कवुलियतनामा लिखित रुपमा हुनु पर्नेछ।

४०. **सीमित दायित्व हुने:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै साझेदारीमा कुनै साझेदारको दायित्वको हिस्सा सीमित हुने गरी र बाँकी साझेदारको हिस्सा असीमित हुने गरी साझेदारी फर्म दर्ता भएको रहेछ भने त्यस्तो साझेदारी फर्म असीमित दायित्व भएको साझेदारी फर्म मानिनेछ।

तर कबुलियतमा अन्यथा व्यवस्था भएकोमा बाहेक सीमित दायित्व भएको साझेदारको दायित्व निजले भुक्तानी गरेको वा भुक्तानी गर्न कबुल गरेको रकमको हदसम्म मात्र सीमित रहनेछ।

४१. **जालसाजपूर्ण कारोबार गरेमा असीमित दायित्व हुने:** (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सीमित दायित्व भएको कुनै साझेदारी फर्मले साहु वा अन्य कुनै व्यक्तिलाई धोका दिने नियतले कुनै जालसाजपूर्ण कारोबार गरेमा साझेदारी फर्म र त्यस्तो काम गर्ने साझेदारको त्यस्ता साहुहरुको ऋण र अन्य दायित्व उपर व्यक्तिगत रुपमा दायित्व रहनेछ र निजले साझेदारीमा गरेको लगानी रकमबाट त्यस्तो दायित्व पूरा नभएमा निजको घर घरानाबाट असुल उपर हुनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "जालसाजपूर्ण कारोबार" भन्नाले साहुलाई साझेदारी फर्मको गलत सूचना दिई ऋण लिने, ऋणको साँवा वा व्याज र अन्य शुल्क भुक्तानी नगरी ठग्ने वा साहुको अनुमति बिना भुक्तानी दिन अनुचित ढिलो गर्ने वा साहुको ऋण असुल उपर गर्ने अधिकार वा अन्य कुनै व्यक्तिप्रति रहेको दायित्वलाई प्रतिकुल हुने वा साहुलाई दिएको धितो जमानतमा नोक्सान पुग्ने गरी बदनियतपूर्वक गरेको फर्मको कारोबार सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि फर्म वा त्यसको कुनै साझेदारले जालसाजपूर्ण कारोबार गर्दा अन्य साझेदारलाई त्यसको जानकारी भएको वा त्यस्तो कारोबार गर्न अख्तियारी वा सहमति दिएको रहेछ भने त्यसरी जानकारी प्राप्त गर्ने वा अख्तियारी दिने वा सहमति दिने साझेदारको पनि दायित्व असीमित हुनेछ।

तर फर्मको व्यवसाय सञ्चालनमा भाग नलिने वा फर्मको व्यवस्थापनमा संलग्न नरहेको साझेदारलाई यो व्यवस्था लागू हुने छैन।

४२. <u>सीमित दायित्व भएको साझेदारीको दायित्वः</u> (१) सीमित दायित्व भएको साझेदारी फर्मको कारोबार गर्दा वा कुनै साझेदारलाई प्राप्त अख्तियारी प्रयोग गर्दा सिर्जना भएको कुनै पनि दायित्व साझेदारी फर्मको दायित्व मानिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि साझेदारले गरेको देहायको कारोबारका सम्बन्धमा साझेदारी फर्मको दायित्व सिर्जना हुने छैनः

(क) त्यस्तो साझेदारलाई अख्तियारी नदिएको कारोबार,

(ख) जुन व्यक्तिसँग कारोबार भएको छ त्यस्तो व्यक्तिलाई त्यस्तो साझेदारलाई त्यस्तो कारोबार गर्न अख्तियारी नभएको जानकारी भएको वा निजलाई त्यस्तो व्यक्ति साझेदार नभएको जानकारी भएको वा जानकारी हुनु पर्ने कारण भएको कारोबार।

(३) उपदफा (१) बमोजिमको दायित्व सीमित दायित्व भएको साझेदारी फर्मको सम्पत्तिबाट व्यहोर्नु पर्नेछ।

## परिच्छेद-६

## <u>साझेदारीको विघटन</u>

४३. <u>साझेदारी विघटन हुनेः</u> (१) साझेदारहरुको मञ्जुरी वा कबुलियत बमोजिम जुनसुकै वखत साझेदारी विघटन हुन सक्नेछ।

तर सीमित दायित्व भएको साझेदारी विघटन गर्दा विघटन गर्नु अघि दायित्व फछ्र्यौट गर्न लिक्वीडेटर नियुक्ती गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम साझेदारी विघटन गर्दा साझेदारहरुले निर्धारण गरे बमोजिम साझेदारीको दायित्व फछ्र्यौट गरी साझेदारी विघटन गर्न सक्नेछन।

तर साझेदार बीच दायित्व फछ्र्यौट गर्न कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून बमोजिम लिक्वीडेटर नियुक्ती गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त लिक्वीडेटरले प्रचलित कानून बमोजिम फर्मको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नेछ।

४४. लिखित सूचनाद्वारा विघटन हुने: कुनै साझेदारी अनिश्चित समयको निमित्त चलाईएको छ भने जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारहरुलाई लिखित सूचना दिई साझेदारी विघटन गराउन सक्नेछ। साझेदारहरुको बीचमा अन्यथा मञ्जुरी नभएको भए त्यस्तो सूचनामा लेखिएको मितिदेखि वा मिति नतोकिएको भए सूचना तामेल भएको मितिदेखि साझेदारी विघटन भएको मानिनेछ।

४५. जुनसुकै बखत साझेदारी बिघटन हुन सक्ने: साझेदारहरुमा जुनसुकै व्यहोराको कबुलियत भएको भए पनि कुनै साझेदारले बिशेष कारणवश र खासगरी देहायका परिस्थितिमा साझेदारी विघटन गराउन सक्नेछन-

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा, वा

(ख) अर्को साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अरु साझेदारको मञ्जुरी बेगर कसैलाई हक छाडी दिएमा, वा

(ग) अर्को साझेदारको हक अदालतबाट भरी भराउमा परेमा, वा

(घ) अर्को साझेदारले फर्मको काम कारवाहीमा जालसाज वा लापरवाही गरेमा, वा

(ङ) अर्को साझेदारले कैदको सजाय पाएमा।

४६. कार्यकाल पछि स्वतः विघटन हुने: साझेदारहरुको बीच एक आपसमा भएका कबुलियतको अधीनमा रही कुनै साझेदारी सीमित कालको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एक भन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पुरा भएपछि साझेदारी स्वतः बिघटन हुनेछ।

४७. साझेदारी स्वतः विघटन हुने: कुनै साझेदारको मृत्य भएमा वा साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा साझेदारी स्वतः विघटन हुनेछ।

४८. तेस्रो पक्ष प्रतिको दायित्व पूरा गर्नु पर्ने: साझेदारी विघटन भएको कुरा सार्वजनिक नगरिएको कारण त्यस्ता विघटनको जानकारी फर्मसँग सम्वन्धित तेस्रो पक्षलाई नभएमा साझेदारी विघटन भएपनि फर्मको नाममा गरेको काम कारवाहीबाट तेस्रो पक्ष प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नुपर्ने छ।

तर, मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निज मरेका वा दामासाहीमा परेका मिति पछिको काम कारवाही बापत तिर्न पर्ने छैन।

४९. <u>वारेसद्धारा भाग लिन हुने:</u> दफा ४३ को अधिनमा रही हरेक साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी विघटनको प्रकृयामा भाग लिन हुन्छ।

५०. <u>विघटन भएपछि पनि कायम रहने:</u> फर्मको विघटनको काम टुङ्गयाउनलाई जो आवश्यक काम कारवाही र विघटन हुनु पहिले शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भइसकेपछि पनि फर्मलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ।

५१. <u>फर्मको हिसाब फछ्र्यौट गर्ने:</u> साझेदारहरुको बीचमा भएको कबुलियत र दफा ४३ को अधीनमा रही बिघटन भएका फर्मको हिसाब फछ्र्यौट गर्दा देहाय बमोजिम गर्नुपर्छ-

(क) फर्मको हितमा बाधा नपर्ने गरी फर्मको सम्पूर्ण सम्पत्ति नगदमा परिणत गर्ने,

(ख) पूँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पूँजीबाट र त्यसबाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानाबाट असुलउपर गर्नुपर्छ,

(ग) पूँजीको कमी भएमा शोध भर्ना गर्न लगायत फर्मको जेथा देहायका क्रम र तरीकाबाट उपयोग गर्नुपर्छः

(१) फर्मले तेस्रो पक्षलाई तिर्नपर्ने ऋण रकम रहेछ भने,

(२) पूँजी बाहेकको साझेदारले दिएको कर्जा दामासाहीले,

(३) साझेदारले बुझाएका पूँजीको दामासाही, र

(४) शेष बाँकी सम्पत्ति साझेदारहरुको भाग बमोजिम ।

५२. <u>सम्पत्ति भाग नलाग्ने:</u> साझेदारका बीचमा कबुलियत भएको भएपनि फर्मको ऋण र दायित्व चुक्ता नगरी साझेदारी बीच सम्पत्ति वण्डा गर्न हुँदैन।

५३. <u>सम्बन्धित निकायले लिक्वीडेटर नियुक्ती गर्न सक्ने:</u> (१) साझेदारी फर्मको हिसाव किताव सम्बन्धमा साझेदारहरु वीच विवाद परेमा सो व्यहोरा उल्लेख गरी कुनै साझेदारले निवेदन दिएमा सम्वन्धित निकायले त्यस्तो फर्मको हिसाव जाँच गर्न लेखा परीक्षक नियुक्त गर्न सक्नेछ।

(२) लेखा परीक्षकले पेश गरेको हिसाव किताव वा प्रतिवेदनबाट साझेदारी विघटन गर्नु पर्ने देखिए सम्बन्धित निकायले प्रचलित कानून बमोजिम लिक्वीडेटर नियुक्त गर्न सक्नेछ।

(३) दफा ४३ वा यस दफा बमोजिम नियुक्त लिक्वीडेटरले आफ्नो कार्य सम्पादन गर्दा प्रचलित कानून बमोजिम प्राइभेट कम्पनी दामासाहीमा परेका वखत लिक्वीडेटरले कम्पनी खारेज गर्दा प्रयोग गर्न सक्ने अधिकार प्रयोग गर्न सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम नियुक्त लेखा परीक्षक र लिक्वीडेटर सम्बन्धित निकाय प्रति उत्तरदायी हुनु पर्नेछ।

५४. <u>साझेदारहरु बीचको विवादः</u> (१) दफा ४१ मा उल्लेख भएको अवस्थामा बाहेक साझेदारहरु बीच साझेदारीका सम्वन्धमा कुनै विवाद उत्पन्न भई सम्बन्धित निकायमा उजुरी परेमा त्यस्तो निकायले विवाद समाधान गर्न तोकिए बमोजिमको कार्यविधि पूरा गरी आवश्यक आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निकायले दिएको आदेशमा चित्त नबुझेमा पैतीस दिन भित्र प्रचलित कानून बमोजिम अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-७

## <u>विविध</u>

५५. <u>जरिवानाः</u> कसैले देहायको कुनै काम गरे वा गराएमा सम्बन्धित निकायले देहाय बमोजिमको जरिवाना गर्ने आदेश दिन सक्नेछः

(क) दफा ६ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पाँचहजार देखी दश हजार रुपैयाँसम्म,

(ख) दफा ७ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई दश हजारदेखि बीस हजार रुपैयाँसम्म,

(ग) दफा १२ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पन्ध्र हजार देखी पच्चीस हजार रुपैयाँ सम्म,

(घ) दफा १४ विपरितको कुनै काम गरे वा गराएमा प्रत्येक साझेदारलाई पच्चीस हजार रुपैयाँसम्म,

(ङ) दफा २८ को पालना नगरेमा एक लाख रुपैयाँसम्म,

(च) दफा ५१ विपरित कुनै काम गरे वा गराएमा पचास हजार रुपैयाँसम्म।

५६. <u>पुनरावेदन गर्न सक्नेः</u> यो ऐन बमोजिमको जरिवाना सम्बन्धित निकायबाट गरेकोमा चित्त नबुझ्नेले सो गरे भएको सूचना पाएका मितिले पैंतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

५७. <u>यो ऐन बमोजिम हुनेः</u> यो ऐनमा लेखिएको कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

५८. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले नियमहरु बनाउन सक्नेछ ।

५९. <u>बचाउः</u> यो ऐन बन्नु पूर्व भए गरेका काम यसै ऐन अनुसार भए गरेको मानिने छ।

# *...सूचना तथा संचार प्रविधि प्रतिष्ठान ऐन, २०७६

प्रमाणीकरण मितिः २०७६।०६।०१

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मितिः २०७८।०९।०१

**प्रस्तावनाः** सूचना तथा संचार प्रविधिका क्षेत्रमा विकास भएका नवीनतम प्रविधिलाई प्रदेशको हित अनुकूल प्रयोग गरी प्रदेशलाई सूचना तथा संचार प्रविधिका क्षेत्रमा सवल र सक्षम बनाउन तथा यस क्षेत्रमा सक्षम जनशक्तिको विकास गर्न एक सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना गर्न वाञ्छनीय भएकोले,

⊕ लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**- (१) यस ऐनको नाम "सूचना तथा संचार प्रविधि

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

२. **परिभाषाः**- बिषय वा प्रसंगले अन्यथा अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अध्यक्ष"** भन्नाले परिषद्को अध्यक्ष सम्झनुपर्छ।

(ख) **"सह-अध्यक्ष"** भन्नाले परिषद्को सह अध्यक्ष सम्झनु पर्छ।

(ग) **"कार्यकारी निर्देशक"** भन्नाले प्रतिष्ठानको कार्यकारी प्रमुख भई काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(घ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिम बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) **"प्रतिष्ठान"** भन्नाले दफा ३ बमोजिम स्थापना भएको सूचना तथा संचार प्रविधि प्रतिष्ठान सम्झनु पर्छ।

(च) **"परिषद्"** भन्नाले दफा ६ बमोजिम गठित परिषद् सम्झनु पर्छ।

(छ) **"सूचना तथा संचार प्रबिधि"** भन्नाले विद्युतीय प्रणालीको माध्यमद्वारा सूचना श्रृजना गर्ने, उत्पादन गर्ने, संकलन गर्ने, सम्प्रेषण गर्ने, प्रशोधन गर्ने वा प्रसारण गर्ने काम सम्झनु पर्छ।

३. **प्रतिष्ठानको स्थापनाः**- (१) प्रदेशको सूचना तथा संचार प्रविधिको विकास तथा विस्तारका लागि एक सूचना तथा संचार प्रविधि प्रतिष्ठानको स्थापना गरिनेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

⊕ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(२) प्रतिष्ठानको कार्यालय प्रदेश राजधानी रहेको स्थानमा रहनेछ।

४. <u>प्रतिष्ठान संगठित संस्था हुनेः-</u> (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको काम  कारवाहीका लागि एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्तिसरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमले सम्पत्तिको व्यवस्थापन गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि सोही नामबाट नालीस उजुर लाग्न सक्नेछ।

५. <u>प्रतिष्ठानको उद्देश्यः-</u> प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) प्रदेशमा सूचना तथा संचार प्रविधिको पहुँच बढाउने र विस्तार गर्ने,

(ख) सूचना तथा संचार प्रविधिको क्षेत्रमा रोजगारी सिर्जना गरी ज्ञानमा आधारित समाज निर्माण गर्ने,

(ग) सूचना तथा संचार प्रविधि सम्बन्धी उद्योगको स्थापना र विकास मार्फत प्रदेशको समृद्धिमा योगदान पुऱ्याउने,

(घ) प्रदेश सरकारको काम कारवाहीलाई विद्युतीय सुशासनका माध्यमबाट छिटो, छरितो, पारदर्शी र प्रभावकारी बनाउने,

(ङ) सरकारी, सामुदायिक र निजी क्षेत्रका व्यवसायी र नागरिक बीचको कारोबार र सम्बन्धलाई विद्युतीय प्रविधि मार्फत भरपर्दो र प्रभावकारी बनाउने।

६. <u>परिषद्को गठनः-</u> (१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा देहायबमोजिमको पदाधिकारी र सदस्य रहेको एक परिषद् रहनेछः-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सह-अध्यक्ष

[+]**(ग) प्रदेश सरकारका सचिव - सदस्य**

(घ) प्रदेश योजना आयोग सदस्य (सूचना प्रविधि हेर्ने) - सदस्य

*....

(ठ) सूचना तथा संचार प्रविधिसम्वन्धी निजी क्षेत्रका एक महिला सहित विषय विज्ञ २ जना - सदस्य

(ड) प्रतिष्ठानको कार्यकारी निर्देशक - सदस्य सचिव

---

[+] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा थप गरिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

[+]**स्पष्टिकरणः** यस उपदफाको प्रयोजनको लागि "प्रदेश सरकारका सचिव" भन्नाले प्रदेश सरकारका प्रमुख सचिव समेतलाई सम्झनु पर्छ।

(२) दफा ६ को उपदफा १ को खण्ड (ठ) बमोजिमका सदस्यहरूको नियुक्ति प्रदेश सरकारले गर्नेछ।

(३) दफा ६ को उपदफा (१) को खण्ड (ठ) बमोजिम नियुक्त सदस्यको पदावधि चार वर्षको हुनेछ र निजहरूको पुनः नियुक्ति हुन सक्नेछ।

७. **परिषद्को काम, कर्तव्य र अधिकारः**- परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) सूचना तथा संचार प्रविधि सम्बन्धी गुरुयोजना तर्जुमा गर्न, पुनरावलोकन गर्न, परिमार्जन तथा कार्यान्वियन गर्न प्रदेश सरकारलाई आवश्यक सिफारिस गर्ने,

(ख) सूचना तथा संचार प्रविधिसम्बन्धी नीति तथा कार्यक्रम तयार गर्न र सोको कार्यान्वियनका लागि प्रदेश सरकारलाई सहयोग गर्ने,

(ग) प्रदेश सरकारका सूचना प्रविधि सम्बन्धी कार्यक्रमको प्रभावकारी कार्यान्वियन सम्बन्धमा आवश्यक निर्देशन दिने तथा अनुगमन गर्ने, गराउने,

(घ) सूचना तथा संचार प्रविधि सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गराउने,

(ङ) स्थानीय तहसम्म सूचना तथा संचार प्रविधि पुऱ्याउन आवश्यक कार्य गर्ने,

(च) सूचना तथा संचार प्रविधिको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थासंग समन्वय गर्ने,

(छ) सूचना तथा संचार प्रविधिमा लगानी प्रवर्द्धन गर्न आवश्यक नीतिगत व्यवस्थाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ज) सूचना तथा संचार क्षेत्रमा अध्ययन अनुसन्धानका लागि भौतिक पूर्वाधार सहितका शिक्षण संस्था स्थापना गर्ने, गराउने सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) प्रदेशमा इनोभेसन सेन्टर, टेक्नोलोजी पार्क, डाटा सेन्टर आदि स्थापना र व्यवस्थापन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने।

(ञ) प्रतिष्ठानको व्यवस्थापन तथा कार्यकारी समिति र कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने।

८. **परिषद्को बैठक र निर्णयः**- (१) परिषद्को बैठक वर्षमा कम्तीमा तीन पटक बस्नेछ। तर, एउटा बैठक र अर्को बैठक बस्ने अवधि चार महिनाभन्दा बढी हुनेछैन।

(२) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सह-अध्यक्षले गर्नेछ।

---

[+] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा थप गरिएको

(३) बैठकको गणपूरक संख्या परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।

(४) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ तर, मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ।

(६) बैठकको अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

[x] ...

११. <u>कार्यकारी निर्देशकः</u>- (१) प्रतिष्ठानको प्रमुख प्रशासकीय पदाधिकारीको रूपमा प्रदेश सरकारले कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ। निजको पदावधि ५ वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(२) देहायको योग्यता पुगेको नेपाली नागरिक कार्यकारी निर्देशकको पदमा नियुक्त हुनसक्नेछः

(क) व्यवस्थापन वा सूचना प्रविधि सम्बन्धी विषयमा स्नातकोत्तर गरी सूचना प्रविधिको क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेको अनुभव भएको,

(ख) ३५ बर्ष उमेर पूरा भएको,

(ग) उच्च नैतिक चरित्र भएको,

(घ) मानसिक अपाङ्गताको कारण काम गर्न असक्षम नभएको,

(ङ) नैतिक पतन हुने फौज्दारी अभियोगमा अदालतबाट दोषि प्रमाणित नभएको,

(च) साहुको दामासहीमा नपरेको।

(३) देहायको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त हुनेछ।

(क) निजले दिएको राजीनामा प्रदेश सरकारबाट स्वीकृत भएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) पदीय दायित्व बहन गर्न नसकेको भनी प्रदेश सरकारले बर्खास्त गरेमा,

(घ) निजको कार्यकाल समाप्त भएमा।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकलाई बर्खास्त गर्नु अघि निजलाई सुनुवाईको उचित मौका दिइनेछ।

१२. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः</u>- प्रतिष्ठानका कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

---

[x] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

(क) प्रतिष्ठानको प्रशासनिक प्रमुखको रुपमा रही दैनिक कार्य संचालन गर्ने।

(ख) प्रतिष्ठानको प्रशासकीय काम, कारबाहीलाई व्यवस्थित गर्ने, गराउने।

(ग) अध्यक्ष वा सह-अध्यक्षको निर्देशनमा परिषद्को बैठक बोलाउने र संचालन गर्ने।

(घ) परिषद्को सदस्य सचिवको हैसियतमा परिषद्ले तोकेको अन्य कार्य गर्ने।

*(ङ) प्रदेश सरकारको सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित नीति निर्माण, योजना तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय गर्ने,

(च) परिषद्का निर्णय तथा निर्देशनहरूको कार्यान्वयन गर्ने, गराउने।

(छ) प्रतिष्ठानका उद्देश्यहरू हासिल गर्न आवश्यक नीति, योजना तथा कार्यक्रमहरू मस्यौदा गर्ने र परिषद्को स्वीकृति पछि सोको कार्यान्वयन गर्ने, गराउने।

१३. <u>प्रतिष्ठानको कर्मचारी सम्बन्धी व्यवस्थाः-</u> (१) प्रतिष्ठानले आवश्यक पर्ने प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको आवश्यक दरबन्दी स्वीकृतिका लागि प्रदेश सरकारमा सिफारिस गर्न सक्नेछ।

(२) प्रतिष्ठानलाई आवश्यक पर्ने प्रशासनिक कर्मचारी प्रदेश सरकारले व्यवस्था गर्नेछ।

(३) प्रतिष्ठानले प्रदेश सरकारको स्वीकृत पद र संख्यामा आवश्यकता अनुसार सूचना प्रविधिसंग सम्बन्धित प्राविधिक कर्मचारीहरूको नियुक्ति गर्न तथा विशेषज्ञहरुको सेवा लिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमका विशेषज्ञहरुको सेवा लिँदा प्रतिष्ठानले नियम अनुसारको पारिश्रमिक सुविधा र भत्ताको व्यवस्था गर्नेछ।

१४. <u>प्रतिष्ठानको कोषः-</u> (१) प्रतिष्ठानको एक छुटै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायबमोजिमको रकम रहनेछः

(क) प्रदेश सरकारवाट प्राप्त रकम,

(ख) कुनै अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) कुनै स्थानीय तहबाट प्राप्त रकम,

(घ) कुनै संघ संस्था वा निजी क्षेत्रबाट प्राप्त रकम र,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(४) प्रतिष्ठानलाई प्राप्त सबै रकम प्रतिष्ठानको नाममा कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको कोषको संचालन प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

१५. पारिश्रमिक र सुविधाः- (१) कार्यकारी निर्देशकको पारिश्रमिक सेवा सुविधा प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(२) *परिषदका पदाधिकारी र सदस्यले प्रचलित कानून बमोजिमको बैठकभत्ता पाउने छन्।

१६. लेखा र लेखापरिक्षणः- (१) प्रतिष्ठानले आफ्नो आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ।

(२) प्रतिष्ठानको लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

१७. प्रतिवेदन पेश गर्नुपर्नेः- प्रतिष्ठानले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र आफ्नो बार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नेछ।

१८. प्रदेश सरकारले निर्देशन दिन सक्नेः- प्रदेश सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ।

१९. नियम बनाउन सक्नेः- यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

२०. विनियम बनाउन सक्नेः- (१) यस ऐन र अन्तर्गत बनेको नियमको प्रतिकूल नहुने गरी प्रतिष्ठानले आवश्यक बिनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बिनियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

२१. आचारसंहिता बनाई लागू गर्नसक्नेः- प्रतिष्ठानले पदाधिकारी र कर्मचारीहरूको काम कारवाहीका सम्बन्धमा आवश्यक आचारसंहिता बनाई लागू गर्न सक्नेछ।

२२. अधिकार प्रत्यायोजनः- यस ऐनको कार्यान्वयनका लागि प्रतिष्ठानले अध्यक्ष, सह-अध्यक्ष, कार्यकारी निर्देशक वा प्रतिष्ठानको कुनै कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२३. प्रदेश सरकारसँग सम्पर्क राख्नेः- प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत राख्नुपर्नेछ।

२४. शपथ ग्रहणः- दफा (६) को उपदफा (१) को खण्ड (ठ) र (ड) बमोजिम नियुक्त पदाधिकारी तथा कार्यकारी निर्देशकले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूचीमा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ।

२५. सहयोग गर्नुपर्नेः- प्रदेश सरकार अन्तर्गतका सरकारी निकायले प्रतिष्ठानलाई आवश्यक सहयोग गर्नुपर्नेछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

अनुसूची
(दफा २४ सँग सम्बन्धित)

**शपथ**

म..................ईश्वर/जनताको नाममा सत्यनिष्ठापूर्वक के प्रतिज्ञा गर्दछु भने सूचना तथा संचार प्रविधि प्रतिष्ठानको................ ............पदको कामकाज प्रचलित कानूनको अधिनमा रहि कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रहको भावना नराखी ईमानन्दारीका साथ गर्नेछु। आफ्नो पदीय हैसियतबाट प्राप्त कर्तव्यको पालना गर्ने सिलसिलामा आफुलाई जानकारी हुन आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा समेत प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमवाट पनि प्रकट गर्ने छैन।

मितिः

नामः दस्तखतः

# तथ्याङ्क ऐन, २०७५

प्रमाणीकरण मिति २०७६/०१/२४

<u>संशोधन गर्ने ऐन</u>

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

*.......

## तथ्याङ्क सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

<u>प्रस्तावना</u>ः प्रदेशको नीति, योजना तथा निर्णय प्रक्रियालाई तथ्य परक बनाउन, अध्ययन अनुसन्धानका निमित्त आवश्यक तथ्याङ्क उपलब्ध गराउन तथा प्रदेशका विभिन्न गतिविधिहरु र त्यसका असर तथा प्रभाव बारे जानकारी लिन आवश्यक तथ्याङ्क सङ्कलन, भण्डारण सम्प्रेषण, विश्लेषण र प्रकाशन गर्ने कार्यलाई व्यवस्थित *गर्न वाञ्छनीय भएकोले,

+लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "*.....तथ्याङ्क ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कम्प्युटर डाटावेस" भन्नाले कम्प्यूटर वा कम्प्यूटर नेटवर्क प्रणालीमा प्रयोग गर्ने उद्देश्यले अङ्क, अक्षर, छवि, ध्वनि वा श्रव्य दृश्यमा औपचारिक तवरले तयार गरिएको साङ्ख्यिकीय विवरण, तथ्याङ्क, सूचना, नक्शा, ज्ञान तथा अवधारणालाई सम्झनु पर्छ।

(ख) "कम्प्युटर नेटवर्क" भन्नाले एक अर्कासँग अन्तर आवद्धित वा सञ्चार सम्पर्कमा रहेका दुई वा दुई भन्दा वढी कम्प्युटरहरुको अन्तर-सम्बद्धतालाई सम्झनु पर्छ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

+ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा थप गरिएको

(ग) “कार्यालय” भन्नाले यस ऐन वमोजिम गठन भएको प्रदेश तथ्याङ्क कार्यालयलाई सम्झनु पर्छ।

(घ) “कार्य समूह” भन्नाले प्रदेश तथ्याङ्क परिषद्ले यस ऐन वमोजिम आवश्यकता अनुसार गठन गरेको अन्तर निकाय तथ्याङ्क कार्य समूहलाई सम्झनु पर्छ।

(ङ) “तथ्याङ्क” भन्नाले कुनै पनि प्राकृतिक एवम् कानूनी व्यक्तिसँग सम्बन्धित विवरणहरुको सुव्यवस्थित सङ्कलन, प्रस्तुतीकरण, विश्लेषण वा संकलित विवरणबाट तयार गरिएको संख्यात्मक प्रस्तुतिलाई सम्झनु पर्छ।

(च) “परिषद्” भन्नाले प्रदेश सरकारले यस ऐन वमोजिम गठन गरेको प्रदेश तथ्याङ्क परिषद्लाई सम्झनु पर्छ।

(छ) “प्रणाली” भन्नाले प्रदेश तथ्याङ्क प्रणालीलाई सम्झनु पर्छ।

(ज) “प्राविधिक समिति” भन्नाले तोकिए वमोजिम गठन भएका विषयगत तथा क्षेत्रगत समितिहरुलाई सम्झनु पर्छ।

(झ) “तथ्याङ्कशास्त्री" भन्नाले प्रदेश तथ्याङ्क कार्यालयको प्रमुखलाई सम्झनु पर्छ।

(ञ) “विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्)” भन्नाले विद्युतीय स्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि, ध्वनि वा श्रव्य दृश्यलाई सम्झनु पर्छ।

(ट) “समूह” भन्नाले निजामती सेवा ऐनमा व्यवस्था भएको नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवाको तथ्याङ्क समुहलाई सम्झनु पर्छ।

(ठ) “स्थानीय तह” भन्नाले नेपालको संविधान वमोजिम गठित स्थानीय तहलाई सम्झनु पर्छ।

(ड) “सार्वजनिक संस्था” भन्नाले देहायका संस्थालाई सम्झनु पर्छ।

(१) नेपाल सरकार र प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंङ्क वा समिति वा प्रचलित कानून वमोजिम नेपाल सरकार र प्रदेश सरकारद्वारा स्थापित आयोग, संस्था, प्राधिकरण, निगम, प्रतिष्ठान, वोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(२) नेपाल सरकार र प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार र प्रदेश सरकारको पूर्ण वा आंशिक अनुदान प्राप्त विश्वविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र अन्य त्यस्तै प्राज्ञिक वा शैक्षिक संस्था,

(३) नेपाल सरकार र प्रदेश सरकारको ऋण, अनुदान वा जमानतमा सञ्चालित संस्था,

(४) उपखण्ड (१), (२) र (३) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थावाट अनुदान प्राप्त संस्था,

(५) नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्र वा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य संस्था

(ढ) "संगठित अनुसन्धान तथा परामर्श संस्था" भन्नाले खण्ड (ठ) र (ड) मा उल्लेख भएका वाहेक प्रचलित ऐन वमोजिम दर्ता भएका अनुसन्धान तथा परामर्श वा तथ्याङ्क सम्वन्धी वा त्यस्तै प्रकृतिका संस्थालाई सम्झनु पर्छ।

(ण) "निजी संस्था" भन्नाले प्रचलित ऐन बमोजिम नेपाल सरकार वा प्रदेश सरकारका कुनै निकाय वा स्थानीय तहमा दर्ता भएका नीजि क्षेत्रको लगानी भएका संस्थाहरुलाई सम्झनु पर्छ।

(त) "निर्धारित तथ्याङ्क" भन्नाले प्रदेश तथ्याङ्क प्रणाली अन्तर्गत कुनै खास निकायले गर्ने भनी निर्धारण गरिएको तथ्याङ्क वा तथ्याङ्कीय कार्यलाई सम्झनु पर्छ।

(थ) "आधिकारिक तथ्याङ्क" भन्नाले प्रदेश तथ्याङ्क प्रणाली अन्तर्गत प्रदेश तथ्याङ्क कार्यालय तथा निर्धारित तथ्याङ्क उत्पादन गर्ने निकायले गरेको तथ्याङ्कलाई सम्झनु पर्छ।

(द) "सूचित आदेश" भन्नाले कुनै खास तथ्याङ्कीय कार्यका लागि प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित आदेश सम्झनु पर्छ।

(ध) "अधिकृत" भन्नाले यस ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क र सूचनाको विवरण सङ्कलन गर्न सूचित आदेश वा यस ऐन अन्तर्गत अधिकार प्राप्त अधिकृत सम्झनु पर्छ।

(न) "उत्तरदाता" भन्नाले यो ऐनले अपेक्षा गरेको कुनै सूचना वा विवरण सोधिने प्राकृतिक वा कानूनी व्यक्तिलाई सम्झनु पर्छ।

(प) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## प्रदेश तथ्याङ्क प्रणालीका निर्देशक सिद्धान्तहरु

३. <u>निर्देशक सिद्धान्तको प्रयोगः</u> यस परिच्छेदमा लेखिएका सिद्धान्तहरु प्रदेशको तथ्याङ्कीय प्रणालीको मार्ग निर्देशकको रुपमा रहनेछन्।

४. <u>निर्देशक सिद्धान्तहरुः</u> प्रदेश सरकारले प्रदेश तथ्याङ्क प्रणालीको विकासका लागि देहायका निर्देशक सिद्धान्तहरुको अवलम्वन गर्नेछः-

(क) प्रदेशको सामाजिक, आर्थिक, वातावरणीय लगायतका विविध क्षेत्रहरुको अधिकतम सूचनालाई सम्भव भएसम्मको खण्डीकृत तथ्याङ्कको माध्यमवाट सार्वजनिक गराई सरकार र जनतालाई सुसूचित गराउने,

(ख) तथ्याङ्कीय संगठनको क्रियाकलापमा स्वतन्त्रता र तटस्थताको प्रत्याभूति गराउने,

(ग) प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध निकायसँग नागरिकको पहूँचको आधार र अधिकार सुनिश्चित गर्ने,

(घ) तथ्याङ्कमा सार्वजनिक विश्वासको वातावरण बनाउन व्यावसायिक दक्षता, व्यावसायिक चरित्र तथा गुण, वैज्ञानिक सिद्धान्त, अन्तर्राष्ट्रियस्तरको मापदण्ड तथा सूचना व्यवस्थापनको अधिकतम् प्रयोग गरी तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण, सम्प्रेषण लगायतका अन्य तथ्याङ्कीय कार्य गराउने,

(ङ) तथ्याङ्कीय प्रयोजनका लागि आवश्यक तथ्याङ्कको आवश्यकता, गुणस्तर, प्रस्तुतीकरण, सङ्कलन अवधि, लागत तथा उत्तरदाताको संवेदनशीलता समेतलाई ध्यानमा राखी पूर्ण गणना, सर्वेक्षण, कार्यालय अभिलेख, कम्प्यूटर नेटवर्क वा अन्य कुनै सूचना व्यवस्थापनको माध्यमवाट उपलव्ध गराई तथ्याङ्क उत्पादनकर्ता, प्रयोगकर्ता तथा उत्तरदाता वीचको सम्वन्धलाई प्रभावकारी वनाउने,

(च) तथ्याङ्कीय प्रणालीमा आवद्ध कुनै पनि संस्थावाट उपलव्ध तथ्याङ्कीय विवरणको गोपनीयता सुनिश्चित गर्ने,

(छ) तथ्याङ्कसँग सम्वन्धित ऐन, नियम, नीति तथा मापदण्डहरु समय समयमा सार्वजनिक गराउने तथा तथ्याङ्कको सही उपयोग वारे चेतना अभिवृद्धि गराउने,

(ज) स्तरीय परिभाषा, वर्गीकरण मापदण्ड अनुरुप अनुमति प्रणालीलाई प्रभावकारी तथा दिगो वनाउने,

(झ) विकेन्द्रित तथ्याङ्कीय क्रियाकलापलाई व्यवस्थित गर्न निर्धारित तथ्याङ्क प्रणालीलाई विकसित गराउने,

(ञ) प्रादेशिक तथा स्थानीय सरकारी निकाय तथा सार्वजनिक संस्थाहरुको तथ्याङ्कीय क्रियाकलापलाई गुणस्तरीय तथा प्रभावकारी वनाउन मानव संशाधनको विकास र उपयोग गर्ने,

(ट) अन्तर्राष्ट्रिय स्तरमा द्विपक्षीय तथा वहुपक्षीय सहयोगका आधारमा तथ्याङ्क प्रणालीको विकास गर्ने,

(ठ) तथ्याङ्कमा दोहोरोपन हटाई मितव्ययिता कायम राख्ने,

(ड) प्रदेश तथा स्थानीय तहको तथ्याङ्क व्यवस्थापनलाई सुदृढ वनाई प्रदेश तथ्याङ्क प्रणालीको अभिन्न अंगको रुपमा स्थापित गराउने।

## परिच्छेद-३

## प्रदेश तथ्याङ्क परिषद्

**५.** प्रदेश तथ्याङ्क परिषद्को गठनः (१) प्रदेशमा एउटा प्रदेश तथ्याङ्क परिषद् हुनेछ।

(२) परिषद्को गठन व्यवस्था देहाय वमोजिम हुनेछ।

| | | |
|---|---|---|
| (क) | उपाध्यक्ष, प्रदेश योजना आयोग | - अध्यक्ष |
| (ख) | प्रदेश योजना आयोगका सदस्यहरु | -सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) | *प्रदेश सरकारका सचिवहरु | -सदस्य |
| (ङ) | प्रदेश लेखा नियन्त्रक | -सदस्य |
| (च) | तथ्याङ्क क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिबाट मुख्यमन्त्रीले तोकेका एक जना महिला सहित दुइ जना | -सदस्य |
| (छ) | पेशागत संघसंस्थाहरुबाट मुख्यमन्त्रीले तोकेका एक जना | -सदस्य |
| (ज) | तथ्याङ्कशास्त्री, प्रदेश तथ्याङ्क कार्यालय | -सदस्य सचिव |

(३) उपदफा (२) मा रहेका पदेन बाहेक अन्य नियुक्त भएका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(४) परिषद्ले उपदफा (२) मा भएका सदस्यहरुका अतिरिक्त अन्य सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्थाको प्रमुख वा प्रतिनिधि वा विशेषज्ञहरुलाई आवश्यकतानुसार परिषद्को बैठकमा आमन्त्रण गर्न सक्नेछ।

६. <u>परिषद्को सचिवालयः</u> प्रदेश तथ्याङ्क कार्यालयले परिषद्को सचिवालयको रुपमा कार्य गर्नेछ। यस्तो कार्यालय स्थापना नभएसम्म आर्थिक मामिला तथा योजना मन्त्रालयको सम्बन्धित महाशाखाले सोको सचिवालयको रुपमा कार्य गर्नेछ।

७. <u>परिषद्को बैठकः</u> (१) परिषद्को बैठक अध्यक्षको अध्यक्षतामा कम्तीमा वर्षको एक पटक बस्नेछ।

(२) परिषद् बैठकको निर्णय परिषद्का सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ।

८. <u>परिषदको काम, कर्तव्य र अधिकारः</u> परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अल्पकालिन र दीर्घकालीन योजना तथा नीतिको तर्जुमा तथा कार्यान्वयनद्वारा सामयिक भरपर्दो र स्तरीय तथ्याङ्क उत्पादन गर्ने गरी प्रादेशिक तथ्याङ्क प्रणालीको विकास गर्ने,

(ख) प्रादेशिक तथा स्थानीय तथ्याङ्कीय व्यवस्थापनमा समन्वय गर्ने,

(ग) प्रदेश मापदण्ड तयार गरी सो अनुसार तथ्याङ्क प्रणाली विकसित गर्ने,

(घ) निर्धारित तथ्याङ्कीय प्रणाली अनुसार तथ्याङ्कीय कार्यको बाँडफाँडको व्यवस्था गर्ने,

(ङ) अन्तर निकाय तथ्याङ्क कार्य समूहको गठन गर्ने,

(च) तथ्याङ्क उत्पादनकर्ता बीच समन्वय ल्याउने,

(छ) तथ्याङ्कसँग सम्वद्ध मामिलामा परिषद्लाई उपयुक्त लागेका निर्णय तथा निर्देशन प्रदान गर्ने।

९. <u>अन्तर निकाय तथ्याङ्क कार्य समूह सम्वन्धी व्यवस्थाः</u> परिषद्ले आवश्यकता अनुसार तोकिए बमोजिमका विषयगत वा क्षेत्रगत अन्तर निकाय तथ्याङ्क कार्य समूहको गठन गर्नेछ।

## परिच्छेद - ४

## <u>प्रदेश तथ्याङ्क कार्यालय</u>

१०. <u>प्रदेश तथ्याङ्क कार्यालयः</u> (१) प्रदेश सरकारको एउटा प्रदेश तथ्याङ्क कार्यालय हुनेछ।

(२) प्रदेश सरकारले प्रदेश तथ्याङ्क कार्यालयको मातहतमा रहने गरी आवश्यकता अनुसार प्रदेश का विभिन्न स्थानमा कार्यालय खोल्न सक्नेछ।

(३) *................

११. <u>प्रदेश तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार</u>: प्रदेश तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारलाई योजना तर्जुमा तथा नीति निर्माणका लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,

(ख) प्रदेश तथ्याङ्क परिषदबाट प्राप्त निर्देशन अनुसार कार्यक्रमहरु तयार गर्ने, गराउने,

(ग) निर्धारित तथ्याङ्क प्रणाली अनुसार तोकिएको गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्कीय कार्यहरु सञ्चालन गर्ने, गराउने,

(घ) तथ्याङ्कको स्तर निर्धारण, प्रमाणीकरण तथा अवधारणा सम्बन्धी कार्य गर्ने,

(ङ) प्रदेश तथा स्थानीय तहको माग अनुसार तथ्याङ्क उत्पादन गर्ने,

(च) तथ्याङ्क सम्बन्धी अभिलेखहरुको सुरक्षा गर्ने,

(छ) तथ्याङ्क सम्बन्धी पुस्तक पुस्तिका प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,

(ज) राष्ट्रियस्तरमा तय भएको परिभाषा, अवधारणा, वर्गीकरण तथा अन्य विषयहरु लागू गर्ने तथा लागू गर्न सम्वन्धित सबैमा निर्देशन दिने,

(झ) प्रदेश सरकारको प्रदेश डाटा बैंकको रुपमा काम गर्ने,

(ञ) तथ्याङ्कसँग सम्बन्धित प्रदेश तथा स्थानीय तहमा तालिम, सेमिनार, गोष्ठि आयोजना गर्ने,

(ट) स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहकार्य तथा सहयोगीको भूमिका खेल्ने,

(ठ) समय सापेक्ष तथ्याङ्कीय नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने।

१२. <u>तथ्याङ्कीय कार्यको कार्य विवरण तथा प्रतिवेदन</u>: प्रदेश तथ्याङ्क कार्यालयले तोकिए बमोजिम बार्षिक तथ्याङ्कीय कार्यको कार्य विवरण सार्वजनिक गराउनु पर्नेछ।

१३. <u>प्राविधिक समिति</u>: (१) प्रदेश तथ्याङ्क कार्यालयले विषयगत कार्यहरुका प्राविधिक समितिहरुको गठन गर्न सक्नेछ।

(२) प्राविधिक समितिको गठन र संचालन तोकिए बमोजिम हुनेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको।

१४. <u>तथ्याङ्कशास्त्रीको काम, कर्तव्य र अधिकारः</u> तथ्याङ्कशास्त्रीको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ।

(क) व्यावसायिक स्वतन्त्रता एवम् निष्ठा कायम राख्नु तथ्याङ्कशास्त्रीको कर्तव्य हुनेछ,

(ख) निर्धारित तथ्याङ्कीय प्रणालीमा आवद्ध भएका प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, स्थानीय तह तथा सार्वजनिक संस्थाहरुको तथ्याङ्कीय क्षमता अभिवृद्धि कार्यमा मुख्य सल्लाहाकारको रुपमा कार्य गर्ने, गराउने,

(ग) प्रदेश तथ्याङ्क प्रणालीको समयानुकूल विकासका लागि प्रदेश सरकारलाई प्रतिवेदन तथा सुझाव उपलव्ध गराउने,

(घ) तथ्याङ्क ऐन, नियम तथा नीति, निर्देशनहरुको पालना गर्ने, गराउने,

(ङ) प्रदेश तथ्याङ्क कार्यालयको व्यवस्थापन तथा अन्तर्गतका कार्यालयको मुख्य सुपरीवेक्षक भई कार्यालय तथा कर्मचारीको अनुगमन, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने, गराउने,

(च) प्रचलित ऐन नियमहरुमा उल्लेख भए बमोजिम अन्य काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने।

१५. <u>सेवा समूह सञ्चालन सम्वन्धी व्यवस्थाः</u> सेवा, समूह सञ्चालन सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।

## परिच्छेद-५

## <u>तथ्याङ्क सङ्कलन, प्रकाशन, अनुमति प्रणाली तथा गोपनियता</u>

१६. <u>तथ्याङ्क सङ्कलनः</u> (१) प्रदेश सरकारले सूचित आदेशद्वारा कुनै व्यक्ति, घर, घरपरिवार, तीनै तहका सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको विवरण वा तिनीहरुको भोग चलन वा नियन्त्रणमा रहेको सूचित आदेशमा तोकिएको विषय सम्बन्धी विवरण, लगत, सूचना र तथ्याङ्क तोकिएको ढाँचा र समयमा प्रदेश तथ्याङ्क कार्यालयका तथ्याङ्कशास्त्री समक्ष पेश गर्न सम्वन्धित पक्षलाई आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

(३) निर्धारित तथ्याङ्कीय कार्य गर्ने भनी तोकिएका अन्य निकायहरुको हकमा तोकिए बमोजिम व्यवस्था हुनेछ।

(४) उपदफा (१) मा उल्लिखित सूचित आदेश सम्वन्धित सबैको जानकारीका लागि प्रदेश राजपत्रमा प्रकाशित गरिनेछ।

(५) प्रदेश तथ्याङ्क कार्यालयले सोझै वा आफ्नो कुनै अधिकृतद्वारा व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थामा लिखित सूचना पठाई विवरण वा तिनीहरुको भोग चलन वा नियन्त्रणमा रहेको तोकिएको कुरा सम्वन्धी तोकिएको विवरण, लगत, सूचना र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा प्रदेश तथ्याङ्क कार्यालयका तथ्याङ्कशास्त्री समक्ष पेश गर्न सम्वन्धित पक्षलाई सूचना गर्न सक्नेछ।

१७. <u>विवरण, लगत, खवर र तथ्याङ्क जाँच्ने अधिकार</u>ः तथ्याङ्कशास्त्रीले आफू स्वयम् वा अधिकार प्रत्यायोजन गरी अधिकार प्राप्त गरेको अधिकृतले सूचित आदेश वा सूचनामा तोकिएको कुनै कुराको सम्वन्धमा विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका निमित्त वा त्यस्तो सूचित आदेश वा सूचना अन्तर्गत दाखिला भएको कुनै विवरण, लगत, सूचना र तथ्याङ्क सत्य हो होईन भन्ने जाँच गर्नका निमित्त देहाय वमोजिम गर्न सक्दछ।

(क) कुनै विवरण, सूचना, खवर र तथ्याङ्क उपलव्ध गराउनु पर्ने कर्तव्य भएको व्यक्ति, घर वा घरपरिवारको भोग चलन वा नियन्त्रणमा रहेको घर, जग्गामा र सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको हकमा सम्वन्धित निकायको प्रमुखलाई पूर्व सूचना दिई मनासिव माफिकको समयमा प्रवेश गर्ने,

(ख) पुनः विवरण, लगत, सूचना र तथ्याङ्क उपलव्ध गराउन सूचना दिने,

(ग) यो ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने विवरण, लगत, सूचना र तथ्याङ्क सम्वन्धी कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिव माफिकको विश्वास भएमा निजसँग प्रश्न सोध्ने।

१८. <u>अनुमति प्रणाली सम्वन्धी व्यवस्था</u>ः (१) कुनै सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था तथा निजी संस्थाले व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको कुनै विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्नु परेमा प्रदेश तथ्याङ्क कार्यालयवाट पूर्व स्वीकृति लिएर मात्र गर्नु पर्दछ।

तर निर्धारित तथ्याङ्क भनी तोकिएका तथ्याङ्कीय कार्यहरुका लागि यसले बाधा पुगेको मानिने छैन।

(२) उपदफा (१) वमोजिम विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्न चाहनेले सङ्कलन गर्नुको उद्देश्य, कार्यक्षेत्र, तथ्याङ्कीय विधि, आर्थिक पक्ष सहित तोकिएको ढाँचाको विस्तृत विवरण कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वमोजिमको विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्न मनासिव देखिएमा कार्यालयले स्वीकृति दिनेछ। त्यसरी स्वीकृति दिँदा कार्यालयले विवरण, लगत, सूचना र तथ्याङ्क सङ्कलन गर्दा अपनाउनु पर्ने प्रणाली र आवश्यक देखिएका अन्य शर्तहरु समेत तोकिदिन सक्नेछ।

(४) अनुसन्धान, परामर्श तथा अन्य यस्तै प्रकृतिका तथ्याङ्कीय कार्य गर्ने निजी क्षेत्रका संस्थाहरु प्रदेश सरकारबाट तोकिएको निकायमा दर्ता भएको हुनु पर्नेछ।

(५) प्रदेश तथा स्थानीयस्तर बाहेक स-साना अध्ययन, सर्वेक्षण, गणनाहरु तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) मा उल्लेख भएको अनुमति प्रणाली सम्बन्धी कार्यहरु गर्न कार्यालयले आवश्यकता हेरी आफू मातहतका निकायमा अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

१९. <u>तथ्याङ्क प्रकाशन वा प्रयोग गर्नु अघि प्रमाणित गराउनु पर्ने</u>: दफा १६ को उपदफा (१) वमोजिम सङ्कलन गरिएको विवरण, लगत, सूचना र तथ्याङ्क प्रयोगमा ल्याउनु वा प्रकाशन गर्नु अघि कार्यालयवाट प्रमाणित गराउनु पर्नेछ।

तर निर्धारित तथ्याङ्कको कार्य गर्ने भनी तोकिएका निकायबाट प्राप्त विवरण, लगत, सूचना र तथ्याङ्कको हकमा यो दफा लागू हुने छैन।

२०. <u>गोपनियता सम्वन्धी व्यवस्था</u>: (१) दफा १६ वमोजिम सङ्कलन गरिएका कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाका कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस, विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) अथवा तिनका कुनै अंश सामूहिक तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ।

(२) दफा १६ वमोजिम सङ्कलन गरिएका कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको प्राप्त कुनै व्यक्तिगत तथा ईकाईगत

विवरण, लगत, खवर, तथ्याङ्क, कम्प्युटर तथ्याङ्क आधार (डाटावेस), विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्डस्) अथवा तिनका कुनै अंश उपलव्ध गराउने व्यक्ति वा निजद्वारा अधिकार प्राप्त प्रतिनिधिको लिखित स्वीकृति विना कार्यालयका तथ्याङ्कशास्त्री वाहेक अरु कसैलाई देखाउन वा प्रकाशित गराउन पाईने छैन।

(३) कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थावाट प्राप्त कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस, विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्डस्) अथवा तिनका कुनै पनि अंश कुनै पनि अदालतमा प्रमाणको रुपमा पेश गरिने छैन।

तर यो ऐन अन्तर्गत मुद्धा चलाउने प्रयोजनका लागि मात्र त्यस्तो विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस, विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्डस्) अदालतमा पेश गर्नमा उपदफा (२) ले वाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-६
## निर्धारित तथ्याङ्क प्रणाली

२१. निर्धारित तथ्याङ्क प्रणाली सम्बन्धी व्यवस्था :(१) निर्धारित तथ्याङ्क प्रणाली प्रदेशको समष्टिगत प्रदेश तथ्याङ्क प्रणालीको अभिन्न अङ्ग हुनेछ |

(२) प्रदेशमा प्रमुख सरकारी तथ्याङ्क कार्यालयको रुपमा प्रदेश तथ्याङ्क कार्यालय र निर्धारित तथ्याङ्कीय कार्य गर्ने भनी तोकिएका अन्य सरकारी निकाय, स्थानीय तह तथा सार्वजनिक संस्थाहरु निर्धारित तथ्याङ्क कार्यालयको रुपमा रहनेछन्।

(३) प्रदेश ऐन, स्थानीय सरकारको ऐन, सरकारी निकाय तथा सार्वजनिक संस्थाको तत्सम्वन्धी कुनै संघीय ऐनमा तथ्याङ्कीय कार्य प्रयोजनको स्पष्ट व्यवस्था भएको हकमा ऐनले तोकिदिएको हदसम्मलाई निर्धारित तथ्याङ्क कार्य भनी बुझिनेछ।

(४) उपदफा (३) वा दफा १९ वा परिषद्को निर्णय वमोजिम तोकिएका तथ्याङ्कीय कार्यसँग सम्वन्धित विषयको अन्तिम प्रकाशनको जिम्मेवारी सम्वन्धित निकायको हुनेछ।

## परिच्छेद - ७

## <u>कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्) सम्वन्धी व्यवस्था</u>

२२. <u>कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्) को प्रयोग</u>ः (१) प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध प्रदेश तथ्याङ्क कार्यालय, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था बीच कुनै विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) तोकिए बमोजिम कम्प्युटर नेटवर्कको माध्यमवाट एक आपसमा उपलव्ध गराउन सकिनेछ।

(२) कम्प्युटर प्रणालीमा भएका सबै प्रकारका विवरण, लगत, सूचना, तथ्याङ्कको आधिकारिकता तोकिए वमोजिम हुनेछ।

२३. <u>कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को उत्पत्तिकर्ताको सम्प्रेषणका आधार</u>ः(१) उत्पत्तिकर्ता आफैले कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्प्रेषण गरेको भएमा,

(३) कम्प्युटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को सम्वन्धमा आवश्यक कार्य गर्न उत्पत्तिकर्ताको तर्फवाट अख्तियारी प्राप्त गरेको व्यक्तिले त्यस्तो कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्प्रेषण गरेको भएमा,

(४) उत्पत्तिकर्ता र प्राप्तिकर्ताका तर्फवाट स्वचालित रुपमा सञ्चालन गरी कार्यक्रम वनाईएको कुनै कम्प्यूटर सूचना प्रणाली वा कम्प्यूटर नेटवर्कवाट त्यस्ता कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्प्रेषण गरिएको भएमा,

(५) कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) को उत्पत्तिकर्ताको अन्य आधार तोकिए वमोजिमको हुनेछ।

२४. <u>कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्डस्) प्राप्ति स्वीकारका आधार</u>ः कम्प्यूटर डाटावेस तथा विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) प्राप्ति स्वीकारका आधार तोकिए वमोजिमको हुनेछ।

२५. <u>प्रशोधित, अर्ध प्रशोधित तथा कोरा तथ्याङ्कको विक्री वितरण</u>ः (१) प्रदेश तथ्याङ्क कार्यालयले आफ्नो कुनै प्रशोधित, अर्ध प्रशोधित तथा कोरा अवस्थामा रहेका तथ्याङ्कहरु पुरै वा आंशिक रुपमा व्यक्तिगत तथा ईकाईगत एवम् तोकिए बमोजिमको गोपनियता सतर्कता अपनाई ईलेक्ट्रोनिक डिभाईसेसका माध्यमवाट विक्री वितरण गर्न सक्नेछ।

(२) यसरी विक्री वितरण गरिएका तथ्याङ्कको सर्वाधिकार प्रदेश तथ्याङ्क कार्यालयमा सुरक्षित रहनेछ।

(३) निर्धारित तथ्याङ्कीय कार्य गर्ने भनी तोकिएका निकायको हकमा प्रशोधित, अर्ध प्रशोधित तथा कोरा तथ्याङ्क तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-८
## सजाय, मुद्दा हेर्ने अधिकारी तथा पुनरावेदन

२६. सजायः (१) दफा १६ को उपदफा (१) र (५) वमोजिम कुनै व्यक्तिगत तथा ईकाईगत विवरण, लगत, सूचना, तथ्याङ्क दिनुपर्ने कर्तव्य भएको कुनै व्यक्ति वा संस्थाले देहायको कसुर गरेमा त्यस्तो प्रत्येक कसुरका लागि रु. एक लाखसम्म जरिवाना हुनेछः-

(क) जानी जानी त्यस्तो विवरण, लगत, सूचना, तथ्याङ्क तोकिएको म्याद भित्र नदिएमा वा दिन ईन्कार गरेमा,

(ख) जानी जानी कुनै झुट्टा विवरण, लगत, सूचना, तथ्याङ्क दिएमा।

तर यस उपदफा अन्तर्गत सजाय हुने कसुर जो कोहीले गरेकोमा सो कसुर भएको कुरा आफूलाई थाहा नभएको वा कसुर रोक्न आफूले सकभर उचित प्रयत्न गरेको यथेष्ट प्रमाण पेश गर्न सकेमा यस उपदफा अन्तर्गत मुद्धा चलाउन वाध्य मानिने छैन।

(२) यस ऐनको दफा १८ वमोजिम प्रदेश तथ्याङ्क कार्यालयको स्वीकृति बिना कुनै निजी संस्थागत अनुसन्धान, परामर्श तथा अन्य यस्तै प्रकृतिका तथ्याङ्कीय प्रयोजनका संस्थाहरुले कुनै व्यक्ति, घर, घरपरिवार, सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, निजी संस्थाको विवरण, लगत, सूचना, तथ्याङ्क सङ्कलन तथा प्रकाशन गरेमा रु. बीस हजारसम्म जरिवाना हुनेछ।

(३) आफ्नो जिम्मामा रहेको विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्यूटर तथ्याङ्क आधार (डाटावेस), विद्युतीय अभिलेखहरु (इलेक्ट्रोनिक रेकर्ड) लापरवाही वा जानी-जानी नष्ट गरेमा वा अन्य किसिमवाट त्यसमा नोक्सानी पुर्‍याएमा वा दफा २० को व्यवस्थाको बर्खिलाप हुने गरी कार्य गरेमा वा उपलव्ध भएको विवरण, लगत, सूचना, तथ्याङ्क, कम्प्यूटर डाटावेस, विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) अनधिकृत कामका लागि प्रयोग गरेमा प्रदेश तथ्याङ्क कार्यालय र यस अन्तर्गतका कुनै पनि तहका कर्मचारी अथवा प्रदेश तथ्याङ्क कार्यालयले कुनै खास कामका लागि करारमा नियुक्त गरेका व्यक्ति समेतलाई रु. एक लाखसम्म जरिवाना हुनेछ।

(४) कुनै व्यक्तिले कसैलाई यो ऐन अन्तर्गत दिइएको कुनै आदेश वा सूचनाको पालना नगर्नु भनी वा प्रदेश तथ्याङ्क कार्यालयका तथ्याङ्कशास्त्री वा कुनै अधिकार प्राप्त अधिकृतले कानून वमोजिम मागिएको कुनै विवरण, लगत, सूचना, तथ्याङ्क नदिनु वा उपलव्ध नगराउनु भनी प्रचार प्रसार गरेमा निजलाई रु. बीसहजार सम्म जरिवाना हुनेछ।

(५) यस ऐनको दफा २५ को उपदफा (१) को कम्प्युटर डाटावेस, विद्युतीय अभिलेख (इलेक्ट्रोनिक रेकर्ड) सम्वन्धी व्यवस्थामा भएको शर्त विपरित कसैले इलेक्ट्रोनिक्स डिभाइसेसमा उपलव्ध गराईएको प्रशोधित, अर्ध प्रशोधित तथा कोरा तथ्याङ्कको अनाधिकृत कपी गरेमा, विक्री वितरण गरेमा निजलाई रु तीस हजारसम्म जरिवाना हुनेछ।

२७. मुद्धा हेर्ने अधिकारः (१) यस ऐन अन्तर्गत दफा २६ को उपदफा (१), (२), (३), (४) र (५) को कसूरका सम्वन्धमा कारवाही र सजाय गर्ने अधिकार प्रदेश तथ्याङ्क कार्यालयको तथ्याङ्कशास्त्रीलाई हुनेछ।

(२) उपदफा (१) वमोजिम तथ्याङ्कशास्त्रीले गरेको निर्णय उपर *जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

२८. प्रदेश सरकार वादी हुनेः यस ऐन अन्तर्गतको मुद्दामा प्रदेश सरकार वादी हुनेछ।

## परिच्छेद-९

## विविध

२९. अवधारणा सम्वन्धमाः प्रदेश तथ्याङ्क प्रणालीमा आवद्ध प्रदेश तथ्याङ्क कार्यालय तथा स्थानीय तहको तथ्याङ्क सम्वन्धी कार्य, अन्य सरकारी निकाय, सार्वजनिक संस्थाहरुको कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा तथ्याङ्कको अवधारणागत कठिनाई देखिएमा प्रदेश तथ्याङ्क कार्यालयको निर्णय अन्तिम हुनेछ।

३०. करारमा सेवा लिन सकिनेः (१) प्रदेश तथ्याङ्क कार्यालयले कुनै गणना, सर्वेक्षण वा अन्य तथ्याङ्कीय कार्यका लागि प्रचलित कानून बमोजिम सेवा करार लिन सक्नेछ।

(२) यस ऐन अन्तर्गत भएको व्यक्ति करार सेवाले अन्य प्रदेश ऐनलाई वाधा पुऱ्याएको मानिने छैन।

(३) उपदफा (१) वमोजिम नियुक्त व्यक्तिको पारिश्रमिक तथा अन्य सुविधा र सेवाको शर्त प्रदेश सरकारले तोके वमोजिमको हुनेछ।

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

३१. <u>सुविधा दिन सक्ने</u>ः (१) प्रदेश सरकारले तथ्याङ्कको कुनै खास कामका निमित्त संलग्न कर्मचारीलाई तोकिए बमोजिमको रकम थप सुविधाको रुपमा र बढी समय काम लगाउनु परेमा प्रचलित कानून वमोजिम सुविधा उपलब्ध गराउन सक्नेछ।

(२) प्रदेश सरकारले कुनै तथ्याङ्क काममा खटिएको कर्मचारीलाई निजले प्रचलित कानून अनुसार पाउने दैनिक भत्तामा तोकिए बमोजिमको रकम थप दिन सक्नेछ।

३२. <u>प्रकाशन विक्री वितरण व्यवस्थाः</u> कार्यालयले आफ्नो प्रकाशन तोकिए वमोजिम विक्री वितरणको व्यवस्था मिलाउनेछ।

३३. <u>तथ्याङ्क सङ्कलन कार्यमा संलग्न कर्मचारी र उत्तरदाता सम्वन्धमा</u>ः तथ्याङ्क सङ्कलन कार्यमा संलग्न कर्मचारी र उत्तरदाता वीचको सम्वन्ध तिनीहरुको कर्तव्य तथा अधिकार  तोकिए वमोजिम हुनेछ।

३४. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>ः दफा २७ को उपदफा (१) बमोजिम तथ्याङ्कशास्त्रीलाई भएको अधिकार प्रदेश सरकारले प्रदेश राजपत्रमा प्रकाशित गरी कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ।

३५. <u>आदेश तथा सूचनामा प्रश्न उठ्न नसक्ने</u>ः यो ऐनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी दिएको कुनै आदेश वा सूचनाको सम्वन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन।

३५क.[+]<u>असल नियतले गरेको कामको बचाउः</u> यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तथ्याङ्क सम्बन्धी काम गर्दा सो काममा खटिएका कर्मचारीले असल नियतले गरेको कुनै कार्यबाट प्रचलित कानून बमोजिम कुनै कसूरजन्य काम हुन गएमा त्यस्तो कर्मचारीलाई कुनै सजाय गरिने छैन।

३६. <u>नियम वनाउने अधिकार</u>ः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम तथा नियमावलीहरु बनाउन सक्नेछ।

३७. <u>निर्देशिका तथा कार्यविधिः</u> तथ्याङ्क सङ्कलन, प्रकाशन तथा वितरण सम्वन्धी काम कारवाहीलाई प्रक्रियागत ढङ्गवाट मितव्ययी रुपमा सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

३८. <u>बचाउ</u>ः यस अघि भएका तथ्याङ्क सम्वन्धी कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ।

[+] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा थप गरिएको

# प्रदेश भवन ऐन, २०७५

प्रमाणीकरण मिति २०७५/१२/१४

**संशोधन गर्ने ऐन**

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८।०९।०१

[×] .......

## भवन निर्माण कार्यलाई व्यवस्थित एवम् नियमित गर्ने सम्बन्धमा बनेको ऐन

प्रस्तावना: सरकारी तथा निजी भवनको निर्माण कार्यलाई व्यवस्थित र नियमित गरी भूकम्पीय जोखिम वहन गर्ने क्षमताको विकास, यसबाट हुने भौतिक तथा मानवजन्य क्षतिको न्यूनीकरण लगायत भूकम्प, आगलागी, बाढी, पहिरो, आँधीहुरी जस्ता प्राकृतिक तथा मानव सिर्जित विपद्बाट भवनलाई यथा संभव सुरक्षित राख्न, राष्ट्रिय भवन संहिता बमोजिम भवनको नक्शा स्वीकृती तथा नियमन गर्न र सो विपरित बनेका भवनलाई कानूनी दायरामा ल्याउन वाञ्छनीय भएकाले,

[⊛]लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "[×]....प्रदेश भवन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको शहरी विकास तथा भवन कार्यालय सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएका गाउँपालिका सम्झनुपर्छ।

(ग) "नक्सा" भन्नाले भवन निमाण सम्बन्धी सम्पूर्ण रेखाचित्र, विवरण र अन्य कागजपत्र सम्झनुपर्छ।

(घ) "नगरपालिका" भन्नाले प्रचलित कानून बमोजिम गठन भएका नगरपालिका सम्झनुपर्छ र सो शब्दले महानगरपालिका र उप-महानगरपालिका समेतलाई जनाउँछ।

---

[×] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

[⊛] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधन

(ङ) ⊕"प्रचलित कानून" भन्नाले नेपालको संविधान, सो संविधान अन्तर्गत बनेका ऐन तथा नियम र त्यस्तो ऐनले दिएको अधिकार अन्तर्गत बनेका नियम, निर्देशिका, कार्यविधि समेतलाई सम्झनुपर्छ।

(च) "भवन" भन्नाले आवासीय, औद्योगिक, व्यापारिक, सरकार तथा अन्य क्षेत्रका कार्यालय, शिक्षण संस्था, सभागृह, अस्पताल, शीत भण्डार, गोदाम घर वा अन्य कुनै प्रयोगका लागि बनेका कुनै भौतिक संरचना सम्झनुपर्छ र सो शब्दले त्यस्ता संरचनाका कुनै भागलाई समेत जनाउँछ।

(छ) "भवन निर्माण" भन्नाले नयाँ भवन बनाउनु, पुराना भवन भत्काई पुनःर्निर्माण गर्नु, तला थप गर्नु, मोहोडा फेर्नु वा साविकका भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउन वा सोसंग सम्बन्धित अन्य कार्य सम्झनुपर्छ।

(ज) "भवन संहिता" भन्नाले नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनुपर्छ।

(झ) ⊕"मन्त्रालय" भन्नाले प्रदेश सरकारको भवन पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय भन्ने सम्झनुपर्छ।

(ञ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको भवन निर्माण व्यवस्था सुदृढीकरण समिति सम्झनुपर्छ।

(ट) "सरकारी निकाय" भन्नाले प्रदेश सरकारका मन्त्रालय, सचिवालय, निर्देशनालय तथा कार्यालय सम्झनुपर्छ र सो शब्दले प्रचलित कानून बमोजिम गठन भएका आयोग, परिषद् र समिति समेतलाई जनाउँछ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. **भवन निर्माण व्यवस्था सुदृढीकरण समितिको गठनः** (१) भवन निर्माण सम्बन्धी व्यवस्थालाई सुदृढीकरण गर्नका लागि प्रदेश सरकारले भवन निर्माण व्यवस्था सुदृढीकरण समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) सचिव, *......मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि, प्रदेश योजना आयोग -सदस्य

(ग) ⊕प्रतिनिधि, प्रदेश सरकारको कानून हेर्ने मन्त्रालय -सदस्य

---

⊕ प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा झिकिएको

(घ) *प्रतिनिधि, प्रदेश सरकारको आन्तरिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ङ) *प्रतिनिधि, प्रदेश सरकारको गुणस्तर सम्बन्धी विषय हर्ने मन्त्रालय -सदस्य

(च) प्रदेश भित्र रहेका ईञ्जिनियरिङ्ग क्याम्पसका प्रमुख वा प्राध्यापक मध्येवाट मन्त्रालयले तोकेको एक जना -सदस्य

(छ) भवन निर्माण सम्बन्धमा विशेष ज्ञान भएका व्यक्तिहरुमध्ये मन्त्रालयले मनोनित गरेको एक जना महिला सहित बढीमा तीन जना व्यक्तिहरु -सदस्य

(ज) महाशाखा प्रमुख, आवाश, भवन तथा शहरी विकास सम्वन्धी कार्य हेर्ने, *मन्त्रालय -सदस्य सचिव

(३) समितिले आवश्यक देखेमा सम्बन्धित स्वदेशी वा विदेशी विशेषज्ञ वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम विदेशी विशेषज्ञलाई आमन्त्रण गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृती लिनुपर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) भूकम्प, आगलागी तथा अन्य विपद्बाट भवनमा पर्न सक्ने क्षतिलाई यथासम्भव कम गर्न भवन निर्माण कार्यलाई नियमित गराउने,

(ख) भवन निर्माण कार्यलाई नियमित गराउन नेपाल सरकारबाट स्वीकृत भवन संहिता कार्यान्वयन गराउने,

(ग) भवन निर्माण सम्बन्धी प्रकृया वा प्रविधिको विकास गर्न आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(घ) भवन संहितामा उल्लिखित मापदण्ड अनुरुप नक्शा स्वीकृत भए वा नभएको सम्बन्धमा जाँचबुझ गराउने,

(ङ) भवन निर्माणसँग सम्बन्धित स्वदेशी वा विदेशी निर्माण सामग्रीको गुणस्तर निर्धारण गर्न प्रदेश भित्र गुणस्तर सम्बन्धी कार्य हेर्ने निकायलाई सिफारिश गर्ने,

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(च) भवन संहिताको कार्यान्वयनमा देखापरेका समस्याहरुलाई समयानुकूल सुधार गर्नका लागि सुझाव पेश गर्न सम्बन्धित निकायका प्राविधिक विशेषज्ञ तथा कर्मचारीहरु समेत संलग्न गराई सभा वा गोष्ठी गर्ने, गराउने,

(छ) भवन संहिताको उपयोगिता सम्बन्धमा सर्वसाधारणलाई विभिन्न माध्यमद्वारा जानकारी गराउने,

(ज) यस ऐनको उद्देश्य अनुकूल हुनेगरी आवश्यक अन्य काम गर्ने, गराउने।

५. <u>समितिको बैठक र निर्णय</u> : (१) समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगाडि समितिका सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितका सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिका अध्यक्षले र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(६) समितिको प्रत्येक बैठकमा उपस्थित सदस्यहरुको नाम, छलफल भएका विषयवस्तु र बैठकमा भएका निर्णयहरु उपस्थित सदस्यहरुको सहीछाप गराई राख्नु पर्नेछ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>उपसमिति गठन गर्नसक्ने</u>: (१) समितिले आफूले गर्नुपर्ने कुनै काम गर्न गराउन आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ व्यक्तिहरु समेत रहेका उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार समितिले तोकिदिए बमोजिम हुनेछ।

७. <u>बैठक भत्ता</u>: समिति तथा दफा ६ बमोजिम गठित उप समितिका सदस्यहरु र आमन्त्रित व्यक्तिहरुले बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता पाउने छन्।

## परिच्छेद-३
## भवनको वर्गीकरण तथा डिजाइन नक्शा स्वीकृती सम्वन्धी व्यवस्था

८. **भवनको वर्गीकरण :** भवन संहिता कार्यान्वयन गर्ने प्रयोजनका लागि भवनलाई देहाय बमोजिम चार वर्गमा वर्गीकरण गरिनेछ:

(क) "क" वर्गका भवन : विकसित मुलुकमा *प्रचलित भवन संहिता समेतको अनुशरण गरी इण्टरनेशनल स्टेट अफ् आर्टमा आधारित हुनेगरी बनाइने अत्याधुनिक भवन।

(ख) "ख" वर्गका भवन : प्लीन्थ एरिया एक हजार वर्गफीट भन्दा बढी, भुईंतला सहित तीन तलाभन्दा बढी वा स्टक्चरल स्पान चार दशमलव पाँच (४.५) मीटर भन्दा बढी भएका भवन।

(ग) "ग" वर्गका भवन : प्लीन्थ एरिया एक हजार वर्गफीटसम्म, भुईतला सहित तीन तलासम्म वा स्ट्रक्चरल स्पान चार दशमलव पाँच (४.५) मीटरसम्म भएका भवन।

(घ) "घ" वर्गका भवनः खण्ड (क), (ख) र (ग) मा लेखिएदेखि बाहेकका काँचो वा पाको ईटा, ढुङ्गा, माटो, बाँस, खर आदि प्रयोग गरी दुई तलासम्म बनाइने साना घर, छाप्रा।

९. **भवन संहिता अनुरुप भवन निर्माण गर्नु पर्ने:** कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्दा भवन संहितामा तोकिएको स्तर अनुरुप बनाउनु पर्नेछ। त्यसरी भवन निर्माण गर्दा सो भवनको नक्सा र डिजाइन जुन स्तरका डिजाइनकर्ता, इञ्जिनियर वा आर्किटेक्टबाट प्रमाणित गराइएको हो कम्तीमा सोही स्तरका डिजाइनकर्ता वा निजका प्रतिनिधि, इञ्जिनियर वा आर्किटक्टको रेखदेखमा निर्माण गर्नुपर्नेछ।

१०. **भवनका डिजाइन तथा नक्शा स्वीकृती सम्बन्धी व्यवस्था M** (१) नगरपालिका वा गाउँपालिका क्षेत्रभित्र दफा ८ मा उल्लिखित (क), (ख) वा (ग) वर्गका भवन निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानून बमोजिम स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिका समक्ष दरखास्त दिँदा नक्शा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश गरिएका भवनका नक्शा र डिजाइन भवन संहिता अनुरुप भएको व्यहोरा देहायका व्यक्तिबाट प्रमाणित गराएको हुनुपर्नेछ:

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित

(क) दफा ८ मा उल्लिखित (क) र (ख) वर्गका भवनका हकमा सम्बन्धित नेपाल इञ्जिनियरिङ्ग परिषद्मा दर्ता भएका डिजाइनकर्ताबाट,

(ख) दफा ८ मा उल्लिखित (ग) वर्गका भवनका हकमा मान्यताप्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा आर्किटेक्ट विषयमा कम्तीमा प्रमाणपत्र तह उत्तीर्ण गरेका व्यक्तिबाट।

११. <u>मापदण्ड विपरीत नक्सा स्वीकृत गर्न नहुने</u>: (१) गाउँपालिका वा नगरपालिकाले भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुनेगरी नक्शा स्वीकृत गर्नहुँदैन।

(२) गाउँपालिका वा नगरपालिकाले भवन संहिता बमोजिम नक्सा स्वीकृत गरे नगरेको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा कुनै गाउँपालिका वा नगरपालिकाले भवन संहिता विपरीत हुनेगरी नक्शा स्वीकृत गरेको देखिएमा कार्यालयले सोको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदन छानबिन गर्दा मनासिब देखिएमा समितिले भवन संहिता बमोजिम नक्शा स्वीकृत गराउन सम्बन्धित गाउँपालिका वा नगरपालिकामा लेखी पठाउनेछ।

(५) उपदफा (४) बमोजिम लेखी आएमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पनि सो बमोजिम नक्शा स्वीकृत गर्नुपर्नेछ।

१२. <u>भवन निर्माणको सुपरिवेक्षण गर्नसक्ने</u> : (१) कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्र भित्रको हकमा नगरपालिकाले र गाउँपालिका क्षेत्र भित्रको हकमा गाउँपालिकाले सुपरिवेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षण गर्दा नगरपालिका वा गाउँपालिकाले कुनै भवनको निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप भएको नपाईएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालन गर्नु सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुनेछ।

(३) उपदफा (१) वमोजिम सुपरीवेक्षण गर्दा आवश्यकता अनुसार सम्बन्धित कार्यालयलाई समेत आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-४

## सजाय र पुनरावेदन

१३. **सजाय:** (१) कसैले यस ऐन बमोजिम नक्शा स्वीकृत नगराई वा त्यस्ता स्वीकृत नक्शा वा भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुनेगरी भवन निर्माण गरेमा नगरपालिका क्षेत्र भित्रका हकमा नगरपालिकाले र गाउँपालिका क्षेत्र भित्रका हकमा गाउँपालिकाले त्यस्ता निर्माण कार्य तुरुन्त रोक्न आदेश दिन सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम नक्शा स्वीकृत नगराई वा त्यस्ता स्वीकृत नक्शा वा भवन संहितामा उल्लिखित मापदण्ड विपरीत हुनेगरी भवन निर्माण गरेमा गाउँपालिका वा नगरपालिकाले त्यस्ता भवन वा त्यसको कुनै भाग भत्काउन आदेश दिइ त्यस्तो कार्य गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिका वा गाउँपालिकाले निर्मित भवनको कुनै भाग भत्काउन आदेश दिएकोमा सो भाग नभत्काएसम्म त्यस्तो सम्पत्ति कसैलाई पनि कुनै व्यहोराले हक छाडी दिन वा धितो बन्धकी दिन नपाउने गरी रोक्का राख्न, त्यस्ता निर्माण भएका भवनमा धारा, बिजुली, टेलिफोन आदि वितरण गर्न नलगाउन तथा वितरण गरिसकेको भए पनि त्यस्ता धारा, बिजुली, टेलिफोन आदिका लाइन काट्न समेत नगरपालिका वा गाउँपालिकाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ र सम्बन्धित कार्यालयले पनि लेखी आए बमोजिम गरी दिनु पर्नेछ।

१४. **पुनरावेदन** : (१) दफा १३ को उपदफा (२) बमोजिम नगरपालिका वा गाउँपालिकाले दिएको आदेशमा चित्त नबुझ्नेले त्यस्ता आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै भवन वा त्यसको कुनै भाग भत्काउन आदेश भएमा त्यस्ता आदेश उपर उपदफा (१) बमोजिम पुनरावेदन परेकोमा जिल्ला अदालतबाट त्यस्तो भवन वा त्यसका कुनै भाग भत्काउने गरी निर्णय भएका मितिले पैंतीस दिनभित्र र पुनरावेदन नपरकोमा पुनरावेदन गर्न म्याद नाघेका मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायले त्यस्ता भवन वा त्यसको कुनै भाग भत्काउन पर्नेछ।

(३) उपदफा (२) बमोजिमका म्यादभित्र सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायले त्यस्तो भवन वा त्यसका कुनै भाग नभत्काएमा नगरपालिका वा गाउँपालिकाले नै त्यस्तो भवन वा त्यसको कुनै भाग भत्काउन सक्नेछ र त्यसरी भत्काउँदा लागेको खर्च सम्बन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

(४) उपदफा (३) बमोजिम गाउँपालिका वा नगरपालिकाले भवन वा त्यसको कुनै भाग भत्काउँदा भरमग्दुर प्रयास गर्दागर्दै पनि भत्काउन पर्ने भाग भन्दा बढी भाग

भत्किन गएमा नगरपालिका वा गाउँपालिका जवाफदेही हुनेछैन र त्यसरी भत्काउन पर्ने भन्दा बढी भाग भत्किन गइ क्षति पुग्न गए वापत सम्बन्धित व्यक्तिले क्षतिपूर्ति माग गर्न पाउने छैन।

१५. <u>सहयोग गर्नु पर्ने</u>: दफा १४ को उपदफा (३) बमोजिम गाउँपालिका वा नगरपालिकाले भवन वा त्यसको कुनै भाग भत्काउँदा कसैले बाधा विरोध गरेमा गाउँपालिका वा नगरपालिकाले स्थानीय प्रशासन तथा सम्बन्धित तहसँग सहयोग माग गर्न सक्नेछ र त्यसरी सहयोग माग भएमा सम्बन्धित निकायले गाउँपालिका वा नगरपालिकालाई आवश्यक सहयोग गर्नुपर्नेछ।

## परिच्छेद-५
## <u>विविध</u>

१६. <u>अधिकार प्रत्यायोजन</u>: दफा ३ बमोजिमको समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समिति वा दफा ६ बमोजिम गठित उपसमितिका सदस्यहरु, सरकारी निकाय, नगरपालिका वा गाउँपालिका वा शहरी विकास तथा भवन कार्यालयवा अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. <u>निर्देशन दिन सक्ने</u> : (१) प्रदेश सरकारले भवन संहिता कार्यान्वयन गर्ने सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकारले दिएको निर्देशन पालन गर्नु समितिको कर्तव्य हुनेछ।

१८. <u>नियम बनाउने अधिकार</u>: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

१९. <u>बचाउ</u> : यस ऐन बन्नु अघि प्रचलित कानून बमोजिम भएका काम कारवाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# बाल अधिकार तथा संरक्षण ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०२/२१

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन,२०७८

* ......

## बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः बालअधिकारको संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धन गर्दै समग्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवम् भावनात्मक विकास गर्न कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

*लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस ऐनको नाम *"बाल अधिकार तथा संरक्षण ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"अनाथ बालबालिका "** भन्नाले अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बुवाआमाबाट अलग्गिएका वा बुवाआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका, जबरजस्ती करणीबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी प्रचलित कानूनले तोकिएको स्थानमा निवेदन परी परिवारबाट अलग्गिएका बालबालिका, बुवा, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हीतको लागि परिवारबाट अलग गरिएका बालबालिका र विपद वा सशस्त्र द्वन्द्वका कारणले बुवा आमा दुवै गुमाएका बालबालिका सम्झनु पर्छ।

(ख) **"अल्पकालीन आवास गृह"** भन्नाले बेवारिसे, अपलत्र अवस्थामा फेलापरेका वालबालिकाका लागि पारिवारिक पुनर्मिलन नगराउँदासम्म वा आश्रयका लागि अर्को बिकल्प निर्धारण नहुन्जेलसम्मका लागि बालबालिकाको संरक्षण गर्ने

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको ।

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित ।

प्रयोजनको लागि स्थानीय तह वा स्थानीय तहको स्वीकृती लिई निजी क्षेत्रबाट सञ्चालित गृहलाई सम्झनु पर्छ।

(ग) **"आवधिक गृह"** भन्नाले बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनको लागि प्रदेश सरकारको वा स्थानीय तहको स्वीकृती लिई निजी क्षेत्रबाट सञ्चालित गृहलाई सम्झनु पर्छ।

(घ) **"आवासीय बालगृह"** भन्नाले दफा ३१ बमोजिम स्थापना भएको अल्पकालीन तथा दीर्घकालीन बाल गृह सम्झनु पर्छ।

(ङ) **"कसुरजन्य कार्य"** भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसुर सम्झनु पर्छ।

(च) **"दिशान्तर"** भन्नाले बालबालिकाले आपराधिक दायित्वको स्वीकार गरे पश्चात त्यस्ता बालबालिकालाई दण्ड सजाय दिन भन्दा तिनीहरुलाई सुधारका लागि अपनाइने अन्य विकल्पलाई सम्झनु पर्छ।

(छ) **"दीर्घकालीन आवास गृह"** भन्नाले बेवारिसे, अपलत्र अवस्थामा फेलापरेका बालबालिकाका लागि बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि प्रदेश सरकारले वा प्रदेश सरकारको स्वीकृती लिई निजी क्षेत्रबाट सञ्चालित गृहलाई सम्झनु पर्छ।

(ज) **"न्यायिक निकाय"** भन्नाले प्रचलित कानून अनुसार न्यायिक फैसला गर्न अख्तियार प्राप्त निकाय सम्झनुपर्छ।

(झ) **"परिवार"** भन्नाले बालबालिकाका बुवा, आमा, दाजु, भाइ वा अविवाहित दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ।

(ञ) **"प्रादेशिक बाल अधिकार समिति"** भन्नाले दफा ४० बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ट) **"प्रारम्भिक बालविकास"** भन्नाले छ वर्ष मुनिका कुनै पनि बालबालिकालाई आफ्नो उमेर र विकास कोस्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्ने वातवरण तयार गर्न सञ्चालन गरिएका बालविकास केन्द्रलाई सम्झनु पर्छ।

(ठ) **"प्रोवेशन अधिकारी"** भन्नाले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयन स्थितिबारे प्रतिवेदन तयार गर्न प्रदेश सरकारले तोकेको व्यक्तिलाई सम्झनु पर्छ।

(ड) **"बालकल्याण अधिकारी"** भन्नाले बालबालिकाको हक अधिकार स्थापित तथा बाल संरक्षणका कार्य गर्न प्रचलित कानून बमोजिम स्थानीय तहमा नियुक्त अधिकारीलाई सम्झनु पर्दछ।

(ढ) **"बालकल्याण गृह"** भन्नाले बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि प्रदेश सरकारबाट प्रचलित कानून बमोजिम स्थापित भएको बालगृहलाई सम्झनु पर्छ।

(ण) **"बालकोष"** भन्नाले दफा ४५ बमोजिम स्थापना भएको कोष सम्झनु पर्छ।

(त) **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ।

(थ) **"बाल सुधार गृह"** भन्नाले दफा ३७ बमोजिम स्थापना भएको बाल सुधार गृह सम्झनु पर्छ।

(द) **"वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका"** भन्नाले दफा ३० बमोजिम संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनु पर्छ।

(ध) **"मन्त्रालय"** भन्नाले बालबालिका सम्बन्धी कार्य हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई सम्झनु पर्छ।

*(न) ..........................

## परिच्छेद -२

## बालबालिकाको बाँच्न पाउने अधिकार

३ बाँच्न पाउने अधिकार: (१) प्रत्येक बालबालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) प्रदेश सरकार र स्थानीय तहले बालबालिकाको सुरक्षित जन्म, बाँच्न पाउने अधिकार र बालबालिकाको विकासका लागि बालबालिकामाथि हुनसक्ने दुर्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गर्नेछन्।

४. नाम र पहिचानको अधिकार: (१) प्रत्येक बालबालिकालाई जन्मनासाथ आफ्नो पहिचान सहित नामकरणको अधिकार हुनेछ भने बुवा, आमा वा संरक्षकले उनीहरुको नाम राखी प्रचलित कानून वमोजिम जन्म दर्ता गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै लेखिएको भएतापनि जवरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट र विवाह गर्नु अघि नै जन्मिएका,

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको

बुवा पत्ता नलागेका बालबालिकाको हकमा आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो नाम, राष्ट्रियता र पारिवारिक सम्बन्धको आधारमा पहिचानको अधिकार हुनेछ।

## परिच्छेद -३

## बालबालिकाको संरक्षणको अधिकार

५ **उचित स्याहार, हेरचाह, पालनपोषणको अधिकारः** (१) कुनै पनि बालबालिकालाई बुवा आमासँगै बस्ने, बालमैत्री वातावरणमा हुर्कने र बाबु आमाबाट उचित स्याहार, हेरचाह, पालनपोषण, संरक्षण तथा माया ममता प्राप्त गर्ने अधिकार हुनेछ।

(२) कुनै पनि बालबालिकाको स्याहार, हेरचाह र पालन पोषणमा बाबु आमाको समान दायित्व हुनेछ।

६. **गोपनीयताको अधिकारः** (१) प्रत्येक बालबालिकालाई निजको जीउ, आवास, चरित्र, लिखत, तथ्याङ्क, ब्यक्तिगत सूचना, पत्राचार र सम्पत्तिमा गोपनीयताको अधिकार हुनेछ।

(२) कसैले पनि बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानि वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना, विवरण वा फोटो सृजना, सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन वा बिक्री वितरण गर्नु वा गराउनु हुँदैन।

(३) प्रहरी कार्यालय, अदालत, संरक्षक, अभिभावक वा अन्य कसैले कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारवाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ। बालबालिकाको कुनै विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन।

तर, यस्तो विवरण कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा बालबालिका र निजको परिवारको नाम, थर, घर ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी निज बालबालिका र परिवारको सहमति लिई प्रकाशन गर्न सकिनेछ।

७ **न्यायको अधिकारः**(१) कसुरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले प्रचलित कानूनको अधिनमा रही सो कुराको जानकारी बालबालिकाको परिवारका सदस्य, संरक्षक वा नजिकको नातेदारलाई दिई अनुसन्धान गर्न वा नियन्त्रणमा लिन सक्नेछ।

(२) बालबालिकालाई नियन्त्रणमा लिँदा उनीहरुको शारीरिक, बौद्धिक र मानसिक अवस्था र परिपक्वतालाई ख्याल गरी नियन्त्रणमा लिनु पर्नेछ र आवश्यक कानूनी वा परामर्श सेवा उपलव्ध गराउनु पर्नेछ।

(३) कसुरजन्य कार्यको आरोपमा नियन्त्रणमा लिएका बालबालिकालाई अनुसन्धान अवधिभर बालमैत्री निगरानी कक्षमा राख्नु पर्छ।

(४) सामान्यतया कुनै पनि बालबालिकालाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राखिने छैन र जमानत मागिने छैन।

तर, न्यायिक निकायबाट कसुरजन्य कार्यको आरोप लागेका बालबालिकालाई कारण खुलाई पुर्पक्षका लागि बाल सुधार गृहमा राख्न सकिनेछ।

(५) कसुरजन्य कार्यमा आरोपित बालबालिकाको हकमा बाल अनुकूल न्यायको हक सहित प्रचलित कानून अनुसार हुनेछ।

८. **भेदभाव विरुद्धको अधिकारः** कुनै पनि बालबालिकालाई वर्ग, जातजाति, लिङ्ग, भाषा, धर्म, राजनैतिक आस्था वा अन्य विचार, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, एच.आई.भी. संक्रमित, अशक्तता, वा जन्म जस्ता आधारमा उसका बुवाआमा, अभिभावक वा परिवारको आर्थिक वा सामाजिक हैसियतका आधारमा आत्मसम्मानमा ठेस पुग्नेगरी फरक व्यवहार र बालबालिकामा गर्भमा रहेदेखि, जन्म र हुर्काइका अवस्थामा तथा स्याहार सुसार, शिक्षा, स्वास्थ्य र सुरक्षा लगायतका पक्षमा भेदभाव विरुद्धको अधिकार हुनेछ।

## परिच्छेद -४
## बालबालिकाको विकासको अधिकार

९. **प्रारम्भिक बालविकास तथा शिक्षाको अधिकारः** (१) छ वर्ष मुनिका कुनै पनि बालबालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार खेलको माध्यम, वातावरणमा आधारित अनुभव र खोजमूलक ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक बाल विकासको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकाले आफ्नो शारीरिक तथा मानसिक अशक्तताका आधारमा उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधिमार्फत् शिक्षा पाउने हक हुनेछ।

(४) प्रत्येक बालबालिकालाई आधारभूत शिक्षा आफ्नो मातृभाषामा पाउने अधिकार हुनेछ।

१०. <u>पोषण एवम् स्वास्थ्यको अधिकारः</u> (१) प्रत्येक बालबालिकालाई उचित पोषण, शुद्ध खानेपानी तथा स्तनपानको अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा प्राप्त गर्ने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई स्वच्छ वातावरणमा बाँच्ने अधिकार हुनेछ।

(४) गर्भवती महिला, स्तनपान गराउने आमा र बालबालिकालाई रोगबाट बच्न आवश्यक खोपहरू लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी पाउने अधिकार हुनेछ।

(५) प्रत्येक बालबालिकालाई आधारभूत स्वास्थ्य सम्वन्धी उपचारको अधिकार हुनेछ।

११. <u>खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक अधिकारः</u> (१) प्रत्येक बालबालिकालाई निजको उमेर र रुचि अनुसारको खेल खेल्ने र खेलकूदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक अभिभावक तथा विद्यालयले पठनपाठन बाहेकको समयमा खेलकूदमा सहभागी हुन बालबालिकालाई प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकूदस्थल र खेलकूद सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो उमेर, रुचि र आवश्यकता अनुसार मनोरञ्जन गर्ने अधिकार हुनेछ।

(४) आफ्नो हीतमा प्रतिकूल नहुने गरी प्रत्येक बालबालिकालाई आफ्नो धर्म, संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरूप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ।

## परिच्छेद -५
## बालबालिकाको सहभागिताको अधिकार

१२. सूचना तथा सहभागिताको अधिकारः (१) प्रत्येक बाल बालिकालाई प्रचलित कानून बमोजिम आफ्नो तथा सार्वजनिक सूचनाको जानकारी पाउने अधिकार हुनेछ।

तर सूचना दिँदा उनीहरुको बौद्धिक अवस्था अनुकूल हुने गरी सरल भाषामा सहज रुपमा दिनु पर्छ।

(२) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफ्नो प्रत्यक्ष सरोकार रहेका र आफूलाई असर पार्ने विषयका निर्णयमा अर्थपूर्ण रुपमा सहभागी हुने अधिकार हुनेछ।

(३) उपदफा (२) बमोजिम निर्णयमा सहभागी हुँदा बालबालिकाले व्यक्त गरेको विचारलाई निजको उमेर र परिपक्वता अनुसार उचित स्थान दिनु पर्नेछ।

१३ बाबु आमासँग भेटघाट र सम्पर्क गर्ने अधिकारः (१) कुनै पनि बालबालिकालाई उसको सर्वोत्तम हितलाई ख्याल गरी बुवा वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन।

तर, बालबालिकाको अहीत गर्ने अभिभावकबाट बालबालिकालाई सुरक्षित राख्न न्यायिक निकायले आदेश दिन सक्नेछ।

(२) बालबालिकाको अहीत हुने भनी न्यायिक निकायले रोक लगाएको अवस्थामा बाहेक बुवा वा आमा वा दुवैसँग भिन्न वा अलग बसेको बालबालिकालाई बुवा आमासँग व्यक्तिगत सम्बन्ध कायम राख्न वा नियमित रुपमा प्रत्यक्ष सम्पर्क वा भेटघाट गर्ने, टेलिफोन गर्ने, पत्राचार गर्ने वा विद्युतीय सञ्चार माध्यमबाट सम्पर्क गर्ने अधिकार हुनेछ।

(३) कुनै बालबालिकाको बुवा वा आमा कानून बमोजिम थुना वा कैदमा रहेको कारण त्यस्तो बालबालिका बुवा वा आमाबाट अलग भएमा सम्बन्धित अधिकारीले बाल बालिकाको माग बमोजिम त्यस्तो बालबालिकालाई निजको बुवा वा आमा रहे बसेको स्थानको बारेमा जानकारी दिनु पर्नेछ।

(४) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने बालबालिकालाई निजको इच्छा अनुसार आफ्नो जन्मदिने बावु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

१४. अभिव्यक्ति स्वतन्त्रता, संस्था खोल्न र शान्ति पूर्वक भेला हुने अधिकारः (१) प्रत्येक बालबालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो विचार राख्ने अधिकार हुनेछ।

(२) प्रत्येक बालबालिकालाई बाल संरक्षण र बाल अधिकारको प्रचारप्रसार र प्रवर्द्धन लागि बाल क्लब वा संस्था खोल्ने अधिकार हुनेछ।

(३) प्रत्येक बालबालिकालाई आफ्नो सर्वाङ्गीण विकास, बाल संरक्षण र बाल अधिकारको प्रचारप्रसार र प्रवर्धनका लागि शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ।

## परिच्छेद -६

## बालबालिका प्रतिको दायित्व

१५. **बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः** (१) बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ।

(२) जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ।

(३) न्यायिक निकाय तथा अख्तियार प्राप्त व्यक्तिले बालबालिकाको दिगो वैकल्पिक हेरचाहसम्बन्धी व्यवस्था गर्दा, बालबालिकालाई बुवाआमा वा संरक्षकबाट अलग गर्नु पर्दा र बुवाआमाको सम्बन्ध विच्छेद भई छोराछोरीको हेरचाह तथा पालनपोषण कसले गर्ने भन्ने निर्णय गर्दा तोकिए बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

१६. **परिवार वा संरक्षकको दायित्वः** (१) बालबालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बुवा र आमा दुवैको समान दायित्व हुनेछ।

(२) बालबालिकालाई हेरचाह, पालनपोषण र संरक्षण गर्नु, शिक्षा, स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसर उपलब्ध गराउनु, माया ममतापूर्ण वातावरण सिर्जना गराउनु र सुनिश्चित भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बुवाआमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ।

(३) बुवाआमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनका लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बुवाआमा, परिवारका अन्य सदस्य वा संरक्षकले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक वा मानसिक विकासमा नकारात्मक असर पर्नेगरी काममा लगाउनु हुँदैन।

(५) बुवाआमा, परिवारका अन्य सदस्य वा संरक्षकले ६ वर्ष उमेर नपुगेका बालबालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन।

१७. <u>सञ्चार क्षेत्रको दायित्वः</u> बाल अधिकारको उल्लङ्घन र बालबालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

१८. <u>प्रदेश सरकारको दायित्वः</u> (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्नु प्रदेश सरकारको दायित्व हुनेछ।

(२) भौगोलिक विकटता, आर्थिक वा सामाजिक कारण, अपाङ्गता वा अन्य कुनै कारणले पछाडि परेका बालबालिकाका समग्र विकासको लागि प्रदेश सरकारले विशेष कार्यक्रम सञ्चालन गर्नेछ।

(३) बालबालिकाको हक हितको संरक्षण र प्रबर्द्धन गर्न तथा बालबालिकाको अधिकारको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

(४) तोकिएका वर्ग, समुदाय तथा क्षेत्रका बालबालिकाका लागि आवश्यकतानुसार विशेष शिक्षा, दूर शिक्षा र व्यावसायिक शिक्षा लगायत शिक्षासम्बन्धी अन्य उपयुक्त व्यवस्था प्रदेश सरकारले मिलाउन सक्नेछ।

(५) बालबालिकाको बाँच्न पाउने तथा संरक्षणको अधिकारको रक्षा र उनीहरुको विकास तथा अर्थपूर्ण सहभागिताको प्रबर्द्धनका निमित्त प्रदेश सरकारले संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नेछ।

१९. <u>स्थानीय तहको दायित्वः</u> बालबालिकाको हक अधिकारको संरक्षणका निमित्त स्थानीय तहको दायित्व देहाय बमोजिम हुनेछः

(क) बालबालिकाको तथ्याङ्क संकलन तथा अध्यावधिक गर्ने र बार्षिक रुपमा बालबालिकाको स्थितिपत्र प्रकाशन गर्ने,

(ख) बालमैत्री नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, त्यसको अनुगमन, मूल्याङ्कन गर्ने र बालमैत्री नगर वा गाउँपालिका निर्माण र कार्यान्वयन गर्ने,

(ग) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा दिगो विकासका लागि स्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने। बालबालिकालाई आकस्मिक सहयोग, राहत तथा पुनर्थापनाका लागि कोष खडा गर्ने,

(घ) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, लगायतका निकायहरुको सूचीकरण गर्ने, सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बाल अधिकारको सम्बर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने,

(ङ.) बालअधिकारको संरक्षण र सम्बर्द्धनका निमित्त घटना व्यवस्थापन प्रकृयालाई अवलम्बन गरी प्रभावकारी कार्यान्वयन गर्ने,

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजूरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् समन्वयकारी भूमिका निर्वाह गर्ने,

(छ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकताका विषयमा विशेष अभियान घोषणा गर्ने,

(ज) वैकल्पिक हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने,

(झ) बालबालिकाको हक अधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने।

## परिच्छेद - ७
## बाल संरक्षण, बैकल्पिक हेरचाह र पुनर्थापना

२०. दुर्व्यवहारबाट संरक्षणः (१) बालबालिकालाई कुनै किसिमको दुर्व्यवहार जन्य कार्य गर्नु हुँदैन।

(२) यौन तथा संवेदनशील अङ्गमा छुने वा यौन सम्बन्ध राख्ने यौन उद्योग वा प्रयास वा बलात्कार, अश्लील चित्र तथा अश्लील सामग्रीहरु प्रसारण समेत गर्नु हुँदैन।

२१. यातना, हिंसा तथा शोषणबाट संरक्षणः (१) कसैले पनि बालबालिकालाई संरक्षण, शिक्षा वा अनुशासनका नाममा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने, प्रत्यक्ष, विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने (बुलिङ्ग), कार्य गर्नु हुँदैन।

(२) कसैले पनि बालबालिकालाई राजनैतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम धर्ना वा जुलुसमा प्रयोग गर्नु हुँदैन।

(३) कुनै पनि बालबालिकालाई गैरकानूनी थुना, कैद, काराबास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने वा यातना दिने, क्रूर व्यवहार गर्ने, शारीरिक चोटपटक वा असर पुर्याउने, आतङ्कित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिनु हुँदैन।

(४) बालबालिकासँग सरोकार राख्ने बाहेकका अन्य र्‍याली, जुलुस, धार्मिक र्‍याली, सजावट वा स्वागत कार्यका लागि प्रयोग गर्नु हुँदैन।

(५) कसैले पनि बालबालिकालाई जादु वा सर्कसमा लगाउने, कसूरजन्य कार्य गर्न तालीम दिने वा सिकाउने वा त्यस्तो कार्यमा लगाउने जस्ता कार्य गर्नु हुँदैन।

२२. कुलत तथा लागू पदार्थबाट संरक्षणः (१) कसैले पनि बालबालिकालाई जुवा, तास जस्ता कुलतमा संलग्न गराउने, बालिगहरुका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने वा बालिगहरुका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्यदृष्य सामग्री आदि देखाउने कार्य गर्नु हुँदैन।

(२) बालबालिकालाई लागू औषध, धूम्रपान, मद्यपान वा मनोद्दीपक पदार्थको बिक्री वितरण, उपभोग वा ओसार पसार गर्ने वा गर्न लगाउने कार्य गर्नु हुँदैन।

२३. <u>अपाङ्गता भएका बालबालिकाको संरक्षणः</u> अपाङ्गता भएका प्रत्येक बालबालिकालाई आफ्नो आत्मसम्मान सुनिश्चित गर्ने, आत्म निर्भरता प्रवर्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्दै विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासका लागि शिक्षा, तालीम, स्वास्थ्य स्याहार सेवा, पुनःस्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका क्षेत्रमा विशेष संरक्षण प्रदान गरिनेछ।

२४. <u>आर्थिक शोषण तथा बालश्रमबाट संरक्षणः</u> तोकिएको भन्दा कम उमेरका बालबालिकालाई श्रममा लगाउन, श्रमशोषण गर्न तथा निषेधित काममा लगाउन, आर्थिक लाभ वा गैरकानूनी रूपमा मुनाफा कमाउने हेतुले श्रमिकका रूपमा काममा लगाउन र कमाउने साधनका रूपमा दुरूपयोग गर्न पाईने छैन।

२५. <u>परम्परागत हानिकारक अभ्यासबाट संरक्षणः</u> बालबालिकालाई भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेषधारण गर्न लगाउने, भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा धर्म, परम्परा, संस्कृति, रीतिरिवाजको नाममा कुनै प्रकारको हिंसा, विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउनु हुँदैन।

२६. <u>बाल विवाहबाट संरक्षणः</u> कुनै पनि बालबालिकाको विवाह गर्न वा गराउन पाईने छैन।

२७. <u>वेवास्ता, उपेक्षा र हेलचेक्राईबाट संरक्षणः</u> (१) कुनै पनि बालबालिकाको स्याहारसुसार र पालनपोषणमा बुवाआमा, अभिभावक वा स्याहारकर्ताका तर्फबाट कुनै वेवास्ता वा उपेक्षा गर्न पाईने छैन।

(२) बालबालिकाको जीवनमा तत्कालै वा दीर्घकालमा समेत समस्या आउनसक्ने अवस्थामा बालबालिकाबाट हुनसक्ने सम्भावित जोखिमपूर्ण, गैरकानूनी वा गलत गर्नबाट रोक्नु वा जोगाउनु पर्छ। यसका साथै पूर्वसचेत गर्ने खालको उचित मार्गदर्शन दिनु, बालबालिकालाई जोगाउन सम्भावित जोखिमलाई आँकलन गरेर सतर्कतापूर्ण कार्य गर्नु पर्छ।

२८. <u>बेचबिखन तथा अपहरणबाट संरक्षणः</u> कुनै पनि बालबालिकाको अङ्ग तस्करी, आर्थिक कारोबार वा आर्थिक फाइदाको प्रयोजनले गरिने धर्मपुत्र धर्मपुत्री लिने वा दिने प्रक्रिया समेतका लागि बालबालिकालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने, बन्धक बनाउनुका साथै फिरौती वा अन्य लोभमा अपहरण गर्ने र बन्धक बनाउने कार्य गर्न पाईने छैन।

२९. <u>सामाजिक सुरक्षाः</u> वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका लागि सामाजिक सुरक्षा सहित विशेष संरक्षणको व्यवस्था गरिनेछ।

३०. <u>वैकल्पिक हेरचाहको व्यवस्थाः</u> (१) तपसिल बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका मानिनेछ।

(क) अनाथ बालबालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बुवा आमाबाट अलग्गिएका वा बुवाआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बुवा आमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तरण प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बुवा वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणीबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बालअधिकार समिति वा न्यायिक निकाय वा तोकिएको अधिकारी वा प्रचलित कानूनले तोकिएको स्थानमा निवेदन परेका बालबालिका,

(छ) बुवा, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितका लागि परिवारबाट अलग गरिएको बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका, धुम्रपान, मद्यपान एवम् अन्य लागू औषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएका कारण जीवन जोखिममा रही बुवाआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाइ भएको बालबालिका,

(ञ) बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारबाट पीडित भएको वा त्यस्तो जोखिममा रहेको बालबालिका,

(ट) विपद वा सशस्त्र द्वन्द्वका कारणले बुवाआमा दुवै वा आमा बुवामध्ये एक गुमाएको वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएको वा अपाङ्गता भएको बालबालिका।

(२) उपदफा (१) बमोजिमका बैकल्पिक हेरचाहको आवश्यकता भएको बालबालिकाको संरक्षणको आवश्यक व्यवस्था प्रदेश सरकारले मिलाउनु पर्नेछ।

३१. <u>आवासीय बालगृहको</u> **(बाल अधिकार संरक्षण केन्द्र) स्थापना तथा संचालनः** (१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने प्रयोजनका लागि प्रदेश सरकारले आवश्यकतानुसार अल्पकालीन तथा दीर्घकालीन आवसीय बाल गृह (बाल अधिकार संरक्षण केन्द्र) को स्थापना गर्नेछ।

(२) उपदफा (१) मा उल्लेखित प्रयोजनको लागि कुनै व्यक्ति वा संस्थाले तोकिए बमोजिम प्रदेश सरकारबाट स्वीकृती लिई आवासीय बालगृह स्थापना तथा संचालन गर्न सक्नेछ।

तर, बालबालिका विरुद्धको हिंसा वा बालयौन दुर्व्यवहारको आरोप लागि आरोप प्रमाणित भएका वा नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय पाएको व्यक्तिले आवासीय बाल गृह स्थापना गर्न सक्नेछैन।

(३) उपदफा (२) बमोजिम स्थापना भएको आवासीय बाल गृहलाई प्रदेश सरकारले आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ।

(४) बालगृहको स्थापना, वर्गीकरण, व्यवस्थापन, सञ्चालन मापदण्ड र अनुगमन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

३२. <u>**आवासीय बालगृहमा राख्ने अवधिः**</u> बैकल्पिक स्याहारको आवश्यकता भएको बालबालिकाको उपयुक्त पुनःस्थापना नभएसम्म वा त्यस्तो बालबालिकाको उमेर अठार वर्ष नपुगेसम्म निजलाई आवासीय बाल गृहमा राखिनेछ।

३३. <u>**पुनर्मिलनको व्यवस्थाः**</u> आवासीय बालगृहमा रहेका बालबालिकाको बुबाआमा वा अभिभावक पहिचान भएमा र बालबालिकाको उच्चतम हित हुने देखिएमा स्थानीय तहसँगको समन्वय र सहकार्य मार्फत् पारिवारिक पुनर्मिलन गराउनु पर्नेछ। स्थानीय तहले बालबालिकाको पुनर्स्थापना आवश्यक सहयोग गर्नु पर्नेछ।

३४. <u>**पुनर्स्थापना तथा सामाजिक एकीकरण सम्वन्धी व्यवस्थाः**</u> आवासीय बालगृहमा रहेका बालबालिकाको पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण गर्ने दायित्व सम्बन्धित बालगृह वा बाल सुधारगृहको हुनेछ।

३५. <u>**संस्था प्रमुखको जिम्मेवारीः**</u> (१) बैकल्पिक हेरचाहको आवश्यकता भएको बालबालिकाको संरक्षणका साथै, हेरचाह तथा पालनपोषणको अन्तिम जिम्मेवारी संस्था प्रमुखको हुनेछ।

<u>**स्पष्टीकरणः**</u> यस दफाको प्रयोजनका लागि "संस्था प्रमुख" भन्नाले त्यस्तो बैकल्पिक हेरचाह गर्ने संस्थाको प्रमुख, कार्यकारी अधिकृत वा सो हैसियतमा काम गर्ने अध्यक्ष, प्रबन्ध निर्देशक वा संस्थाको नियमानुसार तोकिएका अन्य कुनै अधिकृत सम्झनुपर्छ।

(२) प्रचलित कानूनमा तोकिएको संरक्षकको दायित्व पूरा गर्ने व्यवस्था मिलाउनु संस्था प्रमुखको कर्तव्य हुनेछ।

(३) संरक्षकको जिम्मेवारी पाएको संस्थाले तोकिएको शर्त र प्रक्रिया विपरीत कार्य गरेमा त्यस्तो संस्थालाई प्रचलित कानूनले तोकेको बाल कल्याण अधिकारीले कुन शर्त उल्लंघन गरेको हो सोसमेत खुलाई बालबालिकाको संरक्षण कार्य गर्न रोक लगाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम रोक लगाइएको संस्थाले अपेक्षित सुधार गरेको कुरा अनुगमनबाट पुष्टि भएमा प्रचलित कानूनले तोकेको बाल कल्याण अधिकारीले उक्त संस्थालाई बाल संरक्षण कार्यमा लगाइएको रोक फुकुवा गर्नेछ।

(५) बालकल्याण अधिकारीले उपदफा (३) र (४) अनुसार गरेको कार्यको जानकारी जिल्ला बालअधिकार समितिलाई दिनु पर्नेछ।

३६. <u>बाल संरक्षण सम्बन्धी व्यवस्था:</u> (१) बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरूले बालबालिकाविरुद्धको हिंसा, शोषण वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नका निमित्त संस्थागत तहमा बाल संरक्षण नीति तयार गरी लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बालसंरक्षण नीति तयार गरी त्यसको पालना गर्नु प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ।

३७. <u>बाल सुधार गृहको स्थापना र संचालन:</u> (१) प्रदेश सरकारले कानूनी विवादमा परेका बालबालिकाको सुधार र संरक्षणका लागि आवश्यकता अनुसार बाल सुधार गृह स्थापना गरी संचालन गर्न सक्नेछ।

(२) बाल सुधार गृहको स्थापना, सञ्चालन, अनुगमन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. <u>अनुगमन तथा प्रतिवेदन:</u>(१) यस ऐन बमोजिम बालबालिकाको हेरचाह र पालनपोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले बालबालिका सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रुपमा जिल्ला बाल अधिकार समिति र प्रदेशस्तरको बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

(३) बालबालिकालाई अस्थायी संरक्षण सेवा र वैकल्पिक हेरचाह गर्ने व्यक्ति, परिवार वा संस्था र उनीहरूले प्रदान गरेको सेवाको गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन र मूल्याङ्कन गर्ने गराउने तथा सेवाको सम्बन्धमा आवश्यक निर्देशन दिने अधिकार मन्त्रालयको हुनेछ।

(४) जिल्ला बाल अधिकार समितिले जिल्ला भरका बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्नेछ।

३९. <u>सजायः</u> कुनै संस्था, व्यक्ति वा निकायले परिच्छेद २,३,४ र ५ मा उल्लेखित बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा प्रचलित कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ।

## परिच्छेद - ८

## <u>बाल कल्याण सम्बन्धी संस्थागत व्यवस्था</u>

४०. <u>प्रदेश बाल अधिकार समितिः</u> (१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्वर्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरी प्रदेश सरकारलाई सिफारिस गर्ने काम समेतका लागि एक प्रदेश बाल अधिकार समिति रहनेछ।

(२) प्रदेश बालअधिकार समितिको गठन देहाय बमोजिम हुनेछः

| | | |
|---|---|---|
| (क) | मन्त्री, ❋मन्त्राल | – अध्यक्ष |
| (ख) | सचिव ❋(मानव अधिकार हेर्ने), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (ग) | सचिव, ❋आन्तरिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (घ) | सचिव, ❋आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (ङ) | सचिव, ❋स्वास्थ्य, जनसंख्या सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (च) | सचिव, ❋कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (छ) | सचिव, ❆मन्त्रालय | – सदस्य |

❋प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधीत ।

❋ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित ।

ˣ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको ।

(ज) *...................

(झ) रजिष्ट्रार, उच्च अदालत –सदस्य

(ञ) प्रदेश प्रहरी प्रमुख, प्रदेश प्रहरी कार्यालय –सदस्य

(ट) बाल अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्था वा बालबालिकाको क्षेत्रमा योगदान पुर्‍याएका व्यक्ति वा विशेषज्ञहरु मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित तीन जना –सदस्य

(ञ) बालगृह सञ्चालकहरु मध्येबाट एक जना प्रतिनिधि –सदस्य

(ठ) मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख –सदस्य सचिव

(३) प्रदेश बाल अधिकार समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिमा मनोनित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ र निजहरू पुनर्नियुक्तिका लागि ग्राह्य हुनेछन्।

(५) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति समेत गठन गरी कार्य गर्न सक्नेछ।

(६) समितिलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलव्ध गराउनेछ। यसरी कर्मचारी उपलव्ध नभएसम्म मन्त्रालयको सम्वन्धित महाशाखाले समितिलाई आवश्यक सहयोग गर्नुपर्नेछ।

४१. <u>समितिको बैठकः</u> (१) समितिको बैठक कम्तीमा चार महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

४२. <u>प्रदेश बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः</u> (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको ।

(क) प्रदेश तथा स्थानीय तहको बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण गरी आवश्यक सुझाव दिने,

(ख) बालबालिकाका विषयमा प्रदेश सरकार र स्थानीय सरकारद्वारा सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने,

(ग) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष र प्रादेशिक अभियान घोषणा गर्ने,

(घ) नेपाल पक्ष रहेको बालबालिकाको हक अधिकारसँग सम्बन्धित सन्धि तथा दस्तावेजहरुको कार्यान्वयनका निमित्त नेपाल सरकार प्रदेश सरकार र स्थानीय सरकारसँग आवश्यक समन्वय गर्ने,

(ङ) कार्यान्वयन समितिलाई निर्देशन दिने र समितिको वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन गर्ने,

(च) समितिको दीर्घकालीन योजना स्वीकृत गर्ने तथा आन्तरिक कार्य सन्चालनका लागि आवश्यक कार्यविधि पारित गर्ने,

(छ) बालबालिकाका क्षेत्रमा कार्यरत संघ संस्थाको सूचीकरण गर्ने सेवा मापन गर्ने अनुगमन गर्ने र बार्षिक रुपमा प्रदेश स्तरीय बाल अधिकारको स्थितिपत्र प्रकाशन गर्ने,

(ज) बालबालिकाको हक अधिकारसँग सम्बन्धित प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य गर्ने,

(झ) समितिको सेवा शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>जिल्ला बाल अधिकार समितिः</u> (१) जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बाल अधिकार समिति गठन गरिनेछ।

(२) जिल्ला बाल अधिकार समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) प्रमुख, जिल्ला समन्वय समिति – अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय – सदस्य

(ग) जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय –सदस्य

(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय – सदस्य

(ङ) *जिल्ला समन्वय अधिकारी – सदस्य

(च) प्रतिनिधि, जिल्ला बालन्याय समिति – सदस्य

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित ।

(ज) प्रमुख, जिल्ला अस्पताल –सदस्य

(झ) प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई –सदस्य

(ञ) सामाजिक सेवामा कार्यरत व्यक्तिहरु, बालबालिकाको हक हित सम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता, चिकित्सक, बालमनोवैज्ञानिक, शिक्षकबाट समावेशीका आधारमा प्रतिनिधित्व हुने गरी समितिले मनोनित गरेका चार जना व्यक्ति -सदस्य

(ट) बालक्लव सञ्जालबाट एक बालक र एक बालिका गरी दुई जना –सदस्य

(ठ) *सम्बन्धित जिल्लाको बालबालिका सम्बन्धी विषय हेर्ने कार्यालयको प्रमुख –सदस्य सचिव

(३) जिल्ला बालअधिकार समितिले आवश्यक देखेमा बालबालिकाका क्षेत्रमा काम गर्ने विशेषज्ञलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) जिल्ला बालअधिकार समितिका मनोनित पदाधिकारीहरुको कार्यकाल चार वर्षको हुनेछ र निजहरु पुन र्नियुक्तिको लागि ग्राह्य हुनेछन्।

(५) प्रत्येक जिल्ला बालअधिकार समितिले जिल्लाभित्र सञ्चालित बाल कल्याणकारी क्रियाकलापको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रदेश बालअधिकार समिति समक्ष पेश गर्नुपर्नेछ।

(६) यस ऐनमा लेखिए देखि बाहेक जिल्ला बाल अधिकार समितिको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोकिए बमोजिम हुनेछ।

४४. स्थानीय तह बाल अधिकार समिति गठनः प्रत्येक स्थानीय तह र वडा तहसम्म सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सक, बाल मनोबैज्ञानिक, शिक्षक, बाल क्लवको प्रतिनिधित्व रहने गरी स्थानीय तहबाट कानूनी व्यवस्था गरी बाल अधिकार समितिहरु गठन गरिनेछ।

४५. बाल कोषः (१) बालबालिकालाई तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि प्रदेश सरकारले एक बाल कोष स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:–

(क) नेपाल सरकार तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित ।

(ख) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट नेपाल सरकारको पूर्व स्वीकृती बमोजिम प्राप्त हुने रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद -९

## विविध

४६. **बाल बालिकाको कर्तव्यः** बुवाआमा, संरक्षक, र शिक्षकले बालबालिकाको सर्वोत्तम हितलाई विचार गरी दिएको सल्लाह, सुझाव, मार्गदर्शन र निर्देशन पालना गर्नु, सबैलाई सम्मान र आदर गर्नु आफूभन्दा सानालाई माया गर्नु, साथीहरु बीच माया सदभाव बढाउनु, मिलेर बस्नु र अनुशासन पालना गर्नु प्रत्येक बाल बालिकाको कर्तव्य हुनेछ।

४७. **अनुगमन तथा निरीक्षणः** (१) प्रदेश बाल अधिकार समितिले प्रदेश भित्र स्थापना भएका सबै जिल्ला बालअधिकार समिति, बालकल्याण गृह, बालगृह, बालसुधार गृह, अनाथालय वा केन्द्रहरु र बालबालिकाका लागि सञ्चालनमा रहेका आवासीय तथा अन्य गृह समेत जहिले सुकै निरीक्षण गरी निर्देशन दिने तथा नियमन गराउनेछ।

(२) जिल्ला बाल अधिकार समितिले आफ्ना क्षेत्र भित्रको आवासीय बाल गृह, बालसुधार गृह, अनाथालय, अन्य केन्द्रको बार्षिक दुई पटक अनुगमन गरी सो को प्रतिबेदन अध्यावधिक गर्ने र एक प्रति प्रदेश बाल अधिकार समितिमा पठाउन पर्नेछ। त्यसरी निरीक्षण गर्दा अन्य कुराका अतिरिक्त यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा प्रचलित कानून विपरीत कुनै काम कारवाही भएको देखेमा सो समेत संलग्न गरी निरीक्षण प्रतिवेदनमा खुलाई प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

४८. **प्रोवेशन अधिकारीः** (१) प्रदेश बाल अधिकार समितिले अवश्यक संख्यामा प्रोवेशन अधिकारी नियुक्त गर्न सक्नेछ। प्रोवेशन अधिकारीले कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान, निगरानी कक्षको निरीक्षण, दिशान्तर, बाल अदालतको आदेशको कार्यान्वयनको स्थितिबारे खुलाई जिल्ला बाल अधिकार समिति समक्ष त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रोवेशन अधिकारीबाट प्राप्त प्रतिवेदनका आधार जिल्ला बाल अधिकार समितिले देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्नेछ।

(क) जिल्लामा कसूरजन्य कार्यको आरोप लागेका बालबालिकाको निकट सम्पर्कमा रही निजसँग सम्बन्धित मुद्दाको अनुसन्धान अवधिभर निजलाई आवश्यक संरक्षण र मनोविमर्श सेवा उपलब्ध गराउने,

(ख) दिशान्तर प्रकृयामार्फत् विवादको समाधान गर्न आवश्यक पहल र प्रयास गर्ने,

(ग) निगरानी कक्षमा रहेका बालबालिका उपर मानवीय व्यवहार र उचित हेरचाह तथा संरक्षणको प्रबन्ध भए, नभएको निरीक्षण गर्ने र नभएको देखेमा गर्न लगाउने।

४९. कानून व्यवसायीको व्यवस्था:(१) कुनै बालबालिकाको विरुद्ध लगाइएको कसूरजन्य कार्यको अभियोगमा निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी नभएमा त्यस्ता बालबालिकाका लागि प्रदेश सरकारले आवश्यक कानून व्यवसायीको व्यवस्था गर्नेछ।

(२) *उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको आरोप लागेको बालबालिकाको तर्फबाट अन्य कुनै इच्छुक कानून व्यवसायीबाट कानूनी सेवा उपलब्ध गराउने व्यवस्था मिलाउन सकिनेछ।

५०. नियम, निर्देशिका र कार्यविधि बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

५१. यसै ऐन बमोजिम हुने: यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

५२. बचाउ: यो ऐन लागू हुनु भन्दा पहिले प्रचलित कानून बमोजिम भएका कार्यहरू यसै ऐन बमोजिम भए गरेका मानिनेछन्।

---

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित ।

# खेलकूद विकास ऐन, २०७६

प्रमाणीकरण मिति २०७६/०२/१४

संशोधन गर्ने ऐन

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८।०९।०१

*.......

## खेलकूद विकास सम्बन्धमा व्यवस्था गर्न वनेको ऐन

**प्रस्तावना**: खेलकूदको माध्यमबाट युवा, विद्यार्थी तथा आम नागरिकको शारीरिक तथा मानसिक विकास गरी स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न र खेलकूद सम्बन्धी कार्यक्रम गर्दै व्यवसायिक प्रतिस्पर्धी खेलाडीको विकास गरी प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकूद प्रतियोगितामा प्रदेशको सार्थक सहभागिता एवं खेलकूद र खेल पर्यटनका माध्यमबाट दिगो शान्ति र समृद्धि हासिल गर्न वाञ्छनीय भएकोले,

⁕लुम्विनी प्रदेशको प्रदेश सभाले यो ऐन वनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम *.....खेलकूद विकास ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "परिषद्" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश खेलकूद परिषद् सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, सदस्य-सचिव र कोषाध्यक्षलाई समेत ⁕जनाउँछ ।

(घ) "सदस्य-सचिव" भन्नाले परिषद्को सदस्य-सचिव सम्झनु पर्छ ।

(ङ) "खेलकूद विकास समिति"भन्नाले दफा १३ बमोजिम गठित खेलकूद विकास समिति सम्झनु पर्छ ।

---

* प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ झिकिएको

⁕ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

(च) "खेलकूद सम्बन्धी संस्था" भन्नाले दफा १५ बमोजिम दर्ता भएको संघ संस्था सम्झनु पर्छ ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश ❋सरकारको खेलकूद सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

## परिच्छेद २

## संस्थागत व्यवस्था

३. **परिषदको स्थापना:** (१) खेलकूदको विकास गर्नका लागि प्रदेश खेलकूद परिषद्को नामले एक परिषद्को स्थापना हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने परिषद्मा देहायका सदस्यहरु रहनेछन्-

| | |
|---|---|
| (क) मन्त्री ×....मन्त्रालय | -अध्यक्ष |
| (ख) सचिव, ×..... मन्त्रालय | -सदस्य |
| (ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा प्रदेशस्तरीय खेल जगतमा प्रतिष्ठा आर्जन गरेका प्रदेश भित्रका कम्तिमा एक जना महिला खेलाडी सहित पर्ने गरी प्रदेश सरकारबाट मनोनित बढीमा पाँच जना | -सदस्य |
| (घ) प्रत्येक जिल्लाबाट एक,एक जना पर्ने गरी प्रदेश सरकारले मनोनित गरेका बाह्र जना | -सदस्य |
| (ङ) प्रदेश स्तरका खेलकूद सम्बन्धी संघ, संस्थाहरुबाट सिफारिश भई आएका व्यक्तिहरु मध्येबाट कम्तिमा एक जना महिला पर्ने गरी अध्यक्षले मनोनित गरेका तीन जना | -सदस्य |
| (च) प्रदेश भित्रका विश्व विद्यालयका खेलकूद तथा विद्यार्थी कल्याण सम्बन्धी कार्य हेर्ने प्रमुखहरु मध्येबाट सम्बन्धित विश्व विद्यालयले सिफारिस गरेका एक एक जनामध्ये परिषदले मनोनित गरेका दुईजना | -सदस्य |
| (छ) युवा तथा खेलकूद महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय | - सदस्य |

❋ प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा संशोधित

× प्रदेशको नाम सुधार तथा केही ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ द्वारा झिकिएको

(३) अध्यक्षले सदस्यहरु मध्येबाट परिषदका सदस्य सचिव र कोषाध्यक्षको नियुक्ति गर्नेछ ।

(४) परिषदले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) परिषदको प्रधान कार्यालय प्रदेशको राजधानी रहेको स्थानमा रहनेछ । सो कार्यालय स्थापना नभएसम्म मन्त्रालयको सम्वन्धित महाशाखाले यस ऐन वमोजिम प्रधान कार्यालयले गर्नुपर्ने सबै कार्यहरु गर्नेछ ।

४. **परिषद्को संरक्षक:** (१) मुख्यमन्त्री परिषद्को संरक्षक हुनेछ ।

(२) अध्यक्षले परिषदको वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गर्नेछ ।

५. **निर्देशन पालना गर्नुपर्ने:** संरक्षकले दिएको निर्देशन पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

६. **परिषद् स्वशासित संगठित संस्था हुने:** (१) परिषद् अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) परिषद्को सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) परिषद्ले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेच-विखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) परिषदले व्यक्ति सरह नालिस उजूर गर्न र परिषद उपर पनि सो नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

७. **पदावधि:** (१) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ र पदावधि समाप्त भएपछि निजहरु पुन: मनोनयन हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ३ को प्रकृया बमोजिम पदपूर्ति गरिनेछ ।

(३) सदस्यले राजीनामा गरेमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(४) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा [✂]प्रदेश सरकारले निज सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ ।

(५)उपदफा (४) वमोजिमको कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाइको मौका दिइने छ ।

[Σ](६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले जुनसुकै बखत यस ऐनको दफा ३ को उपदफा (१) बमोजिम स्थापित भएको विद्यमान परिषद् गरी नयाँ परिषद् स्थापना गर्न सक्नेछ ।

८. **सदस्यको अयोग्यता:** देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा बहाल रहन सक्ने छैन:-

---

[✂]खेलकुद विकास (पहिलो संशोधन) ऐनद्वारा हटाइएको

[Σ] खेलकुद विकास (पहिलो संशोधन) ऐनद्वारा थप गरिएको

(क) गैर नेपाली नागरिक,

(ख) परिषदमा कार्यरत वैतनिक कर्मचारी,

(ग) साहूको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(ङ) मानसिक सन्तुलन गुमाएको ।

(च) पदेन सदस्य बाहेक अन्य सदस्य तीस वर्ष उमेर पूरा नभएको ।

**९. सदस्यता समाप्त हुने अवस्था:**देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ:-

(क) दफा ८ बमोजिम सदस्यमा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) परिषद्लाई कारण सहितको सूचना नदिई लगातार तीन पटक भन्दा बढी परिषद्को बैठकमा अनुपस्थित भएमा ।

**१०. परिषद्को बैठक र निर्णय:** (१) अध्यक्षबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(२) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा मन्त्रालयको सचिवले बैठकको अध्यक्षता गर्नेछ ।

(३) परिषद्को कूल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) परिषद्को बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ ।

(५) जम्मा सदस्य संख्याको तीन खण्डको एक खण्ड सदस्यहरुले मनासिव माफिकको कारण देखाई बैठक बोलाइयोस् भनी अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले यथाशीघ्र बैठक बोलाउनु पर्नेछ ।

(६) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन पाउनेछन् ।

(७) सदस्य-सचिवले बैठकको निर्णय पुस्तिका प्रमाणित गरी राख्नेछ ।

(८) यस दफामा लेखिएदेखि बाहेक बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) खेलकूदको स्तरमा बृद्धि गर्न समय समयमा जिल्ला र प्रदेश स्तरमा खेलकूद प्रतियोगिताहरु संचालन गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकूदका प्रतियोगिताहरुको आयोजना गर्ने,

(ख) स्वदेश तथा विदेशमा आयोजना हुने खेलकूद सम्बन्धी प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, परिषदका सदस्य तथा कर्मचारीलाई सिफारिस गर्ने,

(ग) प्रदेश सरकारलाई खेलकूद सम्बन्धी विषयमा सुझाव सल्लाह दिने,

(घ) खेलकूद सम्बन्धी संस्थालाई आर्थिक वा अन्य सहयोग प्रदान गर्ने वा त्यस्तो सहयोगको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ङ) शिक्षण संस्थाहरुमा खेलकूद सम्वन्धी प्रशिक्षण, प्रतियोगिता संचालन गर्ने तथा खेलकूदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(च) खेलकूद सम्बन्धी स्तर बढाउन पुस्तक, पर्चा, स्लाइड, चलचित्र वा भिडियो चलचित्र आदिको लेखक वा निर्मातालाई आर्थिक वा अन्य सहयोग प्रदान गरी प्रोत्साहित गर्ने,

(छ) प्रदेशभित्र खेलकूदसंग सम्बन्धित पूर्वाधारहरुको निर्माण एवम् प्रयोगका लागि सहयोग र समन्वय गर्ने,

(ज) खेलकूदको उत्तरोत्तर विकासको लागि आवश्यकता अनुसार प्रदेशभित्र रंगशाला तथा खेलकूद मैदानको निर्माण गरी तिनीहरुको संरक्षण तथा रेखदेख गर्ने,

(झ) खेलकूदको विकासको लागि प्रदेश, जिल्ला तथा स्थानीयतहमा खेलकूद विकास समिति गठन गर्ने,

(ञ) खेलकूद सम्बन्धी संघ संस्थालाई समय समयमा आवश्यक निर्देशन दिने,

(ट) खेलाडीहरुको स्तरबृद्धि गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट तालिम दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी आवश्यकतानुसार विदेशमा समेत तालिमका लागि सिफारिस गर्ने, तर विदेशी प्रशिक्षक झिकाउँदा परिषदले प्रदेश सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(ठ) खेलाडीहरुलाई आर्थिक सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,

(ड) खेलाडीको स्वास्थ्यको संरक्षण गर्नको लागि आवश्यक स्वास्थ्य विमाको व्यवस्था गर्ने,

(ढ) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अपाङ्गता भएका खेलाडीहरुको खेलकूदको विकास गर्न तालिम तथा प्रतियोगिता संचालन गर्ने र आवश्यकतानुसार त्यस्तो खेलकूदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ण) खेलकूदको विकासको लागि खेलकूद सामग्रीहरु तथा अन्य आवश्यक व्यवस्था मिलाउने,

(त) विषयगत खेलहरुको बार्षिक क्यालेन्डर बनाई लागू गर्ने,

(थ) राष्ट्रियस्तरका क्रियाशील खेलाडीहरुलाई खेलकै कारणबाट अशक्त प्रमाणित भएमा प्रदेशभित्रका खेलाडीहरुलाई अशक्त वृत्तिका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने ।

**१२. समिति वा उपसमिति गठन गर्न सक्ने:** (१) परिषद्ले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नुपर्ने कुनै काम गर्नको निमित्त आवश्यकतानुसार समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समिति वा उपसमितिहरुको काम, कर्तव्य, अधिकार र कार्यविधि परिषदले तोके बमोजिम हुनेछ ।

**१३. खेलकुद विकास समिति:** (१) खेलकूदको विकास र विस्तार गर्नको लागि परिषदले तोके बमोजिम प्रत्येक जिल्लामा जिल्ला खेलकूद विकास समिति, प्रत्येक स्थानीय तहमा स्थानीय कानून अनुसार खेलकूद विकास समिति गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठित खेलकूद विकास समितिको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -३

## खेलकुद सम्वन्धी संस्थाको दर्ता र संचालन

**१४. खेलकूद सम्बन्धी संस्थाको दर्ता:** (१) खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले परिषद्मा समेत दफा १५ बमोजिम दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्मा दर्ता नभएको खेलकूद सम्बन्धी संस्थाले प्रदेशभित्र खेलकूद सम्बन्धी गतिविधि सञ्चालन गर्नसक्ने छैन ।

**१५. नाम दर्ताको लागि दरखास्त दिनु पर्ने:** (१) परिषद्को लगतमा नाम दर्ता गराउन चाहने खेलकूद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई परिषद्मा नाम दर्ताको लागि दरखास्त दिनुपर्नेछ:-

(क) संस्थाको नाम र ठेगाना,

(ख) संचालन गरिने खेलकूदको किसिम,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकूद सम्बन्धी संस्थाले आफ्नो विधानको एकप्रति प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनुपर्नेछ ।

**१६. खेलकूद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्ने** (१) दफा १५ बमोजिम नाम दर्ता गराउनका लागि खेलकूद सम्बन्धी संस्थाको दरखास्त परेमा त्यस्तो दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र परिषद्ले आवश्यक जाँचबुझ गरी त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गरेकोमा दर्ता गरिएको सूचना वा दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना परिषद्ले त्यस्तो खेलकूद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

(३) संस्थाको नाम दर्ता गर्नका लागि विद्युतीय माध्यमबाट पनि सोको निवेदन दिन सकिनेछ ।

**१७. हेरफेरको सूचना गर्नुपर्ने** (१) यो ऐन बमोजिम परिषद्को लगतमा नाम दर्ता भएको खेलकूद सम्बन्धी संस्थाले दफा १५ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिन भित्र परिषद्लाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिव देखेमा परिषद्ले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई लगत अद्यावधिक बनाई राख्नु पर्नेछ ।

**१८. खेलकूद सम्बन्धी संस्थाले हिसाबको श्रेस्ता, राख्नु पर्ने** (१) खेलकूद सम्बन्धी संघसंस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेस्ता परिषद्ले तोकि दिएको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकूद सम्बन्धी संस्थाले राखेको श्रेस्ताको जाँचबुझ परिषद्ले जहिलेसुकै पनि गराउन सक्नेछ ।

(३) परिषद्ले उपदफा (२) बमोजिम खेलकूद सम्बन्धी संस्थाको श्रेस्ताको जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउनु  पर्नेछ ।

**१९. परिषद्ले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्ने** (१) परिषद्ले खेलकूद सम्बन्धी संस्थालाई खेलकूदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकूद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्ले दिएको निर्देशनको पालन नगर्ने खेलकूद सम्बन्धी संस्था वा परिषद्ले तोकिदिएको ढाँचामा संस्थागत पारदर्शिता कायम राख्न आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेस्ता नराख्ने वा रकम हिनामिना गर्ने र वर्षमा कम्तीमा एउटा खेलकूद सम्बन्धी क्रियाकलाप संचालन नगर्ने संस्थाको नाम परिषद्ले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३ उपदफा (२) बमोजिम परिषद्ले आफ्नो लगतबाट कुनै खेलकूद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकूद सम्बन्धी संस्थालाई दिनुपर्नेछ ।

२०. **परिषद्को स्वीकृती लिनु पर्ने**: (१) खेलकूद सम्बन्धी संस्थाले संघीय, अन्तर्राष्ट्रिय खेलकूद प्रतियोगिता वा संघीय तथा अन्तर्राष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडिलाई पठाउन वा प्रदेशमा हुने खेलकूद प्रतियोगिता वा संघीय तथा अन्तराष्ट्रिय खेलकूद विषयको सभा वा सम्मेलनमा अन्य देशको खेलाडी वा अधिकारीहरुलाई आमन्त्रण गर्न परिषद्को स्वीकृती लिनुपर्नेछ ।

## परिच्छेद-४

## परिषद्को कोष

२१. **परिषदको कोष** (१) परिषद्को आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) खेलकूद सम्बन्धी प्रशिक्षण प्रदान गरे बापत लिने शुल्क,

(ग) खेलकूद प्रदर्शन गरी आर्जन भएको रकम,

घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(ङ) संघीय सरकार, अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीबाट प्राप्त रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को खण्ड (ङ) अन्तर्गत रकम प्राप्त गर्न परिषद्ले प्रदेश सरकारको पूर्व स्वीकृती लिनुपर्नेछ ।

(३) परिषद्को नामबाट गरिने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(४) परिषद्को कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा अन्य कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) परिषद्को कोषको रकम खर्च तथा खाता संचालन गर्ने व्यवस्था तोकिए वमोजिम हुनेछ ।

२२. **सम्झौता गर्दा प्रदेश सरकारको स्वीकृती लिनु पर्ने:** (१) परिषद्ले आफ्नो कार्य सञ्चालनको सिलसिलामा संघीय सरकार वा अन्तर्राष्ट्रिय संस्था वा विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा प्रदेश सरकारको स्वीकृती लिनु पर्नेछ ।

२३. **लेखा र लेखा परीक्षण** (१) परिषदको आय व्ययको लेखा परीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

(२) परिषद्को आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ ।

(३) प्रदेश सरकारले चाहेमा परिषद्को आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

## परिच्छेद-५
## विविध

२४. **सदस्यहरुको भत्ता:** (१) सदस्यहरुले परिषदको बैठकमा भाग लिए बापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछन् ।

(२) सदस्यले परिषदको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण तथा दैनिक भत्ता पाउनेछन् ।

२५. **सदस्य-सचिवको पारिश्रमिक र भत्ता:** (१) सदस्य-सचिवले परिषद्मा पूरा समय काम गरे बापत तोकिए बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।

(२) सदस्य-सचिवले भ्रमण गर्दा पाउने भ्रमण तथा दैनिक भत्ता तोकिए बमोजिम हुनेछ।

२६. **परिषद्को कर्मचारी:** (१) परिषद्ले आफ्नो कोषबाट खर्च व्यहोर्ने गरी तोकिए वमोजिमका कर्मचारीहरु नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त परिषद्का कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम कर्मचारी नियुक्ति नहुन्जेलसम्मका लागि मन्त्रालयको कर्मचारीहरुलाई तोकी काम लगाउन सक्नेछ ।

२७. **कर्मचारीको संघ:** परिषद्का तोकिएका श्रेणीका प्राविधिक, प्रशासनिक र श्रेणीविहिन कर्मचारीले प्रचलित कानून अनुसार तोकिए बमोजिम पेशागत संघ संस्था गठन गर्न सक्नेछन् ।

२८. **अधिकार प्रत्यायोजन:** परिषदले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारहरुमध्ये सबै वा केही अधिकार आवश्यकतानुसार अध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्ष, सदस्य वा परिषदका कुनै कर्मचारी वा समिति वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२९. **प्रदेश सरकारले निर्देशन दिनसक्ने** (१) प्रदेश सरकार र मन्त्रालयले खेलकूदको विकास गर्नको लागि परिषद्लाई आवश्यक निर्देशन दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकार र मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

३०. **आचार संहिता पालना गर्नुपर्ने :** दफा १४ वमोजिम दर्ता भएका संघसंस्थाहरु, खेलाडी, खेल प्रशिक्षक एवम् कर्मचारीहरुले तोकिए वमोजिम आचार संहिता पालना गर्नुपर्नेछ ।

३१. **सजायः** (१) पदेन सदस्य बाहेकका सदस्यले यो ऐनको वर्खिलाप हुने काम गरेमा निजलाई सो पदबाट हटाई निजबाट कुनै हानी नोक्सानी भएको रहेछ भने त्यस्तो नोक्सानीको विगो भराउने गरी मन्त्रालयले आदेश गर्न सक्नेछ । साथै, नोक्सानी भराउने गरी तोकिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२) परिषद्को कुनै कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियतसाथ परिषद्लाई हानी नोक्सानी पुऱ्याएमा निजबाट बिगो असूल गरी निजलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) परिषद्को कुनै कर्मचारीले परिषद्को लेखापरीक्षण गर्ने कार्यमा खटिएका लेखापरीक्षकलाई निजको काम काजमा बाधा अवरोध गरेमा वा निजले मागेको आवश्यक लिखत वा सूचना नदिएमा वा परिषद्का अन्य काम कारवाहीमा बाधा पुऱ्याएमा त्यस्तो कर्मचारीलाई दश हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक परिषद्को कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप हुने गरी कुनै काम कारबाही गरेमा निजलाई पाँच हजार रुपैयाँसम्म जरिबाना हुनेछ ।

३२. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य पूर्तिका लागि परिषद्ले आवश्यक नियमहरु बनाई प्रदेश सरकारको स्वीकृती पश्चात लागू गर्न सक्नेछ ।

३३. **प्रदेश सरकार सँग सम्पर्कः** परिषद्ले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ ।

३४. **खारेजी र बचाउः** यो ऐन वन्नु पूर्व भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

# सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०३/०८

## <u>सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> घरेलु हिंसाबाट पीडितलाई तत्काल सुरक्षा प्रदान गर्न तथा उपचारको क्रममा अलग्गै बस्ने व्यवस्थाका लागि सेवा केन्द्र र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित व्यक्तिहरुका लागि पुनर्स्थापना केन्द्रको स्थापना, व्यवस्थापन तथा संचालनका निमित्त प्रदेश सरकारले सेवा तथा पुनर्स्थापना कोषको स्थापना गर्न वाञ्छनीय भएकाले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "सेवा तथा पुनर्स्थापना कोष ऐन, २०७८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः-

(क) "कोष" भन्नाले दफा ९ बमोजिमको सेवा तथा पुनर्स्थापना कोष सम्झनु पर्छ।

(ख) "पुनर्स्थापना केन्द्र" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको घरेलु हिंसा वा मानव बेचविखन तथा ओसार पसार पीडित सम्बन्धी विषय हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले सेवा तथा पुनर्स्थापना कोष संचालक समिति सम्झनु पर्छ।

(ङ) "सेवा केन्द्र" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) सम्बन्धी ऐन, २०६६ को दफा ११ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको सेवा केन्द्र सम्झनु पर्छ।

(च) "स्वास्थ्य केन्द्र" भन्नाले अस्पताल, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी लगायतका स्वास्थ्य संस्था समेत सम्झनु पर्छ।

## परिच्छेद-२
## सेवा केन्द्र र पुनर्स्थापना केन्द्र सम्बन्धी व्यवस्था

३. सेवा केन्द्र र पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेः (१) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रदेश सरकारले सेवा केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १३ को उपदफा (१) को खण्ड (क) बमोजिम प्रदेश सरकारले पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ।

(३) कुनै संस्थाले प्रदेश सरकारको स्वीकृती लिई सेवा केन्द्र र पुनर्स्थापना केन्द्र स्थापना गरी संचालन गर्न सक्नेछ।

(४) सेवा केन्द्र र पुनर्स्थापना केन्द्रको स्थापना र स्वीकृती सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरुको संरचना निर्माण गर्दा सम्भव भएसम्म अपाङ्गमैत्री हुनु पर्नेछ।

४. सेवा केन्द्र र पुनर्स्थापना केन्द्र प्राप्त गर्न सक्नेः (१) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम नेपाल सरकारले हस्तान्तरण गरेका सेवा केन्द्र प्रदेश सरकारले प्राप्त गर्न सक्नेछ।

(२) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १३ को उपदफा (१) को खण्ड (ख) बमोजिम नेपाल सरकारले हस्तान्तरण गरेका पुनर्स्थापना केन्द्र प्रदेश सरकारले प्राप्त गर्न सक्नेछ।

५. सेवा केन्द्र र पुनर्स्थापना केन्द्रको व्यवस्थापन र संचालनः (१) दफा ३ बमोजिम स्थापना भएका सेवा केन्द्र र पुनर्स्थापना केन्द्रको व्यवस्थापन र संचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(२) दफा ४ बमोजिम प्राप्त भएका सेवा केन्द्र र पुनर्स्थापना केन्द्रको व्यवस्थापन र संचालन मन्त्रालयले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ।

६. सेवा केन्द्रको काम, कर्तव्य र अधिकारः (१) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सेवा केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पीडितलाई तत्काल सुरक्षा प्रदान गर्ने,

(ख) पीडितलाई उपचारको व्यवस्था गर्ने,

(ग) पीडितलाई घरपरिवारबाट अलग्गै बस्ने व्यवस्था गर्ने,

(घ) पीडितलाई आवश्यकता अनुसार कानूनी सहायता, मनोविमर्श सेवा, मनोवैज्ञानिक सेवा र आर्थिक सहायता उपलब्ध गराउने।

(ङ) पीडितलाई आत्मनिर्भर बनाउन स्वरोजगार सम्बन्धी तालिम दिने,

(च) पारिवारिक पुनर्मिलन र पुनर्स्थापनाको लागि पहल गर्ने,

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "पीडित" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ र बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ मा परिभाषा गरिएको पीडित सम्झनुपर्छ।

(२) सेवा केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

७. <u>पुनर्स्थापना केन्द्रको काम, कर्तव्य र अधिकारः</u> (१) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त पुनर्स्थापना केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पीडितलाई शारीरिक र मानसिक उपचार गराउने,

(ख) पीडितको सामाजिक रुपमा पुनर्स्थापना गर्ने,

(ग) पीडितलाई पारिवारिक पुनर्मिलन गराउने,

(घ) आवश्यकता अनुसार पीडितलाई औषधि उपचार र परामर्श सेवा तथा सुविधाको व्यवस्था गर्ने,

(ङ) पीडितको इच्छा विपरीत कुनै काममा लगाउन नहुने,

(च) पीडितको लागि सिपमूलक तालिम र रोजगारीको व्यवस्था गर्ने,

(छ) तोकिए बमोजिम पीडितलाई स्वरोजगार र पीडितको शिक्षाको निरन्तरता दिने व्यवस्था गर्ने,

(ज) पीडितमा पूर्ण रुपमा आश्रित रहेको नाबालकलाई पीडितसँगै सेवा केन्द्र र पुनर्स्थापना केन्द्रमा राख्ने व्यवस्था गर्ने।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "पीडित" भन्नाले मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा परिभाषा गरिएको पीडित सम्झनु पर्छ।

(२) पुनर्स्थापना केन्द्रको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

८. <u>सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरुको अनुगमनः</u>(१) प्रदेश सरकारले स्थापना गरेका वा प्राप्त गरी संचालन गरेका वा सरकारले स्वीकृति दिएका सेवा केन्द्र र पुनर्स्थापना केन्द्रको अनुगमन मन्त्रालयले गर्नेछ।

(२) सेवा केन्द्र र पुनर्स्थापना केन्द्रको व्यवस्थापन, संचालन मापदण्ड र अनुगमनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा मापदण्ड अनुसार सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रहरु सञ्चालन भएको नदेखिएमा मन्त्रालयले तोकिए बमोजिमको प्रक्रिया पुरा गरी आवश्यक कारवाही गर्नेछ।

## परिच्छेद-३

## सेवा तथा पुनर्स्थापना कोष सम्बन्धी व्यवस्था

९. सेवा तथा पुनर्स्थापना कोषको स्थापना: (१) यो ऐनको उद्देश्य पूरा गर्न प्रदेश सरकारले एक सेवा तथा पुनर्स्थापना कोष स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषले दफा ३ र ४ बमोजिमको सेवा केन्द्र र पुनर्स्थापना केन्द्रलाई आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउनेछ।

(३) उपदफा (२) बमोजिम सहयोग उपलब्ध गराउने मापदण्ड, आधार र कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०. सेवा तथा पुनर्स्थापना कोषमा रहने रकमः (१) सेवा तथा पुनर्स्थापना कोषमा देहायबमोजिमका रकम रहनेछन् :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ग) कुनै स्वदेशी वा विदेशी संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ बमोजिम जरिवाना वापत प्राप्त हुने रकमको आधा रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) सेवा तथा पुनर्स्थापना कोषको व्यवस्थापन र संचालन तोकिए बमोजिम हुनेछ।

११. सेवा तथा पुनर्स्थापना कोषको संरक्षक: प्रदेश सरकारको मुख्यमन्त्री सेवा तथा पुनर्स्थापना कोषको संरक्षक रहनेछ।

१२. सेवा तथा पुनर्स्थापना कोष संचालक समिति: (१) सेवा तथा पुनर्स्थापना कोषको संचालन गर्न देहाय बमोजिमको समितिबाट रहनेछः-

(क) मन्त्री, सामाजिक विकास मन्त्रालय -अध्यक्ष

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(च) सेवा केन्द्र र पुनर्स्थापना केन्द्र संचालक मध्ये अध्यक्षले तोकेको एक जना महिला विज्ञ -सदस्य

(छ) सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम तोकिएको सदस्यको पदावधि दुई वर्षको हुनेछ र मन्त्रालयले आवश्यक देखेमा निजको पदावधि एक पटक थप गर्न सक्नेछ।

१३. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषलाई प्राप्त हुने रकम कोषको बैंक खातामा जम्मा गर्ने, गर्न लगाउने,

(ख) कोषको खाताबाट सेवा केन्द्र र पुनर्स्थापना केन्द्रहरुलाई आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउने,

(ग) कोषको व्यवस्थापन र संचालन सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(घ) कोषलाई दिगो र भरपर्दो स्रोतको रुपमा परिचालन गर्न आवश्यक निर्णय गर्ने।

(२) यस ऐनमा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१४. <u>बैठक सम्बन्धी व्यवस्थाः</u> समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ख) समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(ग) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(घ) समितिको बैठकले गरेको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(ङ) समितिको बैठक कम्तीमा वर्षको तीन पटक बस्नेछ।

(च) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-४
## विविध

१५. <u>सेवा तथा पुनर्स्थापना कोषको लेखा र लेखापरीक्षण:</u> (१) सेवा तथा पुनर्स्थापना कोषको आय/व्ययको लेखा प्रदेश सरकारले तोकेको ढाँचामा राखिनेछ।

(२) सेवा तथा पुनर्स्थापना कोषको अन्तिम लेखापरिक्षण महालेखा परीक्षकबाट हुनेछ।

१६. <u>अधिकार प्रत्यायोजन:</u> मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतको निकाय वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. <u>नियम, कार्यविधि र निर्देशिका बनाउने अधिकार:</u> यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ।

# विश्वविद्यालय ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०३/०८

<u>प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको ऐन</u>

<u>प्रस्तावनाः</u> विश्वव्यापी रुपमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति विकास गर्नको लागि विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन सम्बन्धी कार्यलाई सहजीकरण र व्यवस्थित गरी गुणस्तरीय उच्च शिक्षाको सुनिश्चितता गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "विश्वविद्यालय ऐन, २०७८" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको एकतिसौं दिनबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "आङ्गिक क्याम्पस" भन्नाले विश्वविद्यालय आफैले सञ्चालन गरेको क्याम्पस सम्झनु पर्छ।

(ग) "उच्च शिक्षा" भन्नाले स्नातक तह वा सो भन्दा माथिल्लो तहको शिक्षा सम्झनु पर्छ।

(घ) "उपकुलपति" भन्नाले विश्वविद्यालयको उपकुलपति सम्झनु पर्छ।

(ङ) "केन्द्रीय विश्वविद्यालय" भन्नाले नेपाल सरकारले सञ्चालन गरेका वा सञ्चालन गर्न अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "पदाधिकारी" भन्नाले विश्वविद्यालयको विधानमा उल्लेख भएका विश्वविद्यालयका पदाधिकारी सम्झनु पर्छ।

(ज) "प्रदेश विश्वविद्यालय" भन्नाले यस ऐन बमोजिम प्रदेश सरकारले सञ्चालन अनुमति दिएका विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले मानित विश्वविद्यालय सरह प्रदेश सरकारबाट सञ्चालन अनुमति वा स्वीकृति प्राप्त उच्च शिक्षा शिक्षण संस्थालाई समेत जनाउँछ।

(झ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको उच्च शिक्षा परिषद् सम्झनु पर्छ।

(ञ) "बोर्ड अफ ट्रस्टी" भन्नाले विश्वविद्यालयको विधान बमोजिम गठन भएको बोर्ड अफ ट्रस्टी सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको उच्च शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ठ) "मानित विश्वविद्यालय" भन्नाले विश्वविद्यालय क्याम्पस बाहेक अन्य आङ्गिक क्याम्पस सञ्चालन गर्न नपाउने गरी प्रचलित कानून बमोजिम स्थापना हुने विश्वविद्यालय सम्झनु पर्छ।

(ड) "विधान (चार्टर)" भन्नाले विश्वविद्यालय स्थापना तथा सञ्चालन सम्बन्धमा प्रदेश सरकारबाट स्वीकृत भएको विश्वविद्यालयको विधान सम्झनु पर्छ।

(ढ) "विश्वविद्यालय" भन्नाले प्रदेश विश्वविद्यालय सम्झनु पर्छ र सो शब्दले अन्य विश्वविद्यालय समेतलाई जनाउँछ।

(ण) "शिक्षक" भन्नाले विश्वविद्यालयमा अध्यापन वा अनुसन्धान गर्ने, गराउने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयका विभिन्न तहका प्रशिक्षक वा विश्वविद्यालयको विनियममा शिक्षक भनी तोकिएको अन्य व्यक्तिलाई समेत जनाउँछ।

(त) "सम्बन्धन प्राप्त क्याम्पस" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका विश्वविद्यालयबाट सम्बन्धन प्राप्त क्याम्पस सम्झनु पर्छ।

(थ) "सह-अध्यक्ष" भन्नाले परिषद्को सह-अध्यक्ष सम्झनु पर्छ।

(द) "स्वीकृति पत्र" भन्नाले विश्वविद्यालय स्थापना गर्न दफा ९ बमोजिम प्रदेश सरकारबाट दिइएको स्वीकृति पत्र सम्झनु पर्छ।

(ध) "संकाय" भन्नाले विश्वविद्यालयको संकाय सम्झनु पर्छ र सो शब्दले अध्ययन संस्थान वा स्कुललाई समेत जनाउँछ।

## परिच्छेद–२

## उच्च शिक्षा परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

३. परिषद्को गठनः (१) उच्च शिक्षा सम्बन्धी प्रदेश नीति तथा रणनीति तयार गर्न र प्रदेशमा मानव संशाधनको आवश्यकता र उच्च शिक्षाबीच सामाञ्जस्यता कायम गरी प्रदेश विश्वविद्यालयको स्थापना सम्बन्धमा प्रदेश सरकारलाई सिफारिश गर्नका लागि एक उच्च शिक्षा परिषद् रहनेछ।

(२) परिषद्को गठन देहाय बमोजिम हुनेछ :–

(क) मुख्यमन्त्री –अध्यक्ष

(ख) प्रदेश सरकारको उच्च शिक्षा हेर्ने मन्त्री वा राज्यमन्त्री –सह अध्यक्ष

| | | |
|---|---|---|
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | –सदस्य |
| (ङ) | प्रदेश योजना आयोगको शिक्षा हेर्ने सदस्य | –सदस्य |
| (च) | विश्वविद्यालयका उपकुलपति, पूर्व उपकुलपति र ट्रष्टी मध्येबाट प्रदेश सरकारले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना | –सदस्य |
| (छ) | उच्च शिक्षाका क्षेत्रमा विभिन्न विधामा कम्तिमा बीस वर्ष अध्यापन वा अनुसन्धान गरेका प्रतिष्ठित प्राध्यापकहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी प्रदेश सरकारले मनोनयन गरेको कम्तिमा २ जना महिला सहित ५ जना | –सदस्य |
| (ज) | सचिव, मन्त्रालय | सदस्य–सचिव |

(३) उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यहरुको मनोनयनको लागि सिफारिस गर्न सह-अध्यक्षको संयोजकत्वमा अध्यक्षले तोकेको परिषद्को एकजना सदस्य र मन्त्रालयको सचिव रहेको एक समिति रहनेछ।

(४) उपदफा (३) बमोजिमको समितिले सिफारिस गरेको व्यक्तिलाई प्रदेश सरकारले सदस्यमा मनोनयन गर्नेछ। मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(५) दफा ३ को उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका सदस्यहरुको मनोनयन पद रिक्त भएको मितिले एक महिनाभित्र गरिसक्नु पर्नेछ।

४. <u>परिषद्को सदस्य पदमा मनोनयनका लागि योग्य नहुने</u>: देहायको व्यक्ति परिषद्को सदस्य पदमा नियुक्त हुन सक्ने छैनः–

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

(ग) प्रचलित कानून बमोजिम सरकारी वा सार्वजनिक संस्थाको सेवाको पदमा नियुक्तिको लागि योग्य नभएको,

(घ) दामासाहीको अवस्थामा नरहेको,

(ङ) मानसिक अस्वस्थताका कारण होस, ठेगानमा नरहेको।

५. <u>पदबाट हटाउन सक्ने</u>: (१) दफा ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ३ को उपदफा (२) को खण्ड (च) र (छ) बमोजिमका सदस्यलाई प्रदेश सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) कार्यक्षमताको अभाव भएमा,

(ख) खराब आचरणमा लागेमा,

(ग) इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेमा, वा

(घ) दफा ४ बमोजिम अयोग्य भएमा,

(२) उपदफा (१) बमोजिम पदबाट हटाउनु अघि त्यस्तो सदस्यलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(३) कुनै कारणले मनोनीत सदस्यको पद रिक्त हुन गएमा दफा ३ को उपदफा (३) बमोजिमको समितिको सिफारिसमा अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(४) उपदफा (३) बमोजिम रिक्त पदमा मनोनित गर्दा पद रिक्त भएको मितिले एक महिनभित्र मनोनित गर्नु पर्नेछ।

६. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u>: यस ऐनमा अन्यत्र उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) उच्च शिक्षा सम्बन्धी नीति तथा रणनीतिहरु तयार गर्न आवश्यक सुझाव दिने,

(ख) उच्च शिक्षामा दिइने आर्थिक सहायता तथा अनुदान सम्बन्धी नीति सिफारिस गर्ने,

(ग) प्रदेश विश्वविद्यालय स्थापनाका लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) प्रदेश विश्वविद्यालय र उच्च शिक्षा शिक्षण संस्थाहरुको अनुगमन, मूल्याङ्कन तथा नियमन गर्ने गराउने,

(ङ) प्रदेश विश्वविद्यालय र उच्च शिक्षा शिक्षण संस्थाहरुको पुनःसंरचनाका लागि मापदण्ड तयार गर्ने र स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेश गर्ने,

(च) विश्वविद्यालय तथा उच्च शिक्षा शिक्षण संस्थाहरुबीच समन्वय गर्ने,

(छ) विश्वविद्यालयको योग्यता प्रारुप तयार गरी स्वीकृत गर्ने,

(ज) विश्वविद्यालयको विकास सम्बन्धमा निजी,प्राज्ञिक तथा गैर सरकारी क्षेत्रसँग समन्वय गर्ने,

(झ) प्रदेश विश्वविद्यालय तथा उच्च शिक्षा शिक्षण संस्थाहरुको डाटाबेस तयार गर्न लगाउने,

(ञ) प्रदेश विश्वविद्यालयका प्राध्यापकहरुको वर्गीकरण गर्ने,

(ट) मापदण्ड पूरा नगरेका विश्वविद्यालय तथा उच्च शिक्षा शिक्षण संस्थालाई तोके बमोजिम आवश्यक कारवाही गर्ने,

(ठ) स्वदेशी तथा विदेशी विश्वविद्यालयको उपाधिको समकक्षता निर्धारण गर्ने,

(ड) उच्च शिक्षा शिक्षण संस्थाहरुमा प्राध्यापन र अनुसन्धान गर्ने व्यक्तिको योग्यता परीक्षा सञ्चालन गर्न लगाउने र उक्त परीक्षा उत्तीर्ण गरेको व्यक्तिले मात्र उच्च शिक्षामा प्राध्यापन गर्न पाउने व्यवस्था गर्ने,

(ढ) प्रदेशमा सञ्चालन हुने अन्य विश्वविद्यालय मातहतका उच्च शिक्षा शिक्षण संस्थाको स्वीकृतिका लागि मापदण्ड तयार गरी कार्यान्वयन गर्न लगाउने र त्यस्ता संस्थाहरुको अनुगमन तथा नियमन गराउने,

(ण) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन समितिको स्थापना नभएसम्म उच्च शिक्षा शिक्षण संस्थाहरुको स्तर निर्धारण गर्ने,

(त) वार्षिक प्रतिवेदन तयार गरी प्रदेश सरकार मार्फत प्रदेश सभाको विषयगत समिति समक्ष पेश गर्ने,

(थ) प्रदेश विश्वविद्यालय र उच्च शिक्षा शिक्षण संस्थामा भएका अनियमितता र विवादको छानविन गर्ने, गराउने,

(द) तोकिए बमोजिमको अन्य काम गर्ने, गराउने।

७. <u>परिषद्को बैठक र सचिवालयः</u> (१) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को बैठक बस्नुभन्दा कम्तीमा बहत्तर घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्मा मनोनीत सदस्यहरुको मनोनयन नभएको अवस्थामा तत्काल कायम रहेका सदस्य मध्ये पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(६) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकको अध्यक्षता सह-अध्यक्षले गर्नेछ।

(७) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) परिषद्को बैठकमा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। तर त्यस्तो आमन्त्रित व्यक्तिले मत दिन पाउने छैन।

(९) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(१०) मन्त्रालयले परिषदको सचिवालयको रुपमा काम गर्नेछ।

८. **विवरण माग गर्न सक्ने:** (१) परिषद्ले यस ऐन बमोजिम स्थापना हुने विश्वविद्यालयसँग त्यस्तो विश्वविद्यालय वा सो अन्तर्गत सञ्चालित कुनै उच्च शिक्षा शिक्षण संस्थाको आर्थिक कारोवार, मौजुदा कोष वा विवरण माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित विश्वविद्यालय वा त्यस्तो शिक्षण संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम माग गरिएको विवरणको सम्बन्धमा त्यस्तो विश्वविद्यालय वा शिक्षण संस्थाको निरीक्षण गर्नुपर्ने भएमा परिषद्ले आवश्यकतानुसार निरीक्षण गर्न, गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निरीक्षण गर्ने व्यक्तिलाई सहयोग गर्नु सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाको कर्तव्य हुनेछ।

(५) यस दफा बमोजिम विवरण उपलब्ध नगराउने वा निरीक्षण गर्न सहयोग नपुऱ्याउने विश्वविद्यालय वा उच्च शिक्षा शिक्षण संस्थालाई परिषद्ले प्रदेश सरकारले प्रदान गर्ने अनुदान र अन्य सहयोग रोक्का गर्न सिफारिस गर्नेछ।

## परिच्छेद-३
## विश्वविद्यालयको स्थापना

९. **विश्वविद्यालय स्थापना गर्न स्वीकृति लिनु पर्ने:** (१) कुनै निकाय वा संस्थाले विश्वविद्यालय स्थापना गर्न चाहेमा स्वीकृतिको लागि तोकिएको विवरण खुलाई तोकिएको ढाँचामा प्रस्तावित विश्वविद्यालयको विधान सहित अन्य कागजातहरु संलग्न गरी मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन प्राप्त भएमा मन्त्रालयले प्रस्तावित विश्वविद्यालय स्थापना गर्न परिषद्ले निर्धारण गरेको शर्त तथा मापदण्ड बमोजिम भए वा नभएको सम्बन्धमा जाँचबुझ गर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा दफा १० बमोजिमको पूर्वाधार तथा मापदण्ड पूरा भएको देखिएमा मन्त्रालयले त्यस्तो विश्वविद्यालय स्थापना गर्न स्वीकृति दिने सम्बन्धमा परिषद् समक्ष प्रस्ताव गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्नु अघि मन्त्रालयले त्यस्तो विश्वविद्यालय स्थापना गर्न आवश्यक भए, नभएको सम्बन्धमा सार्वजनिक सुनुवाई गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव जाँचबुझ गर्दा निवेदकलाई विश्वविद्यालय स्थापना गर्न स्वीकृत दिन मनासिव देखिएमा परिषद्ले सो सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम परिषद्बाट भएको सिफारिस बमोजिम विश्वविद्यालय स्थापना गर्ने स्वीकृति दिन उपयुक्त देखिएमा प्रदेश सरकारले विश्वविद्यालय स्थापना गर्न स्वीकृति दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम प्रदेश सरकारबाट विश्वविद्यालय स्थापना गर्न स्वीकृति प्राप्त भएमा मन्त्रालयले तोकिएको दस्तुर लिई तोकिए बमोजिमको ढाँचामा निवेदकलाई स्वीकृतिपत्र दिनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार आफैले विश्वविद्यालय स्थापना गर्न चाहेमा यस ऐन बमोजिम प्रक्रिया र पूर्वाधार पूरा गर्ने गरी प्रदेश विश्वविद्यालय स्थापना गर्न सक्नेछ।

१०. <u>विश्वविद्यालय स्थापना लागि आवश्यक पूर्वाधार तथा अन्य मापदण्डः</u> (१) विश्वविद्यालय स्थापना गर्नको लागि चाहिने आवश्यक न्यूनतम मापदण्ड तथा पुर्वाधार अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) विश्वविद्यालय स्थापना सम्बन्धी अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

११. <u>विश्वविद्यालयको वर्गीकरणः</u>(१) विश्वविद्यालयको वर्गीकरण देहाय बमोजिम हुनेछ :–

(क) केन्द्रीय विश्वविद्यालय,

(ख) प्रदेश विश्वविद्यालय।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, कुनै व्यक्ति वा समुदाय वा संस्थाले ट्रष्ट स्थापना गरी मानित विश्वविद्यालय स्थापना गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम स्थापित मानित विश्वविद्यालयहरुले आङ्गिक क्याम्पस खोल्न वा अन्य कुनै क्याम्पसलाई सम्बन्धन दिन सक्ने छैनन्।

१२. <u>आङ्गिक क्याम्पस तथा सम्बन्धन सम्बन्धी व्यवस्थाः</u>(१) केन्द्रीय विश्वविद्यालयले प्रदेश सरकारको सहमति लिएर प्रदेशभित्र आङ्गिक क्याम्पस स्थापना गर्न सक्नेछ।

(२) प्रदेश विश्वविद्यालयले प्रदेश भन्दा बाहिर आङ्गिक क्याम्पस सञ्चालन गर्न पाउने छैन।

(३) यस ऐनले तोकेको मापदण्ड वा पूर्वाधार पूरा गरेको कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पसलाई प्रदेश विश्वविद्यालयले प्राप्त गरी आङ्गिक क्याम्पसको रुपमा सञ्चालन गर्न सक्नेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत कुनै विश्वविद्यालयको सम्बन्धन लिई प्रदेशभित्र सञ्चालनमा रहेका सामुदायिक क्याम्पसले चाहेमा एक्लै वा सामुहिक रुपमा विश्वविद्यालय स्थापना गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिम स्थापना हुने विश्वविद्यालयले सामुदायिक क्याम्पसलाई आङ्गिक क्याम्पसका रुपमा सञ्चालन गर्न सक्नेछ।

(६) यस ऐन बमोजिम स्थापना हुने विश्वविद्यालयले कुनै क्याम्पसलाई सम्बन्धन दिन पाउने छैनन्।

१३. <u>विधान सम्बन्धी व्यवस्था</u>: (१) विश्वविद्यालयको आफ्नो विधान हुनेछ र सो विधान प्रदेश सरकारबाट स्वीकृत भए पछि लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत विधान संशोधन गर्नु परेमा संशोधनको मस्यौदा स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विधान संशोधनको मस्यौदा प्राप्त हुन आएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचुबुझ गरी परिषद् समक्ष पेश गर्नेछ।

(४) उपदफा (३) बमोजिम विधान संशोधन गर्न मनासिव देखिएमा परिषद्ले स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भएको विधान संशोधन गर्न उपयुक्त देखिएमा प्रदेश सरकारले स्वीकृत गर्नेछ र त्यस्तो संशोधन प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(६) यो ऐनसँग बाझिएको हदसम्म विधानको व्यवस्था निष्कृय हुनेछ।

१४. <u>बोर्ड अफ ट्रष्टीको गठन गर्ने</u>: (१) विश्वविद्यालय स्थापना गर्न चाहने व्यक्ति वा समुदाय वा संस्थाले विश्वविद्यालय स्थापना गर्नु अघि त्यस्तो विश्वविद्यालयमा लगानी गर्न तथा विश्वविद्यालय सञ्चालन गर्नका लागि नाफा नलिने व्यवस्था सहितको एक बोर्ड अफ ट्रष्टी गठन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने बोर्ड अफ ट्रष्टीमा प्रदेश सरकार आफैले स्थापना गर्ने विश्वविद्यालयको हकमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय र मन्त्रालयको सचिव सदस्य रहनेछन्।

(३) यो ऐन बमोजिम स्थापना हुने विश्वविद्यालय बोर्ड अफ ट्रस्टीको मोडलमा सञ्चालन गरिनेछ।

(४) यस दफा बमोजिमको बोर्ड अफ ट्रष्टीको गठन विधि तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१५. <u>विश्वविद्यालय स्वशासित संगठित संस्था हुने</u>: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) विश्वविद्यालयको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) विश्वविद्यालयले व्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

तर प्रदेश सरकारको लगानीमा स्थापना हुने विश्वविद्यालयले प्रदेश सरकारको सहमति बिना अचल सम्पत्ति बेचबिखन गर्न सक्ने छैन।

(४) विश्वविद्यालयले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र विश्वविद्यालय उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) विश्वविद्यालयले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

१६. <u>विश्वविद्यालयको कार्यालय</u>:(१) विश्वविद्यालयको केन्द्रीय कार्यालय विश्वविद्यालय रहेको स्थानमा रहनेछ।

(२) विश्वविद्यालयले विधानको अधीनमा रही आफ्नो शैक्षिक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

१७. <u>विश्वविद्यालयको सम्पत्ति</u> : विश्वविद्यालयको सम्पत्ति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–४
## <u>विश्वविद्यालयको संगठनात्मक स्वरुप</u>

१८. <u>विश्वविद्यालयको संगठन</u>: विश्वविद्यालयको संगठनको स्वरुप विश्वविद्यालयको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

१९. <u>विश्वविद्यालयका पदाधिकारी सम्बन्धी व्यवस्था</u>: विश्वविद्यालयका निकाय र ती निकायहरुमा रहने पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

२०. <u>पदबाट हटाउन सकिने</u>: विश्वविद्यालयका पदाधिकारीहरुले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेमा वा पद अनुकूलको आचरण नगरेमा विधानमा उल्लेख भए बमोजिमको प्रक्रिया अपनाई पदबाट हटाउन सकिनेछ।

२१. **पद रिक्त हुने:** विश्वविद्यालयको कुनै पदाधिकारीको पद विधानमा व्यवस्था गरे बमोजिम रिक्त हुनेछ।

२२. **शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था:** (१) विश्वविद्यालयमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरु रहनेछन्।

तर विश्वविद्यालयको शिक्षक र कर्मचारीको कूल संख्याको तीस प्रतिशत भन्दा बढि कर्मचारी राख्न पाइने छैन।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति, काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरु विश्वविद्यालयको विनियममा तोकिए बमोजिम हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति सेवा आयोगको सिफारिसमा हुनेछ।

## परिच्छेद-५
## विश्वविद्यालय गाभ्ने र विघटन सम्बन्धी व्यवस्था

२३. **विश्वविद्यालय गाभिन सक्ने:** (१) यस ऐन बमोजिम स्थापना हुने विश्वविद्यालयहरू एक आपसमा गाभिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गाभिन चाहने विश्वविद्यालय र गाभ्ने विश्वविद्यालयले तोकिएका कुराहरु खुलाई संयुक्त रुपमा मन्त्रालयसमक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा त्यस्ता विश्वविद्यालयहरु आपसमा गाभ्न मनासिव देखिएमा मन्त्रालयले परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको प्रस्ताव जाँचबुझ गर्दा त्यस्ता विश्वविद्यालयहरुलाई एक आपसमा गाभ्न मनासिव देखिएमा परिषद्ले सोही व्यहोराको सिफारिस प्रदेश सरकारसमक्ष पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम परिषद्को सिफारिसको आधारमा विश्वविद्यालयहरु गाभ्न मनासिव देखिएमा प्रदेश सरकारले त्यस्ता विश्वविद्यालयहरु एक आपसमा गाभ्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको स्वीकृति प्राप्त भएमा मन्त्रालयले विश्वविद्यालयलाई तोकिएको ढाँचामा गाभिएको जानकारी दिनेछ।

(७) उपदफा (५) बमोजिम विश्वविद्यालय गाभ्न स्वीकृती प्राप्त भएपछि त्यस्ता विश्वविद्यालयहरु एक आपसमा गाभिएको मानिनेछ।

(८) उपदफा (६) बमोजिम कुनै विश्वविद्यालय अर्को विश्वविद्यालयमा गाभिएमा त्यसरी गाभिएको विश्वविद्यालय र सो अन्तर्गतका संकाय, क्याम्पस, शिक्षक, कर्मचारी तथा विद्यार्थी गाभ्ने विश्वविद्यालयको हुनेछ।

(९) यस दफा बमोजिम गाभिएको विश्वविद्यालयको हकभोगमा रहेको चल, अचल सम्पत्ति, ऋण तथा अन्य दायित्व गाभ्ने विश्वविद्यालयमा हस्तान्तरण हुनेछ।

२४. **स्वीकृति खारेज हुने**: (१) स्वीकृतिपत्रमा तोकिएको अवधिभित्र विश्वविद्यालय सञ्चालन हुन नसकेमा त्यस्तो विश्वविद्यालयलाई दिइएको स्वीकृतिपत्र परिषद्को सिफारिसमा प्रदेश सरकारले खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विश्वविद्यालय निर्धारित समयमा सञ्चालन हुन नसकेको मनासिव कारण खुलाई त्यस्तो विश्वविद्यालयले म्याद थपको लागि मन्त्रालय समक्ष निवेदन दिएमा र त्यसरी दिएको निवेदनको व्यहोरा मनासिव भएमा परिषद्को सिफारिसको आधारमा प्रदेश सरकारले एक पटक दुई वर्षको अवधि थप गर्न सक्नेछ।

२५. **विश्वविद्यालय विघटन गर्न सक्ने**:(१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसकेमा वा दफा २४ को उपदफा (१) बमोजिम स्वीकृतिपत्र खारेज भएमा प्रदेश सरकारले परिषद्को सिफारिसमा त्यस्तो विश्वविद्यालय विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन गर्नु अघि सम्बन्धित विश्वविद्यालयलाई आफ्नो सफाई पेश गर्न मनासिव मौका दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको हकभोगमा रहेको सम्पत्ति प्रदेश सरकारले कुनै शिक्षण संस्थालाई उपलब्ध गराउन वा अन्य सरकारी प्रयोजनको लागि प्रयोग गर्न, गराउन सक्नेछ र कुनै व्यक्ति, समुदाय वा स्थानीय तहले स्थापना गरेको ट्रष्टबाट संचालित विश्वविद्यालयको हकमा विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

(४) विश्वविद्यालय विघटन भएपछि सो विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र अध्ययनरत विद्यार्थी सम्बन्धमा तोकिए बमोजिम हुनेछ।

(५) यस दफा बमोजिम विश्वविद्यालय खारेज गर्नु अघि प्रदेश सरकारले मन्त्रालयको सिफारिसमा विश्वविद्यालयको सम्पत्ति र दायित्वको हिसाब गरी फछ्र्यौट गर्न एकजना लिक्विडेटर नियुक्त गर्न सक्नेछ।

(६) विश्वविद्यालय विघटन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **विद्यार्थी स्थानान्तरण हुन सक्ने**: एक विश्वविद्यालय अन्तर्गत अध्ययन गरिरहेको विद्यार्थी अर्को विश्वविद्यालयमा स्थानान्तरण हुन चाहेमा अध्ययन गरिएको विश्वविद्यालयको स्वीकृति

लिई सम्बन्धित विश्वविद्यालयहरुको विनियमको अधिनमा रही स्थानान्तरण गर्न तथा एक विश्वविद्यालयबाट प्राप्त अध्ययनको क्रेडिट जोडी अर्को विश्वविद्यालयमा अध्ययनलाई निरन्तरता प्रदान गर्न सकिनेछ।

## परिच्छेद-६

## कसुर तथा सजाय

२७. कसुर गरेको मानिने: कसैले देहायको कार्य गरे, गराएमा कसुर गरेको मानिनेछ :-

(क) यस ऐन बमोजिम स्वीकृतिपत्र नलिई विश्वविद्यालय स्थापना वा सञ्चालन वा स्वीकृत नपाएको संकाय सञ्चालन गर्ने,

(ख) विश्वविद्यालयको सम्पत्ति अनाधिकार रुपमा प्रयोग गर्ने वा हानी नोक्सानी पुऱ्याउने,

(ग) प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने,

(घ) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारीपूर्ण कार्य गर्ने,

(ङ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न, प्रयत्न गर्ने, प्रवेश गर्ने वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित् कार्य गर्ने,

(च) परीक्षाको नतिजा प्रकाशनमा अनियमितता गर्ने,

(छ) अरुको तर्फबाट परीक्षा दिने,

(ज) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गर्ने,

(झ) ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा वा प्रशिक्षण कार्यक्रम सञ्चालन वा कुनै विदेशी शिक्षण संस्थाले मन्त्रालयबाट स्वीकृति नलिई प्रदेशभित्र कुनै शिक्षण संस्था वा तालिम कार्यक्रम सञ्चालन गर्ने।

२८. जरिवाना सम्बन्धी व्यवस्था: (१) कसैले यस ऐन बमोजिमको कसुर गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ:-

(क) दफा २७ को खण्ड (क) बमोजिमको कसुर गरेमा त्यस्तो कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँ देखि पाँच लाख रुपैयाँसम्म जरिवाना गरी त्यस्तो विश्वविद्यालय समेत बन्द गर्ने,

(ख) दफा २७ को खण्ड (ख) बमोजिमको कसुर गरेमा त्यस्तो व्यक्तिबाट बिगो असूल गरी बिगो बमोजिम जरिवाना हुने,

(ग) दफा २७ को खण्ड (ग), (घ), (ङ), (च), (छ) र (ज) बमोजिमको कसुर गरेमा त्यस्तो व्यक्तिलाई कसुरको गम्भीरता हेरी एक लाख रुपैयाँसम्म जरिवाना हुने,

(घ) दफा २७ को खण्ड (झ) बमोजिमको कसुर गरेमा त्यस्तो कार्यक्रम बन्द गरी सम्बन्धित व्यक्तिबाट बिगो असूल गरी तीन लाख रुपैयाँसम्म जरिवाना हुने।

(२) उपदफा (१) बमोजिम सजाय हुने कसुर विश्वविद्यालयका कुनै शिक्षक वा कर्मचारीले गरेमा निजलाई सो उपदफामा लेखिएको सजायको अतिरिक्त थप पाँच लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) यस दफामा लेखिए बाहेक यस ऐन विपरित अन्य काम गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना हुनेछ।

(४) यस दफा बमोजिम जरिवाना गरेका कारण प्रचलित कानून बमोजिम कसुर हुने विषयमा कारवाही गर्न बाधा पर्ने छैन।

२९. मुद्दा हेर्ने अधिकारः दफा २७ बमोजिमको कसुरमा जरीवाना गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ।

३०. पुनरावेदनः दफा २९ बमोजिम मन्त्रालयको सचिवले गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सकिनेछ।

## परिच्छेद-७
## विश्वविद्यालयको सम्पत्ति, कोष तथा लेखापरीक्षण

३१. कोषः (१) विश्वविद्यालयको एक छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, सरकार, अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) शिक्षण शुल्कबाट प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि विश्वविद्यालयले मन्त्रालय मार्फत् प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको सञ्चालन विनियममा तोकिए बमोजिम हुनेछ।

३२. लेखा तथा लेखापरीक्षणः (१) विश्वविद्यालयले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले तोकेको प्रक्रिया बमोजिम राख्नु पर्नेछ।

(२) प्रदेश सरकारले स्थापना गरेको विश्वविद्यालयको लेखापरीक्षण महालेखा परीक्षकले तोकेको लेखापरीक्षकबाट हुनेछ।

(३) मानित विश्वविद्यालयको लेखापरीक्षण विधानमा तोकिए बमोजिम हुनेछ।

(४) विश्वविद्यालयले आङ्गिक क्याम्पसको समेत लेखा परीक्षण गर्नु गराउनु पर्नेछ।

## परिच्छेद-८
## विविध

३३. **सम्बन्धन प्रदान गर्न नसक्ने**: (१) यो ऐन प्रारम्भ भएपछि विश्वविद्यालयले कुनै शिक्षण संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विभिन्न विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी प्रदेशभित्र सञ्चालित सामुदायिक वा आंगिक क्याम्पसहरु संघीय कानून बमोजिम प्रदेशमा हस्तान्तरण भै आएमा त्यस्ता क्याम्पसहरुलाई सम्बन्धन दिन यस दफाले रोक लगाएको मानिने छैन।

३४. **स्वायत्तता प्रदान गर्न सक्ने**: (१) विश्वविद्यालयले आफ्नो संकाय वा आङ्गिक क्याम्पसलाई प्राज्ञिक (पाठ्यक्रम निर्माण र परीक्षा सञ्चालन समेत), अनुसन्धानात्मक, संगठनात्मक, वित्तीय, प्रशासकीय वा व्यवस्थापकीय स्वायत्तता प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वायत्तता प्रदान गरिएका संकाय वा क्याम्पस सम्बन्धित विश्वविद्यालयको संगठनको रुपमा रहनेछ र त्यस्तो संकाय वा क्याम्पसले सो विश्वविद्यालयको नाम र संरक्षण प्राप्त गर्नेछ।

(३) उपदफा (१) बमोजिम स्वायत्तता प्राप्त संकाय वा क्याम्पसले विश्वविद्यालयको स्वीकृति विना कुनै शैक्षिक उपाधि प्रदान गर्न वा आफ्नो सम्पत्ति बिक्री वा अन्य तवरले हस्तान्तरण गर्न सक्ने छैन।

३५. **प्रमाणपत्र र उपाधि दिने**:(१) विश्वविद्यालयले तोकिएको विषयमा उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी र अनुसन्धानकर्तालाई तोकिए बमोजिम उपाधि र मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(२) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो विश्वविद्यालयमा अध्ययन वा काम गर्ने प्रयोजनका लागि तोकिए बमोजिम समकक्षताको प्रमाणपत्रको आधारमा मात्र मान्यता दिन सक्नेछ।

(३) विश्वविद्यालय तथा उच्चशिक्षा शिक्षण संस्थाले देश भित्र वा विदेशी संस्थासँगको सहकार्यमा संयुक्त अध्ययन, अध्यापन, अनुसन्धान कार्य गर्न र संयुक्त डिग्री प्रदान गर्ने व्यवस्था गर्न सक्नेछ।

(४) स्वदेशी विश्वविद्यालय तथा उच्चशिक्षा शिक्षण संस्थाबाट प्राप्त प्रमाणपत्रको समकक्षता स्वतः प्राप्त भएको मानिनेछ तर बाह्य विश्वविद्यालय तथा उच्चशिक्षा शिक्षण

संस्थाहरुको हकमा समकक्षताको निर्धारण तोकिएको निकायबाट राष्ट्रिय योग्यता प्रारुपका आधारमा गरिने व्यवस्था हुनेछ।

(५) उच्चशिक्षाका विभिन्न शैक्षिक कार्यक्रमहरुका सन्दर्भमा समय समयमा परिषद् वा मन्त्रालयबाट निर्देशिका जारी हुनेछ र विश्वविद्यालय तथा उच्चशिक्षा शिक्षण संस्थाहरुले अनिवार्य रुपमा त्यस्तो निर्देशिकाको पालना गर्नुपर्नेछ।

३६. <u>विश्वविद्यालय भर्ना हुन चाहिने योग्यता</u>: (१) विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थी वा अनुसन्धानकर्ताको योग्यता तोकिए बमोजिम हुनेछ।

(२) विदेशी विद्यार्थीहरुलाई प्रदेशभित्रका उच्चशिक्षा शिक्षण संस्थाहरुमा अध्ययन गर्न विश्वविद्यालयको भर्ना छनौट पछि सम्बन्धित विश्वविद्यालयले भिसाको लागि प्रदेश सरकार मार्फत नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

३७. <u>छात्रवृत्ति उपलब्ध गराउनु पर्ने</u>: विश्वविद्यालयले आफ्नो विधान अन्तर्गत बनेको छात्रवृत्ति विनियमावली बमोजिम छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ।

३८. <u>शिक्षा नीति अनुरुप काम गर्नुपर्ने</u>: प्रदेश सरकारको प्रदेश शिक्षा नीति अनुरुप कार्य सञ्चालन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

३९. <u>शैक्षिक परामर्श सम्बन्धी व्यवस्था</u>:(१) विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीको लागि प्रदान गरिने शैक्षिक परामर्श सेवा वा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाले मन्त्रालयको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने अनुमतिपत्र सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. <u>शिक्षण संस्था सञ्चालन गर्न स्वीकृति लिनुपर्ने:</u> (१) कसैले विदेशी शिक्षण संस्थाको सम्बन्धमा प्रदेशभित्र उच्च शिक्षा शिक्षण संस्था सञ्चालन गर्न चाहेमा तोकिए बमोजिम परिषद्बाट स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने स्वीकृति तथा शिक्षण संस्था सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. <u>विश्वविद्यालय नामको प्रयोग</u>: यस ऐन बमोजिम स्वीकृति प्राप्त गरेको संस्था वा केन्द्रीय विश्वविद्यालय बाहेक अन्य कुनै पनि संस्थाले विश्वविद्यालय नामको प्रयोग गर्न पाउने छैन।

४२. <u>विश्वविद्यालयको सूची प्रकाशन गर्नुपर्ने</u>: मन्त्रालयले यस ऐन बमोजिम स्वीकृति प्रदान गरेका विश्वविद्यालयको सूची प्रत्येक वर्ष शैक्षिक सत्र शुरु हुनुअघि तोकिए बमोजिम प्रकाशन गर्नु पर्नेछ।

४३. काम कारवाही बदर नहुने: विश्वविद्यालयको कुनै संगठनको कुनै सदस्यको स्थान रिक्त रहेको वा विश्वविद्यालयका कुनै संगठनको गठनमा कुनै त्रुटि भएको कारणले मात्र विश्वविद्यालयका कुनै संगठनबाट भए गरेका काम कारवाही बदर हुने छैन।

४४. प्रदेश सरकारको पूर्व स्वीकृति लिनुपर्ने: प्रदेश सरकारले स्थापना गरेको प्रदेश विश्वविद्यालयले प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा निर्णय गर्नु अघि प्रदेश सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

४५. प्रतिवेदन पेश गर्नुपर्ने: विश्वविद्यालयले आफ्नो वार्षिक प्रतिवेदन विश्वविद्यालयको तोकिएको उच्च निकाय र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

४६. प्रदेश सरकारसँग सम्पर्क: विश्वविद्यालयले, प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४७. नियम वा निर्देशिका बनाउने अधिकार: प्रदेश सरकारले यस ऐनको उद्देश्य कार्यान्वयनको लागि यो ऐनको अधीनमा रही आवश्यक नियम वा निर्देशिका बनाउन सक्नेछ।

४८. अनुसूचीमा हेरफेर गर्न सक्ने: परिषद्को सिफारिशमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

४९. विनियम बनाउने अधिकार: विश्वविद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम र विश्वविद्यालयको विधानको अधीनमा रही आवश्यक विनियम बनाउन सक्नेछ।

## अनुसूची- १
### (दफा १० सँग सम्बन्धित)
### विश्वविद्यालय स्थापना गर्नका लागि चाहिने आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधार

| | विश्वविद्यालय | मानित विश्वविद्यालय |
|---|---|---|
| १. जग्गा/ जमिन | (क) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा पाँच सय रोपनी जग्गा भएको<br>(ख) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पचास विगाहा जग्गा भएको<br>(ग) उल्लेखित जमिन बढीमा तीन स्थानसम्म करीब बीस किलो मिटरको दुरी भित्र व्यवस्थापन गर्न सकिने | (क) पहाडी तथा हिमाली जिल्लामा भए कम्तीमा दुई सय पचास रोपनी जग्गा भएको<br>(ख) तराई तथा भित्री मधेश क्षेत्रमा भए कम्तीमा पच्चीस बिगाहा जग्गा भएको<br>(ग) उल्लेखित जमिन बढीमा दुई स्थानसम्म करीब दश किलोमिटरको दुरीमा व्यवस्थापन गर्न सकिने |
| २. भवन | (क) कम्तीमा पनि शैक्षिक,प्रशासकीय र पुस्तकालयको अलग अलग तीनवटा भवनहरु हुनुपर्ने<br>(ख) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पनि पचास हजार वर्ग फिट क्षेत्रफलको हुनुपर्ने वा हरेक कक्षामा अधिकतम् ४५ जनासम्म विद्यार्थी अटाउँने गरी विद्यार्थी संख्याको अनुपातमा कक्षा कोठाहरु हुनुपर्ने | (क) कम्तीमा पनि शैक्षिक, प्रशासकीय र पुस्तकालयको अलग अलग तीनवटा भवनहरु हुनुपर्ने<br>(ख) कक्षा सञ्चालनको लागि शैक्षिक भवन कम्तीमा पनि पच्चीस हजार वर्ग फिट क्षेत्रफलको हुनुपर्ने वा हरेक कक्षामा ४५ जनासम्म विद्यार्थी अटाउँने गरी विद्यार्थी संख्याको अनुपातमा कक्षा कोठाहरु हुनुपर्ने |
| ३. छात्रावास | (क) विश्वविद्यालयको विद्यार्थीहरुका लागि छात्रावास व्यवस्था हुनुपर्नेछ । सुविधाजनक महिला र पुरुष (छुट्टा छुट्टै) छात्रावासको सुविधा भएको हुनुपर्ने छ। तर आवासीय विश्वविद्यालयको हकमा सबै विद्यार्थीहरुको छात्रावासको | (क) महिला र पुरुषका लागि (छुट्टा छुट्टै) सुविधा सम्पन्न छात्रावासको व्यवस्था हुनुपर्ने। तर आवासीय विश्वविद्यालयको हकमा सबै विद्यार्थीहरुको छात्रवासको व्यवस्था हुनुपर्ने छ । |

| | विश्वविद्यालय | मानित विश्वविद्यालय |
|---|---|---|
| | व्यवस्था हुनुपर्ने छ । | |
| ४. अन्य भौतिक पूर्वाधार | (क) पठनपाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी संख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरु सहितको भौतिक व्यवस्थापन भएको<br>(ख) महिला र पुरुषका लागि अलग अलग र पर्याप्त संख्यामा अपाङ्गमैत्री शौचालय भएको<br>(ग) विद्यार्थी संख्याको अनुपातमा स्तरीय चमेनागृह भएको<br>(घ) प्राथमिक उपचार, पिउने पानी, इन्टरनेट, खेल मैदान, बगैंचा आदिको व्यवस्था भएको | (क) पठनपाठन, अनुसन्धान, प्रयोगात्मक कार्य आदिका लागि विद्यार्थी संख्याको अनुपातमा पर्याप्त फर्निचर र उपकरणहरु सहितको भौतिक व्यवस्थापन भएको<br>(ख) महिला र पुरुषका लागि अलग अलग र पर्याप्त संख्यामा अपाङ्गमैत्री शौचालय भएको<br>(ग) विद्यार्थी संख्याको अनुपातमा स्तरीय चमेनागृह भएको<br>(घ) प्राथमिक उपचार, पिउने पानी, इन्टरनेट खेल मैदान बगैचा आदिको व्यवस्था भएको |
| शैक्षिक आधारहरु | | |
| ५. पुस्तकालय | (क) विद्यार्थी संख्याको अनुपातमा पर्याप्त संख्यामा आवश्यक स्तरीय पुस्तकहरु सहितको सुविधा सम्पन्न पुस्तकालयको व्यवस्था भएको<br>(ख) सबै पाठकहरुबीच सूचना प्रविधिको पहुँच पुग्न सक्ने गरी आवश्यक व्यवस्था भएको<br>(ग) विद्युतीय पुस्तकालय (इ-लाइब्रेरी) को व्यवस्था भएको<br>(घ) आवश्यक व्यवस्थापकीय सुबिधा सहितको अध्ययन कक्षको व्यवस्था भएको | (क) विद्यार्थी संख्याको अनुपातमा पर्याप्त संख्यामा आवश्यक स्तरीय पुस्तकहरु सहितको सुविधा सम्पन्न पुस्तकालयको व्यवस्था भएको<br>(ख) सबै पाठकहरुबीच सूचना प्रविधिको पहुँच पुग्न सक्ने गरी आवश्यक व्यवस्था भएको<br>(ग) विद्युतीय पुस्तकालय (इ-लाइब्रेरी) को व्यवस्था भएको<br>(घ) आवश्यक व्यवस्थापकीय सुविधा सहितको अध्ययन कक्षको व्यवस्था भएको |
| ६. प्रयोगशाला | (क) प्राविधिक विषयसँग सम्बन्धित विश्वविद्यालयको हकमा विद्यार्थी | (क) प्राविधिक विषयसँग सम्बन्धित विश्वविद्यालयको हकमा विद्यार्थी |

| | विश्वविद्यालय | मानित विश्वविद्यालय |
|---|---|---|
| | संख्याको अनुपातमा पर्याप्त उपकरण, औजार तथा रसायनहरु सहितको सुविधायुक्त प्रयोगशाला भएको। | संख्याको अनुपातमा पर्याप्त उपकरण, औजार तथा रसायनहरु सहितको सुविधायुक्त प्रयोगशाला भएको। |
| ७. शिक्षक /प्राध्यापक | (क) अध्यापन र अनुसन्धान गर्नका लागि आवश्यक संख्यामा तोकिएको योग्यता पुगेका शिक्षक/प्राध्यापकहरु भएको<br>(ख) सबै शिक्षकहरु पूर्णकालीन भएको<br>(ग) जम्मा शिक्षक संख्यामध्ये कम्तीमा एक तिहाई शिक्षकहरु विद्यावारिधि वा एमफिल उपाधि प्राप्त गरेको हुनुपर्ने<br>(घ) जम्मा शिक्षक संख्या मध्ये कम्तीमा दश प्रतिशत शिक्षक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त अनुसन्धानमूलक जर्नलमा लेखहरु प्रकाशन गरेको हुनुपर्ने। | (क) अध्यापन र अनुसन्धान गर्नका लागि आवश्यक संख्यामा तोकिएको योग्यता पुगेका शिक्षक÷प्राध्यापकहरु भएको<br>(ख) सबै शिक्षकहरु पूर्णकालीन भएको<br>(ग) जम्मा शिक्षक संख्यामध्ये कम्तीमा एक तिहाई शिक्षकहरु विद्यावारिधि वा एमफिल उपाधि प्राप्त गरेको हुनुपर्ने ।<br>(घ) जम्मा शिक्षक संख्यामध्ये कम्तीमा दश प्रतिशत शिक्षक राष्ट्र्य तथा अन्तर्राष्ट्रिय मान्यता प्राप्त अनुसन्धानमूलक जर्नलमा लेखहरु प्रकाशन गरेको हुनुपर्ने। |
| ८. कर्मचारी | (क) आवश्यक संख्यामा निर्धारित क्षमता दक्षता प्रतिबद्धता सहितका कर्मचारी | (क) आवश्यक संख्यामा निर्धारित क्षमता दक्षता प्रतिबद्धता सहितका कर्मचारी |
| ९. विद्यार्थी | (क) साधारण तथा प्राविधिक विषयमा पठनपाठन तथा अनुसन्धान गर्ने गराउने सघन विश्वविद्यालय भएमा कम्तीमा पनि तीन हजार विद्यार्थी भएको।<br>(ख) तर प्रदेश सरकारले स्थापना गर्ने | (क) साधारण तथा प्राविधिक विषयमा पठनपाठन तथा अनुसन्धान गर्ने गराउने सघन विश्वविद्यालय भएमा कम्तीमा पनि एक हजार पाँच सय विद्यार्थी भएको। |

| | विश्वविद्यालय | मानित विश्वविद्यालय |
|---|---|---|
| | विश्वविद्यालयहरुको लागि यो विद्यार्थी संख्या विश्वविद्यालय स्थापनाको लागि अनिवार्य आधार हुने छैन।<br>(ग) प्राविधिक विषयका हकमा सम्बन्धित अधिकार प्राप्त निकायले निर्धारण गरेको संख्या अनुसार हुनु पर्नेछ। | (ख) तर प्रदेश सरकारले स्थापना गर्ने विश्वविद्यालयहरुको लागि यो विद्यार्थी संख्या विश्वविद्यालय स्थापनाको लागि अनिवार्य आधार हुने छैन।<br>(ग) सञ्चालनमा रहिरहेको कुनै क्याम्पसको स्तरोन्नति गरी विश्वविद्यालयमा रुपान्तरण गर्न लागिएको भएमा उक्त क्याम्पसमा कम्तीमा पनि एक हजार पाँच सय विद्यार्थीहरु अध्ययनरत भएको, स्नातकोत्तर तहमा कम्तीमा पनि पाँच व्याच विद्यार्थीहरु दिक्षित भएको र गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने ।<br>(घ) प्राविधिक विषयका हकमा सम्बन्धित अधिकार प्राप्त निकायले निर्धारण गरेको संख्या अनुसार हुनु पर्नेछ। |
| १०. कोष | (क) सघन विश्वविद्यालय भएमा विश्वविद्यालयको नाममा कम्तीमा पनि पचास करोड रुपैयाँको अक्षय कोष भएको हुनुपर्ने।<br>(ख) विशिष्टिकृत (विषयगत) विश्वविद्यालय भएमा कम्तीमा बीस करोड रुपैयाँको अक्षय कोष स्थापना भएको हुनु पर्ने।<br>(ग) विश्वविद्यालयमा दश करोड | (क) सघन विश्वविद्यालय भएमा विश्वविद्यालयको नाममा कम्तीमा पनि पच्चिस करोड रुपैयाँको अक्षय कोष वा खर्च नहुने कोष स्थापना भएको हुनुपर्ने<br>(ख) विशिष्टिकृत (विषयगत) विश्वविद्यालय भएमा कम्तीमा दश करोड रुपैयाँको अक्षय कोष वा खर्च नहुने कोष |

| | विश्वविद्यालय | मानित विश्वविद्यालय |
|---|---|---|
| | रुपैयाँको अर्को (अलग्गै) खर्च हुने कोषको स्थापना गरी उक्त कोषमा जम्मा हुने रकमको सम्भावित स्रोतहरु पहिचान भएको हुनुपर्ने। | स्थापना भएको हुनु पर्ने।<br>(ग) विश्वविद्यालयमा पाँच करोड रुपैयाँको अर्को (अलग्गै) खर्च हुने कोषको स्थापना गरी उक्त कोषमा जम्मा हुने रकमको सम्भावित स्रोतहरु पहिचान भएको हुनु पर्ने। |
| अन्य आधारहरु | | |
| ११. अन्य आवश्यक मापदण्ड र पूर्वाधारहरु पूरा भएको | (क) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुने।<br>(ख) सामाजिक प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुने।<br>(ग) सम्भाव्यता अध्ययनको प्रतिवेदन अनिवार्य हुने।<br>(घ) विश्वविद्यालयमा आन्तरिक गुणस्तर सुनिश्चितता केन्द्रको स्थापना भएको हुनुपर्ने।<br>(ङ) चिकित्सा तथा इन्जिनियरिङ जस्ता विशेष पूर्वाधारहरु आवश्यक पर्ने उच्च शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने विश्वविद्यालयका लागि सम्बन्धित नियमनकारी निकायको परामर्शमा थप पूर्वाधारहरु तोक्न सकिने। | (क) वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुने।<br>(ख) सामाजिक प्रभाव मूल्याङ्कनको प्रतिवेदन अनिवार्य हुने।<br>(ग) सम्भाव्यता अध्ययनको प्रतिवेदन अनिवार्य हुने।<br>(घ) विश्वविद्यालयमा आन्तरिक गुणस्तर सुनिश्चितता केन्द्रको स्थापना भएको हुनुपर्ने।<br>(ङ) चिकित्सा तथा इन्जिनियरिङ जस्ता विशेष पूर्वाधारहरु आवश्यक पर्ने उच्च शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने विश्वविद्यालयका लागि सम्बन्धित नियमनकारी निकायको परामर्शमा थप पूर्वाधारहरु तोक्न सकिने। |

# पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७

प्रमाणीकरण मिति २०७८/०१/०५

## <u>प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना र संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> प्रदेशको विकासमा महत्वपूर्ण योगदान गर्न सक्ने पूर्वाधार विकास योजनाको तर्जुमा गरी कार्यान्वयन गर्न, योजनालाई छिटो, छरितो र प्रभावकारी रुपमा सम्पन्न गर्न र सार्वजनिक, नीजि साझेदारी र विदेशी लगानीलाई पूर्वाधार विकासमा परिचालन गर्न तथा आधुनिक प्रविधिजन्य एवं उच्च प्रतिफलयुक्त आयोजनाहरुको निर्माण र संचालन मार्फत रोजगारी र आय आर्जनका अवसरको सिर्जना गरी प्रदेश र जनताको समृद्धि अभिवृद्धि गर्न एक स्वायत्त र सक्षम निकायको रुपमा प्रदेश पूर्वाधार विकास प्राधिकरणको स्थापना गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "पूर्वाधार विकास प्राधिकरण ऐन, २०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "कार्यकारी अधिकृत" भन्नाले दफा १७ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनुपर्छ।

(ख) "जग्गा" भन्नाले जुनसुकै जग्गा र त्यसमा स्थायी रूपले रहेको घर, बनोट, ताल, पोखरी, रुख आदिलाई सम्झनुपर्छ।

(ग) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले लुम्बिनी प्रदेशको सरकारलाई सम्झनु पर्छ।

(च) "प्राधिकरण" भन्नाले दफा ३ बमोजिम स्थापना भएको प्रदेश पूर्वाधार विकास प्राधिकरण सम्झनु पर्छ।

(छ) "भवन" भन्नाले आवासीय, कार्यालय, औद्योगिक, व्यापारिक वा अन्य कुनै प्रयोगको लागि बनेको भवन वा घर सम्झनु पर्छ र सो शब्दले गोदाम

घर, टहरा, गोठ, ग्यारेज, चर्पी, पर्खाल वा त्यसको कुनै भागलाई समेत जनाउँछ।

(ज) "योजना" भन्नाले दफा ६ बमोजिमको पूर्वाधार विकास योजना सम्झनु पर्छ।

(झ) "योजना क्षेत्र" भन्नाले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको योजनाको क्षेत्र सम्झनुपर्छ।

(ञ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिमको गाउँपालिका वा नगरपालिकालाई सम्झनुपर्छ।

(ट) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष र उपाध्यक्षलाई समेत जनाउँछ।

(ठ) "समिति" भन्नाले दफा १३ बमोजिम गठित पूर्वाधार विकास समिति सम्झनु पर्छ।

(ड) "सेवा सुविधा" भन्नाले सडक, बाटो, खुल्ला ठाउँ, उद्यान, मनोरञ्जनस्थल, खेल मैदान, पानी, बिजुली, टेलिफोन, ढल निकास, विद्यालय, अस्पताल र यस्तै प्रकृतिका अन्य सुविधालाई सम्झनु पर्छ।

## परिच्छेद-१

## प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्राधिकरणको स्थापना:** प्रदेशभित्र पूर्वाधार विकास योजनाको तर्जुमा र कार्यान्वयन गरी प्रदेशको समग्र विकासमा उल्लेखनीय योगदान पुऱ्याउने उद्देश्यले प्रदेश सरकारले प्रदेश पूर्वाधार विकास प्राधिकरण स्थापना गर्नेछ।

४. **प्राधिकरण संगठित संस्था हुने:** (१) दफा ३ बमोजिम स्थापित प्राधिकरण अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्राधिकरणको आफ्नो छुट्टै छाप हुनेछ।

(३) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आर्जन गर्न, भोगचलन गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ।

(४) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) प्राधिकरणले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न र दायित्व निर्वाह गर्न वा अन्य कुनै किसिमबाट कुनै किसिमको हक वा दायित्व स्वीकार गर्न सक्नेछ।

५. <u>प्राधिकरणको काम, कर्तव्य र अधिकार</u>: (१) प्राधिकरणको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रदेशभित्र कुनै क्षेत्रलाई भू-उपयोग योजना बनाई सो अनुरुप पूर्वाधार र अन्य निर्माणका लागि मापदण्ड र विधि निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) धार्मिक, साँस्कृतिक, ऐतिहासिक, आर्थिक, सामाजिक र पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण सम्पदाहरुको संरक्षण गर्दै तिनीहरुको विकासका लागि आवश्यक परियोजना बनाई संचालन गर्ने, गराउने,

(ग) योजना क्षेत्रको प्राकृतिक र वातावरणीय संवेदनशीलतालाई विचार गरी क्षेत्रहरुको संरक्षणका लागि प्राकृतिक सम्पदाहरुमा प्रतिकुल प्रभाव नपर्ने सुनिश्चितता सहित प्राकृतिक सम्पदाको उपयोग गर्ने, गराउने,

(घ) योजनाले निर्दिष्ट गरे बमोजिम दफा १० बमोजिमको जग्गा विकास कार्यक्रम बनाई कार्यान्वयन गर्ने,

(ङ) पूर्वाधार विकासका लागि आवश्यक निर्माण सामग्री उत्खनन गरी बिक्री, वितरणका लागि आवश्यक व्यवस्था गर्ने,

(च) प्राधिकरणको पूर्ण, बहुमत वा आंशिक स्वामित्वको कम्पनी मार्फत कुनै परियोजना निर्माण र संचालन गर्ने,

(छ) प्राधिकरणले छनौट गरेका आयोजनाको लागि नीजि, सार्वजनिक वा विदेशी लगानीको व्यवस्था गर्ने,

(ज) योजनाका सम्बन्धमा प्रदेश सरकारले दिएको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने, गराउने।

(२) यस ऐन बमोजिम काम कारवाही गर्दा प्रदेश सरकारका निकाय तथा अन्य सम्बन्धित निकायसँग समन्वय कायम गरी काम गर्नु प्राधिकरणको कर्तव्य हुनेछ।

६. <u>पूर्वाधार विकास योजनाको तर्जुमा र स्वीकृति</u>: (१) प्रदेशको पूर्वाधार विकासको लागि देहायको कुनै वा सबै उद्देश्य पूरा गर्न प्राधिकरणले पूर्वाधार विकास योजना तर्जुमा गर्न सक्नेछ :-

(क) प्रदेशलाई औद्योगिक, व्यापारिक, पर्यटकीय, सांस्कृतिक एवं आर्थिक केन्द्रको रूपमा विकास गर्ने,

(ख) प्रदेशमा पूर्वाधार सम्बन्धी आयोजनाको विकास, विस्तार र निर्माण गर्ने,

(ग) पूर्वाधार विकासको लागि स्थानीय तहको समन्वयमा भू–उपयोग योजना (ल्याण्ड यूज प्लान) तयार गर्ने,

(घ) जनसाधारणलाई आवश्यक सार्वजनिक सेवा, सुविधा सरल र सर्वसुलभ रुपमा उपलब्ध गराउने,

(ङ) उपर्युक्त कार्यहरूसँग सम्बद्ध अन्य कार्यहरू गर्ने।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले तर्जुमा गरेको योजना प्रदेश सरकारबाट स्वीकृत गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारबाट स्वीकृत भएको योजना प्राधिकरणले कार्यान्वयन गर्नेछ।

७. <u>रोक लगाउन सक्ने</u>: (१) योजना कार्यान्वयन गर्न प्राधिकरणले समय समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी बढीमा तीन वर्षको अवधि ननाघ्ने गरी सोही सूचनामा तोकिएको अवधिभरको लागि योजना क्षेत्रभित्र पर्ने तोकिएको क्षेत्रमा जुनसुकै प्रकारको भवन, जग्गा आदी अचल सम्पत्ति प्राधिकरणको पूर्व स्वीकृति विना कुनै प्रकारले स्वरुप परिवर्तन गर्न वा कित्ताकाट गर्न वा नया संरचना निर्माण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम रोक लगाएको कुराको सूचना प्राधिकरणले घर जग्गा रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालय तथा सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

(३) रजिष्ट्रेशन गर्ने सम्बन्धित कार्यालयले उपदफा (२) बमोजिमको सूचना पाएपछि त्यस्तो अचल सम्पत्ति कित्ताकाट गर्ने गरी रजिष्ट्रेशन गर्न हुँदैन।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि यस दफा बमोजिम रोक लगाउने सूचना प्रकाशन गर्नुअघि प्राधिकरणले प्रदेश सरकारसँग स्वीकृती लिनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको अवधिभित्र योजना कार्यान्वयन हुन नसक्ने भएमा प्रदेश सरकारको स्वीकृती लिएर प्राधिकरणले रोक्का अवधि थप गर्न सक्नेछ।

८. <u>नियमित, नियन्त्रण वा निषेध गर्न सक्ने</u>: (१) योजना कार्यान्वयन गर्ने प्रयोजनको लागि प्राधिकरणले समय समयमा स्पष्टरूपले सार्वजनिक रूपमा सूचना प्रकाशन गरी योजना क्षेत्रभित्र पर्ने सोही सूचनामा तोकिएको क्षेत्रमा देहायका काम कुराहरू आवश्यकता

अनुसार नियमित, नियन्त्रण वा निषेध गर्न सक्नेछ र त्यसरी नियमित, नियन्त्रण वा निषेध गरिएका काम कुराहरू प्राधिकरणको पूर्व स्वीकृति बिना कसैले गर्न गराउन हुँदैनः–

(क) प्राकृतिक सम्पदा, पुरातात्विक, धार्मिक, ऐतिहासिक स्थलहरू, पर्ति, ऐलानी र सरकारी जग्गाहरू र अचल सम्पत्तिको उपभोग तथा प्रयोग गर्ने,

(ख) आवादी तथा पर्ति जग्गाहरू भू–उपयोग योजना अनुरूप उपभोग वा प्रयोग गर्ने,

(ग) कुनै प्रकारको भवन निर्माण गर्ने वा निर्माण भैसकेका भवनहरूको विस्तार गर्ने,

(घ) कुनै प्रकारको वस्ती वा बसोवास बसाउने वा मनोरञ्जन स्थल, बजार, हाट, उद्योग आदि बसाल्ने वा बनाउने,

(ङ) प्राकृतिक सौन्दर्य, पर्यटन स्थल वा जनसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वा कुनै प्रकारले वातावरण दूषित हुने काम गर्ने,

(च) बाटो, पुल, यातायातको साधन, पानी, बत्ती, टेलिफोन लाइन आदि प्रयोग गर्ने।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति दिंदा प्राधिकरणले कसैको अचल सम्पत्तिको भोग चलनमा कुनै किसिमको बन्देज लगाउँदा सार्वजनिक हितलाई ध्यानमा राखी सर्वसाधारण जनतालाई उपयोगी हुने भएमा मात्र बन्देज लगाउन सक्नेछ र त्यस्तो बन्देज सम्बन्धी निर्णय गर्दा वा तत्सम्बन्धी सूचना वा आदेश जारी गर्दा त्यस्तो सार्वजनिक हित हुने कुरा समेत स्पष्ट खुलाउनु पर्नेछ।

(३) प्राधिकरणले स्वीकृति दिंदा आंशिक वा पूर्ण रूपले स्वीकृति दिन वा नदिन सक्नेछ वा स्वीकृति दिंदा आवश्यक शर्त समेत तोकिदिन सक्नेछ।

(४) योजना क्षेत्रभित्रको कुनै अचल सम्पत्तिको तथ्याङ्क लिन वा सर्भे गर्नको लागि कसैको जग्गामा प्रवेश गर्न वा सम्बन्धित व्यक्तिलाई बुझ्न प्राधिकरणलाई पूर्ण अधिकार हुनेछ।

९. <u>रोक्ने वा भत्काउने अधिकार</u>: (१) दफा ८ अन्तर्गत प्राधिकरणले नियमित, नियन्त्रण वा निषेध गरेका काम कुराहरू कसैले प्राधिकरणको पूर्व स्वीकृति बिना गरेमा वा प्राधिकरणले स्वीकृति दिंदा कुनै शर्त तोकिदिएको भए त्यस्तो शर्त विपरीत हुने गरी गरेमा प्राधिकरणले त्यस्तो काम तत्काल रोक्ने आदेश दिन सक्नेछ र त्यस्तो कामको सिलसिलामा कुनै निर्माण गरेको रहेछ भने प्राधिकरणले पैंतीस दिनको म्याद दिई सम्बन्धित व्यक्तिलाई

त्यसरी स्वीकृति बिना वा शर्त विपरीत निर्माण गरेको जति भाग भत्काउन वा हटाउन आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राधिकरणले कुनै निर्माणको भाग भत्काउन वा हटाउन दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले सो आदेश पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालत समक्ष उजुरी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम उजुरी परेकोमा उच्च अदालतबाट त्यस्तो निर्माणको भाग भत्काउने वा हटाउने गरी निर्णय भएमा सो निर्णय भएको मितिले पैंतीस दिनभित्र र उजुरी नपरेकोमा उपदफा (१) बमोजिम प्राधिकरणले आदेश दिएको मितिले पैंतीस दिन भित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग भत्काउनु वा हटाउनु पर्नेछ।

(४) उपदफा (३) को म्यादभित्र सम्बन्धित व्यक्तिले त्यस्तो निर्माणको भाग नभत्काएमा वा नहटाएमा प्राधिकरण आफैले भत्काउन वा हटाउन सक्नेछ र त्यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्नेछ।

१०. <u>जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने</u>: (१) प्रदेशमा आयोजनाहरुको विकास गर्ने क्रममा वा विभिन्न आय वर्गका व्यक्तिहरूको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्नको लागि आवास घडेरीको व्यवस्था गर्न, सुविधा सम्पन्न आधुनिक शहरको निर्माण गर्न वा अन्य शहरी क्रियाकलापको लागि प्राधिकरणले प्रदेश सरकारको नीति निर्देशनको अधीनमा रही देहाय बमोजिम जग्गा विकास कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ :-

(क) योजना क्षेत्रको कुनै भागमा स्थानीय जग्गाधनी र मोहीहरू समेतको सहभागिता हुने गरी सेवा सुविधा सम्बन्धी आयोजना तर्जुमा गर्ने र सो आयोजना बमोजिमको काम गर्न प्रदेश सरकारको सम्बन्धित निकाय, कुनै संगठित संस्था वा स्थानीय तह वा स्थानीय जनताले लगानी गर्ने गरी निर्देशित जग्गा विकास (गाईडेड ल्याण्ड डेभलपमेण्ट) कार्यक्रम सञ्चालन गर्ने,

(ख) योजना क्षेत्रभित्रको कुनै भागमा रहेका जग्गाका विभिन्न कित्ताहरूलाई एकीकरण गरी सो जग्गामा विकास योजना अनुरूप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरू बिक्री गरी असूल गर्ने र बाँकी विकसित घडेरीहरू साबिककै जग्गा धनी वा मोहीहरूलाई समानुपातिक आधारमा फिर्ता

दिने व्यवस्था गरी जग्गा एकीकरण (ल्याण्ड पुलिंग) कार्यक्रम सञ्चालन गर्ने,

(ग) योजना क्षेत्रको कुनै भागको जग्गा दफा ११ बमोजिम प्रदेश सरकारमार्फत प्राप्त गरी प्राधिकरण आफैले त्यस्तो जग्गामा सेवा सुविधाको व्यवस्था गरी घडेरीहरू तयार गर्ने र बिक्री वितरण गर्ने गरी घडेरी तथा सेवा सुविधा (साईट्स एण्ड सर्भिसेज) कार्यक्रम सञ्चालन गर्ने,

(घ) खण्ड (ख) बमोजिम जग्गा विकास कार्यक्रम सञ्चालनको निमित्त कुनै जग्गाधनीको एकीकरण गरिएको वा प्राप्त गरिएको जग्गा जग्गा विकास कार्यक्रम अनुसार निर्धारित न्यूनतम इकाईको घडेरीको क्षेत्रफल भन्दा कम हुने रहेछ भने त्यस्तो जग्गाधनीलाई लागेको खर्च लिई न्यूनतम इकाईको एक घडेरी उपलब्ध गराउने।

(२) प्राधिकरणले प्रदेश राजधानीको पूर्वाधार विकास र निर्माणको लागि यस ऐन बमोजिम योजना तर्जुमा गरी प्रदेश सरकारबाट स्वीकृत गराई सो योजना कार्यान्वयनका लागि जग्गा विकास कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) यस दफा बमोजिम जग्गा विकास सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था र कार्यविधि तोकिए बमोजिम हुनेछ।

११. <u>जग्गा प्राप्त गर्नेः</u> (१) प्रदेश सरकारले दफा १० को उपदफा (१) को खण्ड (ग) बमोजिमको जग्गा विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने जग्गा प्रचलित कानून बमोजिम प्राप्त गरी प्राधिकरणलाई उपलब्ध गराउन सक्नेछ।

(२) यस दफा बमोजिम जग्गा एकीकरण कार्यक्रम सञ्चालनका लागि जग्गा प्राप्त गर्दा जग्गाको मुआब्जा वापत विकसित घडेरी उपलब्ध गराउने गरी जग्गा प्राप्त गर्न सक्नेछ।

(३) यस दफा बमोजिम जग्गा प्राप्त गर्दा योजना वा कार्यक्रमसँग सम्बन्धित आयोजना सञ्चालन हुने स्थानको कूल जग्गा मध्ये अधिकांश जग्गा र जग्गा धनीले त्यस्तो आयोजना सञ्चालन गर्न लिखित रुपमा अस्वीकार गरेको अवस्थामा मात्र उपदफा (२) बमोजिम जग्गा प्राप्त गरिने छैन।

(४) उपदफा (३) को अवस्थामा उक्त आयोजना संशोधन र परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

१२. **आर्थिक स्रोत जुटाउन सक्ने**: प्राधिकरणले आफ्नो काम सुचारु रूपले सञ्चालन गर्नको लागि आवश्यक पर्ने खर्चको लागि प्रदेश सरकारको पूर्व स्वीकृति लिई ऋण लिन, अनुदान प्राप्त गर्न वा अन्य कुनै किसिमबाट आर्थिक स्रोत जुटाउन सक्नेछ।

## परिच्छेद-२

## पूर्वाधार विकास समिति सम्बन्धी व्यवस्था

१३. **पूर्वाधार विकास समितिको गठन**: (१) प्रदेश पूर्वाधार विकास प्राधिकरणको नीतिगत कार्य संचालन र व्यवस्थापनका लागि एक पूर्वाधार विकास समिति रहने छ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी रहने छन्,–

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय -उपाध्यक्ष

(ग) प्रमुख सचिव, प्रदेश सरकार -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्राल -सदस्य

(ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -सदस्य

(च) प्रदेश योजना आयोगका पूर्वाधार हेर्ने -सदस्य

(छ) कम्तिमा १ जना महिला सहित प्रदेश सरकारबाट नियुक्त २ जना पूर्वाधारविद् -सदस्य

(ज) प्रमुख कार्यकारी अधिकृत -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक रहेमा पुनः एक पटक नियुक्त गर्न सकिनेछ।

(४) उपदफा (२) को खण्ड (छ) बमोजिमका सदस्यको योग्यता देहायबमोजिम हुनेछः-

(क) ३५ वर्ष उमेर पुरा गरी ६० बर्ष ननाघेको,

(ख) कम्तिमा १० वर्ष पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक निजि साझेदारी, दिगो विकास, ईन्जिनियरिङ्ग, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको।

(५) उपदफा (२) को खण्ड (छ) बमोजिमको सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछः-

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(घ) उपदफा (१) बमोजिम पदमा नियुक्त हुने योग्यता नरहेमा,

(ङ) निजको मृत्यु भएमा।

(६) उपदफा (२) को खण्ड (छ) बमोजिम नियुक्त सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा त्यस्तो सदस्यलाई प्रदेश सरकारले जुनसुकै समयमा समितिको सदस्यबाट हटाउन सक्नेछ।

(७) उपदफा (२) बमोजिम कुनै सदस्यको पद रिक्त भएमा सो पदमा अर्को व्यक्तिको नियुक्ति हुन सक्नेछ।

१४. <u>समितिको काम, कर्तव्य र अधिकारः</u> (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) योजनाको तर्जुमा तथा कार्यान्वयन सम्बन्धी नीति निर्धारण गर्ने,

(ख) योजनालाई अन्तिम रूप दिने,

(ग) योजना अन्तर्गतका कार्यक्रमहरूको प्रगति समीक्षा र मूल्याङ्कन गर्ने,

(घ) प्राधिकरणको वार्षिक बजेट र विनियम स्वीकृत गर्ने,

(ङ) प्राधिकरणको कार्यकारी अधिकृत र कर्मचारीलाई आवश्यक निर्देशन दिने।

(२) उपदफा (१) मा लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्राधिकरणलाई प्राप्त भएका सबै अधिकारको प्रयोग समितिले गर्नेछ।

१५. <u>समितिको बैठक सम्बन्धी कार्यविधि:</u>(१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एक पटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र समितिको सदस्य सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि सदस्यहरूलाई दिनु पर्नेछ।

(३) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(५) समितिले अवश्यकता अनुसार कुनै आयोजना वा परियोजना सम्बन्धी निर्णय गर्नुपर्दा सम्बन्धित मन्त्रालयका मन्त्री र सचिवलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ।

(६) समितिले आवश्यकता अनुसार स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) बैठकको अध्यक्षता गर्ने व्यक्तिले बैठकको निर्णय प्रमाणित गर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१६. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने:</u> (१) प्राधिकरणले आफ्नो कार्य सुचारु रूपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्यवधि त्यस्तो समिति वा कार्यदल गठन गर्दाको बखत संचालक समितीले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-३

## <u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था</u>

१७. <u>प्रमुख कार्यकारी अधिकृतको नियुक्ति:</u> (१) प्रदेश सरकारले प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृत प्राधिकरणमा पूरा समय काम गर्ने प्रमुख प्रशासनिक पदाधिकारी हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि नियुक्ति भएको मितिले चार वर्षको हुनेछ।

(४) प्रमुख कार्यकारी अधिकृतले नियुक्ति भएको तिस दिनभित्र प्रदेश सरकारसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा निजको पदावधिमा सम्पन्न गर्नुपर्ने मुख्य कार्यहरुको विवरण समेत उल्लेख हुनेछ।

(५) प्रमुख कार्यकारी अधिकृतको काम सन्तोषजनक नभएमा प्रदेश सरकारले निजलाई पदबाट हटाउन सक्नेछ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

(६) प्राधिकरणको काम, कारबाही तथा कार्य प्रगतिका लागि प्रमुख कार्यकारी अधिकृत प्रदेश सरकारप्रति जवाफदेही हुनेछ।

१८. <u>प्रमुख कार्यकारी अधिकृतको योग्यता तथा पद रिक्त हुने अवस्थाः</u> (१) देहायको योग्यता पुगेको कुनै नेपाली नागरिकलाई प्राधिकरणको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्ति गर्न सकिनेछः-

(क) ३५ वर्ष उमेर पूरा गरी ६५ बर्ष ननाघेको,

(ख) कम्तिमा १० वर्ष पूर्वाधार आयोजनाको निर्माण, क्षेत्रीय विकास, पूर्वाधार विकास, लगानी प्रवर्धन, सार्वजनिक, निजि साझेदारी, दिगो विकास, ईन्जिनियरिङ्ग, विकास प्रशासन, व्यवस्थापन वा कानूनका क्षेत्रमा अनुसन्धान वा काम गरेको।

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयमा कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको,

(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(ङ) प्रचलित कानून बमोजिम दामासाहीको अवस्थामा नरहेको।

(२) देहायको अवस्थामा कार्यकारी अधिकृतको पद स्वतः रिक्त हुनेछः–

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) प्रदेश सरकारले निजलाई पदबाट हटाएमा,

(घ) उपदफा (१) बमोजिम पदमा नियुक्त हुने योग्यता नरहेमा,

(ङ) निजको मृत्यु भएमा।

(३) उपदफा (२) बमोजिम कार्यकारी अधिकृतको पद रिक्त भएमा सो पदमा अर्को व्यक्तिको नियुक्ति हुन सक्नेछ।

१९. <u>कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः</u> (१) कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्रका पूर्वाधार आयोजना पहिचान र सूचिकृत गरी छनौटका लागि समिति समक्ष पेश गर्ने,

(ख) छनौट भएका क्षेत्रगत पूर्वाधार आयोजनाहरुको गुरुयोजना तयार गर्ने, गराउने,

(ग) समितिले छनौट गरेका आयोजनाको सम्भाव्यता अध्ययन गर्ने वा गराउने,

(घ) समितिले छनौट गरेका आयोजना विकासका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने वा गराउने,

(ङ) योजना कार्यान्वयन वा परियोजना निर्माण वा संचालनका लागि प्रचलित कानून बमोजिम आवश्यक जग्गा खरिद वा जग्गा प्राप्ति गर्न प्रदेश सरकारसँगको समन्वयमा आवश्यक कार्य गर्ने,

(च) परियोजना निर्माण वा विकास गर्दा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गराउने,

(छ) प्राधिकरणलाई आवश्यक पर्ने स्वदेशी वा विदेशी अनुसन्धानकर्ता, विज्ञ वा प्राविधिकहरुको सूची तयार गर्ने,

(ज) प्रचलित कानून बमोजिम प्राधिकरणले गर्ने निर्माण कार्य गर्ने, गराउने, सामग्री खरिद गर्ने, परामर्शदाताको सेवा लिने तथा कार्यालय प्रमुखको हैसियतले सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्ने,

(झ) प्राधिकरणको कामसँग सम्बन्धित अन्य विषयमा प्रदेश सरकार, स्थानीय तह, जनप्रतिनिधि, नागरिक समाज तथा अन्य सरोकारवालाहरुसँग परामर्श र समन्वय गर्ने,

(ञ) आवश्यकता अनुसार पूर्वाधार विकासका सम्बन्धमा सेमिनार, गोष्ठी, कार्यशाला, प्रदर्शनी, सम्मेलन आदि सञ्चालन गर्ने,

(२) उपदफा (१) मा उल्लेख भएको अतिरिक्त कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राधिकरणको प्रमुख कार्यकारी पदाधिकारीको हैसियतले प्राधिकरणको समग्र व्यवस्थापन, सञ्चालन गर्ने वा गराउने,

(ख) प्राधिकरणको संगठन स्थापना गर्न कार्ययोजना बनाई स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(ग) प्राधिकरणको मानवस्रोत व्यवस्थापन, आर्थिक प्रशासन तथा अन्य काम, कारवाहीको संचालन सुपरीवेक्षण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने,

(घ) यस ऐन र प्रचलित कानून बमोजिम प्राधिकरणको तर्फबाट स्वदेशी तथा विदेशी लगानीकर्ता संघ, संस्थासँग सम्पर्क राख्ने र सम्झौता वा समझदारीको ढाँचा तयार गर्ने,

(ङ) प्राधिकरणको बैठकको निर्णय कार्यान्वयन गर्ने वा गराउने,

(च) समितिले अधिकार प्रत्यायोजन गरी तोकेका अन्य काम गर्ने वा गराउने।

२०. कार्यकारी अधिकृतको पारिश्रमिक तथा अन्य सेवा सुविधाः (१) कार्यकारी अधिकृतको पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम पारिश्रमिक, सुविधा तथा सेवाको अन्य शर्तहरु नतोकिएसम्म कार्यकारी अधिकृतले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको पारिश्रमिक तथा सुविधा पाउनेछ।

## परिच्छेद-४

## विविध

२१. मानवस्रोत व्यवस्थापनः (१) प्राधिकरणको कार्य सम्पादनको लागि प्राधिकरणमा आवश्यक संङ्ख्यामा कर्मचारीहरु रहनेछन्।

(२) उपदफा (१) बमोजिम प्राधिकरणमा रहने कर्मचारीको पद र संख्या प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्राधिकरणले उपदफा (१) बमोजिमका कर्मचारीहरू मध्ये आवश्यकता अनुसार प्राविधिक कर्मचारीहरु करारमा नियुक्त गर्न सक्नेछ।

(४) प्राधिकरणका कर्मचारीहरूको पारिश्रमिक सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम प्राधिकरणका कर्मचारीको पदपूर्ति नभएसम्म प्राधिकरणलाई आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउन सक्नेछ।

२२. प्राधिकरणको कोषः (१) प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त हुने रकम,

(ख) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त हुने रकम।

(घ) प्राधिकरणले आर्जन वा प्राप्त गर्ने अन्य रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि प्राधिकरणले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) प्राधिकरणको कोषमा प्राप्त हुने रकम प्रचलित कानून बमोजिम इजाजत प्राप्त कुनै बैंकमा प्राधिकरणको नाममा खाता खोली जम्मा गरिनेछ।

(४) प्राधिकरणको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्राधिकरणलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नुपर्नेछ।

(६) प्राधिकरणको कोषको खाता प्रमुख कार्यकारी अधिकृत वा निजले तोकेको प्राधिकरणको कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(७) प्राधिकरणको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२३. लेखा र लेखापरीक्षणः (१) प्राधिकरणको आय व्ययको लेखा महालेखा परिक्षकले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) प्राधिकरणले प्रदेश सरकारले निर्धारण गरे बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) प्राधिकरणको आन्तरिक लेखा परिक्षण प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट हुनेछ।

(४) प्राधिकरणको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(५) प्रदेश सरकारले प्राधिकरणको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

२४. <u>प्रदेश सरकारको अधिकारः</u> (१) प्राधिकरणले यस ऐन विपरीत कुनै काम गरेमा वा गर्न लागेमा प्रदेश सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ।

(२) प्रदेश सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा यस ऐन बमोजिम प्राधिकरणले दिएको कुनै आदेश पूर्ण वा आँशिक रुपमा बदर गर्न सक्नेछ।

(३) प्राधिकरणले गर्नु पर्ने काम पूरा गरिसकेको छ वा प्राधिकरणले आफूले गर्नु पर्ने काम, कर्तव्य वा निर्देशनको पालना गरेको छैन वा प्राधिकरण कायम राख्न आवश्यक छैन भन्ने ठहराएमा प्रदेश सरकारले प्राधिकरणलाई जुनसुकै बखत विघटन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राधिकरण विघटन भएमा सो प्राधिकरणको हक तथा दायित्व प्रदेश सरकारमा सर्नेछ।

२५. <u>प्राधिकरणको कार्यालयः</u> (१) प्राधिकरणको कार्यालय प्रदेशको राजधानी रहेको जिल्लामा रहनेछ।

(२) प्राधिकरणले आवश्यकता अनुसार परियोजना कार्यालय स्थापना गर्न सक्नेछ।

२६. <u>अधिकार प्रत्यायोजनः</u> (१) समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार प्रमुख कार्यकारी अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्रमुख कार्यकारी अधिकृतले आफूलाई प्राप्त कुनै अधिकार प्राधिकरणका कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२७. <u>वार्षिक प्रतिवेदन पेश गर्नेः</u> (१) प्राधिकरणले तोकिए बमोजिमको विवरण खुलाई प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्राधिकरणको वार्षिक नीति, योजना र प्राधिकरणबाट एक आर्थिक वर्षमा भएका प्रमुख

कार्य र कार्यक्रमको कार्यान्वयनको स्थिति र त्यसको उपलब्धि तथा लागत र प्राधिकरणबाट भएको वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्रदेश सरकार आफैंले वा प्रदेश सरकारको निर्देशनमा प्राधिकरणले सार्वजनिक गर्नु पर्नेछ।

२८. प्रदेश सरकारसँग सम्पर्कः प्राधिकरणले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राख्नु पर्नेछ।

२९. सपथ ग्रहणः प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूचीमा तोकिए बमोजिमको सपथ लिनुपर्नेछ।

३०. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३१. विनियम बनाउने अधिकारः (१) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको अधीनमा रहि प्राधिकरणले आवश्यक विनियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाएको विनियम प्रदेश सरकारले स्वीकृत गरेपछि मात्र लागु हुनेछ।

३२. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची
## (दफा २९ सँग सम्बन्धित)

म------------ ईश्वरको नाममा/ सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्दछु की प्रदेश पूर्वाधार विकास प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतपदको कामकाज प्रचलित कानूनको अधिनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रहको भावना नराखी ईमान्दारिताका साथ गर्नेछु। आफ्नो पदिय हैसियतबाट प्राप्त कर्तव्यको पालना गर्ने सिलसिलामा आफूलाई जानकारी हुन आएको कुरा म पदमा वहाल रहाँदा वा नरहँदा समेत प्रचलित कानूनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट गर्ने छैन।

मितिः-
नामः-
दस्तखतः-

# प्रदेश सडक ऐन, २०७७

प्रमाणीकरण मिति २०७७/०३/१६

<u>संशोधन गर्ने ऐन</u>

प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८

प्रमाणीकरण मिति २०७८/०९/०१

## <u>सडक निर्माण, मर्मत-संभार तथा विस्तार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

<u>प्रस्तावना:</u> सडकको दिगो विकास गर्दै सर्वसाधारण नागरिकलाई छोटो, सुरक्षित, मितव्यायी र आरामदायी आवागमनको प्रत्याभूति गरी नागरिकको आर्थिक हित अभिवृद्धि गर्न तथा प्रादेशिक सडकको वर्गीकरण गरी तिनीहरुको निर्माण, विस्तार, मर्मत-संभार, पुनर्निर्माण एवम् दिगो वातावरणीय व्यवस्थापनबाट समग्र सडक सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

[*] लुम्बिनी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "प्रदेश सडक ऐन,२०७७" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कार्यालय" भन्नाले मन्त्रालय मातहत रहेका सडक पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ।

(ख) "जग्गा" भन्नाले जुनसुकै जग्गा सम्झनु पर्छ र सो शब्दले त्यस्तो जग्गामा रहेको टहरा, घर, रुख इत्यादी र सोसँग स्थायी रुपले जोडिएको संरचना र वस्तुलाई समेत जनाउँछ।

(ग) "तराई क्षेत्र" भन्नाले यस प्रदेशभित्रका चुरे पहाडभन्दा दक्षिणको समथर भू-भाग नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया एवम् दाङ्ग र देउखुरी उपत्यका क्षेत्रको भित्री मधेशको समथर भू-भाग सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

---

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

(ङ) “निर्देशनालय” भन्नाले मन्त्रालय मातहत रहेको यातायात पूर्वाधार निर्देशनालय सम्झनु पर्छ।

(च) "प्रदेश सडक" भन्नाले प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने सार्वजनिक सडक सम्झनु पर्छ।

(छ) “प्रादेशिक लोकमार्ग” भन्नाले राष्ट्रिय लोकमार्ग बाहेकका दुई वा दुई भन्दा बढी जिल्ला भएर जाने प्रदेशका प्रमुख सडक, छिमेकी प्रदेश जोड्ने प्रदेशका मुख्य सडक, राष्ट्रिय लोकमार्गबाट शुरु भई अर्को लोकमार्ग जोड्ने सडक, कुनै केन्द्रीय सडक संजालमा नपर्ने दुई जिल्लाका केन्द्र जोड्ने सडक, संघबाट हस्तान्तरित सहायक लोकमार्गहरु र प्रदेश सरकारले निर्णय गरेका प्रदेश गौरवका सडकहरु सम्झनु पर्छ।

(ज) “प्रादेशिक सडक” भन्नाले प्रदेशभित्रका कम्तीमा स्थानीय तहको दुई केन्द्र जोड्ने सडक, एकै जिल्लाभित्र रहेका राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्ग देखि कृषि, पर्यटन, उद्योग, व्यापार, खानी, बस्ती, जलाशय तथा प्रदेशका महत्त्वपूर्ण आयोजना स्थल जोड्ने सडक, राष्ट्रिय लोकमार्ग वा प्रदेश लोकमार्ग देखि स्थानीय तहका केन्द्र जोड्ने सडक, अन्तर्राष्ट्रिय सिमाना तथा राष्ट्रिय लोकमार्ग जोड्ने सडकहरु र संघ वा प्रदेश सरकारका सरकारी निकायसम्म पहुँच पुर्‍याउने सडकहरु सम्झनु पर्छ।

(झ) “मन्त्रालय” भन्नाले *प्रदेश सरकारको सडक पूर्वाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) "सडक सिमा" भन्नाले प्रदेश सडक र त्यस्तो सडकको केन्द्र देखि दुवैतर्फ रहेको जग्गाको दफा ३ बमोजिम तोकिएको क्षेत्र सम्झनु पर्छ।

(ट) "सार्वजनिक सडक" भन्नाले निर्धारित सडक क्षेत्राधिकारभित्र प्राविधिक मापदण्ड पूरा गरी निर्माण गरिएको, सार्वजनिक रुपमा ढुवानी तथा यातायातका साधनहरु सञ्चालन गर्न सकिने बाटो, मार्ग वा पथ सम्झनु पर्छ र सो शब्दले त्यस्तो सडकमा पर्ने सबै किसिमका पुल, कजवे, कलभर्ट, साईकलमार्ग, फुटपाथ, मेडिएन तथा रोड फर्निचर्सलाई समेत जनाउँछ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७८ द्वारा संशोधित।

## परिच्छेद-२

## प्रदेश सडकको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्ति

३. **प्रदेश सडकको वर्गीकरण:** प्रदेश सडकको वर्गीकरण देहाय बमोजिम हुनेछः-

**तराई क्षेत्रमा**

| सडकको वर्ग | कुल सडक सीमा (सडकको केन्द्रबाट दुबैतर्फ) |
|---|---|
| (क) प्रादेशिक लोकमार्ग | पच्चीस मिटर |
| (ख) प्रादेशिक सडक | पन्ध्र मिटर |

**पहाडी क्षेत्रमा**

| सडकको वर्ग | कुल सडक सीमा (सडकको केन्द्रबाट दुबैतर्फ) |
|---|---|
| (क) प्रादेशिक लोकमार्ग | पन्ध्र मिटर |
| (ख) प्रादेशिक सडक | दश मिटर |

तर एकै वर्गको सडकको सम्पूर्ण लम्बाईमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र बस्तीको कारण त्यस्तो सडक सीमा घटी वा बढी गर्न वा पुलको वरपर नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सकिनेछ।

४. **प्रदेश सडकको सीमा:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदेश सडकलाई दफा ३ बमोजिम वर्गीकरण गरी त्यस्तो सडकको केन्द्रीय रेखादेखि दायाँ बायाँ दुबैतर्फ तोकिएको दूरी कायम गरी सडक सीमा निर्धारण गर्नेछ।

५. **जग्गा प्राप्त गर्न सकिने:** सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्न वा सडक सीमाको निमित्त कुनै जग्गा प्राप्त गर्नु परेमा प्रदेश सरकारले जग्गा प्राप्ति सम्बन्धी प्रचलित कानून बमोजिम जग्गा प्राप्त गर्न सक्नेछ।

६. **अस्थायी रुपमा जग्गा अधिग्रहण गर्न सकिने**ः (१) कुनै सार्वजनिक सडकको निर्माण, विस्तार वा सुधार गर्ने काम पूरा नभएसम्म देहाएको कामका लागि मन्त्रालय वा निर्देशनालयले कुनै जग्गा अस्थायी रुपले अधिग्रहण गर्न सक्नेछः-

(क) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्न आवश्यक निर्माणका सर-सामान र उपकरण राख्न वा त्यस्तो निर्माण, विस्तार वा सुधार सम्बन्धी कार्यको रेखदेख वा नियन्त्रण गर्ने व्यक्तिहरु बस्ने घर वा टहरा बनाउन,

(ख) त्यस्तो सडकको निर्माण, विस्तार वा सुधार गर्ने कार्य सम्पन्न नभएसम्म त्यस्तो सडकबाट हुने आवागमन चालु राख्न वा निर्माण पुरा नभएसम्म सो सम्बन्धी सरसामान वा उपकरण ओसार पसार गर्न आवश्यक पर्ने अस्थायी किसिमको छुट्टै सडक बनाउन।

(२) उपदफा (१) मा उल्लिखित कामको लागि विशेष परिस्थिति परेमा बाहेक देहायको घर अधिग्रहण गर्न हुँदैनः-

(क) कुनै व्यक्तिले आफ्नो बासस्थानको निमित्त प्रयोग गरी राखेको घर, टहरा वा भवन,

(ख) देवस्थल, स्कूल, अस्पताल, धर्मशाला, अनाथालय वा तिनीहरुको प्रयोगमा रहेको जग्गा।

(३) उपदफा (१) बमोजिम अधिग्रहण गरेको जग्गा जुन कार्यको निमित्त अधिग्रहण गरिएको हो, त्यस्तो कार्य सम्पन्न भएपछि त्यस्तो जग्गा सम्बन्धित जग्गाधनी वा निजको हकवालालाई सकेसम्म अधिग्रहण गर्दाकै अवस्थामा फिर्ता गर्नु पर्नेछ।

७. <u>अधिग्रहण गरिने जग्गाको क्षतिपूर्ति र त्यसको निर्धारण</u>: (१) दफा ६ बमोजिम कुनै जग्गा अधिग्रहण गर्दा देहाय बमोजिमको क्षतिपूर्ति बाहेक अन्य कुनै क्षतिपूर्ति दिइने छैनः-

(क) कुनै घर, टहरा वा भवन सहित कुनै जग्गा अधिग्रहण गरेकोमा त्यस्तो घर, टहरा वा भवनको धनीले सो घर, टहरा वा भवन उपभोग गर्न नपाए बापतको क्षति,

(ख) कुनै जग्गा अधिग्रहण गरिएमा त्यस्तो जग्गामा बालीनाली लगाउन नपाए बापत सम्बन्धित जग्गावालाले व्यहोर्नु परेको नोक्सानी बापतको क्षति,

(ग) अधिग्रहण गरिएको जग्गामा कुनै अस्थायी सडक बनाएको वा निर्माणका सरसामान राखेका कारण सो जग्गालाई अधिग्रहण गर्दाको स्थितिमा ल्याउन त्यस्तो जग्गा फिर्ता पाउने व्यक्तिले व्यहोर्न पर्ने जति रकम।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्तिको रकमको निर्धारण देहाय बमोजिम गरिनेछः-

(क) निर्देशनालय, कार्यालय वा निर्माण व्यवसायी र सम्बन्धित जग्गाधनीको बीच सम्झौता भएमा सोही बमोजिम,

(ख) खण्ड (क) बमोजिम सम्झौता नभएमा देहाय बमोजिमको समितिले निर्धारण गरेको क्षतिपूर्ति दिइनेछः-

(१) सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख -संयोजक

(२) सम्बन्धित भूमि प्रशासन कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(३) कार्यालयले तोकेको एकजना इन्जिनियर -सदस्य

(३) यस दफा बमोजिमको क्षतिपूर्ति बापतको रकम ठेक्का सम्झौतामा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएकोमा सम्बन्धित निर्माण व्यवसायीले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-३
## <u>सडक सुरक्षा</u>

८. **<u>स्थायी संरचना बनाउन निषेध गर्न सक्ने</u>:** (१) दफा ३ बमोजिम सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सार्वजनिक सडकको किनाराबाट छ/छ मिटरमा नबढ्ने गरी तोकेको क्षेत्रभित्र कसैले पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी संरचना (स्ट्रक्चर) वा भवन निर्माण गर्न नपाउने गरी निषेध गर्नेछ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको क्षेत्रभित्र कसैले कुनै किसिमको स्थायी संरचना वा भवन निर्माण गरेमा त्यस्तो संरचना वा भवन निर्देशनालय वा कार्यालयले भत्काउन सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ र त्यसरी आदेश दिँदा पनि नभत्काएमा मन्त्रालय वा निर्देशनालय वा कार्यालयले आफै भत्काई, भत्काउँदा लागेको खर्चसमेत सम्बन्धित व्यक्तिबाट असुल उपर गर्नेछ।

९. <u>सडकको दायाँ, बायाँ र मेडिएनमा (बीचमा) रुख विरुवा लगाउने र त्यसको रेखदेख</u>ः (१) प्रदेश सडकको दायाँ, बायाँ र मेडिएनमा सम्बन्धित आयोजनाले हरियाली प्रबर्द्धन गर्नुका साथै रुख विरुवा लगाउनु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिम लगाएका रुख विरुवाहरुको रेखदेख र संरक्षण गर्नेछ।

(३) उपदफा (१) बमोजिम लगाइएको रुख विरुवाको काँटछाँट गर्ने वा त्यस्तो रुख बिरुवाले आवागमनमा बाधा पुऱ्याएमा त्यसलाई हटाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) यस दफा बमोजिम रुख विरुवा लगाउने र हरियाली प्रवर्धन गर्ने कार्य प्रदेश सडक आयोजनाको अभिन्न अङ्ग हुनेछ।

१०. <u>भारवहन क्षमताको हद निर्धारण गर्ने</u>: (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै प्रदेश सडकले वहन गर्न सक्ने भारवहन क्षमताको आधारमा त्यस्तो प्रदेश सडकमा त्यसरी तोकिएको भारवहन क्षमताभन्दा बढी वजनको सवारी साधन चलाउन नपाउने गरी निषेध गर्नेछ।

(२) प्रदेश सडकहरुमा कति भार क्षमताको सवारी साधन गुड्न मिल्ने हो सोको संकेत विभिन्न स्थानहरुमा राख्नुपर्नेछ।

(३) निर्धारण भएको भारवहन क्षमताभन्दा बढी वजन बोकेको सवारी साधन उक्त सडकमा चलाउन पाईने छैन।

(४) उपदफा (३) बमोजिमको क्षमताभन्दा बढी वजन बोकेको सवारी साधन चलाएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

११. <u>आवागमनमा बाधा पुऱ्याउने माल वस्तु हटाउने अधिकार</u>: (१) कसैले प्रदेश सडकमा कुनै माल, वस्तु राख्न पाइँदैन तर कुनै माल, वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुऱ्याएको भए त्यस्तो माल, वस्तु हटाउनको निमित्त उचित अवधि तोकी सरोकारवाला व्यक्तिको नाउँमा निर्देशनालय वा कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधिभित्र नहटाएको वा धनी पत्ता नलागेको माल वस्तुलाई कार्यालयले सडकको छेउ लगाई राख्न वा आफ्नो कब्जामा राख्ने गरी अन्यत्र लैजान सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सडकमा छाडिएको, राखिएको वा फालिएको कुनै माल, वस्तुले त्यस्तो सडकको सम्पूर्ण आवागमनलाई अवरोध पुऱ्याएमा त्यस्तो माल, वस्तुलाई तुरुन्त सडकबाट हटाउने अधिकार कार्यालयलाई हुनेछ।

(४) उपदफा (१) मा उल्लेखित माल, वस्तु बाहेक प्रदेश सडकको दायाँ बायाँ रहेको कुनै घर, पर्खालमा सडकपट्टि निस्कने गरी राखिएको, जडिएको वा बनाइएको कुनै चीज, वस्तु, गेट, रुखको हाँगा, लहरा वा तारले त्यस्तो सडकमा हुने आवागमनमा अवरोध हुन गएको ठहराएमा त्यस्तो अवरोधलाई हटाउन वा अवरोध नहुने गरी मिलाई राख्न सरोकारवाला व्यक्तिको नाउँमा म्याद तोकी कार्यालयले आदेश जारी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश गर्दा निर्देशनालय वा कार्यालयले सम्बन्धित चिज वस्तु वा गेटलाई राख्ने, बनाउने, जोड्ने ढाँचा र रुख वा लहरालाई काँट छाँट गरी कायम गर्नु पर्ने उचाई समेत तोक्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम जारी भएको आदेशमा तोकिएको म्यादभित्र त्यस्तो आदेशमा लेखिएको काम कुरा गर्न नसक्ने भई म्याद थप गर्नु परेमा सम्बन्धित व्यक्तिले कारण समेत खोली कार्यालयमा निवेदन दिन सक्नेछ र त्यसरी निवेदन परेमा कार्यालयले एक पटकका लागि बढीमा दश दिनसम्मको म्याद थप गर्न सक्नेछ।

(७) उपदफा (४) बमोजिम तोकिएको म्याद वा उपदफा (६) बमोजिम थप भएको म्यादभित्र पनि आदेशमा लेखिएको काम कारवाही नगरेमा कार्यालयले आफ्नो कर्मचारी वा अन्य कुनै व्यक्ति खटाई त्यस्तो आदेशमा उल्लिखित काम कारवाई गराउन सक्नेछ।

१२. <u>स्वीकृति नलिई प्रदेश सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने</u>: (१) निर्देशनालयको स्वीकृति प्राप्त नगरी कसैले प्रदेश सडकसँग जोडिने गरी प्रवेश मार्ग, सार्वजनिक सडक वा निजी सडक बनाउन हुँदैन।

<u>स्पष्टीकरण</u>: यस उपदफाको प्रयोजनका लागि "निजी सडक" भन्नाले कुनै व्यक्तिको निजी स्वामित्वमा रहेको जग्गासम्म पुग्नका लागि निजले बनाएको सडक सम्झनु पर्छ।

(२) सडक सीमाभित्र खाडल वा कुलो खन्न वा भत्काउन, किला, लट्ठा, तगारो आदि गाड्न वा हाल्न वा घर टहरो वा छाप्रो बनाउन वा सडक सीमाभित्रको जग्गा आवादी गर्न वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दुरसंचारका केवल आदि टाङ्न वा बनिसकेका पक्कि सडकहरुको संरचना बिग्रने गरी खानेपानीको पाइप, विद्युत र टेलीफोनका तार पुर्न वा यस्तै अन्य कुनै कार्य गर्न हुँदैन।

(३) कसैले निर्देशनालय वा कार्यालयको स्वीकृती प्राप्त नगरी उपदफा (१) वा (२) मा उल्लिखित कुनै कार्य गरेमा निर्देशनालयले त्यस्तो व्यक्ति उपर यस ऐनको अन्य दफा बमोजिम कुनै कारवाही चलाउनु पर्ने भए सो समेत चलाई स्वीकृती नलिई बनाएको प्रवेशमार्ग बन्द गर्न खनेको खाडल वा कुलो पुर्न, गाडेको वा उभ्याएको किला लट्ठा तगारो आदि उखेल्न वा हटाउन, बनाएका घर, टहरा, छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलिफोनका टावर (पोल), दुरसंचारका केवल आदि हटाउन वा बनिसकेका पक्कि सडकहरुको संरचना बिग्रने गरी खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार हटाउन म्याद तोकी त्यस्तो व्यक्तिको नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ।

(४) सम्बन्धित व्यक्तिले उपदफा (३) बमोजिम जारी भएको आदेश पालना नगरेमा निर्देशनालयले त्यस्तो व्यक्तिले बनाएको प्रवेशमार्ग बन्द गर्न खनेको खाडल वा कुलो पुर्न गाडेको वा उभ्याएको किला, लट्ठा, तगारो आदि उखेल्न वा हटाउन, बनाएको घर, टहरा, छाप्रो भत्काउन वा आवादी गरेको जग्गा बँझ्याउन वा विद्युतीय पोल, टेलीफोनका टावर (पोल), दुरसंचारका टाङ्गिएका केवल वा बनिसकेका पक्कि सडकहरुको संरचना बिग्रने गरी राखिएका खानेपानीको पाइप, विद्युत र टेलिफोनका तार हटाउन सक्नेछ र सो बापत लागेको खर्चको रकम सम्बन्धित व्यक्ति वा सम्बन्धित कार्यालयबाट निर्देशनालय वा कार्यालयले असुल उपर गरी लिन सक्नेछ।

(५) निर्देशनालयले समय समयमा उपदफा (१) बमोजिमका क्रियाकलाप भए नभएको सम्बन्धमा अनुगमन गरी उपदफा (४) बमोजिमको काम कारवाही गर्ने गराउनेछ।

(६) कुनै सरकारी वा अर्ध सरकारी निकायले कुनै सार्वजनिक कामको लागि प्रदेश सडक वा सडक सीमा खन्नु पर्दा निर्देशनालयको पूर्व स्वीकृति लिनु पर्नेछ र त्यसरी सडक वा सडक सीमा खन्ने सम्बन्धमा निर्देशनालय वा कार्यालयले तोकेको शर्त समेत पालना गर्नु पर्नेछ।

(७) प्रदेश सडक वा सडक सीमाभित्र घरपालुवा पशुपन्छी वा जनावर छाडा छाड्नु हुँदैन र कसैले यस दफा विपरीत घरपालुवा पशुपन्छी वा जनावर छाडा छाडेका कारण सवारी दुर्घटना हुन गई त्यस्तो दुर्घटनाबाट पशुपन्छी वा जनावर घाईते भएमा वा मरेमा सवारी धनीले कुनै दायित्व वहन गर्नुपर्ने छैन।

(८) सार्वजनिक सडकको अंगको रुपमा रहेको पीच, पुल, कजवे, कलभर्ट, साईकलमार्ग, फुटपाथ, मेडिएन र रोड फर्निचर्स लगायतका औजारहरु सहितका संरचनाहरुलाई कसैले भत्काउने, फुटाउने वा अन्य यस्तै प्रकृतिका कार्य गरी क्षति पुऱ्याउने कार्य गर्नु हुँदैन।

१३. <u>धरौटी दाखिला गराउने अधिकारः</u> (१) कुनै व्यक्तिले कुनै कामको निमित्त प्रदेश सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा निर्देशनालय वा कार्यालयको पूर्व स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि माग गरेमा निर्देशनालय वा कार्यालयले आवश्यक जाँचबुझ गरी त्यसरी खनिने वा भत्किने प्रदेश सडक वा सडक सीमालाई मर्मत गरी पूर्ववत रुपमा कायम गर्न लाग्ने खर्च बराबरको रकम धरौटी लिनेछ।

(३) उपदफा (२) बमोजिम धरौटी जम्मा गरेको प्रमाण पेश भएपछि निर्देशनालय वा कार्यालयले सडक वा सडक सीमा खन्न स्वीकृति दिनेछ।

(४) उपदफा (३) बमोजिम सार्वजनिक सडक वा सडक सीमा खन्ने स्वीकृति दिँदा त्यसरी सडक वा सडक सीमा खन्दा अपनाउनु पर्ने तरिका वा जुन कामको लागि खनिएको हो सो समाप्त नभएसम्म पालन गर्नु पर्ने अन्य शर्तहरु निर्देशनालय वा कार्यालयले तोक्न सक्नेछ र त्यस्तो शर्तहरु पालना गर्नेछु भनी स्वीकृति माग गर्ने व्यक्तिलाई कबुलियत गराउन सक्नेछ।

१४. <u>खर्च भराउन सक्ने</u>: (१) दफा ११ को उपदफा (३) बमोजिम सडकमा छाडेको वा राखेको माल पन्छाउँदा वा सोही दफाको उपदफा (७) बमोजिम कुनै कारवाही गर्दा निर्देशनालय वा कार्यालयले गरेको खर्चको रकम सरोकारवाला व्यक्तिबाट भराई लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम भराई लिनुपर्ने रकम बुझाउन निर्देशनालय वा कार्यालयले सरोकारवाला व्यक्तिको नाउँमा पन्ध्र दिनको म्याद तोकी सूचना जारी गर्नेछ र तोकिएको म्यादभित्र उक्त रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(३) सार्वजनिक सडकको आवागमनमा बाधा पुऱ्याउने गरी छोडेको वा राखेको कुनै माल, वस्तुलाई कार्यालयले आफ्नो नियन्त्रणमा लिएको भए त्यस्तो माल पन्छ्याउँदा वा अन्यत्र लैजाँदा सो कार्यालयले व्यहोर्नु परेको खर्च असुल उपर नहुँन्जेल त्यस्तो माललाई रोक्का गरी राख्न सक्नेछ र तीन महिनासम्म पनि त्यस्तो खर्च असुल उपर हुन नआएमा वा त्यस्तो माल, वस्तुको मालिक पत्ता नलागेमा त्यस्तो माल वस्तु निर्देशनालयले जफत गरी लिलाम गर्न सक्नेछ।

१५. <u>सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्ने</u>: (१) यस ऐनको दफा ३ बमोजिम सडक निर्माण गर्दा यातायात सञ्चालनलाई सुरक्षित बनाउन सडक सुरक्षाका उपायहरु अवलम्बन गर्नुपर्नेछ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनका लागि "सडक सुरक्षाका उपाय" भन्नाले भिर, पहरा, साँघुरो सडक र घुम्तीहरुमा सडक किनारामा सुरक्षा स्तम्भहरु बनाउन पुल, घुम्ती, दुर्घटना ग्रस्त क्षेत्र जस्ता स्थानहरुमा स्पष्ट देखिने र बुझिने संकेत चिन्हहरु राख्न साँघुरा मोडहरुमा कन्भेक्स ऐना र सडक बत्ती राख्न तथा आवश्यक स्थानहरुमा डिभाइडर, सडक पेटी, अपाङ्गमैत्री संरचना र साइकल मार्ग आदि बनाउने कार्य सम्झनु पर्छ।

(२) प्रादेशिक लोकमार्ग तथा प्रादेशिक सडक सुरक्षित र व्यवस्थित गर्ने उद्देश्यले प्रदेश सरकार र स्थानीय तहले आवश्यकतानुसार ठाउँ-ठाउँमा सीसी टिभी क्यामरा जडान गर्न सक्नेछन्।

१६. <u>सडक र सडक सीमाभित्र फोहरमैला गर्न नहुने</u>: कुनै पनि व्यक्ति, संस्था वा निकायले प्रादेशिक लोकमार्ग वा प्रदेशिक सडक सीमा भित्र कुनै किसिमको फोहरमैला गर्नु हुँदैन।

## परिच्छेद -४

## <u>दण्ड जरिवाना</u>

१७. <u>जरिवाना</u>: (१) दफा ६ बमोजिम जग्गा अधिग्रहण गर्दा वा यस ऐन बमोजिमको कुनै म्याद, सूचना टाँस गर्दा बाधा विरोध वा हुलहुज्जत गरेमा प्रचलित कानून बमोजिम सार्वजनिक अधिकारीको अख्तियारी अवज्ञा सम्बन्धी कसूरमा सजाय हुनेछ।

(२) दफा ९ बमोजिम लगाएको रुख विरुवा उखेलेमा वा काटेमा निर्देशनालयले कसूरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(३) कसैले दफा १२ को उपदफा (१) विपरित कुनै काम गरेमा निर्देशनालयले त्यस्तो सडक भत्काई यथास्थितिमा ल्याउँदा लाग्ने खर्च बापतको रकम वा पचास हजार मध्ये जुन बढि हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्नेछ।

(४) दफा १२ को उपदफा (३) बमोजिमको आदेशको पालना नगरेमा वा उपदफा (४) बमोजिम कुनै काम कारवाही गर्दा वाधा विरोध गरेमा त्यस्तो वाधा विरोध गर्ने व्यक्तिलाई निर्देशनालयले कसूरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(५) दफा १६ बमोजिम फोहरमैला गर्ने व्यक्ति, संस्था वा निकायलाई निर्देशनालयले कसूरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

(६) दफा १२ को उपदफा (८) विपरीत कुनै काम गरेमा त्यस्तो काम गर्ने व्यक्तिलाई निर्देशनालयले कसूरको प्रकृति अनुसार पचास हजार रुपैयाँसम्म जरिवाना गरी भएको क्षतिपूर्ती भराउन सक्नेछ।

(७) यस दफा बमोजिम जरिवाना गर्ने अधिकार निर्देशनालयको प्रमुखलाई हुनेछ।

(८) प्रमुखले गरेको निर्णय उपर चित्त नबुझेमा ३० दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन लाग्नेछ।

परिच्छेद-५

विविध

१८. मर्मत-संभार कोषः (१) प्रदेश सडकका नियमित मर्मत-संभारका लागि प्रदेश सरकारले एउटा मर्मत-संभार कोषको स्थापना गर्न सक्नेछ।

(२) मर्मत-संभार कोषको स्थापना र संचालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१९. प्रदेश सडक छनौट गर्ने आधारः कुनै सडकलाई प्रदेश सडकको रुपमा छनौट गर्न तोकिएबमोजिमको मापदण्ड वा आधार पूरा गरेको हुनु पर्नेछ।

२०. निजी क्षेत्रलाई लगानीको अनुमति दिन सकिनेः (१) प्रदेश सरकारले कुनै प्रदेश सडकलाई निजी क्षेत्रको लगानीमा निर्माण, संचालन, व्यवस्थापन र हस्तान्तरण गर्ने गरी अनुमति दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निजी क्षेत्रलाई लगानीको अनुमति दिने सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

२१. सहयोग गर्नुपर्नेः यस ऐनको कार्यान्वयन गर्दा मन्त्रालय, निर्देशनालय वा कार्यालयले सहयोग माग गरेमा सम्बन्धित निकायले आवश्यक सहयोग गर्नु पर्नेछ।

२२. निर्माण सुरु गर्नु अघि समन्वय गर्नुपर्नेः प्रादेशिक लोकमार्ग वा प्रादेशिक सडकहरुको निर्माण गर्दा खानेपानी, ढल निकास, विद्युत, दुरसंचार जस्ता निकायहरुसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

२३. अधिकार प्रत्यायोजनः (१) यस ऐन बमोजिम मन्त्रालय, निर्देशनालय वा कार्यालयलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार मन्त्रालय, निर्देशनालय वा कार्यालयले कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जरिवाना गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन हुने छैन।

२४. बचाउः यो ऐन बन्नु अघि प्रचलित कानून बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२५. नियम बनाउने अधिकारः यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।




**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**

# आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय

**मुकाम: बुटवल, नेपाल**

फोन नं.: ०७१-५४००१४
Website: www.moial.lumbini.gov.np
Email: internalaffairsp5@gmail.com

मूल्य: १,४६५।-

लुम्बिनी प्रदेश ऐन सङ्ग्रह
२०७९

आन्तरिक मामिला, कानून तथा सञ्चार मन्त्रालय
प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुकाम: बुटवल, नेपाल